# शिविर

# व्यवस्थापन

# सहयोग सामग्री

# शिविर व्यवस्थापन सहयोग सामग्री

© Norwegian Refugee Council (NRC)/The Camp Management Project (CMP) Edition May, 2008

यो अध्ययन सामग्री नर्वेली शरणार्थी परिषद् /शिविर व्यवस्थापन परियोजना (सीएमपी)ले वितरणका लागि उपलब्ध गराएको हो । यसको सर्वाधिकार सुरक्षित रहेको छ । व्यापारिक प्रयोजनबाहेक नर्वेली शरणार्थी परिषद् /शिविर व्यवस्थापन परियोजनाको नाम उल्लेख गरी पुनमुर्द्रण गर्न सकिनेछ ।

नर्वेली शरणार्थी परिषद् /शिविर व्यवस्थापन परियोजना वा लेखकले यो शिविर व्यवस्थापन सहयोग सामग्रीमा उल्लेख भएको क) विषयको शुद्धता र पूर्णता वा ख) यसमा उल्लेख भएका कुरा लागू गर्दा कुनै द्विविधा वा कठिनाइ वा हानि भएमा त्यसको दायित्व लिने छैनन् ।

## भूमिका

बाढी, भूकम्प, राज्यहरूका बीचको युद्ध, गृह युद्ध, उत्पीडनजस्ता अनेकौं कारणले मानिसहरू आफन्त, श्रीसम्पत्ति र घरबार छाडेर भाग्न विवश हुन्छन्। उनीहरू घरबारविहीन हुन पुग्छन् र कतिपय भयभीत र मानसिक आघातको अवस्थामा हुन्छन्। विस्थापित जीवनमा धेरै परिवर्तन हुन्छ भने भविष्य अनिश्चित हुन्छ। शरणार्थी र आन्तरिक विस्थापित (विस्थापित) हरूका सामु शिविरमा संरक्षण र सहयोग माग्नुको विकल्प नहुन सक्छ। शिविरहरू निश्चय पनि अन्तिम आश्रय भए हुन् तर सहयोग र सुरक्षा आवश्यक भएका विस्थापितका लागि एक मात्र विकल्प हुन पुग्छन्। द्वन्द्व तथा प्राकृतिक विपत्तिका समयमा शिविरहरू केही महिनाका लागि मात्र आवश्यक हुन सक्छन्। यथार्थमा भने शिविरहरू वर्षौंसम्म र कहिले कहिँ त दशकौंसम्म कायम रहन्छन्। जति लामो समयका लागि भए पनि यस्ता शिविरमा अस्थायी प्रकृतिको सहायता र संरक्षण मात्र उपलब्ध हुन्छ र विस्थापितहरूका लागि शिविर दिगो समाधान हुन सक्तैन। अस्थायी प्रकृतिको भए पनि यस्ता शिविरहरूमा त्यहाँ बस्ने समुदायका मर्यादापूर्ण जीवन यापन गर्ने आधारभूत मानव अधिकार सुनिश्चित हुनुपर्छ। शिविर खडा गरिएपछि जटिल र चुनौतीपूर्ण परिस्थितिमा पनि प्रभावकारी रूपमा सञ्चालन गर्न दक्ष र संवेदनशील व्यवस्थापन आवश्यक हुन्छ। मानवीय सहायता र संरक्षण संगठित, समन्वित र रेखदेख हुन नसकेमा शिविरमा बस्ने जनसंख्याको जोखिम र परनिर्भरता बढ्छ। सहायता अपुग वा मानवीय सहयोगमा दोहोरोपन भएका अवस्थामा सेवा र संरक्षणका प्रावधान आंशिक र अपर्याप्त हुनसक्छ। शिविर वा शिविरजस्ता संरचनामा जीवनस्तर उकास्न र त्यहाँ बस्नेको मानव अधिकार रक्षा गर्न शिविर व्यवस्थापन परियोजनाले मुख्य निर्देशिका, अन्तर्राष्ट्रिय कानुनी प्रावधान, मापदण्ड र यस हालै परिवर्धित शिविर व्यवस्थापन सहयोग सामग्री, २००८ मा उल्लेख गरिएको राम्रा अभ्यासहरू प्रयोग तथा कार्यान्वयन गर्न पैरवी गर्छ।

शिविर व्यवस्थापन सहयोग सामग्री, २००४ मा पहिलो पटक प्रकाशित भएपछि शिविर व्यवस्थापनका क्षेत्रमा द्रुततर तथा उल्लेख्य विकास भएको छ। आज शिविर व्यवस्थापनले शिविर र शिविरजस्ता संरचनामा रहेका विस्थापितहरूको सहायता र संरक्षणका लागि महत्वपूर्ण मानवीय क्षेत्रका रूपमा मान्यता पाएको छ । सन् २००५ मा विश्वव्यापी शिविर समन्वय तथा व्यवस्थापनमा समावेश गरिएकाले र संसारभर नै शिविर व्यवस्थापन तालिम र कार्यशाला आयोजनाको मात्रमा भएको वृद्धि गरिएकाले

यसको पुष्टि भएको छ। विस्थापित र शरणार्थीका एक दर्जन भन्दा धेरै सन्दर्भमा सहयोग सामग्रीको प्रयोगले यसको विकासमा उल्लेख्य योगदान गरेको छ। यस शिविर व्यवस्थापन हाते पुस्तिकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवीय सहयोगीहरू, समुदायका अगुवाहरू र अधिकारीहरू, शिविर व्यवस्थापन र सञ्चालनमा संलग्न विस्थापित र शरणार्थीहरूलाई रचनात्मक सन्दर्भ र व्यावहारिक सहयोग उपलब्ध गराउने आशा राखिएको छ।

शिविर व्यवस्थापन परियोजना, २००८

डेनिस शरणार्थी परिषद् (DRC)

आप्रवासीहरूका लागि अन्तर्राष्ट्रिय संगठन (IOM)

अन्तर्राष्ट्रिय उद्धार समिति (IRC)

नर्वेली शरणार्थी परिषद् (NRC)

संयुक्त राष्ट्र संघीय शरणार्थीसम्बन्धी उच्चायुक्त (UNHCR)

संयुक्त राष्ट्र संघीय मानवीय सहायता समन्वय कार्यालय (UNOCHA)

शिविर व्यवस्थापन सहयोग सामग्री, २००८ को एउटा सर्वाधिक महत्वपूर्ण पक्ष हो - यो स्थलगत प्रयोगका लागि स्थलमा कार्यरतहरूद्वारा तयार गरिएको हो । यसैले पाठक र प्रयोगकर्ताहरूबाट सल्लाह सुझाव पाउनु महत्वपूर्ण हुन्छ । यसले सहयोग सामग्रीको शिविर व्यवस्थापनको दैनिक कार्यमा संलग्नहरूको प्रभाव मूल्यांकन र मापन गर्न सहयोग पुग्नेछ । हामी तपाईंहरूको रायसुझाव र टिप्पणी camp@nrc.no मा पठाउन प्रोत्साहित गर्छौं।

शिविर व्यवस्थापन परियोजना र सीसीसीएम क्लस्टरका बारेमा थप जानकारीका सहयोग सामग्रीको अनुसूची १ र २ हेर्नु। यी सहयोग सामग्री *www.nrc.no/camp* मा निशुल्क उपलब्ध छन्।

## धन्यवाद ज्ञापन

परियोजना समन्वय: Nina M. Birkeland, Gunhild Louise Forselv, Veit Vogel

सम्पादक मण्डल: editorial board: Laila Badawy, Nina M. Birkeland, Gillian Dunn, Christian Gad, Belinda

Holdsworth, Mathijs Le Rutte, Lea Matheson, Jane Wanjiru Muigai, Ruth Mukwana

सम्पादक : Camilla Bentzen, Jennifer Cline Kvernmo, Emma Hadley, Veit Vogel

भाषा सम्पादक: Tim Morris

नेपाली भाषामा अनुवाद संयोजक: Vidhu Prakash Kayastha, MA MCJ,

साजसज्जा र मुद्रण: Fete typer, Oslo, www.fetetyper.no

मुख्य लेखकहरू: Joseph Ashmore, Sakura Atsumi, Laila Badawy, Nina M.

Birkeland, Gillian Dunn, Shelley Gornall, Emma Hadley, Mathijs Le Rutte, Lea Matheson,

Jane Wanjiru Muigai, Adriano Silvestri, Lindsay Spainhour, David Stone, Ellen Vermeulen,

Veit Vogel

सहयोगी समूह : Eva Ahlen, Philippe Allard, Karuna Anbarasan,

Astrid Sofie Arne, Lynda Attias, Eric Batonon, Joseph Bekele, Chris Bleers, Tina van den

Briel, Helge Brochmann, Andreas Capjon, Tiziana Clerico, Tom Corsellis, Vance Culbert,

Sara Davidson, Marit Elverland, Matthew Everitt, Kelly Flynn, Jon Fowler, Emanuela Gillard,

Mireille Girard, Sajith Gunaratne, Edith Heines, Kritte Hoffritz, Gisela Holmen Yngrot, Roald

Høvring, Emma Jowett, Joanina Karugaba, Hassan Khaire, Joann Kingsley, Bob Kitchen,

Hans Christen Knævelsrud, Damian Lilly, Anne-Marie Linde, Sara Lindvall, Helge Lyberg,

Kim Mancini, Lamin Manjang, Yannick Martin, Jenny McAvoy, Hanna Mollan, Sarah Muscroft,

Øyvind Nordlie, Kate Norton, Nuno Nunes, Håkan Ohlsson, Benson Okabo, Cecilia

Omole, Christian Oxenboll, Natalia Pascual, Ariana Pearlroth, Elisabeth Pender, Patrice

Pontcharra, Ron Pouwels, Qurat Sadozai, Lily Sanya, Shaun Scales, Guglielmo Schinina,

Gerry Simpson, Mark Slezak, Atle Solberg, Anne Soucy, Karl Steinacker, Paul Thompson,

Antonella Vitale, Eli Wærum Rognerud, Katrine Wold, Svante Yngrot, Alfredo Zamudio, Jake

Zarins, Jennifer Zimmermann

आन्तरिक विस्थापित अनुगमन केन्द्र जेनेभा (IDMC)लाई पनि प्रशासनिक सहायताका लागि धन्यवाद छ।

## प्रकाशक

Norwegian Refugee Council
The Camp Management Project
St. Olavs Plass | Postbox 6758
0130 Oslo, Norway
Email: camp@nrc.no
Website: www.nrc.no/camp
ISBN: 928-82-7411-185-0
photo credits: Peter Biro, Kritte Hoffritz, Norwegian Refugee Council, Sujewa da Silva, Mark Slezak, Veit Vogel
The Camp Management Toolkit is funded by the Norwegian Ministry for Foreign Affairs (MFA).

# विषय सूची


## भाग - १ : परिचय

### अध्याय - १ शिविर व्यवस्थापन के हो ?

मुख्य मुख्य सन्देशहरू
परिचय
मुख्य मुख्य सवालहरू
शिविर व्यवस्थापनका लागि को जिम्मेवार हुन्छ ?
शिविर व्यवस्थापन र शिविर व्यवस्थापन निकायको भूमिका
सीसीसीएम समूह क्रियाशील रहेका स्थानमा आन्तरिक विस्थापित भएका अवस्थामा भूमिका र जिम्मेवारी
शिविर व्यवस्थापनमा साझेदारी र सरोकारवालाहरू
शिविर व्यवस्थापकको भूमिका किन यति आवश्यक हुन्छ?
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

### अध्याय - २ भूमिका र जिम्मेवारीहरू

मुख्य मुख्य सन्देशहरू
परिचय
मुख्य मुख्य सवालहरू
कर्मचारी व्यवस्थापन र तालिम
सेवाहरूको समन्वय र अनुगमन
शिविरका संरचनाको हेरचार र मर्मत सम्भारको सुनिश्चितता
सूचनाको व्यवस्थापन
शिविरका बासिन्दासँग सञ्चार
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

## भाग - २ : प्रमुख व्यवस्थापकीय कार्यहरू

## अध्याय - ३    सहभागिता र सामुदायिक संलग्नता

मुख्य मुख्य सन्देशहरू
परिचय
मुख्य मुख्य सवालहरू
सहभागिता जुटाउने कार्य
क्षमता मूल्यांकन
शिविरका वासिन्दालाई काममा लगाउनु
स्वयं सेवक वा आंशिक वा तलबी सहभागिता
विभिन्न समूहको उपयुक्त प्रतिनिधित्वको सुनिश्चितता
तालिम र शिक्षा
सञ्चार अभियान
सहभागिताको दुरुपयोग
द्वन्द्व समाधान र सहभागिता
स्थानीय समुदाय र सहभागिता
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

## अध्याय - ४    समन्वय

मुख्य मुख्य सन्देशहरू
परिचय
समन्वय के हो ?
शिविर व्यवस्थापन समितिको भूमिका
मुख्य मुख्य सवालहरू
समन्वय संयन्त्रहरू
साझेदारहरूसँग समन्वय
समन्वय प्रक्रिया
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

## अध्याय - ५    सूचना व्यवस्थापन

मुख्य मुख्य सन्देशहरू
परिचय
मुख्य मुख्य सवालहरू
शिविर व्यवस्थापन निकायका लागि सूचना व्यवस्थापन किन आवश्यक हुन्छ?

सूचना तथा तथ्यांक संकलन
तथ्यांक विश्लेषण
सूचना प्रचारप्रसार
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

अध्याय - ६ वातावरण

मुख्य मुख्य सन्देशहरू
परिचय
मुख्य मुख्य सवालहरू
भूमिका र जिम्मेवारी
आवास
पानी र सरसरफाइ
स्थानीय ऊर्जा
वातावरण व्यवस्थापन योजना
खेती
आजीविका
पशुपालन

अध्याय - ७ शिविर स्थापना र समापन

शिविर स्थापना
शिविर व्यवस्थापन स्थापना उत्तरदायित्व
निर्धारित शिविरका लागि स्थानको छनौट
निर्माण स्थलको योजना
शिविर बन्द
दिगो समाधान
शिविर व्यवस्थापन जिम्मेवारी
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

भाग - ३ : सुरक्षित वातावरण

## अध्याय - ८ शिविरको संरचनामा संरक्षण

मुख्य मुख्य सन्देशहरू
परिचय
मुख्य मुख्य सवालहरू
संरक्षण कसलाई?
कसबाट संरक्षण?
संरक्षण निकाय र प्रेषण : कसले के गर्ने?
शिविर व्यवस्थापन निकायका लागि संरक्षणका क्रियाकलाप
शिविर व्यवस्थापन निकायका लागि के कस्तो संरक्षणसम्बन्धी ज्ञान आवश्यक हुन्छ?
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

## अध्याय - ९ नाम दर्ता र व्यक्तिगत विवरण तयार

मुख्य मुख्य सन्देशहरू
परिचय
नाम दर्ता
व्यक्तिगत विवरण लेखन
मुख्य मुख्य सवालहरू
नाम दर्ता र व्यक्तिगत विवरण लेखनमा शिविर व्यवस्थापन निकायको भूमिका
नाम दर्ताका सिद्धान्त र विधिहरू
व्यक्तिगत विवरण लेखनका विधि र सिद्धान्तहरू
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

## अध्याय - १० लैंगिक आधारमा हुने हिंसाको रोकथाम र कारबाही

मुख्य मुख्य सन्देशहरू
परिचय
लैंगिक आधारमा हुने हिंसा के हो?
मुख्य मुख्य सवालहरू
लैंगिक आधारमा हुने हिंसाका कारक र तत्वहरू
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

## अध्याय-११ विशेष आवश्यकता भएका व्यक्तिहरूको संरक्षण

मुख्य मुख्य सन्देशहरू
परिचय
विशेष आवश्यकता भएका समूहहरू
मुख्य मुख्य सवालहरू
केटा र केटीहरू
विद्यालय नजाने र बेरोजगारी
किशोरकिशोरी र युवा
विशेष आवश्यकता भएका महिलाहरू
अन्य व्यक्तिहरू
बिरामी तथा अपांगता भएका व्यक्तिहरू
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

## अध्याय - १२ शिविरको सुरक्षा

मुख्य मुख्य सन्देशहरू
परिचय
मुख्य मुख्य सवालहरू
कानुन व्यवस्थाको उल्लंघन : अपराध, हिंसा र दुर्व्यवहार
शिविर व्यवस्थापनको जिम्मेवारी
शिविरको सैनिकीकरण
स्थानीय तथा आतिथेय समुदायसँगको सम्बन्ध
कर्मचारीहरूको सुरक्षा
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

## भाग - ४ : शिविरमा उपलब्ध सेवाहरू

### अध्याय - १३ खाद्य पदार्थ वितरण र गैरखाद्य पदार्थहरू

मुख्य मुख्य सन्देशहरू
परिचय
मुख्य मुख्य सवालहरू
भूमिका र जिम्मेवारीहरू
वितरण सेवा संस्थाहरूसँग सहकार्य
वितरण पद्धति
शिविर वितरण समितिहरू
सूचना घोषणाहरू
वितरण स्थलको व्यवस्था
वितरण स्थलको सुरक्षा/भीड नियन्त्रण
विशेष आवश्यकता भएका व्यक्ति र जोखिममा रहेको समूह
खाद्य सहायता
गैरखाद्य वस्तुहरू
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

### अध्याय - १४ खानेपानी, सरसफाइ र स्वास्थ्य

मुख्य मुख्य सन्देशहरू
परिचय
मुख्य मुख्य सवालहरू
भूमिका र जिम्मेवारीहरू
खानेपानी आपूर्ति
सरसफाइ
विशेष आवश्यकता भएका व्यक्तिहरू/बढी जोखिममा रहेका व्यक्तिहरू
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्री

## अध्याय - १५ आवास


मुख्य मुख्य सन्देशहरू
परिचय
मुख्य मुख्य सवालहरू
आवासको व्यवस्थाका लागि योजना तर्जुमा
आवास कार्यक्रमका प्रकारहरू
कार्यान्वयन विधिहरू
आवासको हेरचाह, मर्मत र सुधार
जोखिमहरू
भौतिक संरचना सेवाहरू
उपभोक्ताका आवश्यकताहरू
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू


## अध्याय - १६ स्वास्थ्य उपचार र स्वास्थ्य शिक्षा


मुख्य मुख्य सन्देशहरू
परिचय
मुख्य मुख्य सवालहरू
भूमिका र जिम्मेवारीहरू
मूल्यांकन
खोपहरू
पोषण
स्वास्थ्य सेवाको संरचना
स्वास्थ्य सूचना प्रणाली
महामारी र सरुवा रोगको रोकथाम
प्रजनन स्वास्थ्य
मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोग
स्वास्थ्य शिक्षा
शिविर बन्द गर्दाका अवस्थामा स्वास्थ्य प्राथमिकताहरू
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

## अध्याय - १७ शिक्षा

मुख्य मुख्य सन्देशहरू
परिचय
मुख्य मुख्य सवालहरू
भूमिका र जिम्मेदारी
शैक्षिक कार्यक्रममा अन्तर्विषयक पक्षहरू
सामुदायिक संलग्नता
पाठ्यक्रम
अन्य शैक्षित कार्यक्रमहरू
शिक्षकहरू
यौन दुर्व्यवहार र शोषण
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

## अध्याय - १८ आजीविका

मुख्य मुख्य सन्देशहरू
परिचय
मुख्य मुख्य सवालहरू
भूमिका र जिम्मेदारी
रोजगारका अवसरहरू
व्यापार
कृषि, वागवानी र पशुपालन
तालिम तथा आय आर्जन परियोजना
अनुदान
लघु वित्तीय प्रणालीहरू
शिविरका बासिन्दाको संलग्नता
महिला सहभागिता
शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
उपकरणहरू
अध्ययन तथा सन्दर्भ सामग्रीहरू

## अध्याय - १९

अनुसूची १ : शिविर व्यवस्थापन परियोजना
अनुसूची २ : समूह विधि र शिविर समन्वय/ शिविर व्यवस्थापना (सीसीसीएम) समूह
अनुसूची ३ : पारिभाषिक शब्दहरूको सूची
अनुसूची ४ : मुख्य मुख्य निकाय र तिनका वेब साइट

# शिविर व्यवस्थापन सहयोग सामग्री सम्बन्धमा

## शिविर व्यवस्थापन सहयोग सामग्री के हो ?

शिविर व्यवस्थापनालाई मानवीय सहायताको महत्वपूर्ण र मान्यताप्राप्त क्षेत्रका रूपमा समग्रतामा हेरेर *शिविर व्यवस्थापन सहयोग सामग्री*मा शिविर सञ्चालनका विभिन्न पक्षका विशेषगरी शिविर व्यवस्थापन निकायको भूमिका र जिम्मेवारीसम्बन्धी विस्तृत सान्दर्भिक सूचना जानकारी समावेश गरिएको छ।

*शिविर व्यवस्थापन सहयोग सामग्री*मा शिविर र शिविरजस्ता संस्थापनाहरूमा संरक्षण र सेवाका प्रावधानका अत्यावश्यक सवालहरूमा प्रकाश पारिएको छ र शिविर व्यवस्थापनमा संलग्न कर्मचारीलाई विस्थापित व्यक्तिहरूको अधिकारको सम्मान गर्न र शिविरको समग्र समन्वय तथा व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने विषयमा व्यावहारिक सल्लाह प्रदान गरिएको छ। यो सहयोगी निर्देशिका मात्रै हो र कुनै निकायका लागि नीति निर्देशिका हुने यसले प्रयास गरेको छैन।

शिविर व्यवस्थापन सहयोग सामग्री न त शिविर खडा गर्न पैरवी गर्छ न शिविर वासलाई नै प्रबर्धन गर्छ भन्नेमा ध्यान दिनुहोला । बरु शिविर कहिलेकहिँ विस्थापित जनसंख्याका लागि अन्तिम र एक मात्र विकल्प बन्नपुग्छ भन्ने व्यावहारिक दृष्टिकोण लिन्छ । शिविर स्थापना गर्ने निर्णय गरिएपछि मानवीय सहायता संस्थाहरू विस्थापितहरूको मानव अधिकारको रक्षा तथा आवश्यकता परिपूर्ति गर्न विभिन्न क्रियाकलापमा संलग्न हुन्छन् । यस्ता काममा शिविरको संरचना, यसको विकास र मर्मतसम्भार तथा दिगो समाधान तथा बहिर्गमन रणनीति तर्जुमा आदि पर्छन् ।

*शिविर व्यवस्थापन सहयोग सामग्री* द्वन्द्व र प्राकृतिक प्रकोपबाट भएका शरणार्थी र विस्थापित दुबै प्रकारका शिविरमा लागू हुन्छ। यो सेयर परियोजनाको *प्रकोपका अवस्थामा मानवीय घोषणा र न्यूनतम मापदण्डहरू* र संयुक्त राष्ट्र संघीय शरणार्थीसम्बन्धी उच्चायुक्तको *आकस्मिक अवस्थाका लागि हाते पुस्तिका* जस्ता विद्यमान विषयगत निर्देशिकाहरू र मापदण्डका पूरकका रूपमा तयार गरिएको छ। यसमा उल्लेख गरिएको शिविर शब्दले विभिन्न प्रकारका शिविर वा शिविरजस्ता

संस्थापनाहरू - बनाइएको वा स्वत: बनेका अस्थायी आवासहरू, सामूहिक केन्द्रहरू, आवधिक केन्द्रहरू तथा विस्थापितलाई फर्काउन बनाइएका केन्द्रहरूसमेत भन्ने बुझाउँछ। यो द्वन्द्व र प्राकृतिक प्रकोपका कारण अस्थायी रूपमा बसोवास गर्न बाध्य विस्थापित व्यक्तिहरूका लागि विद्यमान तथा नयाँ अवस्थामा लागू हुन्छ।

सन् २००४ देखि *शिविर व्यवस्थापन सहयोग सामग्री* सम्बन्धित क्षेत्रमा सक्रियतापूर्वक प्रयोग गरिएको छ। पैरवी र चेतना अभिवृद्धिका परिणामस्वरूप हजारौँ संघसंस्थाले परियोजनाको वेब साइट (www.nrc.no/camp) बाट डाउनलोड गरेका छन्, र शिविर व्यवस्थापन तालिम कार्यशालाका सहभागी अरू धेरैले यो पाएका छन्। यिनमा राष्ट्र संघीय निकाय, अन्तर्राष्ट्रिय संघसंस्थाहरू, स्थानीय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू,विश्वविद्यालयहरू,अनुसन्धान संस्थाहरू र सरकारका कर्मचारीहरू छन्। यो *शिविर व्यवस्थापन सहयोग सामग्री* सक्रियतापूर्वक प्रयोग गरिएका मुलुकहरूमा लाइबेरिया, सुडान, पाकिस्तान, श्रीलंका, बुरुन्डी, युगान्डा, इन्डोनेसिया, टिमोर, जर्जिया, केन्या, चाड र इथियोपिया छन्।

*शिविर व्यवस्थापन सहयोग सामग्री*को यो परिवर्द्धित संस्करण डेनिस शरणार्थी परिषद् (DRC), आप्रवासीहरूका लागि अन्तर्राष्ट्रिय संगठन (IOM)' अन्तर्राष्ट्रिय उद्धार समिति (IRC), नर्वेली शरणार्थी परिषद् (NRC), संयुक्त राष्ट्र संघीय शरणार्थीसम्बन्धी उच्चायुक्त (UNHCR) र संयुक्त राष्ट्र संघीय मानवीय सहायता समन्वय कार्यालय (UNOCHA)को संयुक्त प्रयास - शिविर व्यवस्थापन परियोजनाद्वारा प्रकाशित गरिएको हो। यसमा संसारभर क्षेत्रमा कार्यरत सहकर्मीका टिप्पणी र सुझावअनुरूपमा ठूलो संख्यामा असल अभ्यास र सिकिएका पाठहरू समावेश गरिएका छन्। साथै यसमा क्षेत्र विशेषको अद्यावधिक सूचनाका साथै छापा र अनलाइनमा उपलब्ध पछिल्ला सामग्री समावेश गरिएको छ।

*शिविर व्यवस्थापन सहयोग सामग्री* शिविर सञ्चालन वा व्यवस्थापन कार्यको पहिलो सन्दर्भ सामग्री हुने आशा राखेका छौँ। साथै अन्तर्राष्ट्रिय मानवीय सहायता कर्मचारीका साथै स्थानीय शिविर व्यवस्थापकहरू, सामुदायिक अगुवाहरू अधिकारीहरू, सेवा प्रदायकहरू र सबैभन्दा मुख्य त विस्थापितहरू आफैंले समेत

सक्रियतापूर्वक पढ्ने र प्रयोग गर्ने पनि आशा राखेका छौं।

*सहयोग सामग्री जीवन्त अभिलेख भएकाले शिविर व्यवस्थापनको अवस्था प्रतिविम्बित र सूचित दुवै कार्य गर्न तत्पर रहन्छ।*

## *सहयोग सामग्री कसरी प्रयोग गर्ने ?*

*शिविर व्यवस्थापन सहयोग सामग्री*को यो २००८ को परिवर्द्धित संस्करण संगठन र संरचनाका दृष्टिबाट पहिलो भन्दा भिन्न छ। सन् २००४ को संस्करण शिविरको निर्माण योजनादेखि समापनसम्मको समयक्रमअनुसार लेखिएको थियो भने यो २००८ को संस्करण निम्न ४ वटा विषयगत अध्यायमा विभाजित छः

- परिचय
- मुख्य व्यवस्थापन कार्यहरू
- सुरक्षित वातावरण
- शिविरका सेवाहरू (विषय सूची हेर्नु)।

यस प्रकारको पुनः संरचना

- विविध, समावेशी र जटिल मानवीय सहायता क्षेत्रमा थप स्पष्टता र आकार दिन,
- शिविर व्यवस्थापन निकायको सञ्चालनका सबै विशेष क्षेत्रमा विभिन्न तहको प्रत्यक्ष वा अप्रत्यक्ष उत्तरदायित्व प्रतिविम्बित गर्न,
- पाठकलाई शिविरको जुनसुकै अवस्थाको सूचना पनि सजिलै सजिलो र छिटो बनाउन,र
- शिविर व्यवस्थापनको सञ्चालनका आवश्यक शीर्षक र क्रियाकलापहरू बढी तर्कसंगतरूपमा वर्गीकरण उपलब्ध गराउन का लागि गरिएको हो।

## सहयोग सामग्री परिचय

## भाग - १ : परिचय

अध्याय – १ मा शिविर व्यवस्थापन सहयोग सामग्री र शिविर व्यवस्थापन क्षेत्रको समग्र परिचय दिइएको छ। शिविर व्यवस्थापन मानवीय सहायताको अपेक्षकृत नयाँ र उदियमान क्षेत्र भएकाले शिविर व्यवस्थापन भनेको के हो र यसबाट के हासिल गर्न खोजिएको हो भन्ने बारेमा सबैको समान बुझाइ हुनु आवश्यक हुन्छ। शिविर र शिविर व्यवस्थापन एकदमै सन्दर्भ केन्द्रित हुनसक्छ र शिविर सञ्चालनको विशेष परिस्थितिको प्रकृतिमा निर्भर हुन्छ।

नयाँ संकट सुरु हुँदा र विस्थापन भइरहेका अवस्थामा एकै प्रकारको भूमिका र जिम्मेवारीमा त्यसमा संलग्न सबैको सहमति कायम गर्नु निकै चुनौतीपूर्ण हुने ( अध्याय २ ) अनुभवले देखाएको छ। शिविरको प्रभावकारी व्यवस्थापनका लागि यस प्रकारको स्पष्टता महत्वपूर्ण आवश्यकता हो। यसमा विस्थापित समुदायप्रति मानवीय सहायताकर्मीहरूको जवाफदेहिता पूरा गर्न पनि सहयोग पुग्छ।

## भाग - २ : मुख्य मुख्य व्यवस्थापकीय कार्यहरू

अध्याय २ मा शिविर व्यवस्थापन निकायले सम्पादन गरेको मुख्य मुख्य व्यवस्थापकीय कार्यहरूका बारेमा विस्तृत रूपरेखा प्रस्तुत गरिएको छ। यी सबै शिविरवासी जनसंख्याको सहयोग र संरक्षणका प्रावधान सुनिश्चित गर्न महत्वपूर्ण आधारभूत र बहुक्षेत्रीय सवालहरू हुन्। शिविर व्यवस्थापन र विकासलाई प्रभावकारी बनाउन र बहुधा विस्थापनका कारण उपेक्षा गरिएको शिविरवासीको मर्यादा र आत्मसम्मान सुनिश्चित गर्न शिविर व्यवस्थापन निकायका लागि सामुदायिक सहभागिता र संलग्नता (अध्याय - ३)आवश्यक हुन्छ।

समन्वय (अध्याय ४) र सूचना व्यवस्थापन (अध्याय ५) जस्ता क्रियाकलापबाट शिविरसम्बन्धी सान्दर्भिक, सही र अद्यावधिक सूचना साझेदारहरूका बीचमा प्रयोग गरिन्छ। शिविर संचालनमा भएको कमी र त्यसलाई हटाउन आवश्यक योजना तर्जुमा तथा कार्यान्वयनका लागि सूचना तथा तथ्यांक संकलन र आदानप्रदान महत्वपूर्ण हुन्छ ।

शिविर संचालनमा प्राकृतिक स्रोतको प्रयोग र संरक्षण विधि (अध्याय - ६)पनि उत्तिकै महत्वको हुन्छ। वातावरणले शिविरमा बस्ने मात्र हैन शिविरबाहिरका आथितेय समुदायलाई पनि प्रभावित गर्ने हुनाले शिविरभित्र र बाहिर यस विषयमा ध्यान दिइनु आवश्यक हुन्छ। शिविर स्थापना गर्ने योजना बनाउँदा शिविर बन्द गर्नका लागि बिदाइ रणनीतिमा पनि ध्यान दिनुपर्छ। शिविर स्थापना र समापनलाई ( अध्याय - ७) शिविरको जीवन चक्रको आरम्भ र अन्त्य विन्दुका रूपमा अन्तर्सम्बन्धित प्रक्रियाका रूपमा लिनुपर्छ, अलगअलग हेर्न मिल्दैन। मापदण्डअनुरूप शिविर स्थापना र समापनको उपयुक्त योजनाबाट शिविरवासीलाई प्रत्यक्ष प्रभाव पार्ने मात्र हैन शिविर व्यवस्थापनका तरिका पनि असर पर्छ।

## भाग - ३ : सुरक्षित वातावरण

विस्थापितहरूको अधिकारको रक्षा गर्नु शिविर व्यवस्थापन निकायको मुख्य काम हो। त्यसैले शिविर सञ्चालन कार्य गर्दा सजग रहनका लागि सहयोग सामग्रीको अध्याय ३ मा व्यापकरूपमा संरक्षणसम्बन्धी सवालहरू, सूचना र मार्गनिर्देशिकाको विवेचना गरिएको छ। यिनमा भूमिका, जिम्मेवारी तथा विशेष संरक्षण एजेन्सीहरूको कार्यदिशलगायत शिविरजस्ता संरचनाका (अध्याय - ८) सामान्य र विशेष पक्षमा समावेश हुन्छन्। नाम दर्ता समान र न्यायोचित सहयोग र संरक्षणका लागि (अध्याय - ९) महत्वपूर्ण संरक्षण उपकरण हो। यसका अतिरिक्त नाम दर्तासम्बन्धी सूचना लैंगिक आधारमा हुने हिंसाको जोखिममा रहेको समूह (अध्याय - १०) र विशेष आवश्यकता भएका समूह (अध्याय - ११) को संरक्षणका लागि महत्वपूर्ण हुन्छ। शिविरको संरचनामा यी दुबै समूह बढी जोखिममा हुने हुनाले विशेष सहयोग र हेरचाह आवश्यक हुन्छ।

शिविरको सुरक्षा ( अध्याय - १२) शिविर सञ्चालनमा संलग्न शिविरवासी, अधिकारीगण र मानवीय सहायता संस्थाका कर्मचारी सबैका लागि आवश्यक हुन्छ। प्रायश: असुरक्षित वातावरणमा कार्य सञ्चालन गर्न शिविर व्यवस्थापन निकायलाई प्रभावकारी सुरक्षा व्यवस्थापन अनिवार्य पूर्वसर्त हो।

## भाग - ४ : शिविरका सेवाहरू

सहयोग सामग्रीको अन्तिम अध्यायमा सामान्यतया शिविरमा विद्यमान मानवीय सहायताका विशेष क्षेत्र र सेवाहरू तथा शिविरवासीका आधारभूत आवश्यकता र मानव अधिकार पूरा गर्न उपलब्ध गराइने सहयोगका बारेमा केन्द्रित रहेको छ। यस शिविर व्यवस्थापन सहयोग सामग्रीको उद्देश्य शिविरमा उपलब्ध हुनसक्ने सबै सम्भाव्य सेवाहरूलाई समावेश गर्नु भने होइन। बरु शिविर सञ्चालनमामा सबैभन्दा पहिला आउने तलका विषयहरूमा केन्द्रित हुनु हो : -

- खाद्य तथा गैरखाद्य वस्तुहरूको वितरण -अध्याय -१३) - विस्थापितलाई पर्याप्त खानेकुरा र घरेलु प्रयोगका अन्य वस्तुको आपूर्ति सुनिश्चित गर्ने ।
- पानी, सरसफाइ र नुहाइ धुवाइ (अध्याय - १४) - शिविरवासीलाई महामारी र रोगबाट बचाउन तथा स्वस्थ राख्न स्वच्छ खानेपानी र उपयुक्त सरसफाइ तथा स्वास्थ्य सुविधा उपलब्ध गराउने।
- आवास ( अध्याय-१५) - हावापानीबाट भौतिकरूपमा जोगाउनुका साथै गोपनीयता र मर्यादाका लागि पनि स्थान उपलब्ध गराउने।
- स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षा ( अध्याय १६ ) - शिविरवासीको शारीरिक तथा मानसिक स्वास्थ्यका गम्भीर खतरासम्बन्धमा चेतना जगाउने र सबैलाई लाग्ने प्रकारका बिरामीबाट जोगिने वा उपचार गर्ने उपयुक्त उपाय अपनाउने ।
- शिक्षा (अध्याय - १७) - मा बालबालिका र युवाको व्यक्तिगत विकास र उनीहरूलाई फिर्ती वा पुनर्वासपछि पुन:एकीकरण सहज बनाउन सघाउन शिक्षा र तालिम प्रदान गर्नुको महत्वमा प्रकाश पारिएको छ।

- आजीविका ( अध्याय - १८ ) - मा शिविरवासीको आत्मसम्मान, खाद्य सुरक्षा र आर्थिक आत्मनिर्भरता बढाउन आजीविका र आय आर्जनका क्रियाकलाप कार्यान्वयन र प्रबर्धनका सम्भावनाको रूपरेखा प्रस्तुत गरिएको छ।

## बहुविषयक सवालहरू

शिविर व्यवस्थापन सहयोग सामग्रीका अधिकांश विषयहरू एकअर्कासँग सम्बद्ध छन् र अरू क्षेत्र र अध्यायहरूसँग सान्दर्भिक र विशेष सम्बन्ध युक्त छन्। लैंगिक आधारमा हुने हिंसा, संरक्षण, सहभागिता र सामुदायिक संलग्नता, सूचना व्यवस्थापन र वातावरणजस्ता विषय बहुविषयक प्रकृतिका हुन्छन् र तिनका सन्देश समग्रतामा सहयोग सामग्रीको अभिन्न अंश बनेका छन्। यसका अतिरिक्त, लिंग, उमेर, एचआईभी/एडस्, र वातावरणीय विषय सबै अध्यायहरूमा एकीकृत गरिएका छन्।

## अध्यायको संरचना

सबै अध्यायको रूपरेखा वा आधारभूत संरचना एकै प्रकारका छन् र निम्नअनुसार विभाजित गरिएका छन् :-

- मुख्य मुख्य सन्देशहरू
- परिचय
- मुख्य मुख्य सवालहरू
- शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची
- उपकरणहरू
- अध्ययन र सन्दर्भ सामग्री

स्वाभाविक रूपमा, प्रत्येक विषयको अलग अलग प्रकृति भएको र तिनलाई शिविर व्यवस्थापन परियोजना र बाहिरका परामर्शदाता विभिन्न विशेषज्ञहरूले लेखेका हुनाले प्रत्येक अध्यायको आआफ्नै विशेषता छ। यी सबै अध्यायमा लेखकको शैली र अवधारणा कायमै राखी ध्यानपूर्वक विस्तारमा सम्पादन गरिएका छन्।

# शिविर व्यवस्थापन

# भाग - १ : परिचय

## अध्याय - १     शिविर व्यवस्थापन के हो ?

### मुख्य मुख्य सन्देशहरू

यसमा अध्यायको विषय र सम्बनिधत क्षेत्र वा पक्षसँग व्यवहार गर्दा ध्यान दिनुपर्ने आवश्यक सूचना र सवालहरूमा प्रकाश पारिएको हुन्छ।

### परिचय

परिचय खण्डमा सम्बन्धित अध्यायको प्रकृतिअनुरूप परिचयमा या त अध्यायको विषय सूचीको झलक वा सारसंक्षेप र निस्कर्ष प्रस्तुत गरिएको हुन्छ वा महत्वपूर्ण पृष्ठभूमिको सूचना दिइएको हुन्छ।

### मुख्य मुख्य सवालहरू

हरेक अध्यायमा अधिकांश सूचना यही खण्डमा दिइएको हुन्छ। मुख्य मुख्य सवाल खण्डको संरचना लचिलो हुन्छ। शिविर व्यवस्थापन निकायको भूमिका र जिम्मेवारीहरू अलग्गै भागमा एकै प्रकारले उल्लेख नगरिएको तर जहाँ उपयुक्त हुन्छ त्यही लेखिएको पाठकहरूले पनि थाहा पाउने छन्।

### शिविर व्यवस्थापन निकायका लागि आवश्यक कार्य सूची

कार्य विवरणमा अध्यायको विषय सूची उल्लेख हुन्छ र विशेष क्षेत्र र वा विशेष कामको कार्यान्वयनका क्रममा थप विवरण समावेश हुन्छ। यसलाई व्यावहारिक उपकरण बनाउने प्रयास गरिएको छ र क्षेत्रमा क्रियाशील कर्मचारीलाई योजना तर्जुमा, अनुगमन र मूल्यांकनमा सहयोग पुऱ्याउने गरी  एकै झलकमा सबै जानकारी उपलब्ध गराउन खोजिएको छ। तैपनि यो गर्नुपर्ने सबै काममा चिन्ह लगाएर जाँच गर्न सकिने प्रकारको वर्णानुक्रमिक जानकारीको सूची होइन। यस्तो विस्तृत उपकरण सन्दर्भ विशेषको हुन्छ।

### उपकरणहरू

उपकरणहरू संसारभर कार्य स्थलमा कार्यरत सहकर्मीहरूबाट संकलन गरिएको हो। कतिपय उत्तर कर्मचारीहरूबाटै सन्दर्भ विशेषको आवश्यकता  हेरी तयार गरिएको छ। उदाहरण र रूपरेखाका रूपमा  यिनले शिविर व्यवस्थापन परियोजनाका स्थलगत तथा अन्तर्राष्ट्रिय कर्मचारीलाई व्यावहारिक सहयोग पुऱ्याउन सक्छन्। कुनै उपकरण भने एउटा शिविर विशेष वा सन्दर्भ विशेषका

लागि बनाइएका छन् भने अरू अलि व्यापक प्रकृतिका र / वा अन्तर्राष्ट्रियरूपमा मान्यता प्राप्त छन्।

## आवश्यक अध्ययन तथा सन्दर्भ सामग्रीहरू

शिविर व्यवस्थापनमा संलग्न सबै कर्मचारीले थप सूचना जानकारी अरू स्रोतबाट पनि जुटाइरहनुपर्छ। उनीहरू उत्तम अभ्यासहरूको उदाहरणबाट सिक्न र व्यावसायिक दक्षता विकास गर्न उत्सुक रहनुपर्छ। यही कारणले प्रत्येक अध्यायको अन्त्यमा सान्दर्भिक प्रकाशन, निर्देशिका र हातेपुस्तिकाहरूको अद्यावधिक र विस्तृत सूची दिइएको छ।

**सन्दर्भमा उल्लेख गरिएको सबै प्रकाशन, लिखत र उपकरणहरू पुस्तिकासँगै उपलब्ध सीडीमा रहेका छन्। इन्टरनेटबाट अनलाइन डाउनलोड गर्न सकिने सामग्रीको वेब लिंक इन्टरनेट ठेगाना दिइएको छ।**

## बक्स र चिन्हहरू

हरेक अध्यायमा का रातो र कालो रंगका बक्सहरू समावेश गरिएका छन्। मूल पाठका उत्तम अभ्यासका महत्वपूर्ण सूचना वा उदाहरण समावेश गर्न नमिलेको तर गर्नुपर्ने अवस्था रहेका समयमा तिनको प्रयोग गरिएको छ। दुई प्रकारका भिन्न चिन्ह र रंगले

- संसारभरका शिविरका अवस्थाहरू र स्थलगत सहकर्मीहरूबाट प्राप्त घटना विवरणका उदाहरण, व्यावहारिक सल्लाह, सिकिएको पाठ र असल अभ्यास, र
- शिविर व्यवस्थापनका क्रममा विशेष ध्यान दिनुपर्ने प्राविधिक तथ्य र सूचना छुट्ट्याउँछन्।

अरू चिन्हहरू निम्न कामका लागि प्रयोग गरिएका छन् : -

अरू अध्याय, उपकरण वा आवश्यक अध्ययन र सन्दर्भ सामग्रीसँग सम्बन्ध जोड्न।

# शिविर

# व्यवस्थापन के हो

# अध्याय - १ : शिविर व्यवस्थापन के हो ?

## मुख्य मुख्य सन्देशहरू

- दायित्व र जिम्मेवारीअनुरूप सार्वभौम राज्यहरू आफ्ना क्षेत्रभित्र शिविरमा वा शिविरजस्तै संरचनामा रहेका लगायत विस्थापित र शरणार्थीहरूलाई संरक्षण तथा मानवीय सहायता उपलब्ध गराउन जिम्मेवार छन्। राज्यले विस्थापित जनसंख्यालाई संरक्षण र सहायता दिन नचाहेको र /वा नखोजेको अवस्थामा राज्यलाई सहयता गर्नु मानवीय सहायताकर्मीहरूको कर्तव्य हो।
- शिविरहरू अन्तिम आश्रय भए पनि कतिपय अवस्थामा प्राकृतिक प्रकोप वा द्वन्द्वका कारण घरबार छाडेर भाग्न विवश विस्थापितका लागि संरक्षण र सहायता पाउने एकमात्र विकल्प हुनपुग्छन्।
- शिविर व्यवस्थापनको मुख्य उद्देश्य विस्थापित जनसंख्यालाई दिगो समाधान खोज्दाखोज्दै पनि आधारभूत मानव अधिकार उपभोग गर्न सक्ने गरी शिविरका स्तरमा सुधार गर्नु हो।
- संरक्षण र सहायता कार्यक्रमको समन्वय गर्ने र आधारभूत मानव अधिकार उपलब्ध गराउन र शिविरवासीको आवश्यकता पूरा गर्न बहुपक्षीय दृष्टिकोण अपनाउने हुनाले शिविर व्यवस्थापन ( वा शिविर समन्वय र शिविर व्यवस्थापन समूहकृत सहायताका हकमा) मानवीय सहायताको महत्वपूर्ण रूप हो।
- अभावहरूको पूर्ति र दोहोरोपन हटाउने कार्य शिविर तहमा सेवा प्रदायकहरू तथा शिविरवासीबीचको प्रभावकारी समन्वयमा र शिविर व्यवस्थापन निकाय तथा समूह वा क्षेत्रका अगुवा एकाइ र सरकारी प्रतिनिधिलगायत अरू सरोकारवालाबीच सूचना व्यवस्थापनमा निर्भर हुन्छ।
- शिविर व्यवस्थापनको मुख्य पक्ष अति जोखिममा भएका व्यक्ति र समूहलगायत शिविरवासी जनसंख्यालाई शिविरको दैनिक कार्य सञ्चालन र निर्णय प्रक्रियामा सहभागी र परिचालित गराउनुको महत्व राम्ररी बुझ्नु हो ।

- कानुनी लिखतहरू
  - शिविर व्यवस्थापन अन्तर्राष्ट्रिय कानुनका मुख्य मुख्य लिखतका बारेमा जानकार हुन्छ । शरणार्थी र आन्तरिकरूपमा विस्थापित जनसंख्याको अधिकार र कर्तव्यका बारेमा थप जानकारीका लागि हेर्नु :
  - 1951 Convention Relating to the Status of Refugees and the 1967
  - Protocol
  - • The Universal Declaration of Human Rights, 1948
  - • The Geneva Conventions of 1949 and the two protocols of 1977
  - • The Guiding Principles on Internal Displacement, 1998

# परिचय

भूकम्प, बाढी, सुनामी, गृह युद्ध, क्षेत्रीय द्वन्द्व, शान्ति सम्झौताको विफलता वा यस्तै अरू घटनाका कारण एकाएक घरबारविहीन हुन पुगेका मानिसलाई संरक्षण र सहायता आवश्यक हुन्छ। कुनै पनि ठाउँमा मानिसहरूलाई आन्तरिकरूपमा विस्थापित गर्ने आकस्मिक प्राकृतिक विपत्ति वा एक्कासी शरणार्थीको संख्या बढाउने द्वन्द्व होस् वा अरू विपत्तिका घटना कुनै पनि समयमा हुन सक्छ। सम्पत्ति गुमाएका, मानसिक आघातमा बाँचिरहेका र एक्कासि आफ्नो घर र समुदायको संरक्षणबाट बाहिर पुगेकाहरूलाई शिविरहरूमा बस्नका लागि सुरक्षित स्थान उपलब्ध हुन्छ र त्यहाँ उनीहरूले औषधि उपचार, खाना, आवास र संरक्षण  पाउँछन्। शिविरहरूले स्थायी वा दिगो समाधान उपलब्ध गराउन सक्तैनन् तापनि राम्रो व्यवस्थापन गरियो भने अस्थायी शरण दिनसक्छन् जहाँ आधारभूत र प्रायश: जीवन रक्षक सहायता उपलब्ध हुन्छ।

शिविर व्यवस्थापनको प्रमुख उद्देश्यहरूमा शिविरवासीको आधारभूत मानव अधिकार उपभोग गर्न सक्ने गरी पहुँच कायम गर्न शिविरको जीवनस्तर उकास्नु, संरक्षण र सहायता कार्यक्रम अन्तर्राष्ट्रिय मापदण्ड तथा कानुनअनुसार भएको सुनिश्चित गर्नु हो। शिविर व्यवस्थापनले विस्थापित जनसंख्या र उपभोक्तालाई प्रदान गरिएको मानवीय सहायता र संरक्षण कार्यक्रमहरूबीच शिविर तहमा प्रभावकारी समन्वय गर्नुपर्छ। शिविर व्यवस्थापन निकायले शिविरवासीको अधिकारका रूपमा रहेको आवश्यक  सहायता र सेवामामा समान र न्यायपूर्ण पहुँच सुनिश्चित गर्न शिविरका विभिन्न सरोकारवालासँग सहकार्य गर्नुपर्छ । यो काम शिविर र शिविरवासी जनसंख्या बारेको सूचनाको व्यवस्थापन समन्वय मञ्चहरू स्थापना र पर्याप्त प्रावधानको पैरवी गरेर र संलग्न सबैसँग साझेदारी विकास गरेर, शिविरको दैनिक कार्य सञ्चालन तथा नेतृत्वको संरचना र निर्णय प्रक्रियामा सहभागी हुन शिविरवासीलाई प्रभावकारीरूपमा परिचालन गरेर गर्नुपर्छ ।

▶ ▶ सामुदायिक सहभागितासम्बन्धी थप जानकारीका लागि अध्याय ३ हेर्नु ।

▶ ▶ समन्वयसम्बन्धी थप जानकारीका लागि अध्याय ४ हेर्नु ।

▶ ▶ सूचना व्यवस्थापनसम्बन्धी थप जानकारीका लागि अध्याय ५ हेर्नु ।

▶ ▶ शिविर सेवा र प्राविधिक सहायतासम्बन्धी थप जानकारीका लागि अध्याय १३-१८ हेर्नु ।

विस्थापित समुदायको मर्यादा बाँच्न पाउने अधिकारको रक्षा गर्न नै शिविरहरू स्थापना गरिएका हुन्छन् । शिविर व्यवस्थापनको उत्तम अभ्यास शिविरवासीलाई हेलाँ र दुर्व्यवहारबाट बचाउन र खाना, आवास, स्वास्थ्य उपचार तथा पारिवारिक मेलमिलापलगायतका उनीहरूको अधिकार उपलब्ध गराउन नै शिविरका सबै गतिविधिहरू केन्द्रित भएर सम्पादन गर्नु मुख्य उद्देश्य हुन्छ भन्ने समझदारीमा आधारित हुन्छ ।

शिविर व्यवस्थापन निकायले आवासको छाना मर्मत, शिशु विद्यालयको स्थापना वा उपभोग्य वस्तुहरूको वितरणजस्ता कुनै पनि काम गर्दा शिविरवासीको अधिकारको उल्लंघन, अभाव वा परनिर्भरतामा घट्ने र अधिकारको न्यायपूर्ण उपभोग तथा सार्थक सहभागिता अधिकतम हुने गरी गर्नुपर्छ ।

यसैगरी, शरणार्थी वा आन्तरिक रूपमा विस्थापित शिविरवासी विस्थापित जनसंख्याको कानुनी मान्यता र संरक्षण प्राप्त गरुन् भन्ने उद्देश्यले  नाम दर्ता, जन्म र मृत्यु दर्ताको प्रमाणपत्र तथा पूर्ण सुरक्षाको प्रत्याभूति नहुँदासम्म उनीहरूलाई बलपूर्वक घर फिर्ता नपठाइने विश्वास दिलाउने जस्ता कार्य गर्नु  शिविर व्यवस्थापन निकायको कर्तव्य हो ।

▶ ▶ संरक्षणका विषयमा थप जानकारीका लागि अध्याय ८ हेर्नु ।

## मुख्य मुख्य सवालहरू

### शिविर व्यवस्थापनमा को जिम्मेवार हुन्छ ?

यसको सोझो उत्तर हो राज्यहरू नै आआफ्ना सीमाभित्र शिविर वा अस्थायी वास स्थानको व्यवस्थापनका लागि जिम्मेवार हुन्छन् । यो जिम्मेवारी शरणार्थी र आन्तरिक विस्थापित जनसंख्यालाई आफ्नो सीमाभित्र संरक्षण र मानवीय सहायता उपलब्ध गराउनु पर्ने सार्वभौम राष्ट्रको दायित्व र जिम्मेवारीअन्तर्गत पर्छ ।

राज्यका अधिकारीहरू शरणार्थीहरूको संरक्षण र सहायताका लागि अनिच्छुक वा असमर्थ भएका अवस्थामा शरणार्थीसम्बन्धी संयुक्त राष्ट्र संघीय उच्चायुक्त ( उच्चायुक्त)को अन्तर्राष्ट्रिय कार्यादेश र जिम्मेवारी हुन्छ । उच्चायुक्त र क्षेत्रगत अग्रणीको जिम्मेवारी लिने राष्ट्र संघीय र /वा अन्तर्राष्ट्रिय संगठनहरूसँगको निकट सहकार्यमा शिविर व्यवस्थापनको भूमिका सामान्यतया कुनै अन्तर्राष्ट्रिय वा राष्ट्रिय गैरसरकारी संस्था (गैसस)ले लिएको हुन्छ ।

विस्थापितहरू द्वन्द्व वा प्राकृतिक विपत्तिका कारण घरबार छाड्ने वा वाध्य पारिने अवस्थामा उनीहरूको संरक्षण कुनै एक्लो निकायको कार्यादेशभित्र पर्दैन । विस्थापितहरूको संख्या बढ्दै गएका अवस्थामा मानवीय संकटहरूमा अन्तर्राष्ट्रिय मानवीय कारबाहीका लागि दायित्व र विश्वसनीयता कायम गर्न र संगठनहरूबीच कामको बाँडफाँड गर्न मानवीय सहायतासम्बन्धी कार्यको संयोजनको नेतृत्व गर्ने उपमहाचिव अर्थात् राष्ट्र संघीय संगठनहरू आकस्मिक उद्धार संयोजक (ईआरसी )ले सन् २००५ मा मानवीय सहायता कारबाही समीक्षा थालनी गरे ।

यस कार्यले मानवीय सहायताका विभिन्न क्षेत्रबीच भूमिका र जिम्मेवारी अझ स्पष्ट किटान गर्न योगदान पुऱ्याएको छ । मानवीय सहायता समन्वय गर्ने पहिलो मञ्च अन्तर निकाय स्थायी समिति (आईएएससी) ले मुख्य मुख्य गैरराष्ट्र संघीय साझेदारहरूलाई एकै ठाउँमा भेला गरेर शिविर व्यवस्थापनलगायत मानवीय सहायताका ११ क्षेत्रमा संसारभर नै समूहगत अग्रणी संस्था तोकेको छ । यस समूह प्रणाली सम्बन्धी अवधारणाको प्राथमिक सूचनाको स्रोत www.humanitarianreform.org. हो ।

शिविर संयोजन तथा शिविर व्यवस्थापन (सीसीसीएम)का लागि विश्व स्तरको अग्रणी संस्थामा द्वन्द्व प्रभावित विस्थापितका लागि उच्चायुक्त र प्राकृतिक प्रकोपका कारण विस्थापित भएकाका लागि आप्रवासीसम्बन्धी अन्तर्राष्ट्रिय संगठन (आईओएम) रहेका छन् । संयुक्त राष्ट्र संघीय मानवीय सहायता संयोजक (आवासीय संयोजक) को सिफारिसका आधारमा नयाँ वा विद्यमान संकटका अवस्थामा राष्ट्रिय स्तरमा सीसीसीएम समूह स्थापना वा क्रियाशील गराउन सकिन्छ । उनले राज्यका अधिकारीहरू/सहकर्मीहरू, राज्यतरमा आइएएससीका साझेदार, ईआरसी र आइएएससीसँग परामर्श गरेर सिफारिस गर्छन् ।

सीसीसीएम समूहले त्यसपछि राज्यका निकायहरू, राष्ट्र संघीय निकायहरू, रेडक्रस र रेडक्रिसेन्ट सोसाइटी र आईओएमजस्ता अन्तर्राष्ट्रिय संगठनहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरूको मानवीय सहायता क्षेत्रको साझा मञ्चका रूपमा काम गर्छ । साथै उनीहरू सबैले प्रभावकारी समन्वय र शिविर वा शिविरजस्ता संरचनाको स्तर उकास्न साझेदारका रूपमा सहकार्य गर्ने निश्चित गर्नुपनि यसको काम हुन्छ।

शिविर वा शिविर जस्ता संरचनामा शरणार्थी र आन्तरिक विस्थापितहरूले अस्थायी शरण लिएका अवस्थामा शिविर संयोजन र व्यवस्थापनमा भूमिका भएका सबै संगठनहरू र अरू मानवीय सहायताकर्मीहरूले सेवा, सहायता र संरक्षणका माधयमबाट स्थलगत रूपमा विस्थापितहरूका आवश्यकता पूर्ति गर्न महत्वपूर्ण भूमिका पूरा गर्छन् । यस्ता आवश्यकता पूरा गर्नु शरणार्थी र विस्थापित जनसंख्याको मर्यादित जीवन यापन, क्रुर, अमानवीय र अपमानजनक व्यवहारबाट मुक्ति पाउने आधारभूत मानव अधिकारको एक भाग हो ।

▸▸ शिविर संयोजन र व्यवस्थापन समितिको समूहगत भूमिका र जिम्मेवारी तथा अग्रणी निकायसम्बन्धी थप जानकारीका लागि यसै अध्यायमा पछि आउने 'शिविर व्यवस्थापनमा साझेदारी र सरोकारवाला' र अनुसूची २ तथा अध्ययन र सन्दर्भ सामग्रीमा हेर्नु ।

## शिविर व्यवस्थापन र शिविर व्यवस्थापन निकायको भूमिका

शिविर व्यवस्थापन एउटा शिविर तहमा सञ्चालन हुन्छ । सधैं नभए पनि धेरैजसो गैससले शिविर व्यवस्थापन निकायको भूमिका लिन्छ र प्रायश: आफूले व्यवस्थापन गर्ने शिविरभित्र कार्यालय स्थापना गर्छ । शिविर व्यवस्थापन कार्य शिविरको गतिशील वातावरणअनुरूप परिवर्तित हुनुपर्ने हुनाले यसको प्रकृति तोकिएको भन्दा पनि सन्दर्भअनुसारको हुन्छ । आकस्मिक विपत्तिको प्रकृति, विस्थापनको मात्रा र गहनता, स्थापना गरिएका शिविरहरूको प्रकार, उपलब्ध साधनस्रोत तथा मुख्य सरोकारवालाहरूको क्षमता आदिले शिविर सञ्चालनका क्रममा शिविर व्यवस्थापन निकायले गर्ने कार्य विशेषमा असर गर्छन् । शिविर व्यवस्थापन निकाय आकस्मिक विपत्तिको सुरुदेखि नै उपस्थित हुनु राम्रो हो । यसो भएमा उनीहरूले शिविर निर्माणका लागि ठाउँ छान्नेदेखि शिविरको पहिलो चरणको योजना र निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सहज हुनेछ । परन्तु, शिविर व्यवस्थापन निकाय प्रायश: शिविर खडा भइसकेपछि पछिल्लो चरणमा संलग्न हुनपुग्छ । शिविर व्यवस्थापन निकायका क्रियाकलाप त्यसैले विभिन्न प्रकारका थुप्रै स्थानीय तत्वका साथै सम्बन्धित संस्थाको कार्यक्षेत्र, कार्यक्रमको साधनस्रोत र

### शिविर व्यवस्थापनको स्थलगत उदाहरणज्ञ

सन् २००५ को सुनामीपछि दक्षिणी श्रीलंकामा शिविरमा बस्नेहरू समुद्री तटका आसपास ससाना ठाउँहरूमा छरिएर ठाउँ सरी सरी बस्ने गरेका थिए । केही परिवार आफ्नो पुरानो घरजग्गा नजिक आफैं बसेका थिए भने अरू शिविर वा अन्य ठाउँमा सरेका थिए । यस्ता ठाउँहरू कार्यादेश नपाएका, शिविरको सञ्चालन र मर्मतसम्भार गर्ने स्रोत नभएका विभिन्न संस्थाले आकस्मिक वित्तिका चरणमा बनाएका थिए एउटा जिल्लामा मात्र ५० भन्दा बढी ठाउँमा शिविर व्यवस्थापन निकायको स्थलगत उपस्थिति सम्भव थिएन। एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले यस समस्यालाई समाधान गर्न सरकारी तथा मानवीय सहायता संस्थाहरूलाई सचेत गराउने र शिविरवासी जनसंख्यालाई आफैं व्यवस्थापन गर्न सक्षम तुलाउने उद्देश्य राखेर अस्थायी शिविर व्यवस्थापन परियोजना आरम्भ गर्‍यो । यसका लागि उनीहरूले शिविर व्यवस्थापन तालिम र शिक्षण कार्यक्रम विकास गरे । आश्रयहरूमा बस्दै आएका जनसंख्यालाई स्थायी घर बनाउने काममा स्थलगत वास्तविकता, शिविरवासी जनसंख्याको आवश्यकता र मानवीय सहायता संस्थाअनसार अपेक्षा गरिएभन्दा धेरै समय लाग्यो । श्रीलंका सरकार र राष्ट्र संघीय मानवीय सहायता संयोजकको कार्यालयद्वारा संयोजन गरिएको शिविर व्यवस्थापन परियोजनाले निम्न ३ उद्देश्य पूरा गर्ने कार्यक्रम कार्यान्वयन गरेर नयाँ समस्या समाधान गर्ने प्रयास गरे : -

- शिविरको व्यवस्थापन समाल्ने जिम्मेवारी पूरा गर्न सक्षम तुल्याउन शिविर समितिलाई क्रियाशील र प्रतिनिधिमूलक बनाउन शिविरवासीलाई तालिम र शिक्षा,
- स्थानीय वासिन्दा तथा शिविरवासी दक्ष जनशक्तिको सीप प्रयोग गरी शिविरका रूपमा प्रयोग भएका ठाउँहरूको भौतिक संरचना मर्मत र सुधार योजना कार्यान्वयन,
- उपयुक्त कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सहयोग हुने गरी विभिन्न शिविरका बहुपक्षीय र बहुविषयक सूचना आधार निर्माण तथा प्रचार प्रसार ।

सरोकारवालाको आवश्यकता र क्षमता जस्ता पक्षमा निर्भर हुन्छ ।

शिविर व्यवस्थापनले थालनी गरेको काम शिविर स्थापना र निर्माणपछि मर्मतसम्भारको चरण हुँदै शिविर समापन र बन्द गर्ने अवस्थामा परिवर्तन र विकास पनि हुँदै जान्छ । विस्थापित समस्याको दिगो र भरपर्दो समाधानका लागि स्थानीय समुदायमा एकीकरण वा पुनर्वास मध्ये कुन उपाय उपयुक्त हुन्छ भन्ने पहिचान गर्नुपनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

शिविर व्यवस्थापनको सबै चरणमा यी सबै कुराका अतिरिक्त शिविर व्यवस्थापन निकायलाई कार्य सञ्चालन गर्न मानवीय पक्ष आवश्यक हुन्छ भन्ने सम्झनुपर्छ । यसको तात्पर्य शिविरमा पहुँच, निकायका कर्मचारीको सुरक्षा र शिविर सञ्चालन हुने ठाउँको राष्ट्रिय आधिकारिक निकायबाट आमन्त्रण वा कम्तीमा सहमति आवश्यक हुन्छ भन्ने बुझिन्छ ।

▶ ▶ शिविर स्थापना र बन्द गर्ने विषयमा थप जानकारीका लागि अध्याय ७ हेर्नु ।

शिविरमा गर्नुपर्ने सबै काम शिविर व्यवस्थापन निकायको कार्यक्षेत्रमा पर्छ :

- सेवाहरूको समन्वय ( गैसस र अन्य सेवा प्रदायकहरूद्वारा आपूर्ति गरिएको)
- प्रशासन तथा सामुदायिक सहभागिता - परिचालन संयन्त्रको स्थापना
- शिविरका भौतिक संरचनाको मर्मतसम्भार सुनिश्चित गर्ने
- सूचना व्यवस्थापन (सही तरिकाले तथ्यांक संकलन र प्रचार प्रसार)
- अभाव रहेका सेवा उपलब्ध गराउन पैरवी वा आपूर्ति क्षेत्रमा
- अरू सेवा प्रदायकले पुर्‍याएको सेवाको मापदण्डअनुसार रेखदेख ।

**पाकिस्तानमा घुम्ती समूह**

शिविर व्यवस्थापन निकायको शिविरमा स्थायी उपस्थिति सम्भव नभएमा घुम्ती शिविर व्यवस्थापन समूहको प्रयोग गर्न सकिन्छ । पाकिस्तानमा सन् २००५ को भूकम्पपछि शिविर व्यवस्थापन निकायले यसको प्रयोग गरिएको हो । शिविरहरू ठूलो भौगोलिक क्षेत्रमा छरिएको हुनाले घुम्ती समूहले कम अनुभवी शिविर व्यवस्थापकलाई सहयोग र सल्लाह दिने काम गर्‍यो । घुम्ती समूहले सर्वप्रथम स्थानीय सरकार र नागरिक समाजका संस्थालगायत शिविरमा काम गर्ने निकायहरूका लागि शिविर व्यवस्थापन तालिम कार्यक्रम कार्यान्वयन गरेको थियो। समन्वय, शिविरको प्राविधिक मापदण्डहरूमा ध्यान दिँदै निम्न विषयको अनुगमन गर्न शिविरहरूको भ्रमण गरेको थियो । उनीहरूको उद्देश्य निम्नबमोजिम थिए : -

- शिविर व्यवस्थापन तालिमका सहभागी बस्ने शिविरको भ्रमण गर्ने,
- सहभागीलाई उनीहरूको दैनिक काममा सरसल्लाह र शिक्षा दिने,
- आवश्यक भएमा शिविर व्यवस्थापनमा हस्तक्षेप गर्ने,
- शिविरको अवस्था सुधार भएमा वा बिग्रेमा त्यसको अभिलेखन गर्ने र प्रतिवेदन दिने ।

घुम्ती समूहले संकलन गरेको सूचनामा निम्न विषय समावेश थिए : -

- शिविरको विवरण : नाम, स्थान, जनसंख्या
- भ्रमणको मिति
- क्षेत्रगत अन्तर र चुनौतीहरू
- शिविर व्यवस्थापन तालिम पूर्व र पछि शिविरको अवस्था
  शिविर व्यवस्थापन र संयोजन समूह क्रियाशील भएपछि विस्थापितको अवस्थामा भूमिका र जिम्मेवारीहरू

## विस्थापितहरू अवस्थाको बारे आफु सक्रिय भएको ठाउंमा सीसीसीएम समूहको भूमिका र जिम्मेवारी

विश्व सीसीसीएम समूहले विस्थापितहरूको सम्बन्धमा शिविर व्यवस्थापन तथा समन्वयमा भूमिका र जिम्मेवारी रूपरेखा तयार गरको छ । पूरै पढ्नुपर्ने निर्देशिकाको पूर्ण पाठ अध्यायका अन्त्यमा सन्दर्भका रूपमा दिइएको छ र तल संक्षेपमा उल्लेख गरिएको छ ।

**शिविर प्रशासन (सुपरिवेक्षण) सरकार र राष्ट्रिय निकायहरूको भूमिका**

शिविर प्रशासन भन्नाले सरकार र राष्ट्रिय गैरसैनिक निकायले शिविर र शिविरजस्ता संरचनामा गर्ने सुपरिवेक्षण र रेखदेख भन्ने बुझिन्छ । यसमा सार्वभौम राज्यका निम्न कामहरू समावेश हुन्छन् :

- शिविर तोक्ने, खोल्ने र बन्द गर्ने कार्य,
- अस्थायी शिविरका लागि जमिन र त्यसको स्वामित्व प्राप्त गर्ने, जग्गा प्राप्तिमा कुनै विवाद उत्पन्न भएमा समाधान गर्ने र शिविरमा बस्ने वा काम गर्ने व्यक्ति वा संस्थाविरुद्ध दाबी विरोध हुन रोक्ने,
- विस्थापितहरूको शिविरमा गैरसैनिक चरित्र कायम गर्न सुरक्षा र कानुनव्यवस्था कायम गर्ने,
- शिविरमा बस्ने जनसंख्याको जन्म दर्ता प्रमाणपत्र, परिचय पत्र, यात्रा अनुमति पत्रजस्ता लिखत जारी गर्ने, अभिलेखन, इजाजत र अनुमति पत्र दिने ।
- नागरिकहरूलाई संरक्षण गर्ने र लखेटिन नदिने, शिविरवासीलाई आफ्नो मूल घरमा सुरक्षित फर्कन नपाउँदै वा अन्तराष्ट्रिय मापदण्डअनरूपको वासस्थान उपलब्ध नहुँदै अन्यत्र पठाउने वा सार्ने काम हुन रोक्ने,
- मानवीय सहायता संस्थाहरूलाई शिविरमा पहुँच सहज बनाउने

शिविर समन्वय : आईएएससीद्वारा तोकिएको समूहले निम्न विषयमा नेतृत्व गर्छ :

शिविर समन्वय कार्यको प्राथमिक उद्देश्य शिविरवासीको संरक्षण र सहयोगका लागि आवश्यक वस्तुकोप्रभावकारी आपूर्तिका लागि मानवीय सहायता सहज बनाउनु हो । साथै शिविर व्यवस्थापन भन्नाले निम्न कुराहरू पनि बुझिन्छ :

- शिविर स्थापना र व्यवस्थापनसम्बन्धी राष्ट्रिय - क्षेत्रीय योजना तर्जुमामा सहयोग गर्न समन्वयकारी भूमिका र जिम्मेवारी,
- यस्ता योजनामा बिदाइ र समाधानका रणनीतिको समावेश सुनिश्चितता,
- सीसीसीएम समूहका स्वीकृत मापदण्ड र कार्यसञ्चालन निर्देशिकाको पालनालगायत समग्र मानवीय सहायता कार्यमा भूमिका र जिम्मेवारीको समन्वय,
- स्थिति मूल्यांकन, कार्यसञ्चालन योजना, रणनीतिक योजना, अनुगमन युक्त कार्यान्वयन, प्राविधिक सहयोग र समग्र समन्वय
- मानवीय सहायता कार्यमा निम्न समूहसँग पूर्ण र उपयुक्त परामर्शको सुनिश्चितता :
  १. लाभान्वित जनसंख्या : उनीहरू आवश्यकता पहिचान, संरक्षण - सहयोगको आपूर्ति र स्थायी समाधानको विकास - कार्यान्वयनमा संलग्नता सुनिश्चित गर्नु,

  २. सरकारी निकाय वा त्यसको उपस्थिति नभएका अवस्थामा शिविर रहेका स्थानमा नियन्त्रण कायम गर्ने गैरराज्य पक्ष,

३. सीसीसीएम समूहभित्रका मानवीय सहायता तथा विकास साझेदारहरू : शिविर व्यवस्थापन, आपूर्ति साझेदारका साथै समूह वा क्षेत्रका साझेदार र आइएएससीको राष्ट्रिय समूह,

४. नागरिक समाज, दाताहरू, कूटनीतिक समुदाय, स्थानीय समुदायहरू र सञ्चार माध्यमजस्ता अरू पक्षहरू ।

- राष्ट्रिय निकायहरूलाई क्षमता विकासलगायतका उपयुक्त सहयोग उपलब्ध गराउने,
- सरकारी निकायसँग सरकार, राष्ट्र संघीय निकाय र मानवीय सहायता संगठनका दायित्व पूरा गर्ने क्रममा आउने समस्यामा खुला छलफल चलाउने,
- शिविर र शिविरजस्ता अरू अस्थायी आवासमा संरक्षण र सहायताको स्वामित्व लिन सरकारलाई प्रोत्साहन र प्रबर्धन गर्ने
- शिविरहरूमा अन्तर्राष्ट्रिय मापदण्डहरू लागू र पालना भएको सुनिश्चित गर्ने,
- शिविर व्यवस्थापन र सेवा आपूर्ति गर्ने संस्थाहरू पहिचान र नियुक्त गर्ने,
- सेवाका प्रावधानहरूको रेखदेख र मूल्यांकन,
- शिविर व्यवस्थापन र वा सेवाका आपूर्ति साझेदारहरूको कार्यसम्पादनका कमजोरीका विषयलाई प्रभावकारीरूपमा सम्बोधन गर्ने,
- मानवीय सहायता साझेदारहरूलाई तालिम र मार्गदर्शन प्रदान गर्ने,
- मूल्यांकन, अनुगमन र सूचना व्यवस्थापन प्रणालीको स्थापना र निरन्तरता,
- सेवामा दोहोरोपन र अभाव पहिचान र सम्बोधन गर्न सबै साझेदार र सेवा आपूर्तिकर्ताहरूको शिविर र अन्तरशिविर स्तर कार्यसञ्चालत तथ्यांका र सूचनामा पहुँच सुनिश्चितता,

**शिविर व्यवस्थापन-शिविर व्यवस्थापन निकाय (सामान्यतया राष्ट्रिय र अन्तरराष्ट्रिय गैससहरू) को भूमिका**

शिविर संयोजन निकायका समग्र समन्वय र सहायताअन्तर्गत सम्बन्धित शिविर व्यवस्थापन निकायले शिविर प्रशासनसँग निकट सहयोग गर्नेछ र मानवीय सहायता र सेवा उपलब्ध गराउने सबै निकायका बीचमा सम्पर्क कायम गरिन्छ ।

शिविर व्यवस्थापन एउटा शिविरमा हुने सबै क्रियाकलापमा केन्द्रित हुन्छ जसमा :

- सेवाको समन्वय ( गैससहरू र अन्य)

- प्रशासन र समुदाय सहभागिता-परिचालन संयन्त्रको स्थापना,
- शिविरको भौतिक संरचनाको मर्मत सम्भार,
- तथ्यांक संकलन र आदान प्रदान,
- तोकिएका सेवाका प्रावधानहरू,
- अरू आपूर्तिकर्ताको सेवा आपूर्तिको स्वीकृत मापदण्डअनुरूप रेखदेख,
- संरक्षण र सहायताका प्रावधानमा अभाव पहिचान र दोहोरोपन निवारण,
- शिविरमा समाधान हुन नसकेका सबै समस्याहरू सीसीसीएम समूह अगुवा निकाय / शिविर व्यवस्थापन निकायमा सम्प्रेषण,
- शिविर वा शिविरसरहको संरचनामा विशेष कामबाहीमा लागू गर्ने मापदण्ड र परिसूचक निर्धारण गर्न शिविर संयोजक / समूह अगुवा निकायलाई सहयोग,

शिविर व्यवस्थापन निकायले शिविर संयोजक निकाय र समूहभित्र स्थापित कुनै सूचना प्रणालीमा सूचना तथा तथ्यांक उपलब्ध गराउनु पर्छ ।

## शिविर व्यवस्थापनमा साझेदारी र सरोकारवालाहरू

शिविर व्यवस्थापन निकायले शिविरमा विभिन्न चाख र चासो भएका अरू पात्र र सरोकारवालासँग निकट समन्वय गरेर कार्य गर्छ । शिविर व्यवस्थापन निकायका मुख्य साझेदारहरू निम्नअनुसार हुन्छन् :

- शिविरको हेरचाहकर्ता क्षेत्र वा समूह अगुवा निकाय (युएनएचसीआर, आईओएम आदि),
- राष्ट्रिय सरकार र/वा शिविर स्थापना भएको स्थलको निकाय,
- शिविरमा सेवा प्रदायक र मानवीय सहायताकर्मी - सामान्यतया गैसस, अगैसस वा सामुदायिक संगठनहरू,
- शिविरमा संरक्षण प्रदान गर्ने निकायहरू - प्रायशः संयुक्त राष्ट्र बालकोष, युएनएचसीआर वा आईसीआरसी,
- शिविरवासी जनसंख्या - तिनका अगुवाहरू, प्रतिनिधि, महिला तथा पुरुष र बालबालिका,
- स्थानीय जनसंख्या - शिविर वरपर वा ननिकको गाउँ वा सहरका बासिन्दा ।

क्षेत्र/समूहगत अगुवा ( समूहगत कारबाहीवाला शिविर समन्वय निकाय )

शिविर व्यवस्थापन निकायले शिविरको समग्र बन्दोबस्त गर्ने राष्ट्रिय संस्थासँग समन्वयको दायित्व भएको क्षेत्र वा समूह अगुवा निकायसँग निकट सम्बन्ध राखेर काम गर्छ । उनीहरूको निर्देशनमा अन्तरशिविर समन्वय सुनिश्चित गरिनेछ र मापदण्डहरू कार्यान्वयनको तुलना गर्न सहायताको स्तरको रेखदेख गरिनेछ । यसो नगरिएमा शिविरहरूबीचको सेवाको असमानताका कारण अरू शिविर र स्थानीय जनता यदाकदा *हिल्टन* भनिने बढी सेवा र सुविधा उपलब्ध हुने र शिविरतर्फ आकर्षित हुनेछन् । शिविरस्तरमा समाधान गर्न नसकिएका सबै समस्या शिविर व्यवस्थापन निकायले क्षेत्र वा समूह अगुवा निकायमा पठाउन सकिने छ ।

## आधिकारिक निकाय

शिविर व्यवस्थापन निकायले स्थलमा रहेको आधिकारिक निकाय (सीसीसीएम समूहको शिविर प्रशासन) निकट सम्पर्कमा रहेर काम गर्छ । विशेष सवालहरूमा शिविर व्यवस्थापन निकायले सबै मानवीय सहायता उपलब्ध गराउने संस्था र सेवा प्रदायकका तर्फबाट पनि सम्बन्ध राख्छ । प्रायश: विषयगत गैरसरकारी संस्थाहरू सम्बन्धित विभाग वा शिक्षा वा स्वास्थ्य मन्त्रालय जस्ता निकायसँग प्रत्यक्ष सम्बन्ध राखेर क्षेत्रगत काम गर्छन् । आफ्ना काममा सरकारको समर्थन जुटाउन वा कुनै विशेष चुनौती सामना गर्ने क्रममा शिविर व्यवस्थापन निकायले क्षेत्र वा समूह अगुवा संस्थालाई आग्रह गर्न सक्छन् ।

शिविर व्यवस्थापन निकायले विस्थापितहरूको मानव अधिकारको रक्षा गर्न सहयोग पुऱ्याउन र क्षमता विकास गर्न चाहने निकायबीच सकारात्मक, सहयोगात्मक र पारस्परिक लाभदायी साझेदारी विकास गर्नु शिविर व्यवस्थापन निकायको महत्वपूर्ण कार्य हो । आफ्नो सीमाभित्र शरणार्थी र विस्थापितलाई संरक्षण तथा सहायता उपलब्ध गराउनु राज्यका आधिकारिक निकायको जिम्मेवारी हो । कुनै मानवीय सहायता संस्था त विपत्ति सुरु भएपछि कुनै ठाउँमा पुग्छ तर राज्यको आधिकारिक निकाय त त्यहाँ पहिलेदेखि नै रहेको छ भने पछिसम्म पनि रहिरहने छ । यद्यपि प्रभावकारी साझेदारी विकास र कायम गर्ने कार्य पारस्परिक सीमित समझदारी, राजनीतिक कार्यसूची, द्वन्द्वको प्राथमिकता र/वा क्षमता र स्रोतको अभावका कारण ढिलो र जटिल हुन सक्छ ।

## सेवा प्रदायकहरू

प्रभावकारी शिविर व्यवस्थापनले सेवा प्रदायकहरूलाई सबल बनाउने पनि काम गर्छ । उपयुक्त प्रभावकारी सहयोग आपूर्ति गर्न अरूलाई सक्षम गराउनु शिविर व्यवस्थापन निकायको प्रमुख काम हो । शिविर व्यवस्थापनको प्रभावकारी सहयोगले विशेष आवश्यकता भएका र खास जोखिममा रहेका समूहलाई शिविरका सेवाका प्रावधानहरू न्यायपूर्ण, निष्पक्ष र पहुँचमा बनाउने छ । विभिन्न निकायले शिविरको जनसंख्या र जनजीवनको अद्यावधिक र सही सूचना र राष्ट्रिय/स्थानीय निकाय

वा मञ्चहरू र क्षेत्र वा समूह अगुवाबीचमा पारस्परिक लाभदायी प्रभावकारी समन्वयका लागि सहजीकरणको अपेक्षा गर्नेछन् । यसैगरी परियोजनाको भागका रूपमा सेवा प्रदायकहरूले प्रभावकारी सामुदायिक परिचालन र सहभागिताको विकासमा मार्ग निर्देशन र अवसर पाउनुपर्छ । यसो भएमा उनीहरूको लगाव बढ्ने र सेवाग्राहीको विचार तथा राय थाहा पाइने हुन्छ । सेवाको स्तरमा यसको सकारात्मक प्रभाव पर्छ । सेवाका र सुविधाका प्रावधानको मापदण्डको रेखदेख र प्रतिवेदन दिने काम सेवा प्रदायक र शिविर व्यवस्थापनको साझेदारीमा एउटा चुनौतीपूर्ण कार्य साबित हुनसक्छ । सेवा प्रदायक संस्थाको रेखदेख सम्बन्धी भूमिका सहमति पत्रमा नै स्पष्ट उल्लेख गर्नुपर्छ र यसको वैधता र कार्यान्वयनको प्रत्याभूतिका लागि क्षेत्र वा समूह अगुवा निकायको सहमति पनि लिनुपर्छ । शिविर व्यवस्थापनका उत्तम अभ्यासमा व्यवस्थापनमा पारस्परिक विश्वास, आदर र सहयोगको सम्बन्ध विकास पनि पर्छ । यद्यपि, विभिन्न निकायबीचको प्रतिस्पर्धा, समायोजन गर्न नसकिने कार्यसूचीहरू, असहमति, राजनीति - वा उत्तरदायिताको अभाव - सबैले वार्तालाई कठिन बनाउन सक्छन् तापनि समन्वयको पैरवी गर्ने र शिविरवासी जनसंख्याको हितका लागि सबै मिलेर र पारदर्शीरूपमा काम गर्ने उपायहरू खोज्ने पनि शिविर व्यवस्थापन निकायको दायित्व हो । शिविरमा उपलब्ध सेवाको स्तर विभिन्न कारणले फरक पर्न वा तलमाथि हुन सक्छ । कुनै निश्चित समयमा सेवा स्तर कस्तो छ, त्यसको कारण के हो भन्ने पत्ता लगाउने र त्यसमा संलग्न भएकाहरूमाथि उपयुक्त कारबाही गर्ने भूमिका शिविर व्यवस्थापन निकायको हो । सरकारी निकाय, क्षेत्र/समूह अगुवा निकाय र सेवा प्रदायकहरूसँग मिलेर शिविर व्यवस्थापन निकायले शिविरमा लागू गरिने सेवा र सुविधाको मापदण्ड र परिसूचक परिभाषित गर्नुपर्छ । सेवाका प्रावधान र सहायताको साझा मापदण्डको पहिचान र सहमति सेवा प्रदायकहरूलाई जिम्मेवार बनाउने र सहमत मापदण्डभन्दा तल्लो स्तरको भएमा सेवाका प्रावधानको स्तर बढाउन पैरवी गर्ने शिविर व्यवस्थापन निकायको भूमिका पूरा गर्ने क्षमता बढाउन महत्वपूर्ण हुन्छ ।

## शिविरवासी जनसंख्या

प्रभावकारी प्रशासन सुनिश्चित गर्न विशेष आवश्यकता भएको समूह र व्यक्तिलाई समेत समावेश गरी शिविरवासी जनसंख्या परिचालन, प्रतिनिधित्व, संलग्नता र सहभागिता गराउने कार्य शिविर व्यवस्थापन निकायको प्रमुख काम हो । कसरी भयो, कस्तो प्रक्रिया अपनाइयो, परिणाम के भयो भन्ने कुरा भने एकदमै सन्दर्भ विशेषमा आधारित हुन्छ । मानवीय सहायता संस्थाहरूले विस्थापित समुदायसँगै काम गर्नुको साटो उनीहरूका निमित्त काम गरे भने उनीहरूलाई ठूलो क्षति पुऱ्याउने छन् । विस्थापनले मानिसलाई परनिर्भर र कमजोर बनाउँछ । त्यसमा पनि विस्थापितहरू सहयोग र सहायताको निस्क्रिय सेवाग्राही भए भने उनीहरूको परनिर्भरता र कमजोरी झन् बढ्ने छ । शिविरवासी जनसंख्यासँग सकारात्मक साझेदारीको विकास गर्नु उनीहरूको क्षमताको विकास गरी आत्मनिर्भरता र स्वाभिमान बढाउने उपाय हो ।

## स्थानीय जनसंख्या

शिविर रहेको ठाउँका नजिकका गाउँ, सहर वा अरू स्थानीय समुदायमाथि शिविरवासी जनसंख्याका कारण सीमित महत्वपूर्ण स्रोतमा चर्को भार पर्न सक्छ । प्रायश: स्थानीय जनसंख्या गरिब हुनसक्छ, आर्थिक र प्राकृतिक स्रोतको अभाव हुनसक्छ, जीविकोपार्जनका थोरै अवसर उपलब्ध हुनसक्छ र अरू सेवा सुविधा कम वा अनुपलब्ध पनि हुनसक्छ । उनीहरूको पनि विस्थापितहरूभन्दा बढी र बढी नभए पनि उत्तिकै आवश्यकता हुनसक्छ र उनीहरूले आफ्नो जमिन, आजीविका, संस्कृति, सुरक्षा र प्राकृतिक स्रोत खासगरी पानीमा शिविरवासीका कारण चाप परेको हुनसक्छ । उनीहरूले विस्थापितहरू बेग्लै भाषा, जति, परम्परा वा इतिहास समूहका भएमा बढी नै डाह गर्न सक्छन् । उनीहरू शिविरका कारण पर्न सक्ने प्रभाव र त्यसले दिनसक्ने दुःखबाट भयभीत हुनसक्छन् । स्थानीय जनसमुदायको चिन्ता र आवश्यकता सुन्न तथा शिविरका कारण स्थानीय समुदायमा पर्ने प्रभावको यथासम्भव व्यवस्थापनका लागि सहभागितात्मक विधि अपनाउन प्रभावकारी सम्बन्ध स्थापना र प्रबर्धन गर्नेमा शिविर व्यवस्थापन निकायको भूमिका हुन्छ । मञ्चहरू र सञ्चार सूत्र कायम गर्ने शिविरको बैठकमा स्थानीय जनताको प्रतिनिधित्व महत्वपूर्ण हुन्छ । यसबाट परस्पर लाभ हुनेगरी खासगरी शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रमा हुनसक्ने सहकार्यका लागि संयुक्तरूपमा सम्भावना पत्ता लगाउने गर्न सकिन्छ । यस अतिरिक्त, शिविर व्यवस्थापन निकायले दाउरा, पानीजस्ता प्राकृतिक स्रोतको रक्षा गर्ने र विकल्प पत्ता लगाउने प्रयत्न गर्नुपर्छ । अरू मानवीय सहायता संस्थाले सेवा उपलब्ध गराउँदा स्थानीय जनसमुदायलाई पनि समावेश गर्न शिविर व्यवस्थापन निकायले पैरवी गर्नुपर्छ ।

## शिविर व्यवस्थापकको भूमिका किन यति आवश्यक छ ?

मानवीय सहायता कार्यक्रम राम्ररी सञ्चालन भएका अवस्थामा पनि शिविर व्यवस्थापन निकायको भूमिका र जिम्मेवारी प्रायश: विविध, व्यापक र प्रायश: चुनौतीपूर्ण हुन्छ । शिविरवासीसँग प्रभावकारी सम्बन्ध कायम गर्न र विस्थापित समुदायका आँखामा विश्वास र वैधता स्थापना गर्न उनीहरूको सहभागिता मात्रले पुग्दैन । यसका लागि उनीहरूले न्यायपूर्ण सेवामा पहुँच, सुरक्षा, संरक्षण र सबलीकरणको अनुभव पनि गर्नुपर्छ । शिविर व्यवस्थापन निकायले शिविरवासीको शारीरिक, मानसिक, सांस्कृतिक, सामाजिक र भावनात्मक कल्याणका लागि उनीहरूलाई सहयोग गर्न हरदम बहुआयामिक अवधारणा प्रबर्धन गर्नुपर्छ । शिविर जीवनमा संलग्न विभिन्न सरोकारवाला र पक्षहरूलाई समग्रता दृष्टिगत गरेर यसलाई हासिल र कायम गर्न सकिन्छ । यस्तो निकायले विस्थापित पुरुष, महिला र बालबालिकाले शिविरमा आधारभूत मानव अधिकार उपभोग गर्न सक्षम तुल्याउन पर्याप्त र उचित सहायता र संरक्षण प्रबर्धन गर्न काम गर्नु पर्छ ।

यी सबैका अतिरिक्त शिविर व्यवस्थापनमा संलग्न सबैले एक्टिभ लर्निंग नेटवर्क फर एकाउन्टाबिलिटी इन ह्युमानिटरिएन नेटवर्क (एएलएनएपी)ले दिएका सल्लाह अनुसरण गर्नुपर्छ : -

- सबै मानवीय सहायता संस्थाले जनताका भौतिक आवश्यकताबाहेक व्यक्तिगत सुरक्षा र व्यक्तिका रूपमा मर्यादा तथा सम्मानको पनि ख्याल राख्नुपर्छ ।

## शिविर व्यवस्थापन निकायले गर्नुपर्ने कामहरूको रुजुसुची (चेकलिष्ट)

- शिविर व्यवस्थापन निकायले राष्ट्रिय आधिकारिक निकायसँग शिविरमा विस्थापितहरूको उपलब्ध गराइने सहायता र संरक्षणका प्रावधानहरूका विषयमा उल्लेख भूमिका र जिम्मेवारी किटान गरिएको सहमति पत्रमा हस्ताक्षर गरेको हुन्छ ।
- प्राकृतिक विपत्ति वा द्वन्द्वका कारण घरबार छाड्न बाध्य मानिसलाई अन्तिम आश्रयका रूपमा अस्थायी सहायता र संरक्षण दिन शिविर खडा गरिएको हुन्छ ।
- सुरुदेखि नै दिगो समाधानको खोजीलाई प्राथमिकता दिइएको हुन्छ ।
- शिविर व्यवस्थापन निकायका योजना अन्तर्राष्ट्रिय कानुन, मापदण्ड, मार्गनिर्देशक र आचारसंहिताअनरूप र तिनलाई ध्यानमा राखेर तर्जुमा गरिएको हुन्छ ।
- सहायता र संरक्षण कार्य समान तथा निष्पक्षरूपमा हुने सुनिश्चित गर्न शिविर सहायताका अन्य मुख्य सरोकारवालासँग प्रभावकारी सूचना व्यवस्थापन तथा समन्वय प्रणालीको स्थापना र विकासको योजना तर्जुमा गरिनेछ ।
- सबै कामकाजमा शिविरवासी समुदायको सहभागिताको योजना बनाइएको हुन्छ । शिविर व्यवस्थापन क्रियाकलापको योजना तर्जुमा, कार्यान्वयन। रेखदेख र मूल्यांकन गर्दा प्रभावकारी प्रशासन र शिविरका सबै गतिविधिमा शिविरवासीको प्रतिनिधित्व र संलग्नता सुनिश्चित गरिएको हुन्छ ।
- विभिन्न सरोकारवालाहरू र शिविरको जनसंख्या तथा जनजीवनका बारेमा सूचना तथा तथ्यांकको संकलन, विश्लेषण, भण्डारण र प्रचारप्रसार प्रणाली क्रियाशील हुन्छ तर यस कार्यमा सूचनाको सुरक्षा र गोपनीयताको रक्षाको उचित सम्मान गरिन्छ ।
- क्षेत्र विशेषका लागि सोही निकायले उपलब्ध गराउने थप सहायतालगायत शिविर व्यवस्थापन निकायको कार्यादिश, उद्देश्य र क्षमता स्पष्ट जानकारी सबैले पाउनेछन् ।
- शिविर व्यवस्थापनको सबै क्रियाकलापमा विशेष आवश्यकता भएका र सबैभन्दा बढी जोखिममा भएका व्यक्ति तथा समूहको संरक्षणको क्रियाकलापलाई एकीकृत गरिनेछ ।
- शिविर व्यवस्थापन निकायले राष्ट्रिय आधिकारिक निकाय, क्षेत्र/समूह अगुवा संस्था, सेवा र सहायता प्रदायकहरू, शिविरवासी जनसंख्या र स्थानीय समुदायबीच समावेशी, पारदर्शी, सहयोगी र पारस्परिक लाभदायी साझेदारी विकास गर्न कार्य गर्छ ।
- शिविर व्यवस्थापन निकायको समग्र उद्देश्य शिविरको जीवनस्तर उकास्ने तथा शिविरवासी जनसंख्यालाई आधारभूत मानव अधिकार उपभोग गर्न पहुँच कायम गर्न सक्षम बनाउने हो ।
- शिविर व्यवस्थापन निकायले शिविरस्तरमा कुनै समस्या समाधान गर्न नसकेमा क्षेत्र/समूह अगुवा संस्थामा पठाउँछ ।

## औजारहरू

! यसमा उल्लेख गरिएका सामग्री प्रकाशन तथा अन्य अभिलेखहरू पुस्तिकामा संलग्न सीडीमा समावेश गरिएको छ । अनलाइन डाउनलोड गर्न सकिने सामग्रीहरूको वेब ठेगाना दिइएको छ ।

Linda Richardson and Gill Price, 2007. *All In Diary. A Practical Tool for Field Based Humanitarian Workers.* www.allindiary.org/uploads/final_All_in_Diary_cd.pdf

## अध्ययन तथा सन्दर्भ सामग्री


Mary B. Andersen, 1999. *Do No Harm: How Aid Can Support Peace – or War.* www.rienner.com/title/Do_No_Harm_How_Aid_Can_Support_Peace_or_War

Global CCCM Cluster, 2006. Roles and Responsibilities in Carrying out Camp Responses. www.humanitarianreform.org/humanitarianreform/Portals/1/cluster%20approach%20page/clusters%20pages/CCm/CCCM%20Roles%20and%20Responsibilities_26%20September%202006.doc

Global CCCM Cluster, 2007. *Camp Coordination Camp Management. Best Practices.* www.humanitarianreform.org/humanitarianreform/Default.aspx?tabid=78

Global Humanitarian Forum Platform, 2007. *Principles of Partnership.* www.globalhumanitarianplatform.org

IASC, 2006. *Protecting Persons Affected by Natural Disasters: IASC Operational Guidelines on Human Rights and Natural Disasters.* www.reliefweb.int/rw/lib.nsf/db900SID/YAOI-6UH5QQ?OpenDocument

IASC, 2006. Guidance Note on Using the Cluster Approach to Strengthen Humanitarian Response. www.humanitarianreform.org/humanitarianreform/Portals/1/Home%20page/Annexe4.IASCGUIDANCENOTECLUSTERAPPROACH.pdf

IASC, 2002. *Growing the Sheltering Tree; Protecting Rights through Humanitarian Action, Programmes and Practices Gathered from the Field.* www.icva.ch/gstree.pdf

ICRC, 2004. *'What is Humanitarian Law?'* www.icrc.org/Web/eng/siteeng0.nsf/htmlall/humanitarian-law-factsheet/$File/What_is_IHL.pdf

International Federation of Red Cross and Red Crescent Societies (IFRC), 1994.

*The Code of Conduct for the International Red Cross and Red Crescent Movement and NGOs in Disaster Relief.* www.icrc.org/web/eng/siteeng0.nsf/htmlall/57JMNB

OCHA. *An Easy Reference to International Humanitarian Law and Human Rights Law.*

www.reliefweb.int/OCHA_ol/pub/Easy%20Referencs%20to%20IHL%20and%20HR.htm

OCHA/IASC, 1999. *Manual on Field Practice In Internal Displacement,* PolicyPaper Series no: 1. www.reliefweb.int/ocha_ol/pub/IDPManual.pdf

Hugo Slim and Andrew Bonwick, 2005. *Protection – The ALNAP Guide forHumanitarian Agencies.*

www.odi.org.uk/ALNAP/publications/protection/alnap_protection_guide.pdf

The Brookings Institution, 1999. *Handbook for Applying the Guiding Principles on Internal Displacement.* www.thecentre.net/resources/e_library/doc/HanbookIDP.pdf

*The Convention and Protocol Relating to the Status of Refugees, 1951 and 1967.*

www.unhcr.org/cgibin/texis/vtx/protect/opendoc.pdf?tbl=PROTECTION&id=3b66c2aa10

The Do No Harm Project, 2004. *The Do No Harm Handbook.*

www.cdainc.com/dnh/docs/DoNoHarmHandbook.pdf

*The Geneva Conventions of 1949 and the two protocols of 1977.*

www.icrc.org/Web/Eng/siteeng0.nsf/htmlall/genevaconventions

*The Guiding Principles on Internal Displacement, 1998.*

www.brookings.edu/projects/idp/gp_page.aspx

The Sphere Project, 2004. *Humanitarian Charter and Minimum Standards in DisasterResponse.*
www.sphereproject.org/component/option,com_docman/task,cat_view/gid,17/Itemid,203/lang,English/

The Sphere Project & World Vision, 2006. The Sphere Pocket Guide.

www.sphereproject.org/component/option,com_docman/task,doc_view/gid,122/Itemid,203/lang,English/

*The Universal Declaration of Human Rights, 1948.* www.un.org/Overview/rights.html

UNHCR, *1999. Protecting Refugees, A Field Guide for NGOs.*

www.unhcr.or.jp/protect /pdf/ProtectingRefugees FieldGuideforNGOs.pdf

UNHCR, 2007. *Handbook for Emergencies.*

www.reliefweb.int/rw/lib.nsf/db900SID/AMMF-75TFLQ?OpenDocument

UNHCR, 2006, ”Looking to the Future”, chapter 8, The State of the World’s Refugees:

Displacement in the New Millennium. www.unhcr.org/publ/PUBL/4444afcf0.pdf

UNHCR, 2006. *Operational Protection in Camps and Settlement: A Reference Guide of Good Practices in the Protection of Refugees and Other Persons of Concern.*

www.unhcr.org/publ/PUBL/448d6c122.pdf

UNHCR, 2004. *Agenda for Protection.*

www.unhcr.org/cgi-bin/texis/vtx/refworld/rwmain?page=search&docid=4714a1bf2

# भूमिका
# र
# उत्तरदायित्व

## अध्याय - २ : भूमिका र उत्तरदायित्व

### मुख्य मुख्य सन्देशहरू

◀ शिविर व्यवस्थापन निकाय शिविरस्तरमा हुने सहायता, संरक्षण र सेवाहरूको समन्वयका लागि जिम्मेवार हुन्छ । विभिन्न प्रकारका सरोकारवालाबीच प्रभावकारी साझेदारीको विकास यसमा पर्छ ।

◀ शिविर व्यवस्थापन निकायले प्रभावकारी र प्रतिनिधिमूलक शिविर प्रशासन स्थापना गर्ने र शिविरवासीको दिनचर्यासम्बन्धी विषयमा उनीहरूको सहभागिता बढाउने कार्य गर्छ । सुसञ्चालित शिविरको परिवेश निर्माण शिविरवासीको प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागितामा निर्भर हुन्छ । यसका विभिन्न रूप हुनसक्छन् ।

◀ व्यवस्थापनमा संलग्न जनशक्तिको आवश्यकता र संरचना तथा संगठन पनि सन्दर्भअनुसार फरकफरक हुन सक्छ । कर्मचारीमा महिलाको समावेशीकरण, स्पष्ट भूमिका र जिम्मेवारीका साथै तालिम र जनशक्ति विकास शिविर व्यवस्थापन निकायको कामकाजको गुणस्तर र जवाफदेहीका लागि महत्वपूर्ण हुन्छ ।

◀ सेवामा दोहोपन आउन नदिन, प्रावधानहरूमा अन्तर घटाउन र निरन्तर रेखदेख र प्रतिवेदन प्रक्रिया सुनिश्चित गर्न प्रभावकारी सूचना आदानप्रदान आवश्यक हुन्छ । शिविर समन्वय तथा व्यवस्थापन समूहको संरचनाभित्र समन्वय र व्यवस्थापन काय विवरण तयार गर्न शिविर व्यवस्थापन निकायको योगदान हुनुपर्छ । यस प्रकारको कार्य विवरण स्थलगत आवश्यकता स्पष्ट पार्न अरू समूहसँग सम्बन्ध स्थापना तथा कायम राख्ने रणनीतिका लागि महत्वपूर्ण हुन्छ ।

◀ शिविर व्यवस्थापन निकायहरूले शिविरमा संलग्न सबै सरोकारवालासँग समावेशी र पारदर्शी साझेदारी स्थापना गर्नु आवश्यक हुन्छ । उजुरी गुनासो व्यवस्थामा प्रभावकारी पहुँच र सुनवाइ तथा सिकिएका पाठहरू समावेश गर्नेलगायत सेवा प्रदायक संस्थाहरूको रेखदेख र तिनबाट जानकारी लिने पद्धतिको विकास गर्नाले विश्वास र वैधता कायम हुन्छ ।

## परिचय

! एउटा शिविरमा समन्वय बैठक गर्नका लागि २० मिनेट छ । शिविरबाहिर शिविरवासीको क्रुद्ध भीड आफ्नो टोलमा बाढी पसेको विषयमा कुरा गर्न जम्मा भएको छ । खाद्य पदार्थ वितरण संस्थाबाट प्राप्त खाद्य पदार्थको कोटा सकिन लागेको छ । शिविरको खाद्य समितिलाई यसबारे जानकारी दिन उनीहरूसँग बैठक गर्नु जरुरी छ । शिविरवासी जनसंख्यालाई यो महिना पूरा खाद्य कोटा नपाइने विषयमा बुझाउन उनीहरूलाई सम्झाउनु पर्छ । मासिक प्रतिवेदन हिजै पठाइसक्नु पर्थ्यो । दातृ संस्थाको उच्चस्तरको प्रतिनिधि शिविरको छड्के भ्रमणमा आउने खबर आकाशवाणीबाट आयो । हाकिम यो भ्रमण राम्रो होस् भन्ने चाहन्छ ।

### सबैभन्दा पहिले के गर्ने ?

शिविर व्यवस्थापन निकायका व्यवस्थापकको भूमिकामा कार्यरत वा शिविर व्यवस्थापन निकायमा काम गरेकाहरूका लागि यो परिकल्पित परिदृश्य सामान्य नै हो । विस्थापित वा शरणार्थी शिविरमा दैनिक कार्य सञ्चालन गर्दा कर्मचारीलाई विविध विषयमा ध्यान दिनुपर्ने हुन्छ र प्राथमिकता खुट्याउने अवसर बिरलै मिल्छ । शिविर व्यवस्थापन निकायको भूमिका स्थिर प्रकृतिको हुन्छ । अरू सेवा प्रदायक संस्थाको समन्वय गर्ने जिम्मेवारी, अरू मानवीय सहायता निकायका मापदण्ड र परिसूचकको रेखदेख, सम्भावित द्वन्द्वको खबर बुझ्ने र व्यवस्थापन गर्ने, मेलमिलापपूर्ण सम्बन्ध र सहभागिता बढाउने तथा प्रशासनिक कार्य गर्ने एवं कर्मचारी र संस्थाका विभिन्न समस्या समाधान गर्ने काम शिविर व्यवस्थापन निकायको हो । शिविर व्यवस्थापकले नगर प्रमुख, राजदूत, कूटनीतिज्ञ, अर्थ अधिकृत, संरक्षण सुपरिवेक्षक, प्राविधिक, प्रशिक्षक र कर्मीको भूमिका लिनसक्छ ।

शिविर व्यवस्थापन कार्यको बेलाबखत विभिन्न क्याम्पको भ्रमण गर्ने घुम्ती टोलीदेखि शिविरमा स्थायी रूपमा उपस्थित हुनेजस्ता विभिन्न रूप हुनसक्छ । धेरैजस्तो अवस्थामा कुनै राष्ट्रिय वा अन्तराष्ट्रिय गैरसरकारी संस्थाको कर्मचारीहरूको समूह शिविर व्यवस्थापनको दैनिक कार्यसञ्चालनमा जिम्मेवार हुन्छ । परिस्थितिअनुसार उपयुक्त र सम्भाव्य व्यवस्थापन संरचना निर्धारण हुन्छ । जवाफदेही सुनिश्चित गर्न हो भने भूमिका र जिम्मेवारी स्पष्ट हुनुपर्छ । शिविर व्यवस्थापन निकायका लागि स्थलगत आवश्यकताअनुरूपको स्पष्ट र पारदर्शी कार्य विवरण आवश्यक हुन्छ । आर्थिक तथा जनशक्तिका दृष्टिबाट व्यवस्थापन निकाय शिविरका आवश्यक कामकाज सञ्चालन गर्न पर्याप्त सक्षम हुनुपर्छ ।शिविर व्यवस्थापन निकायको मुख्य काम वा जिम्मेवारीलाई मोटामोटी ६ भागमा बाँड्न सकिन्छ :

- कर्मचारीको तालिम र व्यवस्थापन

- सहायता सेवाहरूको समन्वय र रेखदेख
- प्रशासन र सामुदायिक सहभागिता संयन्त्रको स्थापना
- शिविरको भौतिक संरचनाको हेरचाह र मर्मतसम्भार सुनिश्चित गर्ने
- सूचना व्यवस्थापन
- शिविरवासीसँग सञ्चार सम्पर्क

## मुख्य मुख्य सवालहरू

### कर्मचारी व्यवस्थापन र तालिम

शिविर व्यवस्थापन निकायका मुख्य कर्मचारी

शिविर व्यवस्थापन निकायको मुख्य कर्मचारी समूह गठनका अवसरमा कर्मचरीसम्बन्धी अधिकांश निर्णय निकायको आर्थिक स्रोत, जनशक्ति नीति र सन्दर्भमा आधारित हुन्छ । प्रत्येक ठाउँका लागि बेग्लै प्रकारको कर्मचारी स्वरूप र संगठनतात्मक संरचना आवश्यक हुन्छ । दैनिक कार्य सञ्चालनको प्रभावकारिता मूलत: निकायको मुख्य कर्मचारी र तिनको क्षमतामा निर्भर हुन्छ । अधिकांश स्थानमा विविध प्रकारका काम र विभिन्न व्यावसायिक पृष्ठभूमिको जनशक्ति आवश्यक हुनसक्छ । सूचना व्यवस्थापन, निर्माण, खानेपानी र सरसफाइ, समुदायको परिचालन तथा तालिमसम्बन्धी विशेषज्ञता सबै आवश्यक हुनसक्छ । शिविरवासीको लैंगिक अनुपात कर्मचारी समूहमा पनि लगभग सन्तुलित हुने सुनिश्चित गर्नु महत्पूर्ण हुन्छ । चुनौतीपूर्ण अवस्था । गोपनीय सूचनाको विवेक तथा संवेदनशीलतापूर्वक व्यवस्थापन गर्न सक्षम परिपक्व, अनुभवी कर्मचारी नियुक्ति गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

मुख्य कर्मचारीमा हुनुपर्ने दक्षमा निम्नअनुसार छन् :

- जिम्मेवारी वहन गर्ने इच्छा र क्षमता
- खुला र समावेशी अवधारणा
- योजना तर्जुमा र प्राथमिकता निर्धारण गर्ने क्षमता
- सञ्चार र समन्वय सीप
- द्वन्द्व व्यवस्थापन गर्ने र सहमति निर्माण गर्ने क्षमता
- आविष्कार, लचक र समाधानमुखी दृष्टिकोण

सामुदायिक सहभागिता र परिचालनप्रति सकारात्मक र पूर्वक्रियाशील दृष्टिकोण ।

! शिविर व्यवस्थापन निकायका कर्मचारीलाई काममा लगाउँदा शिविरको जनसंख्याको अनुपातमा महिलाको उचित प्रतिनिधित्व सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ । विस्थापित जनसंख्याको विवरण हेर्दा सामान्यत: महिला र बालबालिकाको संख्या धेरै देखिने हुनाले संरक्षण, लैंगिक आधारमा हुने हिंसा र मानव अधिकारको संरक्षणमा दक्षता वा अनुभव भएको वा विशेष प्राविधिक सीप भएको कर्मचारी छनौट गर्न सिफारिस गरिन्छ ।

## कर्मचारी नियुक्ति

कार्य सञ्चालनको विभिन्न चरणहरू र शिविरका आवश्यकताका हुने परिवर्तनसँगै विभिन्न सीप र क्षमताका कर्मचारीको आवश्यकता हुन्छ । यसैले सुरुदेखिनै कर्मचारीको क्षमता वृद्धि गर्न मिल्ने सजिलो हुने लचिलो अवधारणा कार्यान्वयन गर्नुपर्छ । कतिपय ठाउँमा शिविरका बासिन्दा नै शिविर व्यवस्थापन टोलीमा योग्य र दक्ष जनशक्तिका रूपमा काम गर्न सक्तछन् । योग्य व्यक्तिहरू छन् र शिविर भएको मुलुकको कानुनले अनसमति दिन्छ भने शिविर व्यवस्थापन निकायले उनीहरूलाई कर्मचारी र स्वयंसेवाकका रूपमा कामकाज गराउन ध्यान दिनुपर्छ ।

! कर्मचारी भर्ना गर्ने एउटा विधि नाम दर्ताका क्रममा विस्थापित जनसंख्यामा दक्ष जनशक्ति पत्ता लगाउनु पनि हो । उनीहरूको योग्यताको प्रमाण पत्र उपलब्ध नभएमा दक्षता जाँच गर्ने एउटा उपाय योग्यता परीक्षा लिनु हो ।

## तालिम

तालिम निरन्तर चालु रहने प्रक्रिया हो र औपचारिक वा अनौपचारिकरूपमा लिन सकिन्छ भन्ने ख्याल राख्नु महत्वपूर्ण हुन्छ । शिविर व्यवस्थापन निकाय कर्मचारीहरूको विशेष कामको दक्षता बढाउन जिम्मेवार हुन्छ । शिविरमा काम गर्ने सबै कर्मचारीले निम्न तालिम हासिल गर्नुपर्छ :

- सोधपुछ र अवलोकन विधि
- रेखदेख, प्रतिवेदन र अभिलेखन ( उत्तम अभ्यास निर्देशिका, शिविर व्यवस्थापन सहयोग सामग्री आदिमा आधारित )
- जोखिमका प्रकारहरू र विशेष आवश्यकता भएका व्यक्तिहरू ( यस्ता सेवा ग्राही कुनै विशेष सहायता पाउन योग्य भएमा किटान गर्ने )

- संरक्षण, मानव अधिकार र लैंगिक चेतना
- सामुदायिक परिचालन र सहभागिता विधिहरू

शिविर व्यवस्थापन निकायका कर्मचारीले मानवीय सहायता र संरक्षणमा भएका अभाव र अन्तर, शिविरको शान्ति सुव्यवस्था र शिविरवासीको जीवनमा असर गर्ने हिंसात्मक वा आपराधिक क्रियाकलापका बारेमा तालिम प्राप्त र सुपरिवेक्षण गर्नुपर्छ । साथै विशेष आवश्यकता र बढी जोखिममा भएका समूहको पहिचान गर्न सक्षम हुनुपर्छ ।

- बिरामी, बूढाबुढी र अपांगता भएका व्यक्तिजस्ता विशेष आवश्यकता भएका व्यक्तिहरू
- लैंगिक आधारमा हुने हिंसाको जोखिममा भएकाहरू
- शिविरमा नवआगन्तुकहरू
- महिला घरमूली भएकाजस्ता विशेष आवश्यकता भएका परिवार
- एक्ला वा छुट्ट्याइएका बालबालिका

## आचार संहिता

आचार संहिता संस्थापिच्छे बेग्लाबेग्लै हुनसक्छ, एउटा शिविरका लागि मात्र बनाइएको वा सबैतिर लागू हुने प्रकारको हुनसक्छ । यसमा आकस्मिक उद्धार कार्यक्रम सञ्चालनमा रेडक्रस र रेडक्रिसेन्ट सोसाइटी अभियान र गैरसरकारी संस्थाको सहयोगको आचार संहिता सबैतिर लागू हुनसक्छ ( यस अध्यायको अध्ययन तथा सन्दर्भ सामग्री भाग हेर्नु )। यिनले शिविरका कर्मचारीको नैतिक आचरणको मापदण्ड कायम गर्न र शिविरमा काम गर्ने सबै निकायमा बढी जवाफदेही तथा पारदर्शिता प्रबर्धन गर्न खोजेका छन् । सबै कर्मचारी र स्वयंसेवकलाई उनीहरूले अपनाउनु पर्ने आचार संहिताबारे बताइदिनु पर्छ र नियुक्ति हुँदाका बखत एक प्रतिमा हस्ताक्षर पनि गराइराख्नु पर्छ । आचार संहिता र तालिम उपयुक्ततताअनुरूप अनुवाद गर्नुपर्छ र शिविरका कर्मचारीले सजिलै बुझ्ने भाषाहरूमा उपलब्ध गराइनुपर्छ । अनुवाद गराइएका अवस्थामा अर्थ सही भए नभएको हेर्न दोहोरो परीक्षण गराउनु पर्छ । शरणार्थी र विस्थापितहरूप्रति उचित व्यवहार बढाउनका लागि शिविर व्यवस्थापन निकायको आचार संहितामा तालिम वा शिविरव्यापी चेतना जागरण कार्यक्रममा निम्न विषय समावेश हुनुपर्छ :

- मानवीय सिद्धान्तहरू
- गोपनीय प्रतिवेदन प्रक्रिया
- उजुरी तथा अनुसन्धान संयन्त्र
- कुनै कर्मचारीले आचार संहिता उल्लंघन गरेमा गरिने कारबाही ।

! धेरै दातृ संस्थाले अचेल आफ्ना साझेदारसँग सम्झौता गर्दा नै आफ्नो मापदण्डको एउटा अंगका रूपमा आचार संहितामा सही गर्नुपर्छ ।

प्रत्येक शिविर उपयुक्त प्रतिवेदन संरचना र प्रक्रिया आवश्यक हुन्छ । प्रतिवेदनको गोपनीयताको रक्षा सुनिश्चित गर्ने उपाय र शिविरवासीलाई शिविर व्यवस्थापन निकाय वा समुदायका अगुवाहरूले गर्ने दुर्व्यवहारका विरुद्ध उजुरी गर्न अगाडि आउने कार्यबीच सन्तुलन कायम राख्नु पर्छ ।

◀ संरक्षण र उजुरीका र अनुसन्धान प्रक्रियाबारे थप जानकारीका लागि हेर्नु अध्याय ८ र सहयोग सामग्री खण्डमा हेर्नु ।

## सेवाको समन्वय र रेखदेख

सेवामा विद्यमान अभावको पूर्ति, कामकाजमा दोहोरोपन आउन नदिन र सेवाको प्रावधानको न्यायपूर्ण वितरण सुनिश्चित गर्न शिविरको सेवा आपूर्तिको नियमित र व्यवस्थित अनुगमन आवश्यक हुन्छ । विभिन्न क्षेत्रगत संस्थाहरूले आआफ्नो कामको परियोजनाको अनुगमन गर्छन् र अनुगमन कार्य लाभदायी बनाउन शिविर व्यवस्थापन निकायले यसको नजिकबाट समन्वय गर्नु पर्छ । प्रभावकारी अनुगमन र यसबाट प्राप्त हुने सूचनाले सान्दर्भिक र प्रभावकारी समन्वय हुन्छ भन्ने सबैले स्वीकार गर्नुपर्छ ।

यसका लागि निम्नबमोजिम गर्नु आवश्यक छ :

- सुनियोजित र स्थलगत परीक्षण गरिएका अनुगमन सामग्रीको प्रयोग
- सही, सान्दर्भिक र अद्यावधिक सूचना प्राप्ति
- उपयोगी सूचना प्राप्त गर्न सूचनाको विश्लेषण गर्ने क्षमता
- सूचना बेलैमा र पारदर्शीरूपमा आदानप्रदान गर्ने
- विशेष कार्यक्रमको तर्जुमा संयुक्तरूपमा गर्न तथा सूचना आदानप्रदान गर्न समन्वय मञ्चहरूको आयोजन ।

सेवा आपूर्तिको समन्वय गर्न थुप्रै प्रकारका समन्वय बैठकहरू शिविर व्यवस्थापन निकायका लागि समन्वय कार्यमा सहयोगी हुनसक्छन् । राजनीतिक घटनाका बारेमा हुने छलफलभन्दा भिन्न प्रकारको सुरक्षा अवस्था कर्मचारीको चासोका विषयमा क्षेत्रगत संस्था वा कार्यक्रम प्रमुखहरूसँगको नियमित बैठक गर्नु आवश्यक हुन्छ । प्रायश: अनिश्चित र तनावयुक्त स्थलमा विभिन्न सेवा प्रदायकका बीचमा विद्यमान मतभेदले द्वन्द्व सिर्जना गर्न सक्छ । सञ्चार सम्बन्ध बिग्रेका खण्डमा शिविर व्यवस्थापन निकायका लागि निकै चुनौतीपूर्ण हुनसक्छ र यसको शिविरवासीलाई उपलब्ध हुने सहायताका प्रावधानमा प्रतिकूल प्रभाव पर्नसक्छ । यसैले शिविर व्यवस्थापन निकायले अरू संस्थासँग निरन्तर सम्बन्ध राख्नु र मैत्रीपूर्ण सम्बन्ध कायम राख्नु महत्वपूर्ण हुन्छ । साथै अरू संस्थाहरूलाई समन्वय बैठकमा अनुपस्थित भएमा वा अरूको काममा समेत प्रभाव पार्ने आवश्यक

सूचना जानकारी नदिएमा जवाफदेही बनाउनु पनि शिविरवासी जनसंख्याका दृष्टिमा वैधता प्राप्त गर्न र उनीहरूको अधिकार संरक्षण गर्न महत्वपूर्ण हुन्छ ।

! शिविर व्यवस्थापन निकाय सेवा प्रदायक निकायका रूपमा शिविरका अरू पक्षमा पनि संलग्न हुनसक्छ । उदाहरणका लागि उनीहरूले शिक्षक तालिम दिन सक्छन्, स्वास्थ्य सेवा, आश्रयको मर्मत वा आय आर्जन परियोजना सञ्चालन गर्न सक्छन् । एउटै संस्थाका कर्मचारीले यस्ता जिम्मेवारी लिएमा त्यस्तो काम शिविर सञ्चालनको अंगका रूपमा मानिन वा नमानिन सक्छ ।

▶▶ समन्वय तथा सूचना व्यवस्थापनसम्बन्धमा थप जानकारीका लागि अध्याय ४ र ५ हेर्नु ।

अनुगमन र समन्वयले मापदण्डहरू पालना गराउन र संस्थाहरूलाई उनीहरूले उपलब्ध गराउने सेवा र प्रावधानहरूका लागि जवाफदेही बनाउन मद्दत गर्छ । कार्य सम्पादन स्तर कमजोर तथा सेवाको मात्रा र स्तर अपर्याप्त भएका ठाउँमा क्षेत्र/समूह अगुवा संस्थाको सहयोगमा स्वीकृत मापदण्डअनुसारको न्यूनतम सेवा र सुविधा उपलब्ध गराउन पैरवी गर्ने शिविर व्यवस्थापन निकायको कर्तव्य हुन्छ । शिविरभित्र सञ्चालनमा रहेको सबै क्षेत्रको अनुगमन गरिनुपर्छ तापनि निम्न विषयमा विशेष जोड दिइनुपर्छ :

- खाद्य तथा गैरखाद्य पदार्थहरू
- पानी, सरसफाइ, स्वासथ्य, पोषणको अवस्थासँग सम्बद्ध प्राविधिक सेवाहरू
- शिक्षा र युवा क्रियाकलाप लगायतका सांस्कृतिक तथा मनोसामाजिक कार्यक्रमहरू
- सडक, ढल, शैक्षिक वा सामुदायिक सुविधाहजस्ता संरचनाको विकास र मर्मत सम्भार ।

शिविर व्यवस्थापन निकायद्वारा गरिने अनुगमनले सेवा पुऱ्याउने संस्थाले उनीहरूको परियोजनामा जनताको पहुँच कस्तो छ र प्रगति तथा प्रभावकारिता कस्तो छ भनेर अनुगमन गर्ने दायित्व भने कम गर्दैन । यद्यपि, सबै क्षेत्रको अनुगमन गर्ने हुनाले दैनिक जीवनमा सहायताका प्रावधानहरू कस्ता छन् र समग्रमा शिविरमा मापदण्डहरूको पालना कस्तो भएको छ भन्ने थाहा पाउन शिविर व्यवस्थापन निकायले नै सक्ने देखिन्छ । शिविरका सहायता र सेवाहरू अलग्ग रहन नसक्ने हुनाले यो महत्वपूर्ण हुन्छ । परियोजनाहरूले प्रायशः एक अर्कामाथि प्रत्यक्ष वा परोक्षरूपमा प्रभाव पार्छन् र धेरैजसो यस्तो प्रभाव सकारात्मक हुन्छ भने कहिलेकहीँ नसोचेको नकारात्मक परिणामा प्राप्त हुन्छ । शिविरको जीवनस्तर उकास्न शिविरवासी जनसंख्याको जीवनस्तरको समग्र मापन आवश्यक हुन्छ । परियोजनाको प्रभाव हेर्दा समग्र शिविरमा कस्तो प्रभाव छ भनेर हेर्नु शिविर व्यवस्थापन निकायको जिम्मेवारीको एउटा भाग हो ।

! विशेष आवश्यकता भएका व्यक्तिको अवस्थाको मूलांकनका सन्दर्भमा शिविर व्यवस्थापन निकायले गर्ने अनुगमन अझ महत्वपूर्ण हुन्छ । एक्ला वा छोडिएका बालबालिका, आश्रयमा वा बाल गृहमा बस्दै आएका बालबालिका, बालबालिका घरमूली भएको परिवार, एकल वृद्ध, वृद्धवृद्धा घरमूली भएको परिवार वा अपांगता भएका व्यक्तिहरूको आवश्यकता र संरक्षणका विषयलाई विस्थापन अवधिभर नै विस्तारपूर्वक विश्लेषण गर्नुपर्छ ।

! विस्थापित समुदायबाटै अनुगमनकर्ता नियुक्त र तालिम दिन सकिन्छ ।

### सेवा प्रदायक संस्थाहरूको भूमिका र जिम्मेवारी निर्धारण

शिविरमा सेवा पुऱ्याइरहेका संस्थाको भूमिका तथा जिम्मेवारी पहिचान र निर्धारण शिविरमा उपलब्ध सेवामा रहेको कमी पूरा गर्न र असमझदारी हटाउन महत्वपूर्ण हुन्छ । कतिपय अवस्थामा यसले शिविर व्यवस्थापन निकायको वैधता पनि बढाउँछ । कसले के गर्ने हो, कहिले, कहाँ र किन भन्ने उल्लेख गरेर साधारण तवरमा भए पनि लिखित सम्झौता गर्दा समन्वयमा सुधार गर्न र मापदण्डभन्दा कम स्तरको सेवालाई सच्याउने पैरवी सामग्रीका रूपमा काम गर्न बल पुग्छ । शिविर व्यवस्थापन निकायमा शिविरभित्र काम गर्ने सबै साझेदार संस्थाहरूसँग गरिएका सम्झौताहरू र कार्य योजनाका प्रतिलिपि हुनुपर्छ । सामान्य वाध्य नहुने अन्तर्निकाय समझदारी पत्रले समेत स्रोतको बाँडफाँड र शिविरभित्रका विभिन्न कार्यक्रमहरूबाट उपलब्ध गराइने सेवाका सर्त निर्धारणमा  सहयोग गर्छ ।

### क्षेत्र/समूह अगुवासंगलाई प्रतिवेदन र समन्वय

शिविर व्यवस्थापन निकाय शिविर कार्य सञ्चालन रणनीतिको एक अंगका रूपमा क्षेत्र/समूह अगुवाप्रति उत्तरदायी हुन्छ । कुनै पनि शिविरको व्यवस्थापन विभिन्न सरोकारवाला र संस्थाहरूलाई संलग्न गराउने वृहत् रणनीतिको अभिन्न अंग हो । समूह सक्रिय भएको अवस्थामा सीसीसीएम समूहका लागि सबै विषयको स्पष्ट कार्य विवरण र रणनीति, भूमिका र जिम्मेवारी निर्माण गर्नुपर्छ । यद्यपि, केही हदसम्म सन्दर्भसापेक्ष पनि हुनुपर्छ । जेहोस्, सामान्यतया अध्याय १ मा उल्लेख भएजस्तै सीसीसीएम समूह समन्वयकर्ताले निम्न कार्यहरू  गर्ने छ :

- शिविर व्यवस्थापनमा मापदण्ड लागू,
- क्षेत्रभर शिविरमा विस्थापनको प्रभावको प्रतिवेदन र अनुगमन

- मानवीय सहायता संयोजकसँग र विश्वव्यापीरूपमा स्रोत परिचालनका लागि पैरवी
- शिविर व्यवस्थापन निकायलगायतका राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूको क्षमता विकास र तालिम ।

प्रभावकारी शिविर व्यवस्थापनका लागि सीसीसीएम कार्य विवरण र रणनीतिमा स्थलगत आवश्यकता प्रतिविम्बित हुने सुनिश्चित गर्नुपर्छ । काममा दोहोरोपन आउन नदिन र प्रतिवेदन तथा अनुगमन प्रक्रियामा एकरूपता ल्याउनका लागि समूह अवधारणा लागू भएका ठाउँमा सीसीसीएम समूह र अरू समूहबीच सम्बन्ध स्थापना गर्नु उत्तिकै महत्वपूर्ण हुन्छ । शिविर तहमा समाधान हुन नसकेका समस्याहरू समूह अगुवा/शिविर समन्वय संस्थालाई जानकारी गराउनुपर्छ । शिविर समन्वय संस्थाले पनि समस्या आएपछि आधिकारिक निकाय, दाताहरू र अरू सरोकारवालासँग छलफल गरी समाधान गर्नेछ । विशेषत: संरक्षणका मामलिामा राज्यका निकायका व्यक्तिको संलग्नता वा शिविरमा काम गर्ने कुनै संस्थाका प्रतिनिधिको दुर्व्यवहारजस्ता शिविरतहमा समाधान नहुने जटिल समस्यामा शिविर समन्वय निकायको ध्यान आकर्षण गर्नुपर्ने हुनसक्छ ।

! शिविरवासी जनसंख्या सरकारको विपक्षमा खासगरी द्वन्द्वबाट आन्तरिक विस्थापन भएका अवस्थामा शिविर समन्वय निकायसँग सहकार्य र समन्वय गर्दा फाइदा हुनसक्छ । यस्ता अवस्थामा शिविर व्यवस्थापन निकायलाई कार्य सञ्चालन गर्दा मानवीय सहायता उपलब्ध गराउन कठिनाइ हुनसक्छ । सरकारी निकायसँग कूटनीतिक सम्बन्ध भएको शिविर समन्वय संस्थाले शिविर व्यवस्थापनमा क्षेत्रीय मापदण्डहरू लागू गर्नसक्छ । असहमतिलाई राष्ट्रिय तहमा प्रस्तुत गर्दा शिविर व्यवस्थापन निकायका कामकाजमा दबाव कम गर्न सक्छ ।

### एकीकृत उद्देश्यका लागि क्रियाशील

द्वन्द्वरत वा द्वन्द्वोत्तर क्षेत्रमा संयुक्त राष्ट्र संघीय शान्ति स्थापना मिसन तैनाथ गर्ने कार्य बढ्दै गएको छ । एकीकृत मिसनमा राष्ट्र संघका महासचिवको विशेष प्रतिनिधिमाथि मिसनका राजनीतिक, सैनिक र मानवीय सहायता सबै पक्षको जिम्मेवारी हुन्छ । एकीकृत मिसनको कार्यदिशमा तत्काल शान्ति कायम गर्ने, नागरिकको संरक्षण र मानवीय सहायता कार्यलाई सहयोग गर्ने, नयाँ राजनीतिक संरचनाको विकासमा सघाउ पुऱ्याउने र पूर्वलडाकुहरूलाई बिदाइ, निशस्त्रीकरण र पुनर्स्थापना जस्ता विविध प्रकारका कामकाज पर्नसक्छन् । एकीकृत मिसनको अवधारणाले राष्ट्र संघीय प्रणालीका एकाइहरूलाई राजनीतिक स्थायित्व र पुनर्बहाली बढाउने काममा सुसंगत बनाउँछ । एकीकृत मिसनको अवधारणा राष्ट्र संघीय प्रणालीमा कार्यसञ्चालनका क्रममा देखिने कमजोरी हटाउने सकारात्मक प्रयत्न हो । साथै यसले शिविर व्यवस्थापन निकाय वा अरू मानवीय सहायता निकायलाई नैतिक र/वा कार्य सञ्चालनका चुनौती पनि खडा गर्छ । यस्तो मिसनमा राष्ट्र संघ वा नाटो वा अफ्रिकाली संघजस्ता विभिन्न अन्तर्राष्ट्रिय संस्थाका सैनिक बल समावेश हुँदा एकीकृत

मिसनको उद्देश्यमा भ्रम उत्पन्न हुनसक्छ र कतिपय समयमा संस्थाहरूबीच मतभेद पनि उत्पन्न हुनसक्छ । उदाहरणका लागि मानवीय सहायता र सैनिक पक्षबीचको बन्दोबस्तालाई निष्पक्षरूपमा सहायता पुऱ्याउनु हो तर एउटा जातीय समूह वा राजनीतिक पक्षलाई दिइएको समर्थनका कारण एक पक्षीय भएको ठान्ने गरिन्छ । यसैले गैरसैनिक तथा गैरराजनीतिक पात्रको विस्थापित जनसंख्यासम्मको पहुँच सुनिश्चित गर्नु एउटा महत्वपूर्ण सबाल हुन्छ ।

शान्ति रक्षकद्वारा नै मानव अधिकार उल्लंघन हुँदा पर्ने असरजस्ता थप जटिलता पनि कुनै क्षेत्र वा मुलुकमा काम गर्ने अन्तर्राष्ट्रिय संस्थाले प्रायश: सामना गर्नुपर्ने हुन्छ । विस्थापित जनसंख्यामाथि हुने यौन दुर्व्यवहार बहुप्रचलित मानव अधिकार हनन हुने गरेको भए पनि शान्ति रक्षकको संरचनामा यसको प्रचारप्रसार, उजुरी वा कारबाही सामान्यतया हुने गरेको छैन । एकीकृत मिसनबाट शिविर व्यवस्थापन निकाय केही विषयमा लाभान्वित हुनसक्छ । शिविर भित्रका विशेष आवश्यकता पूरा गर्न राष्ट्र संघीय प्रणालीमा उपलब्ध हुने आर्थिक र भौतिक साधन उपयोग गर्न सकिनेछ । यद्यपि, त्यस्ता स्रोतमा पहुँचका लागि भने थुप्रै प्रशासनिक औपचारिकता पूरा गर्नुपर्छ ।

**द्वन्द्वोत्तर लाइबेरियामा एकीकृत सहयोग मिसन**

सन् २००३ को जुलाईमा चार्ल्स टेलर हटेपछि राष्ट्र संघ व्यापकरूपमा संलग्न भयो । करिब ३ लाख १० हजार विस्थापित रहेका राजधानी मोनरोभियास्थित शिविर खाली गराउन २ वटा संस्थाले कार्यक्रम सुरु गरे । सन् २००५ -०५को शिविर समापन रणनीति संगठित तथा स्वत:स्फूर्त फिर्ती प्रक्रियासँग निकटरूपमा आबद्ध थियो । विस्थापितहरूको फिर्तीका लागि संयुक्त योजना टोलीद्वारा आरम्भ गरिएको फिर्ती नीति र कार्य सञ्चालन सुरुमा अर्कै संस्थाले व्यवस्थापन गरेको फिर्ती प्रक्रियाको पछिल्लो भाग हो । संयुक्त राष्ट्र संघको एकीकृत मिसनले शिविर समापन र फिर्ती प्रक्रियालाई राजनीतिक समर्थन उपलब्ध गरायो तर अत्यन्त कम भौतिक तथा कार्यसञ्चालन सहयोग दियो । विस्थापनको स्तर र घर फर्कनका लागि विस्थापितलाई आवश्यक सहयोगको मात्र हेर्दा फिर्ती प्रक्रियालाई अत्यन्त कम आर्थिक स्रोत उपलब्ध गराइएको थियो । एकीकृत मिसनसँग ट्रकहरू दिनसक्ने क्षमता हुँदाहुँदै र बारम्बार अनुरोध गरिए पनि मिसनले सबारी साधन उपलब्ध गराएन र फिर्ती प्रक्रियामा संलग्न संस्थालाई अपर्याप्त बन्दोबस्तमा नै काम गर्न बाध्य पाऱ्यो । साधन स्रोत भए पनि मानवीय सहायतामा तिनको प्रयोग गर्नमा राजनीतिक इच्छाशक्तिको अभाव थियो । अर्कातिर, एकीकृत मिसनले शिविर व्यवस्थापन र शिविर समापन कार्यमा भने ठूलो सहयोग पुऱ्यायो । मिसनले आफ्नो रेडियो सञ्जाल र छापा सञ्चार माध्यमलाई शिविर समापन र फिर्ती योजनाको सूचना सञ्चार अभियानमा प्रयोग गऱ्यो । यस्ता सहयोगहरू अमूल्य साबित भए र फिर्ती । एकीकृत मिसन नभएको भए नाम दर्ता विधिमा कार्यरत संस्था र तिनका साझेदारले विस्थापितलाई सूचित गर्ने यस्तो पहुँच पाउने थिएनन् ।

! अपेक्षाकृत एकात्मक एकीकृत मिसनका कारण शिविर व्यवस्थापन कार्य कार्यान्वयन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले पन्छाइएको ठान्न सक्छन् । कार्य सञ्चालनका क्रममा मानवीय सहायताका सम्बन्धमा उनीहरूको स्वायत्तता वा क्षेत्र अपर्याप्त हुनसक्छ र राष्ट्र संघको बृहत् राजनीतिक रणनीतिका अगाडि उनीहरूको कार्यदिश गौण बनेको अनुभव गर्न सक्छन् ।

### शिविरवासीको नेतृत्व र सहभागिता

अनुभवले के देखाएको छ भने शिविरको राम्रो कार्य सञ्चालन हुने वातावरण शिविरवासीको प्रत्यक्ष तथा अप्रत्यक्ष सहभागितामा निर्भर हुन्छ । सहभागिताका लागि शिविर व्यवस्थापन निकायका कर्मचारीमा प्रतिबद्धता तथा यसका मूल्यप्रति विश्वास र सकारात्मक दृष्टिकोण महत्वपूर्ण हुन्छ । सहभागिता र परिचालनको विभिन्न रूप हुनसक्छ । शिविरवासीलाई संलग्न गराउने केही उपायहरू निम्नअनुसार छन् :

- शिविरका नेता र प्रतिनिधि छान्न चुनाव गर्ने
- परम्परागत र निर्वाचित नेतृत्वसँग औपचारिक बैठक र संवाद गर्ने
- शिविरभित्र अनौपचारिक सम्पर्क कायम गर्ने
- महिला र पाकाहरूलगायत शिविरवासीको प्रतिनिधित्व भएको र खानेपानी, सरसफाइ र स्वास्थ्यजस्ता विशेष प्राविधिक वा अन्तर्विषयक शिविर समितिहरू बनाउन निम्न बुँदामा ध्यान दिनुपर्छ :
- शिक्षक, सिकर्मीजस्ता सीप विकास र प्रयोग गरी शिविरवासी जनसंख्यालाई स्वयंसेवकका रूपमा विशेष काम / परियोजनामा प्रयोग
- शिविर व्यवस्थापनमा फिडब्याक र उजुरी संयन्त्रहरू कायम रहेको सुनिश्चितता तथा शिविरवासीले कुनै योगदान गर्न वा आफ्ना कुरा भन्न मञ्चको विकास
- शिविरवासीलाई नगद आर्जन हुने काममा संलग्न गराउने
- टोल निगरानी समूह, असहाय सहायता समूह, सांस्कृतिक समूहजस्ता टोली बनाएर सामुदायिक सहभागितालाई प्रोत्साहन

विशेष आवश्यकता र बढी जोखिममा भएको समूहको प्रतिनिधित्व र संलग्नताको सुनिश्चितता ।

▶▶ शिविरवासीको सहभागितासम्बन्धी जन ज्ञानका लागि अध्याय ३ हेर्नु ।

▶▶ विशेष आवश्यकता भएका व्यक्तिसँग सहकार्यका बारेमा थव जानकारीका लागि अध्याय ११ हेर्नु ।

## सामुदायिक नेतृत्व र प्रतिनिधित्व

कुनै कुनै अवस्थामा परम्परागत वा स्वत: संगठित संरचनाको नेतृत्वको सम्मान र शिविरभित्रका सबै समूहको प्रतिनिधित्व सुनिश्चितताका बीचमा सन्तुलन कायम गर्न विशेष प्रयास आवश्यक हुन्छ । सबैभन्दा पहिले नेतृत्व कसरी कायम भएको हो भन्ने पहिचान गर्नुपर्छ :

- के समुदाय सिंगै विस्थापित भएको हो र उनीहरूले आफ्नो परम्परागत नेतृत्व संरचना कायम राखेका छन् ?
- के अहिले स्वत: संगठित समुदायको विस्थापन बढी कष्टकर थियो र केही व्यक्तिलाई नेतृत्वमा कसरी ल्याइएको हो?
- के त्यहाँ सानो वास्तविक संगठन छ ?
- के ती शक्तिमा भएकाहरूले स्पष्टसँग आफूलाई शिविरका निकाय र समुदायमा नेताका रूपमा प्रस्तुत गरेका छन् ?

दोस्रो, नेतृत्व संरचना कति प्रतिनिधिमूलक छ र शिविरवासीको हितमा कति काम गरिरहेको छ भन्ने शिविर व्यवस्थापन निकायले निर्णय गर्नुपर्छ । यसका लागि समुदायका सदस्यहरूसँग यथासम्भव धेरै कुराकानी गर्ने र नियत, क्षमता र कमजोरीको समग्र चित्र थाहा पाउने प्रयास गर्नुपर्छ । कुनै संरचना नभएमा वा समुदायमा नेतृत्वप्रति निकै चर्को असन्तुष्टि नभएमा समुदायलाई नै जेजस्तो संरचना छ त्यसैलाई आफैं संगठित हुन वा काम गर्न दिनु उपयुक्त हुन्छ । त्यस पद्धतिमा प्रतिनिधित्वमा कमी र असमानता भएमा विद्यमान संरचनालाई उपेक्षा वा पन्छाउने काम नगरीकन परिपूरक संयन्त्रबाट सम्बोधन गर्नुपर्छ । उदाहरणका लागि, महिला प्रतिनिधित्वको अभाव रहेछ भने शिविर व्यवस्थापन समितिले सबै क्षेत्र वा निर्वाचन समूहमा एक एक पुरुष र महिला प्रतिनिधित्व गराउन प्रोत्साहित गर्नुपर्छ । जेहोस्, यसो गर्दा महिलाको वास्तविक प्रतिनिधित्व नहुने खोक्रो अभ्यासमात्र साबित होला कि भनेर ध्यान दिनुपर्छ । उच्चस्तरमा उनीहरूको एउटै आवाज पुगोस् भन्नाका लागि महिला समूहको सञ्जाललाई सहयोग गर्नु एउटा प्रभावकारी विधि हुनसक्छ । यसका अतिरिक्त लैंगिक प्रतिनिधित्वका साथै अल्पसंख्यक समूहको पनि प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ । शिविरको प्रशासन संरचना स्थापना र निर्माण गर्न समुदायसँग सहकार्य गर्दा शिविर व्यवस्थापन निकायले नेतृत्व छनौट कसरी गरियो भन्ने बारेमा सावधान हुनु आवश्यक छ र कृत्रिम वा सांस्कृतिकरूपमा अमान्य प्रक्रिया लागू गर्न खोज्नु हुँदैन । सामुदायिक नेतृत्व र प्रतिनिधिलाई सहमतिमा स्पष्ट लिखित कार्य विवरण दिनुपर्छ । मानवीय सहायताकर्मीहरूले समुदायको भ्रष्टाचार हुनसक्ने डरको ख्याल राखी त्यसलाई हटाउन काम गर्नुपर्छ र संरक्षक र सेवाग्राहीको सम्बन्ध स्थापना हुने अवसर सिर्जना गर्नुपर्छ । पदको दुरुपयोग गर्ने रहर वा आशंका हटाउन सबै प्रक्रियामा पारदर्शिता र खुलापन सुनिश्चित गर्नुपर्छ ।

समूहका सदस्य र अगुवाहरूको आचार संहितामा सहमति निर्माण गर्नुपर्छ । पारदर्शी कार्य विवरण, गोप्य उजुरी संयन्त्र, हटाउने प्रक्रिया र संयन्त्र तथा सदस्यताको पालो फेरिने सुनिश्चितता शिविरमा प्रभावकारी प्रशासन र सहभागिता स्थापित गर्न ध्यान दिनुपर्ने सवालहरू हुन् ।

**नियमावलीहरू**

शिविरको अवस्था स्थिर भएका खण्डमा सार्वजनिक सुविधाको प्रयोगसम्बन्धी नियम बसाल्नु यस्ता सुविधाको दुरुपयोग र सम्भावित तनाव रोक्ने एउटा उपाय हुनसक्छ । यस्ता निर्देशिका वा नियमावली सबै सरोकारवाला विशेषगरी शिविरवासीको सही सहयोगमा निर्माण गर्नुपर्छ ।

^ सिएरा लिओन - शरणार्थी गुनासो सुनवाइ समिति

**सिएरा लिओनमा शिरिभित्रका सानातिना झगडा र बिज्याइँमा कारबाही गर्न शरणार्थी उजुरी सुनुवाइ समिति गठन गरियो । त्यसो गरेर शरणार्थीहरूलाई उनीहरूका आफ्ना समस्या समाधान गर्न र द्वन्द्वमा मध्यस्थता गर्न संलग्न गराइएको थियो । समितिले बिज्याइँ गर्नेहरूलाई शिविरमा थुन्नुको साटो जरिबाना वा सामुदायिक काममा लगाउने सजाय दिन्थ्यो ।**

▶▶ प्रशासनिक संरचनाका अरू उदाहरण युएनसीएचआरको 'शिविर तथा आश्रयहरूमा संरक्षण कार्य' मा पाउन सकिन्छ ।

## शिविरको संरचनाको हेरचाह र मर्मत सम्भार सुनिश्चित गर्ने

### शिविरको संरचनाको मर्मत सम्भार

सडक, वितरण केन्द्रहरू, ढलजस्ता शिविरका भौतिक संरचनाको मर्मत सुनिश्चित गर्ने खास जिम्मेवारी शिविर व्यवस्थापन निकायको हो । आर्थिक अवस्था र क्षमताअनुसार शिविर व्यवस्थापन निकायले त्यस्तो काम आफैं गर्न पनि सक्छ वा अरू सेवा प्रदायकसँग समन्वय गर्न सक्छ । शिविरमा अस्थायी आकस्मिक सुविधाहरू उदाहरणका लागि कुनै परिवारले घर बनाउँदै छ भने शौचालय र स्नानका लागि आवश्यक सुविधा उपलबध गराउने जिम्मेवारी शिविर व्यवस्थापन निकायको काँधमा आउन सक्छ । फोहोर संकलन र प्रशोधनको सामुदायिक बन्दोबस्त खानेपानी,

सरसफाइ र स्वास्थ्य विषयको अगुवा संस्थासँग जिम्मेवारी बाँड्न सकिन्छ भने सहरी क्षेत्रमा स्थानीय निकायले जिम्मेवारी लिन सक्छ ।

क्लिनिक, विद्यालय, पसलहरूजस्ता ठाउँमा सार्वजनिक शौचालयजस्ता सुविधाको मर्मत तथा हेरचाह गर्ने सिर्जनात्मक विचारहरू शिविरका विशेष समितिले कार्यान्वयन गर्न सक्छन् ।

^ सुनामीपछिको श्रीलंकाको शिविर व्यवस्थापन परियोजनाको एउटा भागका रूपमा अस्थायी शिविरमा शौचालय सुविधा निर्माण गर्न स्थानीय निकायको सहयोग जुटाइएको थियो । यस्ता घुम्ती शौचालय नियमितरूपमा खाली गराउनु नगरपालिकाको सीमित क्षमताका दृष्टिबाट एउटा मुख्य चुनौती थियो । यसको समाधान संयुक्तरूपमा खोजियो । शिविर व्यवस्थापन निकायले थोरै समयमा नै फोहोर खाली गराउनका लागि फोहोर तान्ने पम्प भएको गाडी 'गुली सक्कर' किनिदियो भने सरकारी सहयोगका लागि आग्रह पनि जारी राखियो । तत्कालको आवश्यकता ठेकेदारबाट पूरा गराएपछि नगरपालिकाले बिस्तारै दिगो दीर्घकालीन उपाय अपनाउन पायो ।

**वातावरण संरक्षण**

सबै शिविरमा वातावरणीय सवाल हुन्छ र शिविर स्थापना गर्ने मितिदेखि विधिवत् बन्द गरुन्जेलसम्म पनि वातावरणका बारेमा ध्यान दिनुपर्छ । प्रभावित जनसंख्यादेखि राज्यका आधिकारिक निकायसम्म सबै सरोकारवालाबीच शिविर सञ्चालनको सुरुदेखि नै वातावरणीय योजना निर्माण र समन्वय हुनुपर्छ । भू स्खलन र प्राकृतिक वन विनाश सामान्यतया सबैतिर देखिने वातावरणीय प्रभाव हुन् । भौगर्भिक जल प्रदूषण र माटोमा बिग्रनेजस्ता विनाशहरू कम देखिने भए तापनि उत्तिकै महत्वपूर्ण हुन्छन् । वातावरणीय समस्याको प्रकृति र मात्रा शिविर सञ्चालनको प्रकृति र भौगोलिक अवस्थितिअनुसार निर्धारित हुन्छ । शिविरभित्र र वरपर वातावरणको हेरचाह र व्यवस्थापन शिविर व्यवस्थापन निकाय, राष्ट्रिय संस्थाहरू तथा स्थानीय समुदायबीच समन्वय गरेर गर्नुपर्छ ।

! शिविरवासी/समितिहरू, उपलब्ध भएमा गाउँमा आधारित वातावरण संरक्षण समूहहरू मिलेर बनाएको वातावरण व्यवस्थापन योजना तर्जुमा गरेमा प्राथमिकता दिनुपर्ने क्षेत्र तय गर्न सक्छ ।

▶▶ वातावरण विषयमा थप सूचनाका लागि अध्याय ६ हेर्नु

## अध्याय - ५ : सूचना व्यवस्थापन

नाम दर्ता

अधिकांश सनदर्भमा सूचनाको व्यवस्थापन शिविरवासीको नाम दर्तासँग निकटरूपमा जोडिएको हुन्छ । शिविरवासी जनसंख्याको चरित्र थाहा पाउन शिविर व्यवस्थापन निकायका लागि नाम दर्ता पहिलो काम हो । नाम दर्ता राम्रोसँग हुन सकेमा थप सहायता र प्रभावकारी वितरण तथा समन्वयका लागि सहयोगी हुन्छ । यसबाहेक नामदर्तामा निम्न बुँदाहरू समेट्नु आवश्यक हुन्छ:

- विस्थापनका अवस्थामा आधारभूत अधिकार र सेवामा सबै शिविरवासीको पहुँच सुनिश्चित गर्ने
- शिविरवासीमा विशेष आवश्यकता भएका तथा विशेष सहयोग र संरक्षण आवश्यक हुने व्यक्ति र समूहको पहिचान गर्ने
- शिविरमा नयाँ आउने र त्यहाँबाट जाने विस्थापित जनसंख्याको आवागमन अनुगमन गर्न मानवीय सहायता संस्थाहरूलाई सक्षम तुल्याउने ।

महिला, एक्ला वा छोडिएका बालबालिकालगायतको नाम दर्ता गर्नाले उनीहरूको जोखिम कम हुन्छ भने सहायतामा पहुँच बढ्ने र शोषणका घटना कम हुने हुन्छ । आन्तरिक विस्थापितहरूको नाम दर्ता प्रायश: शिविर व्यवस्थापन निकायले गरेको पाइन्छ भने शरणार्थीका हकमा यो युएनसीएचआरको कार्य क्षेत्रमा पर्छ ।

◀ नाम दर्ता प्रणाली विकास गर्न विशेष सहायताका लागि अध्याय ९ हेर्नु ।

### विशेष आवश्यकता भएका व्यक्तिको पहिचान

विस्थापित जनसंख्या बिरलै मात्र समरूपी हुन्छ । लिंग, जाति, शारीरिक क्षमता र उमेर सबैले जोखिम र विस्थापनको असर सहने रणनीतिमा असर गर्छन् । विशेष आवश्यकता भएको समूहको

असुविधा र असर तथा बढी जोखिममा रहेको समूहको सही पहिचान शिविर व्यवस्थापन निकायका लागि उनीहरूको अवस्था अझ बिग्रन नदिन एउटा मुख्य चुनौती हो ।

! महिला र बालबालिका धेरैजसो यौन हिंसा र दुर्व्यवहारको जोखिममा हुन्छन् र परम्परागत आजीविका र सहयोग पद्धति खलबलिँदा पुरुषहरूभन्दा बढी कठिन अवस्थामा हुन्छन् । शिविरजस्ता संरचनामा एचआइभी/एडस संक्रमितहरूले शारीरिक अशक्तताका साथै थप लाञ्छना पनि सहनुपर्ने हुनसक्छ ।

बढी जोखिममा र विशेष आवश्यकता भएका व्यक्ति वा समूहको सूची निश्चित हुँदैन । विभिन्न सन्दर्भमा बेग्लाबेग्लै प्रकारको हुन्छ तापनि सामान्य वर्गीकरण यस प्रकारको छ :

- महिला घरमुली भएको परिवार
- गर्भवती र स्तनपान गराइरहेकी आमा
- बालबालिका ( ५ वर्षमुनिका, अलग्गिएका, एक्ला र पूर्व बालसैनिक ।)
- बृद्ध जनसंख्या
- मानसिक अपांगता भएका व्यक्ति
- एचआईभी/एडस संक्रमित तथा अरू गम्भीर रोग लागेका व्यक्तिहरू

▶▶ विशेष आवश्यकता भएका व्यक्तिसम्बन्धी थप सूचनाका लागि अध्याय ११ हेर्नु ।

▶▶ बढी जोखिममा भएका समूहका बारेमा थप जानकारीका लाषि अध्याय १० हेर्नु ।

**शिविर जनसंख्या**

अधिकांश योजनाबद्ध शिविरहरूमा शिविरको जनसंख्या राष्ट्रिय र स्थानीय सरकारहरू र शिविर समन्वय वा क्षेत्रगत अगुवा संस्थाको सहयोगमा संगठित नाम दर्ता तथा प्रेषणपछि राखिएको हुन्छ । धेरै पटक नाम दर्ता हुनबाट जोगाउन सबै सरोकारवालाको सहमतिमा एउटै नाम दर्ता पद्धति अपनाउनुपर्छ । नाम दर्ताका क्रममा लिइने सूचनामा शिविरवासीका आधारभूत जनसांख्यिक तथ्यांक समेटिनुपर्छ र जन्म, मृत्यु, आगमन, प्रस्थान र जनसंख्याको घटबढ दर्ता गरी यसलाई अद्यावधिक बनाउनुपर्छ ।

! सेवा प्रदायकहरूद्वारा दिइएको सूची र शिविरवासी जनसंख्याको तथ्यांक एउटै केन्द्रीय तथ्यांक भण्डारमा मिलान गरेमा सबै सेवा प्रदायक संस्थाहरूले प्रयोग गर्न सक्नेछन् ।

▶▶ *नाम दर्ता सम्बन्धमा थप जानकारीका लागि अध्याय ९ हेर्नु ।*

शिविरवासीका निजी सूचनाको गोपनीयताको सम्मान गर्नुपर्छ । सूचना संकलन गर्नुभन्दा पहिले नै नाम दर्ता प्रक्रियाबाट प्राप्त संवेदनशील तथ्यांकको व्यवस्थितरूपमा पुष्टि र संरक्षण गर्ने पद्धति स्थापना गरिसक्नुपर्छ । प्रतिद्वन्द्वी जातीय वा शासकीय समूह द्वन्द्वरत रहेका अवस्थामा शिविरमा बस्नेको जानकारी प्राप्त गर्नु उनीहरूको स्वार्थमा हुनसक्ने हुनाले यस्तो तथ्यांकको सुरक्षा विशेष महत्वपूर्ण हुन्छ । नाम दर्ताका क्रममा प्राप्त हुने शिविरवासीको तथ्यांकको संवेदनशील प्रकृतिमा मानव अधिकार उल्लंघनको सूचना पनि हो । लैंगिक आधारमा हुने हिंसा पीडितहरू वा अभिभावक वा बाबुआमा अलग्गिएका बालबालिकाको तथ्यांक पनि संवेदनशीलतापूर्वक हेरचाह गर्नुपर्छ ।

▶▶ *नाम दर्ता र सूचना व्यवस्थापनसम्बन्धी थप सूचनाका लागि अध्यायहरू ९ र ५ हेर्नु ।*

**गम्भीर घटनाको संरक्षण अनुगमन तथा प्रतिवेदन**

सूचना व्यवस्थापनको काम शिविरमा संरक्षणसँग सम्बन्धित घटनाको खोजबिनसँग पनि जोडिएको हुन्छ । यो अत्यन्त गम्भीर कार्य हुनाले यसका लागि विज्ञ संरक्षण संस्थाद्वारा सघन कर्मचारी तालिम दिइनुपर्छ । संरक्षणसम्बन्धी सूचना मानवीय सहायता वा सुरक्षा अवस्थामा सुधार गर्न प्रयोग गर्न सकिन्छ । शिविरमा संरक्षण अनुगमनको प्रभावकारिता र असर मूलत: तिनको सम्बोधन गर्ने स्थानीय समाज र प्रशासन वा मानवीय सहायता समुदायको क्षमता र उपलब्धतामा निर्भर हुन्छ । संरक्षणका घटनामा कारबाही गर्ने जिम्मेवारी दायित्ववाला संरक्षण निकायको हुन्छ । शरणार्थीका

हकमा यस्तो जिम्मेवारी सधैँ युएनएचसीआरको नेतृत्वमा हुन्छ । शिविर व्यवस्थापन निकायले संरक्षण अनुगमन गरेमा त्यस्तो कार्य जिम्मेवारीपूर्वक हुने सुनिश्चित गर्न स्पष्टता र क्षमता आवश्यक हुन्छ । यसमा निम्न विषयको जानकारी चाहिन्छ :

- निकायको कार्य क्षेत्र
- संरक्षणको विशेष अवस्था, संलग्न पात्रहरू र तिनको कार्यसूची/क्षमता
- सूचनाको संवेदनशीलता र हानि पुऱ्याउन सक्ने
- कुन तथ्यांक/सूचना विशेषरूपमा आवश्यक हुन्छ र किन
- कर्मचारीलाइ तालिमको आवश्यकता
- कारबाही गर्ने क्षमताको सन्दर्भमा शिविरवासी जनसंख्याप्रतिको उत्तरदायिता :
- उनीहरूले कस्तो फिडब्याक अपेक्षा गर्न सक्छन्? मानव अधिकार हनन र संरक्षणसम्बन्धी तथ्यांक संकलनको सम्भावित परिणाम
- मानव अधिकार हनन र संरक्षणसम्बन्धी तथ्यांक संकलन नगरिँदाको सम्भावित परिणाम

यसले शिविर व्यवस्थापन निकायलाई संरक्षण अनुगमन किन गरिएको हो र कस्तो प्रकारको कारबाही गर्ने क्षमता छ, शिविरको जनसंख्याले के अपेक्षा गर्न र  कस्तो जानकारी पाउन सक्छन् भन्ने बुझेर काम गर्न सक्षम गराउने छ तथा हानि नपुऱ्याऊ भन्ने सिद्धान्तअनुसार गोपनीयताको प्रक्रिया अपनाउनु पर्छ ।

**हानी नपुऱ्याऊ**

शिविरमा काम गर्ने अरू निकाय र शिविर व्यवस्थापन निकायले कुनै सहायता वा पैरवीको कार्यक्रमले शिविरवासी वा स्थानीय जनताको सुरक्षामा खतरा उत्पन्न हुनसक्ने वा आधारभूत सेवाबाट वञ्चित हुनुपर्ने र /वा विस्थापित जनसंख्याको मर्यादा र इज्जतमा धक्का लाग्न सक्ने अवस्था आइपर्ला कि भन्नेमा गम्भीरतापूर्वक ध्यान दिनुपर्छ । सबै सहायता कार्यक्रमको केन्द्रमा विस्थापित जनसंख्याको सुरक्षा, मर्यादा र इज्जतको रक्षा हुनुपर्छ ।

! हानी नपुऱ्याऊँ परियोजना सन् १९९० को दशकमा मानवीय सहायताकर्मीले विभिन्न सन्दर्भमा गरेको अनुभवमा आधारित साझा प्रयास हो । यसमा उनीहरूले द्वन्द्वका स्थितिमा संघर्ष चर्काउन नभई शान्तिमा योगदान गर्ने गरी मानवीय सहायता पुऱ्याउने अनुभव उल्लेख गरेका छन् । हानि नपुऱ्याऊँ भन्ने सिद्धान्तमा मानवीय सहायता निकायले आफ्ना कारबाहीले पार्ने चाहेको र नचाहेको परिणाम प्रतिविम्बित गराउनुपर्छ । यसमा द्वन्द्वरत स्थलमा प्रदान गरिने अन्तर्राष्ट्रिय मानवीय र/वा विकास सहायताले द्वन्द्व र विभाजन बढाउनुको साटो लडाइबाट हटाउने र द्वन्द्व कम घटाउन सहायता पुग्ने उपाय पहिचान गर्न खोज्छ । परियोजनाले मानवीय सहायताकर्मीलाई द्वन्द्वका अवस्थामा सहयोग उपलब्ध गराउँदा स्पष्ट हुन र सहायता पाउने समाजमा हानि हुन नदिने गरी जटिलतालाई सम्बोधन गर्न आह्वान गर्छ । हानि नपुऱ्याऊँ भन्ने सिद्धान्तले शिविर व्यवस्थापन निकाय र शिविरमा काम गर्ने अरू सरोकारवालालाई द्वन्द्वको सन्दर्भ, शिविरको व्यवस्था र शिविरवासी जनसंख्यालाई उपलब्ध गराइएको मानवीय सहायताबीचको जटिल सम्बन्ध बुझ्न सहयोग गर्छ ।

! निजी र संवेदनशील वा सांस्कृतिक वर्जना भएका सूचना प्राप्त गर्नु संरक्षणको सवाल निकै चुनौतीपूर्ण बन्न सक्छ । यसका लागि कम्तीमा शिविर व्यवस्थापन निकाय तथा शिविरवासी जनसंख्याबीच विश्वास कायम हुनैपर्छ । उदाहरणका लागि महिलासँग अन्तर्वार्ता गर्दा प्रशिक्षित कुशल महिला कर्मचारीले सानो र गोपनीयता लक्षित समूह हुनु उचित हुन्छ जसबाट कालान्तरमा विश्वास जगाउन सकिन्छ र सही सूचना प्राप्त गर्न सघाउ पुग्नेछ ।

*लक्षित समूहबारे थप जानकारीका लागि अध्याय ३ हेर्नु ।*

**शिविर अनुगमन : सुडानका विस्थापितको शिविरबाट उदाहरण**

शिविर व्यवस्थापन निकायका शिविरवासीले राम्ररी चिनेका र शिविरमा सधैँ उपस्थित हुने कर्मचारीलाई सूचना संकलन गर्ने तालिम दिइएको थियो । उनीहरूले संकलन गरेको सूचनाका विषय मौसमअनुसार बदलिने गर्थ्यो । वर्षा याममा आश्रयस्थल वरपर हैजा र बाढीको तथ्यांक संकलन गर्थे । यसबाट बिग्रेको पानीको पम्प मर्मत गर्न सम्बन्धित संस्थालाई खबर गर्ने, नवआगन्तुकको नाम दर्ता गर्ने वा बाढीग्रस्त क्षेत्रमा बालुवाका बोरा बाँड्नु महत्वपूर्ण हुन्थ्यो । उनीहरूले तथ्यांक संकलन गर्ने क्रममा नै पनि सानातिना विवाद तत्कालै समाधान गर्थे जुन नत्र भने शिविरव्यापी विवाद हुन पुग्ने वा द्वन्द्व चर्काउने घटना बन्न सक्थे ।

उनीहरूले प्रयोग गरेको फारम यस प्रकारको थियो :

| | |
|---|---|
| **शिविर अनुगमन फारम** | |
| संकलन गर्नेको नाम<br>सूचना संकलन गरिएको स्थान | मिति |
| | |
| **खानेकुरा र पानी** | |
| खानेकुराको अभाव/ खानेकुराको गुणस्तर कम | |
| खाने पानीको अभाव/ खाने पानीको गुणस्तर कम | |
| **स्वास्थ्य** | |
| लामखुट्ने र अरू कीरा बढी लाग्न थाले | |
| खानेकुराको अभाव/ खानेकुराको गुणस्तर कम | |
| स्वास्थ्यमा असर गर्ने खतरनाक वस्तु | |
| स्वास्थ्य समस्याका अरू लक्षणहरू | |
| **सरसफाइ** | |
| शिविरमा बाढी वा अरू ढलसम्बन्धी समस्या | |
| चर्पीमा बाढी पसेको वा चर्पी नभएको | |
| भासिएको वा खतराजनक चर्पी | |
| **दुर्घटना ( भौतिक कल्याण)** | |
| चर्पीका कारण भएका दुर्घटना | |
| अरू दुर्घटना | |
| **आवास** | |
| प्लास्टिकको सिटको अभाव | |
| आवास भत्केको वा नभएको ( प्लास्टिकको सिटको अभावबाहेक ) | |
| परित्याग गरिएको आवास | |
| **शिक्षा** | |
| विद्यालयको भौतिक संरचनासम्बन्धी र शैक्षिक सामग्रीसम्बन्धी घटना | |
| **वितरणका सवाललगायत प्रक्रियागत विफलता** | |
| दर्ता हुन छुटेको | |
| वितरणसम्बन्धी उजुरी ( खाद्य र गैरखाद्य वस्तुहरू) | |
| शिविरमा नवआगन्तुकहरू | |
| नव आगन्तुक विस्थापितहरू ( जनसंख्या र क्षेत्र ) | |
| **शिविरभित्र असामान्य घटना** | |
| असामान्य गतिविधि | |
| गैससको असामान्य वा भ्रामक क्रियाकलाप वा क्रियाकलापको अभाव | |
| असामान्य जमघट | |

| | |
|---|---|
| **आरोप, उजुरी र हल्ला** | |
| विशेष व्यक्ति वा समूहविरुद्ध आरोप वा उजुरी | |
| शिविरमा फैलिएको हल्ला | |
| **सुरक्षा** | |
| शिविरभित्र हतियारधारी व्यक्ति वा अनधिकृत बिनाहतियारको व्यक्तिको उपस्थिति | |
| शिविरभित्र गोली प्रहार | |
| शिविरबाहिर वा वरपर गोली प्रहार | |
| बेपत्ता | |
| **विस्थापितबीच सामाजिक समस्या र घटनाहरू** | |
| विस्थापितबीच हिंसा | |
| विस्थापित वा शिविरभित्रको अज्ञात व्यक्तिबाट चोरी वा चोरीको प्रयत्न | |
| विस्थापित महिलाले सामना गर्नुपरेको हिंसाबाहेकका अरू समस्या ( उदाहरणका लागि अवाञ्छित गर्भाधानका परिणामहरू) | |
| **अन्य** | |
| थप सूचना वा घटनाको विवरण | |

▶▶ *संरक्षणसम्बन्धी थप जानकारीका लागि अध्याय ८ हेर्नु ।*

## शिविरवासीसँग सञ्चार सम्पर्क

### जनसञ्चार र सूचना प्रचारप्रसार

सूचनामा पहुँच आधारभूत मानव अधिकार हो । सुरक्षाको सवाल वा परिवार वा मित्रजनको स्थिति, समसामयिक विवाद वा विचारहरू, रोजाइ वा निर्णयका लागि भविष्यको सम्भावना वा अवसरहरू आदिका बारेमा सबैलाई आफ्नो वरपरको सूचनाको आवश्यकता र चाहना हुन्छ । विस्थापित जनसंख्याको जीवनमा संकट उत्पन्न भएका बखत सूचनाको शून्यता देखापर्छ । दुर्भाग्यवश, सूचनाको अभाव भएका बखत हल्ला वा नियोजित दुष्प्रचार फैलने गर्छ ।

! "यथार्थमा सूचना शक्ति हो - शरणार्थीहरूसँग उनीहरूको सरोकारका जति धेरै सूचना आदानप्रदान गरिन्छ, उनीहरू उत्तिकै धेरै संलग्न, सक्रिय र सबल हुनेछन् । सही अद्यावधिक सूचनाले सुसूचित छनौट र निर्णय गर्न उनीहरूलाई सघाउँछ । शरणार्थी समुदायसँग सूचना आदानप्रदान गर्दा उनीहरू र उनीहरूको प्राप्त जानकारीका आधारमा सही निर्णय लिनसक्ने उनीहरूको निर्णय क्षमताप्रतिको विश्वास, खुलापन र आदर प्रकट हुन्छ ।"

- युएनएचसीआर, शिविरमा संरक्षण कारबाही सञ्चालन, विशेष संरक्षणका सबालहरू

महिला, पुरुष र बालबालिका सबैले सूचना पाएको र बुझेको सुनिश्चित गर्न विभिन्न रणनीति प्रयोग गर्नुपर्ने हुन्छ । यसका लागि निम्न बुँदाहरू महत्वपूर्ण हुन्छ :

- मुख्य मुख्य सन्देशहरू कसरी प्रस्तुत गर्ने भन्ने थाहा पाउन व्यापक प्रचारप्रसार गर्नुभन्दा पहिले सूचनाको स्थलगत परीक्षण
- भिन्न भिन्न लक्षित समूहमा भिन्न भिन्न शब्दको बेग्लाबेग्लै अर्थ हुन्छ भन्ने बुझ्न
- मुख्य मुख्य सूचना आदानप्रदान गर्न विविध प्रकारका विधि प्रयोग गर्न : बैठक र भेटघाट - यसमा स्थिर जनसंख्यामा घरदैलो भेटघाट, रेडियो र समाचारपत्रमा सूचना, सूचना पाटी, समुदायका प्रमुख व्यक्तिहरूद्वारा सम्बोधन, धार्मिक अगुवा वा शिक्षकजस्ता समुदायमा प्रभाव भएका वा शिक्षित व्यक्तिलाई छलफल चलाउनका नियुक्ति गर्ने
- सन्देश बुझिएको छ र त्यसअनुसार काम भएको छ भन्ने निश्चित गर्न अनुगमन । धेरैजसो बेवास्ता गरिने यस चरणले बुझिएको सन्देशलाई अझ स्पष्ट बनाउन र छलफलमा रहेका सवालहरूमा महत्वपूर्ण जानकारी प्राप्त गर्न पनि सघाउँछ ।

◀ ◀ सूचना व्यवस्थापनसम्बन्धी थप जानकारीका लागि अध्याय ५ हेर्नु ।

तलको तालिकाले सूचना प्रचारप्रसार गर्न प्रयोग गरिएको सञ्चार रणनीतिको राम्रो झलक दिन्छ :

| क्रियाकलाप | शक्ति | चुनौती |
|---|---|---|
| सूचना (बुलेटिन) पाटी | • विस्तृत जानकारी दिन वा प्रेषण गर्न सकिने छ<br>• शिविरवासी सबैलाई एकै प्रकारको सूचना हुनेछ | सूचना आवश्यक पर्ने सबै सूचनापाटी भएको ठाउँमा आउने वा सबैले पढ्न जान्ने नहुन सक्छ |
| चित्र कथा पाटी | निरक्षर जनसंख्याका लागि उपयुक्त<br>सूचना संझनका लागि सजिलो | |
| समुदाय बैठक | कुनै सूचना सबैलाई दिन र प्रश्न उत्तरका लागि सजिलो | बैठकमा डाकिएका र सक्षमले मात्र सहभागी हुन सजिलो लाग्नसक्ने |
| घर दैलो भ्रमण | घरैमा बसेकाहरूसम्म पुग्न सकिने | कर्मचारीलाई धेरै समय लाग्ने तथा उनीहरूले सबै प्रश्नको उत्तर दिन नसक्ने हुनसक्छ । |
| नाटक | सिर्जनात्मक, धेरैलाई मन पर्ने र सम्झन सजिलो हुने | नाटकीय प्रस्तुतिले गलत सूचना सञ्चार गर्नसक्छ र |

| | | |
|---|---|---|
| | | त्यसलाई सच्याउने वा स्पष्ट पार्ने अवसर हुने छैन । |
| मुख्य मुख्य अगुवाहरू | सबैले सम्मान गर्न सक्छन् | सूचना आदानप्रदान गर्दा उनीहरूको आफ्नो राजनीतिक एजेन्डा हुनसक्छ । |
| परम्परागत माध्यमलाई अपनाउने | सबैका लागि परिचित र रुचाइएको हुनसक्छ | म नयाँ सन्देश बुझ्नुको साटो मूल निष्कर्ष नै सम्झने हुनसक्छ । |
| गीत | सम्झन सजिलो र मनोरञ्जक  हुन्छ । | सबै विषय र सन्देशका लागि उपयुक्त नहुन सक्छ ।<br>लामो विषयका लागि धेरै छोटो पनि हुनसक्छ । |
| शिविरमा जुलुस/र्‍याली | धार्मिक वा सामुदायिक बैठकमा आउन नचाहनेहरूको चेतना जगाउन उचित माध्यम सानदार प्रकृतिको | म प्रश्न र उत्तरका लागि समय नहुने । |

# शिविर व्यवस्थापन निकायले गर्नुपर्ने कामहरूको रुजुसुची

## कर्मचारी व्यवस्थापन र तालिम

- शिविर स्तरमा कार्यरत समूहका कर्मचारीको संरक्षण, सहायता, प्राविधिक क्षेत्र, प्रशासन, सूचना प्रविधि, सूचना व्यवस्थापन र / वा सामुदायिक परिचालन सबै विषयमा सन्तुलित कौशल र क्षमता हुनुपर्छ ।
- समूहमा महिलाको पर्याप्त प्रतिनिधित्व हुनुपर्छ - समेसम्म शिविरवासी पुरुष र महिलाको अनुपातमा ।
- शिविर व्यवस्थापनका सबै कर्मचारीको कार्य विवरण, कार्यादेश भूमिका र जिम्मेवारी स्पष्ट किटान हुनुपर्छ ।
- कर्मचारीको अनुगमन र कार्यसम्पादन मूल्यांकनको स्पष्ट प्रक्रिया हुनुपर्छ ।
- निरन्तर तालिम र वृत्ति विकासको योजना लागू हुनुपर्छ ।
- शिविर व्यवस्थापन निकायको कार्यादेशसम्बन्धमा सबै कर्मचारीलाई स्पष्ट जानकारी हुनुपर्छ ।

- सबै कर्मचारीलाई संरक्षणसम्बन्धी चेतना र विशेष तालिम दिनुपर्छ ।
- सबै कर्मचारीले उपयुक्त भाषामा आचार संहिताबारे तालिम पाउनुपर्छ र हस्ताक्षर गर्नु पर्छ ।
- विशेष आवश्यकता भएका व्यक्तिहरूको आवश्यकतालाई कार्यक्रममा एकीकरण गर्न कर्मचारीहरूलाई तालिम दिइनुपर्छ ।

## मापदण्ड, नीति र कार्य सञ्चालन निर्देशिकाहरू

- शिविरको कामकाज चलाउन पर्याप्त र उपयुक्त मापदण्डहरू, परिसूचकहरू, नीतिहरू र कार्य सञ्चालन निर्देशिकाहरू निर्माण र प्रचारप्रसार गर्नुपर्छ ।
- समग्र शिविरको कार्य सम्पादन रणनीतिअनुरूप शिविर व्यवस्थापन परियोजनाको लक्ष्य र क्षमता स्पष्ट र पारदर्शी हुनुपर्छ ।
- मापदण्डहरू लागू गर्न शिविर व्यवस्थापन निकायले समूह वा क्षेत्र अगुवा संस्थासँग समन्वय गर्छ ।
- शिविरवासीलाई शिविर व्यवस्थापन निकायको परियोजनाको विवरण उपलब्ध हुनुपर्छ ।
- लागू हुने आचार संहिताको सूचना शिविरवासीलाई उपलब्ध हुनुपर्छ ।
- शिविरमा उजुरी तथा फिडब्याक संयन्त्र क्रियाशील हुनुपर्छ ।
- महिला र बालबालिकालगायतका शिवरवासीलाई मानवीय सहायतामा गलत व्यवहार वा दुर्व्यवहार भएमा कहाँ उजुरी गर्ने भन्ने जानकारी हुनुपर्छ ।
- शिविर व्यवस्थापन निकाय र समग्र शिविरमा उजुरी सुन्ने अधिकारी तोकिनुपर्छ ।
- मापदण्ड, नीति र निर्देशिकाहरू कर्मचारीलाई दिइने तालिमको एक अभिन्न अंग हुनुपर्छ ।
- मापदण्डहरूको अनुगमन र प्रतिवेदन नियमित हुनुपर्छ ।

## सेवाहरूको समन्वय र अनुगमन

- शिविरवासीको संरक्षण र सहायता आवश्यकताको विस्तृत मूल्यांकन गरिनुपर्छ ।
- समन्वय र अनुगमन कार्यविधिमा सबै प्रमुख सरोकारवालाको सहमति र पूर्ण जानकारी हुनुपर्छ ।
- शिविरमा सञ्चालित अनुगमन कार्यले शिविरको समग्र कारबाहीलाई सुझाव उपलब्ध हुनुपर्छ ।
- शिविरस्तरमा समन्वय गर्न आवश्यक विश्वास वैधता शिविर व्यवस्थापन निकायसँग हुनुपर्छ ।
- शिविरस्तरमा विभिन्न तहका क्रियाशील समन्वय मञ्चहरू प्रयोग गरिनुपर्छ ।
- शिविर व्यवस्थापन निकायले समन्वय, अनुगमन र फिडब्याकका लागि पैरवी गरिरहेको हुनुपर्छ ।

- समुदायिकमा आधारित मूल्यांकन र अनुगमन पद्धति क्रियाशील छन् ।
- महिला, बालबालिका र विशेष आवश्यकता भएको समूहलगायत शिविरवासीलाई संलग्न गराउन सहभागिता रणनीतिको अनुगमन भइरहेको छ ।
- शिविरवासीको हितका लागि उपलब्ध राष्ट्रिय सेवाहरू परिचालन र समन्वय गरिएका छन् ।
- सेवा प्रदायकहरू शिविरवासीको लाभ र समान उद्देश्यका लागि समन्वय र सहकार्य गरिरहेका छन् ।
- क्षेत्रगत क्रियाकलापका अनुगमनमा संरक्षण केन्द्री अवधारणा एकीकृत गरिएको छ ।
- बढी जोखिममा भएको र विशेष आवश्यकता भएको समूहको संरक्षण र हेरचाह कार्यको अनुगमन गरिन्छ ।
- संरक्षण अनुगमन कर्मचारी तालिम, गोपनीयता र कार्य क्षमताका आधारमा गरिन्छ ।
- विशेष क्षेत्रगत कार्यक्रम सांस्कृतिक, धार्मिक र सामाजिक उपयुक्तता भए नभएको अनुगमन गरिन्छ ।
- अनगमन गरिएका सबै क्रियाकलापको प्रतिवेदन तयार गर्ने पद्धति हुन्छ ।
- प्रतिवेदनमा शिविरवासी लगायत विभिन्न सरोकारवालाको धारणा समेटिएको हुन्छ ।
- समन्वय र अनुगमनबाट प्राप्त जानकारी र शिक्षा भावी योजना निर्माणमा प्रेषित हुने संयन्त्र हुन्छ ।
- शिविर व्यवस्थापन निकायले शिविरमा सञ्चालित सहायता र संरक्षणका कार्यक्रमका प्रावधानको प्रभावकारिता सुनिश्चित गर्न समन्वय र अनुगमन गर्छ ।

## प्रशासनिक र सामुदायिक सहभागिता संयन्त्रको स्थापना

- स्थानीय अगुवाको नियमित संलग्नता हुन्छ र उनीहरूसँग परामर्श गरिन्छ ।
- नेतृत्व शिविरवासी जनसंख्याको प्रतिनिधि र वैध हुन्छ ।
- शिविरका अगुवाका लागि स्वीकार्य आचार संहिता क्रियाशील छ ।
- सेवा आपूर्ति र शिविरका कामकाज गर्न सहभागिता रणनीति र मञ्चहरू प्रयोग गरिन्छ ।
- महिला र बालबालिकालाई उनीहरूको चासो, विचार र प्रश्नहरू राख्ने उपयुक्त अवसर उपलब्ध हुन्छ ।
- शिविरको दिनचर्यामा विशेष आवश्यकता भएको समूह संलग्न गराइएको हुन्छ ।
- शिविरभित्रका सेवा र कार्यक्रमहरू राम्ररी अंकन र प्रचारप्रसार गरिन्छ ।
- सामुदायिक समन्वय मञ्च, संयन्त्र र सूचना माध्यमहरू प्रभावकारी छन् ।
- विषयगत र बहुपक्षीय शिविर समितिहरू गठन गरिएका छन् ।
- शिविर समितिको स्पष्ट र स्वीकार्य कार्य विवरण छ ।
- निर्णय प्रक्रियामा शिविरवासी समुदायको प्रतिनिधित्व भएको छ ।

- उजुरी र फिडब्याक संयन्त्र क्रियाशील छ ।
- शिविरवासी जनसंख्याको फिडब्याक कार्यक्रम तर्जुमा र सुधारका क्रममा उपयोग हुने कार्यविधि छन् ।

## शिविरको भौतिक संरचनाको हेरचाह र मर्मत सम्भार

- शिविरको भौतिक संरचना स्वीकार्य मापदण्ड र परिसूचकअनुरूप छ ।
- विद्यमान मापदण्डले विस्थापित जनसंख्यालाई आधारभूत मानव अधिकार उपभोग गरी मर्यादित जीवनयापन समर्थ बनाउँछ ।
- शिविरको भौतिक संरचनाको मर्मत सम्भार गर्न क्षेत्रगत सेवा प्रदायकहरू सक्षम छन् ।
- शिविरको संरचनालाई चालु हालतमा राख्ने जिम्मेवारी पूरा गर्न राष्ट्रिय निकाय सक्षम छ ।
- शिविरको संरचनाको आवश्यक हेरचाह र मर्मत सम्भार गर्ने र अभाव पूरा गर्ने क्षमता शिविर व्यवस्थापन निकायको रहेको छ ।
- शिविरको सामान्य दिननचर्या विस्थापितहरूको सामाजिक संगठन विशेष आवश्यकता भएका व्यक्तिको संरक्षण र हेरचाहका लागि अनुकूल छ ।
- शिविरको भौतिक संरचनाको अवस्थाको जानकारी समूह/क्षेत्र अगुवा संस्था र समन्वय बैठकलाई जानकारी दिने गरिएको छ ।

## सूचना व्यवस्थापन

- शिविर व्यवस्थापन निकायले समूह/क्षेत्र अगुवा संस्था ( सीसीसीएम कारबाहीका शिविर समन्वय निकाय)सँग निकट रहेर सूचना व्यवस्थापन गर्छ ।
- प्रभावकारी सूचना व्यवस्थापनमा राष्ट्रिय आधिकारिक निकाय संलग्न हुन्छन् ।
- सेवा प्रदायकसँग दोहोरोपन आउन नदिन र शिविरवासीलाई दिक्क नबनाउन कसले कुन सूचना किन संकलन गर्ने भन्ने विषयमा सम्झौता गरिएको हुन्छ ।
- शिविरवासी जनसंख्याको नाम दर्ता गरिएको हुन्छ ।
- विस्तृत जनसांख्यिक तथ्यांक नियमितरूपमा अद्यावधिक गराइएको हुन्छ ।
- तथ्यांक सुरक्षितरूपमा राखिएको र गोपनीयता कायम गरिएको हुन्छ ।
- भविष्यमा तुलना गर्नका लागि शिविरको कल्याणका विषयमा आधारभूत तथ्यांक भण्डार बनाइएको हुन्छ ।
- शिविर व्यवस्थापनमा संलग्न कर्मचारीलाई सूचना व्यस्थापन तालिम दिइएको हुन्छ ।
- खास उद्देश्यका लागि मात्र तथ्यांक संकलन गरिएको हुन्छ ।
- सेवा प्रदायकको सुविधाका लागि तथ्यांक विश्लेषण र प्रचारप्रसार गरिएको हुन्छ ।

- तथ्यांकको विश्वसनीयताका लागि छड्के जाँच र अद्यावधिक गरिएको हुन्छ ।
- तथ्यांक संकलन गरिएका क्षेत्रमा आवश्यक कारबाही गर्ने क्षमता क्रियाशील हुन्छ ।

## शिविरवासीसँग सञ्चार

- शिविरवासीलाई शिविर व्यवस्थापन निकायको भूमिका र जिम्मेवारीको जानकारी हुन्छ ।
- शिविरवासी र शिविर व्यवस्थापन निकायबीच पारस्परिक विश्वास र सम्मानमा आधारित सम्बन्ध हुन्छ ।
- शिविरवासीसँग अन्तर्क्रिया गर्दा स्थानीय भाषाको प्रयोग गरिन्छ ।
- अनुवादक/दोभाषे प्रयोग गरिएका अवस्थामा सञ्चार गरिएको सन्देश सही होस् भन्नाका लागि दोहोरो जाँच गरिन्छ ।
- विभिन्न प्रकारका सूचना सञ्चार तथा आदानप्रदान संयन्त्र क्रियाशील हुन्छ ।
- निरक्षरको आवश्यकता सम्बोधन गरिएको हुन्छ ।
- जटिल सन्देशलाई स्पष्टता र संवेदनशीलतापूर्वक प्रयोग गरिन्छ ।
- शिविरवासी जनसंख्याले सूचना दिन र प्राप्त गर्न कुन कुन माध्यम उपलब्ध छन् भन्ने थाहा पाउँछन् ।
- शिविर समिति र अरू प्रतिनिधिमूलक समूहहरू सूचना सञ्चार गर्ने माध्यमका रूपमा प्रयोग गरिन्छन् ।
- शिविरवासी र शिविर व्यवस्थापन निकायबीच सञ्चारका लागि शिविरका अगुवाहरू सहजकर्ताका रूपमा काम गर्छन् ।
- सञ्चार संयन्त्रमा विशेष आवश्यकता भएका समूहको आवश्यकताको ख्याल राखिन्छ ।
- शिविरवासी र शिविर व्यवस्थापन निकायबीच विवाद र असमझदारी उत्पन्न भएमा समाधान गर्ने स्वीकार्य र प्रभावकारी उपाय विद्यमान हुन्छ ।
- शिविर व्यवस्थापन कर्मचारीमा सञ्चार अधिकृत हुन्छ ।
- शिविरवासी र शिविर व्यवस्थापन निकायबीचको सञ्चार सुरक्षित, पहुँचयोग्य र दोहोरो हुनेछ ।

## औजारीहरू

! यसमा उल्लेख भएका लगभग सबै सामग्री, प्रकाशन र अन्य लिखतहरू पुस्तिकामा संलग्न सहयोगी सामग्री सीडीमा उपलब्ध छन् । अनलाइन स्रोतका लागि वेब ठेगाना दिइएको छ ।

- विश्व शिविर समन्वय शिविर व्यवस्थापन ( सीसीसीएम ) समूहले शिविर समन्वय संस्था र शिविर व्यवस्थापन निकायका लागि मूल कार्य विवरणको मस्यौदा गरिरहेको छ । सन् २००८ मा दुबै लिखत उपलब्ध हुने अपेक्षा छ । ( उपलब्ध भए नभएको हेर्नुपर्ने)। थप जानकारी www.humanitarianreform.org मा पाउन सकिन्छ ।

## शिविर/समूह संयोजकले गर्नुपर्ने कामको रुजुसूची

- Inter-Agency Network for Education in Emergencies (INEE) – *Code of Conduct for Teachers (sample)*

- People In Aid, 2007. *Information Note. Basic Elements in a Human ResourceSystem.* www.peopleinaid.org/pool/files/publications/basic-elements-in-an-hr system-final.pdf

- People In Aid, 2004. *Information Note. Developing Managerial Competencies.* www.managing.peopleinaid.org/files/Developing%20managerial%20competencies%20%20People%20In%20Aid%20information%20note.pdf

- Performance monitoring form for CM Teams

  WASH and CCCM Clusters, 2007. *Roles and Responsibilities Matrix.* www.humanitarianreform.org/humanitarianreform/Default.aspx?tabid=311

## अध्ययन तथा सन्दर्भ सामग्री


CCCM Framework, 2006. *IDP Camp Coordination and Camp Management, A Framework for UNHCR Offices.* www.internal-displacement.org/8025708F004CFA06/(httpKeyDocumentsByCategory)/39961C34119C0349C125723500457F21/$file/Draft%20CCCM%20Framework%2012Dec%20compl.pdf

Global CCCM Cluster, 2006. Roles and Responsibilities in Carrying out Camp Responses. www.humanitarianreform.org/humanitarianreform/Portals/1/cluster%20approach%20page/clusters%20pages/CCm/CCCM%20Roles%20and%20Responsibilities_26%20September%202006.doc

Inter-Agency Standing Committee (IASC), 2007. *Cross-cluster Coordination. KeyThings To Know.* www.humanitarianreform.org/humanitarianreform/Portals/1/Home page/Annexe7. Key things to know about GCLs.pdf

International Federation of Red Cross and Red Crescent Societies, 1992. *Code of Conduct for the International Red Cross and Red Crescent Movement and NGOs in Disaster Relief.* www.ifrc.org/publicat/conduct/code.asp

IOM's mission statement. http://iom.fi/About/MissionStatement

Rebecca Macnair, 1995. *Room for Improvement. The Management and Support of Relief and Development Workers.* www.sheltercentre.org/shelterlibrary/items/pdf/ RoomForImprovement_TheManagementandSupportOfRelief.pd

Barney Mayhew, 2004. *Basic Training for NGO Workers, Information Note, People*

*In Aid.* www.peopleinaid.org/pool/files/publications/basic-training-for-ngo-workersinote.pdf

Erin Mooney. *National Responsibility and Internal Displacement. A Framework forAction.* www.fmreview.org/text/FMR/IDP%20Supplement/05.doc

OCHA, 2006.*Policy Instruction. OCHA's Role in Supporting Protection.*

OHCHR's mission statement.

www.ohchr.org/EN/AboutUs/Pages/MissionStatment.aspx

Oxfam Publishing, 2007. *Impact Measurement and Accountability in Emergencies: The Good Enough Guide.* http://publications.oxfam.org.uk/oxfam/display.asp?isbn=0855985941

People In Aid. Managing People in Emergencies (website). www.managing.peopleinaid.org/planning/overview.aspx

People In Aid, 2007. Motivating Staff and Volunteers Working in NGOs in the South. www.peopleinaid.org/pool/files/publications/motivating-staff-andvolunteers-working-in-ngos-in-the-south.pdf

The Do No Harm Project, 2004. *The Do No Harm Handbook.* www.cdainc.com/dnh/docs/DoNoHarmHandbook.pdf

UNHCR, 2007. *UNHCR's Role in Support of an Enhanced Humanitarian Response to Situations of Internal Displacement.* http://www.unhcr.org/cgi-bin/texis/vtx/ refworld/rwmain?page=search&docid=4693775c2

UNHCR, 2007-08. *Protecting Refugees and the Role of UNHCR.*

www.unhcr.org/basics/BASICS/4034b6a34.pdf

UNICEF's mission statement. www.unicef.org/about/who/index_mission.html

Erin A. Weir, 2006, *Conflict and Compromise: UN Integrated Missions and the Humanitarian Imperative.* Kofi Annan International Peacekeeping Training Centre. www.reliefweb.int/rw/lib.nsf/db900SID/OCHA 6SSFEA?OpenDocument

WFP's mission statement. www.wfp.org/policies/Introduction/mission/index.asp?section=6&sub_section=1

# सहभागिता र समुदायको संलग्नता

# भाग - २ : प्रमुख व्यवस्थापकीय कार्यहरू

## अध्याय - ३ सहभागिता र समुदायको संलग्नता

### मुख्य मुख्य सन्देशहरू

- शिविरको दैनिक जीवनचर्यासम्बन्धी निर्णय प्रक्रियामा शिविरवासीको सहभागिताले कार्यक्रमलाई न्यायपूर्ण र प्रभावकारी बनाउन मद्दत गर्छ ।
- सहभागिताले शिविरवासी र कर्मचारीको स्वास्थ्य, कल्याण, सुरक्षामा सकारात्मक प्रभाव पार्छ ।
- सीमान्तीकृत, निर्णय प्रक्रियामा आवाज पुऱ्याउन असमर्थ तथा विशेष आवश्यकता भएको समूहलगायतको सहभागिताका लागि विशेष ध्यान दिनुपर्छ ।
- सहभागिताका लागि संरचना र कार्यविधि तयार गर्न अतिरिक्त प्रयास र स्रोत आवश्यक पर्नसक्छ तापनि यो संकटको सामना गर्ने समुदायको रणनीतिको उपेक्षा नगरी उनीहरूको जोखिम कम गर्न र आत्मसम्मान जगाउने अत्यावश्यक उपाय हो ।
- सहभागितात्मक विधिलाई समर्थन गर्नका लागि प्रयोग गरिने सहभागिता विद्यमान संरचनाको मूल्यांकनमा आधारित हुनुपर्छ ।
- सहभागितात्मक अवधारणाले स्थानीय संस्कृतिको सम्मान गर्नुपर्छ भने दमनकारी वा शोषणमूलक लाग्ने सांस्कृतिकरूपमा प्रकट शक्ति सम्बन्धलाई पनि यथोचित मान्यता दिनुपर्ने हुन्छ ।
- सहभागिता र सामुदायिक संलग्नता विभिन्न रूपका हुनसक्छन् र परियोजना चक्रको मूल्यांकन, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनका सबै चरणमा र शिविर जीवनको योजना, आरम्भ र समापनसम्म सबै चरणमा एकीकृत र नियोजित हुनुपर्छ ।

### परिचय

सहभागिता आधारभूत मानव अधिकार हो र यसले अरू कयौं अधिकार प्रबर्धन गर्न भन्ने ज्ञान हुनु महत्वपूर्ण हुन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २७ (१) मा 'समुदायको सांस्कृतिक जीवनमा स्वतन्त्रतापूर्वक सहभागी हुने, कलाबाट आनन्द प्राप्त गर्ने र विज्ञानका प्रगतिको लाभ प्राप्त गर्ने सबैको अधिकार हुन्छ' भन्ने उल्लेख भएको छ ।

यस अध्यायको उद्देश्य शिविर व्यवस्थापन निकायहरूलाई शिविरको दिनचर्या र निर्णय प्रक्रियामा सक्रिय भूमिका पूरा गर्न शिविरवासीलाई समर्थ बनाउन आवश्यक ज्ञान दिनु हो । सहभागिता र सामुदायिक संलग्नता विस्तृत विषय हो र यस अध्यायमा विधिहरूको लामो सूची दिने हैन चेतना अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ ।

सहभागिता र संलग्नता कुनै पनि सामाजिक समूहको विकास र सञ्चालनका लागि आधारभूत पक्ष हो । कुनै खास समूहको संस्कृति, आस्था, मान्यता, मूल्य र शक्ति सम्बन्धले सहभागितात्मक संरचना निर्धारण गर्छ । शिविर व्यवस्थापन निकायका लागि उत्तम अभ्यास शिविरको विद्यमान वा विकासोन्मुख सहभागितात्मक संरचना र गतिशीलता बुझ्नु र अवलोकन गर्नु हो । साथै स्थानीय संस्कृतिलाई आदर गर्ने स्थानीय सीप र क्षमता बढाउने जीवन्त वातावरण सिर्जना र तिनको प्रयोग, समर्थन र सबलीकरण गर्ने कार्य उत्तम अभ्यास हो ।

शिविरको संरचनामा सहभागिताको उद्देश्य विभिन्न समूहको आवाज सुनिश्चित गर्नुमात्र नभएर तिनका कुरा सुनिने उनीहरूको जीवनयापन प्रभावित हुने निर्णयमा भाग लिन समर्थ बनाउनु पनि हो । परामर्श र सहभागिताका बीचको मूल अन्तर यही हो । शिविर व्यवस्थापन निकायले समुदायसँग परामर्श नगर्दा असन्तोष प्रकट हुनसक्छ तर परामर्श गरेर उनीहरूका सिफारिसलाई बेवास्ता गर्दा वा कार्यान्वयन नगर्दा झन् बढी असन्तोष उत्पन्न हुनसक्छ । मानवीयतावादीहरू धेरैजसो सबैले सहभागितालाई स्वत: असल विषय ठान्छन् भन्ने भूल गर्छन् । मानवीयतावादी समुदायले न्यायपूर्ण र समावेशी अवधारणालाई लक्ष्य बनाउन सक्छन् तर कतिपय संस्कृतिमा यो मान्यता नहुन सक्छ । शिविर व्यवस्थापन निकायले शिविरवासी समुदायलाई यस सन्दर्भमा अप्ठेरो अनुभव हुनसक्छ । यसैले सांस्कृतिक संवेदनशीलता र सामान्यतया नसुनिनेहरूको आवाज सुनिने बन्दोबस्तबीचको सन्दर्भ बुझ्नु उनीहरूका लागि आवश्यक हुन्छ । प्रभावकारी सहभागिता र सामुदायिक संलग्नता समय लाग्ने हुनसक्छ र लक्षित प्रयास आवश्यक हुन्छ । यसका कारण निर्णय लिन वा काम पूरा गर्न ढिलो हुनसक्छ ।

कहिलेकाहीँ विशेषगरी जीवन बचाउने सबाल आएमा शिविर व्यवस्थापन निकायले शिविरवासीको पूर्ण सहभागिताबिना नै निर्णय लिनुपर्ने अवस्था पर्न सक्छ । यस्तोमा ब्यालेन्स मिलाउनु पर्छ । शिविर व्यवस्थापन निकायहरू सधैं पूर्ण सहभागिताका लागि प्रयत्नशील हुन्छन् तापनि यदाकदा छिटो, आकस्मिकरूपमा सानो समूहलाई संलग्न गराएर संवेशनशील निर्णय लिनुपर्ने हुनसक्छ ।

यसैले सहभागिताको सम्भावना शिविर व्यवस्थापन निकाय र शिविरवासीको सहमतिमा स्पष्ट पारिनुपर्छ । पारदर्शी र सुव्यवस्थित सम्भावना महत्वपूर्ण हुन्छ । शिविरवासी वा शिविर व्यवस्थापन निकायले सहभागितात्मक प्रयासबाट वास्तविक सम्भावनाभन्दा बढी अपेक्षा राखेका हुनसक्छन् । कसै कसैले निम्ति सहभागिताको सफलताको मात्र सामूहिकभन्दा व्यक्तिगत लाभका आधारमा मापन गर्नसक्छन् । यस्तो स्थितिमा सामदायिक सहभागिता प्रबर्धन महत्वाकांक्षी र निराशाजनक अभ्यास बन्न पुग्छ । संलग्न हुने सबैले केकस्तो उपलब्धि हासिल गर्न सक्छन् भन्नेमा शिविर व्यवस्थापन निकाय यथार्थपरक, पारदर्शी र स्पष्ट हुनुपर्छ ।

सामुदायिक संलग्नता र सहभागिता भन्नाले के बुझिन्छ ?

सबै मानवीय सहायताकर्मीका लागि सहभागिताको उद्देश्य सबै सरोकारवालालाई समावेश गर्नु हो । शिविर व्यवस्थापनका सन्दर्भमा सहभागिता भन्नाले शिविरवासी र कतिपय अवस्थामा स्थानीय समुदाय शिविरको दैनिक जीवनचर्यासम्बन्धी निर्णय र छलफलमा संलग्न गराउनु हो । शिवरिवासीको न्यायोचित र उच्चतम संरक्षण र सेवा आपूर्तिका लागि यसको कसरी स्थापना गरिन्छ, कसरी सञ्चालन भएको छ, हेरचाह कसरी हुन्छ, मर्मतसम्भार र समायोजन कसरी गरिन्छ भन्ने यसमा समावेश हुन्छ ।

सहभागिता विभिन्न रूपको हुनसक्छ र यसलाई कार्यक्रम चक्रको अंगका रूपमा योजना र कार्यान्वयन गर्नुपर्छ ।

- मूल्यांकनका क्रममा
- रणनीतिक योजना तर्जुमाको अंगका रूपमा
- कार्यान्वयनका क्रममा
- अनुगमन अवधिमा
- मूल्यांकन प्रक्रियामा

सहभागिताको अन्तिम लक्ष्य स्वामित्वको भावना जगाउनु हो । यसबाट शिविरवासीले आफूले लगानी गरेको ठानी शिविर र शिविरभित्रका गतिविधिप्रति जिम्मेवारी बोध गराउनु हो ।

सहभागितालाई निरन्तर चालु प्रक्रियाका रूपमा लिनुपर्छ । यसलाई शिविरवासीको अधिकार रक्षाका लागि लक्ष्य हासिल, सहायतामा सुधार र जोखिम कम गर्न उनीहरू र सेवा प्रदायकबीच समन्वय गर्ने माध्यममा रूपमा लिइनुपर्छ ।

! सामुदायिक सहभागिता विस्थापित समुदायका व्यक्ति र समूहले आफ्ना आवश्यकता पहिचान र धारणा व्यक्त गर्ने तथा तिनका आधारमा आवश्यकता पूरा गर्न र विचारको कार्यान्वयन गर्न सामूहिकरूपमा कार्य गरिने योजनाबद्ध प्रक्रिया हो ।

**सहभागिता किन महत्वपूर्ण छ ?**

द्वन्द्व वा प्राकृतिक विपत्तिका कारण शिविरमा वा शिविरजस्ता स्थानमा बस्ने जनसंख्या अभाव, मानव अधिकार हनन, हिंसा र दुर्व्यवहारको बढी जोखिममा हुन्छन् । सामान्य अवस्थामा सुरक्षा र स्वतन्त्रता दिने घर, जग्गा, रोजगार नभएको बिरानो ठाउँमा बस्नुपर्दा विस्थापित जनसंख्याले आफू बढी निर्बल भएको ठान्न सक्छन् । सामान्यतया आफू वा परिवारका लागि आफैँले जुटाउने वस्तु र सेवाका लागि पनि शिविरवासी समुदाय धेरै हदसम्म अरूमा निर्भर हुन्छन् । विशेषगरी प्रशासनिक सहभागिताले केही अधिकार दिएर गुमेको आत्मसम्मान फिर्ता गराएर आत्मनिर्भरता तथा स्वावलम्बन एवं आफ्नो जीवनको नियन्त्रण आफैँले गरेको भावना जगाएर यस्तो असर कम गर्छ । यसले सामान्य जीवनमा फर्केको अनुभूत गर्ने अवसर दिन्छ र आफू वस्तु नभएर व्यक्ति भएको ठान्ने तुल्याउँछ । सहभागिता र संलग्नताले जनताका लागि आफ्ना समस्या समाधान गर्ने अवसर सिर्जना गर्छ र स्वाभिमान जगाउने तथा मनोघातबाट उम्काउने गर्छ ।

सहभागिता किन महत्वपूर्ण छ भने :

- यसले मर्यादा र आत्मसम्मान जगाउँछ
- कामकारबाही उपयुक्त र प्रभावकारी भएको सुनिश्चित गर्न मद्दत गर्छ
- शिविरमा स्तर बढाउँछ
- विस्थापनपछि जीवनोपयोगी सीप विकास गर्छ
- यसले व्यक्तिलाई आफ्नो जीवनमा नियन्त्रण गर्न पुन: सुरु गराउँछ र परनिर्भरता कम गरेर आत्मनिर्भरता बढाउँछ ।

सहभागिताको शिविरवासी जनसंख्यामा मात्र हैन शिविरका कर्मचारीमा पनि सकारात्मक प्रभाव पर्न सक्छ । सुव्यवस्थित सहभागिता बढी विश्वसनीय र खुला वातावरणतर्फ उन्मुख गराउँछ र त्यस्तो अवस्थामा शिविरवासी र कर्मचारीले एक अर्काको सम्मान गर्ने तथा आफ्ना विचार राख्न र योगदान गर्न पाउने वातावरण हुन्छ । यस्तो वातावरण कायम भएमा जवाफदेहिता र पारदर्शि बढाएर द्वन्द्व तथा भ्रष्टाचार घटाउँछ । सहभागिताले स्वामित्व बोध गराउँछ भने त्यसबाट आउने जिम्मेवारी बोधले समग्र उद्देश्य प्राप्तिका दिशामा सकारात्मक प्रभाव पार्छ ।

उदाहरणका लागि शौचालय निर्माणजस्ता काममा विस्थापित समुदाय सक्रियतापूर्वक र प्रत्यक्ष संलग्न भएमा त्यसको हेरचाह र मर्मतसम्भारको बढी जिम्मेवारी उनीहरूले नै लिन्छन् ।

श्रीलंकामा शिविर सफाइमा सहभागितात्मक अवधारणा

सुनामीपछिको श्रीलंकाका शिविरहरूमा फोहोर मैला कसरी व्यवस्थापन गर्ने चुनौतीको सामना गर्नु परेको थियो । शिविरहरू साना थिए र फोहोर थुप्रिएको हुन्थ्यो । त्यसको सानो भागमात्र नगरपालिकाले गर्न सक्थे । 'सरसफाइ दिवस' आयोजना गरेर शिविर व्यवस्थापन निकायले दिएको औजार प्रयोग गरेर शिविर व्यवस्थापन समूह र बासिन्दा सबै जनाले बौद्ध अवधारणाअनुसार श्रमदान गरे । यसैको अनुगमनका रूपमा रेखदेख गर्न र फोहोर तह लगाउने जिम्मा पाएका निजी क्षेत्रका र स्थानीय निकायका सेवा प्रदायकसँग सहकार्यका लागि शिविर समितिहरू गठन गरिए ।

## सहभागिताका विभिन्न तहहरू के के हुन् ?

माथि उल्लेख गरिएजस्तै, सहभागिताको अन्तिम उद्देश्य स्वामित्वको भावना जगाउनु हो । विपत्ति र खास अवस्थाको चरणमा आधारित भएर शिविर व्यवस्थापनले विभिन्न चरणका सहभागिताको तथा संलग्नताका रणनीति र विधिको योजना तर्जुमा गर्न सक्छन् । यो 'सहभागिताका सिँडी ' सामुदायिक संलग्नताको मात्रा थाहा पाउने उपयोगी उपाय हो ।

| सहभागिताको मात्रा | परिभाषा |
|---|---|
| स्वामित्व | समुदायले नै निर्णय प्रक्रिया नियन्त्रण गर्छ । |
| अन्तर्क्रियात्मक | समुदाय अरू सदस्यसँगै निर्णय प्रक्रियामा पूर्ण संलग्न हुन्छ । |
| कार्यमूलक | मात्र समुदायले निर्णय प्रक्रियामा निश्चित भूमिका पूरागर्छ ( उदाहरणका लागि पानी समिति गठन गर्ने जसको कुनै गैससको कर्मचारीले सुपरिवेक्षण गर्छ ।) |
| भौतिक उत्प्रेरणा | मात्र कुनै काम वा भूमिका पूरा गरेबापत समुदायले नगदी वा जिन्सी प्राप्त गर्छ । |
| परामर्श | समुदायसँग उनीहरू के चाहन्छन् भनेर राय लिइन्छ तर निर्णयमा उनीहरूको विचारको प्रभाव नगण्य हुन्छ । |
| सूचना प्रदान | समुदायबाट सूचना संकलन गरिन्छ तर निर्णयका लागि हुन छलफलका उनीहरूलाई संलग्न गराइँदैन । |
| निस्क्रिय | समुदायलाई निर्णय र कारबाहीका बारेमा सूचित गरिन्छ तर त्यसको प्रक्रिया वा परिणामका बारेमा राय सुनिदैन । |

# मुख्य मुख्य सबालहरू

## सहभागिता प्राप्ति

सहभागिता वृद्धि र विकास गर्ने विभिन्न उयाय हुन्छन् तर सबैभन्दा सजिलो उपायचाहिँ प्रतिनिधिमूलक समूहमार्फत गर्नु हो । विद्यमान सहभागितात्मक संरचना र सन्दर्भको मूल्यांकनपछि शिविर व्यवस्थापनले सहभागिता सकेसम्म प्रतिनिधिमूलक होस् भन्ने सुनिश्चित गर्ने कार्य गर्छ । शिविरवासी जनसंख्यालाई संलग्न गराउने अरू उपायमा फिडब्याक र उजुरी संयन्त्र, तालिम, सूचना अभियान र शिविरवासीलाई रोजगार हुन् ।

## विद्यमान सामाजिक संरचनाको मूल्यांकन

शिविरमा बस्ने जनसंख्या बिरलै समान प्रकारको हुन्छ । उनीहरू विभिन्न भौगोलिक क्षेत्रबाट आएका र भाषा, जाति, धर्म र/वा पेसा र आजीविका भएका हुन सक्छन् । यस प्रकारको विविधता हेर्दा प्रभावकारी सहभागिताका सबैको प्रतिनिधित्व तथा विवादको व्यवस्थापन गर्ने कार्य निकै चुनौतीपूर्ण हुनेछ । तैपनि विस्थापित जनसंख्यामा निश्चय पनि केही समानता भने हुन्छन् । या त उनीहरू कुनै गाउँ वा क्षेत्रका एउटै समूहका हुन्छन् वा उनीहरू एउटै जाति समूह वा भाषा भाषी समूहका हुनसक्छन् ।

कुनै शिविरमा स्थापित र अन्योन्याश्रित सामाजिक संरचना पहिलेदेखि नै विद्यमान हुनसक्छ भने अन्यत्र विविध प्रकारको, छरपस्ट र/वा असमान समाजिक संरचना हुनसक्छ जहाँ राम्रो भएमा कम अन्तर्निर्भर र नराम्रो भए तनावपूर्ण अवस्था विद्यमान हुनसक्छ । यसका अतिरिक्त, विभिन्न समयमा आइरहने /गइरहने हुनाले शिविरवासी जनसंख्या बदलिइरहने र एकदमै गतिवान हुन्छ । यो सबै सन्दर्भमा भर गर्छ । सिंगो गाउँ नै एकदम छिटो सारिन सक्छ र एउटा एकै प्रकारको शिविरमा बदलिन सक्छ भने अर्को शिविरमा विभिन्न उत्पत्तिका व्यक्तिहरू रहन सक्छन र विस्तारै बढ्न सक्छ । तर सामान्य अवस्था भने यस्ता दुई चरम अवस्थाको बीचको हुन्छ । सामान्यतया, विभिन्न ठाउँका मानिसहरू आफ्नो नेतृत्व संरचना लगभग कायमै राखी शिविरमा विभिन्न समयमा आइपुग्छन् । शिविरमा कुनै बेग्लै प्रकारको सामाजिक र नेतृत्व संरचना विद्यमान रहे नरहेको र

उनीहरूको स्तर कस्तो छ, अनि सहभागिता विकास गर्न कसरी सकिन्छ भन्ने निर्धारण गर्ने काम शिविर व्यवस्थापन निकायको हो ।

## सहभागितात्मक संरचनाका उदाहरणहरू

प्रतिनिधित्व, सहभागिता र संलग्नताका विभिन्न रूप हुनसक्छन् र विविध प्रकारका सामग्री र विधि अपनाउन सकिन्छ । जसमा निम्न विधि/उपाय समावेश हुन्छन् :

- सामुदायिक समूह
- लक्षित समूह
- प्राविधिक विषयका शिविर समिति र उपसमितिहरू
- अन्तर्विषयक शिविर समितिहरू
- पैरवी समूहहरू
- सरोकार समूहहरू
- उजुरी समूहहरू
- कार्य वा योजना समूहहरू
- शिविरवासीलाई स्वयंसेवक वा ज्यालादारी स्वयंसेवीका रूपमा काममा लगाइनु ।

### द्वन्द्व व्यवस्थापन

शिविरको नेतृत्व र प्रतिनिधित्वको संरचना जति नै सानो, कसिलो र सुसंगठित भए पनि सबैजसो संस्कृतिमा सामाजिक मञ्चहरूमा हुने सहभागिताले निश्चित रूपमा बारम्बार वैचारिक भिन्नता र असमतिको अवस्थामा पुऱ्याउँछ । धेरैजसो यसले तनाव र कहिलेकहीँ त द्वन्द्व सिर्जना गर्छ । यो सामान्य मानव स्वभाव हो । सामान्यभन्दा बढी तनावग्रस्त जिन्दगी हुने भएकाले शिविरमा यस्तो अवस्था झन् बढी हुन्छ । अवस्था मान्छेको घुइँचो, स्रोतको अभाव, अपरिचित समुदायसँग बसोवास, असुरक्षाको भावना, दिक्दारी, डर र आक्रोश बढी हुनसक्छ । शिविर व्यवस्थापन निकाय यसको व्यवस्थापनका लागि तयार अवस्थामा रहनु आवश्यक हुन्छ र आफ्ना कर्मचारीलाई सहभागिता रणनीतिअन्तर्गत यस्ता समस्या समाधान गर्न सक्षम बनाइराख्नुपर्छ ।

यसमा शिविरका बासिन्दा र कर्मचारीलाई प्रभावकारी सञ्चारका लागि तालिम दिनु पनि पर्छ । उदाहरणका लागि : अहिंसात्मक सञ्चार सीप, द्वन्द्वको मध्यस्थता र व्ह्वस्थापन तालिम, आचार संहिताको प्रयोग र पालना, उजुरीहरूमाथि कारबाही, समूहमा सदस्य बनाउन र हटाउन कार्य विधिको प्रयोग । यसमा स्थिति नियन्त्रणबाहिर गएका अवस्थामा मानिसहरूलाई सुरक्षित राख्नका लागि सुरक्षा कार्य विधि पनि संलग्न हुन्छ ।

## बोल्ने लठ्ठी

प्रतिनिधिमूलक समूहमा बोल्नेले पालैपालो बोल्ने र अरूले सुन्ने सुनिश्चित गर्ने सञ्चारको एउटा साधारण तर प्रभावकारी विधि 'बोल्ने लठ्ठी'को प्रयोग हो । जो बोल्ने हो उसैले लिने यो एउटा साधारण लठ्ठी हो । लठ्ठी हातमा नहुनेले सुनेर आफ्नो पालो पर्खनुपर्छ । यसले कसैको बोली दबाउने र बहसमा चर्को भनाभन हुने अवस्था रोक्छ ।

**सामुदायिक अगुवाहरू**

अगुवाहरूको पहिचान गर्न सम्मति प्राप्त भएपछि शिविर व्यवस्थापन निकायले उनीहरूलाई बैठक गर्नका लागि सुविधा हुने ठाउँ मिलाइदिनुपर्छ । कतिपय अवस्थामा, लेख्ने कापी, कलम, खेलकुद र मनोरञ्जनका सामग्री उपलब्ध गराउन सकिन्छ । शिविर व्यवस्थापन निकाय र अगुवाहरूको समूहबीच बारबार बैठक गर्नुपर्छ र प्रतिनिधिहरूले सेवाका प्रावधान र संरक्षणका योजना तर्जुमा, कार्यक्रम निर्माण, रेखदेख र मूल्यांकनमा सहभागी हुनुपर्छ ।

प्रत्येक समूहका लागि खासगरी शिविरवासी ठूलो जनसंख्याका तर्फबाट निर्णय गर्न स्पष्ट उद्देश्य र कार्य विवरणको विकास गर्नुपर्छ । सदस्यहरू हटाउने वा पुन: निर्वाचन गर्ने कार्यविधि र मार्ग निर्देशिकाका रूपमा काम गर्ने आचार संहिता पनि आवश्यक हुन्छ ।

सामुदायिक अगुवा धेरै प्रकारका हुनसक्छन् र पूर्णत: सन्दर्भमा आधारित हुन्छ । तिनमा निम्नअनुसारका हुनसक्छन् :

- निर्वाचित
- स्वनियुक्त
- परम्परागत
- धार्मिक
- समुदाय संकटमा भएका बेला अगाडि आउने बलिया वा प्रभावशाली व्यक्तिहरू ।

सामान्यतया, सामुदायिक अगुवाहरू शिविरवासी जनतालाई सोधेर सजिलै पहिचान गर्न सकिने शिविर व्यवस्थापन निकायको सम्पत्ति हुन् । ती अगुवाहरूले कसको प्रतिनिधित्व गर्छन् र उनीहरू सबैको एउटै स्तरको अधिकार र प्रतिनिधित्व छ छैन भन्ने महत्वपूर्ण हुन्छ । उदाहरणका लागि उनीहरू सबै भिन्न भिन्न गाउँका अगुवा हुन् वा गाउँका विभिन्न समूहका प्रतिनिधि हुन् ? शिविरका सबै बासिन्दाको कुनै न कुनै तहमा प्रतिनिधित्व हुनु पनि आवश्यक हुने हुनाले खासगरी विशेष आवश्यकता भएको समूहको प्रतिनिधित्व नभए त्यसको पहिचान गरिनुपर्छ । अगुवाहरूलाई आफ्ना समर्थक वा भौगोलिक क्षेत्र देखाउने नक्सा बनाउन लगाएर दोहोरोपन वा कमी भएको स्पष्ट पार्न सकिन्छ । उनीहरू परम्परागत संरचनाअनुरूप संगठित भएका रहेनछन् भने शिविरका

टोलहरू वा क्षेत्रका अगुवाबाट यो काम गराउन सकिन्छ । धेरै ठूला शिविरहरूमा समुदाय, टोल र क्षेत्र जस्ता विभिन्न तहमा अगुवा छान्न प्रोत्साहित गर्नुपर्छ । यसले शिविर व्यवस्थापन निकायलाई सम्बन्धित क्षेत्रका थोरै प्रतिनिधिसँग त्यहाँको प्रतिनिधिका रूपमा संवाद गर्न सजिलो हुन्छ । कहिलेकहीँ बाहिरको निकायका लागि छान्न निकै मुस्किल पर्ने गरी समुदायमा आफ्नो विभिन्न भूमिकाको दाबी गर्ने धेरै जना हुन सक्छन् । यस्तो अवस्था आइपरेमा समुदायलाई प्रतिनिधि छान्न वा निर्वाचन गर्न लगाएर नयाँ सुरु गर्नु उचित हुन्छ । नयाँ नेतृत्व देखा परेमा परम्परागत सामुदायिक अगुवाले संकटमा परेको अनुभव गर्नसक्छन् । प्रतिनिधित्व वा पदमा निर्वाचन गर्ने कार्य निकै संवेदनशीलता, आदर र गम्भीरतापूर्वक गरिनुपर्छ । यसो गर्दा कसैलाई पनि प्रतिनिधि भएर स्वयंसेवा गर्ने अवसरबाट वञ्चित नगर्ने गरी गरिनुपर्छ । शिविर व्यवस्थापन निकाय पदमा पुगेर शोषण वा अनियमितताका लागि शक्तिको दुरुपयोग गर्न चाहनेहरूको नियतबाट भने सावधान हुनुपर्छ ।

!नेतृत्व र सहभागिताका सबै प्रयासमा लिंग, जाति र धर्मजस्ता विभिन्न समूहको सन्तुलनमा ध्यान दिनुपर्छ र सहभागिताको छनौटमा शिविरको कूल जनसंख्याको अनुपात प्रतिविम्बित हुनुपर्छ ।

**^ विस्थापित व्यक्तिहरूको शिविर व्यवस्थापन क्षमताका चुनौतीहरू - स्थलगत आवाज**

‘शिविर व्यवस्थापनको क्षमता अभिवृद्धि गर्न अपनाइएको एउटा मुख्य रणनीति शिविरवासीलाई आफ्नो क्षेत्रको व्यवस्थापनमा नेतृत्वदायी भूमिका लिन तालिम दिनु रहेको थियो । आकस्मिक चरण सकिएपछि अरू निकायहरू कम सक्रिय हुन थालेकाले शिविरवासीले नै यहाँका शिविरहरूको सञ्चालन गर्न थालेका थिए । विस्थापितहरूलाई आवश्यक सहयोग प्राप्त गर्न सेवा प्रदायकहरूसग समन्वय गर्ने कार्य बढी चुनौतीपूर्ण थियो । यसो हुनुका सम्भाव्य कारणमा टेलिफोन र अरू भरपर्दो सञ्चार संयन्त्रको अभाव, सेवा प्रदायकसँग निकाय र संस्थाहरूको सहयोग बिना सोभै माग पठाउने अधिकारको कमी हुनसक्छन् ।’

**सामुदायिक समूहहरू** सामान्यतया समान विशेषता भएका जनसंख्या अर्थात् महिला, किशोरकिशोरी वा प्रौढ व्यक्तिहरूको गठन गरिन्छ । ठूला शिविरहरूमा प्रत्येक वर्गभित्र पनि थुप्रै समूह हुनसक्छन् । उनीहरूलाई प्रशासनमा संलग्न गराउनु महत्वपूर्ण हुन्छ । कुनै संस्कृतिमा महिला वा युवालाई नेतृत्वको भूमिकामा अस्वीकार गरिन सक्ने हुनाले यस समूहबाट सदस्यका रूपमा प्रतिनिधत्व गर्न प्रेरित गर्नुपर्छ । सामुदायिक समूहहरूले आफ्ना सरोकारका विषयमा वृहत् समन्वय संयन्त्रमा वा

शिविर व्यवस्थापन निकाय समक्ष पैरवी गर्न सक्छन् । उदाहरणका लागि युवा समूहहरूले शिक्षा वा व्यावसायिक तालिमको अवसर माग गर्न सक्छन् । सामुदायिक समूहहरूको गठन सम्बन्धित समुदायको संस्कृतिमा प्रचलित हुन वा नहुन सक्छ । सामान्यतया, साना समूहका बैठकहरू स्वागत योग्य र शिविरको वातावरणमा सकारात्मक शक्ति मानिन्छन् । अरू सामाजिक अवसरहरूको अभाव वा कमी भएको अवस्थामा यो विशेष सत्य साबित हुने भएकाले यसलाई प्रोत्साहित गर्नुपर्छ ।

**लक्षित समूह** युएनएचसीआरको कार्यसञ्चालनमा सहभागितात्मक मूल्यांकन सामग्रीमा उल्लेखित सहभागितात्मक मूल्यांकन विधिमध्ये एउटा हो । लक्षित समूह कुनै विषयको विश्लेषण गर्न र बुझ्न सहयोग पुऱ्याउने छलफल समूह हो । यस्तो समूहको छनौट लिंग, उमेर वा सामाजिक-आर्थिक स्तरजस्ता साझा विशेषताका आधारमा छनौट गरिन्छ । समूहको छलफलको सहजीकरण विशेष सेवा वा विषयमा शिविरवासीको अनुभवको जानकारी लिने भूमिका भएका शिविरका कुनै एक कर्मचारीले गर्छन् । छलफल खुला उत्तर नभएका केही प्रश्नमा आधारित हुन्छ । विस्थापनद्वारा विभिन्न उमेर र पृष्ठभूमिका महिला, पुरुष, बालबालिका बेग्लाबेग्लै प्रकारले प्रभावित हुने र उनीहरूका आवश्यकता र धारण पनि फरकफरक हुने हुनाले लक्षित समूहहरू विशेष प्रभावकारी हुन्छन् । विभिन्न लक्षित समूहबाट प्राप्त विषयपरक सूचनाको तुलनात्मक अध्ययनबाट विशेष सबालको सन्तुलित र प्रतिनिधिमूलक मूल्यांकनमा सहयोग पुग्छ । शिविर समिति क्षेत्रगत वा बहुक्षेत्रीय दृष्टिकोण भएका सामुदायिक प्रतिनिधिको समूह हो । उदाहरणका लागि पानी र सरसफाइ, स्वास्थ्य, महिला र वातावरण समितिहरू लिन सकिन्छ । एउटा शिविरमा धेरै समितिहरू हुनसक्छन् र उनीहरूको नियमित बैठक हुनसक्छ । उनीहरूले शिविर समन्वय बैठकमा शिविरवासीको प्रतिनिधित्व गर्नुका साथै कसैले प्राविधिक सीप भएमा त्यसको प्रयोग गर्न र शिविर व्यवस्थापन निकायका अनुगमन कार्यका लागि तालि पनि लिन सक्छन् । उनीहरूले शिविर क्षेत्रको प्रशासन, सेवा प्रदायक, शिविर व्यवस्थापक, स्थानीय जनप्रतिनिधिजस्ता अरू सरोकारवालासँग बैठक गर्न सक्छन् । यस्ता बैठकपछि शिविरवासी जनसंख्यासम्म सूचना पुऱ्याउन पनि उनीहरूले योगदान गर्न र सहमतिको कार्यान्वयन भए नभएको अनुगमन गरी जानकारी गराउन पनि योगदान गर्न सक्छन् । सरोकार समूहको समूह वा उप समितिहरू पनि गठन गर्न सकिन्छ । सामान्यतया, यस्ता समितिहरूको काम र आयु समयबद्ध हुन्छ र ठूला समूहप्रतिको जिम्मेवारी पनि सीमित हुन्छ । सामान्यता उपेक्षा गरिने बालबालिका, मानसिक वा शारीरिक अपांगता भएका व्यक्तिहरू, बिरामी, पाका र एचआइभी/एडस संक्रमित व्यक्तिहरूको आवाज उठाउने काम पैरवी समूहहरूले गर्न सक्छन् । यो समूह गठन गर्न सबैभन्दा कठिन हुनसक्छ र संवेदनशीलता आवश्यक हुन्छ । यस समूहका सदस्यहरू आफैँ अगाडि नसर्न सक्छन् वा परिवार वा समुदायका अरू सदस्यले उनीहरूको सहभागितालाई आवश्यक वा सकारात्मक नठान्न सक्छन् । केही आफ्ना लागि आफैँ पैरवी गर्न सक्षम हुन्छन् भने अरूले तिनका तर्फबाट पैरवी गर्ने व्यक्ति फेला पार्न सक्छन् । कतिपयका लागि उनीहरूको सहभागिता देखिएमा सुरक्षाको वा झन् अप्ठेरोमा पर्ने जोखिम हुनसक्छ । यस्ता समूहहरूको उपयुक्त प्रतिनिधित्व र सहयोग सुनिश्चित गर्ने जिम्मेवारी संरक्षण अधिकारी र अरू

संस्थाहरूसँगै शिविर व्यवस्थापन निकायको हो । सरोकार समूहहरू कुनै साझा विषय वा सबालमा केन्द्रित हुन्छन् जुन समितिहरूको पनि क्षेत्रभित्र पर्न सक्छ । रेखदेख र प्रतिनिधिमूलक कर्तव्यका दृष्टिबाट अवस्थाअनुसार सरोकार समूह समितिहरूभन्दा कम औपचारिक हुनसक्छन् । यस्ता समूह शिविरको सुरक्षा, शिक्षक-अभिभावक सम्पर्क वा पानीको मर्मतजस्ता विषयमा केन्द्रित हुन सक्छन् । यस्ता समूहले शिविरको जनसंख्याको सम्बन्धित सदस्यहरूसँग वा सम्बन्धित प्राविधिक क्षेत्रको व्यवस्थापन गर्ने गैरसरकारी संस्था सोझै सम्पर्क गर्न सक्छन् भने कुनै विषयमा शिविर व्यवस्थापन निकायको ध्यानाकर्षण गर्न सक्छछन् । सानातिना विवाद र नियम उल्लंघन भएमा समाधान गर्नका लागि उजुरी समितिहरू गठन गर्न सकिन्छ । यस्ता उजुरी समितिका सदस्यहरू सामान्यतया निर्वाचित र आदरणीय हुनुपर्छ । सजायमा नगद जरिवाना वा सामुदायिक काममा श्रमदान गराइन्छ । उजुरी समितिको कार्य क्षेत्र स्पष्टरूपमा परिभाषित हुनुपर्छ र शिविर व्यवस्थापन निकायले उनीहरूको कामको नजिकबाट रेखदेख गर्नुपर्छ । उजुरी समितिको कार्यक्षेत्रका सबालहरू परिभाषित गर्दा शिविरवासी जनसंख्याका विभिन्न समूहका मूल्य मान्यात, स्थानीय नियमकानुन, मानव अधिकार तथा अन्तर्राष्ट्रिय कानुन र संहिताहरूको कुन हदसम्म पालना भएको छ भन्नेमा ध्यान दिनुपर्छ ।

▶▶ उत्तरदायिता र सहभागितामा यस्को सम्बन्धका बारेमा थप जानकारीका लागि *the Humanitarian Accountability Partnership (HAP):* www.hapinternational.org हेर्नु ।

## कार्य वा परियोजना समूहहरू

कुनै भइपरिआउने वा आकस्मिक र विशेष काम गर्न तोकिएको मितिसम्मका लागि यस्ता समूहहरू गठन गरिन्छ । प्रायश: यस्तो समूहको छनौट उनीहरूको विशेषज्ञता वा ज्ञानका आधारमा सूचना संकलन गर्न वा कुनै प्राविधिक काम गर्नका लागि छानिन्छ । उदाहरणका लागि, कारण थाहा पत्ता नभएको कुनै बिरामी फैलेपछि विभिन्न कुवाका पानी परीक्षण गर्न वा शिविरको विद्यालयमा आउने विद्यार्थी एक्कासि घटे भने त्यसका बारेमा कार्य वा योजना समूह गठन गर्न सकिन्छ ।

**^उत्तरी युगान्डामा सहभागिता - स्थलगत आवाज**

'लिराको उत्तरी जिल्लामा विद्रोही लर्डस् रेजिस्ट्यान्स आर्मीले सन् २००३ मा हजारौँ मानिसलाई विस्थापित गरायो । असुरक्षित गाउँहरूबाट मानिस ओइरिन थालेपछि विस्थापितका लागि शिविरहरू बनाइन थालियो । युद्ध तथा विस्थापनलाई सम्बोधन गर्ने कुनै विशेष योजना थिएन । शिविर स्थापना र निर्माणका बारेमा जानकारी कम थियो र एउटै शिविरमा ४ हजार २०० जति परिवारका करिब २४ हजार विस्थापितहरू बसे । त्यहाँ बर्सेनि आगलागी हुने र २ - ३ वटा टोल सखाप पार्ने हुनथाल्यो । सरसफाइको अवस्था खराब थियो र बाक्लो बस्तीका कारण शौचालय र ढलको ठाउँ नै थिएन । सन् २००६ मा शिविर व्यवस्थापन निकायले काम थालेपछि उनीहरूले कर्मचारी खोजे र शिविरको योजना र मर्मतसम्बन्धी तालिम दिए । समुदायमा चेतनामूलक कार्यशाला सञ्चालन गरियो र आगलागी व्यवस्थापन समिति गठन गरियो । उनीहरूलाई सीठी दिइयो र आगलागी भइहालेमा शिविरवासीलाई सावधान गराउने काम लगाइयो । शिविरवासीलाई काममा लगाएर सरसफाइको सुविधामा सुधार गरियो । टोल र शिविरका अगुवाहरूले ५० - ५० जनाको छ वटा समूहको नेतृत्व गरे जसले समुदायको प्राथमिकता पहिचान गरी कार्य योजना बनाउने कार्यान्वयन गर्ने काम गरे । केही आश्रयहरू उनीहरूले अन्तै सारे र आगलागी नियन्त्रण गर्ने र सरसफाइमा सुधार गर्न नालीहरू बनाए । कार्य योजनाको एउटा अंगका रूपमा जोखिममा रहेका व्यक्तिहरूलाई संलग्न गराइयो र उनीहरूलाई सुरक्षित र ऊर्जा बचाउने चुलो बनाउन सहयोग गरियो । यी प्रयासहरूको परिणामस्वरूप आगोको जोखिम कम भयो र सरसफाइ सुविधामा धेरै सुधार भयो ।'

## क्षमताको मूल्यांकन

शिविरभित्रको विभिन्न सामाजिक तथा नेतृत्व संरचनाको मूल्यांकनका अतिरिक्त शिविर व्यवस्थापन निकायले प्राविधिक र व्यावसायिक सीप भएका व्यक्तिहरूको आफैँ अगाडि सरेर खोजी र पहिचान गर्नुपर्छ । शैक्षिक स्तर र व्यावसायिक दक्षतासम्बन्धी सूचना प्रायश: नाम दर्ताका समयमा नै संकलित गरिन्छ । सूचना उपलब्ध नभएमा निम्न उपाय अपनाउन सकिन्छ :

- सूचना अभियान
- रोजगार सूचनामा प्राप्त आवेदनहरू
- पहिचान भइसकेका व्यक्तिसँग उनीहरूजस्ता अरूका बारेमा जानकारी लिने ।

प्राविधिक प्रकृतिका कार्यक्रम कार्यान्वयन गरिरहेका संस्थाहरूले शिविरवासी मध्येबाट शिक्षक, इन्जिनियर वा स्वास्थ्यकर्मीको खोजी गर्न सक्छन् भने सबै संस्थालाई प्रशासन, अनुवादक र

लेखापालजस्ता सहायक कर्मचारीको आवश्यकता हुनसक्छ । उनीहरूको प्रमाण पत्रहरू हराउन सक्छ तर यसले खासै बाधा पार्दैन । कारण, तिनको योग्यता र दक्षता थाहा पाउन परीक्षा लिन सकिन्छ । शिविर व्यवस्थापन निकायले शिविरवासीमा रहेका सीपहरू अरू समुदायसँग सम्बन्ध विस्तारका लागि पनि लाभदायी हुनसक्छ कि भनेर सोच्नुपर्छ । उदाहरणका लागि कलाकार वा कथा वाचकहरूले सूचना अभियानमा सहयोग गर्न सक्छन् भने पाका मान्छेहरूले अत्यावश्यक ऐतिहासिक पृष्टभूमि वा सन्दर्भको विश्लेषण गर्न सक्छन् ।

**^स्थानीय सीप - स्थलगत आवाज**

डेमोक्रेटिक रिपब्लिक अफ कंगोमा एउटा अन्तर्राष्ट्रिय शिविर व्यवस्थापन निकायले स्थानीय कर्मचारी भर्ना गरेको थियो । यसको अर्थ २० हजार जनासम्मको शिविरको व्यवस्थापन विदेशी विशेषज्ञका साटो स्थानीय व्यक्तिले नै गरेका थिए । यसको एउटा सकारात्मक पक्ष के थियो भने उनीहरूलाई स्थानीय अवस्था र जातीय तनावका बारेमा राम्रो जानकारी थियो । स्थानीय कर्मचारीहरू धार्मिक अगुवाको महत्व र उनीहरूलाई निर्णय प्रक्रियामा संलग्न गराउनु पर्ने विषयमा सजग थिए । धार्मिक अगुवाहरूको एउटा समिति बनाइयो र त्यसका अध्यक्षलाई शिविरको कार्य समितिमा सदस्य बनाइयो ।

**शिविरवासीलाई रोजगार**

तलबी वा स्वयंसेवी जस्तो भए पनि रोजगारी प्रत्यक्ष सहभागिताको एउटा उदाहरण हो । समानताको अवसरका लागि र भ्रष्टचार र नातावाद हुन नदिन सामुदायिक अगुवाहरूलाई भर्ना प्रक्रियामा संलग्न हुन दिनु हुँदैन । यसका अतिरिक्त निम्न कुरामा ध्यान दिनुपर्छ :

- आवेदन दिने र भर्ना गर्ने काम नियमपूर्वक हुनुपर्छ ।
- कर्मचारी भर्ना गर्ने संस्थाले रिक्त स्थानको सूचना खुलारूपमा गर्नुपर्छ ।
- संस्थाले पारदर्शी र वस्तुगत आधार अपनाउनुपर्छ ।

सकेसम्म रोजगारको अवसरको एउटा अनुपात स्थानीय जनताका लागि पनि हुनुपर्छ । यसले स्थानीय समुदायलाई आर्थिक मद्दत गर्नुका साथै सम्पक बढाउँछ र स्थानीय बासिन्दा र शिविरवासीबीच तनाव कम गर्न पनि सहयोग गर्छ ।

!शिविरमा कुनै प्राविधिक काम गर्न लागिएको छ र आवश्यक दक्ष श्रमिकको अभाव छ भने एउटा विकल्प स्थानीय समुदायबाट प्रशिक्षक कामदारको खोजी गरी नाइकेका रूपमा काममा लगाउन सकिन्छ । शिविरवासीले प्रशिक्षार्थी कामदारका रूपमा काम गर्न सक्छन । यस्तो व्यवस्थाले शिविरवासी जनसंख्यालाई दक्ष प्रशिक्षकसँगै काम सिकारु कामदारका रूपमा परियोजनामा काम गर्ने, शिविरका सुविधामा सुधार गर्ने र यस क्रममा  नयाँ सीप सिक्ने अवसर मिल्नेछ । फलस्वरूप पछि आयमूलक रोजगारको अवसर पाउन सकिन्छ ।

**स्वयंसेवी कि पारिश्रमिक युक्त सहभागिता**

कामका लागि पारिश्रमिक दिने कि नदिने भन्ने निर्णय गर्दा थुप्रै पक्षमा ध्यान दिनुपर्छ । कसैले पूरै समय काम गरेको छ भने आफ्नो परिवार पाल्नका लागि अर्को काम गर्न नभ्याउने हुनाले पैसा दिनु उचित हुन्छ । धेरैलाई सुविधा वा फाइदा हुने काम जस्तै बजारमा शौचालय सफा गर्ने कामका लागि पनि पैसा दिनु उचित हुन्छ भने आफ्नै टोलमा शौचालय सफा गर्दा ज्याला दिनु उपयुक्त हुँदैन । ज्याला दारी काम लगाउँदा वा पैसा दिँदा अनियमितता र भ्रष्टाचारको जोखिममा पनि ध्यान दिनुपर्छ । कुन काम गर्दा पारिश्रमिक दिने र कुन काम सित्तैमा लगाउने भन्ने निर्णयले विवाद उत्पन्न गराउन सक्छ । समिति वा शिक्षक - अभिभावक संघ, बाल कल्याण संघजस्ता सामुदायिक समूहका बैठकमा सहभागी हुँदा स्वयंसेवीरूपमा काम गर्नु बढी स्वीकार्य हुनसक्छ । जेहोस्, स्वयंसेवी र पारिश्रमिक पाइने कामसम्बन्धी धारणा सन्दर्भसापेक्ष हुन्छ र शिविर व्यवस्थापन निकायले यसमा विचार पुऱ्याएर रणनीति बनाउन र औचित्य साबित गर्नुपर्छ । शिविरमा थुप्रै कामहरू हुन्छन् जसका लागि कर्मचारी भर्ना सकिन्छ वा ज्याला दिएर काममा लगाउन वा स्वयंसेवीका रूपमा परिचालन गर्न सकिन्छ ।

काम गरेबापत पारिश्रमिक दिइने अवस्थामा शिविरभित्र सेवा उपलब्ध गराउने सबै निकायहरू समान पारिश्रमिक दिउन् र स्वयंसेवीले गरेको कामको पनि सोही तुलनामा हिसाब गरियोस् भन्नेमा शिविर व्यवस्थापन निकायले ध्यान दिनुपर्छ । शिविरको थालनीमा नै कस्तो कामका लागि पैसा दिइने हो र कस्तो कामका लागि नदिइने भन्ने विषयमा सम्झौता गर्नुपर्छ ।

When it comes to deciding whether or not to offer compensation there are severalfactors to be considered. It may be justified to pay somebody who is workingfull time as this will mean that s/he is unable to take on other paid work to supportfamily members. Work which serves the wider interest – such as cleaning latrines in the marketplace – may justifiably be remunerated, while somebody cleaning latrines in dwelling blocks may not. It is important to consider the risks taken by the employee and whether offering

! ज्यालादारी र स्वयंसेवी कामका सम्बन्धमा भ्रम नपरोस् भन्नाका लागि यस सम्बन्धी निर्णयको शिविर व्यवस्थापन निकायको सूचना सञ्चार पारदर्शी हुनुपर्छ ।

### समूहको उचित प्रतिनिधित्वको सुनिश्चितता

केही व्यक्ति वा समूहलाई सांस्कृतिक, शारीरिक र/वा मानसिक कारणले संलग्नतामा बाधा परेको हुन्छ । शिविर व्यवस्थापन निकायका लागि प्रतिनिधिमूलक संलग्नता हासिल गर्न थुप्रै समय र प्रयत्न लाग्ने हुनसक्छ । पन्छाइएका वा सीमान्तीकृतहरूको उचित सहभागिता सुनिश्चित गर्नु निकै चुनौतीपूर्ण हुनसक्छ । यस्तो समूहसँग काम गर्दा मुख्य लक्ष्य जोखिम कम गर्ने र उनीहरूलाई शारीरिक हानि र / वा शोषणबाटा जोगाउने हुनुपर्छ । उनीहरूको उचित सहभागिताका लागि शिविर व्यवस्थापन निकायसँग सही सूचना हुनु आवश्यक हुन्छ तर त्यस्तो जानकारी प्राप्त गर्न निकै कठिन हुन्छ । प्रायश: सबैभन्दा जोखिममा रहेको समूह लुकेको र कम देखिएको हुन्छ । उदाहरणका लागि शिविरमा सबैभन्दा बढी प्रचारप्रसार र आदानप्रदान गरिने सूचनाका स्रोत अधबैसेहरू हुन्छन् तर उनीहरू बिरामी एकल महिला, अपांगता भएका बालबालिका वा लैंगिक हिंसाको जोखिममा भएका महिलाका बारेमा धेरै जान्दैनन् वा बताउन चाहँदैनन् ।

! विशेष आवश्यकता र बढी जोखिममा भएका समूहसम्बन्धी सूचनामा पहुँच कायम गर्न जोखिम कम हुने गरी संवेदनशीतापूर्वक र सुनियोजितरूपमा प्रयास गर्नुपर्छ

### विशेष आवश्यकता भएका व्यक्तिहरू

सामान्यता: निम्न समूह शिविरमा पर्याप्त सहभागिता नहुन सक्छ :

- महिला
- बालबालिका र युवा
- बालबालिका घरमूली भएका परिवार
- महिला घरमूली भएका परिवार
- पाका व्यक्तिहरू
- शारीरिक वा मानसिक अपांगता भएकाहरू
- बिरामी व्यक्तिहरू
- एचआईभी/एड्स संक्रमित व्यक्तिहरू

प्रत्येक सन्दर्भ बेग्लाबेग्लै हुने हुनाले शिविर व्यवस्थापन निकायले शिविरमा रहेका जोखिममा परेका र विशेष आवश्यकता भएका समूह पहिचान गर्नु महत्वपूर्ण हुन्छ । यिनमा जाति वा धार्मिक अल्पसंख्यक, एकल पिता वा शिविर भएको ठाउँभन्दा टाढाका बासिन्दा समावेश हुन सक्छन् ।

!शक्ति र सहभागिता
शक्तिशालीलाई संलग्न गराउनुभन्दा बढी जोखिममा भएको समूहलाई संलग्न गराउनु बढी कठिन हुन्छ । शक्तिशालीमात्र संलग्न गराइए भने सहभागिताले विद्यमान शक्ति संरचनालाई बलियो बनाउँछ र शोषणमूलक वा दमनमूलक हुन सक्छ । शिविर व्यवस्थापन निकायले कुनै समूहको संलग्नतामा सम्भावित अवरोधको मूल्यांकन गर्नुपर्छ । यस्ता अवरोध देखिन सक्छ तर सबै नभए पनि धेरै चाहिँ नदेखिने हुन्छन् । शिविर व्यवस्थापन निकायले सहभागिताका प्रकारहरूसम्बन्धमा सांस्कृतिक दृष्टिबाट मूल्यांकन गर्नुपर्छ । केही समाजका लागि विचार अभिव्यक्ति वा निर्णय प्रक्रियामार्फत् सहभागिताको अवधारणा नौलो लाग्छ । बलियो परम्परागत संरचनाले सहभागितालाई जटिल बनाउँछ ।

महिलाहरुको लागि संरक्षण आवश्यकताका बारेमा बुझेर र उनीहरुलाई योजना तर्जुमा तथा निर्णय प्रक्रियामा सहभागी गराएर संरक्षणसँग सम्वन्धित विभिन्न समस्याहरुको रोकथाम गर्न सकिन्छ । महिला सहभागीता भनिए जस्तो कठिन कुरा चाहिँ होइन यद्यपी यो प्रकिया आफैमा जटिल एवं चुनौतिपुर्ण हुन सक्दछ । पुरुषप्रधान समाजहरुमा जहा महिलाहरु सार्वजनिक क्षेत्र बाहिर हुन्छन्, त्यस्ता अवस्थामा पनि महिलाहरु घरायसी मामलामा मुख्य निर्णयकर्ता भएको पाउन सकिन्छ । मानवीयसहायता निकायहरुले महिलाहरुको घरायसी सरोकारका विषयमा केन्द्रित भई सो क्षेत्रमा उनीहरुको प्रभावका सम्वन्धमा महिला सहभागिताका लागि मद्दत गर्न सक्दछन । शिविरभित्रको सान्दर्भिकता बोकेको विषय मात्र हुँदा पनि, शिविर व्यवस्थापन निकायले समेत घरायसी स्तरमा महिलाहरुको राय तथा सिफारिसहरु कलह झगडा पैदा नगरीकन सुनिएको वा पहुँच पाएकोमा ध्यान दिनु पर्दछ । यो विधि समुदायको आवश्यकता सम्वोधन गर्न अझ प्रभावकारी हुने पाइएको छ किनकी यो व्यवहारिक सम्वन्ध , व्यवहार र प्रभावमा आधारित छ । महिलाहरुलाई प्रभावकारी रुपले सहभागी गराउने रणनीतिहरुमा परंपरामैत्री महिलाहरुको विशिष्ट सामाजिक अवस्था र विद्यमान सास्कृतिक भूमिकाहरुको उपयोग गर्न सकिन्छ ।

!शिविर व्यवस्थापन निकायहरु छनौट गरिएका रणनीतिहरुले महिला शोषण बढवा, निरन्तरता वा क्षमा नदिओस भन्ने कुरामा सचेत हुनु पर्दछ । विस्थापन, विद्रोह तथा कलहले लैगिक विभेद र अथवा असमानता बढाउने वारेमा व्यवस्थापकहरु सदैव सचेत हुनु पर्दछ ।

साँस्कृतिक हिसावले नै महिलाको भनी हेरिने धेरै समय लाग्ने घरायसी कामहरु महिला सहभागिताका अवरोधहरु हुन सक्दछन । त्यसमा पनि विस्थापित महिला असहज प्रकारका पारिवारिक सदस्यप्रतिको जिम्मेवारीहरुले गर्दा अस्तव्यस्त भई अरु गतिविधिहरुको लागि समय अभावमा हुन्छिन । तसर्थ जुनसुकै प्रकारको सहभागितामुलक प्रयासहरु योजना गरिएको हुनुपर्दछ जसले मानिसहरुको दिनचर्या, अपेक्षा तथा अनुभवहरुमाथि ध्यान पुरयाउन सकोस । लक्ष्य, उदेश्य, संभावित अवरोध, अतिरिक्त सहायता तथा रेखदेख जस्ता कुराहरुमा उचित ध्यान दिनु पर्दछ । अतिरिक्त सहायताको उदाहरणमा बालबच्चा हेरचाह व्यवस्था, संभावना तथा उपयुक्त भएमा घरायसी मामलाको बारेमा अनुभुति आदान प्रदान पर्न सक्दछन ।

**महिलाको आवाज सुन, स्थलबाट आवाज**

बुरुण्डीको शरणार्थी शिविरमा युवा तथा जवान मानिसहरु मात्र आफ्ना समस्या, चाहाना वा सरोकार लिएर अफिसमा आउने गरेको मैले चाडै महशुस गरे । महिलाहरु मसंग (महिला शिविर व्यवस्थापक) उनीहरुका समस्याहरु लिएर आउन कुनै समस्याहरु नहोला भनी सोचेर । किन त्यसो भएको होला भनी म छक्क परे । म प्राय: दैनिक रुपमा शिविर वरिपरी दुई पटक हिड्ने गर्दथे र सोही क्रममा थाहा पाएँ कि महिलाहरु असाध्यै व्यस्त हुँदा रहेछन् र हामीकहाँ आउन भ्याउँदा रहेनछन् । उनीहरु त खाना पकाउने, बच्चाबच्ची हेर्ने र झुप्रो कुरेर बस्नमा व्यस्त हुँदा रहेछन । व्यस्त महिलाहरुकहाँ पुग्ने औजारको रुपमा मेरो दैनिक हिडाई साबित भयो । यसरी हिड्दा शिविर व्यवस्थापन कर्मचारीलाई शिविरको वातावरण महशुस गर्न, सुन्न तथा जान्न, र आफ्नो कार्यालयमा आउन नभ्याउने वा आट नहुनेहरुका नजिका पुग्न मद्दत गर्दछ । अर्को महत्वपुर्ण दृष्टिगत पक्ष पनि छ सो के भने शरणार्थीहरुका बालबच्चा बसोवास प्रति हामी जान्न थाहा पाउन चाख राखेको महशुस गर्दछन् जुन अत्यधिक महत्वपुर्ण कुरा हो ।

आफूले आफैलाई हेरचाह गर्न नसक्नेहरुलाई समुदायहरुले हेरचाह पुऱ्याउनु पर्दछ भन्ने केही मानिसहरु मान्यता राख्दछन् । यथार्थमा मानिसहरु शिविरमा अरुको हेरचाह गर्नको सट्टा आफ्नै परिवारजनको हेरचाहमा नै व्यस्त रहन्छन् । शिविर व्यवस्थापन निकायहरुले परम्परागत सहायता प्रणालीहरुका बारेमा हेक्का राख्नु पर्दछ र सामुदायिक अगुवाहरुसँग मिली सोको उपयोग गर्नु पर्दछ । आश्रय स्थल निर्माण गर्न नसक्नेहरुलाई सामुदायिक सहायता, पानी ल्याउन वा सामुदायिक भवन सम्म जान आदिमा मद्दत गनुपर्दछ । शिविर व्यवस्थापन निकायहरुले कुनै प्रकारको भुक्तानी प्रदान गर्नु पर्दछ जसमा सामान्य आर्थिक लाभ वा खाद्य पदार्थ, वा निर्माण सामग्री पर्न सक्दछन् र यसबाट समुदायका कमजोर सदस्यहरु तथा विशिष्ट आवश्यकता भएकाहरुका लागि यस स्तरको (न्युनतम) हेरचाह सुनिश्चित हुनु पर्दछ । मानवीय सहायताकर्मीहरुले संकटको स्थिति तथा बन्चितिकरणले मानिसहरुमा राम्रो अवस्था पैदा गर्दैन भन्ने कुरा स्मरण गर्नु आवश्यक छ । प्राय:जसो मानिसहरुले तिनीहरुकै लागि घरायसी मामलामा सहायता गर्ने पक्षहरुमा समय खर्चिनु पर्दछ र धेरै जसो शिविरबासीहरुका लागि यो आफैमा चुनौतिपुर्ण कार्य हो ।

! सहभागिता तथा सामुदायिक प्रतिनिधित्व यस्ता सन्दर्भ सापेक्ष प्रक्रियाहरु हुन जहाँ सम्वन्ध र विश्वास निर्माण गरिनु पर्दछ । हामीले कसैको पनि अवसरहरुमा तगारो बन्ने प्रकारका परंपरागत भूमिकाहरुलाई निरन्तरता दिनु हुदैन अथवा अन्तराट्रिय संरक्षण मापदण्ड बिपरीत जानु पनि हुदैन, हुनत हामी खुलेर परंपरागत मुल्य मान्यता तथा सामुदायिक संरचनाहरुलाई चुनौति दिन भने सक्दैनौ । हामी सरलिकृत लोकतन्त्रको विचारहरु तथा निर्णय प्रकिया सम्वन्धी विधिहरु नलादन वा विस्थापित समुदायहरु पुनर्संरचना गर्ने सम्वन्धमा सतर्क हुनु पर्दछ । संरक्षण मापदण्डहरुमा आँच नआउने गरी हामीले अझ तटस्थ रणनीतिहरु पहिचान गर्नु पर्दछ जुन सास्कृतिक रुपमा स्वीकार्य एवं प्रभावकारी हुन्छ ।

## तालिम तथा प्रशिक्षण

तालिम तथा प्रशिक्षणबाट सहभागिता प्रवर्द्धन गर्न सकिन्छ । यो विद्यमान सीपहरु कायम गर्न वा नविन सीपहरु विकास गर्नका लागि पहिचान गर्ने तरिका हो । यसबाट निम्न विषयहरुमा सचेतना अभिबृद्धि वा शिक्षा प्रदान गर्न सकिन्छ :

- मानव अधिकार
- शरणार्थी अधिकार
- आन्तरिक विस्तापित सम्वन्धी निर्देशक सिदान्त
- अधिकारवाला तथा कर्तव्यपालक
- शिविरमा भूमिका तथा जिम्मेवारी
- सहभागिताको महत्व ( अन्य विषय बाहेक )
- समुदायमा आधारित क्रियाकलापहरु लाई सहायता, उत्प्रेरणा तथा हौसला कसरी गर्ने
- व्यवस्थापन रणनीतिहरु विकास गर्न कसरी सहयोग गर्ने
- प्रारम्भिक तालिम कार्यक्रमको जाँचबुझ गर्ने तथा शिविरभित्रका नया सीपहरु विकास गर्ने वा विशेष गतिविधिहरु संचालन गर्ने समूहरुलाई जारी सहायता एवं मार्गदर्शक प्रदान गर्न प्रशिक्षण प्रभावकारी उपाय हुन सक्दछ । उदाहरणका लागि शिविर व्यवस्थापनका लागि तालिम प्राप्त शिविरका समितिहरुले शिविरका कर्मचारीबाट विशेष प्राविधिक क्षेत्रहरुमा उनीहरुलाई मद्दत गर्न साप्ताहिक वा पाक्षिक प्रशिक्षण लिन सक्दछन् ।

तालिम क्षमतावान कर्मचारीहरुको समूह तयार गर्ने एक महत्वपुर्ण तरिका हो । शिविर व्यवस्थापन निकायले अरु सेवा प्रदाताहरुसग आवश्यकीय अतिरिक्त तालिम उपलब्ध गर्न र अन्य निकायहरुसँग तालिम स्रोतसाधानहरु सगठित गर्न समन्वय गर्न सक्दछ । समयको साथसाथै पदपुर्ति

आवश्यकताहरु परिवर्तन हुन्छन भन्ने कुरा सम्झनु पर्दछ । कर्मचारीहरुलाई विभिन्न पदहरुमा घुमाईफिराई पदस्थापन गर्न सकिन्छ र समितिका नया सदस्यहरु निर्वाचित गर्न सकिन्छ ।

! तालिम आवश्यकताहरु निरन्तर तथा चालु पहलका रुपमा हुनु पर्दछ र यो शिविर व्यवस्थापन निकायको जिम्मेवारी हो ।

त्यसै गरी, तालिमको सन्दर्भमा स्थानीय समुदाय तथा अधिकारीहरुमा रहेको विद्यमान सीप तथा उनीहरुको आवश्यकताको ध्यान पुरयाउनु पर्दछ । स्थानीय सरकारी अधिकारीहरुको पनि शिविर व्यवस्थापनमा रुची हुन सक्दछ र स्थानीय समुदायहरुमा पनि रोजगारीका अवसरहरुको आवश्यकता भएको हुन सक्दछ ।

कर्मचारीलाई दिइने तालिम विशेष तथा प्राविधिक क्रियाकलापहरुको लागि तय गर्न सकिन्छ । उदाहरणको लागि पंजिकरण, वितरण वा ढल निकास आयोजना अथवा अन्य व्यापक तथा आधारभुत रुपमा प्रयोगमा आउने विभिन्न अरु शिविर व्यवस्थापन सम्वन्धी कार्यहरु जस्तै प्रशासन सम्वन्धी, वैठकका निर्णय टिपोट गर्ने वा सूचना पाटी परिमार्जन गर्ने कामहरु ।

संरक्षण अनुगमनकर्ता तथा सामाजिक कार्यकर्ता सम्वन्धी तालिमले सान्दर्भिक आवश्यकताहरु तथा सास्कृतिक मुद्दाहरु सम्वोधन गर्नु पर्दछ र देहायबमोजिम सत्रहरु समावेश गरिनु पर्दछ :

- संरक्षण तथा मानव अधिकार
- अनुगमन विधि
- अन्तवार्ता लिने सीप
- विश्वासनियता तथा तथ्यांक सुरक्षा
- अभिलेखीकरण
- जोखिम समुहहरु
- सहभागितामुलक लेखाजोखा विधि
- अनुगमनको पृष्ठपोषण तथा पुनरावलोकन

शिविर समितिहरुले उनीहरुको उदेश्यहरु अनुसार प्राविधिक विषयहरुका साथसाथै संलग्नता, सहभागिता तथा प्रतिनिधित्व सम्वन्धमा तालिम हासिल गर्नु पर्दछ ।

**लम्बिएको विस्तापित अवस्थामा सहभागिता**

**स्थलबाट आवाज, केन्या**

“लम्विएको विस्थापित अवस्थामा , धेरै बर्षको सहायताले समुदायको संचालन सयन्त्रहरु कमजोरपार्न सक्दछ । वितरीत सहायताहरु स्वीकार्ने र चुपचापले कुनै प्रकारको पहल नगरी बस्नालेपरनिर्भरता बढाउदछ जसले थप कमजोरीपनाको निरन्तरता गराउँदछ र अन्ततोगत्वा मर्यादा तथाआत्मविस्वास ह्रास आउँदछ । सयौं निकायहरु, अनुगमनकर्ताहरु, विज्ञहरु र विश्लेषण समूहहरुलेभेटघाट, सयौं समुह केन्द्रित छलफल, अन्तवार्ता तथा वैठकहरु संचालन भएको पाइन्छ।मुस्किलैले उनीहरुको जीवनमा सुधार भएर, मानिसहरुले विशेष जवाफहरु पुरा गरको, र यसबाटविश्वास निर्माण गर्न वा तथ्यमा पुग्न सकिएको स्थिति छ । शिविरमा अधिकास समुदायकाप्रतिनिधिहरुले असख्य तालिममा भाग लिएका छन । प्रायजसो यिनीहरु शिविरसग सम्वन्धित मुख्यसवालहरुमा सचेतना अभिवृद्धि जस्तै स्तनपान, लागु औषध दुर्वस्यनी तथा एड्स आदि पर्दछन् रयिनीहरु धेरै आवश्यक पनि छन् । तालिम अझ बढी अन्तक्रियात्मक बनाउन अझ बढीसहभागितामुलक पद्धतिको सहायता महत्वपुर्ण हुन्छ । तालिमहरु अझ बढी समावेशी प्रकारकापनि हुनु पर्दछ । केही शिविरका अगुवाहरु दोहोरीयाइकन तालिम दिएको हुनसक्दछ भने कहीलेमौका नै नपाएको स्थिति हुन सक्दछ । लम्विएका स्थितिमा शिविर व्यवस्थापन निकायहरुले अन्यप्रकारका तालिमहरुको बारेमा पनि विचार गर्नु पर्दछ जसले जीवन तथा पेशागत सीप, व्यवसायगतप्राविधिक सीप विकास गराउदछ । यस प्रकारका तालिमहरु शिविर समुदायमा पनि उच्च मागहुने गर्दछ ।”

## सूचना अभियानहरु

सूचना अभियान व्यापक रुपमा सामूदायिक सचेतना अभिवृद्धि गर्ने र विशेष बिषय एवं क्रियाकलापहरमा सहभागिता हासिल गराउने एक सशक्त औजार हो । सुरक्षा अवस्थाको मध्यनजर गरी , शिविर व्यवस्थापन निकायहरुले शिविरबासीहरुको पुरानो बसोवास स्थलको स्थितिबारेका सार्वजनिक सूचनाहरु प्रवाह गर्न सक्दछन् । यसबाट आफनो घरगाउँको ताजा सवर थाहा नपाएर विस्थापितहरुमा पैदा हुने नैराश्यता कमी हुने र यसको साथ साथै यसबाट तथ्यपुर्ण निर्णय प्रक्रियामा मद्दत पनि मिल्दछ । किनभने सूचनाबाट विस्तापितहरुमा वास्तविक समयावधिक एवं दीर्घकालीन समाधान सम्वन्धी छलफलमा सहभागि हुन प्रोत्साहन मिल्दछ ।

शिविर व्यवस्थापन निकायहरुले उनीहरुले आफ्नो जिम्मेवारी क्षेत्रभित्र सूचना अभियान बन्दोबस्त मिलाउनु पर्दछ जस्तै पुर्वाधारहरुको उचित उपयोग तथा संभारका विषय हुन सक्दछ । अन्य गैर

सरकारी निकायहरुले विशेष विषयहरु जस्तै दादुरा खोप वा व्यक्तिगत सरसफाइ सम्वन्धी अभियान संचालन गर्नु पर्दछ ।

! बासिन्दाहरुलाई नौलो नहुने विधिहरु उपयोग गरीएको तथा सृजनात्मक भएको अवस्थामा सूचना अभियान अझ बढी प्रभावकारी हुन्छन् । उदाहरणको लागि चित्र तथा गीतहरुको प्रयोग । साक्षरहरुको आवश्यकता र अन्य समूहरुको बिशेष आवश्यकताहरुको पनि हेक्का राख्नु पर्दछ ।

## सहभागिताको दुरुपयोग

जुनसुकै प्रकारका मानवीय सहायता पहलहरुमा कोष तथा सम्पतिको हिनामिना र सहायताको दुरुपयोग एक मुख्य जोखिम हुन सक्दछ । विस्तापित समुदायबाट छनौट गरी पदपुर्ति गरिएका कर्मचारीहरु देनिक रुपमा उनीहरुका साथीसंगीहरुबाट दवाव झेल्दैहुन्छन् । खासगरी , पंजिकरण तथा वितरण मा संलग्न कर्मचारीहरु विभिन्न चुनौतिहरु सामाना गर्नु पर्दछ र उनीहरु साथीभाइ, नातागोता वा समुदायका अगुवाहरुबाट घुस वा धम्कीको स्थिति बहन गर्न धौ धौमा पर्न सक्दछन् । यस प्रकारका जोखिमहरु न्यनीकरण वा सम्बोधन गर्ने कुनै शीघ्र ठ्याक्कै भन्न सकिने समाधान भने छैनन्। तथापि निम्नानुसार भए गरेमा यसमा केही सरलता भने हुन सक्दछ:

- ध्यान दिएर तथा पारदर्शी ढंगले पदपुर्ति गरेमा
- तालिम दिएर
- आचार संहिता कार्यान्वयनमा ल्याएर
- कर्मचारीहरुलाई बाम्बार आलोपालो पदस्थापन गरेर
- स्थानीय स्तरका कर्मचारी तथा विस्तापित समुदायका गरी दुवै प्रकारका कर्मचारीहरुको समूह गठन हुने सुनिश्चित गरेर
- कार्य विवरण तयार गरी भूमिका, जिम्मेवारी तथा सेवाका शर्तहरु स्पष्ट गरेर
- अनुगमन तथा विश्लेषण प्रक्रियाहरु उपयोग गरेर
- आदर्श पारदर्शीता, इमान्दारीता तथा खुलापन प्रोत्साहन गरेर
- गोप्य शिकायत प्रकिया संस्थागत गरेर
- गैह्र आचारण गत बिषयहरुमा एकैनासको व्यवहार गरेर
- उच्च नैतिक आचारणको मान्यता तथा पुरस्कृत गरेर

! शिविर व्यवस्थापन निकाय सहभागितालाई कसरी बुझ्ने भन्ने विषयमा सचेत हुनु पर्दछ । सहभागी हुन नदिइएको महशुस गर्नेहरु निरास तथा रिसाउन सक्दछन । विशेष अवसरपाएका समूह वा व्यक्तिहरुका लागि भनी सहभागितामुलक विधि अवलम्वन गरीएमा खैलावैला वा द्वन्द्वको स्थिति पैदा हुन सक्दछ ।

## द्वन्द्व समाधान तथा सहभागिता

विस्थापित व्यक्तिहरु खासगरी द्वन्द्वको स्थितिमा र शिविरमा बसेको अवस्थामा तनाव, भय एवं शंका अनुभुति गरिरहेका हुन्छन जसले गर्दा आन्तरिक द्वन्द सजिलैसग सल्कन सक्दछ । शिविर व्यवस्थापन निकाय परंपरागत द्वन्द्व समाधान रणनीतिहरु तथा संयन्त्रहरुका बारेमा जानकार हुनु पर्दछ । यिनीहरु शिविर स्तरका द्वन्द्व व्यवस्थापन गर्न उपयोग गरिनुपर्दछ जसमा निम्नानुसार कुराहरु पर्दछन्

- आन्तरिक कलहहरु शान्तिपुर्वक समाधान गर्ने गुनासो समितिहरु
- अन्य शान्ति निर्माण पहलसग सम्वन्धित मानिसहरु , तर उनीहरुमा आफूभन्दा सानाहरुप्रति सम्मानको भावना हुनु पर्दछ
- सम्मानित सामुदायिक तथा समूह प्रतिनिधिहरु
- आचार संहिता, शिविरमा परिपालना गर्नु पर्ने नियमहरु स्पष्ट गर्ने

! समुदायका अगुवाहरु (मुखियाहरु) कहिलेकाही कलहका वीउ हुन सक्दछन । जतिवेलाअगुवाहरुले मान्यता पाउदैन वा भ्रष्टका रुपमा हेरिन्छन वा उनीहरुको प्रतिनिधित्व हुदैन , त्यसअवस्थामा सेवा प्रदाता वा शिविर व्यवस्थापन निकाय लाई पक्षपातीका रुपमा हेरिन्छ ।

पूर्व विस्थापन रणनीतिहरु हराएको वा फेरिएको हुन सक्दछ र शिविरबासीहरुमा उत्पन्न विवाद मिलाउने बैकल्पिक तरिकाहरु पहिचान गर्ने जिम्मेवारी चाहि शिविर व्यवस्थापन निकायको हो । केही निश्चित गैह आपतकालीन अवस्थामा शिविर विनियम लागू गर्ने बारेमा ध्यान दिन सकिन्छ । संयुक्त राष्ट्र संघीय शरणार्थी सम्बन्धी उच्चायुक्तसँग शिविर नियम तथा नियमालीहरु तर्जुमा कार्यान्यन सम्वन्धी अनुभव छ र यस सम्वन्धमा परामर्श लिन सकिन्छ । विवाद तथा कलह मिलाउनका लागि निम्नानुसार ध्यान दिनु पर्दछ:

- सेवा सहायताको समान पहुच सुनिश्चितता
- पारदर्शी, समयबद्ध तथा प्राप्य सूचना व्यवस्था
- कार्यक्रम, प्रक्रिया, अख्तियारी सम्वन्धी स्पष्ट सूचना व्यवस्था
- गुनासो सुनुवाई प्रक्रिया तथा संयन्त्रको व्यवस्था

- संचार तथा निर्णय प्रक्रियामा प्रभावकारी पुनरावलोकन निगरानी तथा पृष्ठपोषण व्यवस्था

## सम्वन्धित समुदाय र सहभागिता

माथि उल्लेख भए बमोजिम, स्रोत साधानहरु प्रतिको प्रतिस्पर्धा र स्थानीय आवश्यकता प्रतिको बेवास्ताले शिविरबासी र स्थानीय बासिन्दाहरु बीच संघर्ष बढाउँदछ । शिविर व्यवस्थापन निकायले विस्थापितहरु र स्थानीय समुदायहरुको बिचमा मध्यममार्गी भूमिका निभाउनु पर्दछ , र यस क्रममा त्यस्ता विवाद बढाउने कुराहरु पहिचान गर्ने र दुवै समुदायसग मिलेर काम गर्ने सन्दर्भमा अग्रणी भूमिका निभाउनु पर्दछ ।

मुलत: स्थानीय समुदायहरु नै द्वन्द वा प्रकोपबाट प्रभावित वा ग्रसित भएको अवस्थामा स्थानीय आवश्यकताहरु पहिचान अति नै महत्वपुर्ण हुन्छ । कहिलेलाही सम्वन्धित स्थानीय समुदायको जीवनस्तर शिविरमा बस्नेहरुको भन्दापनि न्यून कोटीको हुनसक्दछ । र जल, जंगल, जमिन तथा रोजगारी समाप्त होला भनी उनीहरु शिविरको उपस्थितिबाट सशंकित हुन सक्दछन् । शिविर वरिपरिका स्थानीय बासिन्दाहरु शिविरबासीहरु, खासगरी जो शिविर छाडेर अन्यत्र जान्छन् तिनीहरु ससस्त्र समुहहरु संग सम्वन्धित होलान् भनेर उनीहरुको  व्यवहार प्रति चासो राख्न सक्दछन् । स्थानीय मानिसहरु आफ्नो ठाउका महिला र केटाकेटीहरु शिविर भित्रका मानिसहरुसग घुलमेल भई आफनो धर्म सस्कृति, जीवन शैली र वा भाषामा फरक पर्ला कि भनेर भयभित हुन्छन् ।

यस प्रकारको  स्थानीय र विस्तापित समुदायहरु बीचको द्वन्द्वले विभिन्न पक्षहरुमा प्रभाव पार्दछ र यस अवस्थामा अन्तर निकायगत पद्धतिको आवश्यकता पर्दछ ।  शिविर व्यवस्थापन निकायले शिविरबासीहरु र स्थानीयबासिन्दाहरु बीच संपर्क स्थापना गर्नु पर्दछ साथै सम्वन्धित स्थानीय समुदायका प्रतिनिधिहरुसंग परामर्श लिइएको र शिविर व्यवस्थापन बैठकमा उनीहरुको उपस्थिति भएको सुनिस्चित गर्नु पर्दछ । सम्वन्ध निर्माणका संभावित तरिकाहरुमा निम्न कुराहरु पर्न सक्दछन्:

- शिविरमा स्थानीय मानिसहरुलाई रोजगारी दिएर
- सेवा प्रदाताहरु मार्फत सम्वन्धित स्थानीय मानिसहरुलाई सहयोग गरेर
- सामाजिक उत्सवहरु आयोजना गरी दुवै समुदायहरुलाई सहभागी गराएर

- बृक्षारोपण जस्ता क्रियाकलाप निर्धारण गरी दुवै पक्षहरुलाई संयुक्त रुपमा संलग्न गराएर
- आय आर्जन सम्वन्धी गतिविधिमा सहयोग गरेर

शिविर व्यवस्थापन निकायले समुदायहरु बीच भएका अन्तरक्रियाहरुको अनुगमन गर्नु पर्दछ र बारंवार रुपमा स्थानीय अगुवाहरु तथा अधिकारीहरुसग समन्वय गरी संभावित सघर्ष पहिचान गरी स्थितिलाई नियन्त्रणमा राख्नु पर्दछ ।

**^"आवस्यकता भन्दा बढी मानिसहरु " :स्थलगत आवाज**

"जब शिविरको फुटवल टोली प्रान्तिय फुटवल क्लबमा भाग लियो र स्थानीय पक्षको विरुद्ध जसमा प्रहरी तथा सैनिक समेत थिए जित्नको लागि व्यवस्थापन गर्‍यो, मैले अनुभव गरेकी खेलाडीहरु तथा प्रशिक्षक र सबै दर्शकहरु केवल "शरणार्थीहरु" अथवा "शिविरका वासिन्दाहरु" आवस्यकता भन्दा सधै धेरै थिए, आवस्यकता पर्दा सधै थिए र सधै कठिनाइमा थिए । मैले यो फुटवल टुर्नामेन्टमा पागलपना पूर्ण चासो र ब्यस्तता देखे, यो पागल खुशीमा मैले फुटवल प्रतियोगिताहरुबाट घरमै चिनें । अचानक हामी सबै विच एउटा साझा कुरो थियो,एउटा त्यस्तो सम्बन्ध जसमा आवस्यकहरु र समस्याहरु भन्दा कुरा गर्ने विषय अरुनै थिए ।"

## शिविर व्यवस्थापन सम्बन्धि रुजुसूची

- ☐ प्रभावकारी सहभागीताका निमित्त आवस्यक समय तथा साधनहरु लागि शिविर व्यवस्थापनको अंगको रुपको योजना गरीन्छ र वजेट छुट्याइन्छ ।
- ☐ शिविरका कर्मचारीहरुलाई तालीम दिइन्छ र सहभागीता तथा सम्लग्न संयन्त्र हरुमा सहयोग गरिन्छ ।
- ☐ शिविर भित्रको वर्तमान सहभागीतामूलक संरचनारु आँकलन गरिएको हुन्छ ।
- ☐ तिनीहरुको भिन्नता तथा समानताहरु समावेशी तथा उपयुक्त सहभागीता संरचनाहरुबारे जानकारी दिन प्रयोग गरिएको छ ।
- ☐ विशेष आवस्यकताहरु भएका समुहहरु तिनीहरु जो नाजुक अथवा सिमान्तीकृतको प्रतिनिधित्व हुन्छ , सँलग्न हुन्छन् र सहभागीता जनाउँछन् ।
- ☐ सहभागीताको तथा सँलग्नताको महत्वका वारेमा शिविर व्यवस्थापन निकायले वकालत गर्दछ ।
- ☐ शिविरका सेवा प्रदायकहरुले सहभागीतामुलक पद्धती अपनाउँछन् ।
- ☐ पहिचान गरीएका उपलव्ध नेताहरु भेटघाट गर्दछन् र थप वैठकहरु तथा नक्सांकन अभ्यासहरुबाट सहभागीता निर्माण गरिन्छन् ।
- ☐ विद्यमान जनसंख्या भित्रका शक्ति संरचनाहरु आवस्यकता अनुसार प्रयोग गन्छिन् तथा प्रतिनिधिमुलक तथा प्रत्यक्ष सहभागीता सुनिश्चित गरिन्छ ।

- परम्परागत शक्ति असमानताहरु पहिचान गरिएको हुन्छ र मानिसहरुको निश्चित हिस्सालाई नअलग्याइ कन अनुगमन तथा न्यायका लागि काम गरिन्छ ।
- नेताहरु निर्वाचित, नियुक्ति पाएका अथवा छानिएका हुन्छन् ।
- कार्यादेशहरु, रोजगारी विवरणहरु तथा आचार सहिंताहरु विकास गरिएको हुन्छ ।
- विस्थापित मानिसहरु तथा स्थानीय मानिसहरुको माझमा शिविर भित्रको क्षमता सम्बन्धि आंकलन गरिएको हुन्छ ।
- सबै सेवा प्रदायकहरुलाई पुरुष तथा महिलाहरु, स्थानीय तथा विस्थापित समुदायहरुबाट पहिचान गर्न, जागिरमा राख्न तथा तालिम दिन प्रोत्साहन गरिन्छ ।
- तालिम तथा शिक्षा प्रत्यक्ष सहभागीतालाई प्रोत्साहन गरिएको हुन्छ ।
- आवस्यकता अनुसार सूचना अभियान चलाइएको हुन्छ ।
- फरक समुहहरु नियमित रुपमा भेटघाट गरिएका छन्, पर्याप्त ठाउँ तथा एउटा स्थिर समय तालिका छ ।
- शिविरका कर्मचारी तथा वासिन्दाहरुलाई प्रभावकारी संचार तथा द्वन्द्व व्यवस्थापनमा तालीम दिइन्छ ।
- शिविरका मानिसहरुको सहभागिता र संलग्नताका लागि परियोजना चक्रको सबै चरणहरुमा योजना गरिएको हुन्छ ।
- आंकलन, योजना, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन ।
- शिविर व्यवस्थापन निकाय तथा सेवा प्रदायकहरुका विच शिविरमा क्षतिपूर्ति दिइएको तथा स्वेच्छिक रोजगारीका सम्बन्धमा सहमतिहरु गरिएका हुन्छन् ।

- ☐ उजुरी तथा सम्बोधन संयन्त्रहरु व्यवस्था गरिएका हुन्छन् ।
- ☐ स्थानीय समुदाय शिविर जिवनमा संलग्न तथा सहभागीता जनाउँछन् । एउटा स्वीकारीय तहको समुदाय सहभागीता तथा संलग्नता परिक्षणका निमित्त एउटा अनुगमन पद्दती व्यस्था गरीएको हुन्छ ।
- ☐ सहभागीतामा भएको शक्तिको गलत उपयोग अथवा दुरुपयोगलाई हेरिएको हुन्छ र अनुगमन गरिन्छ । (उदाहरणको निमित्त समुहहरुको संस्थाको सम्बन्धमा सुचांकहरु निर्धारण गरी जनसंख्याको प्रतिशतको प्रतिनिधित्व गरीन्छ तथा यसलाई लिंग उमेर तथा नाजुक तथा नाजुक अवस्थाको विवरण सहत छुट्याइन्छ ।
- ☐ भ्रष्टाचार, नातावाद, समकक्षि दवाव मार्फत हुने सहभागिताको दुरुपयोग तथा आफ्नो स्वार्थको खोजीलाई शिविर व्यवस्थापन निकायद्वारा अनुगमन तथा पर्याप्त व्यवस्थापन गरिएको हुन्छ ।
- ☐ सहभागीता तथा सँलग्नतालाई शिविर व्यवस्थापन निकायको परियोजना चक्रको भागका रुपमा मूल्यांकन गरिनुर्छ ।

## सामग्रीहरु

! अधिकांश औजारहरु प्रकाशनहरु तथा यहाँ उल्लेखित अरु दस्तावेजहरु टुलकीट CD हार्डकपिसँग वाइन्डरमा संलग्न गराई उपलब्ध गराइएको छ । डाउनलोड गर्न मिल्ने अनलाइन सामाग्रीहरु वेभलिंक दिइएको छ ।

M.B. Anderson, 1994. *People-Oriented Planning At Work: A Practical Planning Tool for Refugee Workers.* www.sheltercentre.org/shelterlibrary/items/pdf/UHCR_POPatwork.pdf

- समितिहरु सम्बन्धि रुजुसूची
- लक्षितसमुह सम्बन्धि रुजुसूची
- शिकायत र संबोधन सम्बन्धि रुजुसूची
- लाभप्रापक सम्बन्धि रुजुसूची
- Minu Hemmati, 2002. *Principles of Stakeholder Participation and Partnership: Stakeholder Checklist.* www.aiaccproject.org/meetings/Trieste_02/trieste_cd/ Stakeholders/StakeholderChecklists.doc
- Idealist On Campus. *Power Mapping: A Tool for Utilizing Networks and Relationships.* www.idealist.org/ioc/learn/curriculum/pdf/Power-Mapping.pdf
- Les Termes de Référence du Comité Directeur du Camp des Réfugiés Congolais de Gihinga (NRC Burundi). Developed in cooperation between Camp Administration, Camp Management Agency, other agencies present in the camp and refugee representatives – while finally made official by the Camp Administration.
- Mac Odell, The *"Do It Now!" Appreciative Toolkit*. http://appreciativeinquiry. case.edu/uploads/Do%20It%20Now-%20ExercisesPhoto-031.doc.
- ३० भन्दा बढी अभ्यासहरुको संग्रह जो सह्रानीय सोधपुछको अवधारणाको कार्यशालाहरुमा प्रयोग हुन सकछ ।
- Linda Richardson and Gill Price, 2007. *All In Diary. A Practical Tool for Field Based Humanitarian Workers.* www.allindiary.org/uploads/final_All_in_Diary_ cd.pdf
- William M Weis, Paul Bolton and Anita Shankar, 2000. *Rapid Assessment Procedures (RAP): Addressing the Perceived Needs of Refugees and Internally Displaced Persons through Participatory*

*Learning and Action.*

- www.jhsph.edu/refugee/publications_tools/publications/rap.html

## अध्ययन तथा सन्दर्भ सामाग्रीहरु


ALNAP, 2003/04. *ALNAP Global Study on Consultation and Participation of Disaster-affected Populations.* www.odi.org.uk/alnap/publications/participation_study.htm#

British Overseas NGOs for Development (BOND), 2006. *A BOND Approach to Quality in NGOs. Putting Beneficiaries First.* www.civicus.org/new/media/putting_beneficiaries_first.pdf

Centre for African Family Studies, 1998. *Empowering Communities: Participatory Techniques for Community-Based Programme Development.* http://pcs.aed.org/doc ments.htm

Charlotte Dufour, François Grünewald and Karla Levy. 2003. *Participation by Crisis-affected Populations in Humanitarian Action. Practitioners' Handbook (Draft).* www.odi.org.uk/alnap/publications/gs_handbook/gs_handbook.pdf

ECB Building Trust Working Group, 2007. *Building Trust in Diverse Teams: The Toolkit for Emergency Response.* http://publications.oxfam.org.uk/oxfam/display.asp?isbn=9780855986155

Karen Freudenberger, 1999. *Catholic Relief Services PRA Manual*. www.crs.org/publications/pdf/Gen1199_e.pdf

OXFAM/Emergency Capacity Building Project, 2007. *The Good Enough Guide: Impact Measurement and Accountability in Emergencies.* http://ecbproject.org/publications_2.htm

Sarah Thomas, *What is Participatory Learning and Action (PLA): An*

*Introduction.*
Definition of key techniques/tools used in PLA (complete with illustrations) as well as a select bibliography of text and Internet resources.

The Guiding Principles on Internal Displacement, 1998.
www.brookings.edu/projects/idp/gp_page.aspx

*The Universal Declaration of Human Rights, 1948.*
www.un.org/Overview/rights.html

UNHCR 2006, *The UNHCR Tool for Participatory Assessment in Operations.*
www.humanitarianreform.org/humanitarianreform/Portals/1/cluster%20approach
%20page/clusters%20pages/Em%20Shelter/Tollkit%20Field/7.2%20Assessment/
7.2.2%20Guidelines/7.2.2.8%20UNHCR%20Participatory%20Assessment%20Tool.pdf

USAID/Center for Development Information and Evaluation, 1996. *Conducting Participatory Evaluation.* www.adpc.net/pdr-sea/eval/file30.pdf

WFP, 2001. *Participatory Techniques and Tools – A WFP Guide.*
www.livelihoods.org/info/pcdl/docs/self/Participation%20tools%20WFP/ Participatory%20Tools.pdf

David Wilcox, 1994. *Community Participation and Empowerment: Putting Theory into Practice.*
www.jrf.org.uk/knowledge/findings/housing/h4.asp

# समन्वय

## मुख्य सन्देशहरु

- शिविर व्यवस्थापन निकायहरुको मुख्य काम समन्वय हो ।यसबाट कमकिमजोरीहरु पत्ता लगाउने, कामलाई दोहरिनबाट नदिने, सहभागिता निश्चित गर्ने स्तर बढाउने र अधिकार दिलाउने गर्छ ।
- शिविर भित्र संलग्न विभिन्न सहायताकर्मीहरुको एउटा प्रभावकारी साझेदारी संजालको विकास तथा निरन्तरताले समन्वय सहजिकरण गर्दछ जसले शिविरका सबै वासिन्दाहरुको निमित्त संरक्षण तथा सहायता कार्यको नेतृत्व गर्दछ ।
- समन्वय भित्र सूचना साझेदारी सहकार्य अथवा साझेदारहरु सँग साझा कार्यक्रम संलग्न हुन सक्दछ । यसको अर्थ कार्यदिशको विविधता, क्षमताहरु तथा साझेदारहरुको कार्यक्रम उदेश्यहरुले परिपूरक हस्तक्षेपहरु हासिल गर्न सक्दछ ।
- सफल समन्वयको प्रतिफल स्वरुपको सफल साझेदारी दृष्टिकोण माथि निर्भर, क्रियाशिल श्रवण, दक्षता र क्षमता असल नेतृत्व, स्पष्ट र पारदर्शिताको अंग हो ।

## परिचय

### समन्वय के हो ?

शिविर व्यवस्थापन निकायको निम्ति समन्वयको लक्ष भनेको मानवीय सेवाहरु तथा सहायता सुहाउँदो तथा प्रभावकारी ढंगले शिविरका मानिसहरुलाई प्रदान गर्न सुनिश्चित गर्नु हो, शिविरमा वसाईको स्तर कायम हुन्छ र शिविरका बासिन्दाहरुको लागि आधारभूत मानव अधिकारमा पूर्ण तथा समान पहँच कायम गर्नु हो । यो लक्ष्य हासिल गर्नका निमित्त एउटा शिविर व्यवस्थापन निकायद्वारा देहायका क्रियाकलापहरुद्धारा शिविर तहमा समन्वय गर्दछ :

- रणनीतिक योजना
- तथ्यांक संकलन तथा सूचना व्यवस्थापन
- श्रोत परिचालन तथा उत्तरदायीत्व सुनिश्चितता
- एउटा स्पष्ट तथा सहमतियुक्त कार्य विभाजन
- प्रमुख सरोकारवालाहरुसँग एउटा साझेदारीहरुको सन्जाल ,शिविर भित्र र बाहिर विकास तथा निरन्तरता
- नेतृत्व प्रदान गर्ने

शिविर जिम्मेवारीमा समन्वयको महत्वलाई धेरैले मान्यता दिएका छन।
तहसम्म प्रभावकारी समन्वयसमन्वय गर्ने काम चूनौतीपूर्ण हुन सक्दछ । यो विशेष गरेर द्वन्द्वहरु र विपत्तीको समयमा जहाँ परिभाषा आफलैंले अराजकता र अन्यौल हुन्छव र सरोकारवालाहरुको प्रतिस्पर्धात्मक एजेन्डाले सहयोलाई वेवास्ता गर्न सक्दछ । एउटा प्रभावकारी समन्वयकर्ताले यो सिद्धान्तमा विस्वास गर्दछ कि  मानिसहरु सँगै मिलेर काम गर्दा धेरै हासिल गर्न सकिन्छ र सिंगो भनेको यसको टुक्राहरुको योगफल भन्दा बढी हुन्छ । एउटा समन्वयकर्ताले सरोकारवालाहरुका बीच सकारात्मक तथा प्रभावकारी सम्बन्ध प्रवर्द्धन र विकास हुने गरेर काम गर्दछ ।

## ! समन्वयको तहहरु

शरणार्थीहरु अथवा आई.डि.पि.हरुको शिविर कार्य सम्बन्धी व्यवस्थापन विभिन्न सरोकारवालाहरु बीच धेरै तहहरुमा समन्वय हुन सकदछ । शिविर व्यवस्थापनका दृष्टिले र यो खण्डको उद्देश्यहरुका निमित्त, शिविर व्यवस्थापन निकायको भूमिका र एउटा शिविर भित्र प्रभावकारी समन्वय सुनिश्चित गनृमा यसका जिम्मेवारहिरु र शिविर तह अथवा शिविर भित्रैका बारेमा जोड दिईएको छ।

समन्वय अन्गर्तत शिविर भित्रको जीवनको बारेमा तथ्यांक संकलन तथा सम्प्रेषणको प्रक्रिया पर्दछ , र सहमत योजना र मानिसहरुको आवस्यकताहरु र अधिकारहरु कायम गर्नका लागि प्रभावकारी कार्य समेत समावेश हुन्छ। यदि यो राम्ररी गरीन्छ भने विस्थापितहरु संरक्षित हुन्छन् र सहायता वितरण उपयुक्त तथा समयसीमा भित्रै हुन सक्दछ।

- *शिविर समन्वय निकाय अथवा सेक्टर प्रमुखको भुमीका सम्बन्धमा थप जानकारीको लागि, हेर्नुहोस् खन्ड १ ।*

## समन्वय : शिविर ब्यवस्थापन निकायहरुको भुमिका

खन्ड १ र २ मा छलफल गरिएजस्तै, शिविर व्यवस्थापन निकायको महत्वपूर्ण कार्यहरु भनेको शिविरका मानिसहरुलाई अन्तर्राष्ट्रिय कानून तथा मापदन्डहरु अनुरुप सहायता र सेवाहरुको वितरण सुनिश्चित गर्नू हो । यसकालागि सँलग्न सबै सँग समन्वय तथा सहजीकरण गर्ने प्रकृया आवस्यक पर्दछ (जसमा सेवा प्रदायकहरु, स्थलगत सरकारी व्यक्तिहरु तथा शिविर समूदाय समेत पर्दछन् ) । तिनिहरुको कृयाकलापहरु र हस्तक्षेपहरुमा शिविर व्यवस्थापन निकाय एउटा शिविर तहको समन्वयकर्ताको रुपमा प्रारम्भीक सहमतीहरु सहजीकरण गर्ने र सेवा वितरण व्यवस्थाको अनुगमन गर्ने दुवै कार्यका लागि जिम्मेवारी हुन्छन् , मापदन्डहरु कायम गर्ने र तल्लो तहको आवस्यकताहरुमा आएको परिवर्तनले मागेको सहयोग अपनाउने सम्बन्धी वकालती सुनिश्चित गर्नु पर्दछ । समन्वय एक निरन्तर चलिरहने प्रकृया हो । यो वहुआयामीक तथा जिम्मेवारी हुनै पर्दछ, परिस्थितीमा आउने अनुमान गर्न नसकिने परिवर्तनहरुलाई शिविर जीवन चक्रमा प्रतिविम्वीत गर्ने र जिम्मेवारीपूर्ण कार्य गर्नु पर्दछ ।

यो एकदमै जटिल छ कि विविध समूहका सरोकारवालाबीच एउटा तहको सहमती र सम्झौता मार्फत कसरी परस्पर स्वीकार्य साझा लक्षहरु परिभाषित गर्न सकिन्छ जसले विस्थापित मानिसहरुको अधिकारहरु मान्यता प्राप्त मापदन्डहरु र अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरु अनुरुप कायम गर्न सकिन्छ । जव चुनौतीहरुले घेर्न पुग्दछन्, शिविर व्यवस्थापनले रचनात्मक उपायहरु खोज्नु पर्दछ, परस्पर बाझिने जस्तोसुकै एजेन्डा भएता पनि स्पष्ट र कुटनैतिक सन्चार स्थापना गर्नु पर्दछ र प्राथमिकताहरु तथा उपयुक्त कार्यहरु पहिचान गर्न सँलग्न सबैसँग सम्बन्ध कायम गर्नु पर्दछ । तिनीहरुले यो कुरा सुनिश्चित गर्नु आवस्यक छ कि सबै हस्तक्षेपहरु शिविरका मानिसहरुको सर्वोतम रुचीका आधारमा सहभागीताका सिद्धान्तहरु स्मरण गरेर विशिष्ट आवस्यकताहरु भएका मानिसहरुको संरक्षण गर्नु पर्दछ । शिविरको गुणस्तर र कृयाकलापहरु शिविरको वृहत्तर जिम्मेवारी रणनीति अनुरुप छ भन्ने सुनिश्चित गर्नको लागि, एउटा शिविर व्यवस्थापन निकाय क्लस्टर अथवा सेक्टर प्रमुख सँग नजिक रही कार्य गर्दछ, जो विभिन्न शिविरहरुको अनुगमन र समन्वय गर्ने गर्दछन् ।

**छरिएको विस्थापनको अवस्थामा समन्वय**

स्थलगत आवाज, केन्या

छरिएको विस्थापनको अवस्थामा, जस्तो कि केन्याका शरणार्थी शिविरहरु, सरोकारवालाहरु बीच साझा ध्येयको अभाव पनि हुन सक्दछ ।समन्बय वैठकहरु एक अर्कालाई केवल अध्यावधिक गर्ने नियमीत अभ्यास हो र त्यहाँ संयुक्त योजना र अनुभव साझेदारीको अभाव रहन्छ । एउटा गहिरो सँग जरा गाडेको अथवा लामो समय देखिको प्रमुख चुनौती हुन सक्तछ, राजनैतिक मुद्दाहरु, व्यक्तित्वको गहिरो टकरावहरु र रुचीहरु बीचको द्वन्द्व । यसका अतिरिक्त केही अवस्थाहरुमा निकायका कर्मचारीहरुको बढि संख्यामा हुन सक्तछ , विशेष गरी बाहिरी देशका कर्मचारी । यसले

समन्वय संयन्त्रहरुको विकास र सुदृढीकरणलाई वेवास्ता गर्न सक्तछ । शिविर व्यवस्थापन निकायका निमित्त यो अत्यावस्यक हुन्छ कि कमजोरीहरु पहिचान गर्ने र समावेशी तथा पारदर्शी ढंगले शक्ति निर्माण गर्नु पर्दछ । रचनात्मक हुने र समिक्षा गर्न आवस्यक रहेको समन्वय संरचनाहरुलाई परिवर्तन गर्न तयारी रहँदा फरक परिणाम आउन सक्तछ ।

**कसरी समन्वय हासिल गर्न सकिन्छ ?**

शिविर व्यवस्थापन निकायले समग्ररुपमा एउटा संगठनकर्ता अंगको रुपमा काम गर्दछ, मानिसहरुलाई सँगै ल्याउने र समूहकार्य र योजना, कार्यान्वयन तथा मानवीय सेवा र शिविर गतिविधिहरुको अनुगमन गर्ने कार्यमा प्रोत्साहन गर्दछ । समन्वय मञ्चहरु ( विशिष्ट परिवेशमा समन्वय हासिल गर्नको निमित्त संयन्त्रहरु र बैठकहरु मार्फत शिविर भित्र तथा बाहिर दुवै तिरका विभिन्न तहका कर्ताहरुर्ला आवद्ध गराउँदछ । समन्वय मञ्चहरु तथा संयन्त्रहरुको नक्शांकन गर्ने तथा हरेकलाई जानकारी गराउने तथा प्रकृयामा आवद्ध गर्नु शिविर व्यवस्थापन निकायको एउटा महत्वपूर्ण भूमिकाको एउटा माग हो । यदि महत्वपूर्ण खेलाडीहरुले समन्वयको निमित्त सहमतीयुक्त पद्दतीहरु प्रति प्रतिवद्धता व्यक्त गर्न असफल भयो भने ) उदाहरणको लागि बैठकहरुमा सहभागीता नजनाउने कार्य भयो भनेर त्यसको सट्टा एक्लै स्वतन्त्र रुपमा काम गर्न रुचायो भने, एउटा शिविर व्यवस्थापन निकायलाई सहायता र संरक्षणको एक रुपता सुनिश्चित गर्न ज्यादै कठिन पर्दछ । कामको लागि समन्वयको निमित्त, शिविर व्यवस्थापन निकायले सम्लग्न सबैलाई एक ठाउँमा ल्याउने कुराको सुनिश्चित गर्नु पर्दछ तथा शिविर भित्र र बाहिरका सरोकारवालाहरुबीच सञ्चार भैरहेको सुनिश्चित गर्नु पर्दछ ।

## ^ स्पष्टता र समावेशीपन - स्थलगत आवाज

### प्रजातान्त्रिक गणतन्त्र कंगो

प्रजातान्त्रिक गणतन्त्र कंगोमा शिविर व्यवस्थापन निकायले UNHCR सँग मिलेर CCCM क्लष्टर कार्य, CCCM क्लष्टर रणनीति लेख्ने, शिविर व्यवस्थापन निकायका कार्यादेशमा सहमती प्राप्त गर्ने तथा तालीम प्रदान गर्ने जस्ता कार्यहरु गरेको छ । परिणाम यो भएको छ कि विश्वव्यापी CCCM परिभाषाको भूमिका र जिम्मेवारीहरु अनुरुप CCCM क्लष्टर राखिएको छ र यसमा साझेदारहरुको सम्झौतापत्र (MOU ) प्रतिविम्बित भएको छ । यो मिहीन तथा समावेशी सोचको समन्वयमा एउटा सकारात्मक परिणाम दिन्छ । शिविर व्यवस्थापनको समन्वय पक्षले अरु संगठनहरुको स्वतन्त्रता लाई छुन सक्तछ । यो ज्यादै महत्वपूर्ण हुन्छ कि एउटा शिविर

**व्यवस्थापन निकायमा संलग्न सबैको भूमिकाहरु तथा जिम्मेवारीहरुका सम्बन्धमा स्पष्ट समझदारी हुनु आवश्यक छ ।"**

## समन्वयमा के आवश्यक पर्दछ ?

समन्वयमा सूचना संकलन तथा साझेदारी प्रकृया संलग्न हुन्छ । साझा तथा मञ्जुरी भएका लक्ष्यहरुको खोजीमा मिलेर योजना बनाइन्छ । यो प्रकृयाको सफलता विविध सरोकारवालासँग प्रभावकारी साझेदारी विकास र कायम गर्ने कुरामा अडिएको हुन्छ र यसमा क्लष्टर सेक्टर संलग्नता रहन्छ ।

## साझेदारीका प्रवृत्तिहरु :-

सफल साझेदारीका निमित्त केही पूर्व शर्तहरु एवं सफल समन्वयमा निम्न कुराहरु पर्दछन् :

- समन्वयको निमित्त एउटा प्रतिवद्धता
- एउटा समावेशी तथा अग्र सक्रिय प्रवृति
- सक्रिय सुन्ने सीपहरु
- विविधता र अन्तरवैयक्तिक सीपहरु तथा शैलीहरुको पारख
- प्रकृया तथा उत्पादन प्रति प्रतिवद्धता
- विश्वास गर्ने क्षमता
- सहमति स्थापित गर्ने ईचछाशक्ति र क्षमता
- नेतृत्व क्षमता र नेतृत्व स्वीकार
- सांस्कृतीक संवेदनशीलता

माथिका विशेषताहरु प्राय: अनुमान गर्न सकिने अथवा नसकिने हुन्छ, तिनीहरु विना समन्वय पूर्ण रुपमा प्रभावकारी हुन सक्दैन ।

**समन्वय शिविर सम्वन्धि तथ्यांक संकलन र सूचना प्रवाहमा र शिविरवासीहरुको अधिकार रक्षा गर्न स्विकृत र प्रभावकारी कार्यको योजना तर्जुमा गर्न संलग्न रहन्छ । यदि यो राम्ररी सम्पन्न भएमा बिस्थापितहरु संरक्षित रहन्छन् र सहायता उचित तरिकाले समय मै पुऱ्याउन सकिन्छ ।**

## तथ्यांक संकलन र सूचना व्यवस्थापन

समन्वय सबैभन्दा विश्वसनीय तथा अद्यावधिक गरिएको जानकारीमा पहुँचमा नै समन्वय निर्भर रहन्छ । यसमा शिविरभित्रको वर्तमान अवस्थाको सम्बन्धमा अन्तरसेक्टर तथ्यांक तथा शिविरका मानिसहरुको सम्बन्धमा जनसांख्यीक तथ्यांक समेत पर्दछ । यो तथ्यांकलाई सहायता र संरक्षण तथा शिविरका मानिसहरुको परिस्थितिमा र आवश्यक्ताहरुमा आएको परिवर्तनका सम्बन्धमा विद्यमान कमी तथा दोहोरो पनाको सम्बन्धमा तथ्यांक प्रशोधन तथा विश्लेषण मार्फत स्पष्ट रुपमा औंल्याउनका लािग सन्चालन गरिन्छ । तथ्यांकहरु दुरुस्त, राम्रो सँग मिलाइएको स्पष्ट तथा आवस्यक परेमा सूचना लिन मिल्ने गरी पहुँच योग्य किसिमले अभिलेखीकरण गरिन्छ ।

**तथ्यांक संकलन : स्थलगत आवाज**

एउटा तथ्यांक संकलनको कागज जति सरल देखिन सक्ने भएता पनि यसलाई विभिन्न ढंगले व्याख्या गर्न उल्लेखनीय रुपमा सजिलो हुन्छ । एउटा यसको उदाहरण यस्तो थियो कि एउटा अनुगमन परियोजना जहाँ शिविर व्यवस्थापन निकायले एउटा शिविर भित्रका काम गरिरहेका शौचालयहरुको संख्या सम्बन्धी तथ्यांक संकलन गरिरहेका थिए । प्रश्नपत्रहरु यस्ता थिए :

१. शिविर भित्र कति शौचालय छन् ?

२. कति शौचालयहरु काम गरि रहेका छन् ?

३. कति शौचालयहरु काम गरि रहेका छैनन् ?

प्रश्न १ सही तरिकाले उत्तर दिइएको थियो _ क्युविकल्सहरुलाई गनेर तर यो आँकडाले बतायो कि सिविर व्यवस्थापन निकाय सापेक्षिक रुपमा थोरै छ । प्रश्न २ र प्रश्न ३ को उत्तरहरु एउटा निर्माण परियोजनालाई जानकारी गराउन प्रयोग हुन्थ्यो, यद्यपी तुलनात्मक रुपमा अवास्तविक हुन सक्तथ्यो । यो स्पष्ट रुपमा हेर्न सकिन्थ्यो किनकी प्रश्न २ र ३ को जवाफमा योगफल प्रश्न १ को जवाफ सँग बराबर हुनुपर्थ्यो तर त्यस्तो भएन ।

कर्मचारीहरुका छलफलबाट के कुरा प्रकट भयो भने " काम गरिरहेको " भन्ने के हो भन्ने सम्बन्धी फरक व्याख्याहरुले गर्दा समस्या परेको पाइयो । यस्का अर्थ " प्रयोगमा" थियो कि अथवा स्तरीय यदि शौचालय स्पष्ट रुपमा प्रयोग भएको थिएन, त्यस्को जवाफ आफैं प्रमाणित थियो - यसले काम गरीरहेको थिएन । तर जव शौचालय अझै प्रयोगमा आएको थिएन यसले उपयोगमा नआएको वावफदी, जस्तो कि उदाहरणको लागि ढोका विथ्रिएको थियो ? अथवा यदि यसका छाना थिएन तर अझै प्रयोग भएको थियो ? त्यसलाई कसरी गन्ती गर्ने ? किनकी अनुगमन कर्मचारीहरुले जाडोमा काम गरे, तिनीहरुको यस सवालका छलफलहरु र असहमतीहरु संकलित तथ्यांकहरुमा प्रतिविम्बित भएका थिए ।

यसबाट सिकिएका पाठहरुले असल परीभाषहरु सूचीत गरेका तथ्यांक संकलन फारामहरुको शव्दावलीका सम्बन्धमा असल तालीम र तिनीहरुले भरेका जवाफहरुको संख्यात्मक संभाव्यताका सम्ब्न्धमा कसरी जाँच गर्ने भन्ने सम्बन्धमा कर्मचारहिरुलाई प्रमुख सचेत बनाइनु पर्ने देखियो ।

## सूचना साझेदारी तथा संयुक्त योजना

शिविर व्यवस्थापन निकायको भूमीका तथा जिम्मेवारी भनेको शिविर भित्र प्रभावकारी समन्वय मञ्चहरु तथा संयन्त्रहरु खडा गर्नु हो । जहाँ सूचना सरोकारवालहरुका बीचमा साझेदारी गर्न सकिन्छ । यस्ता संयन्त्रहरुका सम्बन्धमा पछिल्लो खण्डमा विस्तार पूर्वक छलफल गरिएको छ । समन्वयको लक्ष्य, कुनै अवस्थाहरुमा विविधता सरोकारवालाहरुसँग सूचना सम्प्रेषण तथा साझेदारी हुन सक्दछ । त्यस्ता मञ्चहरुमा कमी कमजोरीहरु अथवा दोहोरोपनालाई सहायता अथवा संरक्षणमा पहिचान गरीन्छ, तथा भूमीकाहरु तथा जिम्मेवारीहलाई स्पष्ट पारिन सक्छ । समन्वय सहकार्य अथवा संयक्त योजनाको प्रकृया तर्फ विस्तारीत हुन पनि सक्दछ, जहाँ सेक्टर आवस्यकताहरुलाई संयुक्त रुपमा शिविरका सेवा प्रदायकहरु बचि आंकलन गरीन्छ र प्राविधिकहरुका निमित्त योजनाहरु बनाइन्छन् । यदि संभव हुन्छ भने, निकायका कर्मचारीहरुलाई संयुक्त तालीम पनि दिन सकिन्छ । निकायहरुले आफ्ना कर्मचारीहरुलाई संयुक्त तालीम पनि दिन सकिन्छ । निकायहरुले आफ्ना कर्मचारीहरु तथा कार्य सन्चालन साधनहरु समन्वय क्रियाकलापहरुको भागका रुपमा साझेदारी गर्न सक्छन् ।

! भाषिक आवश्यकता

सुचना आदानप्रदा र योजना इकाईहरुमा प्रभावकारी संचारको सुशिचत गर्न भाषाको आवश्यकतम आंकलन गरी उचित अनुवादको व्यावस्था गर्नु पर्छ । स्थानीयभाषा बोल्नेहरुले आफुले बोल्ने बोलीको गतिको हेक्का राख्नु पर्छ , तिनीहरुको उच्चारण, उखानटुक्काको प्रयोग अरुको लागि बुझ्न र अर्थपूर्ण सहभागिाको लागि चुनौतिपूर्ण हुन सक्छ । धेरै जसो संस्कृतिमा अनुवाद र प्रष्टिकरणको लागि बीचमा कुरा काट्नु अभद्र हुन सक्छ । सहभागिहरु भषा नबुझ्ने अवस्थामा आफुले बुझ्ने भाष्षको लागि अनुरोध गर्नु भन्दा चुपचाप बस्न सक्छ । नमाभिएको अस्पष्ट अनुवादको सुविधाले समन्वय ईकाईमा सरोकारवालाहरुको योगदानलाई अवमूल्यन गर्न सक्छ ।

# अनुगमन तथा मूल्यांकन

सञ्चालित कार्यक्रमहरुको प्रभावको मूल्यांकन तथा समन्वय संयन्त्रहरुले कमी कमजोरीहरु पूरा गर्न तथा उपयुक्त तथा समयमै सहयोग उपलव्ध गराउने सम्बन्धमा देखाएका प्रभावकारीताको आंकलन एउटा शिविर व्यवस्थापन निकायको असल अभ्यासका निमित्त केन्द्रीय हुन्छ । क्षेत्र विशेषका हस्तक्षेपहरुको मूल्यांकनबाट परियोजनाहरु अपनाउन तथा भविष्यका परीयोजना योजनामा सिकिएका पाठहरु समाहित गर्न समर्थ बनाउँदछ ।

## मुख्य सवालहरु

एउटा शिविर व्यवस्थापन निकायले कुन ढंगले समन्वय गर्दछ र परीणामहरु हासिल भएका हुन्छ, त्यसले शिविरका मानिसहरुलाई उपलव्ध गराईएको संरक्षण र सेवाहरुमा प्रत्यक्ष प्रभाव पार्दछ । शिविरका जिम्मेवारी सम्बन्धमा समन्वय पटक पटक छलफल गरीएको छ, यसका व्यवहारीक तथा प्रभावकारी कार्यान्वयन कठिन हुन सक्दछ । केही चुनौतीहरु यस प्रकार छन् :

**समन्वय समाप्त भयो : ब्यक्तिमाथिको निर्भरता बढ्यो**

समन्वय एउटा व्यक्ति माथिको अत्यधिक निर्भरता हो । जब बहुमतले भन्छन् कि तिनीहरु अरु सँग समन्वय गर्न चाहन्छन् र यसको मूल्यहरुलाई मान्यता प्रदान गर्दछन्, यो " कसैले समन्वय गरी दिने " भन्ने अर्को कुरा हो । कुनै व्यक्तिको व्यक्तित्वमा कुन् हदसम्मको प्रभावकारी समन्वयमा भर पर्दछ भन्ने विषयमा अहिले प्रशस्तै बहस भएका छन् । यो सोच्नु पर्याप्त हुँदैन कि कुनै खाश सीप हासिल गरेका चमत्कारिक व्यक्तिको समन्वय क्षमताहरुले नै विश्वास जगाउने र मानिसहरुलाई सँगै काम गर्ने अवस्थामा ल्याउँछ । मूल्यहरु, पद्धतीहरु, संयन्त्रहरु तथा औजारहरु यी जोड्नुपर्दछ कि जस्ले एउटा शिविर व्यवस्थापन निकायलाई मानिसहरुलाई सशक्तिकरण गरी मिलेर काम गरी फाइदा दिन सक्षम बनाउँछ ।

**समय र धनको लगानी**

मानवीय जिम्मेवारीमा समन्वयरत निकायहरुको एउटा प्रमुख चुनौति भनेको तिनीहरु प्राय गरेर आफूसँग त्यसो गर्नको लागि प्रशस्तै समय अथवा बजेट नभएता पनि उत्पादनमूलक साझेदारीको अपेक्षा गर्दछन् । प्रायः तिनीहरुसँग अरु निकायहरु अथवा तिनका कर्मचारहिरुका सम्बन्धमा सिमीत पूर्व ज्ञान हुन्छ । संकटको विचमा काम गर्नुपर्दा यसले प्रभावकारी समन्वयलाई एकदमै कठिन बनाइदिन सक्छ ।

**बैधता र समर्थन स्थापना**

असल समन्वय हासिल गर्नका लागि मूल कुरा भनेको एउटा शिविर व्यवस्थापन निकायको प्रभावकारी साझेदारीताको भावना जगाउन सक्नु हो । त्यसैले समन्वय भनेको एउटा प्रवृत्ति हो, समावेशिताका निमित्त एउटा मूलय मान्यताहरु र प्रतिवद्धता हो, जसमा सूचना संकलन र सम्प्रेषण अथवा संयुक्त योजनाका विषयहरुका बारेमा समावेश हुन्छन् । सम्बन्ध निर्माण गर्ने कुरा केन्द्रीय हुन्छ, तिनीहरुसँग मात्र होइन जो सँग ईच्छा तथा सहभागी हुने क्षमता हुन्छ, तर उतिनै महत्वपूर्ण तिनीहरु जो सँग यो हुँदैन, मानिसहरु जो सँग थोरै अथवा प्रतिवद्धतको लागि कुनै साधन हुँदैन अथवा जस्को राजनैतिक एजेन्डा अवरुद्ध गर्नु, मोड्नु, हस्तक्षेप अथवा शिविरका बासिन्दाहरुको अधिकार कायम भएको सुनिश्चित गर्ने क्षमतालाई नष्ट गर्ने हुन्छ ।

समन्वयमा नेतृत्व लिनका लागि विश्वसनियता कायम गर्नु एकदमै आदर्श अवस्थाहरुमा समेत शिविर व्यवस्थापन निकायहरुका लागि एउटा प्रमूख चुनौती हो,। शिविर व्यवस्थापन निकाय कानूनद्धारा अथवा समन्वय कार्यानवयन गर्ने कुनै भूमिकाहरु प्रदान गरीएको अथवा उत्तरदायित्व वहन गर्न अस्वीकार गर्ने अथवा

असफल हुनेलाई प्रत्यक्ष रुपमा दन्डित गर्न कार्यादेश प्राप्त भएका हुँदैनन् । यस्ता अवस्था हरुमा एउटा शिविर व्यवस्थापन निकायले अधिकारीहरुको समर्थन खोज्न सक्दछ तथा शिविर व्यवस्थापन निकायले कारवाही गर्ने अथवा असल समन्वयको वकालत गर्न सक्दछन् । शिविर व्यवस्थापन निकायको रणनीतिक योजनाको एउटा भागको रुपमा उजूरी कार्यविधिहरु र वकालती रणनितीहरु निर्धारण गरीनु आवस्यक हुन्छ ।

## कार्यविधि निर्माण र परिणाम हासिल

स्पष्ट, समावेशी र व्यवस्थापनयोग्य समन्वय पद्धतीहरु तथा संयन्त्रहरु एवं प्रभावकारी सन्चारका औजारहरु नै असल अभ्यास तथा सफलताको एउटा अभिन्न भाग हो । एकपटक उपयोगी तथा सहयोगी कार्यविधिहरु कायम भएपछि विश्वसनीयता र समुन्नत परीणामको निमित्त शिविर व्यवस्थपनको कार्य मूल रुपमा शुरु हुन्छ । समन्वयले त्यतिखेर काम गर्दछ जव मानिसहरुले समन्वयको फाइदाहरु देख्न सक्छन् र समन्वय प्रक्रिया आफैंले सम्मान हासिल गर्दछ । यो त्यतिखेर हुन्छ जव मानिसरु प्रभावकारी सूचना साझेदारी र संयुक्त योजनामा विश्वास गर्न थाल्छन् र तिनीहरु सम्बन्ध निर्माणमा लगानी गर्दछन् किनकी यसले क्षमता तथा अथवा निहीहरुका कार्यक्रमहको प्रभावकारीतामा लाभांश उत्पादन गर्दछ । यस पछि एउटा शिविर व्यवस्थापन निकाय वास्तवमै फरक बनाउने रुपमा देखिन्छ ।

## समन्वय संयन्त्रहरु

**समन्वय कसरी हासिल गरिन्छ** ? **स**मन्वय संयन्त्रहरु " शव्दावलीले साधारण अर्थमा हामीले समन्वय गर्नका निमित्त अपनाउने सूचना साझेदारीको एउटा माध्यम र संयुक्त योजनाको एउटा मन्च भन्ने बुझाउँदछ । समन्वय परिणामहरु हासिल गर्ने उपाय हो । कुनै शिविरको काममा विभिन्न सरोकारवालाहरुसँग समन्वय गर्न विभिन्न किसिमको समन्वय सयन्त्रहरु प्रयोग गरिनु पर्दछ । सबैभन्दा बढि प्रयोग गरिने र बढि दुरुपयोग भएको भनी तर्क समेत गरिएको विधि भनेको बैठक हो । एउटा बैठकलाई विभिन्न परिणामहरु हासिल गर्नका लागि प्रयोग गर्न सकिन्छ । निर्णयहरु लिनका निमित्त समेत यसलाई प्रयोग गर्न सकिन्छ । साझा रुपमा प्रयोग भएका केही समन्वय संयन्त्रहरु बारे तल सूची दिइएको छ :

- बैठकहरु (वितरित एजेन्डा तथा माइन्यूट सहित)
- टोली सम्मेलनहरु (बढी सरोकारहरुलाई सामेल बनाएर)

- क्लष्टर सेक्टर समूह ( शिविर समन्वय कर्ताबाट सहजीकृत गरिएको)
- शिविर स्तरीय प्रतिनिधीमूलक समूहहरु ( प्रमुख सोकारवालहरुको एउटा विविधता जस्तो शिविर तहका सेवा प्रदायकहरु )
- शिविर समितिहरु (शिविर व्यवस्थामा शिविर बासिन्दाहरुको प्रतिनिधित्व)
- अनौपचारिक कुराकानीहरु तथा आदानप्रदानहरु ( योजनावद्ध तथा तदर्थ सम्बन्ध निर्माण)
- कार्यदलहरु प्राय गरेर जरुरी, प्राविधिक । विशेषज्ञहरुको ध्यान आवस्यक पर्ने एउटा विशिष्ट सवालमा लक्षित गरी पृष्ठ पोषण र सिफारिसहरु गर्न प्रयोग गरिन्छ ।
- कार्यसमूहहरु ( एउटा विशिष्ट सवाल सम्बन्धमा अनुसन्धान गर्न तोकिएको एउटा उपसमूह अथवा एउटा विशिष्ट कार्यान्वयन गर्न सकिने पृष्ठ पोषण दिने कार्यका लागि शिविरको भित्री तथा बाहिरी समन्वयन)

## भित्र र बाहिरको समन्वयमा

तलको वृक्षचित्रले शिविर भित्र र बाहिरका सरोकारवालाहरुलाई देखाउँछ । बैचारिक रुपमा अधिकारीहरुका प्रतिनिधिहरु, सेवाप्रदायकहरु, शिविरका बासिन्दाहरु तथा शिविर व्यवस्थापन निकाय शिविर तहको समन्वयमा सम्लग्न रहन्छन् । यो उदाहरणमा क्लष्टर समन्वयन पद्धती कायम गरिएको हुन्छ र सम्लग्नको भूमिकाहरु र जिम्मेवारीहरु स्पष्ट रुपमा पहिचान गरिएको हुन्छ ।

वास्तवमा सम्लग्न सरोकारवालाहरु सदैव सन्दर्भ विशेषका हुन्छन् र शिविरतह अथवा वाह्य कर्ताहरु दुवैको विशिष्ट भूमिकाहरु आवश्यकता र परिस्थितीहरु अनुरुप फरक हुन्छ । कतिपय अवस्थाहरुमा शिविर भित्रैका शिविर व्यवस्थापन वैठकहरुमा एउटा शिविर वासिन्दाहरुको समूह मात्रै संलग्न हुन सक्छन् । यदि अरु कर्ताहरुको वारम्वार उपस्थित छैन र शिविर व्यवस्थापन एउटा घुम्ती टोलीको माध्यमबाट कार्यान्वयन भएको हुन्छ ।

शिविर तहमा अथवा वाह्य मन्चहरु मार्फत जसरी भएता पनि शिविरका सरोकारवालाहरुसँग सूचना साझेदारी समझदारी तथा हस्तक्षेपहरुको योजना बनाउने तर प्रगती अनुगमनका नियमित अवसरहरुको सिर्जन ागर्नु र निरन्तरता कायम गर्नु नै उत्कृष्ट शिविर व्यवस्थापनमा केन्द्रीय हुन्छ । तल उदाहरणमा

दिइएको जस्तै कर्ताहरुको नक्शा देखाउने कार्य एउटा समन्वय पद्दतीलाई बढी पहुँचयोग्य तथा संलग्न सबैका लागि पारदर्शी बनाउनको लागि एउटा सरल तथा प्रभावकारी उपाय हुन सक्छ ।




शिविर बाहिर प्राय: गरेर एउटा तहको क्षेत्र विशेष, जिल्ला विशेष अन्तर निकाय तथा अन्तर शिविर समन्वय बैठकहरु हुन्छन् । तिनीहरु प्राय: गरेर अधिकारीहरु, संयुक्त राष्ट्रसंघीय निकाय अथवा अरु क्लष्टर । सेक्टर प्रमुखहरु जस्तो अन्तर्राष्ट्रिय गै.स.स.द्धारा आयोजित तथा अध्यक्षता गरीन्छ । यस्ता बैठकहरुमा एउटा शिविर व्यवस्थापन निकायले कार्यरत शिविरको अवस्थाको सम्बन्धमा प्रतिवेदन गर्दछ । यो प्रतिवेदनमा तत्कालिक क्रियाकलापहरु, परीस्थितीमा परीवर्तनहरु, सेवाहरु तथा

सहायतामा कमी कमजोरीहरु तथा दोहोरोपना अथवा कुनै जल्दो बल्दो सवालहरु जस्मा अधिकारीहरु अथवा शिविर समन्वय निकाय अथवा क्लस्टर । सेक्टर प्रमुखको समर्थन आवस्यक पर्दछ । राम्रो सँग अध्यक्षता गरिएका बैठकहरुमा निर्णय तहका अधिकारीहरुद्धारा भाग लिनाले विशिष्ट सवालहरु पहिचान गर्न, छलफल गर्न तथा असल समाधान निर्धारण गर्न र कार्य योजना निर्माण गर्न सक्दछ । बैठकका माईन्यूटहरुले कस्को के गर्नको लागि र कहिले सम्म जिम्मेवार रहन्छ भन्ने सम्बन्धमा उल्लेख गरीनु पर्दछ ।

! सही स्पष्टसँग समयमा गरिएका बैठकका माईन्यूटहरु कार्य योजना सबै पक्षहरुकार्य विन्दुका गरीनु पर्दछ ।

शिविर तहमा विभिन्न संगठनहरु तथा शिविर भित्र उपस्थित र सक्रिय विभिन्न समूहहरुको विकास र सहजीकरणका निमित्त शिविर व्यवस्थापन निकाय जिम्मेवार रहन्छ । यसमा सेवा प्रदायकहरु तथा शिविर बासिन्दाहरु तथा विशिष्ठ आवश्यकताहरु भएका समूहहरु तथा उच्च जोखिममा रहेकाहरु समवेश हुन्छन् । यसमा सरकारी प्रतिनिधीहरु तथा स्थानीय समूदाय समेत पर्दछन् । सरोकारवालाहरुको एउटा प्रतिनीधीमूलक समूह जुन शिविर व्यवस्थापन सवालहरु तथा तत्कालीन घटनाहरुका सम्बन्धमा छलफल गर्न नियमित भेटघाट गर्छन, प्राथमिकताहरु पहिचान गर्दछन् र आवस्यकताहरु पूरा गर्न कदम चाल्दछन् जस्लाई कहिले काहि शिविर व्यवस्थापन 'टोली' भनेर पनि चिनिन्छ । यो समूह शिविर तहको प्रभावकारी समन्वय र सहभागिताको केन्द्रमा रहन्छ ।

## समन्वयका औजारहरु

समन्वयका औजारहरुले (जस्तो शिविर अनुगमन फारामहरु) एउटा विशिष्ट सूचनाको काम गर्दछ र विशेष परिस्थीतीको निमित्त विकास गरिएको हुन्छ । एउटा औजार शिविर सामान्य उद्देश्यहरु मित्रै अथवा अन्तर उद्देश्यका लागि प्रयोग गरिन्छ, सम्बद्ध सरोकारवालाहरुद्धारा विशिष्ट औजारहरुमा सहमती तथा विकास गरिनु आबस्यक हुन्छ । प्रभावकारी समन्वयमा एउटा प्रमुख चुनौतीहरु मध्ये पक्षहरुलाई विकास गर्न तथा साभmा समन्वय औजारहरु तयार गर्नु हो जस्ले सूचनाका साझा आवस्यकताहरु पूरा गर्दछ । यो सजिलो देखिन सक्छ, तर सरोकारवालाहरु अरुद्धारा संकलन गरीएको सूचना प्राप्ति विश्वस्त हुनु आवस्यक हुन्छ र सबै पक्षहरु अरु

सरोकारवालाहरुको सूचना आवस्यकताहरु पूरा गर्न प्रतिवद्ध हुन्छ र तिनलाई साझा औजारहरुमा प्रतिबिम्वित भएको देख्दछन् । यस्तो हुन नसक्ने परीस्थितीहरुमा प्राय:गरेर तथ्याक संकलन तथा सूचना व्यवस्थापनमा कमी कमजोरीहरु तथा दोहोरोपनहरु रहन्छ ।

*▶▶ सूचना व्यवस्थापनका सम्बन्धमा थप जानकारीका निमित्त, हेर्नुस अध्याय ५ ।*

जस्तोसुकै संयन्त्रहरु तथा औजारहरु कायम गरिएको भएता पनि प्रभावकारी समन्वयको सहजीकरणमा एउटा शिविर व्यवस्थापन निकाय सक्रिय , समावेशी तथा व्यापक विविधतायुक्त आवस्यकताहरुलाई पूरा गर्न लक्ष गरीएको लचकदार उपायहरु विकास गर्नु आवस्यक हुन्छ । समन्वय संयन्त्रहरु तथा औजारहरु स्थापनाका निमित्त उउटा शिविर व्यवस्थापन निकायले यि कार्यहरु गर्नु पर्दछ :

- शिविरवारे परीचित हुने, मानिसहरु तथा ठाउँ समेत , कार्यालयबाट बाहिर निस्कने र ईमलेहरुबाट बाहिर रहने । मानिसहरु सँग कुरा गर्ने र तिनका आवस्यकताहरु सुन्ने ।
- समन्वय आवस्यकता सम्बन्धमा मानिसहरुलाई छलफलमा सामेल गराउने, तिनीह रुलाइ यसको प्रभावकारीताका बारेमा उत्साहित गर्ने र प्रभावकारी समन्वयका लागि चनौतीहरुलाई कसरी पार गर्ने सम्बन्धमा बताइदिने ।
- शिविर भित्र संलग्न कर्ताहरुको नक्शांकन गर्ने र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कर्ताहरु दुवैलाई समन्वयमा समावेश गर्ने ।
- सूचना आवस्यकताहरुका सम्बन्धमा स्पष्ट हुने र सूचना साझेदारी तथा तथ्यांक संकलन पद्धतीहरु तथा औजारहरुका सम्बन्धमा सम्भव भए सम्म वकालती गर्ने ।
- उपयुक्त समन्वय मन्चहरु तथा विभिन्न सरोकारवालहरुको निमित्त सूचना साझेदारी सम्बन्धमा उपयुक्त मस्तिष्क मन्थन ( brain storming) गर्ने ।
- विद्यमान समन्वय संयन्त्र र तिनलाई सुधार गर्न "पाँच तत्वहरु युक्त समन्वय विश्लेषण" औजार प्रयोग गर्ने ( *यो अध्यायको औजार भागमा हेर्नुहोस्* )
- शिविर भित्र समन्वय संयन्त्रहरु जस्तो कि बैठक तालीकाहरुको सूची बनाउने र सार्वजनिक पहुँच भएको स्थानमा देखिने गरी राख्ने ।
- साक्षरता नभएकाहरु लगायत सबैको लागि सूचनामा पहुँच कायम हुने गरी विभिन्न प्रकारका संयन्त्रहरु प्रयोग गर्ने ।
- समन्वय औजारहरुको साझेदारीको लागि वकालती गर्ने र मानिसहरुलाई तिनका प्रयोगको सम्बन्धमा तालीम दिने ।

- शिविरका बासिन्दाहरु समन्वय प्रकृयाको केन्द्रमा हुन्छन् भनी सुनिश्चित गर्न समितीहरु गठन गर्ने ।
- योजनाहरु तथा समन्वय स्पष्ट, सरल, स्वीकार गरिएको तथा थाहा हुने तर्फ लक्षित हुने कुराको सुनिश्चित गर्ने ।
- नियमित तथा प्रभावकारी बैठकहरु सन्चालन गर्ने तथा राम्रो माईन्यूट लेखिएको र माईन्यूट भित्र कार्य विन्दूहरु र ताकेताको निमित्त सूचीहरु उल्लेख गर्न सुनिश्चित गर्ने ।
- सबैलाई सबै तहमा सूचीत गरीने र योजनाहरु तथा प्रगतीको अनुगमन गरीने ।
- योजनाहरु, कार्यविधिहरु तथा प्रकृयाहरु अपनाउन तयार रहने यदि राम्रो सँग काम भईरहेको छैन अथवा परीस्थितीमा परीवर्तन भएको छ भने ।
- सम्मान, विश्वास र समावेशीपनको संस्कारलाई प्रोत्साहन गर्ने, जन निकाय विशेषका एजेन्डाहरु भन्दा माथि उठ्छ तथा साझा लक्षहरुलाई प्राथमिकता दिने र विस्थापितका अधिकारहरुलाई कायम गर्ने ।
- शिविर तथा स्थानीय वासिन्दाहरुलाई स्वयंसेवक अथवा पेसा पाउने काममा सम्बद्ध गराउने जहाँ विश्वास निर्माण गर्न र व्यवसायीक सम्बन्धहरुका निमित्त उपयुक्त हुन्छ ।

## एउटा पाँच तत्वयुक्त समन्वय विश्लेषण औजार

कमजोर समन्वयका बारेमा आलोचना गर्न सजिलो छ र समन्वय संयन्त्रहरु काम गर्न असफल हुँदा के हुन्छ भन्ने सम्बन्धमा व्याख्या गर्ने घटनाहरु र प्रमाणको कमी हुँदैन । शायद सबभन्दा बढी चुनौती भनेको आलोचनाहरुबाट माथि उठ्ने र व्यवहारीक समस्याहरु पत्ता लगाउनु हो । अपनाइनु पर्ने प्रकृयाहरु तथा बढी प्रभावकारी समन्वयका निमित्त औजारहरु प्रयोग गर्नु हो । काम लाग्दो उपायहरु पत्ता लगाउन परीक्षण गर्न सकिन्छ, विशेष गरेर संकटको अवस्थाहरुमा जुन परिभाषा स्वयंबाट थाहा हुन्छ कि अराजकता र विरोधाभाषले जटील बनेको हुन्छ ।

यो पाँच तत्वयुक्त विश्लेषण औजारले किन एउटा विशिष्ट समन्वय धारणाले काम गरि रहेको छैन भनी विचार शुरु गर्ने विन्दूको रुपमा र योजनाबद्ध सुधारको संभाव्यता खोल्दछ । यसले समन्वयलाई पाँचवटा आधारहरु विश्लेषण गर्न अनुमति प्रदान गर्दछ । अवस्थिती, सदस्यता, निर्णय –प्रकृया, औपचारिकता र श्रोतहरु । यो कुरामा सचेत हुनु आवश्यक हुन्छ कि  प्रभावकारी समन्वय भनेको समन्वय

प्रकृयामा समावेश भएकाहरुको प्रतिवद्धता स्वयं हो र यसको फाइदाहरुमा एउटा विश्वास  हो ।

- **अवस्थिति**
- **सदस्यता**
- **निर्णय प्रकृया**
- **औपचारीकता**
- **श्रोतहरु**

} **प्रतिबद्धता**

केही समन्वय संयन्त्रहरुका काल्पिनक उदाहरणहरुले यो सरल औजारको संभाव्य प्रयोगका सम्बन्धमा देखाउन सकिन्छ ।

**उदाहरण १** : एउटा खास समूहको निमित बैठक, राम्रो ठाउँमा अवस्थिती भएको र समावेशी र एक रुपको सदस्यता, अपर्याप्त निर्णय लिने शक्ति भएका सदस्यहरु प्रतिवद्धताहरु लिनका लागि अथवा कार्य विन्दूहरु परीभाषित गर्नका लागि रहन्छन् ।

**उदाहरण २** : एउटा ईमेल ठेगानाको सूची जुन् प्रमुख संयन्त्रका रुपमा शिविर तहको जुन दुरुस्त छैन अथवा राम्रोसँग अद्यावधिक गरिएको सूचीका सम्बन्धमा सूचना सम्प्रेषण गर्नका लागि प्रयोग हुन्छ । अविश्वसनीय इन्टरनेट सम्पर्कको अर्थ यो सदैव पहुँच योग्य हुँदैन र धेरै निकायहरुले यसलाई सिफारीस नगर्ने अथवा यो छ भनी थाहा नपाउने हुन्छन् ।

हामीले समन्वयमा प्रयोग गर्ने एउटा सरल विश्लेषणले हामीलाई किन तीनिहरुले काम गर्दछन्, अथवा किन तिनहिरु अपेक्षा पूरा गर्न असफल भए भन्ने बताउन सक्छन् । कहिलकाहीं एकदमै साधारण परीवर्तनहरुले ठूलो फरक ल्याउन सक्छ ।

एउटा समन्वय संयन्त्रको प्रभावकारीतामा असर पार्ने तत्वहरु तथा कार्यहरुमा निम्न कुराहरु पर्दछन् :

- शिविर भित्रको सूचना पाटीको अवस्थिति
- बैठकको समय

- प्रतिवेदन अनुवादको भाषा अथवा गुणस्तर
- शिविर समितीलाई कलहरु तथा कागज जस्ता साधनहरुको प्रावधान
- समिति सचिवको लागि टि.ओ.आर. । कामको विवरण मस्यौदा निर्माण जसलाई माइन्यूट आवश्यक पर्दछ ।
- निमन्त्रणाहरुको दुरुस्त वितरण सम्झना समेत गराउने
- बैठकका लागि यातायात
- अन्तर निकाय कर्मचारीलाई संयुक्त अनुगमन औजारको प्रयोगका सम्बन्धमा तालीम
- स्थानीय साना गैससहरुलाई तथ्यांकको वितरण
- बैठकका एजेन्डाहरु तथय तथा सरल र स्पष्ट माईन्युटहरु
- विशिष्ठ तथा व्यवस्थापनयोग्य कार्य विन्दुको एक रुपमा ताकेता
- संयुक्त तथ्यांक संकलन फारामको प्रयोग सम्बन्धमा निकायहरुको सहकार्य
- सरकारलाई सहयोग जस्ले बैठक आयोजना गर्दछ तर माईन्यूट गर्ने प्रकृया र वितरण छैन ।

समन्वय संयन्त्रहरु तथा औजारहरु योजना गरीनु पर्दछ, छानीएको हुन्छ र तिनीहरुले के हासिल गर्नका प्रत्यक्ष सम्बन्ध अपनाइन्छ । जब जटील तथा प्रायः परस्पर बाझिने एजेन्डाहरुमा काम गरीन्छ, यो लक्ष्यलाई दिमागमा राख्नु विशेष रुपमा महत्वपूर्ण हुन्छ । कुन् कुराहरु हासिल गर्नु आवस्यक हुन्छ र यो हासिल गर्न के ले फरक ल्याउँदछ ?

## बैठकहरु

एकदमै धेरै बैठकहरु गर्नु जटील उद्धार कार्यहरुको लक्षण हुन सक्दछ । जब सम्म त्यस्ता बैठकहरु राम्रो सँग योजना गरिदैन र अध्यक्षता गरिंदैन, तिनीहरुले प्रायः थोरै उपलव्धी मात्र हुन्छ । नितीहरुले लिएको समयको आधारमा प्रभावकारी बैठकहरु आयोजना गर्नको लागि यो सुनिश्चित गरीनु महत्वपूर्ण हुन्छ ।

- पहिले नै सम्बन्धीत सूचना पठाइएको हुन्छ
- एजेन्डा स्पष्ट र सहमती भएको हुन्छ
- शुरु हुने र अन्त हुने समयहरुमा सहमती हुन्छ र कायम गरिन्छ
- आधारभूत नियमहरु बनाइन्छ (रचनात्मक व्यवहारका लागि निर्देशिकाहरु)

- समूह भित्र विश्वास निर्माण गर्न र सम्बन्धहरु बनाउन समयको उपयोग गरीन्छ
- एजेन्डाहरु तय गरिन्छ
- सहमती भएका कार्य विन्दूहरु अभिलेख गरीन्छ
- बैठकको अन्तमा सहभागीहरुद्वारा मूल्यांकन गरीन्छ, अर्को पटक राम्रो गर्न के गर्न सकिन्छ ?

विभिन्न शीर्षकहरुमा भिन्न बैठकहरु पहिचान गर्न यो उपयोगी हुन्छ र बैठक यो निम्न कुराहरु भए नभएको विचार गरीनु पर्दछ :

- बैठकको आवस्यकता छ
- बैठकको स्पष्ट उद्देश्यहरु छन्
- कार्यक्रम योजना समावेश हुन्छ
- राजनैतिक विकासहरु र सम्बन्धित सुरक्षा अवस्थाहरु समावेश हुन्छ
- तालीम आवस्यकताहरु र कर्मचारी चासोहरु समावेश हुन्छ ।

के त्यसको अर्थ एउटा ठूलो तथा बढी  समावेशी समूहका लागि आयोजना गरिन्छ अथवा सानो समूहको लागि मात्र हुन्छ अथवा द्धिपक्षीय रुपमा मात्र भए पनि ? जव एउटा बैठकको अध्यक्षता गरीन्छ, अथवा अरु कसैलाई समर्थन गरीन्छ, उद्देश्यहरु र समयमा टिकीरहन चूनौतिपूर्ण हुन सक्छ, जव सहभागीहरुबाट योगदानहरु सहजीकरण गरिन्छ र अनुभव साझेदारी गर्न प्रशस्त ठाउँ दिइन्छ । यद्यपी विशिष्ठ स्पष्ट तथा हासिल गर्न सकिने लक्ष्यहरु राखिनु पर्दछ जस्ले संलग्नता र प्रतिवद्धताहरु विश्वासको जग अनुसार सृजना गर्दछ ।

प्रभावकारी समन्वय भन्नु धेरै बैठकहरु  बस्नु होइन बरु उत्तम बैठकहरु हुन् ।

शिविर व्यवस्थापन निकाय शिविर भित्र समितीको बैठकहरुको विकासका सम्बन्धमा निर्देशन दिने र अनुगमनको निमित्त महत्वपूर्ण हुन्छ । समितीहरु सम्बन्धित समूहहरुलाई संलग्न गर्ने मात्र नभई बढी काम गर्ने हुनुपर्छ । शिविर समूदायको सहभागीता र प्रतिनिधित्व महत्वपूर्ण हुन्छ । समितिहरु सम्बन्धित समूहहरुलाई संलग्न गर्ने मात्र नभई बढी काम गर्ने हुनुपर्छ । कुनै समयमा कस्ले प्रस्तुत हुने भनने थाहा पाउनका निमित्त शिविर समूदायको प्रशस्त सांस्कृतीक तथा राजनैतिक समझदारी आवश्यक हुन्छ। एउटा समिति निर्णय गर्न सम्भव हुनका लीग सानो हुनै

पर्दछ र अख्तियारी भएकोलाई समावेश गर्नु पर्दछ । समितिहरु समावेशी हुनका लागि ठूलो पनि हुनै पर्दछ र नेतावहरुको आवाजले मात्र स्थान पाउने हुनु हुँदैन । प्रभावकारी समितिहरु संगठित गर्नका निमित्त सांस्कृतीक रुपमा विशिष्ठ सामाजिक संरचनाहरु, लैंगिक तथा शक्ति सम्बन्धहरुको अवस्था र बुझाइहरुको सम्बन्धमा धारणाहरु, समान सहभागिताका सिद्धान्तहरु कायम गर्ने, निष्पक्षता तथा प्रतिनिधित्व जस्ता कुराहरुलाई ध्यान दिनु पर्दछ । समितिहरुमा कस्लाई समावेश गर्ने, र कसरी तिनीहरुलाई मनोनयन अथा निर्वाचित गरीन्छ भन्ने कुरा सन्दर्भ अनुसार फरक हुन सक्दछ । प्रकृया उत्पादन जत्तिकै महत्वपूर्ण हुन्छ । टि.ओ.आर., एउटा आचार संहिंता तथा एउटा उजिरी, कार्यविधि जस्ता आधारभूत कुराहरुमा सहमतिहरु लिनाले समितीलाई सहजीकरणमा सहयोग पुग्न सक्दछ ।

## साझेदारहरु विचको समन्वय

साझेदारहरु विचको प्रभावकारी कार्य सम्बन्धहरु निर्माण गर्नाले एउटा स्पष्ट र साझा परस्पर भूमिकाको समझदारी, जिम्मेवारीहरु र अपेक्षाहरु बन्न सक्दछ । यो महत्वपूर्ण हुन्छकी यिनीहरु सम्बन्धमो सुरुमै उललेख गरिएको र सहमत भएको हुनु पर्दछ । त्यस्ता सहमतीहरुले साझेदारीको जग तथा दायराहरु एवं परस्पर उत्तरदायित्व उपलव्ध गराउँछ । शिविर व्यवस्थापन निकायहरु तथा अरु संगठनहरुले यो अनुमान गर्नुहुदैन कि शिविर वासिन्दाहरु अथवा स्थानीय प्रशासनले शिविरमा तिनीहरु के गरिरहेका छन् भन्ने थाहा पाउनका निमित हुन्छन् । भूमिकाहरु तथा जिम्मेवारीहरु स्पष्ट तथा प्रष्ट ढंगले संचार गरिनु ज्यादै महत्वपूर्ण हुन्छ ।

## सरकार तथा स्थानीय अधिकारीहरुसँग समन्वय

शरणार्थी सन्दर्भहरुमा राष्ट्रिय तथा स्थानीय अधिकारीहरुको शिविर गतिविधिहरु तथा हस्तक्षेपहरुमा केन्द्रीय भूमिका रहन्छ । शिविरमा समुदायहरुको निमित्त तिनीहरुको प्रमुख जिम्मेवारी रहन्छ तथा तिनीहरुको निमन्त्रणामा हुन्छ, अथवा न्युनतम रुपमा तिनिहरुको सहमतीबाट शिविर व्यवस्थापन निकायको उपस्थिती रहन्छ । शिविर व्यवस्थापन भित्र असल अभ्यासका रुपमा राष्ट्रिय अधिकारीहरुलाई परिचालन तथा सहयोग गर्ने कार्य अगाडी बढाइनै पर्दछ । जहाँसम्म सम्भव हुन्छ विस्थापित मानिसहरुको सहायता र संरक्षणको प्रावधान हुनु पर्दछ ।

परिस्थिति अनुरुप स्थानीय अधिकारीहरु शिविरको दैनिक जीवनमा बढी अथवा घटि रुपमा संलग्न हुन सक्दछन्, र शिविर व्यवस्थापन तहमा प्रतिनिधित्व भएको अथवा नभएको हुन सक्दछ ।

सरकार अथवा स्थानीय अधिकारीहरुको क्षमता फरक हुन सक्दछ, जस्तोकी तिनीहरुको मानवीय सिद्धान्तहरु तथा शिविर वरीपरीको ज्ञान, इच्छा शक्ति तथा समन्वय गर्ने क्षमता, जिम्मेवारी वहन तथा प्रभावकारी साझेदारी निर्माणमा भर पर्दछ ।

कति सरकारी प्रतिनिधिहरुसँग स्रोतहरु तथा अरु सँग समन्वय गर्ने इच्छा शक्ति हुन्छ भने अरु सँग नहुन सक्छ ।

साच्चिकै कुनै अवस्थाहरुमा सरकारले नियम्तवस आक्रमण गर्ने, अवरुद्ध पार्न दवावमा राख्ने अथवा शिविर क्रियाकलापहरुको प्रभावकारी समन्वयमा वाधा पुर्‍याउन सक्छन् । यस्तो अवस्थाहरुमा यो शिविर व्यवस्थापन निकायको काम हुन्छ कि शिविर तह भित्रै शिविर समन्वय निकाय र सेक्टर प्रमुख निकाय अन्तर शिविर तह, अधिकारीहरुलाई अन्तरराष्ट्रिय कानून बमोजिम तिनीहरुको जिम्मेवारहिरु तथा कर्तव्यहरु सम्बन्धि अधिकारीहरुलाई स्मरण गराउनको लागि उपयुक्त वकालत गर्नु पर्दछ ।

जहाँसम्म सम्भव हुन्छ, शिविर भित्र समन्वय संरचनाहरुले यसो गर्नु पर्दछ :

- सरकार अथवा स्थानीय अधिकारीहरुलाई सहयोग गर्ने
- तिनीहरको क्षमताहरु सिर्जना तथा विकास पहिल्याउने
- तिनीहरु र मानवीय समूदाय एवं शिविर बासिन्दहरु बीच बलियो सम्बन्ध बनाउने

! जहाँ शिविर समन्वय निकायको उपस्थिती रहन्छ, यसको भूमिकाको भाग भनेको शिविर व्यवस्थापन निकाय र अधिकारीहरुको बिच प्रभावकारी सञ्चार सहजीकरण गर्नु हो । शिविर व्यवस्थापन निकायले कार्य सञ्चालनको शुरुआतमै अधिकारीहरुलाई आधिकारीक परीचय गराउनाले शिविर व्यवस्थापन निकायको विश्वसनीयता ठूलो रुपमा बढ्न सक्छ । शिविरमा सुरक्षा सुनिश्चित गर्ने भूमिकामा विशेष गरेर अधिकारीहरुले महत्वपूर्ण भूमिका खेल्दछन् ।

*संरक्षणका सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् खण्ड ८ सुरक्षाका*

*सम्बन्धमा थप जानकारकिा लीग हेर्नुहोस् खण्ड १२*

## शिविरको जनसंख्यासँग समन्वय गर्ने

शिविर समूदायका सदस्यहरुसगको प्रभावकारी समन्वयको विकास सहभागीता तथा उत्तरदायित्व सुनिश्चित गर्ने कार्यको एउटा अभिन्न भाग हो । समूदायका सदस्यहरु तथा समूह प्रतिनिधीहरुको परामर्श गरीनु पर्नेमा मात्र महत्वपूर्ण भूमिका हुँदैन बरु आंकलन , योजना, कार्यान्वयन, अनुगमन तथगा शिविर जीवनका सबै महत्वपूर्ण पक्षहरुको मूल्यांकनमा सक्रीय सहभागीता रहनु पर्दछ ।

शिविर प्रतिनिधीहरुको शिविर तथा से.क्टर समन्वय बैठकहरुमा सहभागीताले तथ्यांक संकलनमा सुधार, सूचना सम्प्रेषण तथा प्रतिवेदन पद्धतीहरुको विकासमा सहयोग गर्दछ । यो पछी गएर असल सहायता, संरक्षण तथा सेवा प्रावधानमा योगदान गर्न सक्दछ । शिविर व्यवस्थापन निकायले एउटा पारदर्शी तथा सहभागीतामूलक सोचको प्रवर्द्धन गर्नु पर्दछ र अरु सेवा प्रदायकहरुलाई पनि त्यसो गर्न प्रेरित गर्नु पर्दद्धछ । शिविरका बासिन्दाहरु तिनीहरुको आफ्नै प्रभावकारी व्यवस्थापनका लागि सक्रिय विषयहरु हुन सक्दछन् र एउटा शिविर व्यवस्थापन निकायले त्यस्तो धारणा लागू गर्नु पर्दछ जस्ले तिनीहरुको क्षमताहरुलाई सम्मान गर्न एवं लाभ हासिल गर्दछ जस्मा विशिष्ठ आवस्यकताहरु भएका समूहहरु तथा उच्च जोखिममा रहेकाहरु समेत समेटिन्छन् ।

*समुदाय सहभागीता सम्बन्धि थप जानकारीका लागि हेर्नुस खण्ड ३*

^स्थलगत आवाज

"शिविरका बासिन्दाहरु, विशेष गरेर जो केही समय देखि शिविरमा बसि रहेकै छन्, तिनीहरु नयाँ एजेन्सीहरु प्रति सशंकित बन्न सक्छन् । जव एउटा शिविर व्यवस्थापन निकाय पछिल्लो चरणमा आएको हुन्छ, यो विशेष महत्वपूर्ण हुन्छ कि तपाई को हो र किन तपाई त्यहाँ हुनुहुन्छ भन्ने विषयमा स्पष्ट हुनु पर्दछ । शिविरमा हुने नयाँ उपस्थिति सदैव प्रशंसित नहुन सक्छ, विशेष गरेर यदि समूदायले तपाईको आवागमनबाट कुनै तत्कालकि मूल्य अथवा भौतिक फाइदा देख्न सक्दैन । "

▶▶*हेर्नुहोस, तपाई कति जवाफदेहीपूर्ण हुनुहुन्छ? यो खण्डको औजार भागमा*

## स्थानीय समूदायसँगको समन्वय

असल समन्वयले शिविर तह तथा छिमेकी समूदाय दुवैमा परस्पर बाभिने सन्दशे राख्ने र शिविर जनसंख्या र तिनीहरुको आयोजक बीच विश्वास बढाउन सहायोग गर्न सक्दछ । स्थानीय समूदायलाई शिविरको विकासहरुमा संलग्न गराउने, सवालहरु सुन्नलाई मञ्च दिने तथा उजूरीहरु उपर कारवाही गर्नाले सम्बन्धमा सकारात्मक प्रभाव पार्न सक्छ र शिविर व्यवस्थपन स्वयंमा पनि असर पर्दछ ।

शिविरको जनसंख्यालाई राख्दा खेरी स्थानीय जनसंख्या जो आफैंमा गरीव र कम श्रोत साधन युक्त छन् त्यहाँ विचारणीय रुपमा सामाजिक, वातावरणीय र सांस्कृतीक दवावहरु पर्न सक्छ । केही अवस्थाहरुमा, शिविरका मानिसहरुले उच्च स्तरको जीवनको उपभोग गर्ने अथवा पहिले भन्दा राम्रो संरक्षण पाउन सक्छन् । साझा श्रोत र साधनहरुको बाँडफाँडका सम्बन्धमा तनावहरु बढ्न सक्दछन् जस्ले स्थानीय र विस्थापित समूदायबीच तिक्तता पूर्ण सम्बनध विकास हुन सक्तछ । तनावहरु कमगर्न यसो गर्न सिफारीस गरिएको छ :

- स्थानीय समूदायका प्रतिनिधीहरुलाई शिविरका सवाहरु सम्बनधी वातावरणीय हेरचाह अथवा रोजगारीको ठूला अवसरहरु जस्ता विषयका मन्चहरुमा निमन्त्रणा गर्ने र संलग्न गराउने, यसो गर्दा परस्पर समझदारी

बढ्ने तथा स्थानीय समूदाय तथा शिविरका मानिसहरु बीच सहनशीलता तथा स्वीकार्यताको विकास हुन सक्दछ ।

- स्थानीय समूदायले शिविर जीवन अथवा वितरित सेवाहरु, जस्तो कि कामहरु, पानीको मुहानहरु अथवा सामाजिक सांस्कृतीक कार्यक्रमहरुमा सरीक हुने जस्ता कुराहरुबाट कसरी फाइदा लिन सक्छ भन्ने उपायका बारेमा आंकलन गर्ने । कतिपय परीस्थितीहरुमा स्थानीय समूदायलाई सहयोग प्रदान गरिएका शिविरका मानिसहरुलाई भन्दा बढी आधारभूत सेवाहरुको आवस्यकता हुन सक्दछ ।

## सेवा प्रदायकहरुसँगको समन्वय

शिविर समन्वय समितिसगको समन्वयले सेवा प्रदायकहरुलाई थप मान्यता दिनु आवस्यक पर्दछ । तिनीहरुको समन्वय मार्फत सेवा प्रदायकहरुलाई थप मान्यता दिनु आवस्यक पर्दछ ।

तिनीहरुको समन्वय मार्फत सेवा प्रदायकहरु सूचना साझेदारी र प्राप्ति गर्न, तिनीहरुको कार्यक्रमका निमित्त समर्थन जुटाउन तथा तिनीहरुको प्रभाव अधिकतम बनाउन समर्थ हुनु आवस्यक हुन्छ । सेवा प्रदायकहरु तथा शिविर व्यवस्थापन निकायहरु दुवै शिविरमा वितरण गरिएको मानवीय सहायत सम्बन्धी समग्र रणनितीमा भाग लिन्छन् । त्यसैले पारदर्शीता आवस्यक पर्दछ । यसै गरेर :

- शिविरमा सेवाहरु उपलव्ध गराई रहेका निकायहरु बीच भूमिकाहरु तथा जिम्मेवारीहरु पहिचान गरिनु पर्दछ । सहमती कायम गर्ने तथा शिविर कार्य संचालनको शुरुमै औपचारिकता दिईनु पर्दछ । कमी कमजोरीहरुलाई सम्बोधन गर्ने यो नै पहिलो पाइला हो र असमझदारीहरु रोक्न यसले सहयोग गर्न सक्दछ ।
- लिखित सहमतीहरु जस्तो भूमीका तथा जिम्मेवारीहरु सम्बन्धी टि.ओ.आर. हरु समन्वय अभिवृद्धि गर्ने र उत्तरदायित्व सुनिश्चित गर्ने लक्ष्यका साथ औपचारीकता दिईन पर्दछ ।
- जब सेवाहरु गुणस्तर भन्दा तल झर्दछ सहमतिहरुलाई एउटा वकालती औजारका रुपमा प्रयोग गरीनुपर्छ ।
- सबै पक्षहरुको उद्देश्य सकारात्मक सम्बन्धहरु स्थापना र कार्य गर्नका निमित्त हुनु पर्दछ  एक आपसमा नियमित अद्यावधिक रहनु पर्दछ ।
- मौखिक सहमतीहरु अनुशरण गरीनु पर्दछ र प्रतिवद्धता अनुरुपको जिम्मेवारी वहन गरीनु पर्दछ । उत्तरदायी हुनाले विश्वास निर्माण हुन्छ । यदि शिविर

व्यवस्थापन निकायले निकायहरुलाई तिनीहरुको काममा समर्थन र हौसला दिन्छ भने उसले पनि त्यस्तै व्यवहार पाउन सक्दछ ।

- परस्पर समर्थन उपलव्ध गराउनु महत्वपूर्ण हुन्छ । सेवा प्रावधानमा जवाफदेहीता हौसलाबाट अरु प्रयासहरु अथवा शिविर भित्रका सेवा प्रदायकहरुलाई 'प्रहरीको काम' को सोचाइहरु भन्दा बढी हासिल हुनसक्छ ।
- कार्यक्रमहरुलाई होशियारी पूर्वक कार्य योजनाहरुमा उल्लेख गरी, भूमिका तथा जिम्मेवारीहरु लिखित सहमतीहरुमा औपचारीक गरिएको अवस्थामा समेत प्रगतीका निमित्त सहजीकरण निरन्तर भई रहनु आवस्यक हुन्छ ।
- संयुक्त रुपमा स्पष्ट तथा हासिल गर्न सकिने खालका छोटो अवधी तथा लामो अवधीका लक्ष्यहरुले हरेक संलग्नलाई उत्प्रेरणा दिन्छ र हस्तक्षेपहरुको अनुगमन गर्न र सहमती भएको लक्ष्यमा पुग्न सजिलो बनाउन सक्दछ ।
- ! शिविर व्यवस्थापन निकायहरुले निकाका सहमतीका प्रतिहरु र नियमित रुपमा शिविरमा कार्यरत सबै साझेदारहरुका कार्य योजनाहरु प्राप्त गर्दछ ।

**शिविरसँग सम्पर्क : एउटा स्थलगत आवाज**

परिवेशमा भर पर्दै, पुनर्सगठित अथवा आफैं बसालिएका शिविरहरुको पुन बसाउने कार्य वस्तुह तथा सेवाहरुको तत्कालीन आपूर्ती भन्दा जरुरी नहुन सक्छ । यदि स्थान योजना मानिसहरु बसोबास गरी सकेपछि हुन्छ भने कोही अन्यत्र जान अचिच्छुक हुन सक्छन् नयाँ ठाउँमा जान अथवा अझ ठाउँ भित्रै पनि । यद्यपी यो अराजक पनि देखिन सक्छ, त्यहाँ केही लय तथा कारण हुन सक्छ किन समूहहरु निश्चित ठाउँहरुमाबसेका छन् जुन तत्काल सुहाउँदो नदेखिन सक्छ, शायद तिनीहरु थातवास अथवा जातीय आधारमा विभाजीत हुन सक्न् । त्यस्ता कारणहरु  पत्ता गाउनु उत्तम हुन्छ र सम्बन्धि व्यक्तिहरुसँग काम गरेर समाधान पत्ता लगाउनु गुरु योजना अनुरुप मानिसहरुलाई जवर्जस्ती पठाउनु भन्दा राम्रो हुन्छ । उच्च जन घनत्वलाई केही आश्रय हटाएर बाँकीलाई कायम राखी घटाउन सकन्छि । मानिसहरु अझै निहित सांस्कृतीक व्यवस्थाहरु र संरचनाहरु अनुरुप पुन समूह वनाउन सक्छन् ।

नयाँ ठाउँमा लैजाने, पुनर्संगठीत गर्ने र एउटा स्वयं वसालिएको शिविरको चरणवद्ध स्तर वृद्धिका लागि अतिरिक्त क्षमता तथा विज्ञता आवस्यक पर्दछ तथा यो वस्तु तथा सेवाहरु वितरण सँगै समानान्तर रुपमा हुनु पर्दछ । अर्कोतिर पूनर्संगठनले व्यवस्थापनलाई सजिलो, बढी दक्ष, बढी सहभागीतामूलक र सुरक्षित हुनु पर्छ । नयाँ ठाउँमा लैजाने अथवा पूनर्संगठित गर्दा खास गेर जरुरी विचार पुर्याइनु पर्छ कि यदि मानिसहरु तिनीहरु बसेका कारण तत्काल खतरामा पर्छन् अथवा निश्चित समूहहरु अथवा शिविर क्षेत्र कसरी बसेको छ भन्ने परिणाम स्वरुप व्यक्तिहरुले संरक्षण सवालहरु सामाना गर्दछन्

नव आगन्तुकहरुका कारणले पनि विद्यमान शिविर पुर्नसंगठित गरपिनु पर्ने हुन सक्छ, यदि उदाहरणका निमित्त, समूदायहरु सामूहिक केन्द्रबाट खाली गराईएका छन्, र जव विद्यमान शिविरहरु फेज आउटको चरणमा सुदृढ गरिएका छन् ।

शिविर व्यवस्थापन निकायको जिम्मेवारीहरु स्थान छनौट र स्थायी योजना सम्बन्धी तल दिइए जस्ता गतिविधिहरु दुवैमा रहन्छ ।

यो प्राथमिक रुपमा राष्टिय अधिकारीहरुको जिम्मेवारी हो कि कुन ठाउँमा शिविर राख्ने भनी पहिचान गर्नु । धेरै परिदृष्यहरुमा अधिकारीहरुले जग्गाको क्षेतिपूर्तिको वार्ताको लागि नेतृत्व गर्छन् जुन निजी स्वामीत्वको छ । केही अधिकारीहरु, यद्यपी स्थान छनौटका आधारहरु बारे सचेत नहुन सक्छन् जस्ले संरचनागत उपयुक्तता, सुरक्षा पक्षहरु अथवा पानी तथा सरसफाई सेवाहरु जस्ता प्राविधीक आवस्यकताहरु निर्धारण गर्न सक्छन् । उत्तिकै महत्वपूर्ण कुरा यो छकि केही अधिकीहरुको राजनैतिक अथवा आर्थिक रुची हुन सक्दछ विस्थापितहरुलाई निश्चित ठाउँहरु सिफारीस गर्दा । सेक्टर/क्लष्टर प्रमुख निकायहरु प्राय गरेर अधिकारीहरु सँग वार्ता गर्दछन् अरु प्रमुख सरोकारवालाहरुको साझेदारीमा जस्मा, शिविर व्यवस्थापन निकाय, जुन सलाह दिन र प्राविधिक आँकलनमा राय दिन सक्षम हुनु पर्दछ र शिविर जनसंख्याको आवस्यकताहरु र अधिकारहरुको निमित्त वकालत गर्नु पर्दछ ।

शिविर क्षेत्रमा पहिले बसोबास भए वा नभएको  अवस्थामा सेक्टर / क्लष्ट प्रमुख निकायले स्थल विकास समिति (SDC) गठन गर्न सक्दछ सबै सम्वद्ध सरोकारवालाहरु समावेश गरेर । क्म्ऋ को गठन फरक भएपनि यी सरोकारवालाहको प्रतिनिधित्व हुनु पर्छ : शिविर व्यवस्थापन समिति, योजना तथा सेएक्षण अधिकारीहरु, सेवा प्रदायक निकायहरु, संयुक्त राष्टसंघीय निकायहरु, सुरक्षा बलहरु, स्थानीय समूदायका नेताहरु  विस्थापित मानिसहरुका प्रतिनिधहरु, अन्य कुराहरुका अतिरिक्त यस्ले संलग्न सबैका निमित्त उच्चतम स्वामित्वको अनुभव उिजना गर्दछ ।

SDC मा शिविर व्यवस्थापन समितिले यसको योजनाका सवालहरुमा व्यवसायिक विज्ञता मार्फत योगदान गर्दछ र सेक्टर/क्लस्टर प्रमुख निकायलाई प्रस्तुत तथ्यांकका आधारमा विश्लेषण र निर्णय प्रक्रियामा सहायता पुर्‍याउँदछ ।जब शिविर औपचारीक रुपमा स्थापित हुन्छ, क्म्ऋ फरक बन्न जाने अथवा शिविरका चरणवद्ध विकास योजनामा पुनः केन्द्रित हुन सक्छ । शिविर व्यवस्थापन निकायको कर्तव्यहरुमा कसरी शिविर वासिन्दाहरुको निमित्त शिविरले काम गरीरहेको छ अनुगमन गर्ने कर्मचाीी तथा स्थानीय समुदाय तथा आवस्यक अनुसार अनुशरण र समन्वय गर्ने कुराहरु पर्दछ ।

यो अत्यावस्यक हुन्छ कि विस्थापित मानिसहरु तथा तिनीहरको आयोजकहरु बीच शिविर खडा गर्न योगदान गर्ने अवसर उपलव्ध हुन्छ । तिनीहरुलाई समावेश गर्न असफल हुनु भनेको त्यस्ता समूहहरुसँग खराव सम्बन्धहरु, अशान्ति तथा हिंसाको

अवस्था समेत उत्पन्न हुन सक्छ  स्थान छनौट तथा शिविर योजना वार्ताको शुरुमै विस्थापनबाट प्रभावित सबैकाबीचमा हुनु पर्दछ । ताकि भविष्यमा, अवसरहरु महसुस गरीन्छन् र विवादहरु समाधान गरीनु पर्दछ । यो विचार गरीनु पर्दछ कि समूदायका नेताहरुले सदैव समग्र समूदायको दृष्टिकोण प्रतिनिधित्व नगर्न  सक्दछ । जहाँसम्म सम्भव छ, महिला, अल्पसंख्यकहरु तथा जोखिममा परेका समूहहरु अथवा निशिष्ठ आवस्यकताहरु क्म्त्रृ मा हुनु पर्छ । यदि क्म्त्रृ ले एउटा ईकाईका रुपमा काम गर्न सक्दैन भने, उप समितिहरु गठन गर्ने जुन व्यापक छलफलहरुमा मिलाउन सकिन्छ ।

यसका अतिरीक्त शिविर व्यवस्थापन निकायको तिनीहरुको ज्ञान समूदाय तथा तिनीहरुको क्रियाकलापहरुमा योगदान गर्ने जिम्मेवारी रहन्छ , र तिनीहरुको शिविरका चालू व्यवस्थापन आवस्यकताहरुमा समेत प्रयोग गर्नुपर्छ । वस्तुहरुको प्रभावकारी वितरण र सेवाहरुका निमित्त जिविकोपार्जनहरु, पकाउने तथा सरसफाईका प्रचलनहरु बुझ्नु पर्दछ । यसरी नै तिनीहरका आवस्यकताहरु योजना तहमै साझेदारी गरीएको हुनु पर्दछ जस्मा कसरी वितरण केन्द्रहरु, सामाजिक भवनहरु र सडक तथा नालीका मार्गहरु कसरी प्रयोग, व्यवस्थापन र सम्भार गरीनेछन् जस्ता कुराहरु समावेश हुनु पर्दछ ।

शिविर राख्ने ठाउँको छनौट

शिविर राख्ने ठाउँको छनौट विभिन्न तत्वहरुमा भर पर्दछ जस्मा ठाउँको आकार र अवस्थाहरु र स्रोतहरुको उपलब्धता, बचाउ, सुरक्षा तथा प्रदान गर्नेसुरक्षाहरु तथा सांस्कृतिक तथा सामाजिक पक्षहरु पर्दछन् । यसका अतिरीक्त, स्थानको अवस्थितीमा पहुँच सम्बन्धी चासोहरु, भूगर्भ शास्त्र तथा भूतलीय वृक्षहरु तथा हरीयाली, वातावरणमा पर्न सक्ने संभावित प्रभाव तथा वातावरणीय कारणहरुका रोग तथा अरु सार्वजनिक स्वास्थ्य सवालहरु पर्दछन् ।

! स्थल छनौटको पहिलो विचारका रुपमा खतराबाट सुरक्षा, ‘एकीकृत खतरा नक्शांकन’ आवस्यक पर्दछ कि जस्मा द्वन्द्ध अथवा प्राकृतीक विपत्तिको परिणामबाट शिविर खडा गरिएको बारेमा वास्ता गरिन्न । स्थलहरु प्रायः विस्थापित समुदायहरुको निमित्त उपलब्ध गराइन्छ किनकि मानवीय वसोबासको निमित्त तिनीहरु अनुपयुक्त हुन्छन् ।

## अवस्थिति

### सुरक्षा

शिविरको अवस्थिती स्वयंले विस्थापित मानिसहरुको संरक्षण अभिबृद्धि गर्न सक्दछ, अथवा यसले संरक्षणलाई धरापमा पार्न सक्छ । संरक्षणात्मक तत्वहरुमा विस्थापित मानिसहरुसँग बलियो सम्बन्ध भएका स्थानीय समूदायहरु, जिम्मेवार सुरक्षावाला सँगको नजीकपन, तथा प्राप्त स्रोतहरु जस्ता कुराहरु पर्दछन् । नकारात्मक तत्वहरु भित्र शत्रुतापुर्ण समूदायहरु सँगको नजीकपना–सिमाना वारपार हुन्छ या हुँदैन–सेवा अथवा विद्रोहीको आधार, तथा क्षेत्र जहाँ पहिल्यै तनावयुक्त साधानहरु छन् । सामान्यतः एउटा शिविर कुनै युद्ध भूमी सिमाना, विस्फोटक खतराबाट ५० किलोमीटर अथवा एक दिनको यात्रामा हुनुपर्दछ । सुरक्षा चूनौतीहरु र प्राकृतिक खतराबाट टाढा शिविर खडा गर्नु महंगो अथवा जटील हुन सक्छ, यद्यपी, पर्याप्त रुपमा यसो गर्न असफल वन्दा सम्पूर्ण क्षेत्रहरुलाई अस्थिर बनाउने र सम्बद्ध सबै मानवीय कार्यलाई उपेक्षा गर्न सक्दछ ।

## पहुँच

कुनै स्थान सबै मौसमहरुमा सजिलै पहुँच योग्य हुनु पर्दछ । पहुँच उद्धार आपूर्तीको नियमित सुनिश्चितताको कारणले मात्र महत्वपूर्ण छैन कि तर जनसंख्यको जिविकोपार्जन तथा स्वास्थ्य हेरचाह जस्ता आधारभूत सेवाहरुको पहुँचमा आवतजावत सुनिश्चित गर्दछ । शहर नजीक हुनु पनि आवस्यक ठानिन सक्छ, अस्पतालमा सिफारीश जस्ता श्रोतहरुमा पहुँचको निमित्त , तर यस्तो नजीकपन समूदायसँगको सम्भावित तनाव विरुद्ध सन्तुलीत हुनु पर्दछ । शिविर शहरमा भएको अवस्थामा , स्थानीय सरकार र समूदाय वीच शिविर जनसंख्यको आधारभूत सेवाहरुमा समान पहँच सुनिश्चित गर्न वार्ताहरु गर्नु आवस्यक हुन्छ ।

## वातावरणीय प्रभाव

एउटा सामान्य नियमका रुपमा, स्थानहरु राष्ट्रिय पार्कको नजीकै कहिल्यै पनि पहिचान गरीनु हुँदैन, जंगली वा वन्य जन्तु क्षेत्रहरु, संरक्षण क्षेत्रहरु र सम्भावित नाजुक पर्यावरणीयपद्धतीहरु, जस्तो तालहरु, जंगलहरु अथवा सीमसार आकर्षित क्षेत्रहरु । आदर्श रुपमा, हरेक शिविर यस्तो ठाउँबाट कम्तीमा १५ किमी र ठाउँबाट १ दिनको हिंडाई हुनु पर्दछ । यदि वैकल्पिक मार्ग छैन भने, सावधानी उपायहरु

योजना गरीनु पर्दछ, जस्तो कि अतिक्रमण रोक्न रेन्जरलाई सहयोग गर्ने । दूरीको सम्बन्धमा उतीकै विचार पुर्‍याइनु पर्दछ कि धार्मीक अथवा परम्परागत चाडपर्व, समारकहरु, ऐतिहासिक भवनहरु, स्मारक तथा चिहानहरु ।

स्थानका सबै पक्षहरु नदेखिने अथवा पहिचान गर्न सजिलो नहुन सक्छ । त्यस्तो क्षेत्र जहाँ जमीन अभाव हुन्छ, यो हुन सक्छ कि ठाउँ त्यागिएको अथवा असल कारणले प्रयोग नगरिएको हुन सक्छ जस्तो बारुदी सुरुङ्ग, अथवा दुषित पदार्थको उपस्थिती । स्थानीय योजना कार्यालयहरुमा ग्रामीण विकास संस्थाहरु र कृषि मन्त्रालयहरुलाई सल्लाह दिईन्छ ।

फोहर–ठोस अथवा तरल सम्बन्धी काम गर्नु अर्को महत्वपूर्ण चासो हो । धेरै  ठोस फाहोरहरु शिविर भित्रै पुर्न प्रयोग गर्न सकिन्छ । सतह तथा भूमीगत पानकि श्रोतहरु प्रदुषित नहोस भनी ध्यान दिइनु पर्दछ र ठोस फोहोर राम्ररी निकासी गर्नु पर्दछ, शिविर भित्र खाडलहरु डिजाईन गरेर, अथवा आवस्यक पर्‍यो भने शिविर बाहिर । अस्पतालको फोहर अथवा सानो तहको उद्योगको लागि विशेष व्यवहार गरीनु पर्दछ जस्तो Incineration .

▶▶ *फोहोर निकास सम्बन्धी थप जानकारीको निमित्त, हेर्नुस खण्ड १४*

विस्थापित मानिसहरु कहिलेकाहीं तिनीहरु पशुपालन गरेर रहन सक्छन् जस्ले प्राय जिविकोपार्जनको महत्वपूर्ण श्रोतको प्रतिनिधित्व गर्न सक्छ । त्यसैकारण संभावित वस्तुभाउको ठूलो बथानहरुको ठाउँको लागि विचार गरीनु पर्दछ, चराउन तथा पानीको पहुँचको निमित्त । यो स्थानीय समुदायहरुको द्वन्द्वको श्रोत पनि हुन सक्छ, रोग प्रसारणको मौका पनि हुन सक्छ, त्यसैले विभिन्न सरोकारवालाहरुको विच सावधानी पूर्वक मध्यस्थता आवस्यक पर्न सक्छ । ठूलो, अनियन्त्रित वस्तुभाउको लागि  दुर्लभ श्रोतहरुको प्रतिस्पर्द्धाको अवसर तर्फ डोर्‍याउन सक्छ, एवं माटो संकुचन र क्षयीकरण ।

चेतना जागरण सबभन्दा साझा दोहरीने वातावरणीय सवालहरु जस्ले मानव विस्थापन बाट हुने तनावहरु बढाउन तथा समग्र वातावरणीय व्यवस्थापनमा योगदान गर्न सक्छ । स्थानीय नियमहरु र नियमावलीहरु संलग्न सबैले सममन गरीनु पर्दछ शिविर व्यवस्थापन निकाय र विस्थापित जनसंख्या ।

*▶▶थप जानकारीका लागि हेर्नुस् खण्ड ६*

## अवस्थाहरु :

पानीको उपलव्धता शिविर स्थान उपयुक्तताको निर्धारण गर्न सबभन्दा महत्वपूर्ण आधार हो । पानीको यस्ले ज्यादै महत्व भएता पनि अभावले रोग तथा मृत्यु एवंद्वन्द्ध प्रकट हुन सक्छ ।

पर्याप्त परीणाममा पानी उपलव्ध र बर्षैभरी पहुँच हुनु पर्दछ । भूमीगत पानी र सतहले पानीको तह वर्षा मौसममा धोकाजनक तरीकाले धेरै हुन्छ तर सुख्खा मौसममा धेरै थोरै हुन्छ । सम्भव भएसम्म पानीको ट्यांकर अथवा पानी लामो दुरी सम्म पम्पिङ्ग गरीनु रोक्नु रोक्नु पर्छ किनकी यसको मूलय धेरै छन् र तोड्ने र सुरक्षाको अर्थमा नाजुक हुन्छ ।

सामान्यतया पानीको गुण गाउँ छनौटको अवधीमा सानो सवाल हुन सक्छ पानीको परीणाम भन्दा जवकि धेरै प्रभावकारी उपचारहरु उपलव्ध हुन्छ सेडिमेन्टेसन र शुद्धीकरणमा । यद्यपि, यो दुर्लभ स्रोतको रुपमा दुषितको मात्रै होइन जस्तो गह्रौ धातुहरु ।

ठाउँ छनौट गर्नु भन्दा पहिले, सकेसम्म नजीक रहेर लेखाजोखा गरीनु पर्दछ दैनीक शिविरमा पानीको आवस्यकताहरु हुनु पर्छ वषएमा ३६५ दिननै परीणाम उपलव्ध गराउन सकियोस् । तलको तालीकाले sphare (2004) को उदाहरण दिन्छ ।

### प्रतिदिन प्रति व्यक्तिले पानीको उपयोग गर्ने उदाहरण

| | |
|---|---|
| घरेलु उपयोग | १५–२० लि. प्रति व्यक्ति प्रति दिन |
| स्वास्थ्य उपचार सुविधाहरु | ५ लि. प्रति वहिरंग विरामी प्रतिदिन र ४०–६० लि. प्रति भर्ना भएको विरामी प्रतिदिन |
| पोषण केन्द्रहरु | ३० लि. प्रति भनाए भएका विरामी प्रतिदिन, १५ लि. प्रति कुरुवा प्रति दिन |
| विद्यालयहरु | ३ लि. प्रति विद्यार्थी प्रति दिन |

एउटा योजनावद्ध शिविरको अनुमानित जनसंख्या २०,००० जना हो । त्यो जनसंख्याको ३५% विद्यालय जाने उमेरका बालबालिकाहरु हुन्छन् र कार्यसन्चालनको शुरु अवस्थामा अति कुपोषण दर ३ % हुन्छ । स्वास्थ्य केन्द्रले प्रतिदिन जनसंख्याको १ % बहिरंग विरामी र ०.५ % भर्ना हुने विरामी गरी समेट्न स्आवस्यक हुन्छ भनी अनुमान गरिएको छ । त्यहाँ प्रत्येक दिन कति पानी उपलव्ध तथा वितरण गर्नुपर्ने हुन्छ ?

| | |
|---|---|
| २०००० जना×१५ लि. /व्यक्ति/दिन = | ३,००,००० कि./दिन |
| २०००० जना× १% बहिरंग विरामी/दिन =<br><br>२०० जना बहिरंग विरामी/दिन × ५कि./बहिरंग विरामी . /दिन = | १००० कि./दिन |
| २०,००० जना ×०.०५% भर्ना विरामी/दिन = १० भर्ना विरामी/दिन × ६० लि./ भर्ना विरामी/दिन = | ६०० कि./दिन |
| २०,००० जना × ५ वर्ष मुनीका २०% × अति कुपोषण दर ३% लि. = १२० पोषण केन्द्र भर्ना विरामी/दिन × ३० कि./भर्ना विरामी /दिन | ३६०० कि./दिन |
| १२० कुरुवा ×१५ लि. /कुरुवा/दिन = | १८०० |

| | |
|---|---|
| | कि/दिन |
| २०००० जना× २५% विद्यार्थी = ७००० विद्यार्थी<br><br>× ३ लि./विद्यार्थी/दिन = | २१००० कि/दिन |
| जम्मा | ३,२८,००० कि/दिन |

यो स्मरणीय छ कि यो एक यस्तो लेखाजोखाको शुरुवात हो । थप निर्देशनको लागि हैजा केन्द्रहरु, मस्जिदहरु र पशुपालन आवस्यकताहरुको परिधी हेर्नुहोला ।

*▶▶पानी आपूर्तिका लागि मापदण्ड र सूचकहरुको सूचनाको लागि खण्ड १४ हेर्नुहोला ।*

स्थान छनौटको समयमा ख्याल गर्नैपर्ने अरु मुख्य साधनहरुमा खाना पकाउन र/अथवा तताउने इन्धन हो । यदि शिविरका वासिन्दहरु परिचित इन्धनको प्रमुख साधन काठ छ भने, जनताहरुका अपेक्षित आवस्यकताको आंकलनको सर्वेक्षण आवस्यक हुन्छ, यि आवस्यकतालाई परिपूर्ति गर्ने स्थानीय वातावरणको क्षमता र काठ भित्र्याउने तरीकाहरुको व्यवस्थापन सुपरिवेक्षण अथवा जम्मा पार्ने स्वतन्त्र हुन्छन् । धेरै अवस्थाहरुमा इन्धन वचत गर्ने चूल्होहरु र शक्ति वचाउने अभ्यासहरु भित्र्याउनु पर्छ र अन्य काठ वचाउ गर्ने विकल्पहरु अन्वेषण गर्नुपर्छ ।

काठको इन्धनको उपलव्धताको लागि व्यापक वातावरणको विस्तार गर्न शिविरदेखि १५ कि.मि. प्रति दिन आउने र जाने आंकलन गर्नुपर्छ ।

**औसत दाउरा प्रयोग दैनिक प्रति व्यक्ति ०.६–२.४ किलोग्राम हावापानी खानाको स्रोत र संस्कृति अनुरुप**

**दाउरा र यौनजन्य हिंसा**
असुरक्षित वातावरणमा दाउरा ओसार्ने काम महिला र बालिकाहरुको लागि प्राय एउटा खतरनाक काममा पर्दछ । क्याम्पको नजिकै पर्याप्त दाउरा नपाइनु सामान्यतया महिलाहरुलाई टाढा टाढा जानु पर्नाको कारण हो । जसले प्राय: दुर्व्यवहार, यौनजन्य हिंसा र दुर्व्यवहारसम्मको जोखिममा पार्न सक्दछ । बैकल्पिक उपायहरुमा इन्धन वचाउने चुलोहरुको प्रयोग जस्तो उपाय हुन सक्दछ जसले यो समस्यालाई घटनाउनमा सहयोग गर्न सक्दछ र यसका बारेमा खण्ड ६ मा चर्चा गरिएको छ ।

निर्माण सामाग्रीको उपलब्धता अर्को सम्भावित कठिनाई हो जसलाई निर्माणस्थल छनौट गर्दा आंकलन गरिनुपर्दछ । कस्ता खालका परम्परागत सामग्रीहरु प्रयोग हुन्छन्, तिनको नयाँ निर्माणस्थलमा उपलब्धता जस्ता विषय निर्धारण गर्नै पर्दछ एवं यदि त्यस्ता सामग्रीहरु नपाइएको खण्डमा विकल्पहरु के हुन सक्दछन् ।

यस्तो सामग्री अन्तर्गतका निर्माण सामग्रीहरुमा रुखको खाँबोहरु झाडीहरु अथवा पातहरु पर्दछन् तर अझै उपर्युक्त हिलो आवश्यक मात्रामा पाउन कठिनाई हुनसक्छ । खासगरी जव आवश्यक पर्ने पानीका बारेमा विचार गर्दा ।

यो कुरा निर्धारण गरिनुपर्दछ कि यदि उपलब्ध वातावरणमा स्थानीय रुपमा थप निर्माण सामग्री निकाल्दा पर्न सक्ने चापलाई धान्न सक्दछ कि सक्दैन । यदि आंकलनबाट यसले वातावरण विनाश गर्दैन भने देखाउँछ भने मात्र शिविर व्यवस्थापन निकायले स्थानीय समूदायबाट निर्माण सामाग्री खरिद गर्नुपर्दछ । जसले गर्दा विस्थापित जनसंख्या आफैले बटुलेको सामाग्रीहरु भन्दा व्यवस्थित हुन सकोस् । यस्तो योजनाबाट लागत घटाउन पनि सक्छ र स्थानीय समूदायसँग आर्थिक सहयोग मार्फत एउटा राम्रो सम्बन्ध निर्माण हुन सक्दछ । यदि यद्यपी यस्तो सम्भव नभएमा सामाग्री अन्यत्रबाट खोज्न सकिन्छ । निर्माण सामाग्रीहरु विश्वसनिय आपूर्ति अथवा आपूतिकर्ता हो भन्ने सुनिश्चित गर्नको लागि सावधानी अपनाउनुपर्दछ र अझै भन्नु पर्दा विश्वसनिय निकायबाट त्यस्तो काठको प्रमाणित भएको होस् ।

- एउटा उदाहरणको लागि Forest stewardship Council sf] FSCwww. fscus.org वेभ साइटमा हेर्नुहोला जसले संसारको वनहरुको जिम्मेवारीपूर्ण व्यवस्थापनको प्रवर्द्धन गर्दछ ।

**आकार**

सिफारिश गरिएको प्रति व्यक्ति सतहको न्यूनतम क्षेत्रफल ३० वर्गमिटर हो जसमा सार्वजनिक ठाउँ जस्तो कि सडकहरु तथा बाटोहरु, बजार क्षेत्रहरु, स्वस्थ सेवा केन्द्रहरु, स्कुलहरु तथा प्रशासनिक भवनहरु समेत पर्दछन् । यदि खेतीको लागि परिस्थिति र सँस्कृति अनुकुल रहेको छ भने बगैंचा

बनाउने अथवा साना जनावर पाल्ने जस्ता कार्यहरुका लागि ४५ वर्ग मिटरसम्म जग्गा प्रति व्यक्ति सतहको न्यूनतम क्षेत्रफल हुन सक्दछ ।

सामान्यतया शिविरको जनसंख्या २०,००० भन्दा वढी हुनु हुँदैन । यद्यपि ठूलो परिणामको विस्पान र/अथवा उपयुक्त जग्गाको अभाव रहेको अवस्थामा शिविरहरुमा बढी भन्दा बढी व्यक्तिहरु अटाउनुपर्ने हुन सक्दछ । अस्थायी रुपमै किन नहोस् । त्यसैले यो आवश्यक (ष्लअगकभलत) हुन्छ कि क्म्ऋ ले आवश्यकताको आधारमा उन्नत रणानती सिर्जना गर्नुपर्दछ । नयाँ "छिमेकी अवस्थाहरु" अथवा "चरणहरु" निर्माण गर्नका लागि । एउटा अधिकतम जनसंख्याको निमित्त उपयुक्त जग्गाको क्षेत्र निर्धारण गरिनुपर्दछ । अधिकारीहरुलाई अगाडी नै स्पष्ट गरिनुपर्दछ कि यो नै अधिकतम हो र जब निश्चित मापदण्ड पूरा हुन्छ जसको ७५५ क्षमता उपयोग हुन्छ नयाँ ठाउँ खोज्ने पहल गरिनेछ र नयाँ जनसंख्या नियम तयारी गरिनेछ । स्वभाविक जनसंख्या बृद्धिलाई पनि ध्यान दिनुपर्दछ जुन सामान्यतया प्रतिवर्ष ३–४५ का दरले बृद्धि हुन्छ ।

**भुगर्भशास्त्र तथा मौसम विज्ञान**

२–६ प्रतिशतसम्मको ग्रेडिवन्टको हल्का भिरालोले स्वभाविक ढल र खेतीजन्य कामलाई सहयोग गर्दछ । समतल निर्माणस्थलमा ढल निकासको समस्याहरु आउन सक्दछ जहाँ पानी ज्यादा छ र वर्षा मौसममा दलदल वन्दछ । जसले पानी जम्ने गर्दछ र पछि गएर लामखुट्टे जस्ता रोग किराहरुको उत्पादन केन्द्र बन्न पुग्दछ ।

➢ रोग किराबाट हुने रोगहरु र नियन्त्रणका सम्बन्धमा थप सुचनाका लागि खण्ड १४ हेर्नुहोला ।

सतहको पानीलाई सजिलै सोस्ने खालको माटो राम्रो हुन्छ खासगरी निर्माण तथा शौचालयको उचित प्रयोगको लागि । यदि माटो ज्यादै बालुवा मिसिएको छ भने शौचालय तथा अन्य संरचनाहरु भत्कन सक्छ । एकदमै चट्टानयुक्त जग्गामा आवास र शौचालय संरचनामा बाधा पुऱ्याउनुका साथै बगैंचा बनाउन समेत कठिन हुन्छ ।

सामान्यतया शिविरको प्रमुख संरचना वर्षा तालिका भन्दा कम्तीमा पनि ३ मिटर माथि हुनुपर्दछ ।

**रुख तथा बोटविरुवा :–**

निर्माणस्थलमा सकेसम्म रुखहरु, बोटविरुवा तथा माथिल्लो सतहको माटो संरक्षण गरिनुपर्दछ ताकि यसले छहारी प्रदान गर्ने, भूक्षय घटाउने, माटो कटान रोक्नुको साथै शिविरको वास्तविक पुर्नस्थापनालाई गति प्रदान गर्न सकोस् ।

➢ थप जानकारीका लागि खण्ड ६ हेर्नुहोला ।

वातावरणीय तथा रोगव्याधी सम्बन्धी जोखिमहरु

निर्माणस्थलहरु बाढी, हावाहरी, हिमपात तथा अन्य वातावरणीय जोखिमयुक्त छन् भने त्यस्तो रोकिनुपर्दछ । केही अवस्थाहरुमा यस्ता जोखिमहरु नयाँ मौसम नआएसम्मको लागि नदेखिन सक्छ । स्थानीय मन्त्रालयहरुसँग परामर्श गरेर रोकथाप अथवा कम्तीमा पनि वातावरणीय जोखिमहरुको पूर्वनिर्धारण गर्नमा सहयोग पुऱ्याउन सकिन्छ ।

कतिपय निर्माणस्थलहरु (आयोजना निर्माणस्थल) स्वास्थ्य सम्बन्धी जोखिममा पर्न सक्दछन् जुन तत्कालै नदेखिन सक्छ जस्तो कि कालाज्वर अथवा जलध्यता (चष्खभच ष्लिमलभकक) क्म्ऋ सँग सम्बन्धित स्वस्थ्य निकायहरु स्थानिय स्वास्थ केन्द्रमा गई त्यस क्षेत्रको सम्भावित स्वास्थ जोखिमको सम्बन्धमा पहिचान गर्नुपर्दछ ।

- स्वास्थ सम्बन्धी विषयमा थप जानकारीका लागि खण्ड १६ हेर्नुहोला ।

**साँस्कृतिक तथा सामाजिक पक्षहरु/सवालहरु**

विस्थापित जनसंख्याको सास्कृतिक तथा सामाजिक परिवेश आयोजनास्थल छनौटको एक महत्वपूर्ण तत्व हुनुपर्दछ । यद्यपि प्राय यो मानिसको छवि उपयुक्त आयोजनास्थल पहिचान गरी सम्बन्धित सस्कारले उपलब्ध गराउने कुरा भन्दा यस्ता पक्षहरु दोस्रो प्राथमिकतामा परेका हुन्छन् । शिविरको कर्मचारीले नयाँपन अथवा तनाव जुन एउटा समुदायले पुर्नवासको क्रममा एउटा नयाँ र अपरिचित ठाउँमा अनुगमन गर्न सक्दछ भन्ने कुरा बुझ्नु जरुरी हुन्छ ।

साँस्कृतिक तथा सामाजिक पक्षहरुका उदाहरणका रुपमा चरण समूहहरु पर्दछन् जो सामान्यतया आफ्ना नजिककाछिमेकीहरु भन्दा कैयौं किलोमिटर टाढा वस्दछन् जो अहिले समूहमा वस्न बाध्य भएका छन् । शरी जनसंख्या जो गाउँले जस्तो शिविरको वातावरणमा पुगेका छने अथवा जातिय अथवा धार्मिक रुपले फरक समूहहरु जो जो सामान्यतया एक अर्काका नजिक वस्दैनन् अथवा जो अहिले एउटै ठाउँ र साधनहरु साझेदारी गरिरहेका छन् । साँस्कृतिक तथा सामाजिक पक्षहरुमा विचार गर्न अनुमति दिनको लागि विस्थापित समूदायले कसरी आयोजना स्थलको वनावटले साँस्कृतिक तथा सामाजिक रुपमा उपयुक्त हुन सक्दछ भन्ने विषयमा धारणा राखेको कुरा सुनिश्चित हुनुपर्दछ । परिचित मान्यताहरु, व्यवहार तथा संस्कारहरु शिविरमा निरन्तरता दिन अनुमति दिने तथा सम्भव भएसम्म सामाजिक मनोविमर्श सहयोग अथवा शिविरका कर्मचारीहरुलाई तालिम प्रदान गरिनुपर्दछ ।

विस्थापित तथा स्थानिय दुवै समूदायहरु प्रतिस्पर्धात्मक तथा उन्नत हुन सक्छन् । स्रोत र साधनहरुका बारेका प्रतिस्पर्धा हुन सक्दछ तर समुदायहरु प्राय गरेर एक अर्काको सह अस्तीत्वमा व्यापार, श्रम आदानप्रदान तथा व्यापार जस्ता माध्यमबाट फाइदा पाउन सक्दछन् ।

साना स्थानीय समूदायहरुको छेउमा एकदमै ठूला शिविरहरु नराख्नु मनासिव हुन्छ । कुनैपनि अवस्थामा स्थानिय समूदायको मिलेर बस्न सक्ने क्षमताका बारेमा आंकलन गरिनुपर्दछ किनकी यो आकार र आर्थिक गतिविधिका हिसावमा तीव्र रुपमा बढ्न जाने हुन्छ । यदि शिविरले "तीव्र विकसित शहरको स्वरुप बनाउँदछ । साँस्कृतिक, जातिय, धार्मिक अथवा मासिक विभिन्नताहरुको विस्थापित समुदायले कसरी ग्रहण गर्दछ भन्ने कुरामा एउटा विशेष प्रभाव पार्न सक्दछ । खास गरेर त्यस्तो परिस्थितिमा विशेष सावधानी अपनाउनु पर्दछ जहाँ द्वन्द्वहरु जातिय रुपका हुन्छन् ।

शिविरमा रहनेको जिविकाका साधानहरु प्रतिको पहुँच निर्माणस्थल छनौटको क्रममा विचार गरिनुपर्दछ । जिविकाका साधनहरुको तरकारी बगैंचाहरु, सानो खेती अथवा पशुपालन, हस्तकला सामाग्री निर्माण अथवा खास गरेर व्यापारका लागि एउटा बजार अथवा स्थानीय समुदायको नजिकै रोजगारका अवसरहरु सिर्जना गर्ने अवसर प्रदान गर्न सक्दछ । स्मरणीय कुरा के छ भने धेरै जस्तो शिविरहरु ग्रामीण क्षेत्रमा हुँदैनन् र सामुहिक केन्द्रका जिविकोपार्जनका वास्तविकताहरु जमिनको पहुँच भएको ठाउँ भन्दा धेरै फरक हुन्छ ।

➢ थप जानकारीका लागि खण्ड १८ हेर्नुहोस् ।

**जमीनको उपलब्धता**

राष्ट्रिय तथा स्थानिय अधिकारीहरुको प्राय: गरेर निश्चित ठाउँ पहिचान गरी अरुलाई रोक्नमा विशेष रुची हुन सक्दछ । प्राय: गरेर विस्थापित जनसंख्यालाई बढी एकान्त, दुर्गम अथवा असुहाउँदो चट्टानयुक्त अथवा ओसिलो क्षेत्रहरुमा स्थापना गरिएको हुन्छ । सुरक्षाको कारण देखाएर ताकि वास्तविक अथवा क्षति गरिएको सिमित स्थानीय स्रोत साधनहरु अथवा युद्धग्रस्त पक्षको विचको ढालको रुपमा समेत राखिएको हुन्छ । कतिपय विकल्पहरु अस्वीकार्य पनि हुन सक्छन् किनकी शिविरका जनसंख्याको सुरक्षा र संरक्षणहरु नै एउटा प्राथमिकता अन्तर्गत पर्दछन् । वास्तविक निर्माणस्थल पहिचान सामान्यतया सबै सरोकारवालाहरुको खासो तथा उपलब्ध जमिनविचको सामान्जस्यताका आधारमा तय गरिन्छ । कतिपय संभाव्य जमिनका लागि द्वन्दहरु मौसमी पनि हुन सक्छन् एवं आंकलन गरिएको समयमा नदेखिन पनि सक्छन् – पशुका लागि मौसमी घाँसे मैदान अथवा चरण लगायत

दुईवटा सोधिनुपर्ने प्रश्नहरु यस प्रकार छन् :–

१) यदि वसोवासका निमित्त जमीन पहिले नै प्रयोग गरिएको छैन भने किन छैन ?
२) यदि जमीन केही उद्देश्यका लागि प्रयोग भएको छ भने शिविर बसेको अवस्थामा के हुन्छ – उदाहरणको लागि यदि चरणको जमीन गुम्यो भने ?

सबै पक्षहरुका अधिकार र कर्तव्यहरुका सम्बन्धमा उल्लेख गर्न क्षेत्रिय क्लस्टर प्रमुख निकाय र सरकारसँग एउटा समझदारी पत्र तयार गरिनु पर्दछ जस्तो कि क्षेत्र/क्लस्टर प्रमुख, सरकारी

निकायहरु, जग्गाधनीहरु, शिविर व्यवस्थापन निकाय, शिविरको जनसंख्या तथा स्थानीय समुदायहरुको शिविर स्थापना सम्बन्धमा ।

शिविर व्यवस्थापनसँग सम्बन्धित सबै सवाहरुका सम्बन्धमा स्थानीय समुदायसँग पूर्ण छलफल गरिनुपर्दछ ताकि शिविर समुदायको आवश्यकता के हो र स्थानीय समुदायमा यसको कस्तो प्रभाव र्दछ भन्ने विषयमा एउटा साझा सहमति बन्न सकोस् जहाँ उपयुक्त अथवा आवश्यकता पर्दछ । सबै सहमतिहरु समझदारीपत्रमा स्पष्ट रुपमा उल्लेख गरिनुपर्दछ । यदि आवश्यक पर्दछ भने स्थानीय शिष्टाचारहरु, मूल्य मान्यताहरु जसमा स्थानीय समुदायहरु बाँधिएका हुन्छन् । त्यसलाई पनि समावेश गरिनुपर्दछ ।

यदि सम्भव छ भने शिविर व्यवस्थापन निकायले समझदारीपत्र निर्माणमा सहभागी बन्नुपर्दछ र सबै अवस्थाहरुमा एकप्रति उपलब्ध हुनुपर्दछ । यसका अतिरिक्त शिविर व्यवस्थापन निकायले यो कुरा निश्चित गर्नुपर्दछ कि कर्मचारी तथा शिविरको जनसंख्याले समझदारीको विवरण बुझ्दछन् ।

**निर्माणस्थल योजना**

विभिन्न निर्माणस्थलहरु विचाराधीन रहेको अवस्थामा एवं कानूनी पक्षका बारेमा समेत क्म्क्ष् ले वास्तविक शिविरको सम्बन्धमा योजना बनाउने काम शुरु गर्नुपर्दछ । फेरी यो एउटा जटिल प्रक्रिया हो जसमा धेरै विशेषताहरु तथा सरोकारवालाहरुको सुझाव आवश्यक पर्दछ ।

**परिवारबाट शुरु गर्ने**

यो अन्तर केन्द्रित देखिन पनि सक्दछ । प्रभावकारी निर्माणस्थल योजनाको कडी भनेको शिविरको सवभन्दा सानो निर्माण खण्डबाट शुरु गर्नु हो । व्यक्ति र परिवार तथा माथिल्ला निर्माण । यदि कसैले शिविर इलाकाको ठूलो तस्वीरका आधारमा शुरु गर्दछ र तल्लोतर्फ काम गर्ने प्रयत्न गर्दछ भने ठाउँ तथा शिविर स्थापना एवं सेवाहरु जस्ता सवालहरु उत्पन्न हुन जान्छन् जसमा थोरै विकल्पहरु मात्र बाँकी रहन्छन् । विकेन्द्रिकृत समुदाय अवधारणा प्रयोग गरेर क्म्क्ष् ले सवभन्दा पहिले समुदाय र तीनका सानो इकाईसँग छलफल गर्नुपर्दछ जसमा खास गरेर व्यक्ति अथवा परिवार तथा त्यसपछि त्यस्तो जोसँग सम्बन्धित हुन्छन् र नजिक वस्छन् सँग छलफल गरिनुपर्दछ जवसम्म स्थीर प्रारुप तयार हुँदैन । यसको मतलब यो होइन कि एउटा कठोर नचष्म प्रारुप प्रयोग गरिन्छ जसले एकाँकीपन तथा भीडभाडतर्फ अग्रसर गराउन सक्दछ । यसको सट्टा एउटा यु (U) आकारको अथवा एच (H) आकारको Cluster Pattern रुचाइन्छ किनकी यसले छिमेकीपनाको प्रवर्द्धन गर्दछ । तथा अरु निकायसँग सञ्चार साझा सुविधाहरु र स्रोत साधनहरुको स्वामित्वलाई प्रोत्साहन गर्दछ तथा बढ्दो भीडबाट उत्पन्न हुने खरावीहरुलाई घटाउँदछ । परिवारका इकाईहरु साझा सुविधाहरु शौचालय तथा धुने ठाउँहरु अथवा मनोरञ्जन स्थल तथा बैठकस्थल तर्फ केन्द्रित अथवा घेरिएको हुन सक्दछ ।

तल दिइएको तालिकाले कसरी परिवारका इकाईहरु समुदाय वन्ने गरी झ्याम्मिन पुग्दछन् – ब्लकहरु तथा ठूला इकाईहरु तथा तहसम्म भन्ने एउटा उदाहरण देखाउँदछ । यो अधिकतम २०,००० सम्म आकारको जनसंख्याको निमित्त हो । तर तोकिएको शिविरको आकार तथा उहि शिविरमा वस्ने विभिन्न समुहहरु जस्ता अरु तत्वहरुका आधारमा परिमार्जन गर्न सकिन्छ ।

समुदाय ब्लकहरु निर्माण (यु.एन.एच.सी.आ. UNHCR २००७ बाट परिमार्जित)

| **साना इकाई** | **ठूला इकाई** | **अनुमानित प्रति इकाई व्यक्ति संख्या** |
|---|---|---|
| १ परिवार अथवा घर | | = ४–६ जना |
| १६ परिवारहरु अथवा घरहरु | १ समुदाय | ८० जना |
| १६ समुदायहरु | १ ब्लक | १,२५० जना |
| ४ ब्लकहरु | १ सेक्टर | ५,००० जना |
| ४ सेक्टरहरु | १ शिविर | २०,००० जना |

**ठेगाना पद्धतिहरु**

शिविरको सामान्य फैलावट स्पष्ट भई सकेपछि एउटा ठेगाना पद्धति पनि विकास गर्नुपर्दछ जसले परिवार आवासहरुसम्म सेक्टर तथा ब्लकहरु पत्ता लगाउन, जसले ठूलो तथा सानो परिणामसम्मको योजनामा सहजीकरण गर्न सकोस् । अन्तत्वगत्वा यो विशेष आवश्यकता भएका व्यक्तिहरु र समुदाय नेताहरु जस्तालाई पहिचान गर्न महत्वपूर्ण सिद्ध हुन्छ । लिखित नामहरु, संख्याहरुसँगै संकेतहरु, चित्रहरु अथवा रङ्गहरुसँगै प्रयोग गर्नाले बालबालिकाहरु तथा निरक्षर व्यक्तिहरुलाई शिविर वपरपरिको बाटो पत्ता लगाउन सजिलो बनाउँदछ ।

**ठेगाना पद्धतिको एउटा उदाहरण यस्तो छ:**

सेक्टर – ल्याटिन संख्या (१, २, ३ ……)

ब्लक – ठूलो वर्णमालाहरु (A,B,C ………)

परिवार आवास – ल्याटिन संख्याहरु (१२, १३, १४ ……….)

यसले गर्दा ठेगानाहरु धेरै विभाजन गर्नु पर्दैन । "समुदायहरु" सामान्यतया ठेगाना पद्धतिभित्रबाटछोडिएका हुन्छन् । त्यसैले एउटा परिवारको व्यक्तिगत आवास/आश्रय ३.सि. –५४ (सेक्टर ३,ब्लक सि, घर ५४) हुनसक्छ ।

कहिलेकाही रोमन संख्याहरु – क्ष, क्षक्ष, क्षक्षक्ष, क्षख प्रयोग गरिन्छन् । यो कुरा ख्याल गर्नुपर्दछ कितथ्यांकहरुमा राख्दा तिनिहरुको पहिचान हुँदैन ।

**विशेष आवश्यकता भएका व्यक्तिहरु तथा जोखिममा परेका समूहसँग सम्बन्धित निर्माणस्थल योजना**

हरेक समाजमा बृद्ध व्यक्ति, साना बालक तथा बच्चाहरु हिडडुल गर्न नसक्ने अथवा उच्च जोखिममा परेका महिलाहरु जस्ताको लागि धान्न सक्ने उपायहरु रहेका हुन्छन् । यो शिविर व्यवस्थापन निकायका लागि त्यस्ता संयन्त्रहरु पहिचान गर्ने र उनीहरुलाई सहयोग गर्नका निमित्त हो । यसै गरेर शि.व्य.नि.ले त्यस्तो प्रावधानमा रहेका कमी कमजोरीहरु पहिचान गर्नुपर्दछ । तिनका निमित्त जो सिमान्तीकृत बन्न सक्दछन् र त्यसैले जोखिममा रहन्छन् । धेरै अवस्थाहरुमा अभिभावक बच्चा जोखिम रहेका व्यक्तिहरु जस्तो कि अभिभावक विहिन बच्चाहरुलाई स्थानीय परिवारले हेरचाह गर्दछन् जसलाई थप सहयोगको जरुरत पर्दछ ।

त्यस्तो अवस्था जहाँ विशेष आवश्यकता भएका व्यक्तिहरुलाई पर्याप्त मात्रामा हेरचाह गरिएको हुँदैन । त्यस्तो वेलामा संरक्षण निकायहरु र शिविर समितिहरुसँग काम गरी समस्या समाधानको उपाय पत्ता लगाउनमा शि.व्य. को भूमिका रहन्छ ।

**GIS भू.सु.प्र.को प्रयोग (भू सुचना प्रणाली) :–**

**शिविरका प्रविधिहरु:–**

भू.सु.प्र. प्रविधि प्रमुख पूर्वाधारा, जनसंख्या तथ्याङ्कसँग सम्बन्धित शिविर निर्माणस्थलको नक्शांकन गर्नमा शिविर व्यवस्थापनमा प्रयोग गरिन्छ । उदाहरणको लागि भू.सु.प्र. ले शिविर योजनाकारलाई त्यस विन्दुको ५०० मिटरभित्रको एउटा पानीको विन्दु तथा आश्रयहरु विचको सम्बन्ध नक्शांकन गर्न समर्थ बनाउँदछ । यसैले यसले शिविरको कुन खण्डहरु पानीसम्मको पहुँचका आधारमा न्यूनतम मापदण्डहरु पूरा गर्दैनन् भन्ने कुरा देखाउँदछ । (क्षेत्र sphere प्रमुख सुचांक– "कुनैपनि घरबाट अधिकतम पानी लिने ठाउँको विन्दुबाट ५०० मिटर")

भू.सु.प्र. एउटा दृश्ययुक्त र शक्तिशाली औजार हो जसमा विस्तृत जनसाँख्यिक सुचनाहरु शिविर समूहहरु र व्यक्ति वस्दछ सोका बारेमा नक्शांकन गर्ने क्षमता राखेको हुन्छ । त्यसैले जनसंख्या सम्बन्धी तथ्यांक प्रयोग गर्दा संरक्षण सम्बन्धि सवालहरुमा ध्यान पुऱ्याइनु अत्यन्त आवश्यक हुनुका साथै तथ्यांक पर्याप्त रुपमा छुट्टयाईएको कुरा सुनिश्चित हुन सकोस् ताकि खतरामा रहेका व्यक्तिहरुको नाम अज्ञात रहन सकोस् ।

उदाहरणका निमित्त, BGV को बाँचेकाहरुको आश्रय तहमा नक्शांकनबाट बाँचेकाहरुको आश्रयको सुक्ष्म अवस्थिति देखाउन सक्दछ यद्यपि उनीहरुको नाम उपलब्ध हुन सक्दैन । त्यसैले यो जरुरी हुन्छ कि भू.सु.प्र. बाट निकालिएको सुचनाको उपयोगिता कार्यक्रमका मागहरु, तथ्यांक गोपनियताका सिद्धान्तहरु तथा सम्बन्धी व्यक्तिको गोपनियता कसीमा मापन गरिन्छ ।

**वृहत्तर स्वरुपहरुको सिमा बन्धन**

परिवार इकाइहरु तथा समुदायहरुको मोटामोटी योजना गरी सकेपछि भएका आश्रय स्थलहरुको तुरुन्तै पुर्नसंगठित गरी सकेपछि परिवार आश्रयहरु तथा सामुदायिक स्वरुपहरुको अस्तित्वमा रहेका नदीहरु, चट्टानयुक्त क्षेत्रहरु अथवा सडकका कसीमा नक्शांकन गरिन्छ । जहाँसम्म सम्भव हुन्छ, संलग्न सरोकारवालाहरुले अन्य अवस्थामा पुर्वाधार आवश्यकताका सिमाका रुपमा हेरिएका विषयहरुका सकारात्मक पक्षहरुको उपयोग गर्ने प्रयत्न गर्नुपर्दछ । उदाहरणको लागि विषरहित तथा अप्रदुषित खेर गएको पानीलाई भूमिगत "भिजाउने मार्ग" बनाउन सकिन्छ जसले तरकारी बगैंचालाई सहयोग पुग्न सक्दछ ।

निर्माणस्थल आंकलन जति सक्दो चाँडो हुनुपर्दछ ताकि संभावित भविष्यका समस्याहरु पत्ता लगाउन तथा स्वास्थ, शिक्षा, पानी तथा सरसफाई सुविधाहरु अनुपयुक्त ठाउँमा स्थापना गर्नबाट रोक्न सकियोस् । आंकलनबाट नालीको आवश्यकता, अग्नी भेदक (fire breaks) तथा संभावित बढाउन सकिने क्षेत्रहरु तथा प्राकृतिक स्रोत साधनहरुको दिगो प्रयोग अथवा बढ्ता प्रयोगको संभावनाका सम्बन्धमा आंकलन गरिनुपर्दछ ।

तलको तालिकाले समुदायिक शिविर स्वरुपका सम्बन्धमा सामान्य निर्देश गर्दछ । तिनिहरु सन्दर्भका लागि मात्र हुन जस्तो अरु खण्डहरुले विशेष सुचनाहरु दिन्छन् जुन विशेषज्ञलाई वास्तविक योजना बनाउँदा तथा व्यक्तिगत स्वरुप निर्धारण गर्दा आवश्यक पर्दछ । केही अवस्थामा राष्ट्रिय मापदण्डहरु प्रयोग हुन्छन्, यहाँ कउजभचभ, UNHCR, UNESCO तथा USAID स्थलगत कारवाही निर्देशिका (ँइन) बाट लिइएका छन् ।

**निर्माणस्थल योजनाका निर्देशिकाहरु**

| सुविधाको प्रकार | | व्यक्ति/संख्या | अन्य टिप्पणीहरु | |
|---|---|---|---|---|
| शिविर क्षेत्र | कुल खुल्ला ठाउँ | ३०–४५ मि २ प्रतिव्यक्ति | | |
| वस्ने ठाउँ | ँष्चभ दचभबप | खुला ठाउँको ५० मिटर बनाएको हरेक क्षेत्रबाट ३०० मिटर | | |
| | पानीको विन्दुहरु | ८०–५०० जनाको विचमा एउटा प्रकार र वहाव दर अनुसार | १००–५०० मिटर वस्नेबाट पर उच्च सतहमा गुरुत्वाकषर्ण पद्धतिहरु | |
| | शौचालयहरु | प्रति घर १ देखि २०–२५ जनाको विचमा एउटा | घरबाट ६–५० मिटर पर यदि धेरै टाढा भए प्रयोगमा | |
| | धुने सुविधाहरु | १००–२५० जनाको विचमा १ वटा | | |
| | फोहर फाल्ने भाँडोहरु | प्रति समुदाय २ वटा | प्रति १०० परिवारहरु विच ११०० लिटर जहाँ जगाइदैन, | |

| | | | | |
|---|---|---|---|---|
| | (च्भागकभ द्यष्लक) | | सामुदायिक क्षेत्रबाट १०० मिटर पर | |
| स्वास्थ्य सेवा सुविधाहरु | रेफरल अस्पताल | १० शिविरहरुमा १ (२०,००० जना) | | |
| | स्वास्थ्य केन्द्र | १ शिविर १ (२०,००० जना) | | |
| | शौचालयहरु | १०–२० मा १ र २०–५० मा १ | केन्द्रिकृत तर एम्बुलेन्स तथा अन्य यातायातको पर्याप्त पहुँच | |
| | औषधीजन्य फोहर फाल्ने सुविधाहरु | | | |
| फिडिङ्ग केन्द्रहरु | फिडिङ्ग केन्द्र | प्रति शिविर १ (२०,००० जना) | | |
| | शौचालय | २०–५० प्रौढको विच १ तथा १०–२० बच्चाको विच १ वटा | | |
| | स्कुल ब्लक | एउटा सेक्टरमा १ वटा ( ५,००० जना) | | |
| | कक्षा कोठाको आकार सम्बन्धी निर्देशिका : | सामान्यतया ४० विद्यार्थीको लागि एउटा स्तरीय कक्षाका लागि = ६.२०×५.७५ मिटरदेखि ६.२०×६.२० मिटर हुनुपर्दछ | | |
| विद्यालयहरु | पूर्व प्राथमिक कक्षाहरु | ४० विद्यार्थीसम्मका लागि = १ घ.मी. प्रति विद्यार्थी, ४८ विद्यार्थीसम्मका लागि = ०.७४ प.मि. प्रति विद्यार्थी | | |

| | | | | |
|---|---|---|---|---|
| | कक्षा १–३ | ४० विद्यार्थीसम्मका लागि = १ घ.मि./विद्यार्थी, ४८ विद्यार्थीसम्मका लागि =०.८३ घ.मि./विद्यार्थी | | |
| | कक्षा ४–६ | ४० विद्यार्थीसम्मका लागि =१घ.मि./विद्यार्थी | | |
| | १० कक्षाका लागि कक्षा कोठा सम्बन्धी निर्देशिका | ५५ वर्ग मिटरको पालमा ४०.४५ बालबालिकाहरु अट्न सक्छन् । | | |
| | शौचालयहरु | ३० छात्राको विचमा १ वटा र ६० छात्रको विचमा १ वटा | | |
| वजारहरु | वजार | १ शिविरमा १ वटा ( २०,०००) | | |
| | शौचालयहरु | ३०–५० स्टलमा १ वटा | | |
| समाधिस्थल | समाधी | | जमीनको पानीको स्रोतजन्य ३० मिटर टाढा, स्थानीय समुदायमा खाली ठाउँ भए विचार गर्न सकिन्छ | |
| स्वागत कक्ष/ट्रान्जिट क्षेत्र | शौचालयहरु | ५० जनाको लागि १ वटा (महिला पुरुष अनुपात ३:१) | | |
| प्रशासनिक क्षेत्र | सरकारी निकायहरु/सुरक्षाकर्मी, संयुक्त राष्ट्र संघीय निकायहरु, गैससहरु, बैठकस्थलहरु तथा वेटार हाउस सेवा सहित | | | |
| | सामान्यतया नजिकको प्रस्थान हुनुपर्दछ ताकि ट्रकहरु शिविरको नजिक नचलुन र वेयर हाउसको सुरक्षाको निमित्त | | | |
| | शौचालयहरु | २० कर्मचारीहरुका लागि | | |

**यी विशेषताहरुका अतिरिक्त तल दिइएका कुराहरुमा पनि ध्यान दिइनुपर्दछ:**

**सडक तथा मार्गहरु**

मुल बाटोका पछाडि एउटा शिविरका लागि धेरै भित्रि क्रसिङ्गहरु तथा मार्गहरु आवश्यक पर्दछ जसले विभिन्न सेक्टरहरु, ब्लकहरु तथा समुदायहरुलाई जोडदछ । बाटो तथा सडकमार्गहरु प्राय गरेर धेरै जनसंख्याले एक आपसमा कुराकानी गर्ने र अनौपचारिक बजार स्थापना गर्ने ठाउँहरु हुन्छन् तर तिनिहरु कुनै अपराधहरु अथवा हिंसात्मक कार्य गर्ने व्यक्तिहरुका लागि भित्र पस्ने र भाग्ने बाटो पनि हुनसक्छ । सडकहरुको सञ्जालहरु जुन गोपनियता र संरक्षणका लागि हुन्छ र त्यस्तो जसले छिट्टै आपतकालिन बाहनहरु तथा सुरक्षा गस्तीहरुका पंक्तिहरुका विच भिन्नता गरिनुपर्दछ । सवै सडक तथा मार्गहरुका वरिपरि रहेका झाडीहरु सफा गरिनुपर्दछ जहाँ सम्भव हुन्छ रातीको समयमा सुरक्षाको निमित्त केही वत्तीको व्यवस्था मिलाइनुपर्दछ ।

केन्द्रिकृत सुविधाहरु अथवा ठूला पूर्वाधारका नजिकै वसेका शिविरका समुदायहरुको आश्रयस्थल तर्फका शिविर जनसंख्या भन्दा ठूलो परिमाणमा सवारी हुनसक्छ । केन्द्रिय सुविधाहरुबाट टाढा रहेका समुदायहरुले एक्लिएको महसुस गर्न सक्छन् । जनसंख्या ठूलो हुनसक्छ अथवा धेरै त्यागिएका आश्रयहरु हुन सक्छन् । दुवै अवस्थाहरुमा फरक सुरक्षा जोखिमलाई फरक समुदाय अथवा सडकको फैलावटका आधारमा सम्बोधन गरिनुपर्दछ ।

**सामुदायिक, व्यवसायी तथा मनोरञ्जनका क्षेत्रहरु**

बाहिरी रुपबाटै सामुदायी क्षेत्रका लागि खुल्ला ठाउँहरु तथा मनोरञ्जन स्थलहरु, साधारण बैठकस्थलहरु तथा धार्मिक भेलाहरु जस्तो कार्यको लागि अतिरिक्त समतल क्षेत्र पहिचान गरिनुपर्दछ । बजारका लागि भविष्यमा विस्तारका लागि ठाउँ राख्ने लगायतका लागि समेत पर्याप्त ठाउँ विचार गरिनुपर्दछ । बालबालिकाहरुदेखि किशोर किशोरीका लागि पर्याप्त खेल मैदानहरु अथवा बाल मैत्री ठाउँहरु हुनुपर्दछ जुन अपाङ्गता भएका बालबालिका लगायत सबैको पहुँचमा होस् । किशोर किशोरीहरुको आवश्यकतालाई विशेष ध्यान दिन समेत मनासिव देखिन्छ जस्तो फुटबल मैदानहरु अथवा सामाजिक क्लबहरु । यदि सम्भव छ भने खेल मैदानहरु आश्रयहरु भन्दा तल्लो सतहमा हुनुपर्दछ किनकी बोटविरुवाहरुलाई आवश्यकता अनुसार हटाइदा सतहको पानी बढ्न सक्दछ । सुरक्षाको लागि मनोरञ्जन स्थलहरु केन्द्रिय रुपमै अवस्थित गरिनुपर्ने हुन्छ । साथै वरिपरिका बाक्लो झाडी सफ ागर्ने तथा बढ्दो सवारी चाप भएका सडकहरुभन्दा सुरक्षित दुरीमा हुनुपर्दछ ।

**कृषि तथा पशुपालन**

जहाँ सक्रिय खेती अथवा पशु पाल्ने समुदायहरु छन्, उनीहरुका निमित्त पशुपालनका लागि अथवा ठूलो परिणाममा खेतीपाती गर्नका लागि अतिरिक्त जमीनको बारेमा विचार पुऱ्याइनु पर्दछ । पशुपालन प्राय गरेर शिविर बाहिर गरिन्छ किनकी भीड भएको शिविरहरुमा राख्नाले गम्भीर

स्वास्थ्य सम्बन्धी जोखिमहरु उत्पन्न हुनसक्छ । छुट्टै पानीको विन्दु उपलब्ध गराउन विशेष पहलहरु गरिनुपर्दछ । त्यस्तो निर्माणस्थलमा सरसफाई सुनिश्चित गरिनुपर्दछ । जनावरहरुलाई जथाभावी अनियन्त्रित रुपमा शिविरबाट छोड्नबाट नियन्त्रण गर्नुका साथै स्थानिय पशुहरुबाट रोग सर्नबाट समेत रोकथाप गरिनुपर्दछ ।

यदि स्थानिय तथा सरकारी नियमहरुले अनुमति प्रदान गर्दछन् भने खेतीपातीसँग संलग्न मानिसहरुका लागि सुविधाको प्रवन्ध मिलाइनुपर्दछ । यसबाट त्यस क्षेत्रलाई व्यापार बढाउनमा फाइदा पुग्न जान्छ तर खानाको राशनलाई विविधिकरण गर्ने विकल्प पनि उपलब्ध हुनसक्छ । किसानहरुलाई केही प्राविधिक सहायता उपलब्ध गराई बाली विविधिकरणको सम्बन्धमा सुक्ष्म बनाइनुपर्दछ ताकि वातावरणीय अवस्थाहरुलाई उनीहरुले अपनाउन सकुन । जसमा उनीहरु पूरा परिचित नभएका हुन सक्छन् । विस्थापित व्यक्तिहरु तथा स्थानिय समुदायहरुका विच अनौपचारिक भेटघाटको प्रवन्ध पनि सामान्यतया राम्रै रुपमा लिइन्छ । यसबाट शिविर व्यवस्थापन निकायको तर्फबाट कुनै हस्तक्षेपको जरुरत पर्दैन ।

**शिविर समापन**

शिविर खडा गर्ने जस्तै शिविर वन्द गर्ने कार्य पनि एउटा परिवेश अनुरुपको विशिष्ट प्रक्रिया हो । जुन विभिन्न कारणले गर्नुपर्ने हुन्छ र फरक फरक तरिका अथवा चरणहरु जसमा योजनाबद्ध तथा व्यवस्थित समापन व्यवस्थित फिर्ति अथवा व्यापक दाताको सहयोग देखि लिएर अचानक तथा अव्यवस्थित समापन जुन सुरक्षा खतराहरु अथवा सरकारको दवावका कारण गर्नुपर्ने हुन्छ । शिविर व्यवस्थापनका असल अभ्यासका रुपमा दीर्घकालिन समाधानको पहिचान एउटा अत्यावश्यक लक्ष्य हुनुपर्दछ जसमा यो

- जन्मेको ठाउँमा फर्कने
- विस्थापित ठाउँमा घुलमिल हुने
- तेस्रो ठाउँमा पुन बसोवास हुने (जन्मेको अथवा विस्थापित भएका बाहेक)

कहिलेकाही यस्तो अवस्था पनि हुनसक्छ जहाँ शिविर वन्द नभएतापनि सहायता र सेवाको काम समाप्त हुन्छ जस्तो कि पूर्वाधार सानै अथवा समुदायको लागि काम गर्ने बनाउने जस्ता कुराहरु । यो पनि शहर अथवा आर्थिक अथवा सामाजिक गतिविधिको लागि टिकाउ खालको स्थायी वसोवास हुन सक्दछ ।

फेज आउट तथा शिविर वन्द सम्बन्धी परिस्थितिहरु जस्तोसुकै भएतापनि सजग योजना तथा व्यापक समन्वय जरुरी पर्दछ र शिविर व्यवस्थापन निकायले सेक्टर/क्लस्टरका प्रमुख निकाय, सरकारी अधिकारीहरु, स्थानिय तथा अन्तराष्ट्रिय सेवा प्रदायकहरु, शिविरका मानिसहरु तथा स्थानिय समुदायसँग सहकार्य गरेर मात्र सञ्चालन गरिनुपर्दछ । प्रमुख चासोका मानिसहरुमा विस्थापित हुन र उनीहरुलाई प्रक्रियामा समावेश गर्नुपर्ने हुन्छ । यसैगरि करारवालाहरु तथा सम्बद्ध सरोकारवालासँग व्यवस्थित समापनको आधार तयार गरिनुपर्ने महत्वपूर्ण हुन्छ ।

यो खण्डको यस भागले वास्तविक शिविर समापन सम्बन्धमा जोड दिनेछ जहाँ अन्तर सीमा गतिविधिहरु अथवा पुर्नएकिकरण तथा पुर्नस्थापना सहायताका सम्बन्धमा जोखिममा रहेका समूहको हकमा मात्र चर्चा गरिएको छ ।

| |
|---|
| शिविर व्यवस्थापन समितिका निमित्त शिविर वन्द गर्नु एउटा खास चुनौतीको अवस्था हुन सक्दछ । एउटा लामो तथा जटिल प्रक्रिया पार भएपछि प्राय यो अवस्था आउँछ । यो यस्तो क्षण हो जव मानिसहरु थकित भएका हुन्छन् । जव शिविरमा वस्नेहरु र कर्मचारीहरु भविष्यप्रति चिन्तित हुन्छ तथा जव अरु निकायहरुको सहयोग समाप्त हुने अवस्थामा पुगेको हुन्छ । अथवा उनीहरुले सहयोग दिन छाडिसकेका हुन्छन् । यो एउटा यस्तो समय पनि हुनसक्छ जहाँ बजेट तथा स्रोतहरु थोरै हुन्छ र सबैको ध्यान तयारी सकेर घर जानेतर्फ खिचिएको हुन्छ । जव शिविर बन्द गर्ने घोषणा अथवा शिविर व्यवस्थापनको काम वन्द हुन्छ र फेज आउट शुरु हुन्छ । तुरुन्तै इन्धनको कमी अथवा ध्यान घट्न थाल्छ । एउटा यस्तो समय जहाँ शिविर वन्द गर्ने कामलाई जिम्मेवारीपूर्ण ढंगले कुरा सुनिश्चित गर्नका लागि पुन ध्यान केन्द्रित सम्पन्न गर्ने भएको हुन्छ । शिविर व्यवस्थापन निकायले खास रुपमा समुदायको हेरचाहका लागि सहायता र संरक्षण गर्ने काममा चुनौती सामना गर्नुपर्ने हुनुका साथै यो अवस्थामा निर्माणस्थलको शिविर व्यवस्था पनि अन्तिम तहमा पुगेको हुन्छ । |

**दिगो समाधानका उपायहरु**

शिविर व्यवस्थापन निकायको महत्वपूर्ण कार्य भनेको शिविरको सम्बन्धमा महत्वपूर्ण सरोकारवालाहरुसँग काम गरी शिविरमा वस्ने मानिसहरुको निमित्त दिगो समाधानका उपायहरु पहिचान गर्नु हो । दिगो समाधानका उपाय भन्नाले विस्थापनलाई टुङ्ग्याउने प्रक्रियालाई बुझाइएको छ । शरणार्थीहरु तथा आन्तरिक रुपले विस्थापितहरु (क्ष्मएक) का लागि फरक प्रकारका दिगो समाधानका उपायहरु रहेका छन् :

| | |
|---|---|
| शरणार्थीका निमित्त जहाँसम्म हुन्छ समग्र सोचको भागका रुपमा : तल उल्लेखित दिगो समाधानका उपायहरु खोजिनुपर्दछ | आतरिक विस्थापितका निमित्त दिगो समाधानका उपाय हासिल गर्नुको अर्थ क्ष्मए हरुले पूर्ण रुपमा मानव अधिकारको उपभोग गर्न पाउनु र परिणाम स्वरुप आनो जीवन पुन शुरु गर्न सक्नु हो । तलका ३ मध्ये कुनै एक विकल्प एउटा समाधानका रुपमा काम गर्नुहुन्छ : |

| | |
|---|---|
| • आनो मुल थलोमा स्वेच्छिक फिर्ति<br>• शरणार्थी रहेका मुलुकमा स्थानीय रुपमा एकिकरण<br>• तेस्रो मुलुकमा पुर्नस्थापना | • आनै ठाउँमा फर्कने<br>• विस्थापितले आश्रय लिएको ठाउँमा स्थानीय रुपमै वसोवास गर्ने<br>• देशको जुनसुकै भागमा वसोवास गर्ने |

दिगो समाधानका उपायहरुका स्वेच्छिक फिर्तिको अधिकार तथा सरकारी अधिकारीहरुको यस सम्बन्धी कर्तव्यहरु सम्बन्धमा तालिम सञ्चालन गर्दा र/अथवा सुचना सम्प्रेषण गर्दा शिविर व्यवस्थापन निकायले सेक्टर/क्लस्टरका प्रमुख निकायहरुसँगको समन्वयमा सम्पन्न गर्ने जिम्मेवारी रहन्छ ।

दिगो समाधानका उपायहरुबाट विस्थापित व्यक्तिहरुलाई लाभ प्रदान गर्ने कार्यका लागि वातावरण निर्माण गर्ने प्राथमिक दायित्व राज्यहरुको हुन्छ । जस्तोसुकै उपायहरु अपनाइएको भएतापनि यसलाई स्वेच्छिक ढंगले, सुरक्षित तवरले तथा सुरक्षित एवं मर्यादित रुपमा सम्पन्न गरिएको कुराको सुनिश्चित हुनै पर्दछ ।

**आंकलन**

शायद फिर्ति सम्बन्धी कार्यहरु मध्ये फिर्ति स्वेच्छिक हो कि होइन भन्ने आंकलन गर्नु बढी जरुरी हुन्छ । शिविर व्यवस्थापन समिति लगायत सबै सरोकारवालाहरु शिविरका समुदायहरुको फिर्तिहरुका लागि स्वतन्त्र इच्छाको मात्राको बारेमा आंकलन गर्नु जिम्मेवारी अन्तर्गत पर्दछ ।

फिर्ति हुने निर्णय स्वतन्त्र तथा सुचित विकल्पहरुमा आधारित हुनुपर्दछ । विस्थापन भएको क्षेत्र वरिपरिको परिस्थिति तथा मुख्य देश दुवैका सम्बन्धमा तथा त्यो क्षेत्र तथा उत्पतिका मुख्य देशको अवस्थाका सम्बन्धमा स्वेच्छिक विकल्प–जर्वजस्ती फिर्ता गर्न नपाइने सिद्धान्त (लयल( चभायगतक्तभलत)
(शरणार्थी सम्ब्न्धी कानूनले अस्वेच्छिक फिर्ति रोक्न गरेको व्यवस्था) बाट लिइएको हो जसमा कुनै प्रकारको दवाव रहित अवस्था जसमा भौतिक बल अथवा धम्कीको विरुद्ध सुरक्षित राख्नुपर्ने कुराको प्रत्याभूति गरिएको छ । भौतिक दवाव अन्तर्गत फर्केपछि जमीन अथवा आर्थिक क्षतिपूर्ति दिइने भन्ने वहुअर्थि आश्वासन दिइएको हुनसक्छ । मनोवैज्ञानिक दवाव अन्तर्गत बारम्बार चेतावनी अथवा धम्कीहरु अथावा घृणापूर्ण सन्देशहरु प्रेषित गरिएको हुनसक्छ ।

शिविर व्यवस्थापन निकायले मानिसहरु स्वेच्छिक रुपले फिर्ति हुन्छन् भन्ने कुराको पुष्टि गर्दा अधिकारीहरु तथा मानवीय सरोकारवालाहरु सेक्टर/क्लस्टर का प्रमुख निकायहरुसँग सहकार्य गर्नै पर्दछ । शिविर व्यवस्थापन निकायको सामुदायिक परिचालकहरुले घर घरमा गई व्यक्तिहरु तथा घर वस्ने मानिसहरुसँग अन्तर्वाता मार्फत शिविरवासीहरुको चाखहरु र फर्कनको लागि मुख्य उत्प्रेरणाका सम्बन्धमा पत्ता लगाउनुपर्दछ । शिविर व्यवस्थापन निकायले युवा, महिला तथा बृद्ध व्यक्तिहरुका समितिहरु लगायत सवै मञ्चहरुको प्रयोग गरी फिर्ता हुनको निमित्त उत्प्रेरणाका सम्बन्धमा छलफल गर्नु पर्दछ । लक्षित समूह बैठकहरु उत्प्रेरणा तथा “तान्ने” तथा “धकेल्ने” तत्वहरुका सम्बन्धमा पहिचान गर्ने कार्यमा प्रभावकारी हुन सक्छन् ।

“तान्ने” तथा “धकेल्ने” भन्ने शब्दावलीहरु प्राय गरेर मानवीय क्षेत्रमा प्रयोग गर्ने गरिन्छ । शिविरको सम्बन्धमा एउटा “धकेल्ने” तत्व भन्नाले कुनै कुरा अथवा घटना जसले मानिसलाई धकेल्छ अथवा शिविरको वातावरण छाड्नको लागि हौसला दिन्छ । यसको कारणहरुमा सामुदायिक द्वन्दहरु, प्रतिकुल अवस्थाहरु, दमन, मानव अधिकार प्रतिको उपेक्षा अथवा सहयोग र सेवाको अभाव हुन सक्छन् ।

एउटा “तान्ने” तत्व भन्नाले कुनै कुरा अथवा घट्ने जसले मानिसलाई शिविरतर्फ आकर्षण गर्दछ । यसका कारणहरुमा असल वसाईको अवस्था तथा सेवा व्यवस्था, संरक्षण पक्षहरु तथा परिवार अथवा समुदाय पुर्नएकिकरण जस्ता हुन सक्छन् ।

**स्वेच्छिक फिर्ति**

स्वेच्छिक फिर्ति हुनका निमित्त फर्कने निर्णय स्वतन्त्र र सुसुचितपूर्ण हुनु पर्दछ । यो कुरा अत्यावश्यक हुन्छ कि विस्थापित मानिसहरुको उनीहरुको जन्मथलो विषयमा अथवा पुनर्स्थापनाको विषयमा सुचनाको सहि वस्तुनिष्ठ तथा पछिल्लो अवस्थाको जानकारी राखिएको हुनुपर्दछ । स्वेच्छिक फिर्ति प्राय स्वत हुन्छ र एकपटक शिविर छाड्ने निर्णय भई सकेपछि यो एकदमै छिटो रुपमा हुन्छ अथवा सानो संख्यामा लामो समय लगाएर सकिन्छ ।

स्वेच्छिक फिर्ति पनि अधिकारीहरु र मानवीय संस्थाहरुले संगठित पहल सहितको योजना अन्तर्गत हुनसक्छ जहाँ फिर्ता हुनको लागि मानिसहरुको लागि अनुकुल परिस्थित निर्माण भएको हुन्छ ।

IDP हरुको फिर्ति र फिर्ति प्रक्रिया देशको अवस्था अथवा जन्मेको ठाउँ तथा आवश्यक पुर्वशर्तहरु, स्वेच्छिकता, बचाउ, सुरक्षा तथा मर्यादा दुवै समूहका लागि उस्तै हुन्छ । स्वेच्छिक फिर्ति अथवा पुर्नस्थापना वचाउ, सुरक्षा र मर्यादा अन्तर्गत केही शर्तहरु निहित रहेका हुन्छन् । बचाउ र सुरक्षा अवस्थाहरु फिर्तिको अवधि र फर्केपछिको दुवै अवस्थामा सुनिश्चित गरिनुपर्छ र तलको आधारहरुको कसीमा
जाँचिन्छन् :

- भौतिक सुरक्षा जस्तो सशस्त्र हमलाबाट संरक्षण अथवा कुनै भौतिक धम्कीहरु

- सामाग्री सुरक्षा जस्तो कि जमीन सम्पतिसम्मको पहुँच तथा जिविकोपार्जनको साधनहरुमा पहुँच
- कानूनी वचाउ जस्तो कि कानूनको अगाडी समान विस्थापित भएको कारणले भेदभावमा पर्न नहुने तथा पहिले पाएका अधिकारहरु लगायतका स्रोतहरुमा पूर्ण पहुँच

मस्यौदाका सम्बन्धमा विश्वव्यापी रुपमा स्वीकार गरिएको धारणा छैन । व्यवहारमा यसको अर्थ विस्थापितहरको इच्छा र विचारहरुलाई सम्मान गरिने भन्ने हुन्छ । यसको अर्थ विस्थापित मानिसहरु हानिकारक अथवा अपमानजनक व्यवहारबाट स्वतन्त्र हुन्छन् एवं अन्तराष्ट्रिय मापदण्ड र कानूनको अनुरुप व्यवहार गरिन्छ भन्ने पनि हो ।

शिविर व्यवस्थापन समितिको भूमिका सरकारी अधिकारीहरु तथा सेक्टर/क्लस्टरका मुख्य निकायसँग नजिक रहि समन्वय गर्ने सहि स्वेच्छिक फिर्ति प्रक्रियाका लागि वकालती गर्ने तथा शिविरमा रहेका समुदायहरुलाई सम्बद्ध पक्षका भूमिका तथा जिम्मेवारीका सम्बन्धमा सुचित गर्ने जस्ता हुन्छन् ।

स्वेच्छिक फिर्तिका क्रममा अवागमनको स्वतन्त्रता सुनिश्चित गरिनै पर्ने हुन्छ जसमा विस्थापित मानिसहरुलाई या त फिर्ता हुन दिइनुपर्दछ अथवा स्वेच्छिक रुपमा संसारको कुनै ठाउँमा पुर्नवास गर्न दिइनुपर्दछ । विस्थापित मानिसहरु शर्त रहित ढंगले फर्कन र आफ्नै गतिमा यात्रा गर्न पाउनु पर्दछ । पारिवारिक एकतालाई सदैव ख्याल गर्नु पर्दछ । आवश्यकता अनुसार जोखिम रहेको समूहहरुलाई विशेष ध्यान पुऱ्याउनु पर्दछ । विस्थापित मानिसहरुलाई उनीहरुको ओर्सान सकिने सम्पति लैजान दिनुपर्दछ । स्वेच्छिक फिर्तिको योजना वनाउँदा विद्यालय भर्नाको समय र खेतीपातीको मौसमलाई समेत ध्यान दिइनुपर्दछ ।

**एउटा स्थलगत आवाज**

**फिर्तिका सम्बन्धमा श्रीलंकाबाट प्रतिवेदन**

हाम्रो कामको परिवेश फिर्ति प्रक्रियाले प्रभावित गरिरहेको र धेरै क्ष्म्ए हरको फिर्ति नै एउटा मुख्य चासो रहेको कारणले गर्दा शिविर व्यवस्थापन कर्मचारीहरुले फिर्ताको सम्बन्धमा एउटा तालिम सत्र सञ्चालन गरे । ती सत्रहरु निर्माणस्थल मै सञ्चालन भयो । खासगरी त्यहाँ रहेका विभिन्न मानिसहरुलाई छानिएको थियो र एउटा सामुदायिक स्थलमा समुदायलाई खुला निमन्त्रणा दिइएको थियो । टोलीले संरक्षण अनुगमन टोलीसँग पनि नजिकै रहेर काम गर्नुका साथै फिर्ताको बारेमा सुचना सम्प्रेषण, फिर्तासँग सम्बन्धित अधिकारहरु, स्थानीय प्रक्रिया र पहिले फिर्ता हुँदाका बखतका जान्नुपर्ने अभ्यासहरु तथा निर्माणस्थल सुदृढीकरण प्रक्रिया किनकी फिर्ताका कारणले निर्माणस्थलहरु सुदृढीकरण गरिएको थियो । सो सम्बन्धमा जानकारी दिएका थिए । केही क्ष्म्ए हरुलाई कमसल ठाउँबाट लामो समय बसोबासको लागि उपयुक्त ठाउँमा सारिएको थियो । रोगीहरुको क्ष्म्ए निर्माणस्थलमा विना दर्ता तथा सहयोग कट्टी नगरी बस्ने अधिकार हुन्छ । शिविर व्यवस्थापन निकाय सदैव समुदायसँग फिर्ति तथा पुर्नस्थापनाका सवालमा सम्पर्कमा रहने भएतापनि नेताहरुसँगको परामर्श मात्र पर्याप्त हुँदैन । तिनीहरुको धारणाले मात्र सबैको विचारहरु प्रतिनिधित्व नहुन सक्छ तथा सुरक्षा र जिविकोपार्जनको सवालमा सामुहिक निर्णयमा जोखिम हुनसक्छ जसले व्यक्तिगत आवश्यकतालाई पन्छाउन सक्दछ । यो खास गरेर जोखिम परेर पछाडि पारिनसक्ने डर भएका समूहको लागि सत्य हुन्छ ।

**स्वतः फिर्ति**

स्वतस्फूर्त रुपमा अनपेक्षित रुपमा विस्थापित मानिसहरु फर्कन सक्दछन् । गृह क्षेत्रको अवस्थामा अचानक भएको परिवर्तनहरुले स्वतस्फूर्त फिर्तिलाई सहज वनाएको हुन्छ अथवा विस्थापित भएको क्षेत्रको सुरक्षा अवस्थामा भएको परिवर्तनले निम्त्याएको हुनसक्छ । शिविर व्यवस्थापन निकायले आवश्यक परेमा यातायात सुविधा उपलब्ध गराउन सक्छ यदि फिर्तिको अवस्था सुहाउँदो छ भने ।

विस्थापित मानिसहरु घर फर्कने अथवा अरु ठाउँमा जाने निर्णय लिन सक्दछन् । अझ सडकतर्फको अवस्था र छानिएको गन्तव्य असुरक्षित भएको अवस्थामा समेत । बढी जोखिममा परेकाहरुको सवारी आवश्यकतालाई विर्सनु हुँदैन । त्यसैगरि विशेष आवश्यकता भएका व्यक्तिहरु जो पहिलो चरणको फिर्तिको अवधिमा पछाडि पर्न सक्छन्, त्यसलाई समेत विर्सन मिल्दैन ।

शिविर व्यवस्थापन निकायले अधिकारीहरु तथा सेवा प्रदायकहरुको सहकार्यमा कठिनाई, सुरक्षा तथा बढ्दो तनाव जस्ता सवालहरुलाई सम्बोधन गर्नुपर्दछ । फिर्तिको विरुद्धमा सल्लाह दिने वा नदिने

भन्ने कुरा परिवेशमा आधारित हुन्छ र सेक्टर/क्लस्टरका मुख्य निकाय, सेवा प्रदायकहरु तथा अधिकारीहरुसँगको परामर्शमा निर्णय गरिनुपर्दछ । "स्वतस्फूर्त फिर्ति" भन्ने शब्दावली भन्नाले मानिसहरु निकायहरुले आयोजना गरेका कार्यक्रमको रुपमा नभई आफ्नै इच्छाले फर्कन चाहने भन्ने रुपमा प्रयोग गर्न सकिन्छ ।

**उत्तरी युगान्डामा आन्दोलन र स्वेच्छिक फिर्ति : Human Rights Focus को एक प्रतिवेदन**

"अल्कोली (मानिसहरु) घर जान चाहन्छन् र तिनीहरु घर गईरहेका छन् । पानी, सडकहरु, निर्माण सामग्रीहरु, उपकरणहरु तथा सुचनाको अभाव हुँदा समेत । स्वेच्छिक फिर्ति उनीहरुको अधिकार हो । किनकि राष्ट्रिय क्ष्म्ए नितिमा उल्लेख गरिएको छ, "सरकार क्ष्म्ए को स्वेच्छिक फिर्ति सम्बन्धी अधिकार प्रवर्द्धन गर्न प्रतिवद्ध छ । सुरक्षा र मर्यादा सहित उनीहरुको घर अथवा वसोवास स्थलमा ।" यसै कारणले गर्दा सरकारी तथा अन्तर सरकारी संगठनहरु (क्ष्न्इक) तथा गैर सरकारी संगठनहरुको प्रक्रिया नियन्त्रण गर्ने प्रयास नगरिकन सकारात्मक वातावरण निर्माण गर्नमा जिम्मेवारी रहन्छ ।

आन्दोलन र स्वेच्छिक फिर्तिका सम्बन्धमा सिफारिशहरु छन्:

१) सरकारले एकै सन्देश दिनुपर्दछ कि बलजृति विस्थापन समाप्त भएको छ राम्रोका लागि ।
२) सरकारले स्वेच्छिक फिर्तिको अधिकारलाई ग्यारेन्टी गर्नुपर्दछ तथा यसका लागि स्पष्ट र एकरुपको सन्देशहरु दिनुपर्दछ ।
३) सरकार तथा IGO/NGO हरु नियतवश अथवा नियतवश नभई मानिसहरुलाई बाधा पार्नबाट रोक्नुपर्छ अथवा मानिसहरुको घर फिर्तिको सम्बन्धमा पूर्वाग्रह राख्न
४) अपराध र अन्य धम्कीहरुका सम्बन्धमा हेर्न अकोलील्यान्डमा एउटा नियमित पेशागत प्रहरी बल स्थापना गरिनुपर्दछ
५) पूर्वाधार तथा सेवा व्यवस्था सम्बन्धमा खास गरेर पानी तथा सडकहरु पुर्नस्थापनाको निमित्त हुनुपर्दछ नकि विस्थापित मानिसहरुलाई आपतकालीन सहयोग
६) IDP हरुलाई फिर्तिको प्रभावकारी योजनाका निमित्त सुरक्षा, पूर्वाधार, सेवा सम्बन्धी प्रावधान तथा खाद्य सहयोग वितरणमा सहि सूचना दिनुपर्दछ ।
७) सहयोग प्रदायकको सहयोग प्राप्त गर्ने प्रति शिविर व्यवस्थापन आयामलाई उत्तरदायित्व आयामले प्रतिस्थापन गरेर उत्तरदायित्व सुनिश्चित गर्नुपर्दछ ।

## बलजृती फिर्ति र स्थान्तरण (Relocation)

जब अधिकारीहरुद्वारा मानिसहरुलाई फर्काउने अथवा अन्यत्र असुरक्षित जग्गामा लगेर राख्ने कुरामा दवाव दिन्छन् शिविर व्यवस्थापन निकाय वकालती भूमिकामा भर पर्नु पर्दछ । यद्यपि वकालति

सदैव अन्तर निकाय पहल हुनुपर्छ र सेक्टर/क्लस्टर मुख्य निकायसँग समन्वयमा काम गर्नुपर्दछ । बलजृती फिर्ति अथवा अन्यत्र लगेर राख्ने कुरामा बलियो अन्तर्राष्ट्रिय चासो र उच्च तहमा संयुक्त राष्ट्र संघको हस्तक्षेपको आवश्यकता पर्दछ । त्यसैले यो खण्डको क्षेत्र बाहिर पर्दछ । निश्चित परिस्थितिहरुमा विस्थापित मानिसहरुलाई अन्यत्र लगेर राख्ने कुरा मानिसहरुको त्यस्तो ठाउँमा वचाउ र सुरक्षाको प्रत्याभूति उपलब्ध गराइनुपर्दछ । विस्थापित मानिसहरुको कुनै पनि पुर्नवासको प्रक्रियामा सदैव स्वेच्छिकता वचाउ, सुरक्षा तथा मर्यादाका उस्तै अवस्थाहरुमा हुनुपर्दछ ।

### सामूहिक केन्द्रको समापन – स्थलगत आवाज

सर्वियामा प्राथमिकता भनेको बाँकी रहेका सामूहिक केन्द्रहरुको समापन गर्नु नै हो । यो प्रक्रिया किन ढिला भएको हो भने सरकारको स्थानीय रुपमा पुर्नएकिकरण गर्ने कुरालाई विस्थापितहरुको दिर्घकालीन उपायका रुपमा मान्यता नदिनाले र फिर्तिलाई महत्व दिनु हो । पहिले राज्यको स्वामित्व भएका कम्पनीहरुको निजिकरणका कारणले नयाँ स्वामित्ववालाहरु जमीनमा गर्न र सामूहिक केन्द्रका रुपमा प्रयोग भएको भवनहरु उपर पुन दावी गर्न इच्छुक भएका छन् ।

सरकारद्वारा क्ष्म्ए लाई सामूहिक केन्द्रबाट हटाउन र स्थानीय समुदायमा पुर्नएकिकरण सम्बन्धी सहयोग गर्न विभिन्न रणनितिहरु अपनाएका छन् । धेरै जस्तो रणनितिहरु शरणार्थीका निमित्त केही वर्षसम्म खुला छन् र उनीहरु हालसालै मात्र क्ष्म्ए का रुपमा विस्तार भएका छन् । खासगरी सामाजिक आवासमा समग्रमा एउटा सानो संख्याका क्ष्म्ए हरु मात्र सामूहिक केन्द्रबाट हटेका छन् र एउटा स्वच्छ प्रणाली विना उनीहरु केही वर्षसम्म रहनेछन् । वर्तमान रणनितिहरु यसप्रकारहरु :

- IDP लाई निजि वसोवासमा सर्नका लागि सहयोग पुऱ्याउन एउटा सानो आर्थिक सहुलियत तथा भत्ता उपलब्ध गराउनुपर्ने
- आफ्नो घर बनाउन शुरु गरेका तर पूरा गर्न स्रोत नभएका क्ष्म्ए लाई निर्माण सामाग्रीहरु प्रदान गर्ने
- सामाजिक आवास योजनामा क्ष्म्ए लाई समावेश गरी जोखिममा रहेका समूहलाई आवासको लागि अनुदान उपलब्ध गराउने
- जोखिममा रहेका IDP लाई बृद्ध घर जस्ता विशिष्टकृत संख्याहरुमा पुर्नवास गराउने
- IDP लाई समावेश गराई अपनाइएको परिवार प्रवन्धहरुलाई सहयोग गर्ने
- सामूहिक केन्द्रलाई विशिष्ट संस्थाहरु अथवा अनुदान दिएको घरमा रुपान्तरण गर्ने

### शिविर व्यवस्थापन निकायको फेज आउट र प्रस्थान

केही परिस्थितिहरुमा अझ जहाँ दिर्घकालिन उपाय पहिचान गर्न सकिदैन । शिविर व्यवस्थापन निकाय तथा अन्य सेवा प्रदायकहरु हट्न सक्दछन् र शिविर रहि रहन सक्छ । यो सुध्रिएको अथवा विग्रिएको परिस्थितिहरुले गर्दा हुन सक्दछ ।

शिविर व्यवस्थापन निकायको निम्ति फेज आउट तथा हट्ने समयको लागि गरिने निर्णय समग्र आंकलनमा आधारित हुनु पर्दछ । जव सवै सुचांकहरुले प्रथान देखिउँदछन्, शिविरका मानिसहरुको कल्याण सुरक्षित हुनुपर्दछ र शिविर व्यवस्थापन निकायले सवै सरोकारवालाहरु संलग्न हुने र निर्णयलाई सघाउन काम गर्दछन् भने सुनिश्चित गर्नुपर्दछ । सजग योजना र समन्वय प्रस्थान चरणमा महत्वपूर्ण रहन्छ ।

**शिविर व्यवस्थापन निकायको प्रस्थानको संभावनाका सुचकहरु यसप्रकार छन् :**

- कार्यान्वयन गर्न सकिने दिगो समाधानका उपायहरुको पहिचान
- शिविरमा वस्नेहरुलाई शिविर व्यवस्थापन निकायको संरक्षणको जरुरत नरहेको अवस्था
- फिर्तिको लागि सम्भव हुने गरी त्यस्तो क्षेत्र वा जन्मस्थलमा सुध्रिएको अवस्था
- शिविरवासीहरुद्वारा दिर्घकालिन समाधानका उपायको प्रस्ताव अस्वीकार तथा शिविर व्यवस्थापन निकायद्वारा निरन्तरता दिन नसक्ने अवस्था
- शिविर सञ्चालनमा दाताको सहयोग घट्दै गएको अवस्था शिविर व्यवस्थापन निकायको नजरमा पुष्टि भएको वा नभएको
- बचाउ र सुरक्षा तत्वहरु जस्तो कि शिविरमा कार्यरत मानवीय कामदारहरुको जीवन र सम्पति माथिको धम्की
- सहायताकर्मी अथवा सहायताकर्मीको खास समूहहरुको उपस्थितिले मानिसहरुलाई समानुपातिक जोखिम भन्दा वढ्दा जोखिममा धकेलेको अवस्था
- विस्थापित समुदायको पहुँच नरहेको अथवा एकदमै कठिन रहेको
- अर्को संक्रमणकालीन समाधानका उपाय आवश्यक रहेका

यस्तो परिस्थितिमा यस खण्डमा उल्लेखित केही उपायहरु शिविर वन्द गर्नु पर्दाको अवस्थामा समेत आवश्यक पर्नुका साथै सान्दर्भिक समेत हुन्छ । यसमा अधिकारीहरु तथा अन्य सरोकारवालाहरुसँग बाँकी रहेको शिविरका मानिसहरुका लागि संरक्षण र भविष्यका प्रावधानको प्रवर्द्धन गर्नका लागि सम्पर्कमा रहि काम गर्ने कुरा समेत पर्दछ ।

**फेज आउट तथा प्रस्थान रणनितिहरु स्थलत आवाज**

स्थायी प्रकृतिका घरहरु वनिरहेको अवस्थाको बाबजुद पनि तथा धेरै सुनामी प्रभावित परिवारहरु फर्केको अथवा पुर्नवास गराइएको भएपनि दक्षिणी श्रीलंकामा प्रकोप भएको १८ महिनापछि पनि विस्थापित समुदायहरु थिए । केही सरकारी सूचि अनुसार सरकार अन्तर्राष्ट्रिय निकाय तथा धार्मिक

संगठनमा आधारित स्थानिय निकायद्वारा बनाइदै गरेको घर पाउन योग्य थिए । उनीहरुको लागि यो केवल समय र धैर्यताको कुरा थियो ।

अरुका लागि जो भाडावाल, उप परिवारहरु, अथवा सुकुम्वासी थिए उनीहरुका सम्बन्धमा दिगो उपायहरुका बारेमा कुनै स्पष्टता थिएन । ती मानिसहरु सुनामी आउनु भन्दा पहिले कि त भाडामा अथवा सुकुम्बासी घरहरुमा थिए, जुन ध्वस्त भएको थियो र उनीहरुलाई घरवार विहिन बनाएको थियो अथवा वढेको परिवारहरु जोसँगै वस्ने असमर्थ वा अनिच्छुक थिए । जवकि पहिले उनीहरुसँग नयाँ स्थायी घरहरु थिए । उनीहरको आवासका निमित्त योग्यताको अवस्था अस्पष्ट थियो । उनीहरु शिविरमा वसेका थिए । जुन छिटो खाली भईरहेको थियो र एकदमै थोरै अथवा सुविधा नै थिएन । दक्षिणी श्रीलंकाका बाँकी रहेका शिविरहरुलाई सुदृढिकरण गरिएको थियो । अरु वन्द भएका थिए । जग्गाधनीहरु उनीहरुको जग्गाबाट फर्काउने माग गरिरहेका थिए । सरकार समुद्रीतटका शिविरहरु हटाउन चाहन्थ्यो । त्यहाँ गर्नुपर्ने काम धेरै थियो तर त्यसो गर्न सिमित क्षमता मात्रै थियो ।

यसै क्रममा पूर्वी श्रीलंकामा सुनामी अगाडी विग्रेको सुरक्षा अवस्थाले धेरै परिवारहरुलाई विस्थापित गरेको थियो । त्यहाँको अवस्था फेरि विग्रन थालेको थियो । शिविर व्यवस्थापन निकायको स्रोत र साधनहरु उत्तरको नयाँ आपतकालिन अवस्थालाई खाँचो थियो । आृना विकल्पहरुका बारेमा विचार गरी सकेपछि शिविर व्यवस्थापन निकायले एउटा दुई महिने फेज आउट परियोजना लागु गरेको थियो जसमा ३ वटा प्रमुख उद्देश्यहरु रहेका थिए :

१) अन्तर सेक्टर शिविरको तथ्यांकको अद्यावधिक गरी पूर्ण रुप दिने, बाँकी रहेका सेवा प्रदायकहरु तथा अधिकारीहरुलाई शिविर निर्माणस्थलहरुमा को के छन् भन्ने विषयमा स्पष्ट जानकारी दिनु
२) शिविरहरुमा तालिम तथा कोचिङ्ग कार्यक्रम सम्पन्न गर्नु जुन स्वयं व्यवस्थापन क्षमता निर्माणसँग लक्षित थिए । सरकारी विभागहरु तथा नगरपालिकाका सेवा प्रदायकहरुका बारेमा नाम तथा जानकारी समावेश गरिएका लिृलेटहरु बाँडिएको थियो ।
३) निर्माणस्थलहरुको आपतकालिन हेरचाह र मर्मत सम्भारको जिम्मेवारी राष्ट्रिय गैससलाई हस्तान्तरण गर्ने

**शिविर व्यवस्थापन जिम्मेवारीहरु**

शिविर व्यवस्थापन निकायहरुद्वारा फेज आउट तथा क्याम्प वन्द गर्दा पूरा गर्नुपर्ने जिम्मेवारीहरुमा तलका कामहरु गर्दछन् जसलाई तल अझ विस्तृत रुपमा दिइएको छ :

- शुरुदेखि नै शिविर छाड्ने र वन्द गर्ने योजना वनाउने
- फिर्ति अथवा पुर्नस्थापनाको स्वेच्छिकताको विषयमा आकंलन गर्ने
- प्रक्रियामा सवै सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्न समन्वय गर्ने
- सरकारी अधिकारी तथा सेक्टर/क्लस्टरमा प्रमुख निकायसँग सम्पर्क तथा संवादमा रहने

- शिविर वन्द तथा दिर्घकालीन समाधानका सम्बन्धमा सुचना अभियान कार्यन्वयन गर्ने
- विशेष गरेर आवश्यकता भएका व्यक्तिहरु तथा जोखिममा परेको समूहको संरक्षणको प्रवर्द्धन गर्ने
- करार तथा सहमतिहरु वनाउने र रद्द गर्ने
- तथ्यांकको प्रलेखिकरण व्यवस्थापन गर्ने जसमा गोप्य व्यक्तिगत अभिलेखहरु पनि पर्दछन् ।
- शिविरका सम्पति विवरण अथवा मभअयभ्रष्ककष्यलष्लन को व्यवस्थापन गर्ने
- शिविर पछाडि रहेका मानिसहरुको भविष्यका बारेमा संरक्षणको प्रवर्द्धन गर्ने
- शिविर खडा गर्नु भन्दा अगाडीको उद्देश्यमा निर्माणस्थल मिल्न सकोस् भनि सुनिश्चित गर्ने
- सम्बन्धी वातावरणीय चासोहरु सम्बोधित भएको सुनिश्चित गर्ने

**प्रारम्भदेखि समापनको निमित्त योजना**

पहिले उल्लेख गरिए जस्तै समापन तथा शिविर वन्द गर्ने कुरालाई खडा गर्ने प्रक्रियाको अभिन्न अंगका रुपमा हेरिनुपर्दछ । शिविर खडा गर्दाको अवस्था देखिको प्रलेखिकरण र शिविर फेज आउट गर्दाका सहमतिहरु तथा सवै सम्बद्ध कानूनी दस्तावेजहरु वन्द गर्नु पर्दाको अवस्थामा धेरै महत्वपूर्ण ठहरिन्छन् । सरकारी साझेदारहरु अथवा अन्य सेवा प्रदायकहरुलाई हस्तान्तरणको योजना पहिले देखिनै वनाईनु पर्दछ । त्यसैगरी स्थानिय समुदाय तथा शिविरवासीहरुसँग शिविर पूर्वाधार तथा सम्पतिका बारेमा सहमति गरिएको हुनुपर्दछ ।

यसैगरी शिविर व्यवस्थापन निकाय शिविरका वासिन्दाहरुसँग शुरुदेखि नै यसरी सम्बन्ध विकास गरिनुपर्दछ कि जव सुरक्षित, बलियो तथा शिविर जीवनमा उत्प्रेरित अनुभूति हुन थाल्छ । शिविरका मानिसहरु यस कुरामा सचेत हुन्छन् कि यो एउटा अस्थायी उपाय मात्र हो र भविष्यका अवसरहरु तथा दिर्घकालिन समाधानका उपायहरुतर्फ केन्द्रित छन् । शुरुदेखि नै शिविरका मानिसहरुसँग दिर्घकालिन उपायहरुका बारेमा छलफल गर्न थालेमा शिविर वन्द गर्दा हुने धक्कालाई कम गर्न सहयोग गर्नुका सथौ मानिसहरुमा आशा तथा अनुमान गर्नमा सहयोग पुग्दछ । त्यसैगरी विस्थापित समूदायहरुमा सक्रियताका साथ गरिने सहभागिता, शीप तथा स्वयं व्यवस्थापन रणनितिहरुको विकास गर्नाले उनीहरुको निर्भरता घटाउने तथा जोखिम घटाउने एवं त्यसैगरी शिविरका मानिसहरुलाई सशक्तिकरण गरिरहन र स्वतन्त्रता तथा स्वावलम्वी बनाउन सहयोग गर्दछ ।

**समन्वय र सहभागिता**

वन्द गर्ने समयमा शिविरका सवै सरोकारवालाहरुको सहभागिता र समन्वय वनाउनु शिविर व्यवस्थापन निकायको जिम्मवारी हो । यस जिम्मेवारी अन्तर्गत अनुगमन, सूचना साझेदारी, वार्ता

तथा शिविरका मानिसहरुलाई शिविरबाट आवागमन गर्ने कार्यमा सहयोग गर्ने जस्ता कामहरु समेत पर्दछन् । शिविर व्यवस्थापन निकायले शिविर स्थापना गरी सकेपछि यथाशिघ्र फर्कने रणनिति तयार गर्ने पहल गर्नुपर्दछ साथै शिविरका मानिसको लागि दिर्घकालिन समाधानका उपायहरुका सम्बन्धमा निरन्तर ध्यान दिनुपर्दछ ।

फिर्ति रणनीतिहरुमा धेरै कर्ताहरु संलग्न हुने कारणले यो सिफारिश गरिन्छ कि एउटा कार्य समूह गठन गरिनु उपर्युक्त हुन्छ । भूमिकाहरु स्पष्ट हुनुपर्दछ र सम्भव भएसम्म औपचारिकता दिइनुपर्दछ । जिम्मेवारीका कतिपय क्षेत्रहरुमा खासगरी शिविर व्यवस्थापन निकाय र स्थानिय अधिकारीहरुका विच तनाव हुनसक्छ । समन्वय बैठकहरु फिर्तिको स्वेच्छिक प्रकृति सम्बन्धमा निरन्तर शिविर वासिन्दा बारेमा निकायहरुको सूचना अनुसार सुचना साझेदारीको मञ्चको रुपमा काम गर्न सक्नुपर्दछ ।

फिर्तिको सम्बन्धमा अधिकारीहरुसँग जति सक्दो छिटो छलफल चलाइनुपर्दछ । अधिकारीहरु सवै समयमा शिविर भित्रको समन्वय संयन्त्रको भागको रुपमा रहनुपर्छ जस्तो कि फिर्ति सम्बन्धी कार्य समूह जवसम्म सरकारले विस्थापितको हितको विरुद्ध काम गर्दैन ।

जहाँ आवश्यक पर्दछ सेक्टर/क्लस्टरका मुख्य निकायसँग समन्वय गरी शिविर तहमा आवश्यकतानुरुप गैसस तथा संरक्षणमा चाख राख्ने सरकारी अधिकारीहरुलाई तालिम प्रदान गरिनुपर्दछ । खास गरेर स्वेच्छिक फिर्तिको सम्बन्धमा कार्यशालालहरुमा लैंगिक विशेष सवाल, स्वेच्छिक फिर्तिको अवधारणा तथा आन्तरिक रुपले विस्थापितहरुको निर्देशक सिद्धान्तहरु फिर्ति, पुर्नवास तथा पुर्नएकिकरण सम्बन्धमा प्रकाश पारिनुपर्दछ ।

यसको समन्वयकारी भूमिका, शिविर व्यवस्थापन निकायको सेक्टर/क्लष्टर मुख्य निकायसँग मिलेर काम गर्ने दायित्व हुन्छ तथा सेवा प्रदायक तथा दाताहरुलाई पुर्नएकिकरण, पुर्नस्थापना तथा पुर्नसंरचना सम्बन्धी उपयुक्त सहयोग उपलब्ध गराउने कार्यमा जहाँ सम्भव छ । अन्तर सीमा कार्यक्रमहरु विस्थापितको उत्पतिस्थल सेक्टर/क्लस्टरका नेतृत्वदायी निकायहरु तथा शिविर व्यवस्थापन निकाय जसले समुदायको आवश्यकता अनुसार सुचना उपलब्ध गराउन सक्छन् तथा उद्धार, पूर्व अवस्थामा फर्काउने तथा दिर्घकालिन विकासका सम्बन्धमा

यदि दिर्घकालिन समाधानका उपायहरु दिगो हुन सक्छन् भने यो जरुरी हुन्छ ।

**सुचना अभियानहरु**

शिविर व्यवस्थापन निकयाको एउटा प्रमुख दायित्व भनेको शिविरका वासिन्दाहरुलाई सहि, वस्तुगत तथा अद्यावधिक सुचनाका सम्बन्धमा सम्भव भएसम्म जानकारी दिनु हो । यसमा उत्पतिको स्थानका सम्बन्धमा सुचना देखि लिएर आश्रयका सामाग्रीहरु के हुन् । प्रलेखिकरण तथा छोड्दा खेरि उनीहरुले शिविर छाड्दा लिन सकने सम्पतिहरुका बारेमा जानकारी समेत पर्दछन् ।

मानिसहरुलाई पूर्वाग्रहरहित सुचनाको पहुँच हुनै पर्दछ जसमा सुरक्षा तथा बचाउको अवस्था वारुदी सुरुङ्ग, आश्रयमा पहुँच, भूमि, जिविकोपार्जन, स्वास्थ्य सेवा तथा विद्यालय शिक्षा लगायत पर्दछन् ।

प्राय गरेर सूचना त्यस्ता व्यक्तिहरुबाट आउन सक्दछ जो प्राय हालखवर बुझ्नका लागि आृनो परिवारहरुसँग फर्कनु भन्दा पहिले ओहोरदोहोर गरी रहन्छन् ।

धेरै जस्तो विस्थापित मानिसहरु विभिन्न खालका उतार चढावहरुका आधारमा फर्कनका लागि विभिन्न निर्णयहरु लिन्छ । त्यस्ता तत्वहरु सुरक्षा अथवा राजनैतिक उत्प्रेरणा, भौतिक आवश्यकताहरु अथवा यिनै कुराहरुको संगममा आधारित हुनको सक्दचन् ।

**गएर हेर्ने भ्रमण–स्थलगत आवाज**

एउटा शिविर व्यवस्थापकले गएर हेर्ने भ्रमणको असल अभ्यासको उदाहरणको रुपमा यस्तो प्रतिवेदन प्रस्तुत गर्दछ :

“गएर हेर्ने भ्रमणहरु एउटा यस्तो गतिविधि हो जहाँ शिविरका वासिन्दाहरु उनीहरुको सहभागिताको अधिकार तथा फिर्ति प्रक्रियाको बारेमा सुचित हुन पाउने अधिकारको अभ्यास गर्दछन् । यस्ता भ्रमणहरु विश्वसनियता निर्माण गर्ने र राम्रोसँग योजना गरिएको हुनु पर्दछ । यद्यपि भ्रमण आफै भने गएर हेर्ने भ्रमणको एउटा भाग मात्र हो । शिविरमा फर्केर सुचना साझेदारी गर्ने पनि अभ्यासको एउटा महत्वपूर्ण पक्ष हो । गएर हेर्ने भ्रमणको पृष्ठपोषण (ँभभमदबअप) चरणको योजनामा स्थापित भएका शिविर समुदायहरुले बैठकहरुको अध्यक्षता गर्ने तथा समुदायलाई भ्रमणको बारेमा सुचना सम्प्रेषण गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्ने अवस्थामा रहेको हुन्छन् । गएर हेर्ने भ्रमणका सहभागीहरुले आफूले देखेका कुराका सम्बन्धमा संयुक्त अन्तर निकाय बैठकहरुमा भाग लिने तथा पहिलो प्रतिवेदन प्रस्तुत गर्न सक्छन् । भ्रमण समाप्त भई सकेपछिको सुचना सम्प्रेषण भ्रमण जतिकै महत्वपूर्ण हुन्छ ।

फिर्तिबारे शिविर व्यापी सुचना अभियान स्थानिय अधिकारीहरुसँग नजिकको सहकार्यमा रहि शिविर व्यवस्थापन समितिले गर्नुपर्ने दायित्व हो । शिविर व्यवस्थापन निकायले सुचना अभियानहरु विस्तार सम्बन्धी पहलहरु मार्फत सवै कुरामा पुऱ्याउने कुरा सुनिश्चित गर्नुपर्दछ । संचारका माध्यमहरुमा रेडियो, नाटक, स्कुल तथा शैक्षिक सुविधाहरु, धार्मिक संस्थानहरु तथा घर नजिकै भिडियो प्रर्दशन कार्यक्रमहरु हुन सक्छन् । विभिन्न समूहरुसम्म जाने क्रममा शिविरभित्र रहेको समितिहरु तथा महिला समूहहरुलाई व्यक्तिगत रुपमा सम्बोधन गरिनुपर्दछ । विद्यालयहरु तथा शिक्षक अभिभावक संगठनहरु बालबालिकाहरुसम्म पुग्ने माध्यम हुन सक्छन् । प्रौढहरु जस्तै बालबालिकाहरुलाई पनि प्रश्न गर्ने र फिर्तिका बारेमा आृना चाहना र असुरक्षाका बारेमा धारणा व्यक्त गर्ने अवसर हुनुपर्दछ ।

शिविर व्यवस्थापन निकायको फर्कने प्रक्रियाहरु तथा यातायात प्रवन्धहरुका बारेमा सुचना उपलब्ध गराउनुपर्ने एउटा भूमिका हुन्छ । जहाँ स्थानिय यातायात कम्पनीहरु अथवा अन्तर्राष्ट्रिय मानविय संगठनहरु यातायातको सम्बन्धमा जिम्मेवार हुन्छन् । त्यसलाई लिखितम् राख्नुपर्दछ । फिर्ति प्रक्रियाको सम्बन्धमा सवैको सुचनामा पहुँच हुने गरी जानकारी दिनुपर्दछ र उनीहरुको आवश्यकता परेमा प्रश्नहरु समेत राख्न सकुन् । सुचनामा न्यूनतम रुपमा यी कुराहरु उल्लेख हुनुपर्दछ ।

- फर्कन नचाहनेहरुका लागि प्रक्रियाहरु र विकल्पहरु
- फिर्ति कार्यमा सम्बद्ध निकायहरुका भूमिका र जिम्मेवारीहरु सम्बन्धी सुचना
- समय, यातायातको साधन तथा प्रस्थान प्रक्रियाहरु
- सम्पति ओसार्ने प्रक्रियाहरु
- घर नजिकको क्षेत्रमा आएपछिको प्रक्रियाहरु
- कुनै फिर्ता भएको कुरा अथवा क्षतिपूर्ति प्याकेजको विवरण
- नियमित दर्ता प्रक्रियाबाट राखिएको तथ्यांक लगत कट्टा गर्ने

विशेष आवश्यकता रहेका व्यक्तिहरु तथा उच्च जोखिममा परेका समूहहरु

वृद्ध मानिसहरु, दिर्घरोगीहरु, अपाङ्गता भएका मानिसहरु तथा हिड्डुल गर्न नसक्ने व्यक्तिहरुलाई थप सहयोगको आवश्यकता रहेको हुन्छ । फिर्ति प्रक्रियाको क्रममा ती समूहहरुका लागि विशेष सिफारिस प्रणालीहरु उपलब्ध हुनुपर्छ । प्रायजसो विस्थापित मानिसहरु तथा मानवीय संगठनहरु जोखिममा रहेका व्यक्तिहरुको समूहहरुलाई त्यतिकै छाडेर पुर्नएकीकरण सहयोग आउने पक्का भई सकेपछि आफू फिर्ता हुने व्यवस्था मिलाउन थाल्छन् । यद्यपि यो उचित हुन्छ कि नजिकैको शिविरका वासिन्दाहरु फर्कि सकेपछि विशेष आवश्यकता भएका व्यक्तिहरुलाई फर्काउनु हुँदैन । धेरैजस्तो खाली भएका शिविरहरुमा मानिसहरुलाई अस्थायी रुपमा राख्दा उनीहरुको मनोसामाजिक तथा शारीरिक अवस्थामा गम्भीर नकारात्मक असरहरु पर्न सक्छ । शिविर भित्र निरन्तर सेवा र हेरचाह पुऱ्याउने कुरा सदैव प्रत्यचभूति नहुन सक्दछ । निकायहरुले सहयोग घटाउने अथवा पूरै रुपमा फेज आउट गर्नेछन् जवकि अधिकारीहरुले ठूलो संख्याका मानिसहरु फर्केपछि शिविर भत्काउने सम्बन्धमा निर्णय लिन सक्छन् ।

जव ती व्यक्तिहरु आफ्नै तरिकाले यात्रा गर्दछन् जस्तो एउटा चल्न नसक्ने एक्लो बूढो मानिसलाई पूरा यात्रामा सहयोग गर्न एउटा हेरचाह गर्ने मान्छे पहिचान गरिनुपर्दछ (हेरचाह गर्ने मान्छे सावधानीका साथ पहिचान गर्नुपर्दछ, तालिम प्राप्त सामाजिक/संरक्षण कार्यकर्ताहरुले विशेष आवश्यकता भएका मानिसहरु अथवा जोखिममा रहेकाहरुको पहिचान गर्नुपर्दछ र तिनिहरुलाई फर्कनको लागि आवश्यक पर्ने विशेष हेरचाहका सम्बन्धमा आंकलन गर्नुपर्दछ । प्रस्थान क्षेत्रहरुमा जोखिममा रहेका मानिसहरु र तिनिहरुको परिवारका लागि छुट्टै ठाउँ छुट्टयाइनु पर्दछ । जोखिममा रहेका मानिसहरुको पहिचानपछि घुम्ती दर्ता टोलीहरुले फिर्ति दर्ता अथवा दर्ता कट्टी देखाउन असमर्थहरुलाई दर्ता गर्नुपर्दछ ।

जोखिम अथवा विछोडलाई घटाउन मानिसहरुलाई ठूलो परिवारको समूहहरुमा महिला तथा परिवार समूहहरुलाई सँगै वस्ने पनि पार्न प्रोत्साहन गर्नुपर्दछ । समूहमा यात्रा गर्नका लीग विशेष प्रवन्धहरुको प्रत्याभूति गरिनुका साथै फिर्ति तथा दर्ता प्रक्रियामा समावेश गरिनु पर्दछ ।

शिविर व्यवस्थापन निकायको प्रस्थानको तथा सवै प्रस्थान क्षेत्रहरुको अनुगमन गर्ने जिम्मेवारी रहेको हुन्छ । तालिम प्राप्त अनुगमनकर्ताहरुको टोलीहरुले एकल महिला, बालिकाहरु तथा बालकहरुको हिफाजतको बारेमा विशेष ध्यान पुऱ्याउनुपर्दछ । प्रस्थानको वखत सुरक्षा उपलब्ध गराउने जिम्मा स्थानीय अधिकारीहरु र कानून कार्यान्वयन गर्ने निकायहरु हुन् । शिविर व्यवस्थापन निकायले विशेष उपचार प्रवन्धको आवश्यकता रहेको मानिसहरुका फिर्ताको लागि स्वास्थ्य निकायहरुसँग समन्वय कायम गर्नुपर्दछ ।

बाल संरक्षणका क्षेत्रमा प्रमुख निकायले जिम्मेवरी खेल्न सक्दछ । यो निकायले साहारा नपाएका बालबालिकाहरु पहिले जान इच्छुक छन् कि छैनन् भन्ने सम्बन्धमा आंकलन गर्नुपर्दछ । उमेर जतिसुकै भएको बालक भएपनि उसलाई उसको अथवा उनको धारणा अथवा चिन्ताहरु व्यक्त गर्ने मौका पाउनु पर्दछ । प्रमुख निकायको बाल संरक्षणमा यो जिम्मेवारी पनि उतिकै महत्वपूर्ण हुन्छ कि साहारा नपाएका बालबालिकाहरुलाई पुग्ने वित्तिकै हेरचाह प्राप्त गर्ने कुराको सुनिश्चितता भएको होस् । फर्केपछिका गतिविधिहरुलाई निरन्तर निगरानी राख्नमा समाजहरुसँगको प्रवन्ध मिलाइनुपर्दछ । शिविर व्यवस्थापन निकायले प्रमुख निकायहरुसँगका सवै गतिविधिहरु समन्वय गरी आवश्यकता अनुसार सहयोग उपलब्ध गराउनुपर्दछ । सेक्टर/क्लस्टर प्रमुख निकाय, संरक्षण निकायहरु तथा शिविर व्यवस्थापन निकाय औपचारिक वनाइनुपर्दछ र सवैलाई स्पष्ट हुनु पर्दछ ।

शिविर व्यवस्थापन निकायले सवै साहारा विहिन बालबालिकाहरुलाई फिर्ति सहि प्रक्रियाको बारेमा सहि सुचना गराईएको तथा आृनै नाममा फर्कनलाई दर्ता गरिएको कुरा सुनिश्चित गर्नुपर्दछ । एउटा प्रभावकारी प्रणाली स्थापित गरिनुपर्दछ ताकि फर्कने प्याकेजहरु अथवा अझ फिर्ता हुँदाका फाइदाहरु सवै साहारा विहिन बालबालिकाहरुले प्राप्त गरेको कुरा सुनिश्चित होस् । साहाराविहिन बालबालिकाहरुका लागि हेरचाह गर्ने मान्छेलाई यात्रा अवधिसम्मका लागि नियुक्त गरिनुपर्दछ । हेरचाह गर्ने मानिसहरुलाई तिनिहरुलाई जिम्मेवारीको बारेमा प्रशिक्षित गरिनुपर्दछ र सावधानीपूर्वक छान्नुपर्दछ । बालिकाको सम्बद्ध सवै कागजातहरुको प्रतिलिपि (जस्तो परिचय पत्र, स्वास्थ्य तथा शिक्षा प्रमाणपत्र इत्यादि) बालकसँग रहनुपर्दछ र जहाँ आवश्यक पर्दछ हेरचाह गर्नेले राख्नुपर्दछ ।

बाल संरक्षणको प्रमुख निकायले बालकलाई अपनाउने परिवारले वच्चालाई फिर्तिको क्रममा र फिर्तिपछि हेरचाह गरिरहन इच्छुक तथा सक्षम छ कि छैन भन्ने सम्बन्धमा पहिचान गर्नुपर्दछ । यसैगरी बालबालिकाले पनि आफू अपनाउने परिवार/धर्म परिवारसँग वस्न मन पराउने या नपराउने विषयमा भन्नुपर्दछ । जहाँसम्म सम्भव हुन्छ, संरक्षण/सामाजिक कार्यकताहरुले सम्बन्ध दरिलो छ कि छैन तथा निरन्तर हेरचाह हुन सक्छ वा सक्दैन भन्ने सम्बन्धमा आ.कलन गर्नुपर्दछ । फर्केपछि वच्चाको अपनाउनेलाई सहयोग वन्द हुनेछ जसले परिवारलाई बालबालिकासँग अलग वनाउँदछ र कहिलेकाही फर्केपछि ।

यसका अतिरिक्त अपनाउने परिवार तथा बालबालिका भिन्नाभिन्नै ठाउँका हुन सक्छन् । बालकलाई सदैव सोधिनुपर्दछ कि उ अथवा उनी अपनाउने परिवारको जन्मस्थलमा जान चाहन्छने ।

### विशेष कार्यक्रमहरु

यदि शिविरका वासिन्दाहरु विष्फोटक पदार्थ राखिएको क्षेत्रमा फर्कदैछन् भने विष्फोटक पदार्थको जोखिम सम्बन्धी शिक्षा सवैका लागि दिनुपर्दछ । विभिन्न खालका जानकारी अभियान, तालिम कार्यशालाहरु, पोष्टरहरु, तथा बाल चटक जस्ता सञ्चालन गर्न सकिन्छ ।

- विष्फोटक पदार्थको जोखिम तथा विष्फोटक पदार्थ जोखिम शिक्षाका बारेमा थप सुचनाका लागि हेर्नुस् त्जभ क्ष्लतभचलबतष्यलबा :ष्लभ ब्अतष्यल ञ्वभकत एचबअतष्अभ न्गष्मभदययप ष्ल तजभ च्भबमष्लन तथा यस खण्डको सन्दर्भ खण्डमा हेर्नुहोला ।

### प्रलेखिकरण तथा तथ्यांक अभिलेखहरु

### जनसंख्या तथ्यांक

सरकार सेक्टर/क्लस्टर प्रमुख निकाय तथा शिविर व्यवस्थापन निकायले सामान्यतया शिविरका मानिसहरुको तथ्यांक राख्छन् । तथ्यांक सहि हुनु महत्वपूर्ण हुन्छ किनकी तिनिहरुको वन्दोवस्ती सम्बन्धी योजना, सुरक्षा, खाद्यान्न वितरण तथा अन्य कार्यमा प्रत्यक्ष असर रहन्छ । जव शिविर वन्द हुन्छ ती अभिलेखहरु राम्रोसँग राखिनुपर्दछ किनकी त्यसमा शिविरका वासिन्दाहरुको बारेमा व्यक्तिगत सुचना रहेको हुन्छ ।

### अरु गोप्य अभिलेखहरु

कतिपय अवस्थाहरुमा उनीहरु विस्थापित भएका कारणले विस्थापित मानिसहरुले थैला धम्की तथा गम्भीर खतराहरु अनुभव गर्दछन् । त्यस्ता धम्कीहरुको असर उनीहरुको ठाउँ अथवा जन्मस्थलका परिवारका सदस्यहरुमा समेत पर्न सक्छ । यस्ता परिस्थितिहरुमा शिविरमा सवै समयहरुमा अन्तर्राष्ट्रिय उपस्थिति हुनु अत्यन्त आवश्यक हुन्छ । विस्थापितको परिचय गोव्य राखिनुपर्दछ तथा आवागमनको समयमा यात्रा विवरण तथा आवागमन योजना सम्बन्धी गोप्य राखिनुपर्दछ र सकेसम्म थोरै मानिसहरुमा मात्र सिमित हुनुपर्दछ ।

### व्यक्तिगत विवरणहरु

यस्ता कागजपत्रहरुलाई जतनसाथ तथा दक्षतापूर्वक व्यवस्थापन गरी सुरक्षित राख्ने तथा फेज आउट प्रक्रियामा स्थानान्तरण गरिनुपर्दछ । मन्त्रालयहरु अन्तर्गतका विभिन्न निकायहरुलाई सहि तथ्यांक उपलब्ध गराउनुपर्दछ जस्तो कि अध्यागमन विभाग (Immigration Department) तथा शिक्षा मन्त्रालय अथवा स्वास्थ्य मन्त्रालय ताकि फर्किरहेका विस्थापित मानिसहरुले फर्केपछि परिचय

खुल्ने कागजहरु शिक्षा, स्वास्थ्य तथा आधारभूत सामाजिक सेवाहरु पाउन सकुन । शिविरबाट विद्यालयको अभिलेखहरु सहि हुनुपर्दछ ताकि विद्यार्थीहरुको शीप र क्षमता मापनको निमित्त उनीहरुको पुर्नएकिकरणको मागको रुपमा ठीक तथा दक्ष ढंगले सञ्चालन हुन सकोस् । अस्पताल तथा उपचारको कागजपत्रहरु खास गरेर भ्याक्सीनहरु तथा खोपहरुका कागजहरुलाई राम्रोसँग व्यवस्थापन तथा स्थानान्तरण गरी औषधी उपचार सम्बन्धी कुराहरुलाई सुनिश्चित गर्नुपर्दछ । स्थानान्तरण हुँदा खेरी उपचारको कागजपत्र विस्थापितसँग हुनुपर्दछ ।

**प्रशासनिक कागजातहरु**

कार्य प्रतिवेदनहरु, खाता तथा वित्तिय अभिलेखहरु त्यस्ता महत्वपूर्ण कागजहरु हुन जो ठीक लेखा अभ्यासका आधारमा कम्तीमा पनि पाँच वर्षसम्म राखिनु आवश्यक हुन्छ ।

एउटा सिकिएको पाठ सम्बन्धी कागजपत्र पनि वनाइनुपर्दछ जसले शिविरको इतिहास सफलताका कथाहरु कसरी हासिल भए तथा चुनौतीहरु एवं तिनिहरुलाई कसरी सम्बोधित गरिएको थियो भन्ने कुरा उल्लेख गर्दछ ।

- सुचना व्यवस्थापनका सम्बन्धमा थप जानकारीका लागि खण्ड ५ हेर्नुहोला ।

## दर्ता खारेज

व्यवस्थित तथा चरणवद्ध ढंगले छाडिरहेका मानिसहरुको दर्ता खारेज सजिलो हुन्छ । दर्ता खारेज यातायातसँग पनि जोड्न सकिन्छ जसले फर्केका मानिसहरुको अभिलेख राख्दछ । यसैगरी फर्कने प्याकेज र यातायात भत्ताहरु लिनु अगाडी मासनहरुले दर्ता खराजे गर्नैपर्छ । आफ्नै इच्छामा स्वतस्फूर्त रुपमा फर्कने निर्णय गरेका मानिसहरको दर्ता खारेज गर्ने कार्य वढी कठिन हुन्छ । मानिसहरु राशन कार्ड आफैसँग राख्ने निर्णय गर्न सक्छन् । ताकि आवश्यकता पर्दा उनीहरु फेरी शिविरमा फर्कन सकुन् अथवा आफ्नो कार्डहरु अरुसँग छाडेर जान्छन् ।

## वातावरणीय पक्षहरु

शिविर वन्द गर्दा ठूलो परिणाममा विभिन्न खालका आश्रय सामाग्रीहरु छाडिएका हुन सक्छन् । त्यसैगरी हेर्नपर्ने खालका सामानहरुमा रसायनिक पदार्थहरु, व्याट्रीहरु, म्याद सकिएको औषधीहरु तथा अरु स्वास्थ्यसँग सम्बन्धित फोहर हुन सक्छन् । शिविर वन्द गर्दा सवै किसिमका फोहरहरुलाई सफा गर्ने तथा उचित व्यवस्थापन गर्ने काम पर्दछ जस्तो कि हटाउने, गाड्ने अथवा जलाउने । माटो तथा पानीको स्रोतहरु असर पुऱ्याउने जोखिमका सम्बन्धमा विशेष ध्यान पुऱ्याइनुपर्दछ । शिविर निर्माणस्थल सुरक्षित अवस्थामा छाड्नु पर्दछ ताकि शौचालयको खाल्डो अथवा फोहरको खाल्डो खुल्लै छाडिएको अथवा हानिकारक फोहरहरु नहटाएको कारणले भविष्यमा कुनै असरहरु नरहोस् ।

वस्तुहरुको पुर्न प्रयोगलाई सम्भव भएसम्म प्रोत्साहन गरिनुपर्दछ किनकी केही वढी भएका सामाग्रीहरु स्थानीय वासिन्दाहरुको लागि उपयोगी हुन सक्दछ । विद्यालय भवनहरु तथा स्वास्थ्य सेवा केन्द्र जस्ता त्यहाँ भएका संरचनाहरु स्थानीय समूदायहरुका लागि उपयोग सिद्ध हुन सक्दछ । पूर्वाधार तथा विद्यमान सेवाहरुको अवस्था जस्तो पानी तान्ने तथा उपचार सुविधाहरुका सम्बन्धी समुदायका सदस्यहरु तथा स्थानिय अधिकारीहरुसँग वसी शिविर वन्द गर्नु अगाडी एउटा आकंलन गर्नुपर्दछ । वन्द गर्नु भन्दा अगाडी आवश्यक पर्न सक्ने केही मर्मत सम्भारका सम्बन्धमा सोच्नुपर्ने हुनसक्छ । शिविर भएको कारणले धेरै वातावरणीय परिवर्तनहरु भएका हुन सक्छन् । केही नकारात्मक वातावरणीय प्रभावहरु शायद अवश्यभावी हुन सक्छन् जस्तो कि जङ्गल फडानी अथवा जमीनको सफाई र एउटा वातावरणीय पुर्नस्थापना कार्यक्रमको आवश्यकता पर्न सक्छ । यस्तो कार्य स्थानीय समुदायहरु तथा स्थानीय अधिकारीहरुसँगको नजिकको सहकार्यमा रहेर सम्पन्न गर्नुपर्दछ नकि बाह्य निकायहरुले दवाव दिएको आधारमा । जिविकोपार्जनका सुरक्षा विकल्पहरु कुनैपनि पुर्नस्थापना कार्यक्रमको भागका रुपमा प्रोत्साहन गरिनु पर्दछ । सबै पुर्नस्थापनाका पहलहरुका निमित्त आर्थिक सहायताको आवश्यकता पर्दछ । यो सधैभरी महँगो पर्ने खालको नभएतापनि योजना, लागत, खर्च एवं आर्थिक सहायता खोजी कार्य शिविर वन्द गर्नु भन्दा अगाडी नै गर्नुपर्दछ ।

कुनै परिवर्तनहरुले वास्तवमा फाइदा दिन सक्ने र स्थानीय समुदायहरुले सकारात्मक ठानेका हुन सक्छन् । जो निर्माणस्थल अहिले भए जस्तै रहि रहेको हेर्न चाहन्छन् र पुर्नस्थापना जानुभन्दा पहिलेका केही गुणहरु पुर्नस्थापना होस् भन्ने चाहन्छन् । यो यस्तो ठाउँका लागि सत्य हुनसक्छ जहाँ अनुत्पादक जमिनहरुलाई उत्पादक कृषी योग्य अथवा घाँसे चरणका रुपमा रुपान्तरण गरिएको हुन्छ अथवा जहाँ उत्पादनमूलक फल अथवा कडा काठ दिने रुखहरु रोपिएका हुन्छन् । त्यस्ता सकारात्मक परिवर्तनहरुलाई पहिचान गरिनु पर्दछ र स्थानीय अधिकारीहरु तथा समुदायहरुसँग तिनलाई कायम राखी राख्ने उपायका सम्बन्धमा छलफल गरिनुपर्दछ ।

शिविरका वासिन्दाहरुले विस्थापनको समयमा समाधिस्थलको रुपमा प्रयोग गरेको जमीनलाई स्पष्ट देखिने गरी संकेत गरिनुपर्दछ र जस्ताको तस्तै राखिनु पर्दछ ताकि पछि फर्कन सक्ने अथवा शिविरका मानिसहरुको पुर्नस्थापनको बेला काम लागोस् । यो कार्य कठिन हुन सक्छ यदि मासनहरुले आफ्ना मृतकहरुलाई एउटै साझा ठाउँको सट्टा धेरै ठाउँहरुमा समाधिस्थ गरेका हुन्छन् ।

- वातावरणसँग सम्बन्धित पक्षहरुका सम्बन्धमा थप जानकारीका लागि अध्याय ६ हेर्नुहोला ।

**सम्पति व्यवस्थापन**

शिविर व्यवस्थापन निकाय शिविरमा रहेको सबै भौतिक सम्पतिहरु समावेशी तथा पारदर्शी प्रक्रियाबाट तथा सवै सरोकारवालाहरुको समन्वयमा वितरण गरियोस् । वास्तवमा यो कसरी हासिल गर्न सकिन्छ भन्ने विषय परिवेशमा भर पर्दछ । उदाहरणको लागि आश्रयहरु परिवारले सँगै लैजान्छन् र काम लाग्ने सामाग्रीहरु उनीहरुसँगै लैजान्छन् जस्तो कि वितरण गरिएका अखाद्य वस्तुहरु पकाउने भाँडाहरु अथवा कम्वलहरु जुन अहिले उनीहरुको सम्पति भईसकेको हुन्छ । पानीको ट्यांकीहरु सम्बन्धित सेवा प्रदायकहरुले संकलन गर्न सक्छन् तथा निर्माणस्थलमा रहेका विद्युतिय वायरिङ्गहरु अधिकारीहरुद्वारा सुरक्षित रुपमा भत्काइन्छन् । तारहरु तथा फिटिङ्गका सामाग्रीहरु नगरपालिकाको सम्पति बन्न सक्दछ । शिविरको भवनहरु, विद्यालयहरु, सामुदायिक कक्षहरु, खेलकुद मैदानहरु अथवा खेल क्षेत्रहरु स्थानीय समुदायहरु र/अथवा सरकारी अधिकारीहरुलाई हस्तान्तरण गर्न सकिन्छ । त्यसैगरी कुनै सामुदायिक फर्निचर, जस्तो कि डेस्क, वेन्च तथा फाइलिङ्ग क्याविनेटहरु समन्याविक रुपमा वितरण गरिनुपर्दछ । शिविर व्यवस्थापन निकायमा पानी आपूर्ति गर्ने करारवालाहरु जस्ता सेवा करारहरुको समाप्त गर्ने जिम्मेवारी रहनुका साथै पूर्वाधारको भविष्यको मर्मत – वारहरु, सडक, बाटोहरु अथवा ढल मार्गहरु जस्ता कुराहरु उपयुक्त अधिकारीहरुलाई हस्तान्तरण गरिनुपर्दछ ।

सवैभन्दा महत्वपूर्ण रुपमा सरसफाईका सुविधाहरु पुर्न संयोजित (decommissioned) अथवा सुरक्षित वनाइनु पर्दछ । शौचालय तथा खाडलहरु (defecation pits)सुरक्षित तवरले भर्नु पर्दछ । शौचालय वेसिनहरु हटाउनुपर्छ । धुने सुविधाहरु वरिपरिका र आश्रयका तल रहेका कंक्रिट आधारलाई भत्काएर हटाउनु पर्दछ । कतिपय परिस्थितिहरुमा यो पूर्वाधार सुरक्षित छाड्न सकिन्छ ।

**रहिरहेका मानिसहरु**

शिविर व्यवस्थापन निकायको शिविरमा रहि रहेका वासिन्दाहरुको जसलाई कहिलेकाही आवासिय जनसंख्या पनि भनिन्छ । उनीहरुको संरक्षणको र सहयोगको लागि वकालत गर्ने जिम्मेवारी रहेको हुन्छ । तिनिहरुलाई शिविरभित्रै पुर्नवास गराइनुपर्ने हुनसक्छ । छिमेकी आश्रयहरुमा सुरक्षा अथवा मनो सामाजिक स्वास्थ्य अथवा अन्य सहायता सम्बन्धी करारहरु परिवर्तन अथवा सोही अनुरुप लम्ब्याउन सकिन्छ । सामुदायिक कार्यकर्ताहरुले त्यस्ता घरवालाहरुको आवश्यकता र चाहनाहरु पहिचान गरी फर्कने वेलामा आवश्यक अनुसार सहयोग गर्नुपर्दछ ।

**अनिश्चित परिस्थितिमा काम गर्दा**

द्वन्दमा अथवा द्वन्दोत्तर अवस्थामा फर्कदा अथवा प्राकृतिक विपत्तिको समयमा फर्कने काम एउटा ज्यादै संवेदनशील अभ्यास हो जहाँ उच्च तहको चिन्ता र अनिश्चितता रहन्छ । फेरी के हुन्छ भन्ने विषयको अनिश्चितता तनावपूर्ण हुन्छ । विशेष गरी बचाउ र सुरक्षा शंकाहरुका बारेमा तथा आश्रय, खामा, जिविकोपार्जन, स्वास्थ्य सेवाहरु तथा शिक्षालाई छाडेर कसैका लागि शिविर छाड्ने कुरा असल विकल्प नलाग्न सक्छ किनकी शिविरमा सहायता आईरहेको हुन्छ र धेरै घरवालाहरुले कुनै हदसम्म भएपनि सहने उपाय भेटाएका हुन्छन् । त्यसैकारणले गर्दा सवै शिविरका कर्मचारीहरुको एउटा सहानुभूति तथा समभ्रूदारीपूर्ण दृष्टिकोण तथा सामुदायिक कार्यकर्ताहरुलाई भरोसा, सल्लाह तथा व्यवहारिक सहयोगको लागि संलग्न गराउनु महत्वपूर्ण हुन्छ । एक एक गरेर परामर्श दिनु जरुरी हुनसक्छ । त्यसैकारण यो सिफारिस गर्न सकिन्छ कि फिर्ति सम्बन्धी विषयमा परामर्श जारी राखिनुपर्दछ । त्यस्तो व्यक्तिहरु तथा परिवारहरु जोसँग प्रश्नहरु छन् र जसलाई थप सुचनाको आवश्यकता छ ।

## एउटा शिविर व्यवस्थापन निकायको निमित्त रुजुसूचि

**शिविर सञ्चालन गर्दा**

- शिविर व्यवस्थापन समितिले सेक्टर/क्लस्टर प्रमुख निकायसँग निर्माणस्थल विकास/शिविर योजना समिति स्थापना सम्बन्धी काम मिलेर गर्ने
- निर्माणस्थल विकास समिति (क्सत्रृ) मा निम्न लिखित प्रतिनिधिहरु रहन्छन्
    - आयोजक सरकार/निकायका प्रतिनिधिहरु
    - सेक्टर/क्लस्टर प्रमुख निकाय
    - विस्थापित जनसंख्याका पुरुष तथा महिला

  - कार्यक्रमतर्फ तथा कार्य व्यवस्था क्षेत्रका प्रतिनिधिहरु जस्तो स्वास्थ्य, ध्ब्क्ज, आश्रय, सुरक्षा, वनोवस्ती, शिक्षा तथा जिविकोपार्जनका साधनहरु उपयुक्त सरकारी मन्त्रालयहरु तथा/अथवा संयुक्त राष्ट्र संघिय निकायहरु तथा/अथवा गैससहरु
  - सर्भेक्षणकर्ताहरु, भू सुचना प्रणाली (न्क्ष्क) विज्ञहरु, पानी विशेषज्ञहरु, जन स्वास्थ्य इन्जिनियरिङ्गहरु तथा अरु प्राविधिक विज्ञहरु
- निर्माणस्थलको सकारात्मक तथा नकारात्मक पाटोहरुका सम्बन्धमा देहाय बमोजिम कुराहरुमा ध्यान पुऱ्याइनुपर्दछ :
  - वचाउ, संरक्षण र सुरक्षा
  - जमीनको अवस्थिति तथा अवस्थाहरु आकार, पहुँच, सिमानादेखि दुरी तथा उपलब्ध स्रोत र साधनहरु लगायत
- नव आगन्तुकहरु तथा शिविर विस्तार जस्ता भविष्यमा हुने परिवर्तनहरु तथा अनिश्चिततताहरुबारे योजना गरिएको हुन्छ ।
- अन्तर्राष्ट्रिय मापदण्डहरु तथा सुचकहरुसँग एकरुपता हुने गरी शिविरको योजना र स्थापना गरिएको हुन्छ ।
- शिविरका सकारात्मक पक्षहरुको असल प्रयोग तथा प्रतिकुल असरहरु कम गर्नका लागि गन्तव्य निर्धारण
- छानिएका निर्माणस्थलहरुको सकारात्मक तथा नकारात्मक पक्षहरु तथा अन्तिम निर्णयका पछाडी रहेका कारणहरुको प्रलेखिकरण गरिएको हुन्छ ।
- शिविरको वातावरणीय प्रभाव विचार गरिन्छ र वातावरणीय हानीलाई कम गर्ने गरी योजना वनाइएको हुन्छ ।
- निर्माणस्थलको योजना गर्दा व्यक्तिगत घरबाट शुरु गरिन्छ जसमा जोखिममा रहेका समूहहरु तथा विशेष आवश्यकता रहेकाहरुलाई विशेष ध्यान दिइनेछ ।
- संरक्षण चासोहरु आकंलन गरिनेछ (शिविर छाडेर दाउरा खोज्न जाने महिलाहरुको जोखिम लगायत)
- दक्ष र सुरक्षित शिविर वनाउनको लागि अन्तर्राष्ट्रिय कानून तथा मापदण्डहरुको आधारमा निर्देशिकाहरु, मापदण्डहरु तथा व्यक्तिहरु तथा निकायहरुको विशेषज्ञता प्रयोग गरिनेछ ।
- आफैंले शिविर वसाएको अवस्थाहरुमा समुदायहरुलाई पुर्नसंगठित अथवा पुर्नवास गरिने अथवा उपयुक्तताका आधारमा समुदायको भागको रुपमा राख्ने भन्ने निर्णयहरु लिइन्छ ।
- निर्माणस्थल विकास समिति शिविरको चरणवद्ध विकासको सम्बन्धमा रहेका सवालहरुलाई सम्बोधन गर्ने काममा आवश्यकता अनुरुप संलग्न रहने
- बृहद अनुगमन तथा मूल्यांकन प्रणालीको एउटा भागका रुपमा प्रमुख कर्ताहरु (धेरै जस्तो निर्माणस्थल विकास समितिको जस्तै) लाई सँगसँगै राखी कसरी शिविरको अवस्थिति तथा फैलावटले वासिन्दाहरुको निमित्त कस्तो काम गरिरहेको छ । कर्मचारी तथा स्थानीय समुदायका सम्बन्धमा सुझाव (पृष्ठपोषण) लिइन्छ ।
- यदि शिविरका वासिन्दाहरु र स्थानीय मानिसहरुको जीवनको अवस्थाहरुमा वेमेल वढ्दो छ भने सेक्टर/क्लस्टर प्रमुख निकाय, अधिकारीहरु, शिविर व्यवस्थापन निकाय, संयुक्त राष्ट्र संघिय निकायहरु तथा गैससहरुले परियोजना कार्यान्वयनको संभाव्यता अथवा वस्तुहरु अथवा सेवा साझेदारीको सम्बन्धमा परामर्श गरिएको हुन्छ ।

- शिविरको लागि एउटा ठेगाना प्रणाली योजना गरिनुपर्दछ जसमा शिविरमा रहेका असाक्षर मानिसहरुको आवश्यकतालाई विचार गरिनुपर्दछ ।
- फेज आउट, प्रस्थान तथा शिविर वन्द गर्ने सम्बन्धमा शुरुदेखि नै योजनाहरु वनाइनु पर्दछ जहाँ भूमि सम्बन्धी सहमतिपत्रहरु, सेवा करारहरु, प्रलेखिकरण तथा गोपनियता, सम्पति व्यवस्थापन तथा भविष्यको समाधानका दिर्घकालिन भण्डारन उपायहरुका सम्बन्धमा आंकलन गरिएको हुन्छ ।

**समापन**

- फेज आउट, प्रस्थान तथा शिविर समापनको बारेमा प्रारम्भदेखि नै विचार गरी योजना वनाइनु पर्दछ ।
- फिर्ति स्वेच्छिकताको विषयमा सुनिश्चित गर्न आकंलनहरु गरिन्छन् ।
- सवै सरोकारवालाको सहभागिता र समन्वय सुनिश्चित गरिनेछ ।
- वासिन्दाहरुसँग परिस्थिति, वन्दोवस्ती तथा अन्य प्रक्रियाको बारेमा सहि, वस्तुनिष्ठ तथा अद्यावधिक सुचना रहेको सुनिश्चित गर्न सुचना अभियानहरु विकास गरी कार्यान्वयन गरिन्छ ।
- जोखिममा परेका समूहहरु र नाजुक अवस्थामा रहेका व्यक्तिहरुलाई प्रक्रियाको क्रममा सहयोग तथा संरक्षित गन्छि । विशेष सुचना अथवा चेतना अभिबृद्धि कार्यक्रमहरु तथा दिर्घकालिन विकास परियोजनाहरु विकास गरिन्छ । जसले शिविरका वासिन्दाहरुलाई घर फर्केर पुर्नएकिकरण गर्नमा सहयोग पुऱ्याउँछ ।
- प्रशासनिक प्रक्रियाहरुले सवै दस्तावेजहरु त्यसको वाहकहरुसँग उनीहरु जानुभन्दा पहिले हुनेछ । नेतृत्वदायी निकायहरु (सेक्टर/क्लस्टर/संरक्षण) गैससहरुसँग रहनछ अथवा नष्ट गरिनेछ ।
- दर्ता खारेजी प्रक्रियाको सहजीकरण गरिनेछ ।
- वचाउ, सुरक्षा तथा मर्मत सुनिश्चित गर्नका लागि फिर्ति प्रक्रियाको अनुगमन हुन्छ ।
- बाँकी वसेका शिविर वासिन्दाहरुलाई पर्याप्त सहयोग तथा संरक्षण उपलबध गराइएको छ ।
- स्थानीय समुदायलाई समेत विचार गरेर शिविरको सम्पतिहरु तथा पूर्वाधार स्वच्छ तथा पारदर्शी ढंगले वितरण भएको छ ।
- भविष्यको मर्मत/पूर्वाधारको रेखदेखका निमित्त अधिकारीहरु अथवा उपयुक्त मानिसहरुलाई हस्तान्तरण गरिएको छ ।
- शौचालयहरु, फोहर खाडलहरु तथा धोई पखाली गर्ने सुविधाहरु सुरक्षित रुपमा हटाइनेछ (म्भअयफक्ष्ककष्यल)
- सेवा करार तथा सहमतिहरुलाई उपयुक्त ढंगले परिमार्जन अथवा समाप्त गरिएका छन् ।
- वातावरणीय सरोकारहरुको एउटा सूची वनाइएको छ र तिनिहरुले कसरी सम्बोधन गर्न गईरहेका छन् भन्ने योजनाहरु वनेका छन् ।
- शिविरका वासिन्दाहरुलाई अनिश्चितता झेल्नको निमित्त जानकारी तथा सहयोग उपलब्ध गराइएको छ । तिनिहरुका प्रश्नहरु उत्तरित भएका छन् तथा भविष्यको सम्बन्धमा सल्लाह दिइएको छ ।

## औजारहरु

एउटा शिविरको जीवनचक्र यसरी व्याख्या गर्न सकिन्छ ।

o o o बाहिर

शिविर योजना तथा शिविर खडा गर्ने शिविर व्यवस्थापन तथा शिविर हेरचाह शिविर संक्रमण र शिविर समापन

शिविर व्यवस्थापन औजारको खण्डमा शिविर खडा गर्ने तथा शिविर वन्द गर्ने सम्बन्धमा महत्वपूर्ण कडी सवालहरुलाई प्रकाश पार्दछ र शिविर व्यवस्थापन निकायको भूमिका र जिम्मेवारीको सम्बन्धमा उपयुक्त काम तथा असल अभ्यासको समबन्धमा सिफारिशहरु छन् । यसले समग्र रुपमा एउटा साधारण निर्देशिका प्रस्तुत गर्दछ जसमा क्षेत्रमा वढी सान्दर्भिक पक्ष तथा सरोकारहरु छन् । विस्तृत तथा समावेशी प्राविधिक तथा जानकारीको गहिरो ज्ञानको सट्टामा यो यस कामको क्षेत्र बाहिर पर्दछ । शिविर व्यवस्थापन कर्मचारीले वढी सन्दर्भहरु, आवश्यक पाठहरु तथा अन्य स्रोतका औजारहरु हरेक औजारको अन्त्यमा दिए जस्तोको पहुँच हुनुपर्दछ ।

दुईवटा निर्देशिकाहरु भर्खरै विकास भईरहेको छ । जन शिविर व्यवस्थापन औजार सँगसँगै प्रयोग गर्न सकिन्छ । तिनिहरुको उद्देश्य प्राविधिक तथा विषयगत विज्ञता वढाउने र विस्तार गर्ने हो । जव तिनिहरु २००८ मा अन्तिम भएको छ । शिविर व्यवस्थापन कर्मचारीहरु यी कुराहरुबाट सुसज्जीत हुनुपर्दछ :

सवैजसो औजारहरु, प्रकाशनहरु तथा सन्दर्भ सामाग्रीको रुपमा प्रस्तुत गरिएका दस्तावेजहरु टुलकीट सिडि हरेक हार्डकपि वाइन्डरमा संलग्न गरिएका छन् । अनलाइन सामाग्रीहरु डाउनलोड गर्नका लागि वेभ लिंकहरु उपलब्ध गराइएका छन् ।

१) शिविर योजना निर्देशिकाहरु shelter centre ले Medicines sans Frontiers ( MSE) सँग मिलेर सविस्तार सहयोगीका रुपमा यसप्रकार उल्लेख गरेको छ :

- ट्रान्जिट सहयोग जसमा स्टेशन मार्गहरु, ट्रान्जिट केन्द्रहरु तथा स्वागत कक्षहरु समेत पर्दछन् ।
- आफै वसाइएका तथा योजनावद्ध शिविरहरु जसमा द्वन्दले विस्थापित भएका र प्राकृतिक प्रकोपले फैलावट तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार चरणवद्ध स्तरबृद्धि गर्ने कार्य
- निर्माणस्थल छनौट आफैं वसाइएका शिविरहरुको टिकाउपनाको निर्धारण, खतरा नक्शाँकन, विस्थापित तथा स्थानीय वासिन्दाहरुको आकंलन तथा प्राकृतिक स्रोत व्यवस्थापन
- निर्माणस्थल तयारी जसमा सर्वेक्षण, चिनो लगाउने, जमीनको कार्यहरु, पानीको ढल तथा वातावरण संरक्षण जस्ता कुराहरु पर्दछन् ।
- निर्माणस्थल विकास जसमा चरणबद्ध आवास योजना तथा सामुदायिक पूर्वाधार तथा सेवाहरु पर्दछन् जस्तो कि वितरण केन्द्रहरु तथा पानी आपूर्तिहरु
- विद्युतिय संस्करण डाउनलोड गर्न अथवा प्रतिहरुको लागि अनुरोध गर्नको लागि हेर्नुस् www.shelterlibrary.org अथवा campplanning@sheltercentre.org मा इ–मेल गर्नुहोला ।

२) शिविर समापन निर्देशिकाहरु जुन उचय ब्अत ल्भतजयचप तथा ऋब्च्भ क्लतभचलबतष्यलर्बा ले शिविर समन्वय तथा शिविर व्यवस्थापनका सवै साझेदारहरुसँग मिलेर वनाएको हो जसमा तलका व्यापक क्षेत्रहरु समेट्दछ :

- शिविर समापनको औचित्यता, भूमिका तथा जिम्मेवारीहरु, व्यवस्थापकीय निर्णयहरु जसमा पद्धतिहरु, पारमर्श प्रक्रियाहरु, वन्दोवस्ती, संरक्षण तथा सुचना संप्रेषण, कानूनी तथा निति नियम आवश्यकताहरु जस्तो प्रलेखिकरण, सुरक्षा, प्रशासन, सम्पति सम्बन्धी अधिकारहरु तथा क्षतिपूर्ति, जमिन तथा जनजीवन जसमा शिविर पूर्वाधार, फोहर तथा शिविरको वातावरणीय फुट प्रिन्ट सम्बन्धी सवालहरु बारे हेरिएको छ ।

अन्तिम मस्यौदा कहिले उपलब्ध हुन्छ भन्ने विषयमा थप सूचनाका लागि सम्पर्क गर्नुहोस् : infro@proactnetwork.org

- श्रीलंकाको संक्रमणकालीन वसोवास अथवा शिविर निर्माणस्थल छनौट सम्बन्धी शिघ्र निर्देशिका
- शरणार्थी शिविरहरु नमुनाको प्राइमर (Primer)
- RedR. Latrine Decommissioning Training Notes (दक्षिण एशिया भुकम्प)

- श्रीलंकाको छानिएका आन्तरिक विस्थापित व्यक्तिका निर्माणस्थलको वर्खास्ती र समापन बारेको प्राविधिक प्रक्रिया (Decommissioning)
- वाटिकोलावा श्रीलंकाका निर्माणस्थलको आपतकालीन तथा अर्ध स्थायी प्रकृतिका शौचालयका निमित्त Decommissioning अभ्यास निर्देशिका
- श्रीलंकाको आश्रयस्थल तथ्य वसोबार स्तर म्याट्रिक्स

## पढ्ने कुराहरु तथा सन्दर्भ सामाग्रीहरु


Mary B. Andersen, 1999. *Do No Harm: How Aid Can support Peace – or War* www.rienner.com/viewbook.cfm?BOOKID=88&search=do%20no%20harm

Centre on Housing Rights and Evictions (COHRE). *The Pinheiro Principles – United Nations Principles on Housing and Property Restitution for Refugees and Displaced Persons.* www.cohre.org/store/attachments/Pinheiro%20Principles.pdf

Centre on Housing Rights and Evictions (COHRE), 2007. *Handbook. Housing and Property Restitution for Refugees and Displaced Persons. Implementing the Pinheiro Principles.* ftp://ftp.fao.org/docrep/fao/010/aI131e/aI131e00.pdf

Tom Corsellis and Antonella Vitale, 2005. *Transitional Settlement, Displaced Populations.* www.sheltercentre.org/shelterlibrary/items/pdf/Transitional_Settlement_Displaced_Populations_2005.pdf

Jan Davis and Robert Lambert, 2002. *Engineering in Emergencies. A Practical Guide for Relief Workers.* www.redr.org/redr/support/resources/EinE/EinE.htm

FAO, IFAD, WFP, 2003. *Working Together, From Emergencies to Sustainable Development.* www.ifad.org/pub/jp/e/n5eng.pdf

Gesellschaft für Technische Zusammenarbeit (GTZ), 1997. *Concepts and Experiences of Demobilisation and Reintegration of Ex-Combatants.* http://fmo.qeh.ox.ac.uk/Repository/getPdf.asp?Path=Oxford/1612/04/27&PageNo=1

Global IDP Project, Refugee Studies Centre, 2000. ''Going Home: Land & Property Issues'' *Forced Migration Review.* http://fmo.qeh.ox.ac.uk/Repository/getPdf.asp?Path=FMR/1600/01/14&PageNo=1

Global IDP Project, Refugee Studies Centre, 2003. ''When Does Internal Displacement End?'' *Forced Migration Review* http://fmo.qeh.ox.ac.uk/Repository/getPdf.asp?Path=FMR/1600/01/08&PageNo=1

HURIFO, 2007. *Fostering the Transition in Acholiland* www.internal-displacement.org/8025708F004CE90B/(httpDocuments)/AB4477A92034463CC125736A0057710D/$file/HURIFO+-+Sep+2007.pdf

Internal Displacement Monitoring Centre (IDMC), 2007. *Internal Displacement: Global Overview of Trends and Developments in 2006.*

www.internal-displacement.org/8025708F004BE3B1/(httpInfoFiles)/9251510E3E5B6FC3C12572BF0029C267/$file/Global_Overview_2006.pdf

IDMC, Refugee Law Project, 2006.*''Only Peace Can Restore the Confidence of the Displaced''.* www.internal-displacement.org/8025708F004BE3B1/(httpInfoFiles)/3DF90AEB3549B8ABC12571FD0038D473/$file/Uganda_report_2nd.pdf

IDMC, 2006. *In Need of Durable Solutions: The Revolving Door of Internal Displacement in West Africa.* www.internal-displacement.org/8025708F004BE3B1/(httpInfoFiles)/EA717BCAAD038E5EC125715B0059419A/$file/West-Africa_Report_06.pdf

IDMC, Human Rights Centre Memorial, 2006. *An Uncertain Future: The Challenges of Return and Reintegration for Internally Displaced Persons in the North Caucasus.* www.internal-displacement.org/8025708F004BE3B1/(httpInfoFiles)/AB9962E52FC79BB3C1257203002C35AA/$file/russia_report.pdf

IFRC and ProVention Consortium, 2007. *Construction Design, Building Standards and Site Selection.* www.sheltercentre.org/shelterlibrary/items/pdf/ProVention_ToolForMainstreaming_GN12.pdf

Jim Kennedy, 2005. ''Challenging camp design guidelines''. *Forced Migration Review.* www.fmreview.org/FMRpdfs/FMR23/FMR2319.pdf

Land and Equity Movement in Uganda (LEMU), 2007. *Return or Transformation, Land and the Resettlement of IDPs in Northern Uganda.*
www internal-displacement.org/8025708F004CE90B(httpDocuments)D89C58F5150E3905C1257364002BDD7D/$file/REPORT+LEMU+MHLUD+PRPD+response+Jun07+doc.pdf

OCHA. *An Easy Reference to International Humanitarian Law and Human Rights Law.* www.reliefweb.int/OCHA_ol/pub/Easy%20Referencs%20to%20IHL%20and%20HR.htm

Hugo Slim and Andrew Bonwick, 2005. *Protection – The ALNAP Guide for Humanitarian Agencies.* www.odi.org.uk/ALNAP/publications/protection/alnap_protection_guide.pdf

*The Convention and Protocol Relating to the Status of Refugees,* 1951 and 1967. www.unhcr.org/cgi-bin/texis/vtx/protect/opendoc.pdf?tbl=PROTECTION&id=3b66c2aa10

The Do No Harm Project, 2004. *The Do No Harm Handbook*
www.cdainc.com/dnh/docs/DoNoHarmHandbook.pdf

*The Guiding Principles on Internal Displacement*
www.brookings.edu/projects/idp/gp_page.aspx

The Sphere Project, 2004. *Humanitarian Charter and Minimum Standards in Disaster Response.* www.sphereproject.org/component/option,com_docman/task,cat_view/gid,17/Itemid,203/lang,English/

*The Universal Declaration of Human Rights,* 1948
www.un.org/Overview/rights.html
UN-HABITAT, SUDP, *Bosasso- Guidelines for the Planning and Upgrading of IDP*

*Settlements (1 & 2)*

UNHCR, 1996. *Handbook. Voluntary Repatriation: International Protection* www.unhcr.org/publ/PUBL/3bfe68d32.pdf

UNHCR, 1998. *Resettlement Handbook.* www.sheltercentre.org/shelterlibrary/items/pdf/UNHCR_ResettlementHandbook.pdf
UNHCR. 2004. *Handbook for Repatriation and Reintegration Activities.* www.unhcr.org/cgi-bin/texis/vtx/partners/opendoc.pdf?tbl=PARTNERS&id=411786694

UNHCR, 2006, "Looking to the Future", chapter 8, *The State of the World's Refugees: Displacement in the New Millennium.* www.unhcr.org/publ/PUBL/4444afcf0.pdf

UNHCR, 2007. *Handbook for Emergencies.* www.unhcr.org/publ/PUBL/471daf132.pdf

# शिविरको संरचनामा संरक्षण

# भाग - ३ : सुरक्षित वातावरण

## अध्याय - ८ शिविरको संरचनामा संरक्षण

**महत्वपूर्ण सन्देशहरु**

- आयोजक सरकारहरु नै शरणार्थी, राज्यविहिन तथा आन्तरिक रुपले विस्थापित व्यक्तिहरु (क्ष्मएक) का उनीहरुको भूभागमा अधिकार संरक्षणको लागि जिम्मेवार हुन्छन् ।
- शिविर व्यवस्थापन निकायहरु शिविरहरुमा विस्थापित मानिसहरुको संरक्षण सुनिश्चित गर्न अधिकारीहरु तथा संरक्षणकर्ताहरुसँग मिलेर काम गर्नको लागि जिम्मेवारी र उत्तरदायी हुन्छन् ।
- एउटा शिविर व्यवस्थापन निकायलाई शिविरका वासिन्दाहरुको अधिकारको बारेमा सचेत हुनु आवश्यक छ । उनीहरुलाई त्यसको पूरा उपभोगमा रहेका बाधाहरुको बारेमा पनि बुझाई रहनु आवश्यक छ ।
- एउटा शिविरभित्र संरक्षण अन्तर्गत उपयुक्त अनुगमन, रिफर गर्ने तथा मानव अधिकार उल्लंघनको प्रतिवेदन गर्ने जस्ता कार्यमा सुचित गरिएको निर्णयहरु पर्दछन् जसमा गोपनियता, सुरक्षा, उत्तरदायित्व तथा सम्बोधन क्षमतालाई उचित विचार पुऱ्याइएको हुन्छ । शिविर व्यवस्थापन निकायको यस सम्बन्धमा संरक्षण निकायहरुलाई सहयोग गर्ने एउटा भूमिका रहन्छ ।
- शिविरभित्र संरक्षण दिंदा एउटा दृष्टिकोण तथा क्रियाकलापहरुको तह संलग्न रहन्छ जसले सेवा तथा सहायता वितरणमा संरक्षणको मुल प्रवाहिकरण गरिएको सुनिश्चित गर्दछ ।
- विस्थापितहरुको अधिकारका लागि एउटा शिविर व्यवस्थापन निकायले संरक्षण निकायहरु तथा सेक्टर/क्लस्टर प्रमुखहरुसँग मिलेर सबै तहमा वकालतीको लागि काम गर्दछ । यसमा शिविरमा क्रियाशिल तथा प्रभावकारी कानून कार्यान्वयन संयन्त्रको विकास समेत पर्दछ ।

## परिचय

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (ICRC) ले संरक्षणलाई यसरी परिभाषित गरेको छ, "व्यक्तिको अधिकारको पूर्ण सम्मान हासिल गर्ने लक्ष्यको लागि गरिने सवै क्रियाकलापहरु जुन सम्बद्ध कानूनको मर्म र भावना अनुसार गरिएको हुन्छ (उदाहरणका लागि अन्तर्राष्ट्रिय मानव अधिकार, मानवीय कानून तथा शरणार्थी कानून")

एउटा शिविरमा हुने संरक्षण गतिविधिहरुले शरणार्थी तथा आन्तरिक रुपले विस्थापित व्यक्तिहरुले यी कुराहरु विना भेदभाव उपभोग गर्न पाउँछन् भनि सुनिश्चित गर्नुपर्दछ :

- शारीरिकसुरक्षा – शारीरिक हानी विरुद्धको संरक्षण
- कानूनी सुरक्षा – न्यायमा पहुँच, सम्पति अधिकार प्रमाणित गर्ने र समान गर्नका लागि एउटा कानूनी हैसियत र प्रलेखिकरण
- भौतिक सुरक्षा – आधारभुत वस्तुहरु तथा सेवाहरुमा समान पहुँच

प्रचलनमा रहेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून अनुसार राज्यहरुको आफ्नो अधिकार क्षेत्रभित्र रहेका सवैजनाको अधिकारहरुको सम्मान, संरक्षण तथा परिपालनको दायित्व रहन्छ जसमा गैर नागरिकहरु समेत पर्दछन् । शिविरका वा सिन्दाहरुको संरक्षण हासिल गर्नका निमित्त, शरणार्थी तथा आन्तरिक रुपले विस्थापित व्यक्तिहरुलाई अन्तर्राष्ट्रिय मानव अधिका कानून तथा शरणार्थी सम्बन्धी कानून एवं अन्तर्राष्ट्रिय मानवीय कानून अनुरुप व्यवहार गरिनुपर्दछ । संरक्षण सुनिश्चित गर्नका निमित्त शिविर व्यवस्थापन निकाय शिविरका वासिन्दाहरुको अधिकार शिविर बसेका कारणले पर्न जाने जोखिम, विस्थापनका परिस्थितिहरु अथवा सहायता कार्यक्रमहरु लागु गर्ने उपायहरुका बारेमा सचेत रहनुपर्दछ ।

**अधिकारहरु**

मानव अधिकारहरु विश्वव्यापी तथा अभिन्न, अविभाज्य, अन्तर निर्भर तथा अन्त सम्बन्धित हुन्छ । शिविर खडा गर्ने सन्दर्भमा तल उल्लेखित अधिकारहरु वढी सान्दर्भीक हुनसक्छ । ती अधिकारहरु मध्ये केही सवै व्यक्तिहरुका हकमा लागु हुन्छ भने केही विशेष समूहहरुसँग सम्बन्धित हुन्छन् (जस्तै बालबालिका तथा शरणार्थीहरु)

| सवै व्यक्तिहरुका हकमा लागु हुने अधिकारहरु | निश्चित समूह विशेषका अधिकारहरु |
|---|---|
| • जीवनको अधिकार<br>• अभेदभावको अधिकार<br>• यातना अथवा अन्य क्रुर, अमानवीय अथवा अपमानजनक व्यवहार वा दण्डबाट स्वतन्त्रता<br>• जथाभावी पक्राउ र हिराशत विरुद्धको स्वतन्त्रता<br>• बलजृती वेपत्ता बनाउने कार्यबाट स्वतन्त्रता<br>• शरण माग्ने र  उपभोग गर्ने अधिकार<br>• कानूनको अगाडी समाज पहिचान र संरक्षणको अधिकार<br>• प्रभावकारी उपचारको अधिकार<br>• आवागमनको स्वतन्त्रता<br>• परिवार वनाउने र पारिवारिक एकताको सिद्धान्तको अधिकार<br>• जन्म दर्ताको अधिकार<br>• पर्याप्त जीवन निर्वाहको मापदण्ड अनुरुपको अधिकार जस्तो पर्याप्त खाद्यान्न, कपडा तथा आवास<br>• कामको अधिकार<br>• स्वास्थ्यको उच्चतम प्राप्त हुनसक्ने मापदण्डको उपभोग गर्ने अधिकार<br>• शिक्षाको अधिकार<br>• सहभागिताको अधिकार | • आृनो परिवार अथवा पारिवारिक वातावरणबाट वञ्चित बालकको निम्ति विशेष संरक्षणको अधिकार<br>• बालक अपहरण र ओसारपोसारबाट स्वतन्त्रता<br>• कम उमेरमा काममा लगाउनबाट स्वतन्त्रता<br>• बाल श्रमको निषेध<br>• जर्वजस्ती निकालाको (refroutment) निषेध<br>(एउटा शरणार्थीलाई उसकै ठाउँमा जर्वजस्ती फर्काईदिन)<br>• शरणार्थी प्रमाणपत्र पाउने अधिकार |

**संरक्षण जोखिमहरु**

शिविर खडा गर्दा आईपर्ने खालका संरक्षण जोखिमहरु अन्तर्गत यस्ता कुराहरु पर्दछन् :

- द्वन्दरत पक्षले सर्वसाधारण माथि गर्ने आक्रमणहरु
- शिविरमा सशस्त्र तत्वहरुको उपस्थिति
- बाल भर्ति
- सामाजिक लिङ्गका आधारमा हिंसा (न्द्यख)
- दुर्व्यवहार, उपेक्षा तथा बालबालिका माथि शोषण
- परिवार अलग्गीनाले उत्पन्न जोखिम खाश गरेर बालबालिका बृद्ध अथवा अन्य समुदायका सदस्यहरु जो बाँच्नका लागि पारिवारिक सहयोगमा निर्भर हुन्छन्
- शिविरको वरिपरि बारुदी सुरुङ्गको उपस्थिति
- साधारण अपराध
- अपर्याप्त कानून कार्यान्वयन
- शिविरका मानिसहरुभित्र तथा स्थानीय समूदायहरुसँगको द्वन्दहरु
- जन्मदर्ता संयन्त्रको अनुपस्थिति वा अपर्याप्तता
- परिचयपत्र अथवा अन्य कागजातको पहुँचमा अवरोधहरु
- स्वच्छ तथा दक्ष न्याय प्रणालीको अभाव
- हिडडुल गर्ने स्वतन्त्रता र आवास छान्नमा रोकावटहरु
- शिविर व्यवस्थापनमा शिविरका खास वासिन्दाहरुको सिमित सहभागिता
- आधारभूत सुविधा तथा सेवाहरुमा भेदभावयुक्त पहुँच पानी, खाद्यान्न, आश्रय, आधारभूत, स्वास्थ्य सेवाहरु विशेष गरी विशेष आवश्यकता भएका व्यक्तिहरुका लागि (जस्तै कमजोर योजना गरिएको वितरण संयन्त्रहरु)
- जीवन निर्वाहका गतिविधिहरुमा सिमित पहुँच

**महत्वपूर्ण सवालहरु**

**कसका लागि संरक्षण ?**

आधारभूत मानव अधिकारहरु सवै व्यक्तिहरुका निमित्त उनीहरुको कानूनी हैसियतलाई वास्ता नगरिकनै उतिकै रुपमा लागु हुन्छन्, चाहे उनीहरु आन्तरिक रुपले विस्थापित व्यक्तिहरु हुन, शरणार्थीहरु, राज्यविहिन व्यक्तिहरु अथवा अन्य कुनै व्यक्ति नै किन नहुन् कुनै अधिकारहरु राष्ट्रिय र गैर राष्ट्रियहरुलाई भिन्ना भिन्नै ढंगले लागु हुन्छ । शरणार्थी तथा राज्यविहिन व्यक्तिहरुले निश्चित अधिकारहरु राष्ट्रिय व्यक्तिहरुले जस्तो गरी उपभोग गर्न पाउँदैनन् । संरक्षण निकायले अवश्य विश्लेषण गर्नुपर्दछ ।

**त्यसैकारणले शिविर व्यवस्थापन निकायले निम्न कुराहरु गर्नुपर्छ :**

- शिविरमा रहने मानिसहरुको कानूनी हैसियतको बारे जानकारी राख्ने
- लागु हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरुको बारेमा परिचित हुने
- यसले समग्र शिविरका मानिसहरुको अधिकार तथा प्राप्ति (भ्लतष्तभ्फिभलतक) मा प्रभाव पार्न सक्ने कुरामा सचेत रहने
- शिविरका मानिसहरुको अधिकार प्रवर्द्धनका लागि कुन कानूनी औजारहरु लागु हुन्छन् भन्नेबारे जानकारी राख्ने

**शरणार्थीहरु**

एउटा शरणार्थी त्यो व्यक्ति हो जो उसको अथवा उनको राष्ट्रियताको देशबाट बाहिर छ अथवा राज्यविहिन भएको अवस्थामा उसको अथवा उनको वसोवास गरेको स्थानबाट बाहिर छ तथा यसकारणले फर्कने असमर्थ छ :

जात, धर्म, राष्ट्रियता, कुनै खास सामाजिक समूहको सदस्यता अथवा राजनैतिक विचार, व्याप्त हिंसाको कारणबाट जीवन भौतिक अवस्था र स्वतन्त्रताप्रति गम्भीर तथा असाधारण खालको धम्कीहरुको अथवा शान्ति सुरक्षा खल्वलाउने घटनाको सुपरिचित डर रहेको छ ।

शरणार्थीहरुको अवस्था र अधिकारहरुका सम्बन्धमा महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेज भनेको शरणार्थीहरु सम्बन्धी महासन्धी १९५१ तथा यसको १९६७ अनुवन्ध हो । शरणार्थीका सम्बन्धमा क्षेत्रिय दस्तावेजहरुमा अफ्रिकी एकता महासन्धी जसले आफ्रिकाका शरणार्थीहरुको विशेष पक्षहरुका सम्बन्धमा काम गर्दछ १९६९ (Organization of Africian Unity Convention Governing the Specific Aspects of Refugee Problems in Africa 1969) तथा शरणार्थी सम्बन्धी कार्यगेना घोषणा १९८४ (Cartageria Declaration on Refugees 1984)

शरणार्थी कानूनको जगभ नेको देश फर्काउन नपाउने सिद्धान्त (principle of non refoutment) हो जसले यो उल्लेख गर्दछ कि एउटा शरणार्थीलाई कुनैपनि तरिकाले उसको देशमा फर्कान पाइदैन जहाँ उसको/उनको जात, धर्म, राष्ट्रियता, कुनै सामाजिक संगठन अथवा राजनैतिक विचारका कारणले उसको/उनको जीवन अथवा स्वतन्त्रतामा खतरा रहन्छ । यो जानकारी राख्नु महत्वपूर्ण हुन्छ कि यो सिद्धान्त अन्तर्राष्ट्रिय प्रथाजनित कानूनको एउटा हिस्सा हो त्यसैले सबै राज्यहरुका निमित्त कानूनी रुपमा बन्धनकारी हुन्छ ।

**आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु (IDPs)**

आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु (IDPs)भनेको त्यस्ता मानिसहरु हुन् जो सशस्त्र द्वन्दका कारणले आफ्नो घरबाट भाग्न बाध्य भएका हुन्छन् । हिंसाको रुपमा लिएको अवस्थाहरु, मानव अधिकार उल्लंघनहरु अथवा प्राकृतिक वा मानव सृजित प्रकोपाहरु तथा जसले अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त राज्यको सिमाना काटेका छैनन् ।

सम्बन्धित देशको राष्ट्रिय कानून अन्तर्गत आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु (IDPs)का लागि विशिष्ट कानूनी हैसियत हुन् या नहुन सक्दछ । यद्यपि उनीहरु राष्ट्रिय अधिकारीहरुबाट उतिकै संरक्षणका हकदार हुन्छन् जति अरु नागरिक अथवा परम्परागत वासिन्दाको हुन्छ ।

आन्तरिकरुपमा विस्थापित व्यक्तिहरु (IDPs)को सम्बन्धमा विशेष किसिमको अन्तर्राष्ट्रिय महासन्धीहरु छैन । यद्यपि आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरु १९९८ मा जारी भएको थियो जसमा अधिकारहरु, प्रत्याभूतिहरु, आन्तरिक विस्थापनमा रहेका व्यक्तिहरुको संरक्षणका सम्बन्धमा मापदण्डको सम्बन्धमा आधिकारिक अवधारणा दिन्छ । तिनिहरु मानव अधिकार कानूनहरु तथा मानवीय कानून तथा शरणार्थी कानूनको प्रतिविम्वित गर्नुका साथै एकरुपता समेत रहेको छ ।

आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु (IDPs)भन्दा शरणार्थीलाई के कुराले भिन्न छ ? क्ष्मए र शरणार्थीहरु विचको प्रमुख भिन्नता भनेको के हो भने क्ष्मए हरुले राज्यको अन्तर्राष्ट्रिय सिमा पार गरेका हुँदैनन् जबकी शरणार्थीहरु आफ्नो राष्ट्रियताको देश छाडेका हुन्छन् (अथवा राज्यविहिनको अवस्थामा वसोवास स्थान रहेको देश) केही अवस्थाहरुमा राज्यको भागहरुमा केन्द्रिय अधिकारीहरुको नियन्त्रण नहुन सक्दछ र त्यस्तो भागहरुमा नियन्त्रण भएका निकायहरुले स्वतन्त्रताको एक पक्षिय घोषणाहरु गरेका हुन सक्छन् ।

केन्द्रिय अधिकारीहरुको नियन्त्रणबाट मानिसहरु अरु निकायद्वारा नियन्त्रित इलाकामा प्रवेश गर्दछन् र अन्तर्राष्ट्रिय सिमाना पार गर्दैनन् र उनीहरुलाई शरणार्थीको रुपमा हेर्न सकिदैन ।

छुट्टै आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु (क्ष्मएक)हैसियतको किन आवश्यकता पर्दैन ?IDP परिभाषा कानूनी परिभाषा नभई वर्णनात्मक परिभाषा हो । यसले केवल एउटा व्यक्तिको देश अथवा उसको/उनको वसोवासको देशको सम्बन्धमा तथ्यगत अवस्था दर्शाउँछ । यसले शरणार्थीको सम्बन्धमा गरे जस्तो विशेष कानूनी अवस्थाको मान्यता प्रदान गर्दैन । क्ष्मए हरुको लागि देश अथवा संयुक्त राष्ट्र संघीय शरणार्थी औपचारिक रुपमा मान्यता दिए जस्तो हुँदैन । क्ष्मए हरुले सवै अधिकारहरु र प्रत्याभूतिहरु नागरिकका रुपमा अथवा देश विशेषको परम्परागत वासिन्दाको रुपमा प्राप्त गर्दछ । कुनै देशहरुमा राष्ट्रिय कानूनले एउटा कानूनी हैसियत प्रदान गरेको हुन सक्दछ ।

यदि हामीले क्ष्मए हरुलाई दर्ता गरेमा के हामी उनीहरुलाई कानूनी हैसियत प्रदान गरिरहेका हुन्छौं ? शिविरका मानिसहरुलाई दर्ता गर्नुको अर्थ एउटा कानूनी हैसियत दिने भन्ने होइन । दर्ता भनको शिविरका मानिसहरुलाई पहिचान गर्नका लागि र संरक्षण तथा सहायता सम्बन्धी क्रियाकलापहरुका लागि हो । राज्यहरु जसले राष्ट्रिय कानूनमा क्ष्मए लाई कानूनी हैसियत दिएका हुन्छन् । उनीहरुले प्रक्रियाहरु र कडा अधिकारहरु कायम गरेका हुन्छन् ।

**राज्यविहिन व्यक्तिहरु**

राज्यविहिन व्यक्तिहरु ती हुन् जो कुनैपनि राज्यको नागरिकका रुपमा विचार गरिएका हुँदैनन् । धेरै परिस्थितिहरुमा तिनिहरु परम्परागत रुपमा विना वसेवा हुन्छन् । प्रभावकारी राष्ट्रिय संरक्षण विना वसेका हुन्छन् ।

विस्थापनको अवस्थाहरुमा राज्यविहिन व्यक्तिहरु अझ नाजुक अवस्थामा पुग्न सक्दछन् । यदि आन्तरिक रुपले विस्थापित व्यक्तिहरुका माझमा राज्यविहिन व्यक्तिहरु पनि छन् भने उनीहरु भेदभावको सामना गर्नुपर्ने हुनसक्छ । जव राष्ट्रियता भएकाहरुलाई प्राप्त अधिकारको पहुँचको कुरा आउँछ जस्तो जन्मदा उनीहरुको वच्चाको दर्ता गर्नुपर्दा अथवा अरु खालका कागजपत्रहरु आवश्यक पर्दा ।

राज्यविहिन व्यक्तिहरु शरणार्थी जनसंख्याको विचमा पनि हुन सक्छन् । यदि तिनिहरु माथि उल्लेख गरिए अनुसार शरणार्थीको परिभाषाभित्र पर्छन् भने तिनिहरुलाई पनि शरणार्थी हैसियतको हकदार हुन्छन् र त्यस्तो हैसियतबाट प्राप्त हुने सवै अधिकारहरु पाउँदछन् ।

**व्यवहारमा संरक्षण : मानव अधिकार किन संरक्षण गर्ने ?**

संरक्षण अधिकृतहरु तथा शिविर व्यवस्थापन निकायहरु साधारणतया शिविरका वासिन्दाहरुलाई प्राप्त मानव अधिकार क्षेत्रका सम्बन्धमा परिचित हुन्छन् र तिनिहरुका अधिकारहरुलाई सम्मान गर्न सहयोग पुग्ने क्रियाकलापहरु पहिचान गर्न बढ्दो रुपमा समक्ष भईरहेका छन् ।

फिल्डबाट आएको अनुभवले के देखाउँछ भने संरक्षणको अभावका परिणामहरु धेरै एवं जटिल हुन सक्छन् तर यहाँ एउटा व्यवहारिक उदाहरण दिइएको छ ।

यो असाधारण होइन कि आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु (IDPs)विस्थापनको समयमा कामको अधिकार उपभोग गर्न सक्षम हुँदैनन् । कारणहरु कानूनी तथा व्यवहारिक दुवै हुन सक्छन् । शायद उनीहरुले आृनो परिचयपत्र हराएका हुन सक्छने । तिनिहरु एउटा यस्तो ठाउँमा विस्थापित भएका हुन सक्छन् जहाँ उनीहरुको सामान्य जिविकोपार्जन (जस्तो माझी कुनै टापुमा विस्थापित भएको) गर्न असमर्थ रहन्छन् अथवा त्यस्तो ठाउँ जहाँ स्थानीय समुदाय उनीहरुलाई काम गर्न अनुमति दिँदैनन् र उनीहरुका विरुद्ध भेदभाव गरिन्छ । शायद तिनिहरुले उनीहरुको औजारहरुलाई भाग्दाको अवस्थामा छाडेको अथवा ल्याउन नसक्ने अवस्थामा पुगेका हुन सक्छन् । अथवा त्यहाँ वरिपरि पर्याप्त काम उपलब्ध नहुन सक्छ ।

त्यस्ता वयस्क व्यक्तिहरु जो आफैं कमाई गर्ने र आृना परिवारहरुलाई सहयोग गरिरहेका हुन्छन् । त्यस्ता व्यक्तिहरुको लागि वेरोजगारी एकदमै निराशापूर्ण अथवा दुर्वलीकरण हुन सक्दछ । बढ्दो वेरोजगारीको परिणाम स्वरुप मदिराको प्रयोगमा बृद्धि लागु पदार्थ दुर्व्यसन तथा घरेलु हिंसा देखिनु असामान्य हुँदैन ।

**संरक्षण कसले गर्ने ?**

सम्बन्धित सरकारहरु नै तिनिहरुको देशमा वसिरहेका सवै व्यक्तिहरुको अधिकार संरक्षण र प्रर्वद्धनका निमित्त जिम्मेवार रहन्छन् । कहिलेकाही तिनिहरु त्यस्ता दायित्वहरु पूरा गर्नमा क्षमता अथवा स्रोत र साधनको कमीले ससमर्थ हुन्छन् । कुनै यस्ता अवस्थाहरु पनि हुन सक्छ जहाँ राष्ट्रिय निकायहरु निश्चित समूहका व्यक्तिहरुको अधिकारहरु सम्मान, संरक्षण र परिपालन गर्न अनिच्छुक हुन्छन् ।

अन्तर्राष्ट्रिय समुदायले विभिन्न संगठनहरलाई सरकारले पालन गर्नुपर्ने दायित्व पूरा गर्नको लागि सहयोग गर्ने कार्य देश दिएको छ । त्यस्ता निकायहरुको संरक्षणमा विशिक्ष्ट विशेषज्ञता रहन्छ ।

शिविर व्यवस्थापन निकायले विभिन्न ठाउँमा गएर काम गर्दा भेट्न सकिने चारवटा प्रमुख कार्य देश प्राप्त संरक्षण निकायहरु यसप्रकार छन् :

- संयुक्त राष्ट्र संघीय शरणार्थी सम्बन्धी उच्चायुक्तको कार्यालय (UNCHR)
- संयुक्त राष्ट्र संघीय मानव अधिकार सम्बन्धी उच्चायुक्तको कार्यालय (OHCHR)
- रेडक्रसको अन्तर्राष्ट्रिय समिति (ICRC)

संयुक्त राष्ट्र संघीय शरणार्थी सम्बन्धी उच्चायुक्तको कार्यालय (OHCHR)

(OHCHR)लाई संयुक्त राष्ट्र संघद्वारा विश्वव्यापी रुपमा शरणार्थीहरुको संरक्षण तथा शरणार्थी समस्याको समाधानमा नेतृत्व तथा समन्वय गर्ने कार्य देश प्रदान गरिएको छ । ग्लऋज्च को प्रमुख उद्देश्य शरणार्थीहरुको अधिकारको रक्षा तथा हेरचाह गर्नु हो । यो उद्देश्य प्राप्तिको पहलहर अन्तर्गत ग्लऋज्च ले हरेक व्यक्तिले शरण माग्ने अधिकार र अर्को देशमा सुरक्षित शरणार्थी हुने तथा स्वेच्छिक रुपमा घर फर्कन पाउने अधिकारहरुमा सुनिश्चित गर्ने विषयमा जोड दिन्छ । शरणार्थीहरुलाई आृनो देशमा फर्काउन अथवा अर्को देशमा स्थायी वसोवासको व्यवस्था मिलाउन सहयोग गरेर ग्लऋज्च ले उनीहरुको भाग्यको/ अवस्थाको (उष्निजत) अन्तिम समाधान समेत पहिल्याउँदछ । आृनो देशमा फर्किरहेका शरणार्थीहरुलाई पुर्नएकीकरण गराएर यसले शरणार्थी उत्पादन गर्ने परिस्थितिहरु दोहरिन नदिनको लागि समेत काम गर्दछ ।

(OHCHR)ले अरु सम्बन्धित साझेदारहरुसँग मिलेर राज्यविहिनहरुको पहिचान, रोकथाम तथा कटौतीका निम्ति काम गर्ने एउटा विश्वव्यापी कार्यदेश पनि पाएको छ तथा राज्यविहिन व्यक्तिहरुलाई अरु संरक्षण गर्नका लागि पनि मानवीय सुधारलाई पछ्याउने क्रममा (OHCHR)लाई आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुका लागि विश्वव्यापी रुपमा काम गर्न क्लस्टर प्रमुख निकायको रुपमा समेत तोकिएको छ । देशको तहमा (OHCHR)ले जटिल आपतकालीन परिस्थितिहरुमा संरक्षण क्लस्टरको नेतृत्वदायी भूमिका वहन गर्न सहमति गरेको छ ।

(OHCHR)को पहलहरु संगठनको विद्यान अनुरुप कार्यदेश प्राप्त भएका हुन्छन् र १९५१ को शरणार्थी अवस्था सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी तथा १९६६ अभिसन्धीबाट निर्देशित हुन्छन् । अन्तर्राष्ट्रिय शरणार्थी कानूनले ग्लऋज्च को मानवीय गतिविधिहरुका लागि अत्यावश्यक कार्य ढाँचा प्रदान गर्दछ ।

**आन्तरिक रुपले विस्थापित भएका व्यक्तिहरुको संरक्षण**

आन्तरिक रुपले विस्थापित भएका व्यक्तिहरुलाई संरक्षण र सहयोग उपलब्ध गराउनुपर्ने प्रथम तथा अहम दायित्व राज्य तथा यसका संख्याहरुको रहन्छ । यद्यपि अन्तर्राष्ट्रिय समुदायको पनि एउटा महत्वपूर्ण भूमिका रहन्छ । संकटको मात्रा तथा मानवीय पीडाको आयतनले व्यापक मात्रामा मानवीय काम खोजेको हुन्छ जुन कुनै सिङ्गो निकाय अथवा संगठनको कार्यदेश वा क्षमता बाहिरको कुरा हो । मानव अधिकारहरु मानवीय, विकास सम्बन्धी, राजनैतिक तथा अरु कर्ताहरुको एउटा संयुक्त अथवा सहकार्यात्मक पहल आवश्यकता पर्दछ जसका लागि समन्वय आश्यकता पर्दछ ।

हालसालै सञ्चालन गरिएको मानवीय सुधार प्रक्रियाको एउटा भागका रुपमा आन्तरिक रुपले विस्थापित भएको व्यक्तिहरुको संरक्षणमा परिकल्पनीय तथा दायित्व वहन अभिबृद्धि गर्न क्लस्टर सोचलाई एउटा संयन्त्रको रुपमा समावेश गरिएको छ । एउटा क्लस्टर अत्यावश्यक रुपमा एउटा सेक्टर समूह हो । विश्वव्यापी (मुख्यालयहरु) तहमा संरक्षण क्लस्टर ग्लऋज्च ले नेतृत्व गर्दछ । संरक्षण क्लस्टरभित्रै देहाय बमोजिम जिम्मेवारीका पाँच क्षेत्रहरु पहिचान गरिनुका साथै एउटा विशिष्ठ निकायलाई सुम्पिइएको छ । कानूनकोशासन (UNDP/OHCHR), लैंगिकतामा आधारित हिंसा (UNFPA), बाल संरक्षण (UNICEF), विष्फोटक सम्बन्धी काम (संयुक्त राष्ट्र संघीय विष्फोटक कार्य सेवा (UNMAS), जमीन, आवास तथा सम्पति (UNHABITAT), देशभित्रको तहमा जटिल आपतकालीन परिस्थितिहरुमा UNCHR संरक्षण क्लस्टरको प्रमुख निकाय हुनेछ । प्राकृतिक प्रकोपहरुको अवस्थामा UNICEF, UNHCR तथा OHCHR ले परामर्श गरी सवभन्दा उपयुक्त नेतृत्व संरचनाको सम्बन्धमा निर्णय गर्दछन् ।

क्लस्टर नेतृत्वले अन्तर निकाय समन्वय संयन्त्रहरु स्थापना गर्नुपर्दछ । आकंलनहरु तथा रणनितिहरु ठीक ठाउँमा भएको सुनिश्चित गर्ने, अधिकारीहरुसँग समन्वय गर्ने, सबै आवश्यकता आकंलनहरुमा विश्लेषणहरु, योजना, अनुगमन तथा कदम चाल्दा सहभागितामूलक र समुदायमा आधारित अवधारणा प्रयोगको सुनिश्चितता गर्ने तथा सवै क्रियाकलापहरुमा परस्पर सम्बन्धित सवालहरु (Cross-cutting issues) लाई एकीकृत गर्ने कार्यलाई प्रवर्द्धन गर्ने । क्लस्टर नेतृत्वले मानवीय संयोजकको लागि पहिलो आवाजको विन्दु (First point of call) तथा अन्तिम विकल्पको प्रदाय (Provider of last resort) दुवैको रुपमा कार्य गर्दछ । नेतृत्व निकायले सवै आवश्यक क्रियाकलापहरु एउटा क्लस्टरमै सम्पन्न गर्दछन् भन्ने अपेक्षा गरिएको हुँदैन । यद्यपि जव गम्भीर खाडलहरु देखा पर्दछ पहुँच, सुरक्षा तथा स्रोत र साधनहरुले पुगेसम्म त्यस्ता खाडलहरु भर्ने काममा यसको जिम्मेवारी रहन्छ खासगरी ।

▶▶क्लस्टर अवधारणाका रुपमा थप सुचनाका निमित्त अध्याय १ तथा अनुसूची २ हेर्नुहोला

## संयुक्त राष्ट्र संघीय बालकोष (UNICEF)

UNICEF ले संयुक्त राष्ट्र संघको महासभाबाट बालबालिकाहरुको अधिकार संरक्षणको वकालतीका लागि उनीहरुका आधारभूत आवश्यकता परिपूर्ति गर्न सहयोग पुऱ्याउनको लागि र तिनिहरुका अवसरहरुलाई पूर्ण क्षमताका साथ तिनिहरुसम्म पुऱ्याउनको लागि वकालत गर्नका निमित्त कार्यदिश पाएको छ । ग्लक्श्भ्ँ बाल अधिकार सम्बन्धी महासन्धीबाट निर्देशित छ र बाल अधिकार स्थापना गर्नलाई बालबालिकाप्रतिको नैतिक सिद्धान्तहरु तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको व्यवहारको लागि जोड दिन्छ । UNICEF ले यो जोड गर्दछ कि बालकको जीवन रक्षा, संरक्षण र विकास विश्वव्यापी विकास लक्ष्यहरु हुन जो मानवीय प्रगतिसँग अभिन्न रुपमा रहेको हुन्छ । UNICEF युद्ध विपत्तिहरु, चरम गरिवि, हिंसा तथा शोषणका पीडितहरु तथा अपाङ्गता भएकाहरुको सवभन्दा पछाडि परेका बालबालिकाहरुको विशेष संरक्षणमा प्रतिवद्ध छ । जसमा ग्लक्श्भ्ँ ले आपतकालीन परिस्थितिहरुमा बालबालिकाहरुलाई हिंसा, दुर्व्यवहार तथा शोषणबाट संरक्षण गर्न निमित्त कार्य गर्दछ । UNICEF ले बालबालिकाको अधिकारको प्रवर्द्धन गर्न बाल स्वास्थ्य, पोषण, शिक्षा, तालिम तथा सामाजिक सेवा जस्ता क्षेत्रमा कार्यक्रमहरु गर्दछ ।

## मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय उच्चायुक्तको कार्यालय (OHCHR)

**OHCHR** को लक्ष्य सबै मानिसहरुको सबै मानव अधिकारहरु संरक्षणको निमित्त काम गर्नु, मानिसहरुलाई आृनो अधिकार चिन्नको लागि शसक्तिकरण गर्न सहयोग गर्नु र मानव अधिकार कायम गर्ने जिम्मेवारी रहेकाहरुलाई त्यसको कार्यान्वयन भएको सुनिश्चित गर्न सहयोग गर्नु हो ।

कार्यगत रुपमा **OHCHR** ले सरकारहरु, विधायकहरु, अदालतहरु, राष्ट्रिय संस्थानहरु, नागरिक समाज, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरु तथा संयुक्त राष्ट्र संघीय प्रणालीसँग क्षमता विकास र सुदृढीकरणको लागि काम गर्दछ । खास गरी राष्ट्रिय तहमा अन्तर्राष्ट्रिय मान्यताहरु अनुसार मानव अधिकार संरक्षणका लागि काम गर्दछ । संस्थागत रुपमा **OHCHR**संयुक्त राष्ट्र संघको मानव अधिकार कार्यक्रमलाई सुदृढीकरण गर्न प्रतिवद्ध रहनुका साथै यसलाई उच्च गुणयुक्त सहयोग उपलब्ध गराउँदछ । **OHCHR** ले आफ्ना संयुक्त राष्ट्र संघीय ससाझेदारसँग मिलेर संयुक्त राष्ट्र संघको कार्यको जग मानव अधिकार बनाउने कुरामा प्रतिबद्ध छ ।

**रेडक्रसको अन्तर्राष्ट्रिय समिति (ICRC)**

एउटा स्वतन्त्र तथा तटस्थ मानवीय संगठनको रुपमा **ICRC** लाई अन्तर्राष्ट्रिय अथवा गैर अन्तर्राष्ट्रिय सशस्त्र संघर्ष, आन्तरिक गडबढीहरु तथा आन्तरिक हिंसाका अन्य परिस्थितिहरुबाट प्रभावित व्यक्तिहरुलाई संरक्षण र सहयोग गर्न कार्यदिश प्रदान गरिएको छ ।

यो हासिल गर्नका लागि यो सँग छ :

- तीव्र खटिने क्षमता
- आपतकालीन परिस्थितिहरु तथा असुरक्षाको अवस्थामा संचालित हुने क्षमता
- द्वन्द्वका सबै पक्षहरुसँग उनीहरुलाई अन्तर्राष्ट्रिय मानवीय कानून **(IHL)** परीपालन गराउनको लागि द्विपक्षीय गोप्य संवाद गर्ने ।
- द्वन्द्वका पक्षहरुका विचमा तटस्थ मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने क्षमता
- विस्थापनको सम्पूर्ण पाटोहरु प्रति चासो (रोकथाम देखि संरक्षण तथा विस्थापनको बेलामा आवश्यक सहयोगलाई सम्बोधन तथा स्वैच्छिक फिर्तिलाई अवस्थाले दिए अनुसार अभिवृद्धि गर्ने )
- स्वतन्त्र आवश्यकता आंकलन निस्पक्ष कामको आधारको रुपमा
- संरक्षण तथा सहायताको आवश्यकताहरुलाई सम्बोधन गर्नका लागि लचकदार तथा बहु आयामिक काम गर्ने क्षमता
- प्रत्यक्ष सेवाहरु तथा भौतिक सहायताको उपलब्ध गराउने जसमा सहायता गतिविधिहरु ( स्वास्थ्य, पानी, वासस्थान तथा आर्थिक सुरक्षा सम्बन्धी हस्तक्षेपहरु) पारिवारिक सम्बन्धको पुर्नस्थापना, विस्फोटक पदार्थ सम्बन्धी कार्यक्रमहरु आवश्यकता अनुसार गर्ने ।
- स्वाबलम्बनको प्रवर्द्धन, विस्थापन रोक्न अथवा स्थानीय जनसंख्याको क्ष्मए लाई ग्रहण गर्ने क्षमता सुधार

जव सशस्त्र संघर्ष अथवा प्राकृतिक प्रकोपले विस्थापन र परिवारहरुलाई अलग्यायको अवस्थामा **ICRC** ले राष्ट्रिय रेडक्रस तथा रेडक्रेसेन्ट समाजसँग मिलेर पत्ता लगाउने काम गर्दछ । तिनीहरु नियमित रुपमा शिविरमा आउने प्रोत्साहित गरिन सक्नेछन् अथवा त्यहाँ स्थायी उपस्थिति स्थापना गरी शिविरका मानिसहरुलाई आृनो परिवारलाई पत्ता लगाउने र परिवारसँग सम्पर्कमा रहने जे त्यो क्षेत्रमा बस्दछन् अथवा द्वन्द्वले रोकिएका हुन्छन् । **ICRC** ले **UNICEF** सँग मिलेर बच्चाहरु तथा किशोरहरुलाई पत्ता लगाउने तथा पुर्नएकीकरणमा काम गर्दछ ।

**कार्यदिश प्राप्त नगरेका संरक्षण निकायहरु**

कार्यदिश प्राप्त नगरेका निकायहरुमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरु पर्दछन् । ती मध्ये धेरैले विश्वव्यापी संरक्षण क्लस्टर कार्यसमूहमा सहभागिता जनाउँछन् । अन्तर्राष्ट्रिय संरक्षणलाई बलियो बनाउनमा तिनीहरुको अमूल्य भूमिका खेल्दछन् । गैससहरु प्राय मानव अधिकार उल्लंघनका घटनाहरु अनुगमन तथा प्रतिवेदन गर्नमा महत्वपूर्ण अवस्थामा हुन्छन् । कार्यदिश प्राप्त नगरेका निकायहरुले विशिष्ट अधिकारहरु (जस्तो अभिव्यक्ति स्वतन्त्रता, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार) मा जोड दिन सक्छन् अथवा छानिएका बालबालिका, अपांगता भएका व्यक्तिहरु बृद्ध, शरणार्थीहरु तथा **IDP** हरु जस्ता समूहलाई सहायता तथा क्षमता अभिवृद्धिका विशेषज्ञता हासिल गरेका हुन्छन् । एउटा कार्यदिश प्राप्त नगरेको निकायले शिविर व्यवस्थापन निकायको रुपमा विस्थापितको संरक्षण सम्बन्धी सुधार तथा अनुगमनको कार्य गर्न सक्छ । जसको वारेमा यो खण्डमा चर्चा गरिएको छ ।

**संरक्षण निकायहरु तथा सिफारिसहरु : कसले गर्छ ?**

धेरै अवस्थाहरुमा शिविरका विभिन्न संरक्षण निकायहरु काम गरीरहेका हुन सक्छन् । जस्तो कि **UNHCR, UNICEF, OHCHR, ICRC** अथवा गैससहरु (**NGOs**) यस्ता परिस्थितिहरुमा संरक्षणको सम्बन्धमा नियमित क्षेत्रगत बैठकहरु गर्नु पर्छ । संरक्षण गतिविधिहरु तथा काम कारबाहीहरुका बारेमा सूचना संप्रेषण सूचना आदान प्रदान तथा समन्वय सुनिश्चित गर्नका लागी

शिविर व्यवस्थापन निकायको संरक्षण्का समस्या तथा जोखिमहरुका सम्बन्धमा सूचना साझेदारी गर्ने एउटा महत्वपूर्ण भूमिका रहेको हुन्छ तथा यसै गरेर संरक्षण सूचनाले शिविरका मानिसहरुलाई साझेदारी गर्ने र पछ्याइने कुराको सुनिश्चित गरिनु पर्दछ । निकायहरु तथा संगठनहरुका संरक्षण कर्मचारीको बारेमा उनीहरुको कार्यदिशले कसरी शिविरको जनसंख्यालाई सहायता पुर्‍याइन्छ ? कस्ता कार्यक्रमहरुका निम्ति तिनीहरु शिविरमा जिम्मेवार छन् जस्ता जानकारीले प्रभावकारी समन्वयमा सहयोग गर्दछ । यसले शिविर वयवस्थापन निकायलाई जिम्मेवारी ढंगले शिविरका मानिसहरुका विचमा काम गर्न सहयोग गर्दछ जसको सूचनाको अधिकारहरुका साथै उनीहरुले थप के अपेक्षा गर्न सक्दछ भन्ने थाहा पाउँदछन् जव संरक्षणका सम्बन्धमा सूचना साझेदारी गरिन्छ हरेक परिवेशहरु भिन्न हुन सक्ने भएता पनि खास क्षेत्रमा विज्ञता हासिल गरेका निकायहरु यस प्रकार छन् ।

| निकाय | विशेषज्ञताको क्षेत्र तथा विस्थापित व्यक्तिवसँगका गतिविधिहरु |
| --- | --- |
| संयुक्त राष्ट्र संघीय शरणार्थी सम्बन्धी उच्चायुक्तको कार्यालय **(UNHCR)** **www.unhcr.org** | • शरणार्थी संरक्षण<br>• अभिलेखीकरण अथवा दर्ता<br>• शिविर समन्वय<br>• समुदाय परिचालन तथा शसक्तिकरण क्रियाकलापहरु<br>• लैंगिकतामा आधारित हिंसा, बलजृती विस्थापन अथवा बलजृती फिर्ता, प्रलेखीकरणको अभाव, एच.आइ.भि/एड्स जस्ता विशेष कुराहरु रोकथाम तथा विशेष संरक्षण जोखिमहरुलाई सम्बोधन गर्ने उपायहरु<br>• तत्काल आवश्यक परेको संरक्षण आवश्यकताहरुलाई सम्बोधन गर्नका निमित्त आपतकालीन सहयोगको प्रावधान<br>• आपतकालीन तथा संकटकाली आश्रय<br>• संरक्षण/फिर्ति अनुगमन तथा प्रतिवेदन<br>• राष्ट्रिय नीतिहरु, रणनीतिहरु तथा विस्थापन सँग सम्बन्धित कानूनी सुधारका सम्बन्धमा प्राविधिक सल्लाह<br>• राष्ट्रिय निकायहरु, नागरिक समाज, विस्थापित समुदायहरु तथा मानवीय कार्यकर्ताहरुलाई संरक्षण मापदण्ड तथा सवालहरुमा तालिम तथा क्षमता विकास<br>• शरणार्थी तथा IDP हरुको लागि दीर्घकालीन समाधानका उपायहरुका निमित्त वकालत तथा तीनलाई कार्यान्वयनमा सहयोग<br>• संरक्षणको वकालती<br>• संरक्षण सम्बन्धी आंकलन, रणनीति विकास, परियोजना कार्यान्वयनअनुगमन तथा मूल्यांकन लगायतका सम्बन्भमा अन्तर निकाय समन्वय<br>• मानव अधिकार अवस्थाको अनुगमन तथा प्रतिवेदन IDP तथा फर्कनेहरुको समेत<br>• राष्ट्रिय निकायहरु एवं विशेष प्रतिवेदनहरु, कार्य समूहहरुलाई तथा मानव अधिकार परिषदका स्वतन्त्र विशेषज्ञहरु सँग मिलेर विस्थापित व्यक्तिहरुको संरक्षण आवश्यकताका लागि |

| | |
|---|---|
| | वकालती गर्ने<br>• मानव अधिकार अनुसन्धानहरु, सत्य तथ्य पत्ता लगाउने<br>• **OHCHR** मिशनहरु तथा जाँचबुझका लागि अन्तर्राष्ट्रिय आयोगहरु<br>• विस्थापित व्यक्तिहरुको अधिकार प्रभावकारी संरक्षणमा प्रभावकारी संरक्षणमा सुनिश्चितता गर्नको लागि मानव अधिकार क्षमता विकास तथा संस्था निर्माण सम्बन्धी ढाँचा निर्माण तथा कार्यान्वयनमा सहयोग गर्ने<br>• सन्धीहरु सम्बन्धी संयन्त्रहरु मार्फत अनुगमन गर्ने, राज्य पक्षहरुले मानव अधिकार दायित्व सम्बन्धमा गरेको कार्यान्वयनहरु<br>• मानव अधिकारका विशिष्ट परिस्थितिहरुका सम्बन्धमा सुरक्षा परिषदलाई उच्चायुक्तले व्रिफिङ्ग गर्न एवं मानव अधिकार परिषदका विशेष प्रकृयाहरु **(Special Procedures)** |
| • संयुक्त राष्ट्र संघीय बालकोष **(UNICEF)**<br>• **www.unicef.org** | • महिला तथा बालबालिकाको अवस्था सम्बन्धमा तिव्र आंकलन गर्दछ ।<br>• बालबालिकालाई हेरचाहकर्ताबाट अलग्गिनबाट रोकथाम गर्न सहायता उपलब्ध गराउनुका साथै तिनीहरुको पहिचान, दर्ता तथा स्वास्थ्य परीक्षणमा सहजीकरण गर्दछ ।<br>• परिवार चिनाउने प्रणाली उपयुक्त हेरचाह तथा संरक्षण सुविधायुक्त रहेको सुनिश्चित गर्दछ ।<br>• यी उपायहरु अपनाएर बालबालिका तथा महिलाहरु प्रति यौन दुर्व्यवहार तथा यौन शोषणबाट रोक थाम गर्ने ।<br>१. यौन हिंसाका घटनाहरु तथा अरु प्रणालीगत दुर्व्यवहार, हिंसा तथा शोषणका विरुद्ध अनुगमन, प्रतिवेदन तथा वकालत गर्ने<br>२.बलात्कार पछाडी स्वास्थ्य तथा मनोसामाजिक हेरचाह तथा सहयोग गर्ने ।<br>• टुहुराहरु तथा अन्य नाजुक बालबालिकाहरुलाई हेरचाह तथा संरक्षण कार्यमा सहयोग गर्ने ।बालबालिका तथा महिलाहरुको लागि बाल मैत्री स्थानहरु लगायत सुरक्षित वातावरण निर्माणको |

| | |
|---|---|
| | लागि सहयोग गर्ने<br>• शिक्षा तथा संरक्षण कार्यहरुमा मनोसामाजिक सहयोगलाई सम्मिलित गर्ने ।<br>• अन्तर्राष्ट्रिय कानूनी मापदण्ड अनुरुप प्रत्यक्ष रुपमा अथवा साझेदारहरुसँग मिलेर : १. शसस्त्र संघर्षहरुका बालबालिकाको प्रयोगको विरुद्ध अनुगमन प्रतिवेदन तथा वकालती गर्ने । २. संलग्न पक्षहरुसँग बाल सैन्य भर्ति गर्ने अथवा बालबालिकाको प्रयोग नगर्नको लागि प्रतिवद्धता खोज्ने । ३.भर्ति गरिएका बालबालिकाहरुलाई मुक्त गर्न तथा अपरिचालन तथा पुर्नएकीकरण कार्यक्रमका लागि वार्ता गर्ने । |
| संयुक्त राष्ट्र संघीय विकाश कार्यक्रम **UNDP**<br><br>**www.undp.org** | • विस्फोटक पदार्थ जोखिम शिक्षा **(MRF)** परियोजना विकास कार्यान्वयनमा सहयोग गर्दछ ।<br>• आपतकालीन परिस्थितिहरुमा बालबालिकाको न्यायका निमित्त भएका पहलहरुको समर्थन गर्दछ ।<br>• समुदायमा आधारित बाल संरक्षण प्रणालीहरु स्थापना गर्दछ ।<br>• न्यायमा पहुँच र कानूनी सहायत सुनिश्चित गर्ने, कानून व्यवसायीहरुको सञ्जाल एवं विस्थापित व्यक्तिहरुका निमित्त अर्द्धकानुनी (प्यारा लिगल) सहायता उपलब्ध गराउने ।<br>• समूदाय तहमा प्रथाजन्य कानूनी संयन्त्रहरु तथा द्वन्द्वको शान्तिपूर्ण रुपान्तरणमा सहयोग गर्ने ।<br>• सामूदायिक प्रहरी सेवालाई प्रोत्साहन गर्ने<br>• राज्यका कानूनको शासन सम्बन्धी संस्थाहरुको क्षमता विकाश गर्ने<br>• न्यायाधिशहरु, सरकारी वकिलहरु, कानून व्यवसायीहरु, प्रहरी तथा सुरक्षाबल, शसस्त्र प्रहरी बलहरु, गैरराज्य सशस्त्र समूहहरु, नागरिक समाज, विस्थापित जनसंख्या तथा परम्परागत नेता मुखियाहरुलाई तालीम उपलब्ध गराउने ।<br>• कानूनी तथा संवैधानिक सुधारको प्रवर्द्धन गर्ने ।<br>• न्याय तथा सुरक्षा संस्थाहरुमा नागरिक दृष्टिको लागि प्रोत्साहन गर्ने ।<br>• नागरिक तथा कानूनी शासन सेवा |

| | |
|---|---|
| | प्रदायकहरुलाई कानूनी साक्षरता, समुदाय शिक्षा तथा विश्वास निर्माणमा सहयोग गर्ने ।<br>• कानूनी सूचना केन्द्रहरु स्थापना गर्ने एवं चेतनास्तर अभिवृद्धि गर्ने ।<br>• बाल पुनस्थापनतथा कानूनी शासनको कर्ताहरु संस्थाहरुको निमित्त आधारभूत कार्य औजारको सम्बन्धमा सहयोग गर्ने । |
| संयुक्त राष्ट्र संघीय जनसंख्या कोष | • **IDP** को प्रोफाइलिङ्ग तथा तथ्यांक संकलन विधि<br>• विशिष्ट संरक्षण जोखिमहरु जस्तो कि लैंगिकतामा आधारित हिंसा **(GDV)** tyf **HIV AIDS** रोकथाम तथा सम्बोधन गर्ने उपायहरु<br>• **GVB** सँग सम्बन्धित कानून तथा नीतिहरुको विकासमा प्राविधिक दिग्दर्शन तथा सल्लाह<br>• राष्ट्रिय निकायहरु, नागरिक समाज, **IDP** समुदायहरु तथा मानवीय कार्यकर्ताहरु लगायतलाई **GBV** तथा प्रजनन् स्वास्थ्य सम्बन्धी विषयमा तालिम तथा क्षमता विकाश<br>• **GBV** को पिडित **(Surrivors)** को लागि अस्थायी आश्रयस्थानको सहजीकरण<br>• बलात्कार पछिको उपचारमा सहयोग उपलब्ध गराउन<br>• बलात्कार पिडितका लागि **Post- Exposur Praphylaxis (PEP)** उपलब्ध गराउनमा सहयोग गर्ने । |
| संयुक्त राष्ट्र संघीय विस्फोटक पदार्थ सम्बन्धी कार्य सेवा **(UNMAS)**<br><br>**www.mineaction.org** | • विस्फोटक पदार्थ सफा गर्ने तथा विस्फोटन नभएको वस्तु तथा अरु युद्धको विस्फोटक अवशेष **(Explosive remnants** of **war ERW)** हटाउने<br>• विस्फोटक जोखिम शिक्षा तथा चेतनामूलक तालीम नागरिक समाज, विस्थापित समूदायहरु तथा मानवीय कार्यकर्ताहरुलाई दिने ।<br>• **ERW** तथा बारुदी शुरुङ्गको खतरा बारे सूचना राख्ने |
| | • द्वन्द्वका सबै पक्षहरुलाई **क्ष्जी** तथा अरु कानुनी |

| | |
|---|---|
| रेडक्रसको अन्तर्राष्ट्रिय समिति<br>**ICRC**<br><br>**www.icrc.org** | दायित्वका सम्बन्धमा पूरा गर्न सजग गराउनको लागि द्विपक्षीय तथा गोप्य संवाद गर्ने<br>• निष्पक्ष कार्यका लागि स्वतन्त्र आवश्यकता आंकलन गर्ने<br>• लचकदार तथा बहु पक्षीय रुपमा संरक्षण तथा सहयोगको आवश्यकता सम्बोधन गर्न सक्ने क्षमता<br>• प्रत्यक्ष सेवाहरु तथा बहुपक्षीय सहायता गतिविधिहरु (स्वास्थ पानी, बासस्थान तथा आर्थिक सुरक्षा हस्तक्षेपहरु लगाायत जोखिम मा परेका व्यक्तिहरुलाई दर्ता गर्ने प्रावधान<br>• पारिवारीक सम्बन्धलाई पुर्नस्थापना गर्ने, वेपत्ता भएकाहरु खोजी **accompuniment** मानिसहरुको उद्धार गर्ने, विस्फोटक पदार्थ सम्बन्धी कार्यक्रमहरु<br>• राष्ट्रिय कानूनमा सुधार गर्न तथा **IHL** को ज्ञान बढाउने पहलहरका लागि सल्लाह दिने ।<br>• विस्थापन रोक्न तथा स्थानीय जनसंख्याको विस्थापनलाई राख्ने क्षमता बढाउने स्वाबलम्बन, आत्मर्भिर कार्यको प्रवर्द्धनमा सहयोग गर्ने |

कार्यदिश अन्तरगत संरक्षण सवालहरुमा यी सबै निकायहरु अथवा संरक्षणमा विशेषज्ञता हासिल गरेका गैससहरुलाई शिविर व्यवस्थापन कर्मचारीहरु अथवा अरु पुलिस सुरक्षालाई तालिम प्रदान गर्नका लागि आमन्त्रण गर्न सकिन्छ ।

**शिविर व्यवस्थापन निकायका निमित्त संरक्षण गतिविधिहरु**

शिविर व्यवस्थापन निकायको स्थानीय शिविर तहमा सक्षम निकायहरुलाई तिनीहरुको संरक्षण दायित्व निर्वाह गर्नमा सहयोग गर्ने भूमिका रहन्छ । तिनीहरुको सहयोग संरक्षण निकायहरु तथा अरु गैससहरुलाई एवं सेवा प्रदायकहरुका निम्ती ज्यादै महत्वपूर्ण हुन्छ । शिविर व्यवस्थापन निकायले संरक्षण सम्बन्धी विषयहरुलाई राष्ट्रिय निकायहरु अथवा सक्षम संगठनहरु र संरक्षण नेतृत्वदायी

निकाय अथवा कार्यदिश प्राप्त निकायहरु तथा कार्य तथा समाधानहरु ठीक ठाउँमा छन् भन्ने सुनिश्चित गरीनु पर्दछ ।

**शिविर व्यवस्थापन निकायको निमित्त संरक्षण क्रियाकलापहरु:**

एउटा शिविर व्यवस्थापन निकायको संरक्षण भूमिका विभिन्न तहमा अभ्यास गर्न सकिन्छ , जस्तो:

- सम्बन्धित कानून सँग तादाम्यताको अनुगमन गर्ने, संरक्षण सम्बन्धी नेतृत्वदायी निकायसँगको राम्रो समन्वयमा कमीकमजोरी एवं उल्लंघनहरुलाई बाहिर ल्याउने
- सम्बन्धित कानूनकोज्ञान सम्प्रेषण गर्नको लागि अधिकार बाहकहरु तथा कर्तव्य निर्वाकहरु जस्तो कि सुरक्षा फौजहरु, प्रहरी तथा शान्तिरक्षकहरु लगायतलाई तालिम संचालन गर्ने ।
- शिविरका मानिसहरुले सामान गरीरहेको संरक्षण जोखिमहरुको अवस्थाको विश्लेषण गर्ने ।
- सहायता र सेवाहरुको योजनावद्ध प्रावधानहरुलाई सुनिश्चित गरी निरोधात्मक उपायहरु कार्यान्वयन गर्ने ।
- संरक्षण जोखिमहरु कम गरेर सुरिक्षत वातावरण सृजना गर्ने ।
- संरक्षण घटनाहरुलाई सम्बोधन गर्न जिम्मेवार प्रणालीहरुलाई सहयोग गर्ने
- अनुगमन तथा मुल्यांकन

सम्बन्धित कानूनसँग तादाम्यताको अनुगमन तथा कमी कमजोरीहरु तथा उल्लंघनहरुलाई ध्यानाकर्षण सम्बन्धी काम नेतृत्वदायी संरक्षण सँग मिलेर गर्नु पर्दछ । शिविर व्यवस्थापन निकाय कुन हद सम्म संलग्न रहने भन्ने कुरा परिस्थितिहरुमा निर्भर रहन्छ तथा यस्तो हुन सक्छ ।

- मानवीय सहायता, सेवाहरु तथा शिविर सुरक्षा
- राष्ट्रिय अथवा अन्तर्राष्ट्रिय कानून अन्तरगत कार्यदिश प्राप्त निकायहरुको अथवा संरक्षण प्रमुखको सल्लाहमा अनुगमन तथा आरोपित मानव अधिकार उल्लंघनहरुका घटनाहरुको अनुगमन, प्रलेखीकरण गर्ने तथा सोही अनुसार वकालती गर्ने ।
- संरक्षण प्रमुखलाई शिविरमा न्याय प्रणाली अभिवृद्धि गर्न सहायता गर्ने (तल बाकसमा हेर्नुहोस)

ज्ञान प्रसारणका लागि तालिम अन्तर्गत कर्तव्य निर्वाहक तथा अधिकार बाहकहरुलाई ज्ञान प्रसारणका लागि तालिम गर्दा तथा सहभागीहरुको छनौट तथा विषयवस्तुका छनौट कार्य संरक्षण प्रमुख सँग पहिले नै छलफल गर्नु पर्दछ । उपलब्ध छन् अथवा शिविर वरीपरी रहेका यदि छन् भने तलका समूहहरुलाई लक्षित गरिनु पर्दछ।

- शिविरका मानिसहरु :- शिविरका नेताहरु तथा प्रतिनिधिहरु लगायत

- स्थानीय मानिसहरु
- स्थानीय अधिकारीहरु
- मानवीय कार्यकर्ताहरु:-जसमा नेतृत्वदायी निकायहरु तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेवा प्रदायकहरु समेत रहन्छन् ।

**अवस्था मूल्यांकन गर्दा**

प्रभावकारी हुनका निमित्त शिविर व्यवस्थापन निकायहरुलाइृ शिविर समुदायले सामना गरिरहेको संरक्षण जोखिमको एउटा असल साझेदारी हुनु आवश्यक छ । यो उद्देश्यको लागि तिनीहरुले यी कार्यहरु गर्नु पर्दछ ।

- उमेर तथा लिंगका आधारमा शिविरका मानिसहरुको विवरण थाहा पाउने तथा विशेष आवश्यकता भएका समूहहरुबारे थाहा पाउने
- शिविर भित्रका र वरीपरी रहेको संरक्षण सवालहरु तथा जोखिमहरुको सम्बन्धमा र उपलब्ध सहयोग सेवाहरुको सम्बन्धमा पहिचान गर्न सहभागितामूलक आंकलन गर्ने ।
- त्यस्ता सहभागितामूलक कार्यशालाहरु तथा कार्यसमूहहरुमा सहभागिता जनाउने , जहाँ संरक्षण आवश्यकताहरु छलफल गरिन्छ र प्राथमिकता निर्धारण तथा आवश्यक कार्यहरुमा सहमती गरिन्छ ।
- संभावित रिक्तताहरुका क्षेत्र पत्ता लगाउने दृष्टिबाट निकायहरु तथा गैससहरुले उपलब्ध गराएको संरक्षण सहयोग तथा गतिविधिहरुलाई नक्शांकन गर्ने ।

**रोकथामका उपायहरु कार्यान्वयन**

विस्थापित व्यक्तिहरुको संरक्षण्को एउटा महत्वपूर्ण पाटो भनेको मानवीय सहायता तथा सेवाहरु सम्बन्धी आवधिक, स्वच्छ तथा सहभागितामूलक प्रावधान हो । सहयोग तथा सेवाहरु उपलब्ध गराउने पद्धतिहरुले संरक्षण जोखिमहरु सृजना गर्न अथवा रोकथाम गर्न सक्छ । यी कुराहरु सुनिश्चित गर्ने

- खाध्य तथा अखाध्य सामाग्रीहरु उपलब्ध गराउँदा व्यवस्थित पहुँच हुने किसिमले सबैका लागि सुरक्षित तथा समान पहुँच उपलब्ध गराउने, विशेष आवश्यकता भएको निश्चित समूहहरुको ध्यान दिने ।
- महिला, पुरुष सबै उमेरका बालबालिकाहरु लगायतलाई सबै कार्यक्रम निर्माणमा समाहित गरी शिविरका मानिसहरुलाई सहभागी गराउने एवं तिनीहरुलाई अनुगमन तथा व्यवस्थापनमा सहभागी गराउने ।
- निरन्तर अनुगमन र मूल्यांकनलाइ जारी राख्ने ताकि बृद्ध व्यक्तिहरु, अपाङ्गता भएका व्यक्तिहरु, महिला तथा बालबालिका जस्ता निश्चित समूहहरुको पहुँच सुनिश्चित होस, एवं नियोजित रुपमा गडबड नहोस जस्तो कसैले वितरणको अनुचित नियन्त्रण प्राप्त गरेको अथवा नियतवश

नभएता पनि वितरणका विन्दुहरु सबैको लागि सबैको लागि पहुँच नभएको होस् । यदि होसियारी पूर्वक अनुगमन नगरेको खण्डमा सहायता वितरण संयन्त्रहरुले शिविरका जनसंख्याका सदस्यहरु वितरणमा नियन्त्रण भएको मानवीय कार्यकर्ता लगायतहरुबाट यौन शोषण तथा दुर्व्यवहारहरुमा फस्न सक्नेछन् ।

- विशेष आवश्यकता भएका समूहहरुको बारेमा थप जानकारीका लागि हेर्नुहोस् खण्ड १० तथा ११
- खाद्य तथा अखाद्य वस्तुहरुको समतामूलक वितरणहरुका सम्बन्धमा थप सुचनाका लागि अध्याय १३ हेर्नुहोस् ।
- शिविरका जनसंख्याको सहभागिताको सम्बन्धमा थप सुचनाको लागि हेर्नुहोस् खण्ड ३

**संरक्षण जोखिमहरुलाई घटाएर सुरक्षित वातावरण निर्माण**

समावेशी समुदाय सहभागिता तथा शसक्तिकरणले संरक्षण जोखिमहरुलाई रोकथाम गर्न सहयोग गर्न सक्छ । शिविर व्यवस्थापन निकायहरुले गर्न सक्ने संभाव्य क्रियाकलापहरु यस्ता हुन सक्छन् :

- शिविरका मानिसहरुलाई तिनिहरुको अधिकारहरु तथा दायित्वहरुको सम्बन्धमा सुचित गर्ने । मानविय सहायता र शिविर आचारसंहिताहरु बारे समुदाय सचेतिकरण शिविरका मानिसहरुलाई तिनिहरुका अधिकारका सम्बन्धमा सुचित गर्ने असल तरिकाहरु हुन् ।
- शिविर व्यवस्थापन निकायका जिम्मेवारी अन्तर्गत पर्ने सवै कार्यक्रमहरु तथा क्रियाकलापहरुमा संरक्षण अवधारणा समाहित गर्ने

> प्रायः गरेर संरक्षण मुलप्रवाहीकरण भनिने गरेको एउटा शिविर व्यवस्थापन निकायले प्राविधिक क्षेत्रहरु तथा शिविरका सम्पूर्ण गतिविधिहरुमा एउटा संरक्षण अवधारणा समाहित हुने कुरा सुनिश्चित गरिनुपर्छ । यसमा सम्पूर्ण परियोजना चक्र भित्रका गतिविधिहरु आकंलन, योजना, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा संरक्षण केन्द्रित गर्ने कुरा पर्दछ । उदाहरणको लागि वितरण योजना गर्दा वितरण केन्द्रमा आउन नसक्ने समूहहरुमा केन्द्रित गर्नु आवश्यक पर्न सक्दछ । पानी, सरसफाई तथा स्वास्थपना (ध्व्क्ज) को अनुगमन गर्न राती शौचालय प्रयोग गर्दाको वचाउ र सुरक्षामा ध्यान दिनुपर्ने हुनसक्छ । एउटा शिया परियोजनाले शिक्षाको संरक्षण प्रभाव मूल्यांकन गर्न सक्दछ । उदाहरणको लागि १३ देखि १८ वर्षका बालिकाहरु

- शिविरका वासिन्दाहरुको जनसाँख्यिक वितरण तथा विवरणहरु निर्धारण गर्न ठीक ढंगको दर्ता/वितरण प्रणालीलाई सहयोगी गर्ने
- शिविरमा खडा गरिएका सुविधाहरु तथा सेवाहरुले संरक्षण समस्याहरुको पहिचान र रोकथाम गर्ने कुराहरुको सुनिश्चित गर्न अरु सेक्टरहरु तथा सेवा प्रदायकहरुसँग समन्वय गर्ने

- जन्म तथा मृत्यु दर्ता तथा जन्म/मृत्यु प्रमाणपत्र जारी गर्नका लागि एउटा पद्धति अपनाउनका लागि सक्षम राष्ट्रिय अधिकारीहरु तथा जिम्मेवारी संरक्षण संगठनहरुसँग मिलेर काम गर्ने
- विशेष आवश्यकता रहेका अथवा नाजुक अवस्थामा रहेका व्यक्तिहरुको पहिचान गर्न एउटा समुदायमा आधारित संरचनाको स्थापना गर्ने र तिनिहरुको शिविरमा रहेको समावधिको अवस्थाको अनुगमन गर्ने ।


➢ दर्ता तथा विवरण राख्ने (profiling) का सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् खण्ड ९

➢ समन्वय तरिकाहरुका सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् खण्ड ४


**व्यवहारमा संरक्षण : जन्म, विवाह तथा मृत्यु दर्ता**

तपाईको जन्म दर्ता प्रमाणपत्र संसारभरी नै एउटा महत्वपूर्ण दस्तावेज हो जस्तै तपाइको उमेर तथा तपाइ के हो भनेर प्रमाणित गर्दछ । जन्म प्रमाणपत्रहरु एउटा विभिन्न दस्तावेजहरु मध्येको एउटा हो, जसले तपाइलाई कानूनी परीचय प्रदान गर्दछ । तपाइ जन्मेको देशको आधारमा तपाइको जन्म प्रमाणपत्रहरु यसरी महत्वपूण हुन सक्छ ।

- कतिपय देशहरुमा जन्म प्रमाणपत्र विना बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न अनुमति दिइदैन ।
- कतिपय देशहरुमा राष्ट्रिय परिक्षाका निमित्त जन्मदर्ता प्रमाणपत्र आवश्यक हुन्छ ।
- प्राय गरेर सवारी चालक अनुमतिपत्र, राहदानी तथा राष्ट्रिय परिचयपत्र पाउनका लागि जन्म प्रमाणपत्रहरु आवश्यक पर्दछ ।
- कतिपय देशहरुमा जाँच चौकीहरु पार गर्नका लागि तपाइले जन्म प्रमाणपत्र देखाउन आवश्यक पर्न सक्छ ।
- तपाइले जन्म प्रमाणहरु अथवा राष्ट्रिय प्रमाणपत्र जस्तो कागजात जो जन्म प्रमाण्पत्र सँगै पाएको हुन्छ मतदान गर्नको लागि देखाउनु पर्ने हुन सक्दछ ।
- तपाइको देशको नागरिकता सम्बन्धी नियमका आधारहरुमा तपाइले आृनो राष्ट्रियता प्रमाणित गर्नका लागि जन्म प्रमाणपत्र आवश्यक पर्न सक्छ ।

विवाहको प्रमाणपत्रहरुको वारेमा के हो ? सबै देशहरुले विवाह दर्ता गर्दैनन् र कतिले कमन ल विववाहलाई मान्यता दिन्छ, जस्को अर्थ दम्पतिहरु सँगै बस्ने तथा यौन सम्बन्ध कायम गरेका हुन्छन् , तिनीहरुलाई विवाह गरेको मानिन्छ । उनीहरुसँग यसलाई प्रमाणित गर्ने कागजको टुक्रा नभएता पनि । केही देशहरुमा धार्मिक नेताहरुलेअथवा बृद्धहरुले विवाहको कागजात जारी गर्दछन् अथवा अन्य अवस्थामा राज्य हुन सक्दछ । प्रकृया जे जस्तो भएता पनि विवाह प्रमाणपत्रहरु विभिन्न कारणहरुले गर्दा महत्वपूर्ण दस्तावेजहरु हुन् जो यस प्रकार छन्:

- कतिपय देशहरुमा बच्चाको अवैधतालाई सामाजिक कलंकका रुपमा लिइन्छ र दम्पतिले विवाह प्रमाणपत्र पेश नगरे सम्म जन्म प्रमाणपत्र दिइदैन ।
- यदि एउटा जोडी मर्छ भने तथा अपुताली, पेन्सन तथा अथवा क्षतिपूर्ति उपलब्ध हुन्छन्, विवाहको प्रमाणपत्र देखाउने कुरा धेरै देशहरुमा अति आवश्यक हुन्छ ।

परिवारमा मृत्यु भएको प्रमाणित गर्न अपुताली तथा क्षतिपूर्तिका निमित्त अत्यावश्यक हुन्छ । कतिपय देशहरुमा गृहयुद्धहरु अथवा विपत्तिहरुको (जस्तो दक्षिण एशियाको सुनामी) अवस्थामा गुमेको व्यक्तिहरुको आफन्तलाई क्षतिपूर्ति दिइन्छ । दुख लाग्दो कुरा के हो भने जव मानिसहरु कतै जाँदा मर्छन् उनीहरुको मृत्यु दर्ता गर्न सम्भव हुँदैन । मृत्यु दर्ताको प्रकृयावारे धेरै कडा हुनुका साथै पोष्टमार्टम तथा अथवा मरेको ठाउँको सर्जमीन आवश्यक पर्दछ । गृहयुद्धको अवस्थामा खासगरी यो झन् समस्यापूर्ण हुन्छ । जव मानिसहरु हराइ रहेका हुन्छन् र तिनीहरुको मृत्यु एकिन गरिएको हुँदैन । स्मरणीय कुरा यो पनि छ कि धेरै सँस्कृतिहरुमा मृत्यु प्रमाणपत्र एउटा कागजको टुक्रा मात्र होइन यो शोक प्रकृयाको महत्वपूर्ण पाइला हो र पुर्न विवाहको लागि अनिवार्य हुन्छ ।

जन्म, विवाह तथा मृत्यु दर्ता सम्बन्धी तथ्यांक संकलन गर्दा शिविर व्यवस्थापन निकायहरुले केही महत्वपूर्ण प्रश्नहरु विचार गर्नु पर्ने हुन्छ :

- के मानिसहरुले कागजपत्रहरु हराएका छन् अथवा कहिल्यै बनाएका थिएनन् ? यो थाहा पाउनु महत्वपूर्ण हुन्छ किनकी प्रतिलिपी कागजपत्रहरु निकाल्ने प्रकृया र नयाँ निकाल्ने प्रकृया धेरै फरक हुन सक्छन् ।
- जन्म, विवाह र मृत्युको घटनाहरु कहाँ घट्यो ? शिविर व्यवस्थापन निकायहरु जन्महरु, मृत्युहरु तथा शिविरमा आइ सकेपछि भएको विवाहमा ध्यान केन्द्रित गर्न खोज्दछन् । प्राय यस्तो हुन्छ किनकि मानिसहरु धेरै दिन, हप्ता, महिना तथा वर्षौ सम्म पनि यताउता हिडिरहेका हुन्छन् । त्यँहा आउनु भन्दा पहिला र बच्चाहरु जन्मने, मान्छे मर्ने र विवाहको घटनाहरु दर्ता गर्ने अवसर विना नै घट्न पुग्छन् ।
- यदि मानिसहरुले आनो कागजातहरु हराएका छन् भने तिनीहरु कहाँ दर्ता गरिएका थिए भन्ने कुरा थाहा पाउनु महत्वपूर्ण हुन्छ खास गरी त्यस्तो देशहरुमा जहाँ अभिलेखहरु केन्द्रीकृत हुँदैनन्। कागजको संख्याहरु (यदि मानिसहरु सम्झन सक्छन् भने) तथा महत्वपूर्ण तथ्यांक जस्तो कि पूरा नामहरु तथा तथ्यांकहरु सदैव एकदमै महत्वपूर्ण हुनुका साथै कहिलेकाँही आलोचनात्मक पनि हुन्छ ।

**सम्बोधन संयन्त्रहरुलाई सहयोग**

सम्बोधन संयन्त्रहरुको स्थापना र सुपरिवेक्षण सामान्यतया सक्षम राष्ट्रिय अधिकारीहरु तथा/अथवा संरक्षण संगठनहरुको कार्य हो । सेक्टर-क्लस्टर नेतृत्व शिविर व्यवस्थापन निकायहरु सँग समन्वय

गरेर एउटा महत्वपूर्ण वकालती तथा सहयोग भूमिका रहन्छ । तिनीहरुले यी कार्यहरु गर्न सक्दछन् ।

- संरक्षण निकायहरुले घट्न सक्ने संरक्षण घटनाहरुलाई सम्बोधन गर्नका निमित्त एउटा संरक्षण प्रणाली स्थापना गरेको सुनिश्चित गर्ने तथा तिनीहरुले मानव अधिकार उल्लंघन पिडितहरुलाई उपयुक्त सेवा तथा कानूनी सहायता उपलब्ध गराउँछन् ।
- जिम्मेवार संरक्षण निकायहरुसँग मिलेर शिविरका बासिन्दाहरु उपलब्ध सेवाहरु तथा पहुँच कायम गर्ने कार्यको सुनिश्चित गर्ने ।
- सबै निकायहरुको शिविरमा आधारित कर्मचारीले संरक्षण घटनाहरु उपयुक्त निकाय तथा अथवा सेवा प्रदायकहरुलाई सिफारिश गर्दछन् भन्ने कुराको सुनिश्चित गर्ने ।
- समूदायमा आधारित संयन्त्रहरु स्थापना गर्न प्रोत्साहन गर्ने ता कि संरक्षण घटनाहरु तथा समस्याहरु शिविर व्यवस्थापन निकाय अथवा उपयुक्त संरक्षण निकायलाई सिफारिश गर्न सहयोग पुगोस् ।
- विशिष्ठ संरक्षण समस्याहरु उत्पन्न भएको अवस्थामा जिम्मेवार निकाय अथवा अधिकारीसँग सम्पर्कमा रहने ।
- संरक्षण घटनाहरुको प्रतिवेदन कसरी गर्ने सम्बन्धमा एउटा उदाहरणको लागि यस खण्डको औजार भागमा हेर्नुहोस् ।

**अनुगमन तथा मूल्यांकन**

शिविर व्यवस्थापन निकायहरु तथा तिनका कर्मचारीहरुले तिनीहरुको अधिकांश समय शिविरमा व्यतित गर्दछन् । तिनीहरु शिविरका मानिसहरुको नजिकै हुन्छन् र प्राय समस्या पहिचान गर्नेमा पहिला हुन्छन् । त्यसैकारणले गर्दा के कुरामा जोड दिनुपर्दछ कि शिविर भित्रका तथा वरीपरीका सबै सरोकारवालहरुले संरक्षण सम्बन्धमा साझा समभलदारी रहेको छ । यो हासिल गर्नको लागि संरक्षण नेतृत्वको समन्वयमा शिविरका मानिसहरुका लागि तालिम तथा समूह सचेतीकरण कार्यहरु सञ्चालन गर्न सकिन्छ ।

शिविर व्यवस्थापन निकायले सूचना संकलन तथा सम्प्रेषणका निमित्त संरक्षण नेतृत्वसँग समन्वयमा स्तरीय कार्यविधिहरु बनाउनु पर्दछ ।

शिविर व्यवस्थापन निकायहरुले तल उल्लेखित कार्यहरु पनि गर्नै पर्दछ ।

- सबै बासिन्दाहरुको शिविर तथा राज्यका सुविधाहरु र सेवाहरुमा सुरक्षित तथा अभेदभावपूर्ण पहुँच भए नभएको अनुगमन गर्ने । यसको अर्थ शिविरमा रहेको मानवीय कमीहरु नयाँ विकसित भई रहेको आवश्यकताहरु नव आगन्तुकहरु, शिविरको भित्र तथा वरिपरि भएको

चोरी तथा हिंसाका घटनाहरुको सम्बन्धमा विवरणहरु राख्ने तथा सूचना साझेदारी गर्ने भन्ने बुझिन्छ ।

- संरक्षण घटनाहरुका सम्बन्धमा रोकथाम तथा सम्बोधन गर्ने उपायहरु प्रभावकारी भए नभएको सम्बन्धमा आकलन गर्न संरक्षण निकायहरुलाई सहयोग गर्ने ।
- शिविर भित्र रहेका चुनौतिहरु तथा जोखिमहरुको सम्बन्धमा अवस्था आंकलनहरु नियमित रुपमा सञ्चालन भएको सुनिश्चित गरी आवश्यकता परेको खण्डमा थप हस्तक्षेपहरुका सम्बन्धमा आवश्यकता तय गर्ने ।
- शिविर भित्र जोखिममा रहेका समूहहरुको निमित्त संरक्षण गतिविधिहरुका निमित्त एउटा अनुगमन प्रणालीको स्थापना गर्नका लागि संरक्षण नेतृत्वलाई सहायता गर्ने ।
- शिविर भित्रका उपचार, कानूनी अथवा सूचना सेवाहरुको सिफारिश गर्नका लागि प्रकृयाहरुको प्रबर्द्धन तथा व्यापक सम्प्रेषण गर्ने ।
- सम्बन्धित अधिकारीहरु अथवा विशेष सरोकारवाला संरक्षण कार्यादेश प्राप्त निकायहरुलाई संरक्षण उल्लंघनहरुलाई रोकथाम अथवा वन्द गर्न वकालतीका निमित्त सूचित गर्ने ।

! एउटा घटना प्रतिवेदन स्वरुप प्रयोग गर्न सजिलो, व्यवस्थापन गर्न सरल तथा पिडितहरुको पक्षमा सहयोग तथा उचित हस्तक्षेपहरुका निमित्त अर्थपूर्ण तथा सान्दर्भिक विश्लेषण गर्न सक्षम हुनै पर्दछ ।

सूचना व्यवस्थापनका सम्बन्धमा थप विवरणको लागि हेर्नुहोस खण्ड ५

**पुन: पहलको महत्व -स्थलगत आवाज**

“अनुगमन तथा प्रतिवेदन क्रियाकलापहरुको माध्यमद्वारा एउटा शिविर व्यवस्थापन निकायले शिविरमा संरक्षणको निमित्त महत्वपूर्ण योगदान गर्न सक्दछन् । यसका अतिरिक्त कहिलेकाहीं बिर्सिने कुरा के हो भने पहिचान गरिएका सवालहरु र सिफारिशहरुका लागि पुन पहल गर्नु पनि शिविर व्यवस्थापन निकायको कर्तव्य हो । पुन पहल जवाफदेहीपूर्ण बन्ने तथा शिविरमा प्रभावकारी संरक्षण उपलब्ध गराउने कडी हो

**एउटा शिविर व्यवस्थापन निकायको लागि के संरक्षणको ज्ञान आवश्यक पर्दछ ?**

शिविर व्यवस्थापन निकायको लागि शरणार्थी क्ष्मए अथवा शिविरमा राखिएका व्यक्तिहरु अथवा शिविर भित्रको व्यक्तिहरुको संरक्षणमा योगदान गर्नको लागि एउटा विशेषज्ञताको ज्ञान जरुरत पर्दैन । तिनीहरुलाई संरक्षण जोखिम रोकथाम र सम्बोधन गर्न गर्नु पर्ने कुराहरु यसप्रकार छन् :

- असल दृष्टि तथा शिविरमा रहेका मानिसहरु तथा जीवनसँग सम्पर्कमा रहने तिनीहरु शिविरका मानिसहरुले सम्पर्क गर्न सक्ने, खुलामनको सक्रिय स्रोता सकारात्मक तथा अग्रसक्रिय हुनु आवश्यक छ ।
- तिनीहरुको दृष्टिका कारणले शिविर बासिन्दाको संरक्षण्मा योगदान पुऱ्याउने वा नपुऱ्याउने सम्बन्धमा समझदारी हुनु पर्दछ ।
- सम्बन्धित कानूनी स्वरुपका सम्बन्धमा एउटा सामान्य समझदारी (राष्ट्रिय कानून समेत) शिविर व्यवस्थापन संगठनहरु अथवा सेक्टर/क्लस्टर नेतृत्वहरुद्वारा प्रदान गरेको उपलब्ध तालिम अवसरहरुलाई अधिकतम उपयोग गर्नु पर्दछ । तिनीहरुले पनि शिविरको जनसंख्यालाई संरक्षण गर्ने राष्ट्रिय संविधान लगायत महत्वपूर्ण कानूनी दस्तावेजहहरुलाई अध्ययन गर्नुपर्दछ ।
- शिविर समुदायका विभिन्न सदस्यहरु विभिन्न संरक्षण जोखिममा पर्न सक्छन् भन्ने कुराको समझदारी यो तथ्यमा असाध्यै सचेत हुनै पर्दछ कि संरक्षण आवश्यकता प्राय उमेर लिंग, जातीयता अथवा पआंगतामा निर्भर रहन्छ ।

! एउटा अधिकारमुखी र समुदायमा आधारित सहभागितामूलक सोच शिविर बासिन्दाहरु प्रति राखिनु एउटा संरक्षण र सहायता गतिविधिहरुमा समूदायको अर्थपूर्ण सहमति निर्माण गर्नको लागि अत्यावश्यक छ । त्यस्तो सोचले समूदायलाई कर्ताका रुपमा तिनीहरु स्वयमलाई संरक्षणमा सशक्त मात्र गर्दैन तर शिविर व्यवस्थापन निकाय तथा अरु संरक्षणकर्ताहरुलाई सबै शिविरका बासिन्दाहरुको अधिकार पहिचान तथा रक्षा गरिएको सुनिश्चित गर्नमा समेत सहयोग पुऱ्याउँछ । समूदायको नेतृत्व तर पुरुष महिला तथा युवा जूता अरु प्रतिनिधिहरुलाई पनि कार्यक्रमको स्वरुप निर्माण तथा सहयोग क्रियाकलापहरुमा समेत संलग्न गर्नु पर्दछ ।

व्यक्तिगत सूचनाको गोपनियताको सम्मान शिविर व्यवस्थापन निकायहरुले शिविरका मानिसहरुको विश्वास गमाउँछन् यदि तिनीहरुले महसुश गर्दछन् कि तिनीहरुले उपलब्ध गराएको सूचना सहमति विना अरुलाई साझेदारी गरिन्छ । संवेदनशिल सूचना साझेदारीले व्यक्तिलाई अझ संरक्षण जोखिमहरुमा पार्न सक्छ र त्यसै कारणले गर्दा सम्बन्धित व्यक्तिको पूर्व सहमति लिएर मात्र गरिनु पर्दछ । तथा सम्बन्धित जोखिमको बारेमा सचेत गराइनु पर्दछ ।

➢ सूचना व्यवस्थापनका सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस खण्ड ५

**न्याय प्रशासन**

न्यायमा पहुँच एउटा आधारभूत अधिकार हुनुका साथै अरु मानव अधिकारहरु रक्षा गर्न तथा अपराध, हिंसा तथा ज्यादतीका सम्बन्धमा जवाफदेहिता सुनिश्चित गर्न एउटा महत्वपूण साधन पनि हो ।

शिविर खडा गर्नु अपराधिक घटनाहरुबाट उन्मुक्ति हैन अथवा शिविरका मानिसहरु विना अथवा तिनीहरु तथा स्थानीय बासिन्दाहरु विच विवादबाट छुटकारा हुन सक्दैन । परम्परागत तथा पारिवारिक सहयोग संरचनालाई विगार्दा एवं शिविर जीवनबाट उत्पन्न तनावले बढ्दो अपराधिकरणलाई योगदान गर्न सक्दछ । यस्तो अवस्थामा शिविरहरुका बासिन्दाहरु तथा बाहिरी कर्ताहरु दुवैबाट हुने अपराधिक क्रियाकलापहरुको शिकार बन्न पुग्ने नाजुक अवस्था आउन सक्छ । यसै गरी अपराधहरुमा चोरी आक्रमण, बलात्कार तथा यौन हमला, हत्या, अपहरण, बलजृती वेश्यावृति तथा घरेलु हिंसा जस्ता अन्य स्वरुपका घटनाहरु हुन सक्छन् ।

सरकारको एउटा काम लाग्दो र प्रभावकारी न्याय प्रशासन स्थापना गर्ने गर्ने जिम्मेवारीरहन्छ । जुन भेदभाव रहित ढंगले शिविरका मानिसहरुमा पहुँच योग्य होस् । धेरै शिविरहरुको अवस्थाहरुमा न्याय प्रशासनलाई दुइवटा समानान्तर प्रणालीहरुबाट हेरिएको पाइनछ । राष्ट्रिय न्याय प्रणाली जो शिविरका बासिन्दाहरु चाहे IDP हुन अथवा शरणार्थी हुन् सबैमा पूर्ण रुपमा लागू हुन्छ : असल अभ्यासले के देखाउँछ भने गम्भिर अपराधहरु जस्तो हत्या, बलात्कार, कुटपिट बाल दुर्व्यवहार तथा शोषण जस्तासदैव राष्ट्रिय न्याय प्रणाली मार्फत सम्हालिएको हुन्छ ।

- बैकल्पिक न्याय प्रणालीहरु, जसले प्राय गरेर विवादहरुलाई सामुदायिक तहमा समाधान गर्दछ । केही अवस्थाहरुमा बासिन्दाहरुले तिनीहरु सँगै परम्परागत अथवा अनौपचारिक संयन्त्र जो उनीहरुको उत्पत्ति स्थलमा मध्यस्थता गर्न, निश्चिती खालमा विवाद अथवा अपराधहरु समाधान गर्न अथवा दण्डित गर्न प्रयोग गरिन्थे । बैकल्पिक न्याय अथवा विवाद समाधान प्रणालीहरु साना अपराधहरु तथा बाल न्यायका सवालहरुमा प्रयोग गर्न सकिन्छ ।

राष्ट्रिय न्याय प्रणालीहरु तथा बैकल्पिक न्याय संयन्त्रहरुले स्वच्छता तथा पारदर्शिताका न्यूनतम मापदण्डहरु अनुरुप हुनुपर्ने साथै मानव अधिकार मान्यताहरु कि हभेदभाव यातना, स्वैच्छिक गिरफ्तारी तथा थुना विरुद्ध निषेधहरु जस्ता मापदण्डहरुसँग अनुरुपको हुनुपर्दछ

प्राय गरेर मान्यताहरको एउटा समूह स्थापना गरी शिविरको सामान्य कामकाज सञ्चालन गरिनुपर्दछ । तथा शिविरको जीवन अनुमान  योग्य बनाउने तथा शिविर बासिन्दाहरुको अपेक्षाहरु स्पष्ट बनाइने कुराको सुनिश्चित हुनु पर्दछ । यस्ता खालका मान्यताहरु अथवा शिविर नियमावलीहरु बनाउने कामको जिम्मेवारी शिविर व्यवस्थापन निकायको प्राथमिक जिम्मेवारीसूचना साझेदारी तथा सहयोग हो ।

शिविर व्यवस्थापन निकाय तथा अन्तर्राष्ट्रिय तथा गैससहरुसँग शरणार्थीहरु अथवा IDP द्वारा अथवा विरुद्ध घटित भएका घटनाहरुको सम्बन्भमा कानूनी अख्तियारी रहँदैन । तिनीहरुको शिविरका बासिन्दाहरुको न्याय प्रणालीमा समानता तथा भेदभाव रहित पहुँचको वकालती गर्ने जिम्मेवारी रहन्छ तथा आधारभूत अन्तर्राष्ट्रिय मापदण्डहरु पूरा गर्नका लागि शिविरहरुमा संयन्त्रहरुको सुनिश्चित गर्ने काम गर्नु पर्दछ ।

शिविर व्यवस्थापन निकायले संरक्षण नेतृत्वलाई न्यायमा पहुँच प्रणालीहरुलाई सुदृढीकरण गर्ने पहलहरुमा सहयोग गर्नु पर्दछ । संरक्षण नेतृत्वसँगको निरन्तर परामर्शबाट शिविर व्यवस्थापन निकायलाई विशिष्ट परिस्थितिहरुमा कसले कस्तो कार्य गर्न सक्दछ भन्ने निर्णय गर्नमा सहयोग पुग्दछ । शिविर व्यवस्थापन निकायले उपलब्ध गराउन सक्ने सहयोगहरु यस प्रकार छन् ।

- शिविरका बासिन्दाहरुलाई न्याय प्रणालीका सम्बन्धमा सल्लाह दिने, कसरी तिनीहरुमा पहुँच राख्ने एवं प्रहरी तथा न्यायपालिकालाई कसरी सम्पर्क गर्न सकिन्छ जस्तो विषयहरुमा सल्लाह दिने ।
- राष्ट्रिय न्याय प्रणाली तथा शिविरमा लागू हुने विद्यमान बैकल्पिक न्याय संयन्त्रहरुका सम्बन्धमा सामान्य समझदारी प्रदान गर्ने ।
- समुदायका लागि लागू हुने कानूनहरु, नियमहरु तथा नियमावलीहरुका सम्बन्धमा सूचना सम्प्रेषण गर्ने ।
- न्याय प्रणालीमा रहेको कमीकमजोरीहरुलाई सम्बोधन गर्ने उद्देश्यले गठित संरक्षण समन्वय संयन्त्रहरुमा सहभागी हुने ।
- राष्ट्रिय न्याय प्रणालीको पहुँचमा रहेका अवरोधहरु पहिचानमा सहभागी हुने जस्मा त्यस्ता अवरोधहरु समग्र जनसंख्याको अथवा महिला बालबालिका अथवा जातीय अल्पसंख्यक हरु जस्ता निश्चित समूहहरु पर्न सक्दछन् ।
- राष्ट्रिय न्याय प्रणालीमा रहेको पहिचान भएका अवरोधहरु पार गर्नका निमित्त शिविर संयन्त्रहरुमा संचालित संरक्षण निकायहरु सँग मिलेर काम गर्ने । यसको अर्थ यस्तो हुन सक्छ :
  - o शिविरमा प्रहरी सेवा बढाउन (Policing) अधिकारीहरुसँग काम गर्ने ।
  - o स्थानीय प्रहरीअरुको क्षमता निर्माणका निमित्त अधिकारीहरु सँग काम गर्ने
  - o अदालतसम्मको पहुँचलाई प्रबर्द्धन गर्ने यदि शिविर दुर्गम ठाउँमा अवस्थित भएको कारणले अप्ठेरो परेको छ भने
  - o स्थानीय अधिकारीहरुसँग घुम्ती अदालतको स्थापना र शिविरमा नियमित भ्रमणको सम्बन्धमा वार्ता
  - o पिडितहरु तथा आरोपित कसुरदारहरुलाई कानूनी सहायता उपलब्ध गराउन सक्ने गैसस सँग काम गर्ने अथवा सहयोग गर्ने

o

- o परम्परागत अदालतहरु तथा अरु विवाद समाधानका बैकल्पिक संयन्त्रहरुको होशियारीपूर्वक अनुगमन गर्ने तल उल्लेखित कुराहरुलाई सुनिश्चित गर्न
- o नातावाद र भ्रष्टाचारले समान पहुँचमा बाधा पार्दैन जस्तो महिला तथा जातीय अल्पसंख्यक सदस्यहरु
- o निर्णय प्रकृया र दण्ड प्रकृया स्वच्छ छ तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकुलको छ ।
- o उपचारहरु जसमा पिडितलाई क्षतिपूर्ति अथवा पीडकलाई सामूदायिक सेवा जस्ता कुराहरु समेत प्रभावकारी छन् ।
- o जहाँ अन्तर्राष्ट्रिय मापदण्डहरु पूरा हुँदैनन संरक्षण निकाय सँगको समन्वयमा यी संरचनाहरु तथा समूदायसँग व्यापक रुपमा काम गर्ने ।
- o शिविर भित्र विवाद समाधान संयन्त्रहरुका रुपमा उप नियम अथवा आचार संहिता प्रवर्द्धन गर्ने । त्यस्ता प्रकृयाहरुमा सबै बासिन्दाहरुका समूहहरु सम्मिलित गराइनु पर्छ र शिविरका नेताहरु मात्र सिमित हुनु हुँदैन ।
- o सम्बन्धित विषयमा विशेषज्ञता भएका साझेदारहरु, पहिचान गर्ने जसले न्याय प्रशासनसँग संलग्नहरुलाई तालिम प्रदान गर्न एवं परम्परागत तथा धार्मिक नेताहरुलाई सम्बन्धित अन्तर्राष्ट्रिय मापदण्डहरु तथा समूदायमा आधारित न्याय प्रणालीहरु सम्बन्धमा तालिम प्रदान गर्न सकियोस ।

**आवागमन गर्ने स्वतन्त्रता**

आवागमन गर्ने स्वतन्त्रताको अधिकारलाई विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मानव अधिकार दस्तावेजहरुले प्रत्याभूत गर्नुका साथै १९५१ को शरणार्थी महासन्धिले समेत व्यवस्था गरेको छ । महासन्धिले बलजृती आवागमनलाई निषेध गर्ने कुरा समेत समेटेको छ जस्तो कि बलपूर्वक पुर्नवास गराउने अथवा फर्काउने । कुन हदसम्म आवागमन गर्ने स्वतन्त्रता लागू हुन्छ भन्ने कुरा कुनै व्यक्ति राज्यको क्षेत्रमा कानूनी रुपमा बसेको छ या छैन भन्ने तथ्यमा निर्भर रहन्छ । त्यसैले IDP हरुः तिनीहरुको देश भित्र स्वतन्त्र रुपमा आवागमन गर्न र तिनीहरुले इच्छा लागेको ठाउँमा अरु राष्ट्रिय व्यक्तिहरु जस्तै रुपमा बस्न पाउँदैनन्। केही अपवादहरु बाहेक IDPहरुको शिविर भित्र मात्रै राख्ने नीतिहरु आवागमन स्वतन्त्रताको अधिकारको गम्भिर उल्लंघन हो

शरणार्थीहरु : शरणार्थीहरु लगायत राष्ट्रियता प्राप्त बाहेकका हकमा भने आवागमनमा स्वतन्त्रताको अधिकारका निमित्त त्यो व्यक्ति कानूनी रुपमा देशको भूभागमा रहेको हुनु पर्दछ । सम्बीनधत

देशको अधिकारीहरुले पहिचान गरिएका शरणार्थीहरुलाई कानूनी रुपमा प्रस्तुत गरिएको हुन्छ र सामान्यतया आवागमन स्वतन्त्रतालाई निषेध गरिनु हुँदैन ।

यद्यपि कतिपय परिस्थितिहरुमा आवागमन स्वतन्त्रतामा गरिएका निषेधहरु स्वकार्य हुन्छन् यदि तिनीहरु कानूनमा व्यवस्था भएका छन् र बैध लक्ष्य प्राप्तिमा आवश्यक तथा मनासिव हुन्छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुवन्धको धारा १२ अनुसार त्यस्ता निषेधहरुको तलका अवस्थामा संरक्षण गर्न मात्र जायज ठहरिन्छ

- राष्ट्रिय सुरक्षा
- सार्वजनिक शान्ति
- सार्वजनिक स्वास्थ्य
- अरुको अधिकारहरु तथा स्वतन्त्रताहरु

आवागमन स्वतन्त्रता सम्बन्धी कानूनहरुमा गरिएका निषेधहरु कानूनी हुनका निमित्त अनुवन्ध भित्र मान्यता दिइएका अरु अधिकारहरुसँग मिल्ने हुनुपर्दछ । माथिका आवश्यकताहरु वदलिदो समयसँगै आकंलन गरिनु आवश्यक हुन्छ । जुन कुरा आपतकालीन अवस्थामा आवागमन स्वतन्त्रता निषेध गरिनु आवश्यक पर्दछ सो कुरा केही समय व्यतित भईसकेपछि उपयुक्त हुन नसक्ने अथवा आवश्यक नपर्ने हुन सक्दछ ।

शरणार्थीहरु अथवा IDP जो शिविरमा वसिरहेका छन् । उनीहरुको आवागमन निषेध गरिन विभिन्न व्यवहारिक तथा अरु अवरोधहरु हुन सक्दछन् जस्तो कि :

- पूर्वाधारहरुको विनाश अथवा धान्न सकिने यातायातको अभाव
- अपराध, सशस्त्र संघर्ष अथवा सामान्य हिंसा अथवा वारुदी सुरुङ्गहरु तथा लडाईमा नपड्केका वस्तुहरुको उपस्थितिले गर्दा भएको वचाउ र सुरक्षाको अभाव
- परिचयपत्र अथवा यात्रा अनुमति पत्रहरु नभएको अथवा हराएको अवस्था
- राष्ट्रिय अधिकारीहरुद्वारा तिनिहरुको आवागमनमा रोक लगाएको अवस्था रोक लगाएको भन्नाले वासिन्दाहरुलाई शिविर छाड्न नसक्ने अथवा शिविरको निश्चित चौघेरा वरिपरि सिमित गरिएको भन्ने बुझिन्छ । यसको अर्थ यो पनि हुन सक्दछ कि केवल निश्चित संख्यामा वासिन्दाहरुलाई शिविर छाड्न अनुमति दिइन्छ । कुनै निश्चित अवधिका लागि साथै स्थानिय अधिकारीहरु जो प्राय: गरेर शिविरमा रहेका राष्ट्रिय प्रहरी जसले शिविरभित्र पस्ने र निस्कने कार्य नियन्त्रण गर्दछन् । तिनिहरुसँग अनुमति पत्र लिनुपर्दछ । यदि शिविरका वासिन्दाहरुले

- शिविर निति उल्लंघन गरे भने तिनिहरु जरिवाना, गिरृतारी अथवा थुनामा पर्न सक्दछन् अथवा शरणार्थीहरुको हकमा देश निकाला हुने सम्भावना (चभायगचभ्रूभलत) (उनीहरुको उत्पतिको ठाउँमा जवर्जस्ती फर्काईदिने) पनि हुन सक्दछ ।

कतिपय आवागमन स्वतन्त्रताको कडा निषेधको रुपमा थुनामा राख्ने कार्य समेत हुनसक्छ । नजरवन्द/थुना एउटा साघुरो ठाउँमा सिमित गरेर राख्ने कार्य हो जसमा कारागारहरु, वन्द शिविरहरु, थुना स्थलहरु अथवा विमानस्थलका ट्रान्जिट क्षेत्रहरु रहन्छन् । जहाँ आवागमन स्वतन्त्रतालाई आमरुपमा रोकिएका हुन्छ तथा जहाँ सिमित क्षेत्र छाड्ने एउटै अवसर भनेको त्यस क्षैत्रलाई नै त्याग्न हो । हरेक मानिसलाई कानूनी हैसियत प्रभाव नगरी स्वेच्छाचारी अथवा गैर कानूनी थुना विपरित संरक्षित हुन पाउने अधिकार हुन्छ । यसको अर्थ जव थुना विरुद्धको निषेध प्रष्ट हुँदैन । एउटा राज्यले थुनालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप भएको एवं निश्चित आवश्यकताहरु पूरा गरिएको साथै कानूनमा आधारित भएको, स्वेच्छाचारी नभएको (सवै परिस्थितिहरुमा सुहाउँदो आवश्यक) आभछिक समिक्षा गरिने तथा थुनामा रहेको व्यक्तिलाई उसको उनको थुना सम्बन्धमा अदालतमा चुनौती गर्ने अधिकार समेत सुनिश्चित गरिनुपर्दछ ।

धेरै शिविरहरुमा राष्ट्रिय निकायहरुले वासिन्दाहरुको आवागमन स्वतन्त्रतामा सामान्य निषेधहरु लगाएका हुन्छन् जसलाई सार्वजनिक सुरक्षा, राष्ट्रिय सुरक्षा तथा/अथवा शिविरको जनसंख्याको सुरक्षाको निमित्त भन्ने आधार दिइएको हुन्छ । फरक अवस्थाहरुमा अधिकारीहरुले यो पनि तर्क गर्दछन् कि शरणार्थीहरु अथवा क्ष्म्ए हरुलाई अनियन्त्रित आवागमन गर्न दिइएको अवस्थामा वढ्दो अपराधीकरण तथा शिविरका वासिन्दाहरु तथा स्थानिय समुदायका विच सिमित प्राकृतिक अथवा आर्थिक साधनहरुको विषयहरुमा द्वन्दको अवस्था आउन सक्छ ।

आवागमनमा स्वतन्त्रता प्राय गरेर अरु विभिन्न अधिकारहरुको उपभोगको निमित्त एउटा पूर्व शर्तका रुपमा रहन्छ । आवागमनमा निषेधबाट शरणार्थी तथा क्ष्म्ए को संरक्षणमा एउटा गम्भीर प्रभाव पार्न सक्दछ । आवागमनमा स्वतन्त्रताको अभावमा शिविरका समुदाय विच तनावहरु वढ्ने तथा एकान्तपनाको भावनाले मनोसामाजिक समस्याहरु तर्फ अग्रसर गराउन सक्दछ । यसले वढ्दो अपराधीकरण तथा शिविरभित्र आक्रमक स्वभाव वढ्न सक्छ जसले शिविर वासिन्दाहरुको सुरक्षा अवस्था नाजुक हुन सक्दछ । आवागमनको स्वतन्त्रतामा निषेधबाट स्थानीय समुदायहरुमा उपलब्ध शिक्षा, स्वास्थ्य सुविधाहरु लगायत रोजगारीमा पहुँच एवं स्वावलम्बन क्रियाकलापसम्मको पहुँच कम हुनसक्छ । आवागमन स्वतन्त्रताको अर्थ शरणार्थी तथा क्ष्म्ए ले दाउरा अथवा तिनिहरुका जनावरका लागि चरण जस्ता आवश्यक साधनहरुमा पहुँच हुन सक्दैन । जहाँ परिवारहरु अलग भए वसेका छन् तिनिहरुको पुर्नमिलन हुन र एक अर्कालाई सहयोग गर्न नसक्ने अवस्थामा पुग्छन् । समग्रमा आवागमन स्वतन्त्रताको अभावले वढ्दो गरिवी, मानसिक पीडा, सिमान्तीकरण तथा मानवीय सहयोगप्रति निर्भरता वढाई दिन्छ ।

शिविर वासिन्दाहरुको आवागमन स्वतन्त्रतामा रहेका व्यवहारिक अवरोधहरु घटनउनको निमित्त शिविर व्यवस्थापन निकायले निम्न कार्यहरु गर्नुपर्दछ :

- सहभागितामूलक आंकलनबाट समुदाय भित्र कस्ता अवरोधहरु छन् तथा विभिन्न समुदायहरुमा रहेको तिनिहरुको पहिचान गर्ने
- त्यस्ता अवरोधहरु पार गर्नको निमित्त कार्य सञ्चालन गर्दा समुदायको दृष्टिकोण र सुझावहरुलाई पहिलो प्राथमिकतामा राख्ने
- त्यस्तो अवस्थाहरुमा जहाँ सुरक्षाको निम्ति शिविरका वासिन्दाहरुले शिविरमा तारवार राख्न अनुरोध गरेका छन् भने त्यस्तो निर्णय शिविरका अधिकांश वासिन्दाहरुले समर्थन गरेको सुनिश्चित गर्नुको अतिरिक्त महिलाहरुसँग कस्तो खालको बार बनाउने भन्ने सम्बन्धमा सल्लाह लिने
- विशेष खतरा रहेका व्यक्तिहरुलाई सुहाउँदो आर्थिक सहायता उपलब्ध गराउन विचार गर्ने तिनिहरुलाई उपलब्ध यातायात सुविधाहरु प्रयोग गर्न सक्षम वनाउने अथवा स्वास्थ्य सेवामा पहुँच अथवा बजारका लागि आवश्यक पर्दछ ।

शिविरवन्दी नितिहरु अथवा आवागमन स्वतन्त्रतामा औपचारिक निषेधहरु लगाइएका सवालहरुमा शिविर व्यवस्थापन निकायले निम्न कार्यहरु गर्नुपर्दछ :

- शिविरवन्दी नितिहरु तथा आवागमनमा स्वतन्त्रताहरुमा गरिएको निषेधहरुका कारणले उत्पन्न हुनसक्ने संरक्षण जोखिमका सम्बन्धमा सचेत रहने ।
- आवागमन स्वतन्त्रता सम्बन्धी कानूनहरु तथा नितिहरु बारे जानकारी राख्ने तथा खास परिस्थितिमा गरिएका शिविरवन्दी नितिहरुको औचित्यको बारेमा थाहा पाउने
- आवागमन स्वतन्त्रता सम्बन्धी कानून तथा नितिहरु तथा उल्लंघनको परिणाम सम्बन्धमा लिङ्ग तथा उमेर सुहाउँदो उपयुक्त सुचना शिविरका बासिन्दाहरुलाई उपलब्ध गराउने
- शिविर बाहिर गिरृतारमा परेको अथवा थुनामा रहेको अवस्थामा सम्पर्क गर्नुपर्ने व्यक्तिहरु तथा निकायहरुको विवरण उपलब्ध गराउने
- याद गर्नुपर्ने कुरा यो छ कि आवागमनको स्वतन्त्रतामा निषेधहरु पुरुष, महिला, केटाहरु तथा केटीहरुमा तिनिहरुको उमेर तथा पृष्ठभूमिका आधारमा फरक असरहरु हुन सक्छन् । निकायहरु जोसँगको मौका सहकार्यमा आकंलनहरु गरी यी फरक जोखिमहरुलाई प्रलेखिकरण गर्ने कार्यको सुनिश्चित गर्ने ।
- आवागमनको स्वतन्त्रताको निषेध हटाउनको लागि सहयोग गर्न वकालत गर्ने । वास्तविक वार्ताहरु स्थानिय अथवा राष्ट्रिय अधिकारीहरु तथा शिविरमा कार्यरत प्रमुख संरक्षण निकायसँग हुन्छ । शिविर व्यवस्थापन निकायले तिनिहरुलाई निम्न प्रकारले सहयोग गर्न सक्दछन् :
    - विद्यमान निषेधहरुसँग सम्बन्धित संरक्ष्ँण चासोहरु अथवा निषेधहरु लागु गरिनुबाट रोकथाम गर्ने अवस्था सम्बन्धमा पहिचान गर्ने
    - आवागमन स्वतन्त्रतामाथिको निषेधहरु हटाउँदा हुने फाइदाहरुका सम्बन्धमा शिविर वासिन्दाहरु तथा स्थानिय समुदाय दुवैसँग तथा स्थानिय अधिकारीसँग छलफल तथा सम्भावना केलाउने ।

- जहाँ वासिन्दाहरुलाई प्रवेशपत्र प्रणालीको आधारमा शिविरबाट निश्चित समयका लागि भित्र जान र बाहिर आउन अनुमति प्रदान गरिएको हुन्छ । तिनिहरु निष्पक्ष तथा पारदर्शी छन् र भेदभावपूर्ण ढंगले दुरुपयोग गरिदैन भन्ने सुनिश्चित गर्न अनुगमन गर्ने
- कतिपय अवस्थाहरुमा प्रहरी अथवा ढोकामा नियन्त्रण रहेका सुरक्षा गार्डहरुले शरणार्थी अथवा क्ष्मए सँग पास लिनको लागि घुस मागेका हुन सक्छन् । शिविरको सुरक्षा इन्चार्जसँग काम गरी शरणार्थीहरु तथा क्ष्मए को अधिकारको बारेमा चेतना फैलाउने
- एउटा प्रणाली विकास गर्ने जसबाट शिविरका वासिन्दाहरुले थुनाका घटनाहरु अथवा प्रस्थान प्रवेश पहुँचका समस्याहरु सम्बन्धमा प्रतिवेदन गर्न सकुन् ।
- वासिन्दाहरु पक्राउ परेको अथवा थुनामा परेको घटनाका सम्बन्धमा सम्बन्धित संरक्षण निकायहरुलाई तुरुन्तै खवर हुने कुरा सुनिश्चित गर्ने ताकि तिनिहरुले अधिकारीहरुसँग व्यक्तिको रिहाई सम्बन्धमा कदम चाल्न सकुन् ।

## शिविर व्यवस्थापन निकायको रुजु सुची

- शिविर व्यवस्थापन निकायले राष्ट्रिय अधिकारीहरु सेक्टर, क्लस्टर प्रमुख कार्यदिश प्राप्त संरक्षण कर्ताहरु तथा शिविर तहका संरक्षण योजनाका शिविर समुदायसँग नजिकको समन्वयमा रही काम गर्दछन् ।
- शिविर कर्मचारीहरु तालिम प्राप्त हुनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरु तथा संरक्षण भित्र के पर्दछ भन्ने कुरामा सचेत हुन्छन् ।
- शिविर कर्मचारीहरु शिविरमा कार्यरत संरक्षण कर्ताहरुको कार्यदिशबारे सचेत छन् ।
- विस्थापित जनसंख्याको कानूनी हैसियतको सम्बन्धमा शिविर कर्मचारीले जानकारी राख्दछन् ।

- संरक्षणका सम्बन्धमा तालिम तथा चेतनामूलक कार्यक्रम विभिन्न राज्य तथा गैर सरकारी कर्ताहरु निम्ति सेक्टर/क्लस्टर प्रमुख तथा कार्यादेश प्राप्त निकायहरुसँग समन्वयमा सञ्चालन गर्दछन् ।
- एउटा विस्तृत दर्ता तथा विवरण प्रणाली रहनेछ जसलाई उपयुक्तताका आधारमा अद्यावधिक गरिन्छ ।
- संरक्षणलाई मुलप्रवाहीकरण गरिएको हुन्छ अथवा प्राविधिक क्षेत्रहरु तथा शिविर गतिविधिसँग परियोजना चक्रका आकंलन, योजना, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता सवै चरणहरुमा एकिकृत गराइन्छ ।
- संरक्षण सिफारिश विधिहरु स्पष्ट तथा राम्रोसँग सम्प्रेषण गरिएको हुन्छ ।
- शिविर व्यवस्थापन निकायले संरक्षण नेतृत्व तथा कार्यादेश प्राप्त निकायहरुलाई विस्थापितहरुको न्यायमा पहुँच तथा शिविरमा कानून कार्यान्वयन संयन्त्रहरुको पहुँच लगायतको विस्थापितहरुको अधिकारको पक्षमा वकालती कार्यमा सहयोग गर्दछ ।
- अनुगमन औजारहरु तथा प्रणालीहरुमा सहमति भई शिविर व्यवस्थापन निकायलाई शिविरमा सहयोग तथा सुरक्षाको सम्बन्धमा अनुगमन तथा अभिलेख राख्नको लागि तयारी हालतमा रहेको छ ।
- अनुगमन औजारहरु तथा प्रतिवेदन प्रणालीहरु संरक्षण नेतृत्वसँग सहमति भएको छ र शिविर व्यवस्थापन निकायका लागि शिविर भित्रका ज्यादती र मानव अधिकार उल्लंघनका घटनाहरुको अनुगमन र प्रतिवेदनका लागि सक्षम वनाउन ठीक ठाउँमा छ ।
- सामुदायिक सहभागितालाई यसरी प्रवर्द्धन गरिन्छ कि त्यसले संरक्षण वनाउँदछ तथा शिविरका मानिसहरुलाई आनो संरक्षणको कर्ता वन्नमा क्षमता प्रवर्द्धन गर्दछ ।
- सहभागितामूलक आकंलन पद्धतिहरुबाट समुदायको संरक्षण चासोहरुको बारेमा पत्ता लगाउन प्रयोग गरिन्छ साथै महिला, पुरुष तथा सवै उमेर समूहका केटाहरु तथा केटीहरुको विशेष आवश्यकता र चासोहरु
- प्रतिवेदनहरु तथा प्रलेखिकरण विशेष गरेर संवेदनशील संरक्षण सवालहरुलाई सुरक्षित रुपमा भन्डारण गर्ने र संलग्न व्यक्तिहरुको सहमतिमा मात्र साझेदारी गर्ने र विशिष्ठ परिस्थितिबारे सचेत हुने ।
- संरक्षण सवालहरुलाई सम्बोधन गर्ने संरक्षण निकायहरुसँग नियमित समन्वय बैठकहरु सञ्चालन गर्ने
- शिविर व्यवस्थापन निकायले जवाफदेहीपनलाई प्रवर्द्धन गर्ने किसिमले काम गर्दछ जसमा समयमै संरक्षण अद्यावधिक गर्ने तथा शिविरका मानिसहरुको चासो राख्ने क्षमतामा पृष्ठपोषण गर्ने ।
- समूहहरुको संरक्षण र अनुगमन तथा जोखिममा रहेका व्यक्तिहरुलाई शिविर जीवनको दैनिक क्रियाकलापहरुमा एकिकृत गर्ने ।
- शिविर व्यवस्थापन निकायका सवै कर्मचारीहरुले निकाय आचारसंहिता बुझेका हुन्छन् र हस्ताक्षर गरेका हुन्छन् ।
- शिविर व्यवस्थापन निकाय संरक्षण जोखिमहरुप्रति सचेत छ जसले आवागमन स्वतन्त्रतामा निषेधहरु लाग्न सक्छ ।

- आवागमन स्वतन्त्रता सेक्टर/क्लस्टर नेतृत्व, संरक्षणकर्ताहरु तथा राष्ट्रिय अधिकारीहरुसँग मिलेर अनुगमन तथा वकालत गर्दछन् ।

| औजारहरु |
|---|

| |
|---|
| अधिकांश औजारहरु प्रकाशनहरु तथा यहाँ उल्लेखित अरु दस्तावेजहरु टुलकीट ऋम्म हार्डकपिसँग वाइन्डरमा संलग्न गराई उपलब्ध गराइएको छ । डाउनलोड गर्न मिल्ने अनलाइन सामाग्रीहरु वेभलिंक दिइएको छ । |

*IASC, Protection Cluster, Early Recovery Cluster, 2007. Protection of Conflictinduced IDPs: Assessment for Action (pilot version for field testing).* www.humanitarianreform.org/humanitarianreform/Portals/1/cluster%20approach%20page/clusters%20pages/Protection/P%20R&T/frameworksmallsize.pdf

*Incident monitoring and Guiding Principles data reporting forms (samples)*.

*RHRC Consortium, The Gender-Based Violence Global Technical Support Project, 2004. Checklist for Action. Prevention & Response to Gender-Based Violence in Displaced Settings*. www.rhrc.org/pdf/Checklist.pdf

*UNHCR 2006, The UNHCR Tool for Participatory Assessment in Operations.* www.humanitarianreform.org/humanitarianreform/Portals/1/cluster%20approach%20page/clusters%20pages/Em%20Shelter/Tollkit%20Field/7.2%20Assessment7.2.2%20Guidelines/7.2.2.8%20UNHCR%20Participatory%20Assessment%20Tool.pdf

## पाठ्य सामग्री र सन्दर्भ सामाग्रीहरु

*Cartagena Declaration on Refugees.* http://www1.umn.edu/humanrts/instree/cartagena1984.html
*Convention against Torture and Other Cruel, Inhuman and Degrading Treatment. or Punishment*. www.unhchr.ch/html/menu3/b/h_cat39.htm
*Convention on the Elimination of All Forms of Discrimination Against Women.* www.un.org/womenwatch/daw/cedaw/
*Convention on the Rights of the Child.* www.unicef.org/crc/
*Convention Relating to the Status of Stateless Persons*. www.refugeelawreader.org/788/Convention_relating_to_the_Status_of_Stateless_Persons.pdf
Coordination Committee for the prevention of Sexual Exploitations and Abuse (CCSEA), 2003. *Understanding Humanitarian Aid Worker Responsibilities: Sexual Exploitation and Abuse Prevention.* ochaonline.un.org/OchaLinkClick.aspx?link=ocha&docId=1061909
ICRC, 2001. *Strengthening Protection in War – A Search for Professional*

*Standards.* www.cicr.org/web/eng/siteeng0.nsf/iwpList125/C751BDF4EDB54F 30C1256C5A0052C899
ICRC, 2007. *Internally Displaced People.* www.icrc.org/Web/Eng/siteeng0.nsf/htmlall/p0867/$File/ICRC_002_0867.PDF!Open
ICRC, 2004. *'What is Humanitarian Law?'* www.icrc.org/Web/eng/siteeng0.nsf/htmlall/humanitarian-law-factsheet/$File/What_is_IHL.pdf
IFRC, 1994. *The Code of Conduct for the International Red Cross and Red Crescent Movement and NGOs in Disaster Relief.* www.icrc.org/web/eng/siteeng0.nsf/htmlall/57JMNB
Inter Agency Standing Committee (IASC), 2002. *Growing the Sheltering Tree; Protecting Rights through Humanitarian Action, Programmes and Practices Gathered from the Field.* www.icva.ch/gstree.pdf
Inter-Agency Standing Committee (IASC), 2005. *Guidelines for Gender Based Violence Interventions in Humanitarian Settings.* www.humanitarianinfo.org/iasc/content/products/docs/tfgender_GBVGuidelines2005.pdf
Inter-Agency Standing Committee (IASC), 2006. *Protecting Persons Affected by Natural Disasters. IASC Operational Guidelines on Human Rights and Natural Disasters.* www.humanitarianinfo.org/iasc/content/documents/working/OtherDocs/2006_IASC_NaturalDisasterGuidelines.pdf
*International Covenant on Economic, Social and Cultural Rights.* www.unhchr.ch/html/menu3/b/a_cescr.htm
Walter Kälin. "The Role of the Guiding Principles on Internal Displacement''. *Forced Migration Review.* www.fmreview.org/FMRpdfs/FMR24/IDP%20Supplement/03.pdf
Stephanie T E Kleine-Ahlbrandt, 1998. "The Kibeho crisis: towards a more effective system of international protection for IDPs", *Forced Migration Review.* www.fmreview.org/FMRpdfs/FMR02/fmr202.pdf
Gil Loescher. ''UNHCR and the Erosion of Protection''. *Forced Migration Review.* www.fmreview.org/FMRpdfs/FMR10/fmr10.10.pdf

Susan F. Martin and Elizabeth Moller. ''NGOs and Practical Protection in Humanitarian Crises''. *HPN Publications.* www.odihpn.org/report.asp?id=2493
OCHA. *An Easy Reference to International Humanitarian Law and Human Rights Law.* www.reliefweb.int/OCHA_ol/pub/Easy%20Referencs%20to%20IHL%20and%20HR.htm
Office of the United Nations High Commissioner for Human Rights (OHCHR). Working with OHCHR. *A Handbook for NGOs.* www.ohchr.org/Documents/Publications/NGOHandbooken.pdf
OHCHR, International Bar Association, 2003. *Human Rights in the Administration of Justice: A Manual on Human Rights for Judges, Prosecutors and Lawyers.* http://www1.umn.edu/humanrts/monitoring/hradmin.html
OHCHR, 2001. *Training Manual on Human Rights Monitoring.* www.unhchr.ch/pdf/train7_a.pdf
Organization of African Unity, *Convention Governing the Specific Aspects of Refugee Problems in Africa.* www.africa-union.org/Official_documents/Treaties_%20Conventions_%20Protocols/Refugee_Convention.pdf
*Rome Statute of the International Criminal Court.* www.icc-cpi.int/library/about/officialjournal/Rome_Statute_English.pdf
Hugo Slim and Andrew Bonwick, 2005. *Protection – The ALNAP Guide for Humanitarian Agencies.* www.odi.org.uk/ALNAP/publications/protection/alnap_protection_guide.pdf
The Brookings Institution, 1999. *Handbook for Applying the Guiding Principles on Internal Displacement.* www.the-ecentre.net/resources/e_library/doc/HanbookIDP.pdf
The Brookings-Bern Project on Internal Displacement, 2006. *Guide to International Human Rights Mechanisms for Internally Displaced Persons and Their Advocates.* www3.brookings.edu/fp/projects/idp/Human_Rights_Mechanisms_for_IDPs.pdf
The Brookings-Bern Project on Internal Displacement, 2007. *National and*

*Regional Laws and Policies on Internal Displacement Index.*
www.brookings.edu/fp/projects/idp/idp_policies_index.htm
The Brookings-SAIS Project on Internal Displacement, OCHA, 2004. *Protect or Neglect? Toward a More Effective United Nations Approach to the Protection of Internally Displaced Persons.*
www.reliefweb.int/idp/docs/references/Protect%20or%20Neglect.pdf
*The Convention and Protocol Relating to the Status of Refugees,* 1951 and 1967. www.unhcr.org/cgi-bin/texis/vtx/protect/opendoc.pdf?tbl=PROTECTION&id=3b66c2aa10
The Guiding Principles on Internal Displacement
www.brookings.edu/projects/idp/gp_page.aspx
The Sphere Project, 2004. *Humanitarian Charter and Minimum Standards in Disaster Response.* www.sphereproject.org/component/option,com_docman/task,cat_view/gid,17/Itemid,203/lang,English/
The Universal Declaration of Human Rights, *1948.* www.un.org/Overview/rights.html
United Nations Development Programme (UNDP), 2004. *Access to Justice: Practice Note.* www.undp.org/governance/docs/Justice_PN_English.pdf
UNDP, 2005 *Programming for Justice: Access for All. A Practitioner's Guide to a Human Rights Based Approach to Justice.* www.undp.org/governance/docs/Justice_Guides_ProgrammingForJustice-AccessForAll.pdf
UNHCR. *UNHCR & International Protection. A Protection Induction Programme.*
www.unhcr.org/publ/PUBL/44b4fcb32.pdf
UNHCR, 1999. *Protecting Refugees, A Field Guide for NGOs*
www.unhcr.or.jp/protect/pdf/ProtectingRefugees-FieldGuideforNGOs.pdf
UNHCR, 2001. *Refugee Protection. A Guide to International Refugee Law*
www.unhcr.org/publ/PUBL/3d4aba564.pdf
UNHCR, 2004. *Agenda for Protection.* www.unhcr.org/cgi-bin/texis/vtx/refworld/rwmain?page=search&docid=4714a1bf2
UNHCR, 2006. *Operational Protection in Camps and Settlements: A Reference Guide of Good Practices in the Protection of Refugees and other Persons of Concern.*
www.unhcr.org/cgi-bin/texis/vtx/refworld/rwmain?docid=44b381994
UNHCR, 2006 *The Administration of Justice in Refugee Camps: A Study of Practice.*
www.reliefweb.int/rw/lib.nsf/db900SID/AMMF-6YGE5R/$FILE/unhcr-refugeesmar2006.pdf?OpenElement
UNHCR, 2006. *Measuring Protection by Numbers.*
www.unhcr.org/publ/PUBL/4579701b2.pdf
UNHCR, 2007. *Handbook for Emergencies (third edition)*
www.reliefweb.int/rw/lib.nsf/db900SID/AMMF-75TFLQ?OpenDocument
Gavin David White, 2006. *A Failure of Protection. Refugee Camps and the Proliferation of Conflict.* www.gavindavidwhite.com/Refugee%20Camps%20and%20the%20Proliferation%20of%20Conflict.pdf

# नाम दर्ता

# र

# व्यक्तिगत विवरण

# अध्याय - ९ नाम दर्ता र व्यक्तिगत विवरण तयार

## मुख्य मुख्य सन्देशहरू

- दर्ता तथा प्रोफाइलिङ्ग तथ्यांक संकलनको व्यवस्थित तरिका हो । हरेक तथ्यांकलाई खास समूह अथवा जनसंख्याको आधार तथा विशेषताहरु निर्धारण गर्न प्रयोग गरिन्छ । दर्ता तथा प्रोफाइलिङ्ग संरक्षण औजारहरु मध्ये पहिलो र महत्वपूर्ण कडी हो । प्रमुख उद्देश्य भनेको लाभान्वितहरुको र उनीहरुको विशेषताहरुको पहिचान गर्ने ताकि तिनिहरुको आवश्यकता पूरा हुनसक्छ र अधिकारहरु संरक्षित हुन्छ ।
- तथ्यांक दर्तालाई विस्थापित समुदायको संरक्षण गर्नका लागि प्रयोग गर्न सकिन्छ किनकी दिर्घकालीन समाधानका उपायहरु पत्ता लगाउन यो सान्दर्भिक हुन्छ र परिवार पुर्नमिलनमा समेत सहयोग पुग्दछ ।
- तथ्यांक दर्ता तथा प्रोफाइलिङ्गले कार्यक्रमहरु योजनाका निमित्त आधार प्रदान गर्दछ तथा शिविर अथवा शिविर जस्तै परिवेशमा सहायता र सेवाहरुको प्रावधान सुनिश्चित गर्नमा सहयोग पुग्छ ।
- शिविर व्यवस्थापन निकायको भूमिका भनेको प्रमुख दर्ता तथा प्रोफाइलिङ्ग साझेदारसँग समन्वय कायम गर्ने तथा समर्थन प्राप्त गर्ने हो । सम्बन्धित दायित्वहरु कार्यादिशहरु तथा भूमिकाहरुका सम्बन्धमा जानकारी राख्नु महत्वपूर्ण हुन्छ ।
- विस्थापित मानिसहरु लगायत सम्बन्धित सवै पक्षहरु दर्ता तथा प्रोफाइलिङ्ग योजनामा संलग्न रहनुपर्दछ । विभिन्न कर्ताहरुको कार्यस्थल तहमा समन्वय र योगदान नै सफल दर्ता तथा प्रोफाइलिङ्ग अभ्यासको सफलताको कडी हो ।

# परिचय

**दर्ता**

दर्ता एउटा तथ्यांक संकलन तथा अभिलेखिकरणको एउटा व्यवस्थित पद्धति हो जसलाई भविष्यमा व्यक्तिलाई पहिचानमा सुनिश्चिता गर्नको लागि गरिन्छ । यसले व्यक्तिहरु अथवा परिवारहरुको सुचना समावेश गर्न सकिन्छ जस्तो कि तिनिहरुको नामहरु जन्म मितिहरु अथवा लिङ्ग । यो सुचना विशिष्ठ उद्देश्यका निमित्त प्रयोग गरिन्छ । सहायता वितरण व्यक्तिगत पुनः पहल अथवा संरक्षण हस्तक्षेप जस्ता कुराहरु सुनिश्चित गर्न प्रयोग गरिन्छ ।

तथ्यांकको दोस्रो प्रयोग भनेको प्रोफाइलिङ्गको लागि हो । जहाँ संकलन गरिएको दर्ता सुचनालाई छुट्याइन्छ ताकि दर्ता भएको जनसंख्याको विशेषताहरु बुझ्न सकियोस् । दर्ताको उद्देश्य विशेष रुपमा सुचना करारी प्रयोग गरिन्छ । त्यसले नै कुनै दर्ता अभ्यासमा संकलन गरिनुपर्ने सुचनाको क्षेत्रलाई निर्धारण गर्दछ ।

प्रभावकारी दर्ता तथा प्रोफाइलिङ्ग लागि त्यसैकारणले पहिले अभ्यासको उद्देश्य परिभाषित गर्ने कुरा समावेश हुन्छ र त्यसपछि यसलाई प्रभावकारी ढंगले सम्पादन गर्न पद्धति अपनाउने कार्य रहन्छ । यो एकदमै आवश्यक हुन्छ कि अभ्यासको उद्देश्य तथा ठोस अपेक्षित परिणामका सम्बन्धमा सम्बद्ध सवै पक्षहरुलार्य स्पष्ट हुनुपर्दछ । पद्धतिले स्पष्ट रुपमा को के को लागि जिम्मेवार छ भनि सम्बोधन गर्नुपर्दछ तथा कार्यविधि मापदण्ड लेखिनुपर्दछ ।

दर्ताले जोखिममा परेका समूहहरु र तिनिहरुको विशेष आवश्यकताहरु पहिचानमा समेत सहयोग पुऱ्याँउदछ । पत्ता लगाउने, कानूनी प्रतिनिधित्व तथा पारिवारिक पुर्नमिलन जस्ता विशिष्ट संरक्षण कार्यक्रमहरु त्यतिखेर मात्र पर्याप्त रुपमा कार्यान्वयन गर्न सकिन्छ जव विश्वसनिय तथा अद्यावधिक गरिएको तथ्याङ्ग उपलब्ध हुन्छ जव दर्ता गरिन्छ ।

यो आवश्यक हुन्छ कि निरन्तर प्रक्रिया जहाँ आधारभूत सुचनाहरुलाई अभिलेखमा राख्ने र अद्यावधिक गर्ने काम हुन्छ जस्तो कि समयक्रममा जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, नव आगन्तुकहरु तथा प्रस्थानहरु जस्ता कुराहरु वदलिन्छन् । परिवेशमा आधारित भएर शिविर व्यवस्थापन निकायले प्राय गरेर शिविरको निरन्तर दर्ता अद्यावधि प्रक्रियामा संलग्न हुन्छ ता कि भईरहेको कुराहरु सान्दर्भिकता सुनिश्चित हुन सकोस् ।

विस्थापित व्यक्तिहरुको दर्ता र प्रलेखिकरण सरकारको जिम्मेवारी हो । यद्यपि संयुक्त राष्ट्र संघीय निकायहरु, गैससहरु तथा शिविर व्यवस्थापन निकायहरु योजना, तथ्यांक संकलन र उपयोग जस्ता कुराहरुमा तिनिहरुको कार्यदिश र भूमिकाका आधारमा एउटा कार्यकारी भूमिका खेल्न सक्दछन् ।

दर्ताको आधारभूत परिभाषा उही हो । एकातिर शरणार्थीहरु तथा शरण माग गर्नेहरुको हकमा विभिन्न खालका कानूनहरुले ती दायित्वहरु नियमन गरेका हुन्छन् भने अर्कोतर्फ आन्तरिक विस्थापित व्यक्तिहरुमा अर्कै व्यवस्था गरिएको हुन्छ ।

## शरणार्थीको सन्दर्भमा दर्ता

शरणार्थी संरक्षणको सन्दर्भमा शरण रहेको देशको शरणार्थी हुनुमा निश्चित अधिकारहरु निहित हुन्छन् जुन त्यही देशमा रहेका अरु विदेशीहरुको भन्दा फरक हुन्छ । यस अर्थमा दर्ता हुनु एउटा आवश्यक भाग तथा प्रक्रियामा पहिलो पाइला हो जसले एउटा व्यक्तिको हैसियत प्रदान गरी अधिकारहरुमा पहुँच कायम गर्दछ । शरणार्थी हैसियतले बलजृती देश फकाईदिने कार्य ( refourtment) बाट संरक्षण सुनिश्चित गर्दछ । अस्वेच्छिक अथवा शरणार्थीहरुलाई बलजृती फकाईदिए जसको विरुद्धमा मुद्दा चलाइने डरको ठोस आधार छ । जुन प्रथाजन्य अन्तर्राष्ट्रिय कानूनले स्वेच्छिक थुना तथा बलजृती भर्तीबाट संरक्षण प्रदान गरेको हुन्छ । दर्ताले आधारभूत अधिकार गर्दछ । सहयोग तथा सेवाहरुमा पहुँच सुनिश्चित गर्दछ तथा पारिवारिक पुर्नमिलनको लागि पत्ता लगाउन यो एउटा महत्वपूर्ण औजार पनि हो । व्यक्तिहरुका निमित्त सुहाउदो दिर्घकालीन समाधानका उपायहरु पहिचान गनृमा दर्ता पनि उतिकै महत्वपूर्ण हुन्छ तथा शरणार्थीहरु तथा शरण माग्नेहरुसँग उनीहरुले रुचाएको दिर्घकालीन समाधानका उपायहरु सम्बन्धमा अभिलेख राख्न समेत महत्वपूर्ण हुन्छ ।

यस सन्दर्भमा दर्ता सम्बन्धित सरकारको जिम्मेवारी अन्तर्गत पर्दछ जसमा UNHCR ले कार्य सञ्चालन सहयोग गर्न सक्दछ जसको कायदिश शरणार्थीहरुको अन्तराष्ट्रिय संरक्षणको निम्ति हुन्छ र दर्ता तथा शरणार्थी अवस्था निर्धारणमा जिम्मेवारी रहन्छ । दर्ताको भूमिका भनेको शरणार्थीहरु अथवा शरण माग्ने सिंगो जनसंख्यालाई सामेल गर्नु हो यद्यपि तिनिहरु सवैलाई भौतिक सहयोग आवश्यक नपर्न सक्दछ र यसले तिनिहरुको कानूनी हैसियतसँग सम्बन्ध राख्दछ ।

## आन्तरिक विस्थापनको सन्दर्भमा दर्ता

आन्तरिक रुपले विस्थापित व्यक्ति (IDP) भएको कारणले कुनै कानूनी हैसियत प्राप्त हुँदैन । आन्तरिक रुपले विस्थापित व्यक्तिहरु अन्तर्राष्ट्रिय रुपमा मान्यता सिमाना पार गरेका हुँदैनन् र प्राय

गरेर विस्थापित भएको देशका नागरिकहरु अथवा परम्परागत वासिन्दाहरु हुन्छन् । तिनिहरुको अरु विस्थापित नभएको नागरिक सरहको अधिकार हुन्छ । त्यसैले शरणार्थीहरुको सम्बन्धमा लागु हुने दर्ता नितिहरु तथा प्रक्रिया IDP अवस्थामा विना काँटछाँट लागु हुन सक्दैन । आन्तरिक रुपले विस्थापित व्यक्तिहरुलाई कुनै उद्देश्यको लागि दर्ता गर्ने वा नगर्ने भन्ने सम्बन्धमा निर्णय गर्ने जिम्मेवारी राष्ट्रिय कानून अन्तर्गत सरकारको हुन्छ । केही आन्तरिक रुपले विस्थापित व्यक्ति परिस्थितिहरुमा सरकारले आन्तरिक रुपले विस्थापित व्यक्ति को विशिष्ट हैसियत दिनको लागि आधार निर्माण गर्न सक्दछ अथवा को क्ष्म्ए हो र तिनिहरुले कस्ता अधिकारहरु अपेक्षा गर्न सक्दछन् भन्ने विषयमा नियमन गर्ने कानून पारित गर्न सक्दछन् । अन्तर्राष्ट्रिय समुदायको सरकारसँग काम गरी सरकारी आधारहरु विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरु (guiding principals on international displacement) सँग बाँधिने गरी निर्माण हुने कुरा सुनिश्चित गर्ने भूमिका रहन्छ । एउटा अन्तर्राष्ट्रिय समुदायले सरकारको सहयोगमा कार्य सञ्चालनको भूमिका अपेक्षा गर्न सक्दछ । जहाँ सरकारसँग कार्य गर्नका लागि पर्याप्त क्षमता रहेको छैन ।

- आन्तरिक विस्थापित व्यक्तिहरुका लागि निर्देशक सिद्धान्तहरुका सम्बन्धमा थप जानकारीका लागि यस खण्डको अन्त्यमा दिइएको पाठ्य सामाग्री तथा सन्दर्भ सामग्रीहरु हेर्नुहोला ।

मानविय अवस्थामा क्ष्म्ए दर्ताको एउटा उद्देश्य भनेको त्यस्ता क्ष्म्ए हरु जो मानवीय कार्यको दायरामा पर्दछन् । विशिष्ठ उद्देश्यहरु अथवा आवश्यकताहरुमा आधारित भएर तिनिहरुको पहिचान स्थापित गर्नु हो । उदाहरणको निमित्त सवै आन्तरिक रुपले विस्थापित व्यक्तिहरु जसको विशेष आवश्यकताहरु छन् र भविष्यमा हेरचाह गर्नुपर्ने अवस्थामा छन् । शिविर योजना तथा शिविर फैलावटमा योगदान गर्न खडा गर्ने चरणमा दर्ता सम्बन्धी तथ्यांक प्रयोग हुन्छ । दर्ता भएको सुचनाबाट समुदायहरुलाई सँगै वस्न सहयोग गर्दछ र यसबाट समुदायलाई मिलेर रहने, सामुदायिक संगठन अथवा सहने क्षमतामा समेत योगदान पुग्दछ ।

विस्थापित मानिसहरुका क्षमता तथा सीपहरु पहिचान गर्नमा पनि शिविरको दर्तालाई प्रयोग गर्न सकिन्छ । यो सुचना शिविर व्यवस्थापन निकायलाई विशेष रुपमा समुदाय सहभागिताको योजना निर्माण गर्नमा उपयोगी हुन सक्दछ एवं शिविर सञ्चालन प्राविधिक परियोजनाहरु, शिविर कमिटीहरु, कार्य समूहहरु तथा तालिम योजनामा कसलाई समावेश गर्न सकिन्छ भनि पहिचान गर्नमा समेत सहयोगी हुन सक्दछ ।

विभिन्न निकायहरु जो शिविरभित्र विभिन्न कार्यदिशका आधारमा रहेका हुन्छन् । तिनिहरुको दर्ता सुचनामा चासो रहन सक्दछ । यो एकदमै महत्वपूर्ण छ कि दर्ता क्रियाकलापहरु समन्वयमा गरिनुपर्दछ र आन्तरिक रुपले विस्थापित व्यक्तिहरुलाई धेरैपटक धेरै निकायहरुले धेरै उद्देश्यको लागि दर्ता नगरिने कुरा सुनिश्चित गरिनुपर्दछ । यदि राष्ट्रिय कानूनमा क्ष्म्ए को सम्बन्धमा व्यवस्था गरिएको छ भने दर्ता सम्बन्धित सरकारको जिम्मेवारी भित्रको विषय हुन्छ जसमा दर्ता गर्ने अथवा

मानिसहरुको बारेमा स–साना तथ्यांक राख्नको लागि विभिन्न निकायहरु विशिष्ट कार्यदिश तथा/अथवा आवश्यकता अनुसार सञ्चालित भएका हुन्छन् ।

**दर्तामा चुनौतीहरु–स्थलगत आवाज**

हामीले शिविरमा सामना गरेको एउटा चुनौती भनेको वास्तविक लाभान्वितहरुको सुची सुनिश्चित गर्नु हो । शिविरहरु शहरको एकदमै नजिक रहेका छन् । जसले एकदमै मिश्रित जनसंख्या वनाउँदछ । नयाँ विस्थापित व्यक्तिहरु शिविरमा दर्ता गर्दछन् तर वास्तवमा स्थानीय परिवारसँग रहन्छ र अरु शहरकाहरु शिविरमा आएर तिनिहरुको यात्राको क्रममा परिचयपत्र हराएको वताउँछन् । यसले शिविरमा रहने वास्तविक मानिसहरु भन्दा ज्यादै ठूला संख्याको शिविर जनसंख्या दर्ता हुन पुग्दछ । यो सवाललाई सम्बोधन गर्ने कार्यनितिको अभावमा संख्याको बारेमा विश्वास घट्दै गईरहेको छ र हामीले लिएका विभिन्न गतिविधिहरुमा तनाव उत्पन्न भएको छ ।

विभिन्न खाले कार्य सञ्चालन साझेदारहरुले तिनिहरुको आफ्नै दर्ता गरेका छन् र राशन कार्डहरु तिनिहरुको सहयोगका आधारमा जारी गरेका छन् । यसले फेरी असमानता उब्जाएको छ जसले तनावलाई वढाएको छ । केही सिकिएका पाठहरु तल दिइएका छन् :

- सम्पूर्ण शिविर गतिविधिहरुको आधार दर्ता हो । यो प्राथमिक महत्वको विषय हो र यसलाई प्राथमिकता पार्नु आवश्यक छ ।
- राम्रोसँग सम्झाइएको व्यक्तिबाट दर्ता कार्य सम्पन्न गरिनुपर्दछ र परिक्षण गरी स्वीकृत दिइएको पद्धति अपानाइनुपर्दछ ।
- संख्यामा हुन गएको फरकपनाका कारणहरुका सम्बन्धमा सवै कार्य सञ्चालन साझेदारहरु तथा शिविरका मानिसहरुलाई स्पष्ट रुपमा सञ्चार गरिनुपर्दछ ।
- शिविर व्यवस्थापन निकायले सवै कार्यसञ्चालन साझेदारहरुलाई उहि दर्ता गरिएको तथ्यांक प्रयोग गर्न बलियो वकालती गर्नुपर्दछ ।

**प्रोफाइलिङ्ग**

प्रोफाइलिङ्ग जनसंख्याको विशेषताहरुलाई एउटा सुक्ष्म ढंगले संकलन गर्ने एउटा पद्धति हो जुन सिङ्गै जनसंख्याको सम्बन्धमा सामान्यीकृत गर्न सकिन्छ । प्रोफाइलिङ्गको उद्देश्य प्राथमिक रुपमा आधारभुत संरक्षण तथा मानिसहरुको दृष्टिकोण प्राप्त गर्नु हो जसले सहायतालाई राम्रो लक्ष्यमा पु¥याउन अथवा समुदायको वहुआयामलाई बुझ्न सहयोग पुग्दछ । माथि उल्लेख गरझै दर्ता भएको तथ्यांक एउटा जनसंख्याकोको प्रोफाइल बनाउने आधार बन्न सक्दछ । यद्यपि यदि जनसंख्याको सामान्य विशेषताहरु मात्र हासिल गर्ने उद्देश्यको लागि भने अरु धेरै तरिकाहरु छन् । जसलाई प्रयोग गर्न सकिन्छ । दुवै परिणामात्मक जस्तो कि अनुमान र सर्वेक्षणहरु तथा गुणात्मक तरिकाहरु जस्तो कि महत्पूर्ण सुचनाहरु अन्तर्वाताहरु अथवा सहभागिताहरु आकंलन । ती पद्धतिहरुलाई तल उल्लेख गरिएको वर्णन गरिएको छ ।

**शरणार्थी प्रोफाइलिङ्ग**

यो प्राय गरेर दर्ता भएको तथ्यांकमा आधारित भएर गरिन्छ यदि समग्र दर्ता भएको तथ्यांक उपलब्ध छ भने । यद्यपि अरु प्रोफाइलिङ्ग पद्धति पनि प्रयोग गरिन्छ जुन विशेष अवस्थामा निर्भर हुन्छ अथवा शरणार्थी जनसंख्या भित्रको आयामहरुको एउटा गहिरो विश्लेषण गर्नको निमित्त ।

**आन्तरिक रुपले विस्थापित व्यक्ति प्रोफाइलिङ्ग**

अन्तर एजेन्सी सहमति अनुरुप क्ष्मए प्रोफाइलिङ्ग परिभाषित गरिएको छ । Global Protection Cluster ले आन्तरिक व्यक्तिहरुको प्रोफाइलिङ्ग दिग्दर्शन (Guidence on Profiling Internally Displaced Persons) लाई पारित गरेको छ जसले औंल्याउछ – "आन्तरिक रुपमा विस्थापित समूहहरु अथवा तथ्यांक संकलनद्वारा व्यक्तिहरुलाई पहिचान गर्ने सहकार्यात्मक प्रयास हो जसमा गिन्ती तथा विश्लेषण उनीहरुको तर्फबाट वकालतीको लागि कार्य गर्नको लागि तिनिहरुलाई संरक्षण गर्न र सहायता गर्न तथा अन्तत्वगत्वा तिनिहरुको विस्थापनको सम्बन्धमा एउटा समाधान ल्याउनु हो । एउटा क्ष्मए प्रोफाइल क्ष्मए जनसंख्याको दृष्टिकोण हो जसले यो देखाउँछ कि न्यूनतम रुपमा :

- विस्थापित भएका व्यक्तिहरुको संख्या, उमेर र लिङ्गका आधारमा छुट्टयाइएको (संख्या मात्रै भएपनि)
- अवस्थिति – उत्पतिको स्थान र विस्थापनको स्थान

मूल तथ्यांकका रुपमा बुझिन्छ । जहाँसम्म सम्भव हुन्छ । थप सुचनामा अन्य कुराका अतिरिक्त यी कुराहरु समावेश गर्नुपर्छ:

- विस्थापनको कारण (हरु)

- संरक्षण चासोहरु
- मानवीय आवश्यकताहरु
- समूह/व्यक्तिगतका निमित्त सम्भावित समाधानहरु यदि उपलब्ध छ भने

प्रोफाइलिङ्गको पद्धतिहरुमा डेस्क पुनरावलोकनदेखि लिएर अनुमान सर्वेक्षणहरु, दर्ता तथा प्रमुख सुचनाबाहक अन्तर्वाताहरुमा लक्षित समूह छलफलहरुसम्म पर्दछन् ।

# मुख्य मुख्य सवालहरू

## शिविर व्यवस्थापन निकायको दर्ता/प्रोफाइलिङ्गमा भूमिका

शिविर व्यवस्थापन निकायको दर्ता/प्रोफाइलिङ्गमा भूमिका शिविरभित्र दर्ता तथा प्रोफाइलिङ्ग प्रभावकारी शिविर व्यवस्थापनको लागि प्रमुख औजारहरु हुन् । तिनिहरुले कार्यक्रमहरुको योजनामा आधार उपलब्ध गराउँछन् । शिविरमा सहायता उपलब्ध गराउन तथा संरक्षण सुनिश्चित गर्दछ । शिविरहरु जहाँ निकायहरुले मानवीय गतिविधिहरु सञ्चालन गर्दछन् । दुवैका लागि यो आवश्यक हुन्छ

- सहायता प्राप्त गरिरहेका मानिसहरुको विशेष समूहको आकार र विशेषताहरु लक्षित हस्तक्षेप राम्रो गर्नका लागि निर्धारण गर्ने (प्रोफाइलिङ्ग)
- सहायताको लागि योग्य लाभान्वितहरुको पहिचान गर्ने (दर्ता)

### शरणार्थी शिविरहरु तथा क्ष्म्इ शिविरहरुमा भूमिका र जिम्मेवारीहरु

### शरणार्थी दर्ता

सरकार/UNHCR ले दर्ता गर्नु शरणार्थी हैसियत निश्चित गर्नु र सोही अनुरुप सहायता वितरण दुवैको निमित्त आवश्यक पर्दछ । दर्ता प्रक्रिया सरकार/UNHCR को नेतृत्वमा शिविर व्यवस्थापन निकायहरु तथा विभिन्न अरु निकायहरु जसले स्थलगत रुपमा सहायता दिने र मानवीय हस्तक्षेप गरिरहेका हुन्छन् । धेरै अवस्थाहरुमा दर्ताका कारणले विभिन्न प्रकारको कागजातहरु जारी भएको हुन सक्छन् जसलाई मोटामोटी रुपमा यसरी विभाजन गर्न सकिन्छ :

- शरणार्थीको हैसियत सुनिश्चित गर्ने कागजात जस्तो कि परिचय पत्र अथवा प्रमाणित पत्र
- राशन कार्ड, स्वास्थ्य कार्ड जस्ता वस्तु प्राप्त गर्न सक्ने सुनिश्चित गर्ने कागजात पहिलो खालको कागजात सरकार/UNHCR ले जारी गर्दछ जवकी दोस्रो खालको कागजात मानवीय हस्तक्षेप गरिरहेका विभिन्न निकायहरुद्वारा जारी गरिन्छ । शिविर व्यवस्थापन निकायहरुले त्यस्ता विभिन्न खालको स्वामित्व कार्डहरु विच सामान्जस्यता गर्न भूमिका खेल्न सक्छ ताकि शरणार्थीहरु विभिन्न खालका कागजहरु बोकी रहनु नपरोस् ।

दर्ता गरिएको तथ्यांकलाई निरन्तर अद्यावधिक गरी शरणार्थीको जीवनमा आएका परिवर्तनहरु जस्तो की जन्म, मृत्यु, प्रस्थान अथवा शरणार्थी हैसियतमा परिवर्तन लगायतलाई प्रतिविम्बित गर्नुपर्दछ तथा शिविर व्यवस्थापन निकायहरुले परिवर्तनसँग सम्बन्धित सुचनाहरु निकायहरुमा पठाउने र अद्यावधिक तथ्यांक राख्ने कुराको सुनिश्चित गर्नुपर्दछ ।

**शरणार्थी प्रोफाइलिङ्ग**

माथि उल्लेख भए जस्तै प्रोफाइलिङ्गमा उपलब्ध दर्ता भएको तथ्यांक धेरै अवस्थाहरुमा प्रयोग हुन्छ । यद्यपि यसले शिविर व्यवस्थापन निकायद्वारा शिविरमा प्रयोग गरिने अन्य प्रोफाइलिङ्ग पद्धतिलाई वहिष्करण गर्दैन । एवं संरक्षण, सहायता तथा अरु सेवाहरु उपलब्ध गराउने सवैले मानिसहरुको बारेमा राम्रोसँग बुझ्न बाधा पार्दैन । उमेर, लिङ्ग तथा विविधताप्रति संवेदनशील सहभागितामूलक आकंलन खास जनसंख्याको हिस्साको थप तथा गहिरो सुचना हासिल गर्ने एउटा उपाय हुन सक्दछ । यद्यपि कुनैपनि थप प्रोफाइलिङ्ग अभ्यास होशियारी पूर्वक अग्रीम रुपमा सरकार/UNHCR एवं शिविरमा संलग्न सवै साझेदारहरुसँगको समन्वयमा सञ्चालन गरिनुपर्दछ ताकि दोहरिने कुरा घटाउन सकियोस् र विभिन्न निकायहरुको अभ्यासले अधिकतम परिणाम दिन सकोस् ।

**IDP दर्ता**

क्लस्टर सोच (अगिकतभच बउउचयबअज) सक्रिय वनाइएको परिवेशहरुमा यो सहयोग सामग्री (toolkit) को खण्ड १ मा दिइए जस्तो शिविर समन्वय तथा शिविर व्यवस्थापन (CCCM) सँग सम्बन्धित ३ तहहरु हुन्छ :

| | |
|---|---|
| शिविर प्रशासक– (सरकारी अधिकारीहरु) | सामान्यतया, सरकार जसले देश अथवा क्षेत्र भित्रका विभिन्न शिविरहरुको प्रशासन हेर्दछ |
| शिविर संयोजक (क्लस्टर प्रमुख निकाय) | आप्रवासन सम्बन्धी अन्तर्राष्ट्रिय संगठन (IOM) प्राकृतिक विपत्तिको अवस्थाहरुमा तथा UNHCR द्वन्दको अवस्थाहरुमा जसले अन्तर शिविर समन्वयलाई सुनिश्चित गर्दछ |
| शिविर व्यवस्थापक (शिविर तहमा गैसस) | शिविर गतिविधिको दैनिक व्यवस्थापनसँग जिम्मेवार निकायहरु र सिंगो एउटा शिविर भित्रको समन्वय |

यदि समग्र देशव्यापी स्वरुप सरकारसँग छ भने शिविर दर्ताको काममा सो स्वरुपलाई अपनाउन ुपर्दछ ।

एउटा स्वरुप नभएको अवस्थामा न्यूनतम तहमा लाभान्वित मानिसहरुलाई सहायता उपलब्ध गराउन तथा हस्तक्षेपहरु सम्बन्धी पहिचान गर्नको लागि उत्तरदायित्वको उद्देश्यले दर्ता आवश्यक पर्दछ । यस्तो परिस्थितिमा शिविर समन्वय निकायहरु सरकारको सहयोगमा न्यूनतम मापदण्डहरु अनुरुप शिविरमा दर्ता प्रक्रिया सञ्चालन भएको सुनिश्चित गर्ने कार्यका लागि जिम्मेवार रहन्छन् । यो जिम्मेवारी शिविर व्यवस्थापन निकायसँग प्राय साझेदारी गरिन्छ र अरु निकायहरु अथवा गैससलाई समेत प्रत्यायोजन गर्न सकिन्छ । केही अवस्थाहरुमा जहाँ ग्ल्ञ्र्च र क्ष्इ: यो जिममेवारी निर्वाह गर्न उपस्थित हुँदैनन् । त्यस्तो अवस्थामा शिविर व्यवस्थापन निकाय माथि दर्ताको काम गर्ने अथवा दर्ता प्रक्रियालाई अगाडी वढाउने तर्फ कार्य गर्नुपर्दछ ।

IDP शिविरको दर्ता भईसकेपछि जारी गरिएको कागजातको सामान्यतया योग्यताको निश्चित गर्दछ जस्तो कि राशन कार्ड अथवा स्वास्थ्य कार्ड । अधिकार कार्ड (entitlement card) शिविर समन्वय/व्यवस्थापन निकायले WFP तथा अरु सहायता निकायहरुसँग मिलेर जारी गर्न सक्दछ ।

प्रभावकारी समन्वय तथा सुचना व्यवस्थापनको हितमा ऋऋऋ: क्लस्टर साझेदारहरुले सामान्यतया शिविरमा अन्तर एजेन्सी दर्ताको निमित्त वकालती गर्दछन् जसमा सरकार क्लस्टर प्रमुख/वितरण निकायहरु, सेवा निकायहरु तथा शिविर व्यवस्थापन निकायहरु संलग्न रहन्छन् । निकायहरु विच समन्वय हुन महत्वपूर्ण छ र साझा अधिकार कार्डको लागि लक्ष्य हुनुपर्छ न की विभिन्न निकायहरुले विभिन्न कार्डहरु जारी गर्ने ।

शरणार्थी दर्तामा जस्तै यो राम्रो हुन्छ कि तथ्यांकहरु निरन्तर अद्यावधिक गरी IDP को जीवनमा आएको परिवर्तनलाई सही रुपमा प्रतिविम्वित गर्ने सुनिश्चित गरिनु राम्रो हुन्छ ।

**IDP प्रोफाइलिङ्ग**

जव सम्भव भएसम्म देशको तहमा IDP प्रोफाइलिङ्ग राष्ट्रिय अधिकारीहरुद्वारा नेतृत्व गरिनुपर्दछ । जहाँ सरकार यो जिम्मेवारी निर्वाह गर्न असमर्थ अथवा अनिच्छुक हुन्छ त्यस्तो अवस्थामा संयुक्त राष्ट्र संघको आवासिय तथा/अथवा मानवीय संयोजकले देशको टोली (country team) को परामर्शमा प्रोफाइलिङ्ग अभ्यास गर्नुपर्दछ ।

शिविर तहमा शिविर व्यवस्थापन निकायहरुले सेक्टर/क्लस्टर प्रमुख निकाय तथा राष्ट्रिय अधिकारीहरुसँग परामर्श गरी त्यस क्षेत्रको नयाँ अथवा विकसित भईरहेको IDP जनसंख्याको सम्बन्धमा राम्रो सुचना हासिल गर्न पहल सक्दछ । महत्वपूर्ण कुरा भनेको के हो भने प्रोफाइलिङ्ग प्रक्रिया साझा रुपमा विभिन्न संलग्न कुराहरु माझ सहमति भएको हुनपर्दछ । यद्यपि यसले विभिन्न निकायले उनीहरुको खास उद्देश्यको लागि गरेको फरक आवश्यक आकंलनलाई अस्वीकार गर्दैन ।

**प्राथमिक जिम्मेवारीको संक्षिप्त तालिका**

| परिस्थिति | **शरणार्थी अवस्था** | **IDP अवस्था** |
|---|---|---|
| देशव्यापी दर्ता तथा प्रलेखिकरण | सरकार, कार्य सञ्चालनको प्रयोजनार्थ UNHCR द्वारा सहयोग गरिएको | खास कुनै एउटा देशको लागि लागु हुने : सरकार, कार्य सञ्चालनको प्रयोजनार्थ अन्तर्राष्ट्रिय निकायहरुद्वारा सहयोग गरिएको |
| शिविर दर्ता | सरकार, कार्य सञ्चालनको प्रयोजनार्थ UNHCR द्वारा सहयोग गरिएको | शिविर प्रशासन (सरकार) कार्य सञ्चालनको प्रयोजनार्थ शिविर समन्वय निकाय (सेक्टर/क्लस्टर प्रमुख निकाय) |
| देशव्यापी प्रोफाइलिङ्ग | सरकार, कार्य सञ्चालनको प्रयोजनार्थ UNHCR द्वारा सहयोग गरिएको | सरकार तथा/अथवा संयुक्त राष्ट्र संघको आवाशीय/मानवीय समन्वय देशको टोली ( county team) सँग मिलेर पहल गर्दछ |
| शिविरभित्र प्रोफाइलिङ्ग | शिविर व्यवस्थापन निकायहरु तथा अरु सेवा प्रदान गर्ने | शिविर व्यवस्थापन निकायहरु तथा अरु सेवा प्रदान गर्ने |

| | | |
|---|---|---|
| | निकायहरु सरकार तथा UNHCR को सम्बन्धमा | निकायहरु शिविर प्रशासक ( सरकार) तथा शिविर समन्वय निकाय<br>(सेक्टर/क्लस्टर प्रमुख निकाय) |

**दर्ता पद्धतिहरु तथा सिद्धान्तहरु**

शरणार्थी शिविरमा होस् अथवा क्ष्मए शिविरमा होस्, एकपटक दर्ता गर्ने निर्णय लिईसकेपछि शिविरभित्रको दर्ता पद्धतिमा ठूलो रुपमा भिन्नता रहदैन । दर्ताको आधारभूत पद्धतिहरु तथा प्रमुख सिद्धान्तहरुको सम्बन्धमा तल संक्षिप्त रुपमा चर्चा गरिएको छ :

शिविरहरु भित्र दर्ता क्रियाकलापहरु मुख्य रुपमा ३ वटा प्रमुख तत्वहरु तथा चरणहरु हुन सक्दछन् :

१) दर्ता
२) कागजात जारी
३) दर्ता तथ्यांकको अद्यावधि (निरन्तर दर्ता)

१) दर्ता

दर्ता परिवार/घर अथवा व्यक्तिगत तहमा सञ्चालन गर्न सकिन्छ । सामान्यतया एउटा चरणवद्ध धारणा हुन्छ । परिवार/घर तहको दर्ता गरिन्छ । प्रारम्भिक रुपमा त्यसपछि व्यक्तिगत दर्ता यदि आवश्यकता पर्दछ भने । केही अवस्थाहरुमा कार्य सञ्चालनको आवश्यकता अथवा अभ्यासको उद्देश्य जस्ता कारणले व्यक्तिगत दर्ता परिवार/घर दर्ता नगरिकनै प्रत्येक्ष रुपमा हुन सक्दछ ।

यदि पहिले परिवार/घर दर्ता गर्ने हो भने यो सुनिश्चित गरिनु आवश्यक हुन्छ कि विशेष आवश्यकताहरु भएकालाई शुरुदेखि नै व्यक्तिगत रुपमा दर्ता गराइनुपर्छ जसले ठीक ढंगले पुन पहल गर्न सकियोस् । उदाहरणको निमित्त परिवार भित्रैका छुट्टयाइएका अथवा साहारा विहिन बालबालिका

- **विशेष आवश्यकताका बारेमा थप जानकारीका निमित्त हेर्नुहोस् खण्ड ११**

दर्ता कर्मचारीहरका निमित्त जोखिममा रहेका समूहहरुको पहिचान गर्न सक्षम वनाउनका लागि विशिष्ठिकृत तालिम आवश्यक पर्न सक्दछ । यो अत्यावश्यक हुन्छ कि विशेष जोड भएका अथवा पहिल्यै तालिम प्राप्त कर्मचारी भएका निकायसँग सहयोग खोज्न सकिन्छ ।

**साहारा विहिन अथवा छुटिएका बालबालिका**

साहाराविहिन तथा छुटिएका बालबालिहरु अरुभन्दा वढी जोखिममा परेका हुन्छन् । तिनिहरुको दर्ता गर्दा सावधानी अपनाइनुपर्दछ । यदि एउटा दर्ता बारेमा सहि ढंगले सञ्चार गरिएन भने दर्ता गलत बुझाई अथवा दुरुपयोगपूर्ण हुन सक्दछ । असल हेरचाह पाउँछन् भन्ने आशा गरेर जव परिवारहरु आफ्नै इच्छाले बालबालिकाहरुबाट अलग हुन्छन् सहि अवस्थाहरु प्रतिवेदन गर्न सकिंदैन । तिनीहरुले विशेष कार्यक्रमहरुमा शिविर व्यवस्थापन निकायले यी बालबालिकाहरुको बारेमा दैनिक रुपमा विस्थापितहरुसँग काम गरेर बालबालिकाहरुको बारेमा सुचना प्राप्त गर्न सक्दछ । तिनिहरुले त्यस्ता घटनाहरुका सम्बन्धमा त्यस क्षेत्रमा कार्यरत सम्बन्धी बाल संरक्षण निकायहरुलाई तुरुन्तै जानकारी दिनुपर्दछ । Interagency Form (2003)/ Rapid Registration Form (2004) साहाराविहिन तथा अलग भएका बालबालिकाहरु सम्बन्धी यो खण्डसँगै सम्मिलित गरिएको यस औजारहरुमा पाउन सकिन्छ ।

तलका तयारी तथा कार्यान्वयनका चरणहरु अन्तर्गत दर्ता सम्पन्न हुन्छ :

पहिलो चरण तयारी : यो चरणमा यी कुराहरु पर्दछन् :

- समन्वय संयन्त्रहरु खडा गर्ने
- उपलब्ध आधारभुत सुचनालाई सुदृढिकरण गर्ने
- कर्मचारीलाई तालिम दिने
- वन्दोवस्तीको प्रवन्ध मिलाउने
- सुचना अभियानहरु सञ्चालन गर्ने

दोस्रो चरण : जनसंख्या निर्धारण

(दर्ता गरिने जनसंख्याको हकको परिभाषा गर्ने)

यो चरणमा यी कुराहरु पर्दछन् :

- समग्रमा अत्याधिक संख्याका मानिसहरु यो खास अभ्यासको चरणमा दर्ता गरिनुपर्दछ
- दर्ताको चरण निर्धारणको चरणको परिणामसँग संयोजन गरिन्छ ।

**तेस्रो चरण : दर्ता**

यो चरणमा यी कुराहरु पर्दछन् :

- परिवार अथवा व्यक्तिको दर्ता
- प्रलेखिकरणको प्रावधान

**चौथो चरण : तथ्यांक राख्ने र विश्लेषण**

यो चरणमा यी कुराहरु पर्दछन् :

- तथ्यांकहरु विद्युतियरुपमा राखिन्छ
- विभिन्न उद्देश्यको लागि सुचीहरु निर्माण
- दर्ता भएको जनसंख्याको एउटा विश्लेषण (प्रोफाइलिङ्ग)

दर्ता तहका यी हरेक चरणहरुलाई तल विस्तृत रुपमा वर्णन गरिएको छ :

पहिलो चरण : तयारी

**सुडानमा सुचना र योजना**

IDP तथा शिविरमा संलग्न सवै निकायहरुसँग नजिकको सहयोगमा सुडानको एउटा IDP शिविरमा योजना तथा ठूलो परिणाममा टाउको गिन्ती र ९३,००० जनसंख्याको दर्तामा सहयोग लिइएको थियो । अभ्यास शुरु गर्नुभन्दा पहिलेका २ महिनाहरु निरन्तर सार्वजनिक सुचना अभियानमा लगाइनुका साथै मुख्य कार्यकारीहरुलाई तालिम दिने तथा पूर्वाधार खडा गर्ने कार्यमा समय लागेको थियो ।

**समन्वय**

दर्ता भौतिक एवं मानव संसाधनका दृष्टिकोणबाट खर्चिलो हुन सक्दछ र ठूलो परिमाणमा वन्दोवस्तीजन्य तयारीहरु आवश्यक पर्दछ । राष्ट्रिय अधिकारीहरु तथा सेक्टर/क्लस्टर प्रमुख

निकायहरु ग्ल्ज्ऋच शरणार्थीको मामलामा शिविर समन्वय निकायको एवं जटिल आपतकालीन अवस्थाहरुमा क्ष्म्ए समेत तथा प्राकृतिक प्रकोपको अवस्थामा IOM शिविर समन्वय निकायको रुपमा सवैको समग्रमा व्यवस्थापकिय जिम्मेवारी रहन्छ । मूल सुचीहरु तथा तथ्यांकको भण्डारण तथा सुरक्षित रुपमा राख्नका लागि जिम्मेवार हुनुपर्दछ । सेवा प्रदायकहरु जो शिविरमा कार्यरत हुन्छन् । तिनिहरुलाई दर्ता प्रक्रियामा प्रत्यक्ष रुपमा सहयोग गर्न प्रोत्साहन गर्ने तथा/अथवा उपलब्ध कर्मचारीहरु अथवा शौचालयहरु पानीको मुहान तथा वुथहरुको दर्ता जस्ता सुविधा उपलब्ध गराएर प्रक्रियालाई सहजीकरण गरिनुपर्दछ ।

**सहभागिता**

सरकारी अधिकारीहरु तथा सेक्टर/क्लस्टर प्रमुख निकायले के सुनिश्चित गर्नुपर्दछ भने अभ्यासको उद्देश्य स्पष्ट छ र शिविरमा कार्यरत निकायहरुबाट सुझाव लिइन्छ । तथ्यांक दर्ता तथा संकलनमा विभिन्न सरोकारालाहरुको आ–आफ्नै विशेष रुचीहरु हुन सक्दछ । उदाहरणको निमित्त सेवा प्रदायकहरुलाई पूरक खाद्य कार्यक्रमहरु, खोप तथा अखाद्य वस्तुहरु (WFI's) सूचीहरु आवश्यक पर्न सक्दछ । बहु दर्ताहरु रोकिनुपर्दछ किनकी दर्ता अभ्यासले मानिसहरुको आवतजावतमा निषेध गर्दछ । सञ्चालित आर्थिक क्रियाकलाहरुलाई अवरुद्ध गर्दछ र मानिसहरुलाई वेवास्ता गरिन्छ भन्ने चिन्ता सृजना गर्दछ ।

विस्थापित जनसंख्याहरु सम्भव भएसम्म शुरुदेखि नै दर्ता प्रक्रियामा संलग्न रहनुपर्दछ । विस्थापित महिला तथा पुरुष दर्ता प्रक्रिया शिविरका वासिन्दालाई सार्वजनिक सुचना सम्प्रेषण तथा दर्तामा पहुँचको अनुगमनको ढाँचा निर्माणमा भाग लिनुपर्दछ । यो विशेष रुपमा महत्वपूर्ण हुन्छ कि महिलाहरु महिला तथा बालिकाहरुलाई दर्ता प्रक्रियाको क्रममा हुनसक्ने सुरक्षा जोखिमका सम्बन्धमा निर्णय प्रक्रियामा भाग लिनुपर्दछ । योजनाले परिचालन क्षमता घटेका मानिसहरु र दर्ता क्रममा उपस्थित नभएकाको लागि विशेष प्रवन्ध मिलाउने सम्बन्धमा विचार गर्नुपर्दछ । दर्ताको लागि योजना गर्दा सदैव ढीला आउने मानिसहरुका निमित्त एउटा ताकेता प्रणालीको विकास गर्नु आवश्यक हुन्छ ।

**महिला तथा बालिकाहरु**

महिलाहरुलाई दर्तामा पहुँच प्राप्त गर्नमा ठूला कठिनाईहरु हुन सक्दछन् । त्यसैले गर्दा दर्ता/प्रमाणीकरण अभ्यास प्रक्रियाको ढाँचा निर्माण गर्न तिनिहरुलाई समावेश गराउनु ज्यादै महत्वपूर्ण हुन्छ । लैगिंक विशेष भूमिकाहरुले महिलाहरुलाई दर्ता प्रक्रियामा भाग लिनबाट हतोत्साहित गर्न सक्दछ अथवा पुरुषहरुले महिलाहरुलाई भाग लिनबाट रोक्न सक्दछन् । दर्ता नभएका महिला तथा बालिकाहरु सहायता र संरक्षणबाट वञ्चित हुन सक्छन् र पछि गएर शोषण तथा दुर्व्यवहारको शिकार हुने नाजुक अवस्थामा पुग्न सक्छन् ।

**संकलन गर्नको लागि सुचना**

सुचना संकलन समय लिने प्रक्रिया हो । यो कुरा स्मरण गर्नु अत्यावश्यक हुन्छ कि जति बढी सुचना संकलन हुन्छ त्यति नै बढी समय आवश्यक पर्दछ । आपतकालीन चरणहरुमा प्रारम्भीक अवस्थामा सदैव समयको अभाव रहन्छ । आपतकालीन अवस्थाको शुरुको दर्ताको निमित्त त्यसैकारणले गर्दा तीव्र घर दर्ता योजना बनाई विस्थापितका लागि खाद्य तथा आधारभूत सेवाहरु जतिसके छिटो शुरु गर्ने कुराको सुनिश्चितताको लागि काम गर्न सिफारिश गरिन्छ ।

एउटा आपतकालीन अवस्थामा घरधुरी तहमा न्यूनतम सुचना आवश्यकताहरु :

- दर्ताको मिति
- घरमूली पुरष अथवा महिलाको नामहरु
- घरको घरमूलीको लिङ्ग
- घरमूलीको जन्म मिति अथवा उमेर
- घर अथवा परिवारको आकार
- शिविरको स्थान र ठेगाना
- लिङ्ग तथा उमेर समूहका आधारमा हरेक परिवार सदस्यको अभिलेख
- क्षेत्र/यातवासको गाउँ
- घरधुरी भित्रको विशिष्ठ आवश्यकताहरु
- तथ्यांक साझेदारीमा परिवारको सहमति

## अस्थायी कर्मचारीको रोजगारी

दर्ताको निमित्त कर्मचारी नियुक्त गर्दा सावधानी अपनाइनुपर्दछ । यसले शिविरका वासिन्दाहरुका अतिरिक्त स्थानीय समुदायलाई समेत समावेश गरिनुपर्दछ ताकि रोजगारीको अवसर बाँडिन सकोस् । कर्मचारीहरुमा आवश्यक मात्रामा महिलाहरुलाई समावेश गरिनुपर्दछ । एउटा दर्ता अभ्यासले धेरै व्यक्तिलाई रोजगारी दिन्छ र विभिन्न निकायहरुसँगै मिलेर काम गर्नुपर्दछ । विभिन्न कार्यहरुको सम्बन्धमा भूमिका र जिम्मेवारीहरु स्पष्ट हुनु अत्यावश्यक हुन्छ र यो विशिष्ठ अभ्यास सञ्चालनको लागि कर्मचारीहरुलाई तालिम दिइनुपर्दछ ।

## दर्ता अभ्यासको समयावधी

कुनै साँस्कृतिक अथवा धार्मिक दिवसहरु अथवा पर्वहरुका सम्बन्धमा दर्ता गर्न नहुने विषयमा सावधान हुनुपर्दछ । त्यसैगरी दर्ताले खाद्यान्न वितरण अथवा खोप शिविर जस्ता अन्य कार्यहरुसँग बाझ्नु हुँदैन भन्ने कुरा सुनिश्चित गरिनुपर्दछ । दर्ता स्थल र निर्धारणस्थल केन्द्रिय हुनुपर्दछ र बजार क्षेत्र जस्ता भीडभाडका ठाउँहरुभन्दा टाढा राखिनुपर्दछ ।

**उपलब्ध आधारभूत सुचना सुदृढीकरण**

अनुमानित जनसंख्याको आकार तथा शिविरभित्र तथा वरिपरिको आयामहरुका सम्बन्धमा न्यूनतम जानकारी विना दर्ता अभ्यासहरु सञ्चालन गर्न सकिदैन । उपलब्ध आधारभूत सुचना सुदृढीकरण गरिनु अभ्यास शुरु गरिनु भन्दा पहिले असल योजनाका लागि अत्यावश्यक छ ।

प्राय गरेर पहिलो दर्ताहरु ऋँए अथवा तिनिहरुका साझेदारहरुले खाद्यान्न वितरणका क्रममा गर्ने गरेको पाइन्छ । यो तथ्यांकलाई थप दर्ता क्रियाकलापहरुको आधारका रुपमा प्रयोग गर्न सकिन्छ । समुदायका नेताहरुसँग नव आगन्तुकहरुको सुची हुन सक्छन् जुन दर्ता अभ्यासको शुरुआतको विन्दुको रुपमा विचार गर्न सकिन्छ । समुदाय तथा समिति नेताहरु दर्ता विशेष आवश्यकताहरु भएका व्यक्तिहरुको पहिचान गर्नमा सहायता गर्न सक्दछन् । यद्यपि समुदायका नेताहरु सदैव आफ्नो समुदायको हितमा काम गर्न सक्दैनन् र नितिहरुको निष्पक्षतालाई वस्तुनिष्ठ कसीमा हेरेर योजना तहको नैरश्यता अथवा निश्चित समूहहरुलाई हुने वेफाइदा रोक्न सकिन्छ । समिति अथवा समुदायका नेताहरुले पेश गरेको दर्ता अभ्यासको आवश्यकतालाई कहिल्यै उन्मूलन गर्न सक्दैन । स्थानीय अधिकारीहरु जोसँग सुचीहरु हुनसक्छ । प्राय गरेर नव आगन्तुक क्ष्मए अथवा शरण माग गर्नेहरुले दर्ताको लागि सम्पर्क गर्न सक्छन् ।

यदि समुदायका नेताहरुबाट अग्रीम रुपमा वितरण गरिएको सुचीहरु शुरुआतको विन्दुका रुपमा उपलब्ध छन् भने दर्ता गरिनुपर्ने विस्थापित मानिसहरुका सम्बन्धमा अनुमान गरिनु आवश्यक हुन्छ । यो अनुमान योजनाका उद्देश्यले महत्वपूर्ण हुन्छ किनकी यसले आवश्यक कर्मचारी संख्या, गाडीहरु, सामग्री खरिद तथा अरु वन्दोवस्ती पक्षहरु निर्धारण गर्दछ । Extrapotation गरेर अथवा कुनै अवस्थाहरुमा हवाई फोटोले समेत अनुमान गर्न सकिन्छ । भ्हतचबउयतबतष्यल एउटा शिविरको निश्चित खण्डको आवासहरु गन्ती गर्दा शिविरको सम्पूर्ण क्षेत्रको हिसाव निकाल्न सकिन्छ । एउटा सानो भू सर्वेक्षणले औसत परिवारको आकार प्रति आवास तथा खाली आवासको औसत प्रतिशत निर्धारण गर्न सकिन्छ ।

**सार्वजनिक सुचना अभियान**

नेतृत्व गर्दा र दर्ताको अवधिमा सुचनाको स्पष्ट र व्यवस्थित सम्प्रेषण गर्नु संवेदनशील हुन्छ र दर्ता अभ्यासको सफलताको एउटा अत्यावश्यक तत्व हो । शिविरका सवै वासिन्दाहरुसँग पुग्नका निमित्त अग्र सक्रिय सुचना अभियानहरु एकदमै आवश्यकताको कुरा हो । सवै विस्थापित मानिसहरुलाई कसको तर्फबाट के भईरहेको छ भन्ने कुरा थापा पाउने अधिकार हुन्छ । एउटा दर्ताको सफलता सुनिश्चितताको कडी भनेको समुदायलाई पारदर्शी तथा समयमै सुचना दिनु हो । सहि सुचनाले चिन्ता घटाउने, गलत बुझाईहरु रोक्ने तथा चुस्त सहयोगलाई योगदान गर्दछ ।

विस्थापितहरु मध्येबाट राखिएको राम्रोसँग तालिम प्राप्त कर्मचारीहरु शिविरका सवैतिर सन्देश फैलाउन जानुपर्दछ । विभिन्न तरिकाहरु र माध्यमहरु जुन समुदायका लागि सुहाउँछ सो प्रयोग गर्नुपर्दछ । त्यसैकारणले तिनिहरुलाई समुदायका साँस्कृतिक तथा परम्परागत तरिकाहरुका सम्बन्धमा तिनिहरुलाई जवाफ दिन सक्ने बनाउनको लागि र उच्चतम प्रभाव पार्नको लागि तालिम प्रदान गरिनुपर्दछ । ती सञ्चारकर्ताहरु सुचनाका लागि प्रश्नको जवाफ दिनको लागि र सहभागिता प्रोत्साहन गर्नका लागि खासगरी महिलाहरुको सुचना दिनको लागि अत्यावश्यक हुन्छन् । यसका अतिरिक्त सुचनाकर्ताहरु अवास्तविक अपेक्षाहरु हटाउन र गलत खालका आफवाहहरुलाई सम्बोधन गर्नको निमित्त समेत आवश्यक हुन्छ ।

**समुदायलाई दिइने सुचना सदैव यस कुरामा स्पष्ट हुनुपर्छ :**

- किन र कुन आधारमा दर्ता सम्पन्न गरिएको हो
- संकलित सुचना कोसँग साझेदारी गरिन्छ
- को दर्ता गरिन्छन् (व्यक्ति/घर)
- मानिसहरुको दर्ता नगर्ने अधिकार हुन्छ र दर्ता नगरे वापतको परिणामका सम्बन्धमा जानकारी हुनुपर्दछ
- दर्ता नि:शुल्क हुनुपर्छ
- दर्ता प्रक्रिया सवै समूहहरुलाई खुला हुनुपर्छ लिङ्ग, जात, उमेर, धर्म तथा अरु विशेषताहरुलाई वास्ता गरिदैन यदि आधारहरु भित्र उनीहरु पर्छन् भने
- कसरी उजुरी कार्यविधिहरुले काम गर्दछ
- समय, स्थान र प्रक्रिया पद्धति तथा सामग्रीहरुका अतिरिक्त

सुचना सम्प्रेषण रेडियो, बैठकहरु तथा पोस्टरहरु आमसभाहरु, धार्मिक संस्थाहरु मार्फत पानीको मुहानहरुमा स्कुल तथा वजारहरुमा एवं बारम्बार भ्रमण गरिने सार्वजनिक क्षेत्र माफृत गर्न सकिन्छ । अग्र सक्रिय अभियानको अतिरिक्त हुन गईरहेको दर्ताको सम्बन्धमा सवै सुचनाहरुलाई शिविर व्यवस्थापन निकायको कार्यालय बाहिर जस्तो देखिने ठाउँमा टाँस्नुपर्छ

समय ज्यादै महत्वपूर्ण हुन्छ । ढिलो सुचना दिने काम रोक्नुपर्छ किनकी मानिसहरु दर्ताको लागि पहिल्यै नै आउने योजना गर्न सक्दछन् तर एकदमै अगाडी पनि घोषणा गर्न रोक्नुपर्छ । किनकी मानिसहरुले महत्वपूर्ण कुराहरु विर्सन सक्छन् । यदि निर्धारण गर्ने कुरा प्रक्रियाको भागको रुपमा योजना गरिएको छ भने निर्धारणको वास्तविक मिति अन्तिम क्षणमा दिनुपर्छ ताकि नक्कली दर्ता न्यून होस् जस्तो घरको संख्या वढाउन अरु परिवारहरुबाट बालबालिकाहरु ल्याउने काम । यद्यपि यो आश्चर्य तव्व वासिन्दाहरुसँग सञ्चार भएको हुनुपर्छ

### शिविर ठेगाना

शिविर व्यवस्थापन निकायको शिविरमा ठेगाना पद्धति स्थापना गर्ने जिम्मेवारी रहन्छ । विस्थापित मानिसहरुको हरेक व्यक्तिको सरह ठेगाना प्राप्त गर्ने अधिकार हुन्छ । एउटा ठेगानाले विस्थापितलाई अरुसँग सञ्चार गर्न र अरुलाई विस्थापितसँग सम्पर्क गर्न सम्भव वनाउँदछ । अझ उपयुक्त संरक्षण र सहायता एवं विशेष आवश्यकताहरुको सम्बन्धमा ताकेता गर्न समेत यो आवश्यक हुन्छ । उपयुक्त शिविर ठेगाना प्रणालीले निर्धारण, दर्ता र प्रमाणीकरण प्रक्रियालाई व्यवस्थापन गर्न सजिलो हुन्छ ।

### दोस्रो चरण : निर्धारण (Fixing) अथवा दर्ता गर्नुपर्ने जनसंख्याको पहिचान

निर्धारण (Fixing) भन्ने शब्द दर्ताको उद्देश्यका निमित्त अस्थायी तवरले रोक्का अथवा निर्धारण गर्ने प्रक्रियालाई बुझाउन प्रयोग गरिन्छ । निर्धारण गर्ने विभिन्न तरिकाहरु छन् । सुचीहरु पनि हुन सक्दछन् जुन शुरुआतको विन्दुको रुपमा प्रयाग गर्न सकिनछ उदाहरणको निमित्त, विश्व खाद्य कार्यक्रम तथा अरु आद्य वितरण निकायहरुको वितरण सुचीहरु हुन सक्छन् अथवा अुनायका नेताहरुको तिनिहरुको समुदायका विस्थापित व्यक्तिहरुको सुची हुन सक्दछ । जव पहिल्यै नै भएको वितरण सुचीलाई शुरुवातको विन्दु मानिन्छ यो एकदमै आवश्यक हुन्छ कि सुचीमा नपरेकाहरुको बारेमा निर्णय तथा निर्धारण गर्न अर्को एउटा प्रक्रिया पनि हुन्छ । यो एकदमै महत्वपूर्ण हुन्छ जस्तो सवै विस्थापित व्यक्तिहरु राशन कार्डका लागि ग्राह्रय हुदैनन् अथवा समुदायका नेताहरुले दर्ता गरेका हुन सक्दछन् । बैकल्पिक रुपमा यदि शिविर ठेगाना पद्धति छ भने परिवारलाई शिविर ठेगाना सुचीहरुबाट निर्धारण गर्न सकिन्छ ।

पहिल्यै सुची नभएको अवस्थामा निर्धारण गर्दा टोकनहरु दिने अथवा नवाङ्गिने नाडीमा लागने चुडी (धचष्कतदबलम) प्रयोग गर्न सकिन्छ । जसलाई दर्ता गर्दा हटाउन सकिन्छ । निर्धारण गरिएको टोकन सामान्यतया घरको प्रतिनिधिलाई निर्धारणको क्रममा घरको व्यक्तिहरुको संख्या हेरेर निश्चित गरेपछि प्रदान गरिन्छ । अरु परिवारका सदस्यहरुलाई दैनिक काम गर्न छाडेर दर्ताको

पहिलो चरणमा घरको एउटा प्रतिनिधि मात्र देखा परे हुन्छ। हरेक व्यक्तिका लागि चुडी प्रयोग गरिन्छ । त्यसपछि दोस्रो तहको दर्ताको चरणमा सवै व्यक्तिहरु दर्ताको लागि आफै देखिनुपर्दछ । चुडी बङ्गयाइनु हुँदैन । कुनै विग्रेको चुडी दर्ताको लागि स्वीकार गरिइदैन ।

निर्धारण केन्द्रिय रुपमा अथवा घर दैलो भ्रमण गरे संगठित गर्न सकिन्छ । शिविरका बासिन्दाहरुलाई शिविरभित्र कुनै एउटा तोकिएको ठाउँमा आउनको लागि अनुरोध गर्न सकिन्छ । तोकिएको ठाउँ पार गरि सकेपछि घरको हरेक सदस्यलाई व्यक्तिगत रुपमा भेट्न नसकिने मसीले चिनो लगाउनु पर्दछ अथवा टोकन अथवा चुडी लिनु पर्दछ । यो अभ्यास कुनै एउटा विशेष पूर्वाधारको निर्माण विचा सञ्चालन गर्न सकिन्छ । जस्तो कि उपलब्ध विद्यालयहरु अथवा आद्य वितरण केन्द्रहरु । बैकल्पिक रुपमा ठूलो संख्यामा कर्मचारीहरु घरमा भ्रमण गर्न सक्छन् । जनसंख्या निर्धारण गर्न र हरेक आवासमा वस्ने व्यक्तिहरुको टाउको गिन्ति गर्न सक्छन् । यो पद्धति खास गरेर त्यस्तो स्थानहरुका लागि मान्य हुन्छ जहाँ एउटा राम्रो शिविर फैलावट र काम गरिरहेको ठेगाना पद्धति हो । यो पद्धति यद्यपि घर घरमा तीव्र रुपमा जानको लागि ठूलो संख्यामा कर्मचारीहरु आवश्यक पर्दछ । निर्धारण केही घण्टाहरु भित्रै सम्पन्न गरिनुपर्दछ तथा वढीमा एक दिन हुनसक्छ । लामो समयको प्रतिक्षा रोक्न तथा जाली तथा दोहोारो निर्धारण रोक्नको लागि । हरेक निर्धारण विन्दुमा एउटा सुपरिवोक्षक रहनुपर्दछ । प्रक्रिया हेर्न र निर्धारण टोकनहरु तथा/अथवा चुडीहरु नियन्त्रण गर्नका लागि । यो तहमा भएको गल्तीहरु दर्ताको प्रक्रियामा सच्याउन गाह्रो हुन्छ ।

सवै तयारीका बाबजुद पनि कुनै दर्ता अभ्यासभन्दा अगाडी वासिन्दाहरुको संख्या बढ्न सक्छ । छिमेकी शिविरहरु अथवा गाउँका व्यक्तिहरु निर्धारणको समयमा आउन सक्छन् । यस कारणले गर्दा तान्ने तत्वहरु घटाउनको निमित्त कहिलेकाही यो आवश्यक हुन्छ कि धेरै शिविरहरुमा सँगसँगै निर्धारण कार्य सञ्चालन गरिनुपर्दछ जुन एक अर्काका नजिक छन्। उद्देश्य परकतामा ध्यान दिइनु आवश्यक भएतापनि समुदायका नेताहरुले कहिलेकाही आफ्नै घर क्षेत्रका विस्थापित व्यक्तिहरुलाई योग्य प्रमाणित गर्नका निमित्त मद्दत गर्न सक्छन् । निर्धारणको अन्त्यमा कसरी निर्धारण टोकनहरु संगठित गरिएको छ त्यसमा भर पर्दछ । वास्तविक जनसंख्याको आकारको एउटा परिदृश्य एवं लिङ्ग तथा उमेर समूहहरु विचको विभाजन उपलब्ध हुन सक्दछ । टोकन अथवा बाला जेसुकै होस् यो सल्लाह दिइन्छ कि हानी रहित तरल जस्तो मेट्न नसकिने अथवा अदृश्य मसी प्रयोग गर्न सकिन्छ । दोहोरो निर्धारण रोक्नका लागि जुन हातहरुमा अथवा प्रौढहकको औंलाको नङमा तथा वच्चाहरु अथवा साना बालबालिकाको गोलीगाँठो (बलपभि) मा प्रयोग गर्नुपर्दछ । जस्तोसुकै तरिका भएतापनि निर्धारण वहु दर्ता रोक्नको लागि शिघ्र सम्पन्न गरिनुपर्दछ । यद्यपि व्यक्तिहरुलाई मसी अथवा कुनै तरल पदार्थले चिनो लगाउने कार्यलाई अपव्याख्या अथवा परम्पराको विरुद्ध भनि ठान्न सकिने अवस्था पनि हुन सक्छ र त्यहाँ तरल पदार्थले हानीकारक असरहरु उत्पन्न हुन सक्छन् भनि डरहरु

पनि हुनसक्छ । यो र यस्तै तरिकाहरुका सम्बन्धमा छलफल हुनुपर्दछ र समुदायलाई यसको प्रयोगको अगावै ब्याख्या गरिनुपर्दछ । सम्झनुपर्ने कुरा यो छ की मेट्न नसकिने मसी तथा अदृश्य अथवा मसी थुमी ल्याम्प अदृश्य मसीहरु हेर्नको लागि आवश्यक पर्दछ । विशिष्ठ उत्पादनहरु हुन् जुन विदेशबाट झिकाइनुपर्दछ र यो ठाउँमा आई पुग्नको लागि प्रशस्त समयहरु आवश्यक पर्दछ ।

घट्दो आवतजावत भएका व्यक्तिहरुलाई विशेष ध्यान दिनु आवश्यक हुनुपर्दछ । ओछ्यान परेका व्यक्तिहरु अथवा अपाङ्गता भएका व्यक्तिहरुलाई घुम्ती टोलीहरुले निर्धारण गरी दर्तामा समावेशीलाई सुनिश्चित गर्न सकिन्छ । घुम्ती टोलीहरुमा घुम्ती क्लिनिक हुनुपर्छ र त्यस्ता व्यक्तिहरु निर्धारण गर्न व्यक्तिगत आवासहरु हुनुपर्दछ । स्वास्थ्य निकायहरु तथा समुदायका नेताहरुसँग सम्बन्ध निर्धारण अभ्यासको निम्ति नजिकको सम्पर्कमा रही काम गर्नु आवश्यक छ ।

हावापानीमा भर परेर वर्षा, गर्मी अथवा चीसोको विरुद्ध संरक्षण सुनिश्चित गरिनुपर्दछ । गर्मी मौसममा छहारी छ र चिसो क्षेत्रमा तातो उपलब्ध गराइनुपर्दछ । हरेक निर्धारण विन्दुमा पानी र शौचालयको पहुँच हुनु आवश्यक पर्दछ ।

**तेस्रो चरण : दर्ता**

**दर्ता पद्धति**

जनसंख्या निर्धारण गरी सकेपछि वास्तविक दर्ता शुरु हुन्छ । मानिसहरुलाई लाइनमा प्रतिक्षा गर्ने समय घटाउनका निमित्त शिविर ठेगानाहरुद्वारा दर्ता सञ्चालन गरिनुपर्दछ जस्तो कि ब्लक, सेक्टर अथवा शिविर क्षेत्र अथवा बैकल्पिक रुपमा निश्चित परिवारको आकारहरु । बृद्ध मानिसहरु अथवा शिशुहरु भएको घरहरुलाई विशेष ध्यान दिनुपर्दछ अथवा एउटा छुट्टै पालो (queue) ।

दर्ता कार्यका लागि दर्ता कार्यालयहरु अथवा दर्ता विन्दुहरु आवश्यक पर्दछ जुन यति सरल हुनसक्छ जति एउटा दर्ता ब्लक खुल्ला हावाको पछाडि एउटा डेस्कमा रहन्छ । प्रमाणीकरण गरिएका व्यक्तिहरु मात्र भौतिक उपस्थिति हुनुपर्दछ र निर्धारण गरिनुपर्दछ । शिविरभित्र दर्ता गरिनुपर्दछ ।

जवकी घुम्ती दर्ता टोलीहरु अपाङ्गता विरामी अथवा बृद्ध उमेरका कारणले गर्दा उपस्थित हुन नसक्ने व्यक्तिहरुलाई दर्ता गर्नको लागि यताउता जानेछन् ।

यदि पूर्व निर्धारण विना दर्ता सञ्चालन गरिन्छ । भौतिक रुपमा दर्ताको दिन उपस्थितहरुको मात्र दर्ता गरिनुपर्दछ । दर्ता गर्ने ठाउँमा आउन नसक्ने मानिसहरुको सूची स्वास्थ केन्द्र अथवा नेतृत्वद्वारा अभ्यास शुरु हुनुभन्दा अगाडी नै उपलब्ध गराइनुपर्दछ ।

हरेक दर्ता गर्ने ठाउँमा एउटा कर्मचारी प्रश्नको जवाफ दिन, प्रक्रियाको व्याख्या गर्न र प्रतिक्षास्थल संगठीत गर्नको लागि उपलब्ध हुनुपर्दछ । सबै कर्मचारीहरु सबै समयमा चिन्न सकिने हुनुपर्दछ उदाहरणको लागि पहिरनमा टी शर्टहरु, टोपीहरु अथवा गन्जीहरु अथवा तिनिहरुको परिचय पत्र देखाउनुपर्दछ ।

**दर्तामा पहुँच सुनिश्चितता : स्थलगत आवाज**

दर्ताको क्रममा शिविर व्यवस्थापन निकायलाई जानकारी दिइएको थियो कि अधिकारीहरुले एउटा एकल महिला मुली भएको घरलाई घरको रुपमा दर्ता गर्ने थिएनन् । यदि एकल महिलाको एउटा छोरा छ भन्ने तिनिहरुले छोराको नाममा घर दर्ता गर्दथे । यसको अर्थ यो हुन्थ्यो कि सरकारी दर्ताहरुमा एक महिला मूली भएको घरको अभिलेख थिएन जसको असरहरु परेको थियो र सरकारी तथ्यांकहरु र अरु स्रोतको तथ्यांकहरु विच भिन्नता रहन पुग्यो ।

२) **कागजात जारी गर्ने**

दर्ता सम्पन्न भईसकेपछि घर मूलीको नाममा कागजात जारी गरिनुपर्दछ अथवा कुनै अवस्थाहरुमा हरेक व्यक्ति/परिस्थितिमा तथा वातावरणलाई मध्यनजर गर्दै कागजात एउटा बाहकपत्र हुन सक्दछ जस्तो राशन कार्ड तथा/अथवा दर्ता कार्ड । यदि परिस्थिति अनुकुल छ भने पुरुष तथा महिला दुवैसँग परामर्श गरेर वाहक पत्र जारी गर्नु बान्छनिय हुनसक्छ । खास गरी राशन कार्डहरु घरको महिला घर मूलीलाई अरु पुरुष घरमूली भएको अवस्थमा समेत महिलाहरु पुरै नभएपनि अधिकांश रुपमा खाना वनाउने र वितरण गर्ने कामका लागि जिम्मेवार हुन्छ । महिलाहरु तथा तिनका बालबच्चाहरुले अप्ठ्यारो अवस्थाको सामना गर्नुपर्दछ । यदि लोग्नेले छाड्छ भने एक्लै राशन कार्ड लिएर जान्छ भने अथवा यदि लोग्नेको मनमा परिवारको चासो छैन भने । त्यस्तो अवस्थाहरु जहाँ यो साँस्कृतिक रुपमा स्वीकृत गरिदैन ।

वाहक पत्रमा दुवै परिवार । घर मूलीहरुको नाम उल्लेख गरी लैगिंक समानताको प्रवर्द्धन र कार्डमा समान पहुँच स्थापित गर्नुपर्छ

**शिविर दर्ता कार्डहरु**

शिविर दर्ता कार्डहरु शिविरका वासिन्दाहरलाई तिनिहरुको वसोवासको निश्चित गर्न वाहक/राशन कार्डका अतिरिक्त जारी गर्न सकिन्छ । यो उपयोगी हुनसक्छ । उदाहरणको निमित्त जव सवै शिविरका वासिन्दाहरु खाद्य सहयोगका लागि योग्य हुदैनन् तर शिक्षा अथवा स्वास्थ्य जस्ता अरु सहयोगका हुनसकछ । शिविर दर्ता कार्ड एउटा एउटा अवस्था अनुरुप आकंलन गरिनुपर्छ । यसको निम्ति एउटा विश्लेषण आवश्यक छ जुन तत्कालिन अवस्थमा रहेका त्यस्तो कार्ड जारी गर्दाका सकारात्मक तथा नकरात्मक असरहरु सम्बन्धमा शिविर दर्ता कार्डहरु परिचय पत्र अथवा हैसियत कागजात जसले व्यक्तिको हैसियत निर्धारण गर्दछ जस्तो की संरक्षण पत्रहरु अथवा प्रमाणित चिठ्ठीहरु सरकार/ग्ल्ञ्ञ्च ले शरणार्थीहरु/शरण माग्नेहरुलाई तिनिहरुको शरणार्थी/शरण माग्ने हैसियतको प्रमाणको रुपमा जारी गरेको हुन्छ । अथवा सरकारद्वारा त्यो व्यक्ति तिनिहरुको देशको नागरिक हो भनि सुनिश्चित गरेको हुन्छ ।

हरेक कार्डसँग जाने सुचनालाई अथवा अवस्था अनुसार आकंलन गरिनु आवश्यक हुन्छ किनकी हरेक अवस्थाले फरक खालको तथ्याकं माग्दछ । यद्यपि कार्डले अनावश्यक रुपमा त्यस्तो सुचना राख्नु हुदैन जसले स्वास्थ्य सुचना जस्ता गोप्य सुचना उपलब्ध गराउँछ अथवा विस्थापित व्यक्तिलाई जातीयता जस्ता निश्चित परिवेशका सुचना उल्लेख गरी नाजुक अवस्थामा पुऱ्याउँछ । व्यक्ति/परिवारको गोपनियताको सम्मान गर्दै उद्देश्यको लागि आवश्यक भन्दा वढी सुचना राखिनु हुँदैन । कतिपय अवस्थाहरुमा संरक्षण्को प्रयोजनको लागि व्यक्तिको नाम अथवा अरु व्यक्तिगत विवरणको सट्टा दर्ता नम्बर छापिनुपर्छ जुन त्यसपछि तथ्यांकसँगै प्रयोग गर्न सकिन्छ । अरु आवश्यकता कार्डमा तलका सुचनाहरु अट्न सक्छन् । घर मूलीहरुको

- घर मूलीहरुको नाम (कुनै अवस्थाहरुमा परिवारका सवै सदस्यहरु)
- शिविरको अवस्थिति तथा/अथवा शिविर ठेगाना
- घरको आकार र पाँच वर्ष मूनिका बालकको संख्या
- जारी गरिएको मिति
- जारी कोद्वारा भएको (निकाय/कर्मचारीको नाम)
- समाप्ति मिति (करिव ६ महिनादेखि १ वर्षसम्मको चक्र)

- कार्यक्रमजन्य सुचना (जस्तो स्वास्थ्य तथा पोषण अथवा उमेर समूह)
- परिवारभित्र निश्चित विशिष्ठ आवश्यकताहरु सम्बन्धी सुचना (जस्तो शारीरिक अपाङ्गता, मानसिक अपाङ्गता, अलग्गिएको वच्चा अथवा बृद्ध व्यक्ति)

**जाली दर्ता**

एउटा दर्ताले सामान्यतया अधिकारहरुमा पहुँच प्रदान गर्दछ । जाली काम गर्ने प्रयास पनि हुनसक्छ । उदाहरणको लागि नक्कली शिविर दर्ता कार्डहरु अथवा बाहक कार्डहरु उत्पादन गरी वितरण हुनसक्छ । मानिसहरुले स्थानीय समूदायका परिवारका सदस्यहरु ल्याएर घरको आकार वढाउन सक्छन् । शिविर व्यवस्थापन निकायले निश्चित समय मिलाई अभिलेख अद्यावधिक गर्ने तथा हराएको वा नष्ट भएको शिविर दर्ता कार्डहरु अथवा वाहक कार्डहरु वदल्नुपर्छ । मानिसहरुले नक्कली नामहरुले दर्ता गर्ने प्रयास गर्न सक्छन् । अरु सुचीहरुसँग छड्के जाँच गर्नुपर्छ अरु सुचीसँग । सुव्यवस्थित निर्धारण गनै सवै दर्ताहरुको सफलताको कडी हो । निरन्तर सुचना अभियानहरु तथा नव आगन्तुकहरुका लागि सुचना केन्द्रहरुले जाली अथवा गैरकानूनी कार्ड हस्तान्तरण सिमित गर्न सहयोग गर्न सक्छ ।

**कति बालबालिका स्थलागत आवाज**

वढी खाद्यान्न अथवा NFJs पाउनका लागि घर मूलीले तिनिहरुको परिवारको आकारको सम्बन्धमा सधैं सत्य सुचनामा नअडिन सक्छन् । चारवटा वच्चाहरु सजिलै छवटा हुनसक्छ । परिवारका सदस्यहरुका सम्बन्धमा प्रमाणीकरण गर्न तथा खडा गर्न त्यस्तो अवस्थाहरुमा ज्यादा चुनौतीपूर्ण हुन्छ जव कागजातहरु तथा परिचय पत्र हराउँछ । एउटा देशमा के भयो भने शरणार्थीहरुले सडक बालक राजधानीबाट शिविरमा तिनिहरुको आृनै वच्चा हो भनि दर्ता गर्न ल्याए । यदि तिनिहरु सफल भएको भए बच्चाहरु चाँडै हटाइने थिए । कर्त विचमा अथवा कतै पनि हैन । तिनिहरुको आवश्यकता नै पर्दन थियो । भाग्यवश अधिकांश यी अवस्थाहरुमा दर्ता अधिकृतले ड्यूटीमा भएको बखत नै फेला पार्‍यो ।

**खाली आवास ? स्थलगत आवाज**

निर्माणस्थलका नेताका अनुसार २५ वटा परिवारहरुले वढी परिवार कार्डहरु राखी रहेका छन् । तिनिहरुका आफन्तले ठाउँ छाडिसकेपछि पनि । यसले तिनिहरुलाई खाली आवासमा निरन्तर पहुँच पु¥याउन र अझै वितरणको क्रममा सहायता माथि गर्न सक्षम वनाउँछ । क्ष्मए नेताले भन्यो की उले एक ठाउँमा खाली आवास गर्न खोज्यो तर त्यस ठाउँका अरु सदस्यहरुले उसलाई रोकेका थिए । तिनिहरुले उसलाई भनेकी आवासहरु खाली थिएनन् । तिनिहरुको आफन्त काममा मात्र गएका थिए । साँझमा फेरी फर्कने वाला थिए । अव हामी देख्न सक्छौं खाली छाप्राहरुको सामग्रीहरु बुटिएको पनि हेर्न सक्छौं ।

हरेक दर्ता अभ्यासको योजनाको चरणमा संभावित कमजोरीको विन्दुहरुका सम्बन्धमा विश्लेषण गरिनुपर्दछ । यसले कर्मचारी संलग्न रहेको जाली कामलाई रोक्ने उपाय दिनुपर्दछ । उदाहरणको लागि कर्मचारीको पटक पटक वदली र जाली काम गराउन सहयोग गर्न स्पष्ट कार्य विभाजन । यसले शरणार्थीहरु अथवा स्थानीय मानिसहरुलाई अस्थायी तवरले भाडामा लिई दर्ता अभ्यासको लागि अधिकारी कहाँ लैजाने जस्तो कि वाहक कार्ड अथवा दर्ता तथ्यांक संकलन गर्ने जस्ता कार्यलाई रोक्नुपर्छ । बलियो सुपरिवेक्षण र एउटा स्पष्ट उजुरी संयन्त्रहरु केही महत्वपूर्ण पक्षहरु हुन् ।

खेदजनक रुपमा विगतमा धेरै दर्ता अभ्यासहरुमा कर्मचारीहरु संलग्न रहेको जाली कामका घटनाहरु पनि प्रशस्तै प्रतिवेदन गरिएका छन् । यसले अयोग्य व्यक्तिहरुको समावेश, परिवार आकारमा स्फीति अथवा पक्षपात अथवा घुसको वदलामा बाहक पत्र जारी गरिदिने गलत काम भएको हुनसक्छ । कर्मचारीहरुलाई सुचित गरिनुपर्दछ कि गलत आचरण र अनुपयुक्त स्वभावका परिणामहरुको कुनै पुष्ट्याई हुन सक्दैन । सवै कर्मचारीहरु यो उद्देश्यका लागि मात्र राखिएका समेतलाई आचारसंहितामा हस्ताक्षर गराइनुपर्दछ र यो सन्देश दर्ता तालिमका समयमा स्पष्ट रुपमा दिइनुपर्दछ ।

ताकेता विधि सहितको उजुरी संयन्त्रले विस्थापित व्यक्तिहरुको मर्यादा रक्षा गरी तिनिहरुलाई सक्रिय रुपमा आृनो गुनासाको आवाज उठाउन सहयोग गर्दछ । एउटा उजुरी संयन्त्रको स्थापनाले निकायहरुले हुनसक्ने गल्तीहरुप्रति जवाफदेही वनाउने तथा तिनिहरुलाई सच्याउने तयारीलाई झल्काउँछ । शिविर अवस्थाहरु तथा विस्थापन हुने वित्तिकै मानिसहरु प्राय: ज्यादै नाजुक अवस्थामा पुग्दछन् र दर्ता प्रक्रियाद्वारा हतास वनाइने क्रम पनि उच्च हुने संभावना

हुन्छ । उजुरी संयन्त्रहरुले मानविय निकायहरुको विस्थापित व्यक्तिहरुप्रतिको एउटा खालको उत्तरदायित्वलाई सुनिश्चित गर्ने उपाय वन्दछ ।

मानिसहरुलाई उजुरी दर्ता गराउने विधिहरुको स्थापना गर्ने पहलहरु गरिनुपर्दछ । आरोपित रुपमा हराएका मानिसहरुको प्रतिवेदन अथवा दर्ता कर्मचारीको खराव आचरण । माीनसहरुलाई सुधारका लागि सुझाव दिन समेत उत्साहित गर्नुपर्दछ । उजुरी प्रक्रियाहरु उपयुक्त विधिहरु सहितको प्रभावकारी ताकेतालाई समावेश गरिनुपर्दछ ।

**उजुरी संयन्त्रहरुले यी कार्य गर्नु पर्छ :**

- एउटा स्तरीय उजुरी फाराम तर प्राप्त सवै उजुरीहरुलाई हेर्ने ढाँचा वेगर भएपनि
- उजुरी गर्ने मानिसहरुलाई तिनिहरुको परिचय खुलाउने मौका दिने । घटीमा पनि व्यवस्थापनलाई तिनिहरुको परिचय गोप्य राख्ने । उनीहरलाई प्रव्याक्रमणको डर जस्ता कुराहरुलाई सम्मान गर्ने ।
- उजुरी एउटा कर्मचारी मार्फत गर्ने प्रावधान राख्ने जसका विरुद्ध उजुरी गरिन्छ उसलाई बाहेक गर्ने
- उजुरी सिधै दर्ता व्यवस्थापक कहाँ अथवा दर्ता तथा सो कार्यसँग सम्बन्धित जिम्मेवारी हेर्ने कर्मचारी कहाँ सिधै पुग्ने व्यवस्था सुनिश्चित गर्ने
- दर्ताजन्य क्रियाकलापहरुमा भएको दुर्व्यवहारका सम्बन्धमा जो कोहीलाई खवर गर्न उत्साहित गर्ने नाम अज्ञात राख्ने खवर दिइनुपर्दछ जसले निकायहरुलाई निश्चित समस्याको बारेमा ध्यानाकर्षण गराउँछ जुन अन्यथा थाहा नहुन सक्थ्यो ।

- ➢ **उजुरी संयन्त्र स्थापना गर्नु शिविर व्यवस्थापन निकायको एउटा महत्वपूर्ण कार्य हो । थप जानकरीका लागि हेर्नुहोस खण्ड ३**

**सुरक्षाबारे ध्यान दिनुपर्ने कुराहरु**

प्रक्रियाको हरेक पाइलामा कर्मचारी तथा विस्थापित समुदायको सुरक्षालाई ध्यान दिइनुपर्दछ । भैपरी योजनाहरु वनाइनुपर्दछ । प्रभावकारी भीड नियन्त्रण तथा सवै दर्ता अभ्यासका सहभागीहरुलाई स्पष्ट निर्देशनहरु दिनुपर्दछ कि कसरी आक्रमक भीडहरु अथवा रिसाएको व्यक्तिहरुसँग काम गर्ने अथवा संभावित बाधाकारी भीडहरुसँग उतिकै महत्वपूर्ण कुरा प्रशस्त सेवाहरुको उपलब्धता हो । अपर्याप्त पिउने पानी, छहारी अथवा वर्षाको ओतका अभावले आक्रोश र तनाव बढाउन सक्छन् । पर्याप्त सुविधाको अभावले कर्मचारी सुरक्षामा सम्झौता हुनसक्छ । अपर्याप्त विश्रामको समय, कर्मचारीको

खाना अथवा पेयपदार्थ जस्ता कुराहरुले पनि एउटा दर्ता अभ्यासलाई अवरुद्ध गर्न सक्छ र कर्मचारी तथा विस्थापित व्यक्तिको सुरक्षालाई खतरामा पार्न सक्छ ।

**चौथो चरण : तथ्यांक राख्ने र विश्लेषण**

प्रमुख सरोकारवालाहरुसँगको समन्वयमा दर्ताको क्रममा संकलित तथ्यांकलाई कम्प्युटरमा राखेर तथ्यांकमा समावेश गरिनुपर्दछ । तथ्यांक साधारण (Excel Sheet) एक्सेल एउटा एक्सेस तथ्यांक (Acess database) हुनसक्छ जसको लाइसेन्सको असर हुनसक्छ अथवा अरु प्रकारले विकास गरिएको तथ्यांकहरु हुनसक्छ । धेरै अवस्थाहरुमा कार्यस्थलमा तथ्यांक राख्ने क्षमता र आवश्यकतालाई डिजाइन गर्नु भन्दा पहिले नै आकंलन गरिनुपर्दछ । एक्सल शीटहरु राख्न सजिलो हुनुका साथै धेरै देशहरुमा तिनिहरुको प्रयोग सुपरिचित छ ।

तथ्यांकले जनसांख्यिक सुचनालाई मिलाउन र विश्लेषण गर्न सघाउ पुर्‍याउँछ र वितरणको लागि रुजु शिटहरु वितरण गर्न सकिन्छ । एउटा तथ्यांकले शिविरका वासिन्दाहरुको बारेमा पहुँच योग्य परिदृष्य दिन्छ । योजना तथा कार्यक्रम निर्माणका लागि चाहिने छुट्टयाइएको तथ्यांक बनाउन र दुरुस्तता अद्यावधिक गर्न समेत प्रयोग गर्न सकिन्छ ।

एउटा शिविरमा एउटा तथ्यांक र एउटा केन्द्रिय दर्ताले एकभन्दा वढी ठाउँमा दोहोरो दर्तालाई प्रमाणीकरण गर्न सहजीकरण गर्छ । हराएको अथवा चोरिएको कार्ड रद्द गर्न यो पद्धति मार्फत सजिलै सकिन्छ । एउटा तथ्यांकले वढी विकसित दर्ता पद्धतिहरु प्रयोगमा सहजीकरण गर्न सक्दछ जस्तो कि डिजिटल । भू–सुचना प्रणाली (GIS) प्रविधिहरुले संकलित सुचनाको विश्लेषण गर्न सहज वनाउँछ जस्तो कि शिविरको घनत्व र उपलब्ध पूर्वाधारको विचको सम्बन्ध देखाउन । अख्तियारी प्राप्त व्यक्तिहरुलाई मात्र तथ्यांकमा पहुँच हुनुपर्दछ तथा टिप्पणीमा उल्लेख भए जस्तै तथ्यांकको गोपनियता तथा तथ्यांक साझेदारी र व्यापकरुप आवश्यकताका लागि कडा खटिन स्थापित पारिनु पर्दछ ।

विशिष्ट आवश्यकताहरु भएका व्यक्तिहरुको भू–सुचना प्रणाली नक्शांकन (GIS mapping) बाट मानिसहरुलाई जोखिममा पार्न सक्ने कुरामा सचेत वन्नुहोस् । नक्शांकन गरिएको सुचनालाई होशियारीपूर्वक हटाइनुपर्दछ । यद्यपि यसले महत्वपूर्ण ठाउँको जि.आई.एस. तथ्यांक लिन बाहेक गर्दैन अथवा ब्लक/समुदाय तहको जुन वढी नाजुक अवस्थामा रहेका व्यक्तिहरुलाई इंगित गर्दैन ।

**तथ्यांक गोपनियता र तथ्यांक साझेदारी**

दर्तामा संलग्न अभिलेख गरिएको घर तथा व्यक्तिहरुको तथ्यांक दर्ता सुचनाका सवै प्रक्रियाहरुको सुचना तथ्यांक संरक्षण सिद्धान्तहरु र व्यक्तिको गोपनियताको अधिकारलाई कडा रुपमा पालना गर्नुपर्दछ । दर्ता तथ्यांकलाई राम्रोसँग सञ्चालन गरिनुपर्दछ र भण्डारमा गरिएको लाई अनधिकृत व्यक्तिहरुको पहुँचबाट रोक्नुपर्दछ ।

दर्ता सुचना सञ्चालन गर्ने कर्मचारी संख्या सिमित हुनुपर्दछ र निकाय प्रमुखको समग्र सुचनाको सुरक्षित राख्ने जिम्मेवारी रहन्छ । गोपनियता तथा संरक्षण चासो दुवैलाई ध्यान दिनुपर्दछ जव अरु निकायहरु अथवा अधिकारीहरुसँग सुचना बाँडिन्छ । यो कुराको बारेमा गलत बुझाईहरु रोक्नका निमित्त शुरुमा नै शिविर दर्ता अभ्यासमा भाग लिने विभिन्न निकायहरु विच छलफल चलाई सहमति कायम गरिनुपर्दछ । यसका अतिरिक्त जति सम्भव हुन्छ वास्तविक दर्तामा गोप्यता अपनाइनुपर्दछ । उदाहरणका निमित्त दर्ता गरिने मानिसहरु र पालोमा उभिएका मानिसहरुको प्रशस्त दुरी हुनुपर्दछ ताकि व्यक्तिगत सवालहरु अरु सवैले सुन्न नसकुन् ।

कुनै जनसंख्या अथवा मानिसहरुको समूहको विशेष सुचना कुनै द्वन्दको वातावरणहरुमा वेस्सरी दुरुपयोग हुन सक्दछ र गलत हातमा पुग्नबाट सुरक्षित गरिनुपर्दछ । अभियोगबाट बच्न भागेका व्यक्तिहरु तथा/अथवा हिंसा तथा द्वन्दका परिस्थितिहरुमा तिनिहरुको परिचय र कहाँ छन् भन्ने कुरा संरक्षित गरिनुपर्दछ । त्यसैले कुनै दर्ता योजनामा नै व्यक्तिहरुको सुचना संरक्षणले उच्च प्राथमिकता पाउनु पर्दछ । यो हरहमेशा जुनसुकै कारणले भएपनि सुचना प्रशोधन कुन कारणले, कस्तो ढाँचामा र कति लामो समयसम्म राखिन्छ भन्ने कुरा सदैव विचार गरिनुपर्दछ ।

- **सुचना व्यवस्थापन तथा गोपनियताको सम्बन्धमा थप जानकारीको लागि खण्ड ५ हेर्नुहोस्**

३) **शिविरमा निरन्तर दर्ता**

यदि दर्तालाई एउटा गतिविधिका रुपमा छनौट गरिन्छ भने योजनाभित्र निरन्तर दर्ता लाई समावेश गरिनुपर्दछ जसले सवै दर्ता सुचनालाई निरन्तर अद्यावधिक गरेर राख्दछ । व्यक्तिगत तथा/अथवा पारिवारिक परिस्थितिहरु नयाँ जन्महरु, विवाहहरु, मृत्युहरु अथवा फिर्तिहरु जस्ता कारणले परिवर्तन भईरहेको हुन्छ । कुनै एक व्यक्ति अथवा परिवारको सुचना अद्यावधिक गरिनुपर्छ । यदि जनसंख्या छुट्टयाउन अथवा प्रोफाइलिङ्गहरु वनाउनको लागि प्रयोग गरिएको छ भने । निरन्तर दर्ता प्रमाणीकरणको भाग पनि हुनसक्छ र अनुगमनको एउटा नियमित र अभिन्न अङ्ग समेत हुनसक्छ । यदि जनसंख्यामा परिवर्तन एकदमै महत्वपूर्ण गतिमा भएको छ भने प्रमाणीकरण अभ्यास योजना शिविर वासिन्दाहरुको मुख्य सूची/तथ्यांक पुन: निश्चित गर्नका लागि गरिनुपर्दछ । जव विस्थापित व्यक्ति अथवा एउटा घर/परिवारले शिविरमा वस्न छाडेको निश्चित भएपछि तिनिहरुको बाहक कार्डहरु रद्द गरिनुपर्दछ र तिनिहरुको अभिलेख वन्द गरिनुपर्दछ ।

यो एउटा चुनौती हुनसक्छ यदि सहि तरिकाले कार्यान्वयन गरिन्छ भने यसले उपलब्ध स्रोतहरुको प्रयोगबाट संभावित उच्च दुरुस्तता र दर्ता सुचनाको समयावधि हासिल गर्न सकिन्छ ।

**प्रमाणिकरण क्रियाकलापहरु**

मानिसहरु किन खाना वितरणमा देखा पर्दैनन् भन्ने कारण पत्ता लगाउनु प्रमाणीकरण क्रियाकलापहरुको एउटा भाग हुनुपर्दछ र यो महत्वपूर्ण संरक्षण गतिविधि हो ।

**नव आगन्तुकहरु**

शिविरमा आएका नव आगन्तुकहरु पनि दर्ताको उस्तै प्रक्रियाबाट जानुपर्दछ । तिनिहरुलाई पनि माथि इगित गरिए जस्तै सक्षम अधिकारी/निकायहरुले कागजात जारी गरिनुपर्दछ । नव आगन्तुकहरुलाई अभिलेखको लागि अरु शिविरहरु अथवा कुनै वितरण विन्दुमा शिविर व्यवस्थापन कर्मचारीहरुले दोहोरो जाँच गर्नुपर्दछ । यदि तथ्यांक खडा गरिएको छ भने यो सजिलै गर्न सकिन्छ । सवै निकायहरुसँग एउटा सहमतियुक्त विधि स्थापित गरिनु आवश्यक छ । स्वतस्फूर्त आगन्तुकहरु जो सिधै शिविरमा आई पुग्छन् तिनिहरुको सम्बन्धमा शिविरका वासिन्दाहरुलाई प्रक्रियाहरुको बारेमा थाहा दिइनुपर्दछ ताकि जव तिनिहरुका साथी र आफन्तहरु आउँछन् तिनिहरुलाई दर्ता प्रक्रियाका बारेमा सहि सुचना दिन सक्छन् ।

ठूलो संख्यामा मानिसहरु परिचालन भएको अवस्थामा नव आगन्तुकहरुको उचित दर्ता सम्भव हुँदैन । नव आगन्तुकलाई निर्धारण गर्न स्वातात केन्द्र स्थापना गरिनुपर्दछ । त्यसपछि श्रमजन्य टाउको गिन्तिलाई रोक्न । यो स्वास्थ्य सेवा प्रदायहरुसँगको सहयोगमा गरिने स्क्रिनिङ्ग प्रक्रियाको भाग हुनसक्छ । पहिले नै स्थापित नेतृत्व संरचनाहरु यस चरणमा सहयोगी हुन सक्दछन् ।

**दर्ता खारेजी**

व्यक्तिहरु जो स्थायी तरिकाले शिविर छाड्छन् अथवा मरेका कारणले कुनै कुरा पाउने वा सहायता नचाहिने अवस्था हुन्छ । तिनिहरुको दर्ता खारेजी गर्नुपर्छ । व्यवहारमा परिवारहरुले हिडेको अथवा मृत्यु भएको सम्बन्धमा मुश्किलले खवर गर्छन् किनकी तिनिहरुले निरन्तर सहयोगको आशा राखेका हुन्छ । हिडेको व्यक्ति अथवा मरेको व्यक्तिको कार्डबाट अथवा

काहक कार्ड वेच्नका लागि मरेको मानिसहरुको बारेमा राम्रो खवर गर्न सक्षम वनाउनका लागि दाह संस्कारको कपडा बाँड्ने अथवा अरु खालको मृत्यु संसारका लागि घरलाई सहयोग गर्न सकिन्छ । शिविर व्यवस्थापन निकायले यो जिम्मेवारी निभाउन सक्दछ ।

शिविरबाट मानिसहरुले छाड्ने सम्बन्धमा विमाका रुपमा र फर्कन सक्ने र सहायता तथा सेवाहरुको पहुँच नगुमाउनका लागि कसैले तिनिहरुको कागजात राख्ने कुरा मन पराउँदछन् । घर फर्काउने प्रक्रिया निर्धारण गर्दा परिवारहरुले केही घरका सदस्यहरुलाइ पहिल्य नै सुरक्षा अवस्थाहरु तथा वसोवास तथा जिविकोपार्जनका बारेमा पुरै परिवार सहित फर्कनु अगाडी नै आकंलन गर्नको लागि पठाउँछन् । यो कुरामा संवेदनशील हुनु आवश्यक छ । यी उत्प्रेरणाहरु तथा छाडेर जाने व्यक्तिहरुको दर्ता खारेज गर्नु अघि ठीक आकंलन गरिनुपर्दछ ।

ठूलो परिमाणको फिर्ति गतिविधि अथवा मानिसहरुको स्थानान्तरणमा दर्ता खारेजी कम समस्याजनक हुन्छ र यातायात सञ्चालनमा एकिकृत गरिन्छ । दर्ता खारेजी फिर्ति किटहरु अथवा प्याकेजहरु अथवा नगद फिर्ति खर्चको वितरण जस्ता कुराहरु सँगसँगै गरिन्छ ।

**प्रोफाइलिङ्ग पद्धतिहरु तथा सिद्धान्तहरु**

तल दिइएको प्रोफाइलिङ्ग पद्धतिहरु (guidance on profiling internally displaced persons) आन्तरिक विस्थापितहरुको प्रोफाइलिङ्ग दिग्दर्शन को संक्षिप्त रुप हो । पद्धतिहरु देश/क्षेत्रको क्ष्म्ए प्रोफाइलिङ्गको समेटिएको भएतापनि यहाँ उल्लेखित पद्धतिहरु शिविर अवस्था र शरणार्थी प्रोफाइलिङ्गमा पनि प्रयोग गर्न सकिन्छ ।

**डेस्क समीक्षा**

डेस्क समिक्षा एउटा उपयोगी पहिलो पाइला हो । यसको उद्देश्य कस्तो सुचना उपलब्ध छ भन्ने दृष्टिको थाहा पाउने पर्याप्त पुरानो अथवा अस्तीत्वमा नभएको अवस्थामा यसले मुख्य कहाँ सुचना अभाव छ र वढी तथ्यांक संकलन गर्न कहाँ प्राथमिकता दिनुपर्दछ भन्ने पनि देखाउँछ । यसबाटै स्थानीय तथा अन्तर्राष्ट्रिय दुवै खाले उपलब्ध सुचनाको हद समीक्षा गर्नु पर्छ ।

**परिमाणात्मक पद्धतिहरु**

धेरै अवस्थाहरुमा ती पद्धतिहरु कि त पुरै जनसंख्या अथवा आंशिक जनसंख्याको परिणाम उद्धृत गरी पूरै जनसंख्याको सामान्यीकृत गर्ने हिसावले तथ्यांक संकलन गरिन्छ ।

**तीव्र जनसंख्या अनुमानहरु**

तीव्र जनसंख्या अनुमानहरु छोटो समयमा जनसंख्याका आधारभूत विशेषताहरु अनुमान गर्न तीव्र जनसंख्या अनुमानहरु उपयुक्त हुन्छ । उदाहरणको लागि जव परिस्थित अझै अस्थिर छ र गतिविधिहरु भईरहेको अवस्था । केही पद्धतिहरु जव स्थलगत पहुँच सम्भव हुँदैन त्यस्तो अवस्थामा प्रयोग गर्न सकिन्छ । यद्यपि सिद्धान्ततः वढी दुरुस्त जनसंख्या अनुमान हासिल गर्नका लागि स्थलगत पहुँच आवश्यक पर्दछ । सुपरिभाषित भौगोलिक क्षेत्रमा जनसंख्या विशेषताहरु लिनका लागि थप सुचनाको आवश्यकता पर्दछ जुन अनुमान अभ्यासको क्रममा हासिल गर्न सकिन्छ ।

१. **हवाई/भू–उपग्रह आकृति प्रयोग गरेर क्षेत्र सर्वेक्षण**
   भईरहेको गतिविधिको एउटा बृहद् तस्वीर प्रयोग गरेर संख्या अनुमान गर्न अथवा के कारणले गर्दा मानिसहरु पलायन भईरहेका छन् र तिनिहरु कता गईरहेका छन् हेर्न प्रयोग गरिन्छ । खासगरी जव गति सारमा छ र पहुँच कठिन र उपलब्ध छैन ।

२. **प्रवाह अनुगमन**
   निश्चित विन्दु कटेको अवस्थामा मानिसहरुलाई गिन्ति गरिन्छ जस्तो कि दोबाटोहरु पुल, फर्ड (ford) अथवा पहाडी मार्ग–आवतजावतका माध्यमबाट (विस्तृत रुपमा) अथवा गणकहरुलाई प्रयोग गरेर उहि ठाउँमा दिन अथवा हप्ताको निश्चित समयमा ठूलो परिणामका मानिसहरुको आवतजावतको अनुमान गर्न उपयोगी जस्तो भहयमगक निश्चित ठाउँबाट अथवा फर्कने गतिविधि ।

३. **वस्ती गिन्ति**
   तोकिएको ठाउँको पूरै छाप्राहरु गन्ती अनुमानित समग्र क्षेत्रका मानिसहरुको संख्या अनुमान गर्नका लागि गरिन्छ । वासिन्दाहरुको सम्बन्धमा थप सुचना हासिल गर्नका लागि एउटा सर्वेक्षणसँग गाभ्न सकिन्छ ।

४. **टाउको गिन्ति**
   तोकिएको ठाउँको पूरै मानिसहरुको गिन्ति गर्ने । वस्ती गिन्ति भन्दा वढी परिश्रम लाग्ने हुन्छ ।

५. **वस्ती/टाउको गिन्ति गर्न नमूना पद्धतिहरु**
   नमूना पद्धतिहरु प्रयोग गरी जनसंख्याको सानो हिस्साको गिन्ति अथवा वस्ती गनि तथा परिणामलाई खिचि समग्र जनसंख्या तथ्यांकलाई अनुमान गरिन्छ ।

६. **सर्वेक्षणहरु**

घर सर्वेक्षण

साधारण जनसंख्याको एउटा भागी छनौट गरिन्छ र परिणाम सामान्यीकृत गरिन्छ । घर तथा व्यक्तिगत तहको तथ्यांक संकलनको निमित्त उपयोगी हुन्छ । जनसंख्या तथा जमीनको अवस्थाहरु स्थिर हुँदा यो विधि प्रयोग गरिन्छ र व्यापक रुपमा थप सुचनाको संकलन गरिन्छ । शिविर अथवा वसोवासस्थलमा एउटा घर सर्वेक्षण थप तथ्यांक निश्चित गर्न अथवा संकलन गर्न प्रयोग गरिन्छ ।

७. दर्ता
उपस्थित दर्ता तथ्यांकबाट प्रोफाइल झिक्न सकिन्छ । एकपटक दर्ता तथ्यांक विद्युतिय तरिकाले समेटी सकेपछि विश्लेषण गर्न सकिन्छ ।

**जनगणना**

दश वर्षको अन्तरालमा सामान्यतया राष्ट्रिय सरकारहरुले सञ्चालन गर्दछन् । यसले देशको पुरै जनसंख्यालाई ढाकेको हुन्छ र व्यक्तिगत तथ्यांकका सँगसँगै सम्बन्धित सामाजिक, आर्थिक सुचनाको एउटा सेट समेत हरेक घरको निम्ति संकलन गरिन्छ । क्ष्मए अवस्थाको निम्ति जनसंख्याको प्रोफाइल राष्ट्रिय तथ्यांक सुचनासँगै उपलब्ध हुन सक्दछ ।

**गुणात्मक पद्धतिहरु**

गुणात्मक पद्धतिहरु परिमाणात्मक पद्धतिहरु भन्दा फरक हुन्छ । यसमा अन्तिम परिणाम संख्यामा मात्र व्यक्त गरिन सक्छ भन्ने जरुरी हुँदैन र तिनिहरुको तथ्यांक संकलन गर्ने तरिका आँकडागत अवधारणाहरुसँग मेल खानु आवश्यक हुदैन । तिनिहरुले परिमाणात्मक पद्धतिहरुलाई परिपूरक वनाउँदछ र त्रिकोणीकरण (triangulation) तथा परिणामहरुको व्याख्याका निम्ति उपयोगी हुन्छ ।

**अर्न्तवार्ताहरु**

**१.लक्षित समूह छलफलहरु**

लक्षित समूह छलफल मानिसहरुको असल समझदारी हासिल गर्ने उद्देश्यमा गरिने एउटा समूह छलफल हो । यो विषयमा छलफल गरिनु आवश्यक हुन्छ कि प्रश्नहरुका उही सेटहरु जनसंख्याका फरक हिस्साहरुसँग छलफल गरिनुपर्छ । उदाहरणको निमित्त पुरुष तथा महिला समूहरु तथा किशोरहरु, प्रौढहरु, बृद्ध मानिसहरु तथा अपाङ्गता भएका व्यक्तिहरु जनसंख्या भित्रै रहेका विभिन्न विचारहरु सकेसम्म दुरुस्त रुपमा समेटिने सुनिश्चित गरिन्छ ।

**२. प्रमुख सुचनादाता अन्तवार्ताहरु**

प्रमुख सुचनादाता अन्तर्वाताहरु एउटा ज्यादै सानो संख्याका पहिल्यै नै छनौट गरिएका मानिसहरुको अन्तर्वाता लिइन्छ जोसँग सम्बन्धित सुचना हुन सक्दछ । लक्षित समूह छलफलमा जस्तै समूहको विविधतालाई प्रतिनिधिमूलक परिदृश्यमा हासिल गर्न सक्नुपर्दछ ।

**एउटा शिविर व्यवस्थापन निकायको निमित्त रुजु सूची**

- दर्ता तथा/अथवा प्रोफाइलिङ्गमा संलग्न विभिन्न कर्ताहरुका दायित्वहरु कार्यादिशहरु तथा भूमिकाहरु विस्थापितको अवस्था विशेषमा निर्भर रही सहमति तथा समझदारी भएको हुन्छ ।
- दर्ता/प्रोफाइलिङ्ग प्रक्रियाभित्र समावेशी सहभागिता रहन्छ जसमा अभ्यासका उद्देश्यहरु तथा पद्धतिहरु अपनाइन्छ
- शिविरका मानिसहरु सहभागी वन्ने तथा योजना, कार्यान्वयन अनुगमन तथा दर्ता/प्रोफाइलिङ्ग मूल्यांकनमा समावेश हुन्छन् ।
- एउटा उजुरी तथा ताकेता संयन्त्र रहन्छ जसले विस्थापित जनसंख्याप्रति उत्तरदायित्व सुनिश्चित गर्न सहयोग मिल्दछ ।
- मानवीय समुदायले राष्ट्रिय अधिकारीहरुलाई तिनिहरुको दर्ता तथा/अथवा तिनिहरुको भू–भागका विस्थापित नागरिकहरुको प्रलेखिकरण सम्बन्धी दायित्व निर्वाह गर्नमा सहयोग गर्नुपर्दछ ।
- शिविर व्यवस्थापन निकायद्वारा प्रभावकारी कार्यक्रमको योजनाबारे सुचित गर्न दर्ता/सुचना प्रोफाइलिङ्ग प्रयोग गरिन्छ जसले शिविर समुदायलाई सहायता तथा संरक्षण उपलब्ध गराउँदछ ।

- योजना तथा साधनहरु दर्ता तथ्यांक नियमित अद्यावधिक गर्नका लागि ठीक ठाउँमा रहनुपर्दछ । यो सही र सान्दर्भिक छ भन्ने सुनिश्चित गरिनुपर्दछ ।
- सेक्टर/क्लस्टर प्रमुख निकाय राष्ट्रिय अधिकारीहरुसँग मिलेर शिविरमा भएको दर्ताले न्यूनतम मापदण्ड पालन गर्दछ भनि सुनिश्चित गर्नका निम्ति काम गर्दछ ।
- साहारा विहिन तथा छुटिएका बालबालिकाको बारेमा शिविर व्यवस्थापन निकायले तुरुन्तै सम्बन्धित बाल संरक्षण निकायहरुलाई खबर गर्नुपर्दछ ।
- शिविरका सेवा प्रदायक निकायहरुलाई सोझै दर्ता/प्रोफाइलिङ्ग प्रक्रियामा भाग लिन प्रोत्साहित गर्ने तथा/अथवा कर्मचारी अथवा शौचालय, पानीको मुहान तथा दर्ता वुथहरु जस्ता सुविधाहरु तयार गर्ने
- दर्ता प्रक्रियामा महिला तथा बालिकाहरुको पहुँचमा ध्यान दिइनुपर्दछ । तिनिहरुको सुरक्षाप्रतिको सोच तथा तिनिहरुको सुरक्षा चुनौतीहरुको सम्भावित समाधानहरु सुनिश्चित गर्नुपर्दछ ।
- शिघ्र घर दर्ता आपतकालीन अवस्थाको प्रारम्भिक चरणहरुमा खाद्यान्न तथा अत्यावश्यक सेवाहरु यथाशिघ्र छिटो सुनिश्चित गर्नका लागि सञ्चालन गरिन्छ ।
- शिविर तथा स्थानीय समुदायका महिला सहितका अस्थायी कर्मचारीहरुलाई रोजगारी अवागै तालीम दिने र आचारसंहितामा हस्ताक्षर गराउनुपर्दछ ।
- दर्तालाई समय सीमा कायम गरी अरु महत्वपूर्ण क्रियाकलापहरुसँग नबाझ्ने कुराको सुनिश्चित गरिनुपर्दछ ।
- उपलब्ध आधारभूत सुचना स्थानीय अधिकारीहरु, विश्व खाद्य कार्यक्रम (WFP) तथा शिविर तथा समुदायका नेताहरुसँग संकलन तथा सुदृढिकरण गर्नुपर्छ तथा आवश्यकता अनुसार आंकलनहरु गरिनुपर्दछ ।
- स्पष्ट तथा व्यवस्थित सार्वजनिक सुचना अभियानहरु दर्ता/प्रोफाइलिङ्ग अभ्यास पूर्व नै सञ्चालन गरिनुपर्दछ ।
- दर्ताको लागि एउटा पद्धति छनौट गरिन्छ जस्तो शिविरका मानिसहरुलाई वास्तविक दर्ता पूर्व निर्धारण

  (Fixing) का योजनाहरु
- प्रलेखिकरणका जानकारीहरु, जुन सम्प्रेषण गरिएको छ । गोपनियताका सवालहरुको अर्थमा आंकलन गरिएको हुन्छ ।
- जाली कामको रोकथाप र निकासका सम्बन्धमा शिविर कर्मचारीको जाली काम लगायतका कुरामा विचार पुऱ्याइनुपर्दछ ।
- तथ्यांक सावधानीपूर्वक तथा सुरक्षित तवरले भण्डारण गरिनुपर्दछ जसमा गोपनियता प्रति आवश्यक सम्मान गर्ने तथा तथ्यांक साझेदारीका सम्बन्धमा स्पष्ट सहमतिहरु हुनुपर्दछ ।
- नव आगन्तुकहरुको दर्ताको व्यवस्थापन सम्बन्धमा योजना निर्माण गरिएको हुन्छ ।
- दर्ता खारेजीको व्यवस्थापन तथा प्रोत्साहन गर्ने उपायहरु जव मानिसहरु शिविर छोड्छन् अथवा मर्दछन् को सम्बन्धमा योजना गरिएको हुन्छ ।
- विस्थापित जनसंख्याको प्रोफाइलिङ्ग गर्दा परिमाणात्मक तथा गुणात्मक पद्धतिहरु विचार गरी उपयुक्तताका आधारमा लागु गरिएको हुन्छ ।

## औजारहरु

## अध्ययन र सन्दर्भ सामग्रीहरु


• Guidance on the use of standardised specific needs codes
• Save The Children, 2004. *Care & Protection of Children in Emergencies. A Field Guide.* www.savethechildren.org/publications/technical-resources/childsurvival/SEPARATED_CHILDREN_CONTENTS.pdf
• UNHCR, 2006. *Address Systems for Refugee and IDP Camps – A Guidance Note.* www.internal-displacement.org/8025708F004CFA06/(httpKeyDocumentsByCategory)/030DF8322BC46A3DC12572350047C334/$file/Camp%20Address%20Prov%20Guide.pdf

Judy El-Bushra and Kelly Fish. *Refugees and Internally Displaced Persons* www.huntalternatives.org/download/40_refugees.pdf

Global Protection Cluster Working Group, 2007. *Handbook for the Protection of Internally Displaced Persons.* www.unhcr.org/cgi-bin/texis/vtx/refworld/rwmain?page=search&docid=4790cbc02

IDMC, OCHA, 2007. *Guidance on Profiling Internally Displaced Persons. Provisional Release.* www.unhcr.org/cgi-bin/texis/vtx/refworld/rwmain?page=updates&docid=47b5ad3a2

John Telford, ODI, 1997. *Good Practice Review. Counting and identification of beneficiary populations in emergency operations: registration and its alternatives.* http://www.reliefweb.int/rw/lib.nsf/db900SID/LGEL-5NULUQ/$FILE/rrn-count-sep97.pdf?OpenElement

UNHCR, 2002. *Designing Protection Strategies and Measuring Progress: Checklist for UNHCR Staff.* www.unhcr.org/cgi-bin/texis/vtx/refworld/rwmain?page=search&docid=3dede7c21

UNHCR/WFP, 2004. *Joint Assessment Guidelines (with Tools and Resource Materials).* http://documents.wfp.org/stellent/groups/public/documents/ena/wfp038210.pdf

UNHCR, 2003 (provisional release). *Handbook for Registration. Procedures and Standards for Registration, Population Data Management and Registration* http://www.unhcr.org/publ/PUBL/3f8e93e9a.pdf

UNHCR, 2006 – Operational Protection in Camps and Settlements, A Reference Guide for Good Practices. www.unhcr.org/cgi-bin/texis/vtx/refworld/rwmain?page=search&docid=44b381994

UNHCR, 2007 *Handbook for Emergencies* www.reliefweb.int/rw/lib.nsf/db900SID/AMMF-75TFLQ?OpenDocument

WFP, European Commission, DAN, 2006. *Desk Review: Estimating Population Size in Emergencies.* www.reliefweb.int/rw/lib.nsf/db900SID/JBRN-72BDLB/$FILE/wfpcoordination-Dec06.pdf?OpenElement

# लैङ्गिकतामा आधारित
# हिंसाको रोकथाम तथा सम्बोधन

## अध्याय - १० लैंगिक आधारमा हुने हिंसाको रोकथाम र कारबाही

### मुख्य मुख्य सन्देशहरू

- शिविर व्यवस्थापन समितिले शिविरभित्रको अवस्थाले लैङ्गिकतामा आधारित हिंसा (GBV) न्यूनतम गर्ने कुरा सुनिश्चित गरिनुपर्दछ । शिविरका वासिन्दाहरु GBV भयो भने उपयुक्त रेखदेख तथा उपचार प्राप्त गर्न सक्छन् तथा त्यस्ता खालका घट्न नसक्ने घटनाहरुलाई सम्बोधन गर्न उपयुक्त ताकेता गरिन्छ ।
- महिला, बालिकाहरु, केटाहरु तथा शिविरका मानिसहरुका विशिष्ठ जोखिम तत्वहरुको समग्र बुझाई रहनुपर्दछ तथा प्रभावकारी GBV रोकथाम तथा सम्बोधन हस्तक्षेपहरुका निमित्त तिनिहरुका कारणहरु अत्यावश्यक हुन्छन् ।
- शिविरभित्रका महिलाहरु प्रत्यक्ष तथा अर्थपूर्ण सहभागिता तथा निर्णायक तहमा परामर्श गरिनु आवश्यक हुन्छ ताकि व्यवस्थापन GBV रोकथाम र सम्बोधन का लागि सहायता र सेवा उपलब्ध गराउने तथा वढी जोखिममा परेको समूहलाई संरक्षण प्रदान गर्दछ भन्ने सुनिश्चित गर्न सकिन्छ ।
- शिविर व्यवस्थापन कर्मचारीहरुले वितरण विन्दुहरुमा पट्के तथा नियमित (एक दिनमा धेरै समय भए राम्रो) अनुगमन भ्रमण हुनुपर्दछ ।
- सुरक्षा जाँच चौकीहरु, पानी तथा सरसफाई सुविधाहरु सेवा संस्थानहरु तथा अरु उच्च जोखिम क्षेत्रहरु । तिनिहरुका निष्कर्षहरु सम्बन्धित संरक्षण साझेदारहरु तथा मानवीय संगठनहरुसँग साझेदारी गरिनुपर्दछ ।
- GBV लाई प्रभावकारी ढंगले रोकथाम र सम्बोधन गर्नका निमित्त एउटा वहु क्षेत्रिय तथा अन्तर निकाय सोच आवश्यक पर्दछ । समुदाय सेवाहरु, संरक्षण, स्वास्थ्य, सुरक्षा तथा शिविर व्यवस्थापन क्षेत्रहरुसँग सँगै काम गर्नुपर्दछ ताकि समग्र सोच लागु गरिने तथा न्द्यख रोकथाम र सम्बोधन शिविर जीवनको सम्पूर्ण पक्षसँग एकीकृत गरिने कुराको सुनिश्चित गर्न सकियोस् ।

### परिचय

लैङ्गिकतामा आधारित हिंसा भनेको के हो ?

लैङ्गिकतामा आधारित हिंसा भन्ने शब्द एउटा छाता शब्द हो जसले एउटा व्यक्तिको इच्छा विरुद्ध गरिने कुनैपनि कार्य बुझाउँछ र त्यो पुरुष र महिला विचको सामाजिक धारणा (लैङ्गिकता) मा आधारित हुन्छ । न्द्यख (क्भहगबा बलम नभलमभच दबकभम खष्यभिलअभ) भन्ने शब्द पनि यस्ता हिंसात्मक कार्यलाई परिभाषित गर्न प्रयोग गरिन्छ ।

- के ले GBV हुन पुग्दछ भन्ने विषयमा व्यापक समझदारीका निमित्त हेर्नुहोस् अन्तर निकाय स्थायी समितिको Guidelines for Gender Based Violence Interventions in Emergency Settings (आपतकालिन अवस्थाहरुमा लैङ्गिकतामा आधारित हिंसा सम्बन्धी हस्तक्षेपहरु सम्बन्धी दिग्दर्शन)

विशिष्ट खालका GBV को स्वरुप र सीमाहरु साँस्कृतिक देशहरु र क्षेत्रहरु अनुसार फरक हुन्छ । उदाहरणहरु यस प्रकार छन् :

- यौनजन्य हिंसा जसमा यौन शोषण/दुर्व्यवहार तथा बलजृती बेश्यावृतिमा लगाउने कार्य समेत पर्दछ ।
- घरेलु हिंसा
- बेचविखन (जीउ मास्ने वेच्ने)
- जर्वजस्ती/बाल विवाह
- बलात्कार
- हानिकारक परम्परागत प्रचलनहरु जस्तो महिला यौनाङ्ग मुन्डन (female genital mutilation), सम्मान हत्याहरु (honor killing) दाइजो अथवा अरु पारिवारिक विवादका निम्ति बेहुलीलाई जलाउने तथा विधवाको अपुताली

लैङ्गिकतामा आधारित हिंसा प्राय गरेर महिला तथा बालिकाहरुप्रति लक्षित हुन्छन् । बालकहरु तथा पुरुषहरु न्चख को पीडित (कगचखष्खभच) हुन सक्छन् । न्चख परिवार अथवा समुदायमा घट्न सक्दछ र शक्तिमा रहेका व्यक्तिहरु जस्तो कि प्रहरी, पहरेदारहरु, सैनिक बलहरु, सशस्त्र समूहहरु अथवा संयुक्त राष्ट्र संघीय शान्ति सेनाहरु । यो हुनसक्ने ठाउँहरुमा अथवा घटित गरिनेमा परिवारहरु, समूदायहरु तथा संस्थाहरु जसमा विद्यालयहरु, हिरासत/थुनुवा केन्द्रहरु तथा धार्मिकस्थलहरु समेत हुन सक्छन् । हालैका अनुभवहरुले दुर्भाग्यका साथ देखाएको छ कि लैङ्गिकतामा आधारित हिंसा शरणार्थीहरु तथा क्ष्मए हरुका विरुद्ध मानवीय सहायताकर्मीहरुद्वारा पनि घटाइएका छन् ।

- हेर्नुहोस् अन्तर्राष्ट्रिय रेडक्रस तथा रेड क्रेसेन्ट मुभमेन्ट तथा गैससका लागि आचारसंहिता ( code of conduct for the international Red Cross and Red Croscent Movement and NGOs)

GBV का घटनाहरुले धेरै संख्याका अन्तर्राष्ट्रिय दस्तावेजहरु तथा महासन्धीहरुद्वारा संरक्षित विश्वव्यापी मानव अधिकारहरुको उल्लंघन हुन्छ । धेरै तर सबै खालका हैनन् GBV गैरकानूनी स्वरुपका हुन्छन् र राष्ट्रिय कानूनहरु अन्तर्गत अपराधिक कार्यहरु मानिन्छन् ।

GBV को परिणामहरुमा तीव्र अथवा दिर्घकालीन शारीरिक चोट, अनिच्छित गर्भ, यौनजन्य रोग प्रसारण, एच.आई.भी./एड्स, पिसाव सम्बन्धी समस्याहरु र Fistulas, प्रजनन् स्वास्थ्य सम्बन्धी समस्याहरु, भावनात्मक तथा मनोवैज्ञानिक तनाव, लान्छना (stigmatisation), अस्वीकार, एक्लोपना, नैराश्यता, बढ्दो लैङ्गिक विभेद तथा कहिलेकाही मृत्युसम्म हुन पुग्दछ । यातना, हिंसा तथा मानसिक चोट भोगेका महिलाहरुको विशिष्ठ शारीरिक तथा मनोवैज्ञानिक आवश्यकताहरु हुन सक्छन् । लैङ्गिकतामा आधारित हिंसाका पीडितहरु (वलात्कार, यौन शोषण तथा घरेलु हिंसा लगायत) पुन दुर्व्यवहारमा पर्न सक्ने उच्च जोखिममा हुन्छन् ।

**स्थलगत आवाज**

धेरै संस्कृतिहरुमा हिंसालाई लैङ्गिकताको चश्माले अथवा लैङ्गिकता र हिंसालाई जोडेर हेर्ने विचार प्राय पश्चिमी व्याख्याका रुपमा हेर्ने गरिन्छ । GBV को रोकथामलाई सधैंभरी संरक्षण अथवा अन्तर्राष्ट्रिय मानव अधिकारहरु कायम राखेका रुपमा बुझिदैन । लैङ्गिकताको सामाजिक वनावट जटिल र प्राय बुझ्न गाह्रो हुन्छ न त GBV पीडक अथवा GBV पीडितकै विश्वव्यापी प्रोफाइलिङ्ग हिंसाका किसिमहरु र मात्राहरु तथा कसरी तिनलाई बुझिन्छ भन्ने कुरा सन्दर्भ अनुरुप फरक हुन्छ । प्राय मानसिक चोट, डर अथवा मानिसले भोगेका नाजुक पनाले शिविर वातावरणमा परम्परागत तथा साँस्कृतिक शक्ति सम्बन्धहरुलाई बढाउने तथा बल पुऱ्याउँदछ । जसले बुझाई र सम्बन्धलाई विस्तार गरी GBV लाई निरन्तरता दिन सहयोग पुऱ्याउँदछ एउटा सवभन्दा ठूलो चुनौती भनेको न्यून सचेतना भएका तालिम प्राप्त कर्मचारीको कमी हो । यस्ता संस्थाका तालीम प्राप्त महिलाहरुले अन्तर्राष्ट्रिय गैसस, गैसस तथा समुदायिक संगठनहरुमा नेतृत्व तहमा आउनु पर्दछ । आपतकालीन समयमा हिंसाको चक्र र GBV तोड्नु कठीन हुन्छ खास गरेर यदि आपतकालीन कार्यहरुले खाना, पानी तथा आवास जस्ता आधारभूत मानवीय आवश्यकतालाई प्राथमिकतामा राखेको हुन्छ तर लैङ्गिक सम्बन्धहरु तथा सवालहरु एवं विस्थापित समुदायद्वारा त्यसलाई कसरी बुझेका छन् भन्ने बारेमा थोरै सचेतना भएको अवस्थामा ।

मुख्य मुख्य सवालहरू

## GBV लाई योगदान गर्ने कारणहरु तथा तत्वहरु

लैङ्गिकतामा आधारित हिंसाका घटनाहरु विश्वव्यापी रुपमा फैलिएको छ खासगरी महिला तथा बालिकाहरु विरुद्धमा । असमान लैङ्गिक सम्बन्धहरु तथा विभेद न्द्यख का मूल कारणहरु हुन् । विस्थापनको अवस्थाले उत्पन्न परिस्थितिबाट भएको समुदाय सुरक्षा संयन्त्रहरुको विनाशले यस्ता हिंसामा बृद्धि ल्याउन सक्दछ । शरणार्थी तथा IDP शिविरहरु त्यहाँका वासिन्दाहरुका निम्ति सुरक्षित वातावरण उपलब्ध गराउनुको साटो यस्तो खालको हिंसाको लागि प्रकट हुन सक्दछन् ।

युद्ध, द्वन्द तथा आन्तरिक गडवढी जस्ता प्राथमिक कारणहरु पलायन र विस्थापनका कारण हुन् भने बलात्कार तथा अन्य स्वरुपमा न्द्यख हरुले पनि पलायन निम्त्याउन सक्दछ । हिंसा पलायनका क्रममा डाँकाहरु, वेचविखनकर्ताहरु (दलालहरु), सीमा रक्षकहरु तथा/अथवा शक्तिका रहेका अरु व्यक्तिका हातहरुबाट हुन सक्दछ । पुरुष तथा केटाहरु द्वन्द तथा अभियोगबाट उम्किरहेको हुन्छन् भने जस्तै महिला तथा बालिकाहरु पनि मानव तस्करहरुलाई मूल्य चुकाउन तथा खतरनाक यात्रा गर्न बाध्य हुन्छन् ।

विस्थापनका क्रममा हिंसा तथा न्द्यख का समस्याको निरन्तरता रहन्छ जव प्राय शिविरहरुमा मिलिशियाहरुले आक्रमण गर्छन् । शिविरका महिलाहरु अझ वढी यौन शोषण तथा दुर्व्यवहारका जोखिममा पर्दछन् । यदि तिनिहरुको व्यक्तिगत रुपमा दर्ता भएको छैन । सेवा उपलब्ध गराउने संयन्त्रहरु कमजोर छन् र खाद्य तथा अखाद्य वस्तुहरुको अपर्याप्त वितरण छ भने । महिला तथा बालिकाहरु सामान्यतया खाना, इन्धन तथा काममा लागि लामो यात्रा गर्नुपर्ने हुन्छ ।

संकटकालिन अवस्था तथा विस्थापनका खतराहरु तथा अनिश्चियहरुले व्यक्तिहरु परिवारहरु तथा समुदायहरुमा ठूलो मनोवैज्ञानिक दवाव सृजना गर्न पुग्दछ । प्राय घरेलु हिंसा घट्न सक्ने वातावरण सृजना हुन पुग्दछ । बाँच्नको लागि तथा शिविर वरिपरि साना साधनहरुका लागि हुने प्रतिस्पर्धा तथा विस्थापनपछि परिवर्तन भएको लैङ्गिक भूमिकाहरुले हिंसाका तहहरु अझै वढ्न सक्छन् । सामाजिक संरचना खल्बलिनाले अरु खालका हिंसाहरु पनि हुन सक्दछन् । पुरुषहरुको परम्परागत भूमिकाको समाप्ति सामाजिक परम्पराहरुमा तीव्र परिवर्तनहरु गरिवी, उत्पादनमूलक काम, मर्यादित अथवा राम्रो पारितोषिक भएको कामको अभावले हुने नैराश्यता, मदिरा तथा लागुपदार्थ दुर्व्यसन तथा मानव अधिकारप्रति सम्मानको कमी जस्ता कारणहरु हुन सक्छन् ।

जव समुदायहरु घर छाडेर हिड्दछन् । तिनिहरुले आफूसँगै रहनसहन तथा परम्पराहरु ल्याउँदछन् । तिनिहरुमा हानिकारक परम्परागत प्रचलनहरु हुनसक्छ जस्तो कि महिला यौनाङ्ग छेदन (FGMD) । कहिलेकाही साँस्कृतिक परम्पराहरुलाई सम्मान गरिनुपर्ने भएतापनि त्यस्ता हानिकारक प्रचलनहरु गम्भीर मानव अधिकार उल्लंघनहरु हुन् ।

महिला तथा बालिकाहरुमा खास वर्गहरु विशेष गरेर न्चख को जोखिम हुन्छन् जस्तो घरको एक्लो मूलीहरु तथा/अथवा पारिवारिक सहयोग नभएकाहरु । उच्च जोखिम भएका बालिकाहरुमा प्राय साहारा विहिन बालिकाहरु, धर्मपुत्र राखिएका परिवारको बालिकाहरु, थुनामा रहेका बालिकाहरु, सैनिक बल अथवा समूहसँग आवद्ध बालिकाहरु, मानसिक तथा शारीरिक अपाङ्गता भएका बालिकाहरु, साना उमेरका आमाहरु तथा बलात्कारका कारण जन्मिएका बालबालिकाहरु ।

**व्यवहारमा संरक्षण : शिविरमा लैङ्गिक सन्तुलनका असरहरु**

विस्थापनको अवस्थामा शिविरमा मानिसहरुका निमित्त पुरुष भन्दा वढी महिलाहरु उपर सम्झौता गरिने कुरा सामान्य समझको विषय हो र खास गरेर सामान्य जनसंख्याभन्दा त्यहाँ महिला मूली भएको घरहरु हुने अवस्था छ भने । शिविर व्यवस्थापन निकायहरुले यसै कारणले गर्दा महिला मूली भएका घरहरु पहिचान गर्ने तथा सोही अनुरुप सहायता तथा संरक्षण गतिविधिहरु लक्षित गरिनु पर्दछ ।

यद्यपि दक्षिण एशियाको सुनामीसँगै तस्वीर धेरै फरक थियो । यो विश्वास गरिएको छ कि इन्डोनेशियाको केही भागहरुमा पुरुषहरु भन्दा चार गुणा वढी । यस्तो हुनुका कारणहरुमा सुनामी घटेको ठाउँ र समयमा आधारित थियो तर माछा सुख्खा गर्न पानीको छेउमा वसेका महिलाहरु अथवा नुहाईरहेका, वच्चाहरुसँगै रहेका अथवा कपडा लगाई रहेका जस्ता तत्वहरुले गर्दा तिनिहरुको गति ढिलो हुनुका साथै उच्च महिला मृत्युमा कारक तत्व भएको थियो ।

परिणाम स्वरुप शिविर व्यवस्थापन निकायहरु र समुदायका नेताहरु सुनामी पश्चात विशेष आवश्यकताहरु रहेका एउटा नयाँ समूहका मानिसहरुसँग काम गरेका थिए । साना बालबालिका सहितका विधवाहरु अथवा एकल मूली घरहरु ।

निकायहरुले यति धेरै एक मूली भएका घरहरु भएको अवस्थामा काम गरेका थिएनन् र संरक्षण असरहरु पत्ता लगाउन केही समय लाग्यो । उत्तरी श्रीलंकामा महिलाहरुसँग लिइएको अन्तर्वार्ता अनुसार धेरै जस्तो पुरुषहरु तिनिहरुको बालबच्चा हेर्ने र घरायसी काम गर्न अनिच्छुक अथवा असमर्थ थिए । परिणाम स्वरुप बाँचीरहेका महिला आफन्तहरु बृद्ध महिला तथा बालिकाहरु जस्तामा

बोझ पर्न गएको थियो जो केही अवस्थाहरुमा तिनका आमाले गर्ने घरेलु काम गर्न स्कुलबाट बाहिर गएका थिए । धेरै महिलाहरुले बढ्ता बोझ परेको अनुभव गरेका थिए किनकी तिनिहरुको आफ्नै पारिवारिक जिम्मेवारीका अतिरिक्त नयाँ विस्तारित पारिवारिक दायित्व थिए। महिलाहरुले यो पनि उजुरी गरेकी पुरुषहरु लामो समयसम्म अविवाहित रहि रहन अनिच्छुक थिए तथा किनकी धेरै महिलाहरु मरेका थिए । बलजफ्ती तथा बाल विवाह नाटकिय रुपमा वढ्यो ।

पीडकहरु कहिलेकाही त्यस्ता मानिसहरु हुन्छन् जोसँग पीडितहरु सहयोग र संरक्षण भर पर्नुपर्दछ जस्तो कि प्रहरी, सरकारी अधिकारीहरु तथा मानविय सहायताकर्मीहरु तथा शान्ति रक्षकहरु शिविरका वासिन्दाहरुको तर्फबाट काम गरी रहेका सवै कर्मचारीहरु तथा व्यक्तिहरुलाई तालिम प्रदान गर्ने तथा आचार संहितामा हस्ताक्षर गराइनुपर्दछ । संयुक्त राष्ट्र संघिय महासचिवद्वारा जारी गरिएको २००३ को बुलेटिन (special measures for protection from sexual exploitation and sexual abuse) सवै संयुक्त राष्ट्र संघिय शान्ति सेना जो संयुक्त राष्ट्र संघको सम्पर्क अन्तर्गतका गैससका हकमा समेत लागु हुन्छ ।

धेरै शिविरहरुका अनुभवले के देखाएको छ भने विस्थापित मानिसहरुलाई निश्चित उपायहरुले सुरक्षित तथा उपयुक्त ढंगले पीडकहरु पहिचान गर्नमा सहज वनाइदिनुका साथै प्रहरीद्वारा घटाइने न्चख प्रहरी अधिकृतका लागि अनिवार्य तालिम सजिलै पहिचान गर्नका लागि नाम ट्याग अनिवार्य रुपमा पहिरनुपर्ने तथा सवै प्रहरी अधिकृतहरुको एउटा फोटो रजिष्टरको स्थापना । महिला अधिकृतहरुको संलग्नताले लैगिंकतामा आधारित हिंसाका सवालहरुलाई प्रहरी प्रभावकारिता अभिवृद्धि गरेको छ ।

परम्परागत विवाद समाधानका पद्धतिहरु बुझ्ने तथा अनुगमन गरिनुपर्दछ । तिनिहरु प्राय वढी सम्मान गरिएका र उत्तरदायित्वको पहुँच भएको उपाय हुन् भन्ने तिनिहरुले महिला न्म्ख पीडितहरुको लागि पक्षमा पर्याप्त रुपमा सम्बोधन गर्न सक्दैनन् ।

### एउटा शिविर व्यवस्थापन निकायको भूमिका

आपतकालीन अवस्थाका प्रारम्भीक चरणहरुदेखि नै न्चख रोकथाम र सम्बोधनका निमित्त एउटा न्यूनतम समन्वय गरिएको गतिविधिहरु सवै साझेदारहरुको (महिला समूहहरु तथा संगठनहरु गैससहरु सरकार, संयुक्त राष्ट्र संघ निकायहरु तथा विस्थापित तथा स्थानिय समुदाय) सहकार्यमा शिघ्र सञ्चालन गर्ने ।

- GBV को बारेमा खवर गर्ने, सम्बोधन गर्ने तथा रोकथाम गर्ने सुरक्षित तथा उपयुक्त संरचनाहरु तथा संयन्त्रहरु स्थापना गरिनु आवश्यक हुन्छ ।
- GBV का पीडितहरुका लागि स्वास्थ्य, मनोवैज्ञानिक तथा सामाजिक सहयोग सुरक्षा तथा कानूनी सहायतामा पहुँच आवश्यक पर्दछ ।
- रोकथाम गतिविधिहरु ठाउँमा रहनुपर्दछ । समुदायको समन्वयमा GBV को कारणहरु र योगदान पुऱ्याउने तत्वहरुलाई सम्बोधन गर्नुपर्दछ ।
- GBV लाई रोकथाम र सम्बोधन गर्ने प्रभावकारी कार्य कुनै आपतकालीन तथा मानवीय हस्तक्षेपका सवै चरणहरुमा समाविष्ट गरिनुपर्दछ ।

विभिन्न कर्ताहरुले एउटा संयोजित वहु क्षेत्रिय तथा अन्तर एजेन्सी सम्बोधन निकाय समुदायसँग मिलि स्थापना गर्न जनसंख्या कोष UNFPA, UNIFEM, UNICEF, UNHCR तथा विशिष्टीकृत अनुभव भएका र न्यच सम्बन्धी काम गरिरहेका गैससहरु) शिविर व्यवस्थापन निकायहरुले न्यच रोकथाम र संवोधन गतिविधिको नेतृत्व तथा समन्वय गर्न जिम्मेवारी पाएकासँग सहकार्य गर्नुपर्दछ ।

| |
|---|
| शिविर व्यवस्थापन निकायले GBV कार्यक्रम साँस्कृतिक रुपमा संवेदनशील तथा अन्तराष्ट्रिय कानून अनुरुप दुवै अनुरुप भएको सुनिश्चित गर्नुपर्दछ । खास गरेर यदि राष्ट्रि कानूनले स्पष्ट रुपमा विभेद गर्ने अथवा समुदायका खास समूहहरुमा अधिकारहरु इन्कार गर्दछ भने । |

शिविर परिवेश भित्र शिविर व्यवस्थापन निकायका भूमिकाहरु तथा जिम्मेवारीहरु GBV को रोकथाम तथा GBV सम्बोधन हस्तक्षेपहरु गर्नुपर्ने महत्वपूर्ण क्रियाकलापहरु यसप्रकार छन् :

- आंकलनहरु/अनुगमन
- संरक्षण संवेदनशील आश्रय तथा निर्माणस्थल योजना
- वितरण तथा सेवाहरु
- वचाउ तथा सुरक्षा
- सामुदायिक चेतना अभिबृद्धि
- संरक्षण पद्धतिहरु
- नैतिकता
- लैगिंकतामा आधारित हिंसालाई सम्बोधन
- सिफारिश पद्धतिहरु
- वचाउ/सुरक्षा
- स्वास्थ्य

- मनोसामाजिक
- कानूनी

**लैगिंकतामा आधारित हिंसाको रोकथाम**

- संयुक्त वहु कार्य टोलीहरुलाई सुनिश्चित गरिनुपर्दछ जसले सहभागितापूर्वक आंकलन तथा शिविरभित्र गरिने सवै आंकलनहरुमा सहभागिता मूलाक वनाउन वकालत गर्ने जसमा महिला, बालिकाहरु, बालकहरु तथा सवै उमेर तथा पृष्ठभूमिका मानिसहरु समेत पर्दछन् ।
- सामुदायिक प्रचलनहरु जसले GBV पीडितहरुलाई दोहोरो अथवा तेहरो चोट पार्दछ अथवा जसले तिनिहरुलाई स्वास्थ्य अथवा मनोसामाजिक सहयोगबाट विमुख गर्दछ त्यस सम्बन्धी सुचना दृष्टिमा रहनुपर्दछ ।
- शिविरका त्यस्ता क्षेत्रहरुको अनुगमन गर्नुपर्दछ जसमा सुरक्षा जोखिमहरु रहन्छ जस्तो कि सामुदायिक शौचालयहरु तथा पानीको फोहरहरु, सामुहिक स्वागत क्षेत्रहरु, दर्ता तथा वितरण गर्ने विन्दुहरु, मनोरञ्जन केन्द्रहरु तथा पशु चराउने, दाउरा बटुल्ने तथा अन्न उब्जाउने ठाउँहरु
- शिविरको अवस्थामा महिला, बालिकाहरु, बालकहरु तथा पुरुषहरुले सामना गरेको विशिष्ट जोखिम तत्वहरुका बारेमा एउटा विस्तृत समझदारी रहेको कुराको सुनिश्चित गर्ने
- यो विश्लेषणलाई शिविर विशेषको सुरक्षा रणनीतिमा सम्मिलित गर्न महिला तथा बालिकाहरुले बारम्वार प्रयोग गर्ने क्षेत्रहरुमा गस्तीहरु गर्ने तथा विद्यालय मार्गको अनुगमन गर्ने जस्ता कुराहरु गर्न सकिन्छ ।
- संरक्षण प्रमुख निकायसँग उपयुक्त सुचना साझेदारी एउटा व्यवस्थित ढंगले गर्ने

**संरक्षण संवेदनशील आश्रय तथा निर्माणस्थल योजना**

- शौचालयहरु राख्ने तथा अरु सामुदायिक सुविधाहरु समुदायको संलग्नताबाट गरिने तथा GBV को जोखिम काम गर्ने लगायतका कुराहरु गरी शिविरको भौतिक फैलावटलाई सुनिश्चित गर्नुपर्दछ ।
- सामुहिक आश्रय एक मात्र उपाय भएका अवस्थाहरुमा परिवारहरु तथा लैगिंक रुपमा उपयुक्त विभाजन गर्ने व्यवस्था सुनिश्चित गरिनुपर्दछ ।
- पर्याप्त ठाउँ तथा गोपनियता (सम्भव भएको अवस्थामा ढोकाको ताल्चा छुट्याएको कुरा सुनिश्चित गर्ने,
- खासगरी महिला मुली भएको घरहरुमा । प्रशस्त स्थान तथा सामुदायिक आश्रयहरु डिजाइन गर्दा परिवारहरु विचको विभाजनहरु लागि पर्याप्त सामग्रीहरु हुनुपर्दछ

- विचार गर्नुहोस् कि उपलब्ध समाधान साँस्कृतिक सन्दर्भमा ठीक छ । यो कुरा विचार गर्नुपर्छ कि निश्चित सन्दर्भहरुमा एक महिला तथा विधवा महिलाहरुलाई तिनिहरु सँगै राख्नु साँस्कृतिक रुपमा स्वीकार्य नहुन सक्दछ ।
- सुरक्षा तथा त्यस्ता समूहहरुको कुशलताको सम्बन्धमा अनुगमन गर्ने
- उपयुक्त वैकल्पिक साधनहरुको प्रवन्ध मिलाउने जस्तो कि सामुदायिक स्थानहरुमा उज्यालोको लागि सौर्य शक्ति (विशेष गरी शौचालय तथा स्नानकक्षहरु) तथा व्यक्तिगत प्रयोगको लागि ( जस्तो परिवारको लागि टर्च लाइट)
- सामुदायिक भावना जगाउन तथा समुदायमा आधारित संरक्षण सवल वनाउन स्थान तथा आश्रय क्षेत्रहरुको योजना गर्नुपर्दछ । गोपनियता, वचाउ तथा व्यक्तिहरु तथा परिवार इकाइको सुरक्षा
- महिला तथा अल्पसंख्यक समूहका समुदाय सदस्यहरुलाई सेवाको स्थान तथा आश्रय डिजाइन बारे निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता गराउने सुनिश्चित गर्नुपर्दछ ।
- बालबालिकाहरुले प्रयोग गरेको क्षेत्रहरु सुरक्षित छन् र समुदायले अनुगमन गर्न सक्छन् भन्ने सुनिश्चित हुनुपर्दछ ।
- समुदायको आकंलन अनुरुपको असल विकल्पहरुमा आधारित भई बैकल्पिक इन्धन प्रवन्ध मिलाइनुपर्दछ ।
- महिलाहरुसँगको परामर्शमा र यदि उपयुक्त हुन्छ भने विभिन्न क्रियाकलाप गर्न महिला केन्द्रहरुका निमित्त सुरक्षित भेटघाट स्थालहरु उपलब्ध गराइनुपर्दछ जहाँ न्चख लाई सम्बोधन गर्न स्वास्थ्य, मनोसामाजिक तथा कानूनी सेवाहरु लगायतको व्यस्था हुन्छ ।

**वितरण तथा सेवाहरु**

- महिला तथा पुरुषको शिविर व्यवस्था संयन्त्रहरु तथा निर्णय प्रक्रियामा अर्थपूर्ण तथा समान सहभागिताको प्रवर्दन तथा अनुगमन गर्ने
- खाद्यान्न तथा अखाद्य पदार्थहरुको वितरण शिविर समुदायको र खासगरी वहुल पृष्ठभूमि तथा उमेर भएको महिलाहरुको प्रत्यक्ष सहभागिताका निमित्त वितरण साझेदारहरुसँग वकालत गर्ने
- छात्रा शिक्षाको प्रवर्द्धन गर्ने तथा महिला विद्यार्थीहरुको विद्यालय छाड्ने दरलाई घटाउन कम गर्ने
- शिप सम्बन्धी तालिम तथा आयआर्जन कार्यक्रमहरु स्थापनाको लागि प्रवर्द्धन गर्ने जसले शिविरका महिलालाई लक्षित गर्ने अथवा समावेश गराउँदछ ।
- मानिसहरुका लागि जिविकोपार्जनका कार्यक्रमहरु प्रवर्द्धन गर्ने र द्वन्द निरुपण तथा अहिंसात्मक उपायबाट समस्या समाधानलाई सम्बोधन गर्ने कार्यक्रमहरु, घरेलु हिंसालाई न्यूनिकरण गर्ने
- खाद्य सुरक्षा तथा जिविकोपार्जन रणनितिहरुलाई प्रवर्द्धन गर्ने खास गरेर एक महिला मूली भएको घरहरु कलिलो उमेरका विधवाहरु, बृद्ध महिला तथा पुरुष तथा ज्यादति शोषण तथा अस्वीकृत जस्ता अरु वढी जोखिम भएकाहरु
- किशोरावस्थाका केटीहरु तथा केटाहरुका निमित्त जीवनपयोगी शीपहरु तथा व्यवसायिक तालिमहरु सञ्चालन गर्ने तथा सेवा गर्ने मौका दिने ताकि तिनिहरु राम्रोसँग सुसज्जित भई तिनिहरुको परिवारहरुलाई अतिरिक्त आर्यआर्जन सहयोग गर्ने सक्दछन् ।

**सामुदायिक सचेतना अभिबृद्धि**

- शिविर समुदायलाई सजग गर्ने तथा सेचना जागरण कार्य गर्नका लागि सहभागितामूलक विधिहरु प्रयोग गर्ने, लैंगिकतामा आधारित हिंसामा उपलब्ध सेवाहरुका सुचना, शरणार्थी अथवा IDP हरुका अधिकार तथा स्थानिय देशको कानूनहरु
- GBV रोकथाम तथा सम्बोधन सुचना शिक्षा तथा संचार योजना एवं GBV रोकथाम सन्देशहरु प्रसारणको लागि संरक्षण साझेदारहरुलाई सहयोग गर्ने ।

**स्थलगत आवाज**

हामी काम गरेको शिविर तथा यो संस्कृतिको सन्दर्भमा यो महत्वपूर्ण हुन्छ कि यस क्षेत्रमा कुनै तालिम अथवा चेतना अभिबृद्धिका लागि एउटा पुरुष तथा एउटा महिला सहजकर्ताहरुद्वारा गरिन्छ तथा संचालन गरिने सवै तालिमहरु स्थानिय भाषामा सञ्चालन गरिन्छ । अनुवादद्वारा होइन । तिनिहरु तालिम प्राप्त राष्ट्रि कर्मचारीद्वारा प्रदान गरिनुपर्दछ । जसले प्रतिनिधित्व गर्न तथा शिविरका मानिसहरु तथा संस्कृतिलाई बुझ्न सन्दछ । यदि मासनहरुमा न्यख छ भने शिविर व्यवस्थापनलाई संरचनाको भागका रुपमा परामर्श समितिहरु गठन गर्नु राम्रो अभ्यास हुनसक्छ । शिविरका मानिसहरुको लागि उपयोगी हुनका लागि यस्ता कमिटिहरु राम्रो तालिम प्राप्त गोपनियता कायम गर्न सक्ने तथा कानूनी तथा उपचार सेवाहरुमा पहुँच हुनुपर्दछ । यो स्मरण गर्नु आवश्यक छ कि मनोवैज्ञानिक चोटसँगैका सामाजिक/साँस्कृतिक उपमा जस्ता कुराहरुले खास गरेर महिला तथा बालिकाहरुलाई न्यख को घनाहरुको खवरबाट रोकथाम गरिन्छ । प्राय: गरेर सवै प्रतिवेदन पद्धतिहरु अड्डातन्त्र तथा पुरुष प्रधान हुन्छ । राम्रोसँग तालिम प्राप्त महिला सदस्यहरु भएको कर्मचारी क्षेत्रमा हुनु अत्यन्त आवश्यक छ । पचास प्रतिशतको लक्ष्य राख्नु राम्रो हो ।

सचेतना जागरण परियोजनाहरुका निमित्त सहजकर्ताहरु छनौट गर्ने कार्य सन्दर्भ विशेष अनुरुप हुन्छ । कतिपय अवस्थाहरुमा स्थानीय समुदायको एकजना सदस्य प्रयोग गर्नु राम्रो हुनसक्छ । अरु परिस्थितिहरुमा अन्तर्राष्ट्रिय कर्मचारी एउटा सदस्यलाई समुदायद्वारा रुचाइन सक्छ । सहजकर्ताको लैगिंकतालाई पनि ध्यान दिइनुपर्दछ ।

**बचाउ तथा सुरक्षा**

- GBV को वढी जोखिममा रहेका समूहहरुको पहिचान गर्न शिविर जनसंख्याको परिचालन गर्ने तथा समुदाय सहयोग तथा अनुगमन संयन्त्रहरुमा सहमति कायम गर्ने, महिला समेत समावेश भएको समुदाय पहरेदारी टोलीहरु गठन लगायत काम गर्ने
- सामुदायिक प्रहरीको निमित्त वकालती गर्ने अनुगमन तथा विचार पुऱ्याइनुपर्ने सुरक्षा संरचनाहरु उच्च जोखिम क्षेत्रहरु तथा विभिन्न उमेर समूह तथा पृष्ठभूमिहरुका महिला तथा पुरुषहरुको विशेष जोखिमहरु
- महिला लगायत शिविरका वासिन्दाहरुको लागि उपायहरुमा शिविर सुरक्षा सुधार गर्नका लागि वकालती गर्ने
- स्थानीय अधिकारीहरुसँग सम्पर्कमा रहेर तिनिहरुलाई स्थानीय समितिको कल्याणमा ध्यान दिनका लागि प्रोत्साहित गर्ने । जहाँ सम्भव हुन्छ यसो गरेर कामको लाभहरुको प्रवर्द्धन गर्ने
- राम्रोसँग तालिम हासिल गरेका पर्याप्त संख्याका प्रहरी तथा सुरक्षाकर्मीको व्यवस्थाको निमित्त वकालती गर्ने तथा सवै सुरक्षा कर्मचारी विच लैगिंक समता प्रवर्द्धन गर्ने

**संरक्षण पद्धतिहरु**

- शिविरका GBV पिडितहरुका निमित्त एउटा समन्वयकारी, गोप्य तथा उपयुक्त सिफारिश तथा प्रतिवेदन संयन्त्र स्थापनाको निमित्त जिम्मेवार संरक्षण संगठनहरुसँग सहयोग कायम गर्ने
- स्वास्थ्य, मनोसामाजिक, कानूनी तथा भौतिक सहयोग उपलब्ध गराउने
- समुदायमा आधारित सहयोग सञ्जालको स्थापनाको प्रवर्द्धन तथा/अथवा सहयोग गर्ने, तिनिहरु राम्रोसँग तालिम प्राप्त छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्दछ
- लैगिंक समानता तथा GBV को रोकथामका निमित्त पुरुषहरुको समूहहरुको तालिम तथा परिचालनलाई प्रवर्द्धन गर्ने
- सवै घटनाहरुका पीडितहरुलाई सुचित गरिएको निर्णयहरु गर्न अनुमति प्रदान गर्ने कुराको सुनिश्चित गरेको हो ।

कार्य सञ्चालन विशेष स्तरीय कार्य विधिहरु (operation specific standard operation procedure) ले बाल पीडित भएको सवालमा कसरी काम गर्ने भन्ने सम्बन्धमा नियमन गर्नुपर्दछ । कतिपय देशहरुमा अधिकारीहरुलाई खवर गर्नु एउटा औपचारिक दायित्व रहन सक्छ । सामान्यतया अविभावकहरु अथवा संरक्षणसँग सहमति लिइनुपर्दछ । तिनिहरुबाटै जोखिम आउने परिस्थिति नभएसम्म । यस्तो अवस्थाहरुमा घटनालाई सम्बद्ध राष्ट्रिय बाल संरक्षण अधिकारीहरुलाई सिफारिश गर्नुपर्दछ तथा यदि तिनिहरु उपलब्ध छैनन् भने बाल संरक्षणका प्रमुखद्वारा असल हित निर्धारण (best interests determination – BID) कार्य सम्पन्न गरिनु पर्दछ ।

**नैतिकता**

- मानविय सहायताकर्मीहरुबाट अपेक्षा गरिएको आचरणका सम्बन्धमा शिविरका समुदायलाई सुचना उपलब्ध गराउने
- शिविरका समुदायहरुलाई उजुरीहरु प्रतिवेदन गर्नका लागि मानवीय सहायताकर्मीहरु शान्ति रक्षकहरु तथा/अथवा सुरक्षाकर्मीहरु सम्मिलित प्रक्रिया सम्बन्धमा जानकारी प्रदान गर्नुपर्दछ ।
- न्घ्ख को रोकथाम तथा सम्बोधन गर्ने निकायका कर्मचारीको ज्ञान तथा सीपहरु आकंलन गर्नुपर्दछ र उपयुक्तताका आधारमा तालिम/जानकारीदिने सत्रहरु प्रवन्ध मिलाइनुपर्दछ ।
- सवै कर्मचारीहरुले तालिम प्राप्त गरेको छन् । आचारसंहिताको बारेमा जानकारी राख्दछन् तथा हस्ताक्षर गर्दछन् भन्ने सुनिश्चित गरिनुपर्दछ ।
- प्रतिवद्ध महिला कर्मचारी राख्ने र तालिम दिने एवं अरु कर्ताले पनि महिला कर्मचारीको रोजगारीको प्रवर्द्धन गर्ने
- शिविरका सवै कर्मचारीहरुको स्पष्ट पहिचान हुने कुराको सुनिश्चित गर्ने, समुदायलाई नाम तथा कार्यका सम्बन्धमा लिखित जानकारी दिने ताकि उजुरीहरु परेको अवस्थामा ताकेता गर्न सकियोस् ।
- स्तरीय कार्य सञ्चालन विधिहरु (standard operating procedures SOPs) पीडितले उसको/उनको कथा अथवा अन्तवार्ता दिनुपर्ने न्यून गरिनुपर्दछ । तथा उ/उनी भेट्न आएको मानिसहरु, संचार लगायतका सम्बन्धमा सचेत छन् भनि सुनिश्चित गरिनुपर्दछ ।

कुनै शिविर व्यवस्थापन टोलीका सदस्यहरुलाई शिविर वातावरण भित्र अनुगमनकर्ता, प्रशिक्षक, फिल्ड कर्मचारी अथवा सुपपरिवेक्षकका रुपमा पठाउनुभन्दा अगाडी तिनिहरुलाई GBV मा तालिम प्रदान गर्ने, तथा विशेष रुपमा कसरी GBV को रोकथाम संरक्षण तथा मानव अधिकार कायम गर्नमा केन्द्रिय हो भन्ने कुरा कुझाउनुपर्दछ ।

**लैगिंकतामा आधारित हिंसालाई सम्बोधन**

शिविरका वासिन्दाहरु जो लैगिंक हिंसाको अनुभव गरेका छन् । प्राय शिविर व्यवस्थापन निकायलाई एउटा पहिलो सम्बोधनकर्ताका रुपमा पुग्दछन् । यस्ता घटनाहरुमा काम गर्ने कर्मचारीहरुले त्यस्ता अवस्थाहरुमा तयारी रही गोपनियता, सम्मान, संवेदनशीलता तथा पीडितको मर्यादामा प्राथमिकता दिनुपर्दछ । चारवटा सम्बोधन क्षेत्रहरु (स्वास्थ्य, मनोसामाजिक, सुरक्षा तथा कानूनी सम्बोधन) तल सुची दिइएको छ ।

**सिफारिस पद्धतिहरु**

- पीडितको आवश्यकतालाई सम्बोधन गर्ने सम्बन्धमा कर्मचारीले उपयुक्त तालिम पाएका छन् भनि सुनिश्चित गर्ने जसमा अन्तर्वाताका तरिकाहरु तथा सिफारिश संयन्त्रहरु र तिनिहरुलाई प्राप्त विकल्प जस्ता कुराहरु समेत पर्दछन् ।
- उपयुक्त संरक्षण निकायहरु तथा गैसस साझेदारहरुसँग घटना प्रतिवेदन संयन्त्रहरु र सिफारिश पद्धतिहरु (जहिले सम्भव र आवश्यक हुन्छ) प्रति संवेदनशीलता र पीडितको मर्यादालाई सम्मान गर्नुपर्दछ ।
- घटनाका सम्बन्धमा पहिचान हुन नसकेको सुचनालाई उपयुक्त ढंगले साझेदारी गर्ने कुरालाई सुनिश्चित गरिनुपर्दछ ।

**बचाउ/सुरक्षा**

- पीडितको सुरक्षालाई प्राथमिकता दिने, उसको/उनको परिवार तथा निकायका कर्मचारीले सदैव ख्याल गर्नुपर्दछ ।
- समग्र समुदायको आवश्यकताहरु र सुरक्षाको बारेमा जहिले पनि विचार गरिरहँदा पीडितको इच्छाहरु, अधिकारहरु र मर्यादाको सम्मान गर्ने ।
- यो कुरा सुनिश्चित गर्नुपर्दछ कि बालबालिकाहरुलाई सदैव उमेर संवेदनशील अन्तर्वातामा तथा विमर्शका विधिहरुमा तालिम हासिल गरेका व्यक्तिहरुबाट अन्तर्वाता लिइनुपर्दछ ।
- यो कुरा सुनिश्चित गरिनुपर्दछ कि बाल पीडितहरु अनावश्यक रुपमा विभिन्न अन्तवार्ताहरुले नसताइयोस् ।
- जव आवश्यकता पर्दछ पीडितलाई सुरक्षित क्षेत्रमा सार्ने प्रवन्ध मिलाउनुपर्दछ । पीडितलाई सुरक्षित क्षेत्रमा सार्ने प्रवन्ध मिलाउनुपर्दछ र व्यक्ति सुरक्षा ताकेतामा सहयोग तथा अनुगमनको प्रवन्ध गरिनुपर्दछ ।
- जहाँसम्म सम्भव हुन्छ कुनैपनि पीडकहरुलाई समुदायबाट हटाइने सुनिश्चित गरिनुपर्दछ ।
- **स्वास्थ्य**
- शिविरभित्र लैगिंकतामा आधारित हिंसालाई सम्बोधन गर्न सक्ने गरी सम्भव भएसम्म स्वास्थ्य सेवाहरु सुसज्जित गर्न वकालती गर्ने खास गरेर यी कुराहरुको उपलब्धता र वितरणमा ध्यान पुऱ्याउने
    - आपतकालीन निरोधक
    - पोष्ट एक्सपोजर प्रोृयालिक्स (एच आई भी का लागि)
    - एस टी आई उपचार
    - हेपाटाइटिस र टिटानसको सुई
- GBV पीडितका लागि सिफारिश पद्धतिहरु स्थापना गर्ने जसले शिघ्र उपचार र हेरचाह सुनिश्चित गर्दछ ।

- स्वास्थ्यको बारेमा थप जानकारीका लागि खण्ड १६ हेर्नुहोस् ।

**मनोसामाजिक**

- प्रभावित व्यक्तिहरुलाई मनोसामाजिक सहयोग प्राप्त गर्न स्पष्ट र समायावधि किटाण गरिएको सिफारिश पद्धतिहरु वकालत गर्ने
- समुदायबाट सञ्चालित मनोसामाजिक सहयोग संयन्त्रहरु पीडितको अधिकारका लागि निर्णायक होइन भनि सुनिश्चित गरिनुपर्दछ ।
- पीडितहरु जो कानूनी उपचारको इच्छा व्यक्त गर्दछन् । तिनिहरुलाई जिम्मेवार संरक्षण निकायहरु मा सिफारिश गरी पठाउने ।

**एउटा शिविर व्यवस्थापन निकायको रुजुसूची**

- शिविर व्यवस्थापन निकायका कर्मचारीहरुलाई न्द्यख तथा उपयुक्त रोकथाम सम्बोधन तथा सिफारिश पद्धतिहरुका सवालहरुमा तालिम दिइनेछ ।
- शिविरभित्र आउनुभन्दा अगाडी नै न्द्यख शिकार भएका शिविरका वासिन्दाहरुले उपयुक्त हेरचाह र उपचार प्राप्त गर्दछन् ।
- स्पष्ट सिफरिश प्रक्रियाहरु ठीक ठाउँमा रहेका हुन्छन् जसमा स्वास्थ्य सेवा प्रभावितका लागि मनोवैज्ञानिक तथा सामाजिक सहयोग समेत पर्दछ ।
- GBV का कारणहरु बुझ्नका निमित्त शिविर व्यवस्थापन निकायद्वारा सहभागितामूलक आकंलन प्रयोग गरिएको हुन्छ र तिनिहरुलाई सम्बोधन गर्न समुदायमा आधारित कार्यहरुका लागि योजना वनाइन्छ ।
- विस्थापित समुदायको संस्कृति जसमा लैगिंक तथा शक्ति सम्बन्धहरु, परम्परागत भूमिकाहरु तथा कुनै हानिकारक परम्परागत प्रचलनहरु समेत पर्दछन् । न्द्यख को रोकथाम तथा संबोधनका लागि सुचनाहरु
- शिविरको डिजाइन र फैलावट न्द्यख को रोकथामलाई मद्दत गर्दछ ।
- ह्विल चेयर पहुँच गर्न सकिने बाटो ।

यस्ता समाधानहरुको थोरै खर्च लाग्दछ तर तिनीहरुका लागि योजना तथा सचेतना भने आवश्यक हुन्छ । सामुदायिक सहभागिता विधिहरु प्रयोगबाट जस्तो लक्षित समूहहरु एउटा शिविर व्यवस्थापन निकायलाई शारीरीक अपांगता भएका व्यक्तिहरुलाई उपयुक्त तथा विशिष्ट उपायहरुमा सहयोग पुग्न सक्दछ ।

एच.आइ.भि भएका व्यक्तिहरु तथा एच.आइ.भि. जोखिम भएका समूहहरुले खास जोखिमहरु सामना गर्न सक्दछन् । उदाहरणको लागि यौनकर्मी व्यक्तिहरु, समलिंगीहरु तथा लागू पदार्थ प्रयोग गर्नेहरु । तिनीहरुले विभेद र नकारात्मक धारणाको सामना गर्न सक्छन् । एच.आइ.भि. भएका व्यक्तिहरुको गोपनियता कायम गर्ने कुरा त्यसैले एकदमै महत्वपूर्ण हुन्छ ।

**एउटा शिविर व्यवस्थापन निकायले यी कुराहरु गर्नु पर्दछ :**

- अपांगता भएका व्यक्तिहरुलाई सहभागितामूलक आंकलनहरुमा समावेश गर्ने, ताकि तिनीहरुको संरक्षण आवश्यकताहरु , चासोहरु तथा क्षमताहरु ठिक ढंगले पहचिान गरिएको सुनिश्चित गर्न सकियोस । तिनीहरु तथा समुदायका अरु सदस्यहरुले तिनीहरुको संरक्षण जोखिमहरु घटाउने लक्ष्यका साथ रोकथाम तथा संवोधन कार्यहरु विकास गर्न र तिनीहरुको खास आवश्यकता पूरा गर्नका निमित्त भाग लिनु पर्दछ ।
- समूह सहायता वितरण तिनीहरुको अवस्था अनुगमन (स्वयम सेवकहरु) द्वारा घर भ्रमाण लगायतका निमित्त समूदायमा आधारित सहयोग संयन्त्रहरु स्थापना गर्ने तथा तिनीहरुको हेरचाह गर्ने सँग तिनीहरुको विशेष आवश्यकताहरु, चासोहरु, क्षमताहरु तथा साधनहरु ध्यानमा राखेर संरक्षण जोखिमहरु तथा सम्बोधनहरु सुनिश्चित गर्न मिलेर काम गर्ने । हेरचाह गर्नेको आवश्यकताहरु तथा तिनीहरुको सहयोगलाई समुदायमा आधारित कार्यक्रमहरुलाई समेत विचार गरिनु पर्दछ ।

- अपांगता भएका व्यक्तिहरुका निमित्त विशिष्टिकृत संगठनहरुसँग सहयोग पहल गर्ने अथवा पर्नस्थापना सेवाहरु सम्बन्धी कार्यहरु गर्नु पर्दछ जस्तो ह्विल चेयर तथा बैसाखीहरु (CRUTCHES)
- शिविर सेवाहरु अपनाउने जस्तो शौचालयहरु तथा सावरहरु अपाËता भएका व्यक्तिहरुलाई तिनिहरुको पहुँचमा बाधा नपर्ने कुराको सुनिश्चित गर्ने । तिनिहरुको सेवाहरु तथा उद्धार सामाग्रीहरुमा पहुँचका सम्बन्धमा मूल्यांकन गरिनुपर्दछ र यदि आवश्यक छ भने तिनिहरुलाई त्यस्ता सेवाहरु प्रदान गर्ने संयन्त्रहरु राख्ने ।
- अपांगता भएका व्यक्तिहरुको अधिकार प्रवर्द्धन गर्ने जसमा मानसिक अपांगताहरु समेत पर्दछ । समुदायभित्रै अपांगता भएका मानिसहरुको शिविरभित्र उपलब्ध तिनिहरुको अधिकारहरु तथा शिक्षामा पहुँच जस्ता सेवाहरुको सम्बन्धमा सुचनाको पहुँच सुनिश्चित गर्ने ।
- शिविरका स्वास्थ्य सेवाहरुको वकालत तथा अनुगमन गर्ने (स्थायी समुदायको सेवाहरुमा पहुँच उपयुक्तताको आधारमा) जसमा विशेषहरु तथा क्लिनिकहरुमा सिफारिश पद्धतिहरु समेत पर्दछन् ।
- अधिकारहरुको उल्लंघन अथवा शिविरका सेवाहरु तथा सुविधाहरुका पहुँचमा विभेद सम्बन्धी उजुरीहरु कसरी र कहाँ पठाउने भन्ने सम्बन्धमा सुचना उपलब्ध गराउनुपर्दछ । शिविर व्यवस्थापन निकायले यो कुरा सुनिश्चित गर्न ध्यान दिनुपर्दछ कि सुचना प्रस्तुत गर्दा सुचना अवरोधहरु अथवा हिड्डुलको अभाव जस्ता केही व्यक्तिहरुले सामना गरिरहेका चुनौतीहरुलाई ध्यानमा राखी पहुँच योग्य हुन सकोस् ।
- एच.आई.भी. एड्स का आधारमा हुने भेदभाव र नकारात्मक धारणालाई ध्यान दिने र स्वास्थ्य सेवा प्रदायकहरु तथा सामाजिक तथा सामुदायिक कार्यकर्ताहरुसँग मिलेर एच.आई.भी. एड्स लाई दिइने सेवाहरु समुदायलाई तिनिहरुको एच.आई.भी. को बारेमा थाहा नदिइकनै दिने कुराको सुनिश्चित गर्नुपर्दछ ।
- स्वास्थ्य सेवा प्रदायकहरुसँग वकालत गर्नुपर्दछ कि जोखिममा परेका समूहहरु अथवा एच.आई.भी. एड्स भई बाँचीरहेका व्यक्तिहरुले गोप्य रुपमा एच.आई.भी. रोकथाम तथा उपचार गर्न पाउने तथा तिनिहरुलाई अलग नगरिने तथा आपराधीकरण नगर्ने सुनिश्चित गर्नुपर्दछ ।
- यौनकर्मीहरु तथा लागुपदार्थ सेवनकर्ताहरुका लागि नाजुक अवस्था घटाउने कार्यक्रमहरु सुनिश्चित गरिनुपर्दछ ।

**शिविर वन्दमा एच.आई.भी. एड्स मूल प्रवाहीकरण लाइवेरियामा कार्यक्रम**

लाइवेरियामा शिविर वन्दको अवधिमा शिविर व्यवस्थापन निकायले एच.आई.भी. एड्स सम्बन्धी विशिष्ठ प्रश्नहरु सुचना औजारमा समावेश गरेर शिविरका मानिसहरुका निम्ति धातवास अथवा इच्छाइएको ठाउँमा फर्कन दर्ता गरिएको थियो ।

विशिष्ट सवालहरुको सम्बन्धमा निम्नि प्रश्नहरुमा केन्द्रित हुन्छन् :

- एच.आई.भी. एड्स सम्बन्धी सचेतना
- एच.आई.भी. एड्स सम्बन्धी साँस्कृतिक धारणाहरु
- कण्डमको प्रयोग
- एच.आई.भी. रोकथाम तथा उपचार सम्बन्धी शिविरभित्र विस्थापनको अवधिमा पहुँच

शिविर व्यवस्थापन निकायले यो सुचना उपयुक्त निकायहरु तथा सरकारी समकक्षीहरुलाई फर्कने क्षेत्रहरुमा एच.आई.भी. रोकथामको पुनएकीकरण कार्यक्रम विकासमा सहयोग गर्न प्रयोग गरेका थिए ।

शिविरका मानिसहरुको निमित्त अस्पतालहरु तथा क्लिनिकहरुमा पहुँच एउटा महत्वपूर्ण चुनौती हुनसक्छ । विशेष गरेर यदि शिविर नजिकैको शहर अथवा गाउँभन्दा केही टाढा छ भने तथा समुदायका व्यक्तिहरु उपचारका निमित्त हिड्नुपर्ने हुन्छ । एउटा समाधान यो हुन सक्दछ कि शिविरका सदस्यहरु अथवा स्थानीय समुदाय विचको सहमति गर्न सकिन्छ जोसँग गाडी छ र अस्पतालको ट्याक्सी अथवा एम्बुलेन्स सेवाको रुपमा उपलब्ध गराउन तयार छ । यसको अर्थ हरेकलाई त्यसपछि आपतकालीन अवस्थामा कसलाई सम्पर्क गर्ने सम्बन्धमा सचेत वनाउँछ । अथवा जव एउटा व्यक्ति हिड्न असमर्थ हुन्छ उसलाई उपचार गराउनुपर्ने कारणले यातायातको आवश्यकता पर्दछ । समुदायले गाडी मालिकसँगको परामर्शमा एउटा बाटो निकाल्न पर्दछ जसमा उ अथवा उनीलाई पारिश्रमिक दिने अथवा तिनिहरुको सेवाहरु तथा/अथवा इन्धनको मूल्यको क्षतिपूर्ति वापत रकम उपलब्ध गराउन सकिन्छ ।

**एउटा शिविर व्यवस्थापन निकायको निमित्त रुजु सुची**

- शिविरका कर्मचारीहरुलाई विशेष आवश्यकताहरु भएका समूहहरुको संरक्षण र हेरचाह सम्बन्धमा तालिम दिइनेछ र आचारसंहिता हस्ताक्षर गराइनेछ ।
- दर्ता तथा तथ्यांक उमेत तथा लिंगका आधारमा छुट्याइने छ । विशेष आवश्यकता भएका व्यक्तिहरुको पहिचान गर्दछ तथा तिनिहरु सम्बन्धी सुचना नियमित रुपमा अद्यावधिक गरिनेछ ।
- शिविर व्यवस्थापन निकायले अरु सरोकारवालाहरु तथा शिविरका निकायहरुसँग मिलेर नाजुक समूहरु तथा व्यक्तिहरुको आवश्यकताहरुलाई क्षेत्र विशेष कार्यक्रमहरु तथा शिविरको दैनिक जीवनसँग एकिकृत गर्नका लागि वकालत गर्दछ ।
- शिविरको डिजाइन तथा खडा गर्ने कार्यमा समुदायभित्रका नाजुक समूहहरुको संरक्षण आवश्यकताहरुलाई ध्यान दिइनेछ । खास गरेर तिनिहरुको वचाउ, सुरक्षा तथा सेवाहरु र सहयोगमा पहुँच
- शिविरमा गरिने सहभागितामूलक आकंलनहरु विशेष आवश्यकता भएका समूहहरुलाई समावेश गराई सञ्चालन गरिन्छ । शिविर व्यवस्थापन निकायलाई तिनिहरुको नाजुक अवस्थाहरु तथा तिनिहरुलाई कसरी राम्रोसँग संरक्षण गर्न सकिन्छ भनि बुझ्न सक्षम गराइएको हुन्छ ।

- शिविरमा विशेष कार्यक्रमहरुले वढी जोखिममा रहेका विशिष्ठ समूहहरुका आवश्यकताहरुलाई सम्बोधन गर्ने तथा तिनिहरुको आवश्यकताहरु अनुरुप संरक्षण दिनुपर्दछ ।
- शिविर व्यवस्थापन निकाय विशेष आवश्यकता भएका व्यक्तिहरुका निमित्त परिवार तथा समुदाय संरचनाहरुलाई सहयोग गर्दछ । तिनिहरुको हेरचाहमा रहेका व्यक्तिहरुको पहिचान गर्दछ र सोही अनुरुप सम्बोधन गर्दछ ।
- बालबालिकाहरु तथा केटीहरु लगायत शिविरका युवाहरुको निम्ति सुरक्षित ठाउँहरु तथा खेलकुद र मनोरञ्जनका ठाउँहरु हुनेछन् ।
- महिलाहरुको राम्रो प्रतिनिधित्व हुन्छ र निर्णय प्रक्रियामा सहभागी गराइन्छ ।
- विशेष आवश्यकताहरु भएका व्यक्तिहरुलाई प्रतिनिधित्व गराइन्छ र शिविर गतिविधिहरुमा सहभागी वनाइन्छ ।
- शिविरभित्र विशेष आवश्यकता भएका समूहहरुका लागि समितिहरु रहन्छन् र विशेष आवश्यकता भएकालाई क्षेत्र विशेष समितिहरुमा प्रतिनिधित्व गराइन्छ ।
- बाल संरक्षणको जिम्मा पाएका संगठनहरुले बालबालिकाहरुलाई संरक्षण दिन्छन् । विशेष गरी जो वढी नाजुक हुन सक्छन् । सहाराविहिन, अलग्गिएका, टुहुरा, विरामी अथवा लडाकुहरुसँग सम्बन्धीत बालबालिकाहरु
- बालबालिकाहरुको सुरक्षित शिक्षाको अधिकारलाई शिविर व्यवस्थापन निकायद्वारा अनुगमन तथा सहयोग गरिन्छ ।
- तालिम तथा मनोरञ्जनात्मक कार्यक्रमहरु तथा प्रौढहरुका लागि शिविर जीवनमा सहभागी हुन र सकारात्मक योगदान गर्ने अवसरहरु उपलब्ध गराइनेछ ।
- शिविरका बृद्ध वासिन्दाहरुको हेरचाह र मर्यादा प्रवर्द्धन गरी समुदायमा तिनिहरुको भूमिका र मान्यता दिने उपायहरु सम्बन्धमा योजना गरिएको हुन्छ ।
- तिनिहरु जो विरामी छन् । अपाËता भउकाहरु अथवा हिड्डुल गर्न नसक्ने हुन्छन् । तिनिहरुलाई आधारभूत सहयोग तथा सेवाहरुमा पहुँच तथा तिनिहरुको संरक्षणको निमित्त कार्यक्रमहरु सुनिश्चित गरिनुपर्दछ ।
- शिविर व्यवस्थापन निकायले स्वास्थ्य सेवा प्रदायकहरुसँग मिलेर वकालत गर्दछ ।
- शिविरका मानिसहरुको विशेषज्ञहरु तथा क्लिनिकहरुमा पहुँच हुन सक्दछ ।
- विशेष आवश्यकता भएका व्यक्तिहरु हेरचाह गर्नको निमित्त सहयोगको व्यवस्था हुन्छ ।
- शिविर व्यवस्थापन निकायले एच.आई.भी. एड्ससँगै वाँचेको अथवा प्रभावितहरुका संरक्षण र गोपनियतामा सहयोग गर्दछ ।
- एच.आई.भी. एड्सको जोखिमबाट नाजुक अवस्थामा रहेका समूहहरुलाई जोखिम न्यूनिकरण गर्न कार्यक्रमहरु राखिएका हुन्छन् ।

## औजारहरु

• Guidance on the use of standardised specific needs codes
• Simple devices to assist the physically disabled
www.networklearning.org/library/task,cat_view/gid,52/
• IASC, Protection Cluster, Early Recovery Cluster, 2007. *Protection of Conflictinduced IDPs: Assessment for Action* (pilot version for field testing).
www.humanitarianreform.org/humanitarianreform/Portals/1/cluster%20approa
ch%20page/clusters%20pages/Protection/P%20R&T/framworksmallsize.pdf
• UNHCR 2006, *The UNHCR Tool for Participatory Assessment in Operations.*

www.humanitarianreform.org/humanitarianreform/Portals/1/cluster%20 approach%20page/clusters%20pages/Em%20Shelter/Tollkit%20Field/ 7.2%20Assessment/7.2.2%20Guidelines/7.2.2.8%20UNHCR%20Participcipatory %20Assessment%20Tool.pdf

## अध्ययन र सन्दर्भ सामग्री

Action for the Rights of Children (ARC), 2001. *Critical Issues: Abuse and Exploitation.* www.savethechildren.net/arc/files/c_abex.pdf

Enabling Education Network. *Disability and Refugees -The Example of Nepal.* www.eenet.org.uk/bibliog/scuk/refugee.shtml

Jose Eruesto, 2002. "The breakdown of cultures in refugee camps". *Forced Migration Review.* www.fmreview.org/FMRpdfs/FMR14/fmr14.8.pdf

HelpAge International, UNHCR, 2000. *Older People in Disasters and Humanitarian Crises: Guidelines for Best Practice.* www.helpage.org/Resources/Manals/main_ content/1118336526-0-10/bpg.pdf

IASC. *Guidelines for HIV/Aids Interventions in Emergency Settings.* www.unfpa.org/upload/lib_pub_file/249_filename_guidelines-hiv-emer.pdf

Inter-Agency Standing Committee (IASC), 2006. *Women, Girls, Boys and Men: Different Needs – Equal Opportunities.* www.who.int/hac/network/interagency/ news/IASC_Gender_Handbook_Workshop_Final_Report.pdf

IASC, 2007. *Guidelines on Mental Health and Psychosocial Support in Emergencies.* www.humanitarianinfo.org/iasc/content/documents/weekly/200706201345/Guideli nes%20IASC%20Mental%20Health%20Psychosocial.pdf

ICRC, International Rescue Committee, Save the Children UK, UNICEF, UNHCR, World Vision International, January 2004.*Inter-agency Guiding Principles on Unaccompanied and Separated Children.* www.unhcr.org/cgi-bin/texis/vtx/prtect/ opendoc.pdf?tbl=PROTECTION&id=4098b3172

IFE Core Group, 2007. *Infant and Young Child Feeding in Emergencies. Operational Guidance for Emergency Relief Staff and Programme Managers.* www.ennonline.net/pool/files/ife/ops-guidance-2-1-english-010307.pdf

International Disability and Development Consortium (IDDC), 2005. *Disability in Conflict and Emergency Situations: Focus on Tsunami-affected Areas.* www.iddc.org.uk/dis_dev/key_issues/Final_report.doc

Linnie Kesselly, 2002. "Focusing on older refugees". *Forced Migration Review.* www.fmreview.org/FMRpdfs/FMR14/fmr14.6.pdf

Karin Landgren, 2005. *"The Protective Environment: Development Support for Child Protection", Human Rights Quarterly.* http://muse.jhu.edu/demo/hman_rights_ quarterly/v027/27.1landgren.pdf

Networklearning, 2006. *Incorporating Gender into your NGO.* www.networklearing. org/index.php?option=com_docman&task=cat_view&gid=43&Itemid=52

UNHCR and Save the Children Alliance, *Action for the Rights of Children,* A Rights Based Training and Capacity-building Initiative. www.icva.ch/doc00000773.html

Refugee Survey Quarterly, 2004. *Refugee Children,* Vol. 23, No. 2. http://rsq.oxfordjournals.org/content/vol23/issue2/index.dtl

Save The Children, 2004. *Separated Children. Care & Protection of Children in Emergencies. A Field Guide.* www.savethechildren.org/publications/technicalresources/ childsurvival/SEPARATED_CHILDREN_CONTENTS.pdf

Save the Children, 2005. *Protecting Children in Emergencies,* Policy Paper, Vol. 1, No. 1. www.savethechildren.net/alliance/what_we_do/policy.pdf

Save the Children UK, 2005. *Reaching all: Core principles for working with children associated with armed groups and forces.* www.eldis.org/go/display/

?id=20100&type=Document
William Spindler, 2001. *The Situation of Separated Children in Central Europe and the Baltic States,* Separated Children in Europe Programme, UNHCR/Save the Children Alliance. www.nominorsindetention.org/download/stc-coparaison-11-paysest.pdf
David Tolfree, Save the Children Sweden, 2003. *Community-based Care for Separated Children.* http://www.rb.se/NR/rdonlyres/A9FFDB70-57BD-474FB14E60783D17881D/0/Communitybasedcareforseparatedchildren.pdf
UN Committee on the Rights of the Child, General Comment No. 6, 2005. *Treatment of Unaccompanied and Separated Children outside their Country of Origin.* www.unhchr.ch/tbs/doc.nsf(Symbol)532769d21fcd8302c1257020002b65d9?Opendocument
*UN Convention on the Rights of the Child.* www.unicef.org/crc
*UN Convention on the Rights of Persons with Disabilities.* www.un.org/disabilities/
UNHCR. *10 Key Points on HIV/Aids and the Protection of Refugees, IDPs and other Persons of Concern.* www.unhcr.org/publ/PUBL/444e20f32.pdf
UNHCR, 1991. *Guidelines on the Protection of Refugee Women.* www.unhcr.org/publ/PUBL/3d4f915e4.pdf
UNHCR, 1994. *Refugee Children. Guidelines on Protection and Care*. www.unhcr.org/cgi-bin/texis/vtx/protect/opendoc.pdf?tbl=PROTECTION&id=3b84c6c67
UNHCR, Save the Children, 2004. Separated Children in Europe Programme. *Statement of Good Practice.* www.unhcr.org/cgi-bin/texis/vtx/reworld/rwmain?docid=415450694
UNHCR, 2006. *UNHCR Guidelines on Formal Determination of the Best Interests of the Child.* www.unhcr.org/cgi-bin/texis/vtx/refworld/rwmain?docid=447d5bf24
UNHCR,2006. *Conclusion on Women and Girls at Risk, No. 105 (LVI).* www.uhcr.org/cgi-bin/texis/vtx/refworld/rwmain?page=search&docid=45339d922

UNHCR, 2007. *The Protection of Older Persons and Persons with Disabilities.* www.unescap.org/esid/psis/meetings/ageingmipaa2007/UNHCR.pdf
UNHCR, (forthcoming 2008). *Handbook on the Protection of Women and Girls.* www.unhcr.org/cgi-bin/texis/vtx/refworld/rwmain?page=protection_kit
UNICEF, 2002, *Implementation Handbook for the Convention on the Rights of the Child.* www.unicef.org/emerg/index_32032.html
*United Nations Principles for Older Persons, 1991.* General Assembly Resolution 46/91. www.un.org/NewLinks/older/99/principles.htm
UN Secretariat for the Convention on the Rights of Persons with Disabilities, *Rights of Refugees with Disabilities.* www.un.org/esa/socdev/enable/discom506.htm
US Committee for Refugees and Immigrants. *Resource Guide for Serving Refugees with Disabilities.* www.refugees.org/article.aspx?id=1965&subm=178&area=Participate&
Jo Wells, 2005. *"Protecting and Assisting Older People in Emergencies''. Humanitarian Practice Network.* www.reliefweb.int/rw/lib.nsf/db900SID/OCHA6K4GD3/$FILE/networkpaper053.pdf?OpenElement
WFP, 2006. *Getting Started: HIV, Aids and Gender in WFP Programmes.* www.wfp.org/food_aid/doc/GETTING_GENDER7.pdf
Women's Commission for Refugee Women and Children (WCRWC), 2005. *Youth Speak Out: New Voices on the Protection and Participation of Young People Affected by Armed Conflict.* www.womenscommission.org/pdf/cap_ysofinal_rev.pdf
World Health Organisation (WHO), 2001. *Declaration of Cooperation in Mental Health of Refugees, Displaced and Other Populations Affected by Conflict and Post-Conflict Situations.* www.who.int/disasters/repo/6986.doc

# शिविरको सुरक्षा

# अध्याय १२ : शिविरको सुरक्षा

## मुख्य मुख्य सन्देशहरू

- भौतिक सुरक्षा शरणार्थी र आन्तरिक विस्थापितहरूको शिविर भित्रको प्रमुख कार्य हो ।
- भौतिक बचाउ र सुरक्षा शरणार्थी र आन्तरिक विस्थापितहरूको शिविरको सुरक्षा र शिविर भित्र कानुन र सुव्यवस्था कायम गर्नु राज्यको दायित्व हो । तथापि मानवीय नियोगहरूको भुमिका शिविरबासीहरूले सामना गर्न सक्ने खतरा पत्ता लगाउने, निर्धारण गर्ने र त्यसलाई निरोध गर्ने र त्यस्ता खतराहरूबाट पर्न सक्ने असरहरू सामना गर्न र राष्ट्रिय अधिकारीहरूलाई सहयोग प्रदान गर्न महत्वपुर्ण हुन्छ ।
- शिविरहरूमा कानुन र सु-व्यवस्था भङ्ग हुने, अपराध र हिंसा भड्कने र शिविरको सैनिकीकरण र आतिथ्यकर्ता र विस्थापित समुदायहरू विच पैदा हुने वैमनश्यता आदि प्रमुख सुरक्षा खतराहरू हुन्
- शिविर कर्मचारीहरूको सुरक्षा व्यवस्था गर्न केहि जोखिम व्यवस्थापन गर्नुपर्ने हुन्छ । जोखिमको अवस्था खतरा र सो खतरा सामना गर्नुपर्ने अवस्था दुवैमा निर्भर हुन्छ । कर्मचारीहरू र शिविरवासीहरू विभिन्न खतराहरू सामना गरि रहेका हुन्छन् ।
- शिविर व्यवस्थापन नियोगहरू सन्दर्भ, त्यसका कर्ताहरू र तिनका उद्देश्यहरूको बारेमा जानकारी हुनु आवश्यक छ ।
- पुर्व सुचना र प्रभावकारी संचार व्यवस्थाहरू स्थितिलाई ठिकसंग निरीक्षण सम्प्रेषण र सम्बोधन गर्न महत्वपुर्ण हुन्छ ।

**मुख्य शब्दावली**

**सुरक्षा** शिविरवासीहरू, मानवीय  कर्मचारीहरू र सम्पतिको खतरा र जोखिम जस्तै : द्वन्द्व, आक्रमण, विनाश वा चोरीसंग सम्वन्धित छ ।

**सुरक्षा** शिविरवासी र कर्मचारीहरूको खुशहालीसित संबधित विषय हो ।

**संरक्षण** : शिविरवासी र कर्मचारीहरूको र मानवीय कर्मचारीहरूको मानव अधिकार स्थापित गर्ने कृयाकलापसंग सम्बन्धित छ ।

परिचय :

जीवन, स्वतन्त्रता र सुरक्षाका खतराका कारणहरूले मानिसहरू भाग्दछन् तर त्यस्ता खतरा झगडा पश्चात विरलै थानिन्छन् बरू विस्थापित व्यक्तिहरूलाई विस्थापन चक्रका सवैस्तरहरूमा पछ्याई रहन्छन् । विस्थापन र व्यक्तिको आफ्नै समुदायको पुर्ववत सुरक्षित वातावरणबाट हटाइनुले व्यक्तिहरूलाइ झन बढी सुरक्षा खतराको जोखिममा पार्दछ । साथसाथै परम्परागत सामना गर्न संयत्र र पारिवारिक इकाइको सुरक्षा कार्य प्रायश: घटेको वा पूर्णत: विलय भएका सुरक्षा कार्य विनाशबाट भाग्दा विस्थावित व्यक्तिहरू आफै असुरक्षाका कारणका रूपमा देखा पर्दछन् विशेषत: जव उनीहरू समूहगत रूपमा आउछन् र उनीहरूको आतिथ्यकर्ता समुदायमा स्रोतको कमी हुन्छ ।

शिविरहरू प्रायश: शरणार्थीहरू र आन्तरिक विस्थापितहरूको नजरमा सुरक्षित स्थल हुन्छ जहाँ उनीहरूलाई सुरक्षण दिइन्छ र सहयोग गरिन्छ । स्वभाविक रूपमा शिविरहरू यसैका व्यवस्था गरिएको हुन्छ र यसै लक्ष्य प्राप्ति गर्न सवै सरोकारवालाहरू र मुख्यत : विस्थापितहरू आफै लाग्नु पर्दछ । प्राय: विभिन्न सुमदाय अभियोगका र द्वन्द बाट भागेका व्यक्तिहरूका लागि व्यवस्था गरीएका अस्थाई संरचना हरूले कानुन विहिन स्थिती सृजना गर्ने, द्वन्द्व र अपराध निम्त्याउने र सशस्त्र शक्ति र समुहहरूको आक्रमणको शिकार बन्ने गर्दछन्। द्वन्दको स्थितिमा शिविरहरू प्राय द्वन्द्वका समुहहरू र सिमाना नजिक स्थापना हुन्छन् र यसले असुरक्षाको खतरा बढाउने गर्दछ सुरक्षासंग सम्बन्धित धेरै कार्यहरू त्यस्ता खतरा निवारण गर्ने र हुन बाट रोक्ने तर्फ हुनु जरूरी छ ।

- शिविरका अवस्थितीका बारेमा थप सुचनाका लागि अध्याय ७ हेर्नुहोला

आफ्नै सिमाना भित्रका सवै व्यक्तिहरू -चाहे ति शरणार्थी हुन आन्तरिक विस्थापित हुन् वा जोखिममा रहेका समुदाय हुन् - को सुरक्षाको प्राथमिक जिम्मा राज्यको हो र सार्वजनिक सुव्यवस्था र आन्तरिक र वाह्य खतराहरूबाट पनि सुरक्षा प्रदान गर्न जरूरी छ । मानव अधिकार र मानवीय कार्यकर्ताहरूले सुरक्षाको आश्वासन दिनु हुदैन किनभने यसले सुरक्षाको झुठा अवस्थाको भान गराउने खतरा निम्त्याउछ । तथापि यस्ता कार्यकर्ताहरूले सुरक्षाका विधीहरू अवलम्वन गर्ने र द्वन्द्व झेल्ने र त्यसका प्रभाव न्युनिकरण गर्न आवश्यक हुन्छ ।

सुरक्षा शव्दावलीहरूको वर्णन

त्रास : शिविरवासी, शिविर कर्मचारी र शिविर व्यवस्तापन नियोग वा सम्पति वा जायजेथामा खतरा हुन्

भेद्यता : निश्चित त्रास वा खतरा प्रति निश्चित स्तरको सामना

जोखिम : त्रास र त्यसको प्रभाव पर्ने सम्भावना

सुरक्षाले जोखिम व्यवस्थापन जोखिम निर्धारण

जहाँ जोखिम = त्रास × भेद्यता

- विशेष आवश्यकता भएका व्यक्तिहरूको सुरक्षण जो निशेष रूपले भेद्य हुन सक्छन् त्यस सम्वन्धि विस्तृत विवरणका लागि अध्याय १० र ११ हेर्नु होला ।

यस अध्यायमा शिविरमा रहेका शरणार्थीहरू र आन्तरिक विस्थापित व्यक्तिहरूले सामना गर्नु पर्ने त्रासहरूको तीन वृहत् समुहहरूलाई नियाल्ने छ । यिनीहरू एक आपसमा अन्योन्याश्रीत रूपले अर्न्तसम्वन्धित छन् :

- यस प्रकारको त्रासको पहिचान र त्यसको प्रभाव न्युनिकरण गर्ने कार्यहरू र द्वन्द्व जस्तै शारीरिक मानसिक, यौनिक वा अन्य कुनै प्रकारको पिडा वा हानी पुर्‍याउने कार्यहरू गर्नु जसले कुनै चोट मृत्यु, शारीरिक वा मानसिक असक्तता वा विहिनता निम्त्याउँछ ।

- शसस्त्र द्वन्द्वका कारणले उत्पन्न हुने त्रास : जस्तै शसस्त्र समुहका हातवाट वा उनीहरूका कार्यहरूका कारणले हुने त्रास

- अर्न्तसमुह वा साम्प्रदायिक तानवका कारण उत्पन्न हुने त्रास जो शरणार्थी समुहहरू मध्यबाटै वा आन्तरिक विस्थापित जनसंख्याको विचमा हुन सक्तछन् जस्तै जातिय वा धार्मिक कारण वा शरणार्थीहरू विचमै र आन्तरिक विस्थापितहरू वा आन्तरिक विस्थापितहरू का विचमा न्युन रहेको साधन स्रोतको लागि हुने प्रतिस्पर्धा जस्तै जमिन, जल र दाउरा आादि।

कर्मचारी रक्षा शिविर व्यवस्थापन नियोगका लागि विभिन्नप्रकारले शरणार्थी र आन्तरिक विस्थापित जनसंख्याको रक्षा र सुरक्षासंग सम्वन्धित हुन्छ । यद्यापि मानवीय सेवा कर्मचारी त्यहि स्तरको त्रास, जस्तो शरणार्थीहरू र आन्तरिक विस्थापितहरूले झेल्नु पर्छ र त्यही स्तरको भेद्यता झेल्नुपर्ने स्थितीमा हुँदैनन् । कुनै व्यक्तिको लिङ्ग उमेर, स्वास्थ्य जातियता, धर्म, भाषा सामाजिक स्थिति र अन्य गुणहरूले उसले झेल्नु पर्ने हुन सक्ने त्रासको भेद्यताको स्तरलाई असर गर्दछ । कुनै शिविरको स्थितिमा एउटा एक्लो बालक जबरजस्ति भर्ती हुन सक्ने भेद्यता बढि हुन्छ र त्यस्तै निश्चित जातिको सदस्य द्वन्द्व, हत्या वा अन्य हिंसा को वढि भेद्यता झेल्नुपर्ने हुन सक्तछ ।

शिविर व्यवस्थापन नियोगको आफुले काम गरेको परिवेशको ज्ञान, उनीहरूले सहकार्य गर्ने सरोकारवालाहरूको वारेमा र तिनको ब्यक्तिको वारेमा ज्ञान हुनु

नियोग कर्मचारी र शिविरवासीहरूको भैल्नु पर्नसक्ने सुरक्षा त्रास र जोखिमापन गर्नका लागि एउटा आवश्यक सुरूवात विन्दु हुन्छ ।

जव शिविरवासीहरू  सुरक्षित र उनीहरूको मालसमान संरक्षित हुन्छ तब नियोगहरूले शिविरहरूमा आफ्नो उपस्थिति जनाउन सक्छन् र फलस्वरूप शिविरवासीहरू रक्षा र सुरक्षा गर्ने कार्यमा सकारात्मक प्रंभाव पार्न सक्छ । जब कर्मचारीहरूको जोखिम सुव्यवस्थित हुन्छ तव तिनीहरू आवश्यक व्यक्तिहरूमाभ अभ्र राम्ररी सहयोग वितरण गर्न सक्तछन् । सुरक्षा  जोखिमले निम्त्याउने आवत जावतमा सिमा वन्धनले मानवीय कर्ताहरू सम्वन्धित जनसंख्या सम्मको पहुँचलाई सिमित गर्दछ  र यसले शरणार्थी र आन्तरिक विस्थापितहरूलाई थप सुरक्षा जोखिम उत्पन्न गर्दछ किनभने उनीहरू सुरक्षण र आवश्यक सहयोगबाट बञ्चित हुन्छन् । नियोगहरूको आफ्नै कर्मचारी सुरक्षा नियमावलीहरू र कार्यन्वयन प्रकृयाहरू हुनुपर्दछ , जसका बारेमा  सबै कर्मचारीहरू सुनिश्चित हुनु पर्दछ । सुरक्षा र स्थानान्तरण प्रकृयाहरू र व्यवस्थाहरू सावधानीपुर्वक सवै असर पर्ने संगठनहरूसंग  र सरकार संग नजिकै सहकार्य गर्नु पर्दछ ।

मुख्य मुख्य सवालहरू

**कानुन र सु-व्यवस्थाको उल्लंघन : अपराध, द्वन्द्व र हिंसा**

अन्य कुनै समुदायमा जस्तै , ठुला वा साना, शिविर शान्त तवरले चल्न समुदायका सदस्यहरू बिच एक आपसमा सम्मान र निश्चित स्विकृत पद्धतिबाट आपसी द्वन्द्व र विवादहरू सुल्भाउने इच्छा हुनु जरूरी छ । कानुन र सुव्यवस्थाको उल्लंघनकको थुप्रै सहायक तत्वहरू हुन सक्छन् ।

आफ्नो सीमाभित्र  रहेको  व्यक्तिहरूको सुरक्षा गर्नु राज्यको दायित्य हो तर राष्ट्रिय र  स्थानीय अधिकारीहरूसंग यस्तो क्षमता नहुन सक्छ वा यस्तो शरणार्थीहरूको र आन्तरिक विस्थापितहरूको सुरक्षा गर्ने मनसाय नहुन  सक्छ । यस्तो अवस्था अन्य तत्वहरूले चर्काउन सक्छन् जस्तै सशस्त्र को अवस्था र संस्थाहरू र पूर्वाधारको विनाश । कुनै अवस्थामा राज्य आफैले द्वन्द्व सहयोग गर्ने वा त्यस्ता घटना प्रति आखाँ चिम्लने गर्ने हुन सक्छन् आक्रमण, हिंसा जसले शिविर जनसंख्यामा प्रत्यक्ष असर गर्न सक्छ । विस्थापित व्यक्तिहरू आफैले आघात चिन्ता, तनाव का अनुभवहरूसंग संघर्ष गरि रहेको हुन्छन् जो उनीहरूको विस्थापन र त्यसको अवस्थाबाट सृजित हन्छ । गरीवी, अशिक्षा र सिमित जिविकोपार्जनका मौकाहरू र सामाजिक मुल्य र मान्यताहरू तोडीएको

अवस्थामा अपराध, शोषण र हिसां सार्वजनिक र निजी अवस्थामा विशेष वृढि हुने सम्भावना सहन्छ ।

यस्ता त्रासहरू विभिन्न स-साना दुष्कार्यहरू जस्तै चोरी, तोडफोड देखि लिएर अन्य जधन्य प्रकारका धम्कीहरू, शोषण वा अन्य जधन्य अपराधहरूमा लैङ्गिक हिसां सबैभन्दा बढी हुने अपराध हो र यो पारिवारीक स्तरमा पनि हुन सक्छ । बलात्कार, यौनिक आक्रमण, हिसां, यौनिक शोषण र अपमान जवरजस्ती वेश्यावृत्ती र सहयोगका लागि यौनजन्य कृयाकलाप -आदी जस्ता लैङ्गिक हिसांहरू शिविरहरूमा हुने सम्भावना रहन्छ ।

- *GBV बारे थप जानकारीको लागि अध्याय १० हेर्नु*

आफ्नो घर, परिवार र समुदायको सुरक्षा नभएको र वासस्थान, खाना,पानी जस्ता आवश्यक साधनहरूबाट वञ्चित भएको र अवस्थामा विस्थापितहरू आफुलाई हिंसाको बढि जोखिममा पाउँछन् ।र यस्तो अवस्थावाट हुन सक्ने नकारात्मक प्रभावबाट उन्मुक्ति प्राप्त गर्ने उनीहरूको क्षमता कम हुन्छ । उनीहरूको अवस्थाले सुरक्षा चिन्तालाई निरुपण गर्ने क्षमतामा पनि नियञ्त्रण गर्दछ । प्राय शिविरहरूको बन्द वातावरण र बसोबास र चिन्ता, निराशा र सिमान्तीकरण र दिगो समाधानको आशाहिनता आदिले ह्रिंसक कार्यहरू को आवृत्ति र गाम्भीर्यता बढाई दिन्छ ।

**शिविर व्यवस्थापन जिम्मेवारीहरू**

कानुन र सुव्यवस्थापन कायम गर्नु राज्यको दायित्व भए तापनि, शिविर व्यवस्थापन नियोगहरू शिविरका दैनिक जीवनका सवै पाटाहरूसंग , अपराध का घटना, हिंसाा र द्वन्द्व , सचेत हुनुपर्दछ । शिविर व्यवस्थापन नियोगहरू कानुन र सुव्यवस्था उल्लंघनका कारणहरू र त्यस्तो अवस्था निराकरण गर्ने उपाय र नितिहरूको राम्रो बुझाई हुनुजरूरी छ । उनीहरूले पनि अधिकारप्राप्त सुरक्षण निकायहरू संग समन्वय गर्ने र यसरी सुरक्षण जोखिमलाई समाधान गर्ने भुमिका खेल्छन् र यसो गर्न न्युनतम रूपमा सुचना व्यवास्थापन र समन्वय गर्न गर्न जरूरी छ ।

यिनीहरू निम्न कुराहरूमा ध्यान दिन आवश्यक छ :

- सुरक्षाविद्हरू सुरक्षा जोखिम मापन र विश्लेषण गर्न सरिक हुन्छन् यो सुरक्षा रणनीतिहरूको आधार वनाइनु पर्छ र यसमा आदर्श कार्यान्वयन प्रकृिया र आकस्मिकता योजनाहरू जोखिम सामना र निवारण विशेष ध्यान पुऱ्याउनु पर्छ । जोखिम मापन र विश्लेषणमा निम्न कुराहरू हुनु जरूरी छ :

१. त्रासको प्रकार र रूप
२. लक्षित व्यक्तिहरू वा जोखिम भएकाहरू र उनीहरूको भेद्यता स्तर
३. उनीहरूको लक्ष्यमा सहभागी कर्ताहरू
४. राज्यको जोखिम सम्बोधन गर्न सक्ने विद्यमान क्षमता र सामना गर्नु पर्ने वाधाहरू र आवश्यक थप सहयोगको किसिम
५. सम्वन्धित व्यक्तिहरूमा पर्ने प्रभाव अवलम्वन गरिएका सामना गर्ने रणनीतिहरू र उनीहरू आफैलाई समस्या प्रतिरोध गर्दाको जोखिम व्यहोर्न सहयोगहरू

शिविरहरूको रेखाङ्कन सम्भव भएसम्म, सुरक्षण आधारित भौतक योजना , तिनीहरूको अवस्थिति, रेखाङ्कन र सेवाहरूको पँहुचलाई ध्यानमा सरिक गरिनु पर्छ । ध्यान दिनुपर्ने कुराहरू निम्मानुसार हुन्छन् :

१. सशस्त्र द्वन्द्व र अन्य हिंसा का स्रोतहरूबाट दुरी
२. शिविरका आकार
३. प्रति परिवार वितरण माटो निर्धारण गर्न समुदायको सहभागिता
४. प्रति परिवारलाई यथ्येष्ट स्थान प्रदान गर्नु
५. खाना, पानी र दाउराको जस्ता साधनको सुरक्षित पहुँच
६. प्रहरी, शिविर व्यवस्थापन कार्यालय, सरसफाई सुविधा, विद्यालय, बजार र सामुदायिक केन्द्र जस्ता सेवाहरू
७. सुरक्षा प्रकाश
८. बाल मैत्रि स्थानको स्थापन गर्नु

- यथ्येष्ट संख्यामा तालिम प्राप्त व्यवसायिक गैर सैनिक प्रहरीहरू महिला प्रहरी सहित शिविरको नजिकै तर भित्र होइन, खटाउनु सुरक्षण निकायहरूले कानुन पालना गराउने नियोगहरूलाई भौतिक तालिम सहयोग प्रदान गर्ने सञ्चार साधन प्रदान गर्ने र उनीहरूको जिम्मेवारी पुरा गर्न सहयोग गर्ने ।

समुदायहरूलाई सम्भव भएसम्म प्रहरीहरूको सहयोगमा सामुदायिक सुरक्षाको व्यवस्था गर्न सहयोग पुऱ्याउन सकिन्छ । सुरक्षा गस्ती पुर्णत: गैरसैनिक

प्रकृतिको हुनु र त्यस्ता व्यक्तिहरूले पालनाका आधारभुत सिद्धान्तहरूका वारेमाा यथ्येष्ट तालिम  प्राप्त हुनु आवश्यक छ। र तिनीहरू यथ्येष्ट सुपरीवेक्षण हुनु पर्दछ । र उनीहरू साधन श्रोत सम्पन्न हुनु पर्दछ । समुदायमा आधारित पहलकदमीहरूलाई रेडियो  नाटक वा छापा माध्यमबाट प्रोत्साहन गर्नु पर्छ र सुरक्षा सम्बन्धि बस्तुगत सुचना र सल्लाहहरू दिनु पर्छ यसले शिविरवासीहरूले शिविरका नियमहरू र कानुन र सु-व्यवस्था बनाइराख्न पुरा गर्नु पर्ने जिम्मेवारका बारेमा सुचना र सुव्यस्था बनाइसख्न पुरा गर्न जिम्मेवारीका बारेमा सुचना प्रदान गर्नु पर्दछ ।

**शिविरको सैनिकीकरण**

शिविरको सैनिकीकरणले भौतिक वा यौनिक शोषणमा वृद्धि हुन्छ । र कानुन र सु-व्यवस्था उल्लंघन हुन्छ र शिविरहरूमा छिमेकी राष्ट्र वा सशस्त्र समुहद्वारा आक्रमण भई मानवीय सहयोगको मार्ग गैरसैनिक जनसंख्याबाट ससस्त्र समुह वा जत्था तर्फ मोडिन्छ । गै. स. स. तथा सं. रा. सं का कार्यकर्ताहरूको शिविरको पहुँच मा कटौती हुन्छ जव त्यस्ता  शिविरहरूमा सशस्त्र समुहहरू वा जत्थााहरू प्रवेश गर्छन् । यतिमात्र नभई  यस्ता अवस्थाहरूमा उनीहरू पनि गम्भीर सुरक्षा जोखिममा हुन्छन्  यदि  शिविरहरू ससस्त्र  समुहहरू वा जेत्थाहरू प्रवेश गर्छन्  र बन्दी  बन्ने, आक्रमण  वा हत्याका भागीदार पनि हुन सक्छन् । यदि शिविरहरू ससस्त्र समुहहरूको नियन्त्रणमा रहेका आतिथ्यकर्ता सरकारले शरणार्थी जनसंख्यालाई जवरजस्ती फिर्ता पठाउने वा स्थानीय स्तरमा एकिकरण हुने  सम्भावनालाई न्युनिकरण  गर्ने गर्दछ ।  साथै ससस्त्र  समुहहरू र उद्‌गम राष्ट्रले  स्वेछिक  रूपमा आफ्नो उद्‌गम  स्थलमा फिर्ताहुने  (शरणर्थी र आन्तरिक विस्थापित जनसंख्याहरूको ) सम्भावना डामाडोल हुन सक्छ । शिविरको सैनिकीकरणले शिविर र आतिथ्यकर्ता जनसंख्या विचको सम्वन्धमा गम्भिर नकारात्मक  असर पर्न सक्छ ।  कुन स्थितिहरूमा  लडाईका सहभागी समुहहरूले शिविरलाई रणनैतिक  रूपमा मानव ढालका रूपमा आक्रमणको स्थितिमा प्रयोग गर्न सक्ने छ ।

कार्यवाहीको सुरूवाट लडाकुहरू र ससस्त्र गैर सैनिक जनसंख्याहरू छुट्याउनु पर्ने आवश्यक हुन्छ । लडाकुहरू र गैर सैनिक जनसंख्याहरू छुट्याउनर पर्ने आवश्यक हुन्छ । ससस्त्र गैर सैनिक जनसंख्यालाई शिविरमा हातहतियार वर्जित भएको सुचना  दिनु पर्छ र सम्भव भएसम्म सम्वन्धित  निकायहरूको सहयोगमा निसस्त्रीकरण गरिनु पर्छ । राष्ट्रिय अधिकारीहरू विशेषत: यस्ता प्रकृयाहरूमा जिम्मेवार हुन्छन् तर अन्तराष्ट्रिय  समुदायले राज्यलाई त्यसो गर्ने क्षमता वृद्धि गर्ने कार्यमा सहयोग गर्न सक्छन् ।

कार्य गर्ने वातावरण, अन्य कार्यकर्ताहरू र परिवेशलाई असर गर्न सक्ने  राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक तत्वहरू र यिनले निम्त्याउने  जोखिमको स्तरको ज्ञान र बुझाई हुनु प्रभावकारी रक्षा र सुरक्षा योजना  बनाउन आवश्यक हुन्छ । परिवेशलाई निरन्तर सुपरीवेक्षण गरिरहनु जरूरी हुन्छ ता कि रक्षा प्रणालीलाई प्रयाप्त वा अनुमानित खतराका आधारमा सुधार्न सकियोस् ।

शिविर व्यवस्थापन नियोगको निम्नानुसार जिम्मेवारी हुन्छः

- पूर्व-सुचना र चेतावनी दिन र तयारी संयन्त्र स्थापित गर्न सुरक्षा कर्मचारीसंग सहकार्य गर्ने र शिविरमा द्वन्द्व वा ससस्त्र समुहको घुसपैठको सामना गर्ने
- शिविरमा आक्रमण हुन सक्ने वा ससस्त्र समुहका घुस पैठ हुन सक्ने स्थितिको सम्भावनालाई निराकरण गर्ने निश्चित गर्ने  यसमा निम्न कार्यहरू गर्न सकिन्छ :

१. शरणार्थी र आन्तरिक विस्थापित सुरक्षा समितिहरू स्थापना गर्ने र उनीहरूलाई तालिम प्रदान गर्ने ।

२. सैनिकिकरणको नकारात्मक प्रभाव बारे सुचना प्रदान गरी उनीहरूलाई सचेत बनाउन सुचना र संचार अभियानहरूले चलाउने

३. कृयाकलात्मक द्वन्द्व र सम्भावना अस्थिर थप हिसां प्रभावित क्षेत्र भन्दा टाढा शिविर रहेको कुरा सुनिश्चित गर्ने

- सुरक्षासंग सम्बन्धित सवालहरूमा शिविरवासीहरू शिविरका नेताहरू र सुरक्षा समितिहरूसंग नियमित छलफल गर्ने। यस्ता छलफलहरूले शरणार्थीहरू र आन्तरिक विस्थापितहरूलाई उनीहरूको आफ्नो सुरक्षाको लागि सामुहिक जिम्मेवारीवोध गराउनुपर्दछ र उनीहरूलाइ कसरी सकारात्मक योगदान गर्न सकिन्छ भन्ने विषेयमा छलफल गराउनु पर्छ ।
- नियोगका कर्मचारीहरू सैनिकीकरण र सुरक्षा सवालहरूमा तालिम प्राप्त भएको निश्चित गर्ने र वढ्दो जोखिमका सुचकहरू र परिवेशको निरन्तर सुपरिवेक्षण गर्ने
- प्रभावकारी सुरक्षा व्यवस्था, जोखिम मुल्यांकन प्रकृया सुरक्षा रणनीतिको नियमित पुनरावलोकन, कार्य विधि प्रकृया र आकश्मिक योजनाहरूको मुल्यांकनलाइ सुरक्षा स्थिति खस्केको अवस्थामा प्राथमिकतामा राख्नु पर्छ
- शिविर जनसंख्या माग्न चेतना अभिवृद्धि तथा संचेतना अभियानहरू संचालन गर्नु पर्छ ।

यदि शिविरभित्र ससस्त्र तत्वहरू रहेको थाहा हुन आएमा, शिविर व्यवस्थापन नियोगले सो कुरा अधिकारीहरू र उपयक्त सं. रा. संघका नियोगहरूमा खवर गर्नु पर्दछ । त्यस्ता ससस्त्र तत्वहरू रहेको कुरा थाहा हुन आए पछि प्रथमत : सो कुरा शिविर व्यवस्थापन नियोगले शिविरहरूमा कार्यरत अन्य सुरक्षा नियोगहरूसंग छलफल गरी उनीहरूको सहमतिमा यो सुचना कसलाई प्रेषण गर्ने भन्ने कुरा निर्क्योल गर्नु पर्दछ ।

शत्रुता कायम रहेको अवस्थामा जहाँ उपयुक्त हुन्छ त्यहा बारूदी सरूङ्गका वारेमा संचेतना अभियान सवै कर्ताहरू संग मिलेर सही तरिकाले संयोजन गर्नु पर्छ । यस्तो कार्य वारूदी सुरूङ्ग विशेषज्ञहरूको सहयोगमा वा त्यस्तो उपलब्ध नभए अन्य कुनै अधिकार प्राप्त नियोग जो संग ज्ञान र अनुभव छ उनीहरूसंग मिलेर गर्नु पर्दछ ।

राजनैतिक सहयोगका लागि अनुरोध : स्थलगत आवाज

शहरमा राजनैतिक जुलुस हुनुभन्दा एकदिन अगाडि  कहि लडाकुहरू शिविरमा प्रवेश गरे शिविरका नेतालाई शिविर समुदायका समर्थकहरूलाई जम्मा गर्न अनुरोध  गरे । उनलाई भोलि विस्थापितहरूका लागि बनाइने बस्तीको योजनाबारे छलफल गर्नु निम्ति सवैलाइ डाकिएको छ भनी सुचना गर्न भनियो ।

भोलिपल्ट जव उनीहरूलाई लिन सवारी साधन आइपुग्यो तब केहि शिविरवासीहरू उनीहरूसंग जान चाहेनन् । लडाकुहरूले शिविरनेतालाई त्रास देखाएर धम्क्याएर र किन सवैलाइ जम्मा गर्ने कोसिश नगरेको भनि गालि गरे । अरू केहि उपाय नलागेपछि शिविरनेताहरू आफै शिविरका अन्य समर्थकहरू संगै जलुसमा जान भनी सवारी साधनमा चढेर गए ।

**बालबालिका लगायतहरूको भर्ति**

राज्यले  अनिवार्य सैनिक सेवा आफ्ना नागरिकहरूलाई लागु गर्न सक्छ । सशस्त्र समुहको त्यस्तो अकिकार हुदैन । युद्धका समयमा शरणार्थीहरूके  गृह राज्यका विरूद्ध आतिथ्यकर्ता राज्यहरूले शरणार्थीहरूलाइ जवरजस्ती भर्ती गर्न अन्तराष्ट्रिय कानुनले स्पष्ट वनिति नगरेतापनि , भर्ती गर्नु हुन्न किनभने यो आश्रयको  गैरसैनिक र मानवीय गुणसंग मेल खादैन र यसले शरणार्थीको आश्रय खोज्ने र उपयोग गर्ने अधिकारलाई अवमुल्यन गर्दछ र राज्यहरूको  शरणार्थीहरूको भौतिक रक्षाको निश्चितान गर्नुपर्ने दययित्वको उल्लंघन गर्दछ । आन्तरिक विस्थापित व्यक्तिहरू सम्वन्धित राज्यका नागरिक भएको खण्डमा अनिवार्य राष्ट्रिय सशस्त्र समुहमा भर्ती गर्न पनि सक्नेछन् । आन्तरिक विस्थापितहरूलाई राज्यले विस्थापनका कारणले सशस्त्र समुह वा जत्थामा भर्ती सक्ने विभेदकारी व्यवहारहरूबाट बचाउनु  पर्छ ।

पन्ध्र बर्ष भन्दा कम उमेर भएका विस्थापित  वालबालिकाहरूलाई कुनै पनि अवस्थामा भर्ती गर्नु हुन र त्यस्ता राष्ट्रहरू जस्ले १९८९को बाल अधिकार  महासन्धिको वैकल्पिक व्यवस्था जसलाई सं. रां महासभाले २५ मे २००० मा अनुमोदन  गरेको र , ति राज्यहरूले त्यस्ता बालबालिकाहरूलाई

बैरभाव हुने अवस्थामा सहभागी हुन आवश्यक गराउने अथवा स्विकृति दिने गर्नुहुन्न । विस्थापित बालकहरू वा बालिकाहरू जवरजस्ती भर्ती वा सैनिक प्रयोजनलागि अपहरणमा पर्ने, यौनिक वा श्रमका लागि जवरजस्ती गरिने जोखिममा रहन्छन् किनभने यिनीहरू सामाजिक र सामुदायिक सुरक्षा, भेदभाव वा आर्थिक, शैक्षिक र अन्य अवसरहरूबाट वञ्चित हुन्छन् ।

एक्लिएका वा छुटेका बालबालिकाहरू जवरजस्ती भर्तीका लागि अझै वढी भेद्य हुन्छन् र परिवार पहिल्याउने कार्यवाही यस्ता जवरजस्ती भर्तीका जोखिमका अवस्थामा अझ वढी आवश्ययक र महत्वपुर्ण हुन्छ ।

**शिविर व्यवस्थापन नियोगले ध्यान दिनुपर्ने कुराहरू :**

- सशस्त्र समुहहरू र जत्थाहरूबाट जवरजस्ती भर्तीमा पर्ने जोखिममा भएकाहरूको पहिचान गर्न अवस्थिति विश्लेषण गर्ने । यस्तो विश्लेषणले सम्भाव्य भर्ती का दलालहरूको र मुक्तिको मुल्याङ्कन गनुजरूरी हुन्छ जस्तै विद्यार्थीहरूलाई विद्यालय जाँदा वा फर्कद अपहरण गर्ने राम्रो प्रकाशको व्यवस्था नभएका र मुल सडकबाट पर रहेका शिविरहरूलाई लक्षित गर्ने आदि ।साथसाथै यसले त्यस्ता अवस्थितिहरूको मुल्यांङ्कन गर्नुपर्छ जसले समुदायको निश्चित गर्ने र आयमुलक कार्यहरूले पनि शिविरवासीहरूको भेद्यता घटाउने र उनीहरूको जोखिम कम गर्न सहयोृग गर्छ ।
- शिविर व्यवस्थापन नियोगहरू बालबालिका भर्ती वा भर्ती प्रयत्नहरूका घटनाहरूको प्रतिवेदन र सुपरीवेक्षण गर्ने कार्यमा केन्द्रिय भुमिका निर्वाह गर्न तयार हुनुपर्दछ वा यसका यि कर्तव्यहरू हुन्छन् ।

परिवारिक जिविकोपार्जन कार्यकलापहरू मोरञ्जनात्मक कार्यहरू स्वास्थ्य सेवा सम्प्ऱ्ण बालबालिकाहरू, केटीहरू सहितलाई प्रदान गरी उनीहरूको भर्तीको भेद्यता कम गर्नु पर्छ । शिविर व्यवस्थापन निकाय आफैले यस्ता कार्यहरूमा अग्रसरता लिनु पर्दछ वा यसका लागि अन्य निकायहरूमा प्रचार गर्न पर्दछ वा यसता गर्नका लागि शैक्षिक अवसरहरू मजवुत बनाउने केटीहरूलाई समेत सवै केटाकेटीहरू लाई विद्यालयमा जान प्रेरित गर्नु पर्छ तर यस्ता विद्यालयहरू भर्तीका लागि सशस्त्र समुहका लागि भुमि हुन सक्छ र त्यस्ता कुराहरू सुपरिवेक्षण गरिनु पर्दछ । विशेष व्यवस्थाहरू जस्तै गैर सैनिक गस्तीगर्न जरूरी हुन्छ र विद्यालयका बालबालिकाहरूको कुनै त्रासबाट बचाउनुपर्छ ।

- शिविरमा भएका सम्पुर्ण वालवालिकाहरूको व्यक्तिगत रूपमा दर्ता गरेर अभिलेख राख्ने र यसो गर्दा एक्ला र छुटेका वालवालिकाहरूलाइ ध्यान दिनुपर्छ । वालवालिकाहरूलाइ भर्ती हुनबाट रोक्न यो एउटा महत्वपूर्ण औजार को । दर्ता गरिएको सुचनाले शिविरमा वा विद्यालयमा भएका

भर्तीहरूको छिटो पत्ता लाग्न सक्तद छ । र यसले निराकरणत्मक उपायहरू अवलमवन गर्न सहयोग गर्छ ।

- सहभागितामुलक उपायहरू अवलम्वन गर्ने जसमा बालबालिकाहरूले पनि उनीहरूको सुरक्षणका उपायहरूका लागि आवश्यक राय व्यक्त गर्न सक्छन् । शिविर व्यवस्थापन नियोगहरूले किशोरहरूलाई उनीहरूको समुह गठन गर्न सहयोग गर्न सक्छन् र यसका लागि सं. रा. वालकोषलाई आफ्नो सहयोगीको रूपमा सुचिकृत गर्न सक्छन् ।
- पूर्वबाल सेनााहरू र सशस्त्र समुह वा जत्थाहरूसंग सम्वन्ध राखेकाहरूको विशेष आश्यकताहरूमा निशेष ध्यान पुऱ्याउने किनभने उनीहरू पुन भर्ती गरिने जोखिममा रहन्छन्

**नागरिक - सैनिक सम्वन्ध**

मानवीय कार्यहरूलाई निष्पक्ष बनाउन तिनीहरूलाई सैनिक कार्यहरूवाट छुट्टै गराउनु अनिवार्य हुन्छ । यदि  यो छुट्याउने सिद्धान्तलाई पालना नगर्ने हो भने मानवीय र सैनिक कार्यहरूको उद्देश्य एक आपसमा घूलमिल हुन्छ र  यसले मानवीय सहयोगीहरूको शरणार्थी र आन्तरिक विस्थापितहरूको सहयोग गर्ने क्षमतामा गम्भिररूपले असर गर्छन् ।, यसै गरी बढी सैन्यकृत वातावरणहरूमा आकस्मिक कार्यवाहीहरू बढीनै हुने गर्छन् र यस्तो संस्थामा सैनिक साधन स्रोतले सहयोग नगरेको खण्डमा मानवीय सहायता प्र्यत्नहरू नराम्ररी प्रभावित हुन्छन् । यो एउटा अतिनै जटिल सवाल हो र यसमा मानवीय कार्यहरूको निष्पक्षता र स्वतन्त्रताको विचमा सन्तुलन पत्ता लगाई सो कायम राख्नु पर्छछ  र कुनै परिस्थितिमा सैन्य सहयोग पनि चाहिन्छ भन्ने कुरा हेक्का राख्नु पर्दछ । कसरी गैरसैनिक र सैनिक कार्यकर्ताहरू विचको सम्वन्ध सञ्चालन गर्नु पर्छ भन्ने सम्वन्धमा थुप्रै नीति मार्गदर्शनहशरू उपलव्ध छन् ।

शिविर व्यवस्थापन नियोगहरूका लागि यो जान्न जरूरी हुन्छ कि केहि स्थितिहरूमा कार्यवाहीको मानवीय पक्षहरूमा सैनिकहरूलाई संलग्न गराई मानवीय आश्यकताहरू पुरा गर्न सकिन्छ । यो शरणार्थीहरू र आन्तरिक विस्थापितहरूको शिविरहरूलाई सुरक्षा प्रदानगर्ने त्यसको वरिपरिको क्षेत्रमा र त्यहाको जनसंख्यालाई सुरक्षा प्रदान गर्ने मानवीय कार्यवाहीहरूको र मानवीय कार्यकर्ताहरूको सुरक्षागर्ने सुरक्षा भन्दा बाहेकको क्षेत्रधिकार जस्तै मालसमान सहयोग गर्ने पनि गर्न सकिन्छ ।

यस्ता कार्यहरू गर्दा मानीवय उद्देश्य संग नमिसाई  शरणार्थीहरू र आन्तरिक विस्थापितहरूसंग नजिकको सम्पर्क व्यवस्था गरी स्पष्ट सुचना आदानप्रदान गर्ने सञ्जाल बनाई पारदर्शी तवरले गर्नु आबश्यक हुन्छ । सैनिकहरू संग मिलेर कामगर्दा अपनाउनुपर्ने न्युनतम मार्गदर्शन रणनीतिक योजना बनाउदा उल्लेख गर्नुपर्छ ।

## आतिथ्यकर्ता र स्थानीय समुदायसंगको सम्बन्ध

जवरजस्ती विस्थापनका कतिपय अवस्थाहरूमा वरीपरी वा आतिथ्यकर्ता समुदाय र शिविरवासीहरू विचको सम्वन्ध विग्रन सक्छ र यसले शिविर वासीहरूका सुरक्षा समस्या अझ चर्काउन सक्छ । आन्तरीक विस्थापित वा शरणार्थीहरूको शिविर को उपस्थितीले आतिथ्यकर्ता समुदायको सुरक्षा जोखिम वढाउन सक्छ , उदाहरणको लागि यदि यो सैनिकीकरण भयो भने अथवा शिविर भित्र कानुन र सुव्यवस्थाको सम्मान नभएकाको खण्डमा अर्को तर्फ आतिथ्यकर्ता समुदायसंगको सुमधुर सम्वन्धले शिविरवासीहरूको सुरक्षा जोखिम कम गर्न वा त्यस्ता समस्या उत्पन्न हुन नदिन महत्वपूर्ण भूमिका खेल्न सक्दछ । उदाहरणको लागि आतिथ्यकतौ समुदायसंग सुरक्षा सम्वन्धि महत्वपूर्ण सुचना हुन सक्छ अथवा उनीहरूले स्थानिय एकीकरणमा शिविरका जनसंख्यालाई सहजीकरण गर्न मञ्जुर हुन सक्छन्  सत्कारशील स्थानीय समुदायले शिविरवासीहरूको सुधारमा र उनीहरूको सम्मानपूर्वक वाँच्ने प्रयासमा सहयोग पुऱ्याउन सक्नेछन्  दुइ समुदायहरू विचको सम्वन्ध महत्वपुर्ण रहन्छ र शिविर व्यवस्थापन नियोगहरूले सुरूदेखिनै आतिथ्यकर्ता समुदायको आवश्यकताहरूमा ध्यान पुऱ्याउन पर्छ र कुनै द्वन्द्वका स्रोतहरूमा यसले आपसी हितका सम्बन्धहरू बनाइ राख्न र सुधार्न उपायहरू अवलम्वन गर्नु पर्छ ।

आतिथ्यकर्ता समुदाय र शिविर समुदाय विचमा विभिन्न कारणहरूले द्वन्द्व हुनसक्छ । जस्तै जातिय तनाव शिविरवासीहरूको आगमनले आतिथ्यकर्ता समुदायलाई सशस्त्र आक्रमणको खतरा सामना गराउन सक्छ भन्ने अन्य बढ्दो अपराधिकरण वा असुरक्षा वा रोगहरू बढाउने सम्भावना । ठुलो संख्यामा आउने शरणार्थीहरू र आन्तरिक विस्थापितहरूको कारणवाट सिमित रहेको स्रोतहरूमा प्रतिस्पर्धा बढ्दो, विशेषत दुर्गम र पिछडिएका क्षेत्रमा, सम्भावना बढाउछ । पानी, खाद्य पदार्थ, कृषि र चरण भुमि र दाउरा सिमित हुन्छ । र आतिथ्यकर्ता समुदायलले यि स्रोतहरूलाई बाचइ राख्न र पहुच कायम गरी राख्न हिंसा छेड्ने वा राष्ट्रिय अधिकारीहरूलाइ शिविरवासीहरूको आवत जावतलाइ कम गराउन अनुरोध गर्छन् ।

स्थानीय वातावरण र/वा स्थानीय अर्थतन्त्रमा मानविय कार्यकर्ताहरूको उपस्थितिले नकारात्मक असर पार्न सक्छ, जस्तै मुल्य वृद्धिमा सहयोग पुग्न सक्छ । मानवीय कर्मचारीहरूको आतिथ्यकर्ता समुदाय र शिविर जनसंख्या प्रतिको व्यवहार र सार्वजनिक स्थलमा एक आपस प्रतिको व्यवहारले पनि महत्वपूर्ण हुन्छ र यस्ता क्रियाकलापहरूले मानवीय कार्यवाहीमा नचाहेको नकारात्मक प्रभाव पार्न सक्छ । यस्तो अवस्था यस समयमा अझ बढी साचो हुन्छ जव आतिथ्यकर्ता समुदाय आफै शिविरवासीहरू भन्दा वढी सहायताको खाचोमा हुन्छन् । राष्ट्रिय र स्थानीय निकायहरू आफ्ना नागरिकको आवश्यकताहरूलाई प्राथमिकता दिन शिविरवासीहरूको  केही अधिकारलाई सिमित गर्ने उपाय अवलम्वन गर्न सक्छन् जस्तै हिडदुलको स्वतन्त्रता, काम गर्ने स्वतन्त्रता ।

वतावरण पनि द्वन्द्वको मुख्य स्रोत हुने वातावरण विनाश हुन बाट रोक्न वा वातावरण विनाशलाइ न्युन गर्न सुरू देखिनै ध्यान पुऱ्याउनु पर्छ । यसले आतिथ्यकर्ता समुदायमा पर्न सक्ने बोझ कम गर्न सघाउछ र दुइ समुदाय विचको तनाव  पनि कम गर्न सुरूदेखिनै ध्यान पुऱ्याउनु पर्छ । त्यसले आतिथ्यकर्ता समुदायमा पर्न सक्ने बोझ कम गर्न सघाउंछ र दुई समुदाय विचको तनाव पनि कम गर्छ ।

➢ थप जानकारीकालागी वातावरण अध्याय ६ हेर्नु होला ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय कर्मचारीहरूले आफुले काम गरिरहेको क्षेत्रको संस्कृति र उनीहरूको परियोजनालाई कसरी हेरिएको छ र त्यसको सन्दर्भ बुझ्न जरूरी हुन्छ । यदि कर्मचारीहरूले स्थानीय मुल्य र रितिरिवाजका प्रणालीहरू जाने भने उनीहरूले स्थानीय स्तरमा स्विकार्य र स्थानीय संस्कृतिहरूसंग मेलखाने तरीकाले काम गर्न सक्छन् । यो बुझाई उनीहरूलाई सफलतापूर्वक बदलिंदो परिस्थितिसंग घुलमिल हुने र स्थितिलाइ विश्लेषण  गरी समाजको कार्य प्रकिया,  कार्यहरू र प्रतिकृयाहरू संगै काम गर्न सक्ने।

**शिविर व्यवस्थापन नियोगले गर्नु पर्ने कामहरू :**

- स्थिति विश्लेषण गर्ने भुमिका खेल्ने र सम्भावना तनावका स्रोतहरू वा शिविरवासी र आतिथ्यकर्ता समुदायको द्वन्द्वको सम्भावना पहिल्याउने यसो गर्दा सहभागीमुलक तरिका अपनाउने र शिविरवासी र आतिथ्यकर्ताहरूको सुझाव लिने

- विश्वास वढाउने उपायहरूमा सहजिकरण र सहयोग गर्ने र सहजिकरण गर्ने जस्ता नियमित छलफल गराउने, शरणार्थी र आन्तरिक विस्थापितहरू विच र दुवै समुदाय सहभागी भएका संयुक्त समितिहरू बनाउने

- संवेदनशीलता अभियानहरू सहजिकरण र सहयोग गर्ने र आतिथ्यकर्ता समुदायमा वातावरण सम्बन्धि बुझाइ, स्वीकार्यता र सहिष्णुता जागृत गराउने यस्ता कार्यहरू सम्पूर्ण समुदायलाई अथवा केहि लक्षित समुह  वा संस्थाहरूलाई जस्तै विद्यालय, धार्मिक समुदाय, स्थानीय अधिकारी र संचार माध्यम आदिलाइ लक्षित गर्ने ।

- दुवै समुदायका बालबालिकाहरूका लागि मनोरञ्जनात्मक तथा खेलकुदका गतिविधिहरू सञ्चालन गर्ने ।

- शिविरवासीहरू र आतिथ्यकर्ता समुदाय दुवैको पहुच हुने खालको सुविधाहरू स्थापना गर्न सहयोग गर्ने जस्तै स्वास्थ्य संख्या, विद्यालय, अस्पताल शरणार्थी र आतिथ्यकर्ता समुदाय दुवैलाई पिउन योग्य खानेपानी व्यवस्था जस्ता स्थानिय पुर्वाधार सुधार गर्ने कार्यमा पर्दछन् ।  यसमा शिविरवासीहरूका लागि सञ्चालन गरीएका कार्यक्रमहरूमा जस्तै सिपमुलक तालिमहरू अन्य जिविकोपार्जन मुखी कार्यक्रमहरूमा आतिथ्यकर्ता समुदायको पहुंच पनि निश्चित गर्न सकिन्छ ।

- शिविरवासीहरू र आतिथ्यकर्ता समुदाय दुवैका लागि वातावरणिय चासोका विषयहरूमा संवेदनशीलता ल्याउने अभियान संचालन गर्न सहयोग गर्ने र यसमा यदि खाना पकाउने दाउरा संकलन पनि एउटा सवाल हो भने सम्भाव्य वन विनाश र यदि शरणार्थी र आन्तरिक विस्थापितहरूसंग चौपाया पनि छन् भने चरण विनाशका कुराहरू पनि छलफल गरिनु पर्छ ।

- वातावरण पुनर्स्थापना कार्यको वकालत गर्ने सहजिकरण गर्ने जसमा विनाश भएको बन क्षैत्रमा वृक्षरोपण सवालहरू पनि रहन सक्छन् । दुवै समुदायको प्रतिनिधित्व हुने गरी आतिथ्यकर्ता र शिविरवासीहरूको वातावरणीय  समितिहरू बनाउदा यो सवालमा उनीहरू विच थप सम्पर्क हुन सक्छ ।

- आतिथ्यकर्ता समुदायलाई आवश्यक पर्ने प्राकृतिक स्रोतहरूलाई शरणार्थी समुदायले वढी भार नपार्ने स्थितिको र यसका लागि सुधारात्मक सहयोग प्याकेज को वकालत गर्ने । यस्तो अवस्थामा जव दाउरा अभाव हुन्छ तव खाना पकाउने र तातो पार्ने वैकल्पिक इन्धनको व्यवस्था गर्ने जसमा दाउरा या त चाहिन्न या त निकै कम खपत हुन्छ ।

- द्वन्द्व व्यवस्थापन र सरलीकरण गर्ने मञ्चहरू खडा गर्ने र त्यसलाइं सहयोग गर्ने जसले सवालहरूलाई सम्वन्ध थप विग्रन भन्दा अगावै सम्वोधन गर्नेछन् । वा तनावले विश्वास क्षय हुन्छ । यस्ता मञ्चहरू सुरक्षा निकायको अगुवाईमा  गठन गर्नु पर्छ ।

**कर्मचारी सुरक्षा**

शिविर व्यवस्थापन नियोगहरूले उपयुक्त सुरक्षा प्रणाली लागु भएको कुरा सुनिच्ति गर्नु पर्दछ । यसमा शिविर र स्थानीय वातावरणको स्थितिको सुचना संकलन गर्ने, त्रास मुल्याकण गर्ने, जोखिम र भेद्यता नियमित सुचित गर्ने र सुपरिवेक्षण गर्ने हुन सक्छ । घटना सुचना गर्ने प्रणाली पनि लागु हुनुपर्छ र यस्तो व्यवस्था सहयोगी कर्मचारीहरूका निम्ति कार्य समयमा वा त्यसभन्दा वाहेकको समयमा पनि हुनु पर्दछ ।

**कार्यक्षेत्रका कर्मचारीको सुरक्षा :कार्यक्षेत्रको आवाज**

हड्तालहरूले अनुगमन योग्य, सुचारू र सुरक्षित मानवीय सहयोगको पहुंच आन्तरिक विस्थापितहरू सम्म पुग्न अवरोध पुग्यो र त्यसले सहयोग र शिविर सुरक्षणमा नकारात्मक असर पार्‍यो । अझ, हड्तालले शिविर व्यवस्थापन कर्मचारीहरूको सुरक्षा रणनीति पुन: योजना बनाउँदा कहिले पनि सुरक्षालाई छुट्टै राख्न मिल्दैन र कतिपय अबस्थामा सुरक्षा जोखिमले शिविर व्यवस्थापन कार्यवाही रोकियो र कुनैबेला ति शिविरहरूमा आवश्यकताहरू अझ बढी रहेका थिए ।

शिविर सम्म जाने यात्रा कहिले काही कटौती भयो किनभने सडकमा जोखिम बढीरहेको थियो । जब टोलीहरू यात्रा गर्न असमर्थ थिए । तब सुरक्षण सुपरीवेक्षणको घुम्ती टोलीलाई छोटो समयका लागि सबै अत्यावश्यक वस्तुहरू जस्तै खाना, पानी, पकाउने इन्धन, पेट्रोल, संचार साधन र प्राथमिक उपचारका साधनहरू प्रदान गरी शिविरमै बस्ने गरी खटाइयो । उनीहरूनै शिविरका दर्शक र श्रोता भए र कार्यालय सुचना पठाउने र सुपरिवेक्षण गर्ने कार्य गरे । जटील सुरक्षा स्थितिले विभिन्न समस्थाहरू खडा गरे :

- कर्मचारीहरूबाट कार्यक्षेत्रमा जाने बारेमा गम्भिर भय र सुरक्षा चासो व्यक्त
- बास्तविक ताजा सुरक्षा सम्वन्धि कार्यक्षेत्रबाट सुचनाको कमी हुनु
- औपचारिक रूपमा संलग्न समुहहरूबाट सुचनाको राजनीतिकरण
- मानवीय नियोगहरू विच निरन्तर र संयोजित हस्तक्षेपको अभाव
- हड्तालहरूको अस्पष्ट प्रमाव, कुनै कार्यालयहरू र संगठनहरू बन्द हुन्थे भने कुनै साविक झै काम गरीरहेका हुन्थे

टोलीले निम्न कार्यहरू गरेका थिए :

१.  सवारी चालक, कार्यालय कर्मचारी लगायत सबै कर्मचारीलाई सुरक्षा सम्बन्धी तालिम प्रदान गर्ने

२.  सुरक्षा सुचकहरूको नियमित सुपरीवेक्षण र पुनरावलोकन गर्ने

३.  सवै हड्तातहरूमा कार्यलय बन्द राख्ने

४.  सम्भव भएसम्म आफ्नै उपस्थितिमा सुरक्षा ागर्ने जहाँ विदेशी कर्मचारीहरू राष्ट्रिय कर्मचारीहरूसंगै  आन्तरिक विस्थापितहरूको शिविरमा यात्रा गर्थे।

५. ठुलो र विभिन्न परिवेशका कर्मचारीहरू हुँदा शिविर व्यवस्थापन कर्मचारीहरूलाइ पालैपालो कार्यक्षेत्र भित्र र बाहिर खटाउने र उनीहरूलाई अझ जोखिममा रहेका परिवारजन भेट्न छुट्टी दिने

६.  उल्लंघनहरूबारे सुचना प्रदान गर्न गोप्य र हवाला दिने प्रणालीको निकास गरेर

आदर्श कार्यवाही प्रकृया का माध्यमबाट भवनहरूको नियोगको सम्पत्तीको र कर्मचारी यात्राको सुरक्षा साथमा उपयुक्त संचार साधनहरू र कसरी सुरक्षा घटनाहरूको सामना गर्ने भन्ने प्रकृया र निष्कासन योजना पनि तयार राख्नु पर्छ । सवै कर्मचारीहरू यस्ता प्रकृयाहरूसंग परिचीत  हुनुपर्दछ सवै नयोगहरूको आ-आफ्नै निस्कासन योजना हुनु पर्दछ तर शिविर व्यवस्थापन नियोग यस्ता योजनाहरूको बारेमा सुचित हुन जरूरी छ।

शिविर व्यवस्थापन नियोगले यो कुराको पनि निश्चय गर्नुपर्छ कि सवै कर्मचारीहरू लाई सुरक्षा तालिम प्राप्त छन् । यो कर्मचारीको सुरक्षाको लागि मात्र महत्वपूर्ण नभई सोहि कार्यवाहीमा काम गर्ने सवै सहकर्मीहरूका लागि पनि सहयोगी हन्छ द्धन्दको वातावरणमा शिविर व्यवस्थापन नियोगहरूको सुरक्षा अधिकृतहरू आफ्ना मुख्य कार्यक्षेत्रमा अवस्थित कर्मचारीसंगै हुनु जरूरी हन्छ ।

उचित कार्यवाही प्रकृया त्यस्तो सुरक्षा मार्गदर्शन हो जसमा काम र व्यवहार गर्ने तरिकाहरू उल्लेख हुन्छन् जसका माध्यामबाट तिनीहरूको दिइएको त्रास झेल्नपर्ने भेद्यता कम गर्दछ र यसको सामना गर्नुपर्ने जोखिम कम गर्छ । यसले कुनै घटना हुने सम्भावना कम गर्न अपनाउनु पर्ने निवारणत्मक पाइलाहरूको व्याख्या गरिएको हुन्छ र कुनै घटना घटेको अवस्थामा त्यसको प्रभाव न्युन गर्न चाल्नु पर्ने कदम वारे उल्लेख हुन्छ जसमा उसलाई कति पटक सम्म एउटा भवनको गस्ती गर्नु पर्छ भनि के के साथ लैजानु पर्छ र कुनै घटना घटेका के गर्नु पर्छ भनि बताइएको हुन्छ ।

शिविर व्यवस्थापन नियोग, यसमा सवै कर्मचारीहरू जो यसलाई प्रतिनिधित्व गर्दछन् उनीहरूले निरन्तररूपमा विस्थापित समुदायसंग सुमधुर सम्वन्ध बनाउने कार्य गरिरहनु पर्दछ । यो शिविर व्यवस्थापन नियोगका कर्मचारीहरूको सुरक्षाको लागि आवश्यक छ किनभने यसले महत्वपूर्ण सुरक्षा सम्वन्धि सुचनामा पँहुच पऱ्याउँछ र सामान्य स्विकार्यता र विश्वास पनि पैदा गर्छ शिविर व्यवस्थापन नियोगका कर्मचारीहरू धार्मिक र सांस्कृतिक परम्परा प्रति सम्वेदनशिल हुनु पर्दछ । शिविरव्यवस्थापन नियोगहरूका कर्मचारीहरूले आफु उदाहरणीय रूपमा प्रस्तुत हुनु पर्दछ र यस्तो प्रस्तुती तनावपुर्ण अवस्थामा पनि बनाइराख्न सक्नु पर्छ ।

खराव आचरण, चिडचिडापन, कुरा, नसुन्ने प्रकृति, साँस्कृतिक मान्यता प्रति सम्मानहिनता जस्ता व्यवहारहरूले नियोगको शाखामा नकारात्मक असर पर्छ । र कर्मचारी सुरक्षामा असर पर्दछ । सवै कर्मचारीहरूले आचार संहिता पालना गर्नु पर्छ र त्यस सम्वन्धी तालिम समयमा संञ्चालन गर्नुपर्छ कर्मचारीहरूको दुर्व्यवहारलाई सम्बोधन गर्नुपर्छ र अनुशासन लागु गर्नपर्छ ।

सुरक्षा तरिकाका रूपमा प्रतिविम्ब र स्विकार्यता

प्रतिविम्ब र स्विकार्यलाई सुरक्षा उपायको रूपमा प्रयोग गर्न मानवीय नियोगहरूले उनीहरूको उपस्थिति र कार्यक्रमहरूलाई मानिसहरूले के सोच्दछन् भन्ने कुरा जान्न समय खर्चनु पर्ने हुन्छ । जहाँ मानवीय संस्थामा काम गरीरहेका हुन्छन् उनीहरूलाई समुदायहरूले कसरी चिनाउने भन्ने कुराले कर्मचारीको 'रक्षा मात्र नभई सम्पूर्ण  कार्यक्रमको सफलतामानै असर गर्दछ । मानविय संस्थाहरू प्रथमत: आफ्नो पहिचान र आफलाई कसरी चिनाउने भन्ने कुरामा यकिन हुनुपर्दछ । यस्तो नियोगको परिचयको स्पष्टताका लागि नियोगको आर्दशवाणी सिद्धान्तहरू र मुल्यहरू जान्न आवश्यक हुन्छ र त्यस्ता सुचनाहरू स्पष्ट र पारदर्शी रूपमा अरू सामु प्रस्तुतगर्नु पर्छ ।

अर्को ध्यान दिनु पर्ने कुरा के हो भने उनीहरूले काम गरीरहेका क्षेत्रमा ति समुदायहरूले कसरी ग्रहण गरेका छन् भन्ने हो र यसरी सकारात्मक सम्वन्धहरूलाई जोखिम कमगर्ने उपायका रूपमा प्रयोग गर्न सकिन्छ । नियोगलाई कसरी ग्रहण गरीएको भन्ने कुरा निम्न कुराहरूले  असर गर्न सक्तछ :

- उद्देश्य, सिद्धान्त र मुल्यहरू नियमको उद्‌गम ( राष्ट्रियता र सम्बन्धित परराष्ट्र नीतिहरू )
- कार्यक्रम र लाभप्रपाकहरू
- चन्दादाताहरू
- राष्ट्रिय सहयोगीहरू
- स्रोत कसरी प्रयोग भइरहेको छ ।
- भर्ती र अवकास प्रकृया
- संस्थाले कसरी व्यवहार गर्छ
- नीतीहरू
- कर्मचारीहरूलाई कसरी व्यवहार गरीन्छ
- संस्था को संग सम्मर्कमा छ
- संस्थाका कर्मचारीहरूको व्यक्तिगत व्यवहार

कतिपय अवस्थामा अधिकारीहरूले शिविर वरिपरि बार लगाउने वा अन्य कुनै तरिकाले शिविर भित्र वाहिर आवतजावत गर्ने काममा नियन्त्रण गर्न जोड दिन्छन् अरू अवस्थामा समुदायहरूले बार बारेर विस्थापित जनसंख्या रहेका शिविरको भौतिक सुरक्षण गर्न अनुरोध गर्छन् । धेरै अवस्थाहरूमा शिविरहरूमा बार नबाधेर शिविरवासीरूको आवत जावत गर्ने अधिकारको रक्षा गर्न राम्रो हुन्छ ।

औद्योगिक र प्राकृतिक विपत्ति आउन सक्ने क्षेत्रहरूमा समुदायमा आधारित आकस्मिक योजनाहरू सवैलाई सहभागी गराउने पुर्व सुचना प्रविधिहरू सरकारको प्रणालीमा जोड्ने स्पष्ट संचारका पथ बनाउने खाली गर्ने योजनाहरू र भेट्ने स्थानहरूको योजना गर्ने आदि समावेश काम पर्दछ । नियोगहरू आकस्मिक भण्डारण प्रकृयाहरूको योजना हुनु पनि आवश्यक हुन्छ ।

## शिविर व्यवस्थापन नियोगका लगि  रुजुसुचि

- शिविर व्यवस्थापन नियोगले उसको कार्यवाही वातावरणको सान्दर्भिकताको मुल्याङ्कन गर्दछ । उसमा उनीहरूको राजनैतिक आर्थिक र सांस्कृतिक अवस्थाहरूको र त्यसका कर्ताहरूको र उनीहरूको उद्देश्यका बारेमा संचेतता संलग्न हुन्छ ।
OXFAM, Emergency Nutrition Network (ENN), 2006. *From Food Crisis to Fair Trade. Livelihoods Analysis, Protection and Support in Emergencies.* www.ennonline.net/fex/27/supplement27.pdf
Timothy Edward Russel, 2005. *The Humanitarian Supply Chain: Analysis of the 2004 South East Asia Earthquake and Tsunami.* ctl.mit.edu/metadot/index.pl?id=61 60&isa=Item&field_name=item_attachment_file&op=download_file
The Sphere Project, 2004 *Humanitarian Charter and Minimum Standards in Disaster Response.* www.sphereproject.org/component/option,com_docman/ task,cat_view/gid,17/Itemid,203/lang,English/
UNDP, DHA, 1993. *Logistics. Disaster Management Training Programme.* www.crid.or.cr/digitalizacion/pdf/eng/doc6758/doc6758.pdf
UNHCR, 1997. *Commodity Distribution. A Practical Guide for Field Staff.* www.unhcr.org/publ/PUBL/3c4d44554.pdf

UNHCR, 2001. *Health, Food and Nutrition Toolkit.*
http://www.the-ecentre.net/toolkit/home.htm
UNHCR, 2002. *Cooking Options in Refugee Situations. A Handbook of Experiences in Energy Conservation and Alternative Fuels.* www.unhcr.org/cgi-bin/texis/vtx/protect/opendoc.pdf?tbl=PROTECTION&id=406c368f2
UNHCR, 2006. *Master Glossary of Terms, Rev. 1.*
www.unhcr.org/cgi-bin/texis/vtx/refworld/rwmain?docid=42ce7d444&page=search
UNHCR, 2007 *Handbook for Emergencies.* www.reliefweb.int/rw/lib.nsf/db900SID/AMMF-75TFLQ/$FILE/unhcr-feb2007.pdf?OpenElement
World Food Programme (WFP). *HIV/Aids &School Feeding. Children at Risk.*
www.friendsofwfp.org/atf/cf/%7B90E7E160-957C-41E4-9FAB-87E2B662894B%7D/School%20Feeding%20and%20HIV%20AIDS.pdf

WFP, UNHCR. *Guidelines for Estimating Food and Nutritional Needs in Emergencies.*
www.univ-lille1.fr/pfeda/Infos/1999/0327wfpE.htm
WFP, 2002. *Emergency Field Operations Pocketbook.* www.reliefweb.int/rw/lib.nsf/db900SID/LGEL-5G8EES/$FILE/wfp-pocketbook-jul02.pdf?OpenElement
WFP, 2005. *How to Work with WFP. A Handbook for Non-Governmental Organisations.* www.fao.org/righttofood/kc/downloads/vl/docs/AH454.pdf
WFP, 2005. *Emergency Food Security Assessment Handbook.*
www.wfp.org/operations/emergency_needs/EFSA_section1.pdf
WFP, 2006. *Getting Started: HIV, Aids and Gender in WFP Programmes.*
www.wfp.org/food_aid/doc/GETTING_GENDER7.pdf
WFP, WHO, UNICEF, UNHCR. *Food and Nutrition Needs in Emergencies.*
http://whqlibdoc.who.int/hq/2004/a83743.pdf
WHO, Pan American Health Organisation, 2001. *Humanitarian Supply Management and Logistics in the Health Sector.*
www.paho.org/English/PED/HumanitarianSupply.pdf

# पानी र सरसफाई र चर्पी

अध्याय १४ : पानी र सरसफाई र चर्पी

**मुख्य मुख्य सन्देशहरू**

- पानी र सरफाई सुविधाले आधारभुत आवश्यकता पुरा गर्छ । यो राम्रो गुणस्तर र प्रसस्त मात्रामा प्रदान गर्नु जिउन र राम्रो स्वास्थ्यका लागि आवश्यक छ । त्यसकारण यो एकदम आवश्यक र शिविरमा पुऱ्याइने प्रथम सेवाहरू मध्य पर्दछ ।
- प्रसस्त पानी पीउनका लागि, पकाउन प्रयोग गर्न र व्यक्तिगत  सरसफाइ गर्न सुरक्षित हुन पर्दछ राम्रो चर्पी  सुविधा हुन पर्दछ र यो सांस्कृतिक रूपमा स्वीकार्य र सुरक्षित हुन पर्दछ। व्यक्तिगत सरसफाइका बारेमा स्पष्ट बुझिने सुचनाहरूको माध्यमबाट प्रचार प्रसार गर्नु पर्छ । पानीको गुणस्तर चर्पी र सरसफाइलाई रोगहरू र महावारी निवारण गर्न उत्तीकै महत्वपुर्ण कार्यका रूपमा हेरीनु जरूरी छ ।
- पानी, सरसफाइ र चर्पी सम्वन्धी कामहरू गर्दा शिविर जनसंख्या, विशेषतः महिलाहरू र केटीहरूलाई सहभागी  गराउनु जरूरी हुन्छ । सम्भव भएसम्म यो सवालमा यस संग सम्वन्धीत कुनै कामहरू जस्तै योजना बनाउने, संयोजन गर्ने, सुपरिवेक्षण गर्ने, मर्मत गर्न मा शिविर जनसंख्यालाई सोधपुछ गर्नुपर्छ र सहभागी गराउनु पर्छ ।
- पानी , सरसफाई र चर्पी सम्वन्धी विशेषज्ञता प्राप्त संगठनहरू सामान्यतय : यस सवालमा योजना बनाउने संयोजन गर्ने कार्यन्वयन गर्ने र मर्मत गर्ने कामको जिम्मेवारी पऱ्याप्त हुन्छन् । यस कार्यलाई शिविर व्यवस्थापन नियोगले सुपरिवेक्षण गर्नुपर्छ दुवै नियोगहरू संग संगै काम गर्नु पर्छ र आ-आफ्नो भुमिका र जिम्मेवारीहरू विस्थापित समुदायलाई स्पष्ट रूपमा व्यक्त गर्नु पर्छ ।
- पानी सरसफाई र चर्पी सम्बन्धी र अन्य  आदर्श र सुचक हरूले मानविय

कार्यवाहीका क्षेत्रमा काम गर्ने संगठनहरूलाई कसरी विस्थापितहरूको सुरक्षित वातावरणमा स -समान बाँच्न पाउने अधिकार सुरक्षित गर्ने भन्ने कुरा निश्चित गराउँछ र मानावीय सहयोगहरूको असर प्रभावकारीता नाप्न सहयोग गर्दछ ।

परिचय

- पानी, चर्पी र सरसफाई सुविधाले आधारभुत आवश्यकता पुरा गर्छ । यो रामो गुणस्तर र प्रसस्त मात्रामा प्रदान गरीनु पर्छ र यसले जिवन बाँच्न र राम्रो स्वास्थ्यका लागि आवश्यक छ । त्यसकारण यो एकदम आवश्यक र शिविरमा पुर्‍याइने प्र्थम सेवाहरूमा पर्दछ । पानीको निरन्तर अभाव, अपर्याप्त शौचालयहरू वा अनियन्त्रीत र खुल्ला दिसा पिसाव गर्ने, नराम्ररी व्यवस्था गरिएको ।
- फोहर फाल्ने व्यवस्था  वा नाला व्यवस्था आदी सबैले हैजा पखाला जस्ता विरामी हुने र  माहामारी  फैलने जोखिम हुन्छ । जोखिम घटाउन र शिविरको पानी, स्वास्थ्य र चर्पी लाई अन्तराष्ट्रिय माप डण्ड अनुसार बनाउने शिविर र शिविर जस्तै अवस्थामा जिम्मा विशेषज्ञता प्राप्त मानविय संगठनको हो ।
- पानी सरसफाईर चर्पी सुविधा प्राविधिक कारणले मात्र कामगर्न मिल्दैन किनभने ति सेवाहरू राम्ररी वुझेर सुरक्षा अवधारणा विशेषत ममिलाहरू र केटीहरूमा आधारित हुनु जरूरी छ । धेरै शिविरहरूमा महिला तथा केटीहरू खाना पकाउने, सरसफाइ धुन र पानी ल्याउने काम गर्ने जिम्मामा पर्दछ ।  यस्ता भुमिकामा काम गरेका उनीहरूो हिंसा र यौन हिंसाका खतराको जोखिममा हुन्छन्  पानी, सरसपफइ र चर्पी सेवा प्रदायकहरू र शिविर  व्यवस्थापन नियोगले  सुरक्षाका दृष्टिकोणा पनि लिनु पर्छ र शौचालय र अन्य पुर्वाधारहरू सुरक्षित स्थानमा र पहिला र केटीहरूका लागि दिनमा र रातमा पनि पहुँच हेर्ने खालको हुनु जरूरी छ । कतिपय समयमा अप्ठेरो  भएपनि सम्भव भएसम्म महिला र केटीहरूलाई योजना बनाउने, लागु गर्ने र मर्मत गर्ने र्का महत्वपुर्ण हुन्छ । उनीहरूलाइ सकेसम्म धेरै सहभागी गराउनु पर्छ ।

आकस्मिक पानी  र चर्पी कार्यक्रमले न्युनतम आवश्यक सफा पिउन पानीको व्यवस्था गी अिसाक मध्यमबाट सर्ने रोगहरू र रोग बोक्ने किटाणुहरू सर्नबाट रोक्नु यसको मुख्य उद्देश्य हाो । अर्को महतपुर्ण उद्देश्य भनेको मानिसहरूलाई बाँच्ने र आफ्ना दैनिक कामहरू, जस्नै शौचालय जाने, सरसफाई गर्ने, स-सम्मान सुरक्षित र सुविधाजनक तरिकाले वातावरण सृजना गर्ने हो ।

- (विपत्ती झेल्न मानवीय वडा पत्र र न्युनतम मापडण्ड, द स्फेयर प्रोजेक्ट,२००० पृ १९)

थोरै शुद्ध पिउने पानी बाड्नु भन्दा औसत गुणस्तरको पर्याप्त पानी वितरण गर्नु राम्रो हुन्छ । जीवन बचाउने प्रकृतिको भएको हुँदा पानी, सरसफाई र चर्पी वा राम्रो संग योजना गरेर मात्र त्यसलाई विशेष ध्यान पुऱ्याउन र शिविर बासीहरू प्रति जिम्मेवार भएर लागु गर्नुपर्छ । पानी, सरसफाई र चर्पी सेवा को गुणस्तर, जिम्मेवारपना र प्रभावकारीता निश्चित गर्न पटक पटक सुपरिवेक्षण गर्नु पर्छ । यसको प्रमुख जिम्मेवारी सेवा प्रदान गर्नेको व्यवसायिक कर्तब्यपालन र शिविर व्यवस्थानमा नियोगको सवै मानवीय सेवा संयोजनमा रहन्छ । सेवाप्रदायक र शिविर व्यवस्थापन नियोगको सवै मानविय सैवा संयोजनमा रहन्छ । सेवा प्रदायक र शिविर व्यवस्थानमा नियोगको प्रभावकारी संयोजन महत्वपुर्ण हुन्छ किनभने उनीहरू संग संगै काम गर्नुपर्छ र आ-आफ्नो जिम्मावारी स्पष्ट रूपमा शिविर जनसंख्यलाई  र स्थानीय सरकारलाई र अधिकारीलाई वुझाउनु जरूरी हुन्छ ।

पानी  सरसफाई र चर्पी क्षेत्रलाई शिविरमा एकले रूपमा हेर्न मिल्दैन किनभने यो स्थास्थ्य, बसोबास, वातावरण र अरू क्षेत्रसंग सम्बन्धीत छ । शिविरको स्थापना गर्ने योजना बनाउदाँ, निर्माण गर्दा र यसलाई बन्द गर्दा का सम्पुर्ण शिविर चक्रमा अन्तर क्षेत्रीय सम्बन्धलाई ख्याल गर्नुपर्ने हुन्छ । जस्तै यदि पानी दुषित भएमा यसले मानिसहरू विरामी पर्छन् र स्वास्स्य केन्द्रमा थामिनसक्नु भिड हुन्छ। फोहर व्यवस्गापन गर्न नसक्दा र नाला व्यवथापन गर्ननसक्दा यसले शिविरको जनसंख्यलाई मात्र नभइ

पुरै वातावरण र आतिथ्यकर्ता समुदायलाई पनि असर गर्छ। पानी, सरसफाई र चर्पी सुविधाले अन्तराष्ट्रिय स्तरका स्थानिय तहमा स्वीकृत स्तरको हुनु जरूरी हुन्छ। यस्तो सेवा पदान गर्ने हरूले प्रायजसो द स्फेयर प्रोजेक्ट वा संयुक्त राष्ट्रिय शरणार्थी उच्चायोगले - वक्रमा हेर्नुस ) तयर पारेका मापदण्डमा प्रति व्यक्ति १५-२० लीटर पीउने पानी प्रति दिन- पीउन खाना बनाउन र सरसफाई गर्न हुन सक्छ। शिविर व्यवस्थापन नियोग र पानी सरसफाई र चर्पी सेवा प्रदायक हरूले यस्ता मापदण्ड र सुचांकहरूको प्रयोग गर्नुपर्छ। यिनीहरूले मानविय संगठनहरूलाई कसरी विस्थापित व्यक्तिहरूको सुरक्षित वातावरणमा स-सम्मान बाँच्ने अधिकार सुरक्षित गर्ने भन्ने कुरा निश्चित गर्छ र मानाविय सेवाहरूको स्तर र प्रभावकारीता मापन गर्न सहयोग गर्छ।

> शिविर व्यवस्थामन नियोगले आफ्नो कार्यालयमा कक्तीमा एक एक प्रति द स्फेयर्स प्रोजेक्टको मानविय वडापत्र र न्युनतम मापदण्ड र प्रकोप झेल्ने जसलाई स्फेयर मापदण्ड हाते पुस्तिका भनिन्छ र संयुक्त राष्ट्र संघ को शरणार्थी को शरणार्थी उच्चायुक्तको आकस्मिकताको हाते पुस्तक हुनु पर्दछ ।दुवै हाते पुस्तकहरू मानविय संगठनका लागि मापदण्ड कार्यहरू हुन् जाने शिविरमा कार्य गरीरहेका छन् जो शिविर व्यवस्थापन नियोगका सवै सदस्यहरू जान्नु पर्छ ।

## मुख्य मुख्य सवालहरू

### भुमिका र जिम्मेवारीहरू

सामान्यतय, पानी, सरसफाइ र चर्पी सम्वन्धी सेवा पुऱ्याउनेले शिविरमा यस सम्वन्धी कामहरूलाई नेतृत्व प्रदान गर्छ र संयोजन गर्दछ र यो योजना बनाउने लागु गर्ने र मर्मत गर्ने र पुर्वाधार खडा गर्ने गर्छ। यदी एउटै शिविरमा धरै सेवा प्रदायकहरू काम

गर्दैछन् भनि  तिनीहरू मध्ये एकलाई त्यस शिविरको पानी, सरसफाइ र चर्पी सम्वन्धी कार्य को नेतृत्वको पदमा छान्नु पर्छ र त्यो संगठन शिविर व्यवस्थापन नियोग र स्थानिय सरसफाइ र अन्य अधिकारीसंगको सम्पर्कको पहिलो संगठन हुनु पर्छ ।

| |
|---|
| सन् २००४ का इन्डोनेशीयाको सुनामी र २००५ को पाकिस्तानको भुकम्पमा धेरै शहरहरू मा असर परेको थियो । सामान्यतः यि शहरी क्षेत्रमा स्थानीय सरसफाइ अधिकारीहरूले आकस्मिक  राहत सहायताको लागि संगठन र  संयोजनमा बढी भुमिका खेल्छन् तर  गाउँका शिविरमा त्यसतो हुदैन । यदि उनीहरूलाई स्थानीय पानी वितरण प्रणली र फोहर व्यवथापन प्रणालीका र त्यसको विनाश हुन सक्ने ठाउँहरू  वारे वढी ज्ञान हन्छ । |

शिविर व्यवस्थापन नियोगको शिविरमा मुख्य जिम्मेवारी पानी, सरसफाई र चर्पी सेवा संयोजन र सुपरीवेक्षण गर्ने काम सवै शिविर बराबरी लागु हुन्छ ।  यस्तो  सेवा पदान गर्नेहरूले आफ्नो कार्ययोजना र संकलित सुचना आदत प्रदान गर्नु पर्छ ता कि  शिविर व्यवस्थापन नियोगले सक्बन्धीत सेवाका बारेमा स्पष्ट थाहा पाउँछ । यदि सुचना पारदर्शी  तरीकाले आदान प्रदान गरीएको छ भने शिविर व्यवस्थापन नियोगले मानविय सेवा शिविरमा व्यवस्था गर्न समग्र रणनिती र योजना बनाउन सक्छ ।  सेवाप्रदायक संग  संयोजन कार्यमा नियमित छलफल नियमित  सुचना  आदन-प्रदान गर्न संयुक्त रूपमा स्वीकृत सुचना व्यवस्थापन रणनीति  शिविर भित्र लक्षीत समुहको  समदुायको मुख्य व्यक्तिहरू र नेताहरूको पहुँच  सहजिकरण गर्ने र कार्य विभाजनका बारेमा छलफल  गर्ने आदी हुन सक्छन् ।

प्रारम्भिक शिविर व्यवस्थापनमा शिविर व्यवस्थापन नियोग र पानी सरसफाई र चर्पा सेवा प्रदान गर्नेहरूको विचमा केही मार्ग निर्देशक नियमहरू र कानुनहरूमा सहमति हुनु पर्छ । उनीहरूले समग्र नियमहरू र विनियम हरू जसले शिविरमा सेवाहरू संयोजन गर्दछ त्यसको राम्ररी रूपरेखा भएर मात्र व्यक्त भएर स्विकृत हुनु पर्छ । शिविर व्यवस्थापन नियोग र सेवा प्रदान गर्नेहरू स्पष्ट संग नजिकबाट काम गर्नु पर्छ र उनीहरूको भुमिका र जिम्मेवारी सम्प्रेषण गर्नु पर्छ  ता कि

- पानी ,   सरसफाई र चर्पी सुविधाहरू अन्तराष्ट्रिय र स्थानिय स्तरमा स्विकृत मापदण्ड र सुचांक हरू अनुसार हुनु पर्दछ
- सेवाको सुपशिवेक्षण र संयोजन प्रणाली लागु गर्नु पर्छ
- समुदायमा आधारित सुपरिवेक्षण र संयोजन प्रणली (जस्तै समितिहरू) स्थापित गरेर यसले सेवाको पुर्वाधारहरू जस्तै पानी वितरण प्रणाली शौचालयहरू र नालारू को नियमित जाँच गनुपर्छ ता की कमजोरहिरू तुरन्त खवर होस ।
- शिवरवबसीहरू  विशेषत महिलारू र केटीहरूलाई, सेवाहरू उचित रेखाङ्कन गर्न, निर्माण गर्न उचित स्थानमा स्थापना गर्न र सांस्कृतिक रूपले स्वीकार्यृ बनाउन निश्चित गर्न सहभागी गराउनु पर्छ
- शिविरवासीहरूको व्यवक्तिगत सरसफाई समानहरू नुहाउने साबुन लुगाधुने साबुन र रजस्वलाका बखतमा महिलालाई प्रयोग गर्ने समाग्रीहरु र धुन मिल्ने केटाकेटीका टालाहरू  ( यदि पसम्पराग रूमपमा प्रयोग गरीन्छ  भने ) व्यवस्था गर्नु पर्छ
  गैर खाद्य सामग्रीका विस्तृत जानकारीका लागि अध्याय १३ हेर्नु होला
- जव शिविर बाहिरका पानीका स्रोतहरू प्रयोग गरिन्छ त्यस बखतमा स्थानिय समुदायसंग प्रयोग र मर्मत लागि स्विकृती लिनु पर्छ
- शिविरवासीहरू को र स्थानीय सरसफाई  अधिकारहिरूको प्राविधिक र सांस्कृतिक ज्ञान र विशेषज्ञतालाई सम्मान गरी प्रयोग गर्नु पर्छ
- सरकारकोृ पानी। सरसफइ र चर्पी सम्वन्धि संगठनकरूको सम्वन्धीत क्षेत्रमा  बलियो प्राविधिक  ज्ञान हुन्छ र सरसमानहरू को पनि राम्रो पहुँच हन्छ । उनीहरू को निश्चित जिम्मेवारी र कार्यहरू चाही परिस्थिती अनुसार फरक हुन्छ र शिविर जनसंख्यको सहभागिता वा शिविर भित्र पहिल्यै देखि उपलव्ध सेवा र विस्थापनको क्षेत्र आदिमा भर पर्छ । सामान्यतय पानी सरसफइ र चर्पी सुबिधा प्रदान गर्ने संगठनले निम्न सेवाहरू प्रदान गर्छ
- पर्याप्त  समय समयमा उपयुक्त गुणस्तरको पिउने,  खाना पकाउने र सरसफाइ गर्ने पानी
- पानीको  प्राबिाधिक मापदण्ड अनुसार समय समयकम गुण नियन्त्रण
- पानी भरेर राख्ने जर्कीन वा आकाशे  पानी  जम्मा गर्नै भाँडाहरू

- साबुन सरसफाइका अन्य बस्तुहरू
- पुर्वाधारहरू  नियमित मर्मत र सरसफाई जसकालागि शिविरवासीसंग नजिकबाठ संयोजन गर्नु पर्छ
- पुर्वाधार प्रयोग सम्बन्धी र स्वास्थ्य र सरसफाइ सम्बन्धी चेतनामुलक  कार्यहरू जसमा रोग सर्ने तरीका र त्यसबाट बच्ने उपाय  स्रोत सिकाइन्छ ।
-  पानी  सरसफाइ र चर्पी सेवा प्रदान गर्ने कर्मचारीहरू जस्तै  इन्जिनियर प्राविधिकहरू र समुदाय परिचालकहरू शिविर जनसंख्याको दैनिक सम्पर्कमा हुनु पर्छ  र उनीहरू सुविधाको  निरीक्षण र मर्मत गर्छन् र व्यक्तिहरूलाई तालिम दिने र संचेतना बढाउनॆ काममा संलग्न हन्छन् त्यसकारण सरसफाइ सक्वन्धी कर्मचारीहरू, अन्य सवै मानविय सहयोग कर्मचारहिरू जस्तै शिविर वासीहरूको सांस्कृतिक अवधारणावारे   जानकारी हुनु पर्छ र विशेषत महिलाहरू  र केटीहरू प्रति सम्मान पुर्वक व्यवहार गर्नुपर्छ ।

शिविर व्यवस्थापन नियोग  पानी , सरसफाइलाइ र चर्पी जस्तै अन्य प्राविधिक सहयोग कार्यक्रममा सेवा प्रदान गर्ने नियोगका रूमा रहँदा तनाव उत्पन्न हुन्छ र लक्ष्यको अस्पष्टता र द्वन्द देखिन्छ । तर वजन शिविरमा अरू सेवा प्रदान गर्नेहरू छैनन् र शिविरवासीहरू थोरै संख्यामा छन् भने यस्तो  अवस्थामा शिविर व्यवस्थापन नियोग आफैले थप जिम्मेवारी ग्रहण गर्नु  पर्ने हुन सक्छ ।  बुरूण्डीको एउटा  शरणागर्थी शिविरमा शिविर व्यवस्थापन नियोग जने संयुक्त सष्ट्र संघ शरणार्थी उच्चयुक्त को रणनिति सहयोगी हो नै शिविर व्यवस्थापन  पानी सरसफाइ  चर्पी  सेवा प्रदान गर्ने वितरण गर्ने र शिक्षाका कार्याक्रममा सशभागी हुन्छन् ।

**पानी वितरण**

आकस्मिक अवस्थामा र शिबिरहरूमा पर्याप्त पानीको व्यवस्था गर्नु पहिलो प्रथमिकता हो । यो पानी सुरक्षित र पिउनका लागि पकाउनका लागि र व्यक्तिगत सरसफाइमा प्रयोग गर्नका लागि उपयुक्त हुनु पर्दछ । पानीको गुणस्तर राम्रो राख्न प्राविधिक औजारहरू सहित स्थाई सुपरीवेक्षणको आवश्यकता पर्छ र त्यसकारण औसत गुणस्तरको पर्याप्त पानी वितरण गर्नु उच्च गुणस्तरको थोरै पानी वितरण गर्न भन्दा उपयुक्त हुन्छ कहिलेकाही स्वास्थ्य संगठनले सिफारिस गरेको पानी को गुणस्तर शिविरुहरूमा वितरण गर्न सकीन्न र वा पर्याप्त मात्रामा पानी वितरण गर्न सकिन्न यस्तो अवस्थामा शिविर व्यवस्थापन नियोग पानी सरसफाइ चर्पी सेवा प्रदान गर्ने नियोगहरूले शिविरवासीहवई सुचना गर्नुपर्छ ता कि उनीहरूले वैकल्पिक उपायहरू अस्थायी बन्देजहरू तथा संरक्षण र अवस्थामा सुधार नआउन्जेल अपनाउनु वर्ने सरसफाइका उपायहरू अवलम्वन गर्न सकुन

प्राकृतिक छान्ने प्कृयाका कारण जमिन मुनीको पानी सामान्यतय सफा र तुलनात्मक रूपमा राम्रो गुण्स्तरको हुन्छ । शिविर भित्र इनार र ट्युव वेल खन्न सकिन्छ यसो गर्दा पानीको गुणस्तर नियन्त्रण गर्न त्यसको सुरक्षा मर्मत गर्न सजिलो हुन्छ ।जमिन मुनिको पानीको स्रोतलाई निम्मानुसार छुठ्याउन सकिन्छ :

- तीन मीटर भन्दा कम गहीरो जस्तै सामान्य इनारहरू
- तीन मीटर भन्दा गहीरो जस्तै टुयववेल

स्थलगत आवाज

इण्डोनेसियाको सुमात्रा टापुको आचे प्रान्तमा उष्ण मोसम छ र त्यहा वर्षा याममा भारी वर्षा हुन्छ। समुद्री तर क्षेत्रमा मानिसहरूले कहिल्यै पनि धेरै गहीरो नखनी सामान्य इनार खनी त्यसको पानीबाट जीवन चलाउदै आएका थिए। त सन् २००४ काो सुनामीा पश्चात एक लाख भन्दा वढी मानिसको ज्यान गयो। बाँच्नेहरू मध्येपनि धेरैले न्युनतम यिनीहरूका घरहरू सरसमान नास भए आन्तरिक विस्थापित भए। तट क्षेत्रमा ठुलो मात्रामा पानी आई वाढी आउँदा धेरै जमिन पानीले भरीयो प्रकोप पछिको महिनाहरूमा सामान्य इनारहरूले धेरै र शिविरहरूमा काम गर्‍न किनभने तनि मिटर भन्दा कम गहीरो इनारका पानी समुद्र नुनीलो पानीको प्रवेशले दुषित भयो।

विशेषत वर्षा यापमाको पानी जम्मा गर्ने प्रविधि अपनाउन सकिन्छ। यदि वर्षाको पानी जम्मा गर्ने प्रविधि धेरै प्रयोग गरन्छि भने पानी सरसफालाई र चर्पी सेवा प्रदायकले पानीको गुणस्तर परीक्षण नियन्त्रण गर्नु पर्छ सम्भव भए सम्म वर्ष वाट जम्मा गरिएको गुणस्तर परीक्षण र नियन्त्रण गर्नु पर्छ सम्भव भए सम्म वर्षाबाट जम्मा गरएको पानी पिउन प्रयोग गर्नु हुन्न तर सरसफाई लागि प्रयोग गर्न सकिन्छ।

शिविर वाहिर वाट ट्यांकर मा पानी ल्याई शिविरमा ट्याङ्की हरूमा राखी वितरण गर्न सकिन्छ। सेवा प्रदायकले पानीको गुणस्तर मुहानमै नियन्त्रित भएको निश्तित गर्नु पर्छ र ढुवानी गर्दा र शिविरमा वितरण गर्नु भन्दा पहिले पनि गुणस्तर नियन्त्रण गर्नुपर्छ।

भुकम्पमा लडाई जस्ता विपत्तीहरूले जव शहरी इलाकामा असर गर्छ तब सार्वजनिक पानीवितरण र सरसफाइ सम्वन्धि पुर्वाधार विनाश हुन्छ। त्यस अवस्थामा ट्रकका माध्यमबाट पानी ल्याउनु र विस्थापित व्यक्तिहरूलाई सहयोग गर्नु एकमात्र विकल्प हुन सक्छ। यसरी ट्रकमा पानी ल्याए बाड्नु दिगो समाधान हुन सक्दैन र यस अवस्थामा सेवाप्रदायकहरूले र स्थानीय सरसफलाई अधिकारीहरूले संयुक्त रूपमा पानी सरसफाइ र चर्पीका पुर्वाधार तयार गर्ने प्रयास गर्नु पर्छ। यसलाई पुनः सञ्चालन गरायनु पर्छ।

पानी वितरणको मापडण्ड र सुचाङ्क

सँयुक्त राष्ट्र संघ को शरणार्थी शिविरहरूमा उक्त संघको आफ्नै मापडण्ड र सुचाङ्क अनुसारको (उच्चायुक्तको आस्मिकताको हाते पुस्तकमा लेखिएर जस्तै ) पानीको गुणस्तर सुनिश्चित गर्न सक्छ तर त्यस्तै मापदण्ड आन्तरीक विस्थापितहरूको शिविरमा लागु गर्न अप्ठेरो हुन सक्छ । सामान्यतय आन्तरकि विस्थापित शिविरहरूमा काम गर्दा पानी, सरसफाई र चर्पीको मापदण्ढ र सुचाङ्कहरू स्फेयर प्रोजेक्टको विपत्ती झेल्याको मानविय वडापत्र र न्युतम मापदण्ड मा व्यवस्था भएकमो अनुसार लागु गर्छन् तर यसको मतलव उच्चायुक्तको मापदण्ड आन्तरिक विस्थापित शिविरमा लागु हुदैन भन्ने होइन।

स्फेयर प्रोजक्टले शिविरमा पानी वितरण सम्वन्धी तिन विभिन्न मापदण्ड को व्यवस्था गर्को छ सवै व्यक्ति,हरूलाई सफा र पर्याप्त मात्रामा पिउने खाना बनाउने र व्यक्तिगत सरसफाइ गर्न पानीको पहुँच। सार्वजनिक पानीका ठाउँहरू वसोवास क्षेत्र नजिकै र न्युततम आवश्यकता मात्रामा पानी प्रयोग गर्न पनि निश्चित गर्नु पर्दछ।

पानी भर्ने ठाँउमा पानी प्रयोग योग्य र पिउन गुणस्तर योग्य छन र व्यक्तिगत र घरायसी सरसफाइका लागि कुनै पानी जन्य रोग वा रसायनिक वा आणविक विकरण नहुने भएको हुनु पर्छ खाना बनाउने र सरसफाई मानिसहरूलाई पानी भर्न पर्याप्त सुविधा पिउने मानी भण्डार गर्ने व्यवस्था र पानी प्रयोग हुने समय सम्म राम्रो गुणस्तरको हुने निश्चित हुनु पर्दछ।

दिइएको तालिकले संयुक्त राष्ट्र संघ शरणार्थी उच्चायुक्त र स्पेयर प्रोजेक्ट का पानी प्रयोग र वितरण सम्वन्धी सुचांक हरू को तुलना गर्दछ ।

| | स्फेर | सं.रा. श.उ | कैकफियत |
|---|---|---|---|
| सफा पानीको न्युनतम आवश्यकता लेख्न प्रति व्यक्ति प्रति दिन | १५ | १५-२० | सं.रां.सं. श.उं बम न्युनतम जिवन धान्ने मात्रा ७ हो |
| पानी वितरण स्थल पानी धारा र व्यक्तिगत बासस्थानको न्युनतम दुरी मिटरमा | ५०० | २०० -अथवा थोरै मिनेट हिडाइको दुरी | |
| प्रत्येक धारामा अधिकतम व्यक्ति | २५० | ८० | |
| प्रत्येक इनार पम्पमा अधिकतलम व्यक्ति | | २०० | |
| सार्वजनिक सौचालयमा हात धुन उपलब्ध पननी लिटठर प्रति विरामी प्रति दिन | १-२ | १-२ | शौचालय सफागर्न दुवैले २- ८ लीटर प्रति शौचालय प्रति दिन |
| स्वास्थ्य केन्द्रमा उपलब्ध पानी लिटर प्रति विरामी प्रति दिन | ४०-६० | ४०-६० | |
| चिकित्साकिय खाद्य | १५-३० | २०-३० | |

| | | | |
|---|---|---|---|
| कार्यक्रम प्रयोगका लागि केन्द्रमा लिटर प्रति व्यक्ति प्रति दिन | | | |

प्रति व्यक्ति पानीको मापडण्डका लागि अध्याय ७ हेर्नु होला

तल दिइएको स्फेयर प्रोजैक्ट सुचाङ्कले  १५ लिटर प्रति व्यक्ति प्रति दिनको आधारमा दिइएका संख्यामा व्यक्तिहरूलाई  (दश लाख लिटरमा) दिइएको समयमा  आवश्यक पर्ने पानीको मात्रा को बारेमा जनाउँछ

(समय - दिन)

| | १ | ३० | ६० | ९० | १२० | १८० | ३६० |
|---|---|---|---|---|---|---|---|
| ५०० | ०.००७५ | ०.२२५ | ०.४५ | ०.६७५ | ०.९ | १.३५ | २.७३८ |
| १००० | ०.०१५० | ०.४५० | ०.९० | १.३५० | १.८ | २ं७० | ५.४७५ |
| ५००० | ०.०७५ | २.२५० | ४.५० | ६.७५० | ९.० | १३ं५० | २७.२८० |
| १०००० | ०.१५०० | ४.५०० | ९.०० | १३.५०० | १८.० | २७.०० | ५४.७५० |
| २०००० | ०.३००० | ९.००० | १८.०० | २७.००० | ३६.० | ५४.०० | १०८.६०० |
| ५०००० | ०.७५०० | २२.५०० | ४५.०० | ७५.०० | ९०.० | १३५.०० | २७३.७५० |
| १००००० | १.१५०० | ४५.००० | ९०.०० | १३५.००० | १८०.० | २७०.०० | ५४७.५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ० | | | | | | ० |
| ५००००० | ७.५००० | २२५.००<br>० | ४५०.०<br>० | ६७५.००० | ९००.० | १३५०.०<br>० | २७३७.५०<br>० |
| १०००००<br>० | १५००० | ४५०.००<br>० | ९००.०<br>० | १३५०.००<br>० | १८००.<br>० | २७००.०<br>० | ५४७५.०० |

विशेषत विस्थापित शिविरहरूमा अन्तराष्ट्रिय मापडण्ड अनुसारको पानी वितरण गर्नु चुनौती पुर्ण वा असम्भव कार्य हो । यो अवस्था विस्थापितहरूको क्षेत्रमा पानीको कमी मानविय कार्यको लागि चन्दाको कमी र ठुलो संख्यामा रहेका विस्थापित व्यक्तिहरूलाई सेवा पुऱ्याउने संगठनहरूको कम संख्या आदी हुन  सक्छन र यस्तो अवस्थामा सम्बन्ध मानवीय संगठनहरू र स्थानीय प्रशासनहरू स्थानिय मापदण्ड र सुचकाङ्कहरू जसले शिविरवासीहरूको जिवनको अधिकार स-सम्मान बाँच्न पाउने अधिकार र स्वास्थ्यको अधिकार सुरक्षित गर्छन त्यस तर्फ अग्रसर हुनु पर्छ आन्तरीक विस्थापनको अवस्थामा जाधाँ झुण्ड प्रणाली लागु हुन्छ त्यहा मुख्य जिम्मेवारी पानी सरसफाई र चर्पी सेवा प्रखायकहरूको झुण्डले नेतृत्व लिनुपर्छ र शिविर  व्यवस्थगापन नियोग झुण्डसंग नजिकबाट संयोजन गर्नुपर्छ ।

शरणार्थी वा आन्तरिक विस्थापनको अवस्थामा कार्य गर्ने सम्बन्ध संगटनले मापडण्ड र सुचाङ्कमा स्वीकायृ पानी वितरण व्यवस्था मिलाउँदा आतिथ्यकर्ता वरीपरिका समुदायमा पानीको उपलब्धतालाई पनि ध्यान दिनु पर्छ । विशेषतः सुख्खा याममा आतिथ्यकर्ता समुदाय मानीको कमीमाम हुने र शरणर्थी शिविरमा प्रसस्त पानी व्यवस्था भएको हुन सक्छ । यस्तो असन्तुलन ले गम्भीर तनाव उत्पन्न गर्न सक्छ र सुरक्षा घटनाहरू निम्त्याउन सक्छ । आफ्नो आवश्यकतालाई सीमांकृत  गरेको अनुभव गरेका आतिथ्यकर्ता हरूले शिविरका पानी सरसफाई र चर्पी पुर्वाधारहरू  ध्वंस भएका उदाहरणहरू रहेका छन् । त्यसकारण शिविरमा व्यवस्था गरएिका सुविधाहरूले आतिथ्यकर्ता समुखायलाई पनि केही हदसम्म लाभ पुऱ्याउनु पर्छ ।

स्थलगत आवाज

बुरूण्डकिो एउटा शिविर पहाडको टाकुरामा अवस्थित छ  र ठुलो जेनेरेटरको सहायताले तल रहेको पानीको प्राकृतिक स्रोतबाट पानी डाँडा माथि तानिन्छ र शिविरमा रहेका कंक्रीटका ट्याँकीहरूमा जम्मा गरिन्छ । पानीको स्रोत राम्ररी सञ्चालन गरेको छ । यहा यस्ले  व्यवस्थामा पनि गरिएको अ जहाँ वरीपरीका आतिथ्यकर्ता समुदायले पनि सो पानी शिविर  वाहिर प्रयोग गर्नै पाउँछन् र शिविरमा आउने प्राविधीक हरूको सल्लाह पनि लिन पाउँछन् ।

पानीको मात्रा निर्धारण

केही अवस्थाहरूमा पानीका मात्रा निधारण आवश्यक हुन सक्छ यद्यपि यो संवेदनशील हुन सक्छ । सुख्खा मौसम लामो समयको खडेरी पुर्वाधार भत्कनु वा कम पहुँच हुनुले शिविरमा पानीको मात्रालाइ कम गर्दछ र यि सवै अवस्थाहरूमा पानीको मात्रालाइ  निर्धारण गर्नु पर्ने हुन्छ कुनै पनि अवस्थामा शिविर व्यवस्थापन नियोग र पानी सरसफाइ र चर्पी सेवा प्रदानगर्नेहरूले निम्ना कुराहरू निश्चित गर्नु पर्छ ।

विशेष  आवश्यकताका व्यक्तिहरू जस्तै बालबालिकारू गर्तवतीहरू बच्चालाइ दुध खुवाउने आमाहरू  बृद्धवृद्धाहरू असक्तता भएकाहरू वा सिमित हिड्डुल गर्न सक्ने व्यक्तिहरूलाइ पानीमा प्राथमिकता दिनु पर्छ ।

पानीका पम्पहरू र धाराहरू कुन  समयमा खोल्ने चन्ने तालिका महिला  केटीहरूसंग छलफल गरी निर्धारण गर्नु पर्छ ।

पानीको मात्रामा केही  परिवर्तन गरीएको खण्डमा पारदर्शी रूपमा शिविर जनसंख्यालाइ खवर गर्ने तार्का उनीहरूले किन पानी कम भएको अ र बन्देजहरू  लगाइएको  भन्ने कुरा बुभ्नु शिविरका जनसंख्यालाई कपडा धुडा वा विरूवामा हाल्दा किन  पानी बचाउनु  पर्छ भन्ने वारे यथेष्ट ज्ञान हुनु पर्छ ।

पानी कम भएमा का खपत गर्नु

पानी कम प्रयोग गर्ने

आकाशे पानी जम्मा गर्ने

प्रदुषण हटाउने

सफा पानी प्रदान गर्नु पछिको महत्वपुर्ण काम त्यसलाई बचाई राख्नु हो। पानीलाई मुहानमै र ढुवानी गर्दा बचाई राख्नु पर्छ । सतहको पानी, प्राकृतिक स्रोत वा शिविर वाहिरको खोलाको पानी बचाई राख्न सजिलो हुन्छ। तर पानीका प्रदुषण जहि पनि जम्मा गर्दा देखि प्रयोग गर्ने बेला सम्म जहिले पनि प्रदुषित हुन सक्छ कम सरसफाई र चर्पी व्यवस्थागर्ने संगठनले निम्न कुराहरूमा ध्यान दिनु पर्छ।

सम्भव भएसम्म इनार पम्प, ट्युववेल र पानी ट्याँकी र आकासे पानी जम्मा गर्दा त्यसको गुणस्तर बनाइराख्न नियमित रूपमा नियमित गरी राख्नु पर्छ ताकी प्राविधिक मापडण्ड पुरा होस

पानी भर्ने ठाउँ र धारा इनार र ट्युववेलहरू राम्रो संग बार बाँधेर बालबालिका जनावरहरू पानी ख्वाउन नियमित शिविर वासीले प्रयोग गर्ने पानीको स्रोत भन्दा पर हुनु पर्छ ।

शिविरवासीको र पानी सरसफाई र चर्पी सेवा प्रदायकहरूको समितिको सहयोगमा पुर्वाधारहरूको सुरक्षा जाँच गर्नु पर्छ ।

समुदायमा आधारित नाला मर्मत र सफाइ प्रणाली स्थाापना गरेर पानीको स्रोत वरिपरि राम्रो नालाको व्यवस्था गरेर पानी जम्ने अवस्था हटाउनु पर्छ ।

सरसफाई सम्वन्धी चेतनामुलक कार्यक्रमहरू संञ्चालन गर्ने र शिविरवासीहरूलाई यस सम्वन्धी आवश्यक कुरा बुझाउने

प्रत्येक परिवारलाई पानी जम्मा गर्ने राम्रो गुणस्तरको जर्कीन वा अन्य विर्को भएका भाडा हुन व्यवस्था गर्ने

| |
|---|
| सवै पानीका श्रोत हरूलाई प्रदुषित मान्नुपर्छ। सतहको वा सतहमुनिको पानीको स्रोतमा विषालु पदार्थ हुन सक्छन् र जोखिममा हुन्छ र त्यसकारण पानीका स्रोतहरूलाई वारम्वार परिक्षण गर्नुपर्छ। दुषित पानीको प्रशोधन गर्ने कामले सधै प्राथमिकता पाउनुपर्छ। यसका लागि सेवा प्रदान गर्नेहरूको राम्रो प्राविधिक ज्ञान हुन जरूरी हुन्छ ता की शिविर वासी र वातावरणलाई जोगाउन सकियोस पानीलाई निर्मलीकरण गर्न रसायनको प्रयोग गर्दा ध्यान पऱ्याएर नियन्त्रण गर्न पर्छ। |

विश्व स्वास्थ्य संगठनको ईनार र ट्युववेलको पानी सफा र निर्मलीकरण गर्ने बारेको यस अध्यायको  साधन अंशमा दिइएको सुचना पत्र हेर्नुहोला।

- वातावरण सवाल सम्वन्धी विस्तृत जानकारीका लागि अध्याय ६ हेर्नु होला

**शौचालय**

शिविर  खडा गर्ने प्रारम्भिक समय देखि नै  दिशापिशाव र अन्य मानवजन्य फोहरहरूलाई उचित व्यवस्थापन गर्नु प्राथमिकतामा पर्दछ। लामो समयको आकस्मिक अवस्थामा शौचालय व्यवस्था गर्नु पानी व्यवस्था गर्नु जत्तिकै महत्वपुर्ण हुन्छ। दिसापिसाव प्रदुषण र पानी प्रदुषण हुने एउटा प्रमुख कारण हो  र यो  झाडा पखाला, हैजा  जस्ता धेरै स्वास्थ्य समस्याको कारक हुन्छ। त्यसकारण शौचालय व्यवस्था स्वास्थ्यसंघ संग नजिकवाट सम्वन्धित हुन्छ।

| |
|---|
| विश्व स्वास्थ्य संगठनले शौचालय व्यवस्था भनेको मानवजन्य फोहर ( दिसा, पिशाव) को उचित व्यवस्थापन हो जसमा दिसा पिसाबलाइ शौचालयको व्यवस्था गरी र व्यक्तिगत सरसफाइ गरी व्यवस्थापन गरिन्छ वातावरणीय सरसफालइ एउटा बृहत शव्दावली हो र यसमा पानीको गुणस्तर बचाउने  मानवजन्य फोहरको व्यवस्थापन गर्ने फोहर पानी र फोहर मैला व्यवस्थापन गर्ने पर्दछन। |

दिनमा वा रातमा पर्याप्त संख्यामा शौचालयहरूको व्यवस्था गर्नु पानी सरसपलाई र चर्पी सेवाप्रदान गर्ने संगठनको प्रमुख जिम्मेवारी हो र यसलाई शिविर व्यवस्थापन नियोगले सुपरीवेक्षण गर्नु पर्छ। शौचलयहरू व्यक्तिगत बसोबास क्षेत्र भन्दा ठाढा हुनु हुदैन ताकी महिलाहरूले लामो समयसम्म अध्यारोमा असुरक्षित यात्रा गर्न नपरोस। शौचालय रेखाङ्कन र व्यवस्था गर्दा पानी सरसपलाइ र चर्पी व्यवस्था गर्ने संस्थाहरूले निम्न कुराहरू ध्यान दिनु पर्छ

- आराम
- सरसफाई
- सास्कृतिक स्विकार्यता

शौचालय व्यवस्था परम्परागत शौचालय र सरसफाइ व्यवहार संग सके सम्म मेल खाने हुनु पर्दछ र यो शौचालयको अवस्थिति र अन्य सांस्कृतिक र धार्मिक मुल्य संग मिल्नु पर्छ। यो मिले नमिलेको कुरा शिविरवासीले नै राम्ररी मुल्याङ्कन गर्न सक्छन्। शिविरका परिवेश अनुसार पानी, सरसफाइ र चर्पी सेवा प्रदायक हरूको प्राविधिक जटिलता फरक पर्दछ। तर सेवा प्रदायकले सामान्यतय निम्न आधारभुत पुर्वाधार खडा गर्न ध्यान पुऱ्याउछन्।

- सार्वजनिक वा पारिवारिक शौचालयहरू र हात धुने व्यवस्था
- सार्वजनिक वा पारिवारिक स्नानघर
- सार्वजनिक लुगा धुने र सुकाउने ठाँउ
- फोहर फाल्ने नियमित स्थानको व्यवस्था
- फोहर पानी र आकाशेपानीको नाला व्यवस्था

### शौचालय सुविधाको मापडण्ड र सुचकाङ्क

शौचालय व्यवस्थाका लागि संयुक्त राष्ट्र संघ शरणार्थी उच्चायुक्त र स्फेयर प्रोजेक्टले समान सुचकाङ्क प्रयोग गरिएको स्थानमा लागु हुने सुचकाङ्क प्रयोग गर्छन्। दिइएको तालिकाले अंक प्रयोग गरिएको स्थानमा लागु हुने सुचकाङ्क दिइएको छ। अरू मापदण्डहरू सम्वन्धित अनुच्छेदहरूमा दिइएका छन्।

| | |
|---|---|
| | स्फेयर/ स.रा.श.उ |
| संयुक्त राष्ट्र संघ शरणार्थी उच्चायुक्त | |
| प्रत्येक शोचालयमा अधिकतम व्यक्ति | २० |
| शौचालयवाट अधिकतम दुरी मिटरमा | ५० |
| जमिन मुनिको पानीको स्रोतबाट शौचालय र सुकाउने ठाउँ को न्युनतम दुरी मिटरमा | १.५ |
| बसोवास क्षेत्रबाट  कन्टेनर वा फोहर फाल्ने खाडलबाट अधिकतम दुरी प्रत्येक १०० लीटर कन्टेनरको लीटर  कन्टेनरको लागि परिवार संख्या | १५ |
| | १० |

**शौचालय**

शिविरहरू र ग्रमिण क्षेत्रमा मानवजन्य फोहर विस्थापनको सामान्य प्रणालीमा साधारण र सस्तो खाडलहरू हुन्छन् । विस्थापित समुदायहरूको मध्यमा  पनि त्यस्ता शौचालय बनाउने ज्ञान र प्रविधि हुन सक्छ । धेरै प्रकारका शौचालय निर्माण प्रविधिहरू निम्नानसार उपलब्ध हुन्छ ।

खाडल शौचालय शिविर सामान्यतय प्रयोग हने शौचालय हो र यसमा हावा प्रवाह हुने सुधारिएको खाडल शौचालय हुन्छ । यसता शौचलयहरू प्राय: जसो एकल परिवार वा परिवारहरूको समुहले प्रयोग गर्छन् सुधारिएको हावा प्रवाह हुने  खाडल शौचालय मा खोस्। खाडल खनी ( सुधारिएका फोहोरो खाडल हावा प्र्वाह हुने शौचलाय बनाउन  सकिन्छ र यस्तो शोचालय यस्ता ठाउँमा राम्रो हुन्छ जहा गहीरो खाडल  खन्न सकिन्न र पहिलो खाडल चाडै पुरीन्छ ।

लामो खाडल भएको शौचालय हरू प्राय धेरै प्रयोग कर्ता भएको ठाउँमा आकसिमक आवस्थामा खन्ने गरीन्छ यो १.८ देखि २.५ मीटर गहीरो र ७५ देखि ९० से.मी. चौडा र प्त्येक १०० व्यक्तिका लागि ३.५ मी लामो हुनु पर्ने सिफारीस गरीन्छ ।

पानी खन्याएर सफाा गर्ने शौचालयका रेखाचित्र सामान्य प्रविधीका हुन्छन् तर यसका लागि पानी छिर्ने माटो भएको हुनु पर्छ यसत शौचालयहरू शिविर जनस.ख्या त्यो विधीसंग परीचित छन् र प्रसस्त मानी उपलब्ध छ भने योग्य हुन्छ ।

ठुलो भएका शौचालय हरू जसमा मानिसले वा यन्त्रले ठुलो बनाइन्छ चाडै बनाउन सकिन्छ तर या` गनाउने झिगा फैलेन र जमिन भुमिको पानी दुषित हुने जोखिम बढी हुन्छ।

| |
|---|
| शौचालयमा जस्ता, पानी सरसफाइ र चर्पी बनाउदा र रेखाङ्कन गर्दा ध्यानमा राख्नु पर्छ । शिविरवासीहरूले उपलब्घ पुर्वाधारहरूसंग परिचित र आराम अनुभव गर्ने खालका हुनु पर्दछ । गोप्यता र पर्याप्त स्थान उपलब्ध हुनु पर्छ त्यसकारण रजस्वला भएका महिलाहरूले प्रयोग गर्ने टाला धुन मिल्ने वा राम्रोसंग विसर्जन गर्न मिल्ने हुनुपर्छ । |

- शौचालय रेखाङ्कन सम्बन्धी प्राविधिक जानकारीका लागि सं.रा.स.श. उ को आकस्मिकता हाते पुस्तक (पृ २७०-२७२) हेर्नु होला ।

द  स्फेयर प्रोजेक्टले मानवजन्य फोहर विस्थापनका लागि दुई  मुख्य मापदण्ड तय गरेको हुन्छ । यसको उद्देश्य मानिसहरूलाई पर्याप्त संख्यामा बसोबास क्षेत्रबाट नजिक र छिटो सुरक्षित र स्वीकार्य तरिकाले दिन वा  रातको समयका प्रयोग गर्न मिल्ने हुनु पर्दछ , दोस्रो उनीहरूको आरामदायी , सफा र सुरक्षित शौचालय प्रति पहुँच हुने अधिकार सुरक्षित हुनु पर्दछ ।

शौचालयको स्थान र तरिका  निम्न कुराहरूले निर्धारण गर्दछ

शिविरको र वरीपरीको क्षेत्रको भौतिक गुणहरू जस्तै पानी प्रवेश गर्ने र माटो प्रकार, पानीको उपलब्धता, हावा, वर्ष भिरालो र नाला

शिबिरवासीहरूको सास्कृतिक व्यवहार मान्यता, जस्तै परम्परागत दिसापिशाव गर्ने  वानी

पर्याप्त स्थान भएको योजनाबाट शिविरहरूमा उचित अवस्थिति र अर्न्तराष्ट्रिय मापदण्ड अनुसार स्थापित पानी, सरसफाइ र चर्पी सेवाहरूले विस्थापितहरूलाई फाइदा पुऱ्याउंछ । तत्काल स्थापना गर्नु पर्ने  शिविरहरूमा शोचालयको स्थाापना र पानी सरसफाइ र चर्पी सुविधा स्थापना गर्न कठीन हुनु सक्छ। स्थानको अभाव गुजुमुज्ज परेका बासस्थान,  अपर्याप्त भुअवस्थिति आदिले मापदण्ड पुरा गर्न अप्ठेरो पर्छ । त्यसकारण  शिविर व्यवस्थापन नियोग र पानी सरसफाई चर्पी सेवा प्रदायकहरूलाई चुनौतिहरू र मापदण्ड विच सम्झैता गर्न गाह्रो पर्नेछ ।

समयसंगै खाडल शौचालयहरू भरिन्छन र त्यसलाई खाली गर्नुपर्छ र  यो कुरा शौचालय निर्माण गर्दा नै विचार पुऱ्याउनु पर्छ । शौचालयबाट  नरम पदार्थ  र झोला हटाउन भ्याकुम ट्याङ्क

प्रयोग गर्न सकिन्छ तर तिनीहरू  उपलब्ध भएको स्थानमा शौचालय बन्द गर्ने र खाडल पुर्ने र नयाँ ठाउँमा निर्माण गर्नु उपयुक्त विकल्प हुन सक्छ ।

सेवा प्रदायक र पानी ,सरसफाइ र चर्पी  समितिहरू  शौचलय  ति भरिए भनि  सुपरीवेक्षण गर्ने जिम्मेवार हुन्छन् ता कि तिनीहरूले समयमै योजना बनाउने र उचित उपाय गर्न सक्नेछन् ।

शहरी इलाकाहरू आकस्मिक अवस्थामा खाडल शौचालय बनाउन कठीन हुन्छ किनभने जमिन अलकत्राले ढाकिएको हुन्छ । त्यसकारण  रसायन शौचालय र ठुलो भएका शौचालयहरू मात्र प्रारम्भिक विकल्प हुन सक्छन् ।

स्फेयर र सयुक्त राष्ट्र संध शरणार्थी उच्चायुक्तको न्युनतम मापडण्डर क्षेत्रमै योजना र सरसफाई का विस्तृत जानकारीका लागि अध्याय ७ हेर्नु होला

आकस्मिक सरसफाईका विश्व स्वास्थय को संगठनको प्राविधिक नोट यसै पाठको साधन भागमा हेर्नु होला

**खुला दिसा पिशाव**

कतिपय ग्रामिण परीवेशमा हाल सम्म पनि खुला ठाउँमा  दिसा पिसाब गर्ने चलन भए पनि शिविर  व्यवस्थापन नियोगले शिविर क्षेत्र भीत्र शिविरवासीहरूलाई  सकेसम्मा यसो नगर्न वकालत गर्नु पर्छ । खुला दिसा पिसा गर्ने बानीले रोग  महामारी फैलिने सम्भावना रोक्न नसकिने गरी फैलन स्थिति सृजनागर्न सक्छ अति आकस्मिक अवस्थामा शौचालय निमार्णको गतिले प्रारम्भिक आवश्यकता पुरा गर्ने स्थिति नहुन सक्छ र यस्तो अवस्थामा खुल्ला दिसा पिशाव  रोक्न नसकिने अवस्था हुन सक्छ तर यस अवस्थामा दिसा पिसाब गर्ने व्यवस्था तुरून्त मिलाउनु पर्छ ।

दिसा पिसाब गर्न छुट्याएको खुल्ला ठाउँ मा  दिसा पिसा नगर्ने गराउनु हुन्न ।  तर यस्तो ठाउँ महिला र केटीहरूका लागि सजिलै पुग्न सक्ने ठाउँ हुनु पछ र शिविर व्यवस्थापन नियोग र पानी सरसफाइ र चर्पी  सुविधा प्रदान गर्ने संस्थाले सवै शिविर  बासीहरूलाई खुल्ला दिसा पिसाव गर्दा हुने जोखिमका बारेमा सुचित गर्नुपर्छ।

सम्भव भएसम्म शौचालय सुविधा परम्परागत श ौचालय चलन अनुसार सकेसम्म मेल खाने प्रकारको हुन जरूरी छ। तर ठुलो स्तरको विस्थापनको अवस्थामा परम्परागत व्यवहारलाई चुनौती दिनुपर्ने वा परीवर्तृन गर्नु पर्ने हुन सक्छ। खुला ठाउँमा खोल्साहरूमा र झाडीहरूमा दिसा पिसाव गर्ने अभ्यास भएका समुदायहरूलाई शौचलय सुबिधा पुऱ्याउन गाह्रो हुन  सक्छ। शौचालय प्रयोग गर्ने बानी बसाल्न प्रेरित गर्न मानिसलाई सरसफाइलाई बढावा दिने कार्यहरू गर्न जरूरी हुन्छ।

## नाला

शौचालय तथा नुहाइ धुवाइ गर्ने स्थानबाट निस्कने फोहर पानीमा धेरै किटाणु हुन सक्छ र यदि उचित नालाको व्यवस्था नहुने हो भने यसले संक्रमण, रोग र महामारी निम्त्याउन सक्छ। जमेको र पर्याप्तको पानी छिटै  किराहरू तथा  लामखुट्टेको फैलने स्थानका रूपमा विकास हुन सक्छ।

स्फेयर प्रोजेक्टले दुई मापडण्ड निर्धारण गरेको नाला व्यवस्थापनका लागि मानिसहरूको वातावरण पानीजन्य स्खलन र पानी  जम्ने बाढीको पानी पस्ने भान्सादय् फोहर पानी र औषधी जन्य फोहर पानी भएको पानी ठाउँको स्थानको जोखिमबाट टाढा हुनु पर्छ। दोस्रो त्यहा व्यवस्थाहरू  जस्तै नाला सुकाउने ठाउँ र साधनहरू हुनु आवश्यक छ  जसबाट घरायसी फोहर पानी सहज तरीकाले प्रभावकारी  रूपमा विसर्जन गर्न सकियोस र उनीहरूको बसोबास र अन्य पारिवारिक र सामुदायिक सुविधाहरू वाढी र पहिरोबाट सुरक्षित हुनु पर्छ।

अवस्था अनुसार र उपलब्ध मानविय र आर्थिक स्रोत अनुसार शिविरको नाला स्थापना, मर्मत र व्यवस्थापनको जिम्मा शिविर व्यवस्थापन नियोग, पानी सरसफाई र चर्पी सेवाप्रदायक वा स्थानीय सरसफाई  अधिकारीहरू विशेषत शहरी इलाकामा हुन सक्छन्। संलग्न सरोकारवालाहरू  आफ्नो भुमिका र जिम्मेवारी स्पष्ट बुझ्न आवश्यक हुन्छ र सो कुरा सवै शिविर जनसंख्यालाई बुझउनु जरूरी हुन्छ। सिद्धान्तन :  शिविरक्षेत्र आन्तरिक विस्थापित वा शरणार्थीहरू आउनु भन्दा पहिल्यै बलौट्े माटो भएको केही भिरालो जमिनमा स्थापना गर्न जरूरी छ। जमिन र माटोको प्रकारले पानी प्रवेश गर्ने प्रणालीको निर्धारण गर्दछ। पानी जमिनमा पठाउनु सजिलो र प्राय प्रयोग गरीने तर सदा उत्तम नहुने विकल्प हुन सक्छ जस्तै  चिम्टाइलो माटामा बनाइने पानी सोस्ने खाडलहरू शिविरकालागी प्रत्युत्पादक हुन सक्छन्।

शिविरमा नाला प्रणालीको योजना बनाउन र लागु गर्न शिविर वासीहरूलाई सहभागी गराउन शिविर व्यवस्थापन नियोग र पानी सरसफाइ र चर्पी सेवा प्रदायक हरू का लागि उत्तम अवसर हुन सक्छ। उपयुक्त साधन हरू पदान गरी राम्रो प्राविधिक तालिम दिएको खण्डमा शिविरवासीहरू आफै पानीमा सामान्य नाला मर्मत गर्ने कार्यकालागि जिम्मेवार बनाउन सकिन्छ। आवश्यक भएमा आतिथ्यकर्ता समुदायलाई पनि नाला योजना बनाउने काममा सरभागी गराउन सकिन्छ किनभने त्यसले स्थानीय शिविर वरीपरीको वातावरणलाई पनि असर गर्न सक्छ।

दुर्भाग्यवश, शिविरको योजना बनाउन प्रायः सम्भव हुदैन विस्थापन अचानक हुन्छ । जहाँ पालहरू र अरू बासहरू व्यवस्थित रूपमा खडा गरीन्छ। जहा चिम्टे माटो हन्छ त्यहा पानी जमिनभित्र जान सक्दैन र नालानिर्माण गर्ने कार्य कठीन र चुनौति पूर्ण हुन्छ।

तर पनि सानो तर महत्वपुर्ण सुधारहरूले पानीको स्रोत वरिपरि र अन्य पानी सरसिफाइ र चर्पी सुविधाको पुर्वाधार वरीपरी र वितरण क्षेत्रहरूमा नालाहरूले शिविर जनसंख्याको जीवन स्थिति उकास्न सहयोग गर्छ ।

कहिलेकाही एकमात्र खेल्ने स्थान खुला नालामा वहने फोहर पानी जुन शिबिरको बसोबास क्षेत्र भएर बगेको हुन्छ त्यसमा बालबालिका आकर्षिक हुन्छन्। जब पानीको कमी हुन्ध तब खुला नालामा बहने फोहर पानी घरायसी कामका लागि शिविरवासीहरूले प्रयोग गर्ने सम्भावना रहन्छ।

पानी, सरसफाई र चर्पी पुर्वाधारहरूको सरसफलाइ गर्नु एउटा मन नलाग्ने तर गर्ने पर्ने काम हो। शैचालयहरू सफा भएनन् भने प्रयोगमा ल्याइदैन र यस्ता पुर्वाधारहरू राम्रो र प्रयोग योग्य अवस्थामा राख्न शिविरवासीहरूको सहयोग चाहिन्छ। सामान्यतय शिविरवासीहरू पानी, सरसफाई र चर्पी सुविधा कार्यमा यसको निर्वाचित समितिका मध्यमबाट सहभागी हुन्छन। शिविर व्यवस्था नियोग र सुविधा प्रदायकहरू यस्ता समितिलाई सहयोग र पोत्साहन गर्नु पर्छ र यस्ता समुदायमा अधारीत समितिहरूलाई प्र्योग गनुपर्छ शिविरवासीको प्रसस्त सहयोग विना यस्ता पुर्वाधारहरूलाई व्यवस्था गरी राख्न गाह्रो हुन्छ। पानी सरसफाई र चर्पी सुविधा समितिहरू सेवा प्रदायकहरू र शिविरवासीहरू आफ्नो भुमिका र जिम्मेवारी र नियमहरूमा सहमत हुनु पर्छ ता कि राम्रो सर्वे सुपरिवेक्षण प्रणाली, सरसफाइ र मर्मत आदि राम्ररी हुन सकोस यस्ता पुर्धाधारहरूको दैनिक निरीक्षण गर्ने दैनिक कार्य योजना निर्माण गर्नु पर्छ र कुनै कमजोरी तत्काल सेवा प्रदायक काहा प्रतिवेदन गर्नुपर्छ। समितिहरू सेवा प्रदायक हरूवाट निर्देशित हुनु पर्छ र ।राम्रो तालिम प्राप्त हुनु पर्छ र यस्तो भएमा उनीहरूलाई शिविरवासीलाई पुर्वाधार प्रयोग। सरसफाई र मर्मतका लागि सचेत बनाउन सक्छन्।

आवश्यक मालसामान र थप पुर्जाहरू विना सरसफाई र मर्मत कार्य गर्नु कठीन हुन्छ। सेवा प्रदायकहरूले पर्याप्त प्राविधिक रूपमा सही पार्टपुर्जा जस्तै पानीको पाइप धारा र वाशरहरू उपलव्ध भएको कुरा निश्चित गरेमा पानी वितरण प्रणालीलाई सहयोग मिल्छ। यस्ता पुर्जाहरू राम्रा गुणस्तरको हुनु पर्छ जसले गर्दा पम्प धाराहरूले बारम्वार काम गर्ने छोड्ने हुदैन।

## फोहर मैला विर्सजन

फोहरमैला भन्नले सवै ठोस काम नलाग्ने वस्तु हुन्छन् जो घरपरिवारबाट। चिकित्साकिय सेवा बाट बजारबाट खाना वितरण गर्ने स्थान बाट र अन्य स्रोतबाट निश्कासन हुन्छ। यसमा मानव जन्य फोहरहरू पर्दैन। फोहर मैलाको नराम्रो व्यवस्थापनले जमिनको पानी।, जमिन मुनिको पानी र वातावरण प्रदुषण हुने गम्भीर जोखिम निम्न्याउन यो झिंगा र मुसाहरूको लागि र अन्य राग सार्ने जिवहरूका लागि उत्तम स्थान हुन्छ।

स्फेयर प्रोजेक्टले फोहर मैला व्यवस्थापनका दुई मुख्य मापदण्ड निर्धारण गरेको छ जसको उद्देश्य (क) फोहर मैला चिकित्साकिय फोहर समेत बाट मुक्त वातावरण सृजना गर्ने र

(ख)घरायसी फोहर सजिलै र प्रभावकारी तरीकाले विस्थापन गर्ने साधन हुनु ।

घरायसी बजारबाट निस्कने र विद्यालय र अन्य क्षेत्रबाट निस्कने फोहर व्यवस्थापन गर्न सामान्यतः प्रयोग गरिने विधि र पुर्वाधारमा

- फोहर फाल्ने खाडल, भाडा, कण्टेनरहरू प्रत्येक घर परीवारमा व्यवस्था गर्ने
- सामुदायिक रूपमा प्रयोग गर्न ठुला फोहर फाल्ने खाडलहरू र फोहर राख्ने भाडाहरूको व्यवस्था गर्ने
- शिविरमा उपयुक्त हुने फोहर व्यवस्थापनका मुख्य तीन उपायहरू छन् गाड्ने जलाउने र कुहाएर कम्पोष्ट बनाउने
- ठुला खाडलहरूमा फोहर मैला पुर्नु तुलनात्मक रूपमा सजिलो हुन सक्छ । तर यसका लागि विशेष ध्यान पुऱ्याउनु पर्छ । पानीको स्रोतमा प्रदुषणबाट रोक्न राम्रो नाला व्यवस्था हुन जरूरी हुन्छ जव नाला व्यवस्था राम्रो हुदैन तव खाडलहरू ढिलो वा चाडै रोगका किटााणु वृद्धि हुने क्षेत्रका रूपमा विकसित हुन सक्छन् । पुर्ने खाडलहरू भरिए पछि माटोको पत्रले राम्रो संग छोप्नु पर्छ चाहे ति प्रयोग भइरहेका हुन वा बन्द भइसकेका हुन । तिनीहरूलाई राम्ररी बार राख्नु पर्छ र यो बसोबास क्षेत्र र पानी सरसफाई र चर्पी सेवाबाट टाढा राख्नु पर्छ ।
- जुन स्थानमा वढी ठाउँ उपलब्ध हुदैन त्यस समय फोहर जलाउनु एकमात्र उपलब्ध विकल्प हुन सक्छ । यसरी फोहर जलाउदा यो काम शिविर भन्दा पर गर्नु पर्छ किनभने आगो र धुवाले गुजुमुज्ज रहेको शिविरको बसोबास स्थलमा गम्भिर जोखिम पैदा गर्छ ।

चिकित्साजन्य फोहर मैला पुर्नु हुन्न तर यसलाई उपयुक्त प्रविधिबाट स्वास्थ्य सेवा गृह नजिक जलाउनु पर्छ र यो कार्य तालिम प्राप्त स्वास्थ्य कर्मीको  निरिक्षणमा गर्नु पर्छ।

- कम्पोष्ट मल बनाउने गरेमा  यो बगैचा र खेतीपातीका प्रयोग गर्न सजिलो हुन्छ तर आकस्मिक अवस्थाम यो लागु गर्न अप्ठेरो हुन्छ । यो लामो समयको शिविरमा मात्र लागु हुन सक्छ जहा शिविरमा र वरपर प्रसस्त स्थान उपलब्ध हुन्छ यसका लागि विशेष  प्राविधिक ज्ञान र तालिम र हुन जरूरी हुन्छ । फोहर मैला राम्ररी छानेर राख्नु पर्छ ठुला कम्पोष्ट बनाउने  ठाउँहरूमा गन्ध आउने जोखिम हुन्छ र यसले शिविरवासीको स्वास्थ्यमा र शिविरमा प्रदुषणको  खतरा निम्त्याउछ । पानी सरसफाई र चर्पी प्रदायकले र शिविर व्यवस्थाापन नियोगले शिविरको फोहर मैला विसर्जन गर्दा निम्न कुराहरू ध्यान दिनु पर्छ
- ढ्वाङ्ग, कण्टेनर, खाडल वा जलाउने यन्त्रहरू वस्तुहरू र पुर्वाधारहरू  राम्रो गुणस्तरको र  प्रयोग गर्न लायक हुनु पर्छ ।
- फोहर  विसर्जनका लागि प्रयोग हुने सवै क्षै्त्र र स्थानहरू  राम्ररी छेकवार लगाएको  र केटाकेटीहरू र जनावरले प्रवेश गर्न नसक्ने हुनुपर्छ।
- पानी , सरसफाई  र चर्पी सेवा समितिहरू  र शिविर जनसंख्या मिलेर फोहर विसर्जन र क्षेत्र  खाडलहरूको  मर्मलका लागि दैनिक कार्य सुचित निर्माण गर्नु पर्छ।
- समितिहरू र शिविर जनसंख्याहरूले आ-आफ्नो  भुमिका र जिम्मेवारीमा समझदारी भएको र स्पष्ट वितरण भएको निश्चित गर्नु पर्छ । यसका लागि अधिकारीका आधारपत्र तयाार गर्नु उपयुक्त हुन्छ ।
- तीन पाङ्गे हाते  यन्त्र, सावेल आदी सामाग्रैीहरू सफाइ र मर्मत कार्य गर्न उपलब्ध हुनुपर्छ
- पुन प्रयोग योग्य समानहरू जस्तै निर्माण क्षेत्रमा उत्पादन हुने बस्तुहरू, जसले प्रयोग गर्न सक्छन् तिनीहरूलाई दिनु पर्दछ ।
- फोहर मैला व्यवस्थापन सम्बन्धी विश्व स्वास्थ्य संगठननको प्राविधिक नोटहरूको वारेमा जान्न यस पाठको अन्त्यको साधनहरू अंशमा हेर्नु होला ।

विस्थापन नभएको र नटिपिएको फोहर मैला शिविर वरीपरी यत्र तत्र छरिएको रहंदा यसले आत्मसम्मान कम हुने वातावरण सृजना गर्छ। फोहर, गन्हाउने र अस्वस्थ्य शिविर ले पहिल्ये देखि धेरै दैनिक समस्या भोल्नु परेका व्यक्तिहरूको आत्मसम्मानमा थप चोट पुऱ्याउछ।

## मृत शरीरको विस्थापन

भरखर विस्थापन भएको र मानिसहरूको आधारभुत आवश्यकलाहरू पुरा गर्न नसकेको अवस्थाामा शिविर शिविर जस्तै अवस्थाामा मृत्युदर बढी हुन सक्छ महामारी रोग कुपोषण वा लडाइका घाउहरूबाट शिविरमा छोटो समयमा मृत्यु हुनेको संखया वढ्न सक्छ

केही संस्कृतिकहरूमा निश्चित रोगहरू र संक्रमणहरू जस्तै एच आइ भी/ एड्स लाई बर्जित रूपमा हेरीन्छ र मानिसहरूले आफ्ना नातेदारका मृत्युको वारेम खवर नगर्न सक्छन्। त्यसकारण शिविरहरूमा मृत्यु दर संचालनमा आएकमा भन्दा निक्कै वढी वितरण हुने खाधान्नको हिस्साम कमी हुने पनि हुन सक्छ।

सांस्कृतिक रूपमा स्वीकार्य भए मृत शरीर पुर्नु नै सवैभन्दा उत्तम र सजिलो उपाय हुन्छ। शिविरको योजना बनाउदा शिविर व्यवस्थापन नियोग र अन्य सम्वन्ध चिहान र मृत शरीर विसर्नन गर्ने स्थान छुट्याउनु पर्छ। विस्थापित समुदायसंग छलफल गरी चिहानको व्यवस्था गर्नु पर्छ।

मृत्यु संस्कार प्रत्येक संस्कृतिको एउटा संवेदनशील र भावात्मक घटना हो। सम्भव भएसम्म मानवीय संगठनहरूले विस्थापित समुदायको मृत्यु संस्कारको परम्परागत तरीकाको सम्मान गर्नुपर्छ। पानी , सरसफाइ र चर्पी सेवा प्रदायकले मृत व्यत्तिको नातेदारहरूलाई उपलब्द प्राविधिक औजारहरू चिहान खन्न र कपडाहरू पुर्न प्रदान गर्नु पर्छ।

कतिपय संस्कृतिमा मृत व्यक्तिहरूलाई जलाउने गर्छन्। शिविर र शिविर जस्तै अवस्थामा स्थान र आवश्यक पुर्वाधारको अभावमा यो सम्भव हुदैन जलाउन प्रसस्त मात्रामा इन्धन र दाउरा आवश्यक पर्दछ जुन उपलब्ध नहुन सक्छ। यस्तो अवस्थामा शिविर व्यवस्थापन नियोग

र विस्थापित समुदायको प्रतिनिधि को साथमा संगै बैकल्पिक समाधान खोज्नु पर्ने हुन सक्छ र विस्थापनको अवस्थामा विस्थापित व्यक्तिहरू आफ्ना परम्परागत व्वहार परीवर्तन गर्न सक्ने हुन्छन् ।

| |
|---|
| गुजुमुज्ज भएका तत्काल स्थापित शिविरहरूमा मृत व्यक्तिहरू पुर्न चुनौतिपुर्ण हुन सक्छ । उत्तरी युगाण्डाका आन्तरिक विस्थापितहरूका शिविरमा लामो समय सम्म गुजुमुज्ज शिविरमा बस्न वाध्य भए र तिनीहरूलाई शिविर वाहिर पनि निस्कन दिइएन । उनीहरूको हिड्डुल गर्ने स्वतन्त्रतामा व्यापक बन्देज लगाइयो । त्यसकारण उनीहरू ले मृत व्यत्तिहरूलाई शिविरको वसोवास क्षेत्र र पानीको स्रोत नजिकै गाड्नु भन्दा अरू उपाय थिएन । |

मृत शरीरहरूले महामारी फैलाउने जेखिमको सम्भावना रहन्छ भन्नेकुरा भ्रमपुर्ण हो ।

टाइफाईद हैजा वा इवोला जस्तो ज्वरो आएर मृत भएका बाहेक अन्य अवस्थामा जोखिम हुदैन । यस्तो अवस्थामा मृत शरीरहरूलाईै तत्काल पुर्ने व्यवस्था गरेर सिमित संख्यामा मलामी भेला गराउनु पर्छ । मृत

शरीरको विसर्जन सम्बन्धी विश्व स्थास्थ्य संगठनको प्राविधिक नोट यस पाठको साधन अंशमा दिइएकोछ।

| |
|---|
| ठुलो आकस्मिक अवस्थामा एक वा वढी शवगृहहरू बनाएर मृतकहरूको पहिचान गर्न सहज पार्नु पर्ने हुन सक्छ । आकस्मिकता नभएको अवस्थामा पनि एक शव गृह चाहिन्छ जहाँ नातेदारको अन्तिम संस्कार सम्वन्धी काम गर्न र क्षति झेल्न तयार हुने हुन्छ । यस्तो घर एउटा छुट्टै भवन हुन आवश्यक हुन्छ र त्यो भवनमा चार खण्ड एक स्वागत कक्ष हेर्ने कोठा क्षत विक्षत शव रााख्ने कोठा र अभिलेख र कार्यालय सामग्री राख्ने कोठा हुनु जरूरी हुन्छ । |

सरसफाइ शिक्षा र अभिवृद्धि

सरसफाइ शिक्षा र अभिवृद्धि स्वास्थ्य र स्वास्थ्य शिक्षा संग नजिकबाट सम्वन्धीत छ । योजनावद्ध वा तत्काल निमार्ण भएको साँधुरा शिविरमा पनि शिविरवासी हरू पर्याप्त सरसफाइ त्यसबाट भौतिक आराममा पुग्ने प्रत्यक्ष असरवारे बुझाउन जरूरी हुन्छ ।

स्फेयर प्रोजेक्टले सरसफाइ अभिवृद्धि गर्ने दुइ मुख्य मापडण्डहरू छुट्टाइएको छ । प्रभावित सवै जनसंख्यालाई प्रथमिकताका सरसफाइका व्यवहारहरू जसले सवैभन्दा ठुलो स्वास्थ्य जोखिम निम्त्याउछ त्यसका बारेमा वुझाउनु र परीवर्तन कुरा बुझ्नु जरूरी हुन्छ । उनीहरूको स्वास्थ्य र सम्मान बचाउन आवश्यक पानी र सरफाइ पुर्वाधारको प्रयोग गर्न पर्याप्त सुचना र साधन हुन आवश्यक छ । उपलब्ध सवै आश्यकता र रोजाइहरूको बारेमा प्रकाश पार्ने हुनु पर्छ । जहाँ उपयुक्त हुन्छ त्यहा प्रयोगकर्ताहरूलाई सरसफाई सुविधाको व्यवस्थापनमा सहभागी गराउनु पर्छ।

प्रसस्त चर्पी सेवा र पानीको व्यवस्था जने राम्रो सरसफाइका लागि सवैभन्दा आवाश्यक हुन्छ त्यो सरसफाइ अभिवृद्धिको विकल्प हुन सक्दैन ।

सावुन सरसफाइका समान वा साधन वितरण र शौचलयको व्यवस्था र फोहर फाल्ने खाडलको व्यवस्था एक पक्ष हो भने त्यको उचित र नियमित प्रयोग अर्को कुरा हो । स्फेयर प्रोजेक्टले सरसफाइ अभिवृद्धिलाई निम्नानुसार परिभाषित गरेको पाइन्छ : “ जोखिमपुर्व सरसफाइ व्यवहारहरूलाई वहिस्कार गर्न जनसंखयाको ज्ञान। प्रयोग र साधनहरू र नियोग को ज्ञान (पानी , सरसफाइ र चर्पी सेवा प्रदायक ) र स्रोतको समिश्रण”

यस भावनामा पानी सरसफाइ र चर्पी सेवा प्रदायक, यसको समिति र शिविर जनसंख्याले सरसफाइका सवालहरूलाई प्राथमिकता दिनु पर्छ। यसका लागि पहिले सबैभन्दा आवश्यक सरसफाइ समस्याका ध्यान दिनु आवश्यक अ न कि र नियमहरू दिनु। सुचनाहरू र संदेशहरू स्पष्ट र सजिलै बुझ्ने हुन आवश्यक छ यसलाई स्थानिय भाषामा सम्प्रेषण गर्नु पर्छ र सो कार्य स्थानिय परम्परागत व्यवहार र सामाजिक संरचना बुझेको समुहलाई लगाउनु पर्छ।

दुर दराजको विस्थापित समुदाय, विशेषत महिला र केटीहरूमा अशिक्षाको व्यापक हुन सक्छ। शिविर व्यवस्थापन नियोग र पानी, सरसफाइ चर्पी सेवाप्रदायकहरूले लिखित सुचनाहरू जारी गर्दा पुरूष मात्रै लाई सो संदेश पुग्न सक्ने र सम्वन्धीत समुह छुट्न सक्छ।

शिविरवासीलाई सरसफाइ सम्वन्धी र पानी, सरसफाइ र चर्पी ुसुविधा प्रयोग सम्वन्धी संचेतना विभिन्न तरीका बाट पुऱ्याउन सकिन्छ जस्तै :

- सार्वजनिक सुचना, लाउड स्पिकर र रेडियो प्रसारण
- भित्ते चित्र, चित्र र कार्टुन को प्रयोग
- छलफल
- सामुदायिक र परम्परागत उत्सव
- चलचित्र प्रदर्शन
- नाटक, खेल गीत आदि

- पानी, सरसफाई र चर्पी का पुर्वाधारहरू जस्तै पानी टयाङ्की वा शौचलयहरूमा हाँस उठ्दो तर निर्देशन भएका कार्टुन चित्रहरू जसले ति पुर्वाधारको सहि प्रयोग सिकाउँछन् र व्यवक्तिगत सरसफाइका सन्देश दिन्छन् त्यसता बनाएर बालाबालिकाहरूलाई आकर्षित गर्न सक्छि।

**रोग सार्ने जिवाणु नियन्त्रण**

औलो, पखाला जस्ता जिवले सार्ने रोगहरू उष्ण क्षेत्रका देशहरूमा ठुलो स्वास्थ्य सराकारको विषय हो र यसले विरामी र मृत्यु हुने गम्भीर जोखिम निम्त्याउछ । औलो लामखुट्टे बाट सर्छ भने पखाला झिंगाबाट सर्छ र अरू त्यस्ता जिव जिवाणुहरू पनि छन् जसले शिविरहरू जहा मानिस र जनावरहरू साधुरो क्षेत्रमा संगै बस्नु पर्ने हुन सक्छ त्यस्तो अवस्थामा निकै डरलाग्दो हुने गर्दछ ।

| जिव जिवाणु | जोखिम |
|---|---|
| झिंगा | आंखाको संक्रमण र पखाला |
| लामखुट्टे | ओले हात्ती पाइले डेङगु, पहेले ज्वर इन्सेफलाइटिस’ |
| भुसुना | लुतो स्कव टाइफस |
| जुम्रा | महामारी म्यादे ज्वरो, व्वेरो |
| एपिया | प्लेग (संक्रमित मुसाबाट ) म्यादी ज्वरो |
| इपिया | ज्वरो |
| मुसा | ज्वोरो, लेप्टोस्पीरोसीस, साल्मोनेलोसिस |

(स्युक्त राष्ट्र स.घ शरणर्थी उचयुक्तको आकस्मिकता हाते पुस्तकको तालिका २००७पृ २७५)

जिव जिवाणुहरूबाट सर्ने रोग निदान गर्न र उपचार गर्न विशेषज्ञको सहायता चाहिन्छ तर यस्तो जोखिम र रोग निवारण गर्न शिविरवासीले धेरै गर्न सक्छन् । सधै सम्भव नभए पनि शिविर स्थापना भएको सुरूको वेलामा शिविर व्यवस्थापन नियोग र पानी, सरसपाइ सम्वन्धी शिक्षा दिने उद्देश्य राख्नु पर्दछ ता कि उनीहरूले सरसफाइको अभाव र त्यसले निम्त्याउने सम्भाव्ययि

स्वास्थ्य जोखिमका बारेमा उनीहरूलाई बुझ्न  सजिलो हो' । रोग सार्ने जिवको र रोग को निवारण गर्ने काम परिवारीक स्तर बाट सुरू हुन्छ तर यसले शिविरको को क्षेत्रलाइ समेट्छ । रोग सार्ने जिव नियन्त्रण रणनितीले त्यसता जिवको स्ंख्या र घनत्व र तिनको र शिविर जनसंख्या विचको  सम्पर्क र त्यस्ता जिव र त्यसता जिव जिवाणु हुर्कने वातावरण को सम्पर्क रोक्ने उपाय संलग्न हुनु पर्छ । शिविरवासीको प्रत्यक्ष संलग्नता विना, पानी, सरुसफाइ र चर्पी सेवा प्रदायक र शिविर व्यवस्थापन नियाेगको रोग सों जिव र त्यसले सार्ने रोग नियन्त्रण गर्ने प्रयास सफल हुन सक्दैन। जिवले सार्ने रोग र त्यसको हुर्कन क्षेत्र र त्यसको मौसमी व्यवहार बुझ्न स्थानिय ज्ञान र अनुभवले महत्वपुर्ण योगदान दिन्छ ।

जिव जिवाणुद्वारा सर्ने रोगको भौतिक नियन्त्रण गर्न माथि दिइएका सवै  उपायहरू लागु हुन्छ जसलाई निम्न कुराहरूमा प्रयोग गर्न  सकिन्छ :

- शिविरहरू त्यस्ता स्थानमा खडा गर्ने जहाको भौतिक र भौगोलिक  गुणहरू उपयुक्त हुन्छ चिसो र  भुमि प्रयोग नगर्ने
- निश्चित स्थानबाट  सुरक्षित पिउने पानी प्रदान गर्ने
- सुरक्षित नाला व्यवस्था स्गापना गर्ने लाकी जमेको पानीका लामखुट्टे फैलने नपायओस
- प्रत्येक घर परिवारका लागि सुरक्षित र प्रसस्त भण्डार गर्ने व्यवस्था जस्तै भांडा र कन्टेनर
- फोहर मैला उचित व्यवस्थापन गर्ने ता कि खाद्य पदार्थलार्य मुसा जस्ता जनावरबाट बचाउने
- घर पालुवा जनावरलाई मानिसले बस्ने खाने धुलाइ गर्ने र पानी ल्याउने  स्थान बाट टाढा राख्ने

रोग सार्ने जिवबाट बच्न रासायनिक विषखी प्रयोग गर्नु शिविरमा उपयुक्त हुदैत तर कहिले काहि यो अनिवार्य हुन आउछ । पखालाको महामारीमा स्थान र बसोबास क्षेत्रमा औषधी छर्कनु , बयस्क झिंगा नियन्त्रण गर्ने प्रभावकारी उपाय हुन सक्छ । रासानिक विषादी प्रयोग गर्दा प्रयोग पश्चात विशेषज्ञद्वारा प्राविधिक परीक्षण  आवश्यक हुन सक्छ। सम्वन्धीत कर्मचारी र शिविर वासीहरूलाई यसै प्रकार तालिम दिनु पर्ने हुन्छ । पानी सरसफाई र चर्पी सेवा प्रदायक हरूले यो कुरा निश्चित गर्नु पर्छ कि प्रयोग भएको रसायनको बारेमा पऱ्याप्त

सुचना रहोस । कर्मचारी र शिविरवासीहरू र रसायन चलाउदा प्रसस्त सुरक्षा सहित भएको निश्चय गर्नु पर्छ ।

| |
|---|
| औलो रोगको जोखिम भएको ठाउँमा  किटनासक छर्केका बस्तुहरू जस्तै  लामखुट्टेको झुल ओड्ने ओच्छयाउने वा पालहरू पाललाई किटजाशक छर्कने काम ले संकमण रोक्न सक्छ । पाल नभएका बसोबास गर्ने समानकम त्रिपालले ढाकिएको मा पनि किटनाशक छर्कन सकिन्छ । |

- जिव जिवाणुद्वारा सर्ने रोगहरू वारे थप जानकारी अध्याय १६ मा छ ।

| |
|---|
| जिव जिवाणु  समस्या रोक्ने केही उपायहरू प्रत्युत्पादक हुन सक्छ । जस्तो प्रत्येक मरेको मुसाको लाई निश्चित मत्ता दिने उपाय गरीएको स्थानमा मुसाको संख्या बढेको भेटीएकोलाई शिविरवासीले मुसालाई रोग सार्ने जिवको रूपमा हेर्नु छाडे र यो योजनालाई राम्रो आय स्रोतका रूपमा हेरे । |

विशेष आवश्यकता भएका व्यक्तिहरू / धेरै जोखिममा भएका व्यक्तिहरूको आवश्यकता प्राय सिमासन्तकृत  हुन्छ विस्थगापनको स्थितमिा सिमान्ती समुदायहरू विशेष दवावमा भएका अवस्थामा, परम्परागत सामाजिक सेवाहरू ध्वस्त हुन सक्छन् र परिवारमा अरूलाई ध्यान पुऱ्यायने क्षमतामा कमी आउँछ । शिविर व्यवस्थापन नियोग र पानी, सरसफाइ र चर्पी सुविधा प्रदान गर्ने संस्थाले यो सुविधा विशेष आवश्यकता भएका र जोखिममा रहेकालाई पनि पुऱ्याउन विशेष ध्यान पुऱ्याउनु पर्छ ।

- महिला र केटीहरूलाई परिवारका लागि पानी ल्याउने जस्ता थुप्रै घरायसी कामको बोझ हुन्छ । त्यसकारण पानी भर्दा लाइनमा लाग्ने समय सके सम्म कम हुनु पर्छ लाकि तिनीहरूले अन्य काम गर्न समय पाउन । राम्ररी काम गर्ने र पऱ्याप्त पानी आउने धारा र पम्प जर्कीन र अरू भाँडाहरूले शिविर वाहिर पानी बोक्दा झेल्नुपर्ने

जोखिम बाट कम गर्न सकिन्छ। यस्ता स्थानहरूमा महिला तथा केटीहरूलाइ सुरक्षा प्रदान गर्न गाह्रो हुन्छ

- सम्भव भए सम्म पानी, सरसफइ र चर्पी सुविधाहरूमा उचित प्रकाशको व्यवस्था गर्नु पर्छ र तिनीहरूलाई सुरक्षित स्थानमा राख्नु पर्छ। यस्ता सुविधामा जाने बाटो सम्म बनाउनु पर्छ ता की ह्वील चेयर्स भएका व्यक्तिहरू पनि त्यहा पुग्न सकुन्
- शौचालय र अन्य सुविधाहरूले साना बालबालिका र शारीरिक असक्तता भएका व्यक्तिहरूको आवश्यकता ध्यान पऱ्याउनु पर्छ सुविधा प्रदान गर्नेहरूले विशेष शौचलयहरू र स्नानगृह निर्माण गनुपर्छ ता कि तिनीहरूले पनि त्यो सुविधा सहज र सुरक्षित तरीकाले प्रयोग गर्न सकुन्
- जव पिउने पानी र अन्य सरसफाइका लागि प्रयोग गर्ने गैर खाद्यबस्तुहरूको अभाव हुन्छ जब विशेष आवश्यकता भएकाहरूलाई र जोखिममा भएकालाई प्राथमिकता दिनु पर्छ। बच्चाहरू, पाँच वर्ष पुनिका बालबलिकाहरू बच्चालाई दुध खुवाउने आमाहरू र अरू व्यक्तिहरू जसले साबुन र पानीको अभावबाट दुःख पाउँछन् त्यसालाई प्राथमिकता दिनु पर्छ।
- विरामीहरूसंग सम्वन्धीत केह ी गलत धारणाहरू जस्तै इच आइ भी / एड्स भएकोमा यिनिहरूले पाानी छोएमा पानी प्रदुषित हुन्छ भन्ने धारणाहरू सुचना अभियानहरूको माध्यमवाट हटाउनु पर्छ मानिसहरूलाइ सजत, वीर्य यौनिक झोलहरू र संक्रमित सुईका माध्यमबाट मात्र सर्छ भन्ने कुरा बुझाउनु पर्छ।

शिविर व्यवस्थापन नियोगका लागि चेकलिष्ट

- शिविर कर्मृचारीहरू विशेष आवश्यकता भएका समुह हरूको समुहको सुरक्षागर्न र हेरचाह गर्न पऱ्याप्त तालिम प्राप्त छन् र तिनीहरूले आचारु संहितामा दसतखत गरेका छन्
- पऱ्याप्त संख्यामा पानी सरसफाइ र चर्पी सुविधा प्रदायकहरूसंग पऱ्याप्त प्राविधिक विशेषज्ञता र कर्मचारीहरू तालिम प्राप्त छन् र उपलब्ध समानहरू राम्रो गुणस्तरको छ ।

- पानी सरसफाई र चर्पी सुविधा प्रदान गर्ने क्षेत्रहरूमा शिविर व्यवस्थापन नियोग सेवा प्रदायक र समितिहरू र स्थानीय सरसफाइ अधिकारीहरू भुमिकार जिम्मेवारी वाडँफाड स्पष्ट र स्वीकृत छ ।
- कार्यको आधारपत्र तयार छ ।
- शिविर जनसंस्यालाई कसले कहा कहिले के गर्नै छ भन्नेकुराको राम्रो सुचना गरीृएको छ ।
- सम्वन्धीत सरोकारवालाहरू शिविरमा लागु हुने सुविधाहरूको अन्तर्राष्ट्रिय वा स्थानीय मापदण्ड र स्तरमा स्वीकृत छन्
- पानी, सरसफााइ र चर्पी सुविधाको र पुर्वाधारहरू मापदण्ड सुचकाङ्क र मार्गदर्शन अनुसार नै निर्मित छन् र तिनीहरूको नियमित मर्मत र सुपरिवेक्षण भएको छ ।
- पानी, सरसफाइ र चर्पी सुविधाको सम्पुर्ण सुपरिवेक्षण प्रणाली स्थापित छ ।
- कार्यृ योजना र तथ्याँकहरू साटासाट गरीएको अ र सेवा कमजोरी र आश्यकताहरूको पैतिवेदन गरीएको छ ।
- शिविर जनसंख्या विशेषत महिला तथा केटीहरूलाई पानी, सरसफाइ र चर्पी व्यवस्थाको योजना बनाउने रेखाङ्कन गर्ने र निर्माणमा र सुपरिवेक्षण र संयोजन र मर्मत र सफाई आदि सवै कुाराहरूमा पर्याप्त सहभागीता छ ।
- शिविर व्यवस्थापन नियोग सेवा प्रदायक हरूले समुदायमा आधारीत उपायहरू र सहयोग गर्ने र समुदायको सहभागीतालाई समिति मार्फत अभिप्रेरीत गरेको छ ।
- स्थानिय ज्ञान र अनुभवलाई ख्याल गरीएको र प्रयोग गरीएको छ र कर्मचारी
- शिविर व्यवस्थापन नियोगहरू र पानी, सरसफाइ र चर्पी सेवा प्रदायकहरूसंग सांस्कृतिक रूपमा स्वीकार्य र संवेदन शीलता का साथ शिविर वासी हरू संग व्यवहार गर्छन् ।

पानी वितरण

- विद्यमान पानीका स्ोतहरू (शिविर भित्र र बाहिर ) को ज्ञान र नक्सांकन गरीएको र वेकल्पीक पानीको स्ोत को खोज गरीएको छ ।
- जमीनमुनीको पानीको उपलब्धता र त्यसलाई ध्यानमा राखियको छ ।
- शिविरवासहिरूलाइ पऱ्याप्त र मापदण्ड र सुचकाङ्क अनुसारको गुणस्तरको पानी उपलब्ध छ ।
- पानीका स्ोतहरू नियमित सुपरिवेक्षण र नियन्त्रण गरएिको छ ।
- पानी वितरण पुर्वाधारको वरीपरी राम्रो नाला व्यवस्था भएको रब्त्यसमा ध्यान दिइएको छ ।
- छोटो र लामो समयको पानीको मागलाई मापन गर्रीएको छ र पानी वितरण त्यसै अनुसार व्यवस्था गरिएको छ ।
- पानी र पानीको स्रोतहरूको प्रदुषण भद्यता पनि मापन गरिएको छ ।
- आवश्यक परेको खण्डमा पानी प्रसोधन गरर्ि त्यसको गुणस्तर वढाउने गरिएको छ ।
- शिविरवासीहरू को पऱ्याप्त पानी भण्डारण सुविधा जस्तै भाडाँहरू र जर्किनहरू उपलब्ध छन् ।
- शिविर वाहिर रहेका पानीका स्रोत प्रयोगका बारेमा आतिथ्यकर्ता समुदाय संग सम्झैता गरिएका छन् ।
- पानी, सरसफाइ र चर्पी सुविधा बाठ आतिथ्यकर्ता समुदायले कसरी फाइदा पुऱ्याउन सकिन्छ भन्ने सम्भवनाहरू मापन गरीउको छ ।
- वितरति पानीको मात्रा निश्चित गर्रीए बारेका बारेमा शिविरवासीलाइ पऱ्याप्त र पादर्शी तरकि बाट किन र त्यसका लागि के वैकल्पीक उपाय छन् भन्ने बताइएको छ - हेर्नु पानी अभाव हुँदा अपनाउनु पर्ने मार्ग निदेशिका)
- जोखिममा भएका र विशेष आवश्यकता भएका व्यक्तिहरूको पानीको आवश्यकतामा उनीहरूलाई प्राथमिकता दिइएको छ ।

**शौचालय र खुला दिसा**

पऱ्याप्त संख्याम सुरक्षित र सांस्कृतिक रूपमा स्वीकायृ शौचालयहरूका धुने ठाउँहरू र स्नान गृह  र सुकाउने  व्यवसथा छ।

शौचालय सुविधा मापदण्ड अनुसार  सुरक्षित स्थानमा राखिएका छन्

निर्माणका लागि स्थानिय पदार्थहरूलाई ध्यान पुऱ्याइएको छ।

महिला र केटीहरूलाई शौचालय  सुविधाको पुर्वाधारहरूका बारेमा सहजता अनुभव हुन्छ र यो कसरी प्रयोग गर्ने भन्नेबारे यिनीहरूलाई थाहा छ।

सवै शौचालय सुविधाले आनन्द, सफाइ, सुरक्षा गोप्यता स सांस्कृतिक स्वीकार्यतालाई ध्यान पुऱ्याएको छ।

स्थानिय परम्परागत दिसा पिसाब नगर्ने व्यवहार बारे गाह्रो छ र सरसफाइ र सुरक्षाका दृष्टि बाट मुल्याङ्कन गरिएको छ।

योजना चरणमा शौचालयको  र त्यसमा पर्न सक्ने चापको बारेमा ध्यान दिइएको छ।

शौचालयहरू समयमै नियमित रूपले  खालि गरीएको छ पानी, सरसफाइ र चर्पी सुविधा पुर्वाधारहरू नियमित सफाइ र मर्मत गरिएको छ।

शौचालयहरू र खुला दिसा पिसा वगर्ने ठाउँमा हात धुने व्यवस्था छ।

शौचालयहरू क्षेत्रमै मानव नन्य फोहरको विस्थगापनको लागि माटाको अवस्था मापन गरिएको छ।

खुला दिसा पिसाब बग्ने स्थानलाई बारेर व्यक्तिगत छाप्रा जमिनमुनीको पानी र सार्वजनिक पुर्वाधारहरू भन्दा बाहिर रहेको छ।

शिविर जनसंख्या खुला दिसापिसा नगर्ने र त्यसबाट हुन सक्ने जोखिमबारे राम्ररी सुचित छन्

नाला / सरसफाइ र मर्मत

शिविर क्षेत्र सफा छ।

प्राविधिक रूपमा टीका नाला व्यवस्था गरीएको छ र यो जम्ने पानीबाट सुरक्षित छ।

शिविर जनसंख्या र पानी सुसरसफाई र चर्पी सुविधा समितिहरूले नालाप्रणाली नियमित मर्मत गरिएको छ ।

शिविरको भिरालोपना, माटोको प्रकार र पानी सोस्ते क्षमता आदिलाई ध्यानमा राखी जनाला प्रणाली योजना र निर्माण गरिएको छ ।

पानी सरसफाइ र चर्पी सुविधा पुर्वाधार वरीपरी नाला व्यवस्थामा ध्यान दिइएको छ ।

शिविरमा वासस्थान र पुवाृधारहरू बाढी र फोहर पानीबाट शिविरवपासहिरूलाई साधन र सामानहरू वितरण गरिएको छ ।

पानी, सरसफाई र चर्पी

सुविधा समितिहरू र शिविर वजनसंख्यालाई परिचालन गरी सफाइ र मर्मत गर्छन र उनीहरूको आफ्नो भुमिका र जिम्मेवार स्पष्ट छ ।

फोहर मैला / मृत शरीर विसर्जन

स्थानीय स्तरको फोहरमैला व्यवस्थापन गर्नै व्यवहारका बारेमा जानिउको छ र त्यसलाई ध्यानमा राखिएको छ ।

फोहरमैलाका प्रकारहरू (जस्तै घरायसी, व्यापारीक र चिकित्साजन्य ) बारे थाहा छ ।

नियमित फोहरमैला व्यवस्गथापन प्रणाली सथापना र्गो र सुपरीवेक्षण गर्ने छ ।

फोहरमैला व्यवस्थापन गर्ने समयको तालकि शिविर जनसंखय संग छलफल गरी लागु गरेको छ ।

फोहर फाल्ने ठाउँ र कन्टेनरहरू सुरक्षित र मापदण्ड र सुचकाङ्क अनुसार छन् ।

चिकित्साजन्य फोहरमैला तालिम प्राप्त कमृचारीको उपस्थितिमा नलाइएको छ ।

सावेल तिनपाङ्गे हाते गाडा आदी उपलब्ध छ ।

पुन पैयोग योग्य समानहरू जम्मा गरी जसले प्रयोगमा ल्यायन सक्छ त्यसलाई दिइएको छ ।

शिविर भित्रको मृत्युदर थाहा अ र सुपरिवेक्षण गरीएको छ ।

शिविरवासीहरूले मृत्युहरूलाई स्थानीय अधिकारी र शिविर व्यवस्थापन नियोगमा खवर गर्छन् ।

मृत शरीर गाड्न उचित स्थानमा चिहान बनाई बार बारेर चाखियको छ र यो शिविरको बसोवास शक्षेत्तर जमिन मुनिको पानी भन्दा पर छ ।

मृतकका आफन्तहरूलाई चिहान खन्ने समानहरू प्रदान गरीइको छ ।

टाइफस र हैजाबाट मरेका व्यक्तिहरू को लास तत्काल गाडिएको छ ।

सरसफाइ अभिवृद्धि / रोग सार्ने नियन्त्रण

जिव द्वारा सर्ने रोगको स्थानिय प्रवृत्तीका बारेम गाहा छ र जिवबाट सनॄ ठुला रोगहरूको उनीहरूले ल्यायने जोखिमको स्तर अनुसार पहिचान गरीएको छ

मुख्य सरसफाइका सवालहरू पहिचान गरीएका छन्

सरसफाइ अभिवृद्धि गर्ने रणनीति तयार गरिएका छन् र शिविरवाससीहरूमा सरसफाइ शैक्षिक कार्यहरू लागु भएका छन्

शिविरवासीहरूलाई स्पष्ट सर साधारण सरसफाई पभिवृद्धि सम्वन्धी सुचनाहरू प्रवाहित गरिएको छ

शिरवासहिरू अपऱ्याप्त सरसफाइ र त्यसले निम्तयाउने जिवबाट सर्ने रोगका बारेमा जान्दछन्

महिला तगथा बालबालिकाहरू सरसफाई कार्यहरूमा बढी भन्दा बढी सकृय छन्

नाटक कार्टुन चित्र आदि संचारका माध्यमबाट बालबालिका र नियक्षत ीयत्तिलहरूलाई सरसफाइ सम्वन्धी सन्देश पुऱ्याइएको छ

यदि किटनाशक औषधी छर्केको  छ भने यस सम्वन्धी सवै थाहा छ र  यसको पैयोग गरिएको छ र सम्वन्ध कर्मचारहिरूलाई यसो गर्ने व्यक्तिहरू लाई यस सम्वन्धी ताम्िम दिइएको छ र कसरी गरीन्छ भन्ने ज्ञान छ

औजारहरू

> सवै जसो साधनहरू प्रकाशनहरू र यस पाठमा उल्लेख गरिएका लेखहरू यस पुस्तकसंग प्राप्त हुने साधनहरू सि डी मा उपलब्ध छ डाउनलोड गर्न मिल्ने स्रोतहरूको वेव लिङ्क दिइएको छ  ।

• Best practice guidelines for the on-site decommissioning of emergency and semipermanent
raised level latrines from Sri Lanka
• Framework for decision-making regarding barracks
• Guidelines for the decommissioning of water & sanitation facilities from Sri Lanka
• OXFAM. Instruction Manual for Hand Dug Well Equipment
• OXFAM. Water Supply Scheme for Emergencies
• OXFAM. Low Cost Drainage in Emergencies
• OXFAM. Water Treatment in Emergencies
• RedR, Latrine Decommissioning Training Notes (South Asia earthquake)
• Sphere, 2004. Water Supply and Sanitation Initial Needs Assessment Checklist
• WASH and CCCM clusters – Roles and Responsibilities Matrix
• WHO. Cleaning and Disinfecting Water Storage Tanks
• WHO. Cleaning and Disinfecting Wells in Emergencies
• WHO. Cleaning and Disinfecting Boreholes in Emergencies
• WHO. Emergency Sanitation – planning
• WHO. Emergency Sanitation- Technical Options
• WHO. Essential hygiene messages in post-disaster emergencies
• WHO. Disposal of Dead Bodies in Emergency Conditions
• WHO. Minimum water quantity needed for domestic use in emergencies
• WHO. Rehabilitating small scale-piped water distribution systems
• WHO. Solid waste management in emergencies
• WHO. Water, Sanitation and Hygiene promotion
• WHO. Guidelines for Drinking-water Quality

## अध्ययन र संदर्भ साम्रगी

Andrew Chalinder, 1994. *Water and Sanitation in Emergencies. Good Practice Review 1. Relief and Rehabilitation Network.* www.helid.desastres.net/gsdl2/tmp/export/who/who93e.pdf

Gender and Water Alliance (GWA), 2003. *The Gender and Water Development Report, 2003: Gender Perspectives on Policies in the Water Sector.* http://wedc.lboro.ac.uk/publications/pdfs/gwa/gwa-gpopitws.pdf

Gender and Water Alliance, 2006. *Mainstreaming Gender in Water Management.*

www.genderandwater.org/content/download/4545/37857/file/Gender_%20and_IWRM_Resource_Guide_complete_200610.pdf
Peter Harvey, Sohrab Baghri and Bob Reed, 2002, *Emergency Sanitation: Assessment and Programme Design , Water Engineering and Development Centre.* www.who.or.id/eng/contents/aceh/wsh/books/es/es.htm
Inter-Agency Standing Committee (IASC). *Guidelines for HIV/AIDS Interventions in Emergency Settings.* www.unfpa.org/upload/lib_pub_file/249_filename_guidelineshiv-emer.pdf
International Federation of Red Cross and Red Crescent Societies (IFRC), 2006. *Health and Care. Recommended Publications for Water, Sanitation and Hygiene. Promotion.* www.ifrc.org/docs/pubs/health/water/catalogue-2006.pdf
IRC, International Water and Sanitation Center, 2007. *Roofwater Harvesting. A Handbook for Practiotioners.* www.irc.nl/content/download/128067/348520/file/TP49Roofwater_07.pdf
IRC, 2007. *Towards Effective Programming for WASH in Schools.* www.irc.nl/content/download/128071/348559/file/TP%2048%20WASH%20Schools_07.pdf
IRC, 2007. *Sanitation for All?* Thematic Overview Paper 20. www.irc.nl/content/download/127289/343819/file/TOP20_San_07V1.pdf
Oxfam/Emergency Capacity Building Project, 2007. *The Good Enough Guide: Impact Measurement and Accountability in Emergencies.* http://ecbproject.org/publications_2.htm
Oxfam. *Guidelines for Public Health Promotion in Emergencies.* http://reliefweb.int/rw/rwt.nsf/db900SID/EVIU-6FEE9F/$File/Oxfam_PH_2003.pdf?OpenElement

The Sphere Project, 2004 *Humanitarian Charter and Minimum Standards in Disaster Response.* www.sphereproject.org/component/option,com_docman/task,cat_view/gid,17/Itemid,203/lang,English/
The Sphere Project & World Vision, 2006. *The Sphere Pocket Guide.* www.sphereproject.org/component/option,com_docman/task,doc_view/gid,122/Itemid,203/lang,English/
UNHCR, 2006, Practical Guide to the Systematic Use of Standards and Indicators in UNHCR Operations. www.unhcr.org/statistics/STATISTICS/40eaa9804.pdf
UNHCR, 2007 *Handbook for Emergencies.* www.reliefweb.int/rw/lib.nsf/db900SID/AMMF-75TFLQ?OpenDocument
Water, Engineering and Development Centre (WEDC), Loughborough University, 2007. *Excreta Disposal in Emergencies. A Field Manual.* www.unicef.org/eapro/unprotected-EDEprelims.pdf
WHO,1997. *Vector Control. Methods for Use by Individuals and Communities.* www.who.int/whopes/resources/vector_rozendaal/en/
WHO, 2006. *Guidelines for Drinking-water Quality.* www.who.int/water_sanitation_health/dwq/gdwq0506.pdf
WHO, 2007. *Malaria Elimination. A Field Manual for Low and Moderate Endemic Countries.* www.who.int/malaria/docs/elimination/MalariaElimination_BD.pdf
WHO, Water Supply and Sanitation Collaborative Council, 2005. *Sanitation and Hygiene Promotion. Programming Guidance.* http://esa.un.org/iys/docs/san_lib_docs/Sani_Hygiene_Promo.pdf
World Health Organisation (WHO), 2002. *Environmental Health in Emergencies and Disasters. A Practical Guide .* www.who.int/water_sanitation_health/hygiene/emergencies/em2002intro.pdf

# आवास

अध्याय १५ : आवास

## मुख्य मुख्य सन्देश

बासस्थान शिविरबासीहरूको लागि  स्वास्थ्य सुरक्षा, गोप्यता र आत्मसम्मान  निश्चित गर्ने विषय हो ।

एकिकृत तरिका निश्चय  गर्न बसोबास कार्यक्रम शिविर र शिविर जस्तै अवस्थामा अन्य कार्यक्रमहरूसंग सम्बन्धित हुनु पर्छ । यस्ता कार्यक्रहरूमा पानी, सरसफाइ र चर्पी स्वास्थ्य, जिविकोपार्जन, सुरक्षा र आधारभुत शिविर पुर्वाधार पर्दछन् ।

आवास समय समयमा परिवर्तन  हुनु पर्छ र मानिसहरूलाई आवास मर्मत  गर्न स्तर उन्नति गर्न र पुन: प्रयोग गर्न सहयोग चाहिन्छ । सामग्रीहरू र डिजाइनरू प्रयोगकर्ताको प्रयोग र लचकता भएको र टिक्ने खालको हुनु पर्दछ ।

निर्माण गर्नुभन्दा पहिले कस्ता निर्माण सामग्रीहरू बसोबास बनाउन स्थानीय  स्तरमा उपलब्ध छन् र प्रयोग भएका छन् र त्यस बासस्थानका स्थानिय प्राविधिक विशेषज्ञता प्रयोग गरेर बन्ने बसोबास कतिको छिटो निर्माण हुन्छ र कति सुरक्षित हुन्छ भन्ने विषयमा छलफल र अवलोकन गर्नु जरूरी छ । वातावरणीय दिगोपनलाई पनि ध्यान दिनुपर्छ।

जोखिम व्यवस्थापन उपायहरूलाई बसोबास निर्माण प्रकृयामा समावेश गर्न जरूरी छ । र यसो गर्दा सार्वजनिक स्वास्थ्य समस्या, हिंसा चोरी आगोबाट विनाश बाढी र उच्च हावाहुरीको भय कम गर्नु पर्छ । मुख्य उद्देश्य विस्थापित परिवारहरूको भेद्यता बढ्ने सक्भावना कम गर्नु हो ।

कार्यक्रमका सवै स्तरमा बलियो प्राविधिक सहयोगको आवश्यकतालाई न्युन आलंकन गर्न मिल्दैन । शिविर व्यवस्थापन नियोग र बसोबास सेवा प्रदायकहरूले शिविर निर्माण को बखतमा प्राविधिक सुपरिवेक्षण र त्यसमा बसोबास भएको जाँच गर्न पऱ्याप्त कर्मचारी हुनुपर्दछ ।

## परिचय

आवास मानिसलाई स्वास्थ्य, सुरक्षा र आत्म सम्मान लागि आवश्यक हुन्छ । बसोबास मौसमबाट बचाउने उपाय मात्र नभएर बस्नको लागि स्थान सरसमान र।ख्न र गोप्यता निश्चित गर्न आवास चाहिन्छ । राम्रो बसोबासको कार्यक्रमले परिवारलाई काम गर्ने अवसर र अस्थायी समुदायमा सुरक्षाको अनुभुती प्रदान गर्दछ ।

आवास भनेको बस्न लायक छोपिएको स्थान हो जसका बासिन्दा समुह परिवार र व्यक्तिहरूलाई सुरक्षित स्थान स्वस्थ गोप्यता रहन सक्ने र मान प्रर्वक बस्न पाउने बातावरण हो ।

पम कोर्सोलीस र अन्टोनेल्ला भिटाले, विस्थापित जनसंख्या सक्रमणकालिन बस्ती पृ ४११

कार्यवार्हीको थालनीमा विस्थापित समुदायको सवै बसोवासको विकल्पलाई अनुसन्धान गर्नुपर्छ । यदि भइरहेको शिविरमा सुधार गर्नपर्ने स्थिति भए, बसोबास प्रदानहरू र शिविर व्यवथापन नियोगले शिविर बसोबास स्थलमा के पहिले देखि बासिन्दहरूले निर्माण गरीरहेका छन् भन्ने कुरा आँकलन गर्नु पर्छ । सम्झनु होस, बसोबासका भौतिक अवयवहरूमा पर्खाल र छत मात्र नभई कपडा, ओच्छ्यान र खाना बनाउने भाँडाकुडाको समुह गैरखाद्य सामग्री पनि पर्दछन् ।

गैरखाद्य पदार्थका बारेमा विस्तृत जानकारीका लागि अध्याय १४ हेर्नुहोला ।

अन्य अवस्थामा वा आकस्मिक कार्यवाहीको सुरूमा विद्यमान भवनहरूको मर्मत गर्ने खाली भवन भाडामा लिने वा विस्थाापितहरूलाई  आतिथ्यकर्ता परिवार संगै राख्ने गर्न सकिन्छ । प्रत्येक विकल्पले परियोजनाले विस्थापित परिवारको आश्यकता र साथ साथै आतिथ्यकर्ता समुदायमा पर्ने असरका बारेमा ध्यान पु¥याउँछ । छिमेकीहरू र आतिथ्यकर्ता समुदायलाई पर्ने नकारात्मक प्रभावको क्षतिपुर्ति दिनु पर्छ ।

सामुहिक केन्द्रमा आवास - स्थलगत आवाज

जनसँख्याको मुख्य विस्थापनको तत्काल पछि १९९३ म केही आन्तरकि विस्थापित व्यक्तिहरूले पालमा बास पाए भने धेरै विस्थापितहरूलाई साथीहरू र परिवारहरूले सार्वजनिक भवनहरूमा आश्रय थिए । विभिन्न प्रकारका भुमिहरूलाई सामुहिक बासस्थानको रूपमा प्रयोग गरियो -जस्तै होटल, कामदारहरूको व्यारेक, बालकेन्द्रहरू, खेलकुद भवनहरू कारखानाहरू, विद्यालयहरू र अस्पतालहरू आदी । जर्जीया भर थुप्रै  प्रयोगमा नभएका वा खाली छाडिएका  भवनहरू छन् भने औद्योगिक पतन  पछि खाली  भएका हुन् र त्यस्ता भवनहरू आन्तरिक विस्थापित मानिसहरू आउनु भन्दा केहि पहिले पनि खाली थिए ।

व्यक्तिगत परिवारको आवासको एकीकृत आवश्यकताहरूले शिविर क्षेत्रको आकार र संरचना निर्धारण हुन्छ । शिविर र आतिथ्यकर्ता  समुदायविच सामुहिक छलफल द्वारा समुदायको आवासको आवश्यकता आवासको डिजाइन र गुणहरू बारे निर्णय गर्न सकिन्छ । क्षेत्र योजना र बसोबास रेखाङ्कनले शिविरका अरू  शिविरका पुर्वाधारहरू र

बाह्य मालसमान ढुवानीका मामिलाको ध्यान पुऱ्याउनु पर्छ । शिविरमा आवास निर्माण गर्नु भन्दा पहिले वा सामान वितरण गर्नु भन्दा पहिले स्पष्ट क्षेत्र योजना बनाउन जरूरी छ । मानिसहरू कसरी बसोबास गर्छन् भन्ने र बसोबासका आधारमा क्षेत्र योजना निर्माण गर्नु पर्छ।

| |
|---|
| शिविर चलाउन र व्यवस्थापन गर्न पनि शिविरवासी र आतिथ्यकर्ता समुदाय विच जमिनको बारेमा कस्तो छलफल भएको छ र कसरी तिनीहरूविच कस्तो सम्वन्ध स्थापित भएको छ भन्ने कुराले निर्धारण गर्छ । |

शिविर स्थापना र बन्द गर्ने बारे विस्तृत जानकारीका लागि पाठ ७ हेर्नु होला ।

मानवीय सहयोगको आगमन हुनु भन्दा पहिले विस्थापित समुदायहरू प्राय सामान्य स्थलमा आफै आएर बसोवास गर्छन् । आफै बसोबास गरेको शिविरको आकारको आधारमा, ध्यान उपलब्ध शिविरलाई स्तर उन्नती गर्ने शिविर पुनः संरचना गर्न अन्यत्र सार्ने वा उपलब्ध शिविरलाई बचाउन सुरक्षा उपाय अवलम्वन गर्न र संरचनाको सुरक्षा गर्ने- नया संरचना निर्माण गर्नु को साटो - आदि कुरामा ध्यान जान सक्छ । यदि शिविर व्यवसथापन नियोग हरूको पऱ्याप्त प्राविधिक क्षमता नभएको खण्डमा यो कार्य बसोबास सेवा प्रदानगर्न विशेषज्ञता प्राप्त संस्थाले गर्नु पर्छ ।

बसोबास र शिविरक्षेत्रहरू छनौट र रेखाङ्कन विस्थापित जनसंख्याको आगमन भन्दा अगावै नियोगहरूलाई अन्तराष्ट्रिय मापदण्ड द्वारा दिइएको स्वीकार्य स्तरका सेवाहरूका आधारमा गरिनुपर्छ । अस्थिर र कठीन अवस्थाहरूम गरिएका सुरूवातको कार्यवाहीहरूमा यस्तो मापदण्ड पुऱ्याउन अप्ठेरो हुन सक्छ । अधिकतम मापदण्डमा पुग्नु एउटा प्रकृया हो र यो समय संगै प्राप्त हुन्छ । शिविर व्यवस्थापन साधनले न्युनतम मापदण्ड पूरा गर्न सिफारिस गर्छ र यो अध्यायले स्फेयर र संयुक्त राष्ट्र संघ शरणार्थी उच्चायुक्त द्वारा प्रयोग गरिने त्यस्ता केहि मापदण्ड पुऱ्याउन सकिने

प्रस्तुत गर्छ । न्युनतम मापदण्ड सर्वव्यापी हुनु पर्छ तर त्यो मापदण्ड पुऱ्याउन सकिने भन्नेबारे स्थानीय र साँस्कृतिक तत्वहरूले निर्धारण गर्छ ।

| |
|---|
| बसोबास कार्यक्रम सुपरीवेक्षण गर्न स्वास्थ्य सुरक्षा वाारण र जिविकोपार्जन मापदण्ड र सुचाङ्कहरूको प्रयोग गर्नु पछ |

## मुख्य मुख्य सवालहरू

परिवेश र अवस्थामा आधारित भएर शिविर बसोबास निर्माण गर्ने र मर्मत गर्ने काम पुर्णत : शिविर व्यवस्थापन नियोगको जिम्मा वा विशेषज्ञ बसोबास सेवा प्रदायकले योजना तयार गर्ने र लागु गर्ने हुन सक्छ । यदि विशेषज्ञ सेवा प्रदायकले काम गर्ने भए शिविर व्यवस्थापन नियोगले आफ्नो मुख्य कामहरू पुरा गर्नु पर्छ र बसोबास कार्यक्रको गुणस्तर र प्रभावकारिताको सुपरीवेक्षण गर्नु पर्छ र यसो गर्दा पानी, बसोबास र चर्पी सुविधा, सुरक्षा र सहभागितालाई ध्यान दिनु पर्छ । शिविर र शिविर जस्तै बनावटमा बसोबास कार्यक्रमको सुपरिवेक्षण गर्दा मापदण्डको पालना र संयोजन संरचनाहरू पालना गरेको कुरामा ध्यान दिनु पर्छ ।

शिविर व्यवस्थापन नियोगको भुमिका र जिम्मेवारी बारे विस्तृत जानकारीका लागि अध्याय २ मा हेर्नुहोला ।

**बसोबास निर्माण गर्न योजना**

शिविर परिवेशमा आवास कार्यक्रमलाई सामान्यत निम्न समुहहरूमा विभाजन गर्न सकिन्छ :

- तयारी
- आकस्मिक आवास
- हेरचाह, मर्मत र आवासको स्तर उन्नती
- शिविर बन्द र लामो समय टिक्ने आवास

**तयारी**

शिविरमा थप जनसंख्या आउन सक्ने अवस्थालाई जन्मका आधारमा प्राकृतिक रूपमा हुने जनसंख्या बृद्धि समेत ध्यान दिई योजना र तयारी गर्दा शिविर व्यवस्थापन नियोगले "विकल्पहरूको सिडी " तयार गर्नु पर्छ जसले बसोबास व्यवस्था कम वा बढी बनाउन शिविरमा कति नया व्यक्तिहरू आउदै छन् त्यस अनुसार कार्य गर्न सहज हुन्छ । यसरि योजना गर्दा बसोबास बनाउन प्रयोग गरिने पऱ्याप्त सामग्री जगेडा छन् भन्नेकुरा निश्चित गर्दछ र आवश्यक परेको बेला प्रयोग गर्न सकिन्छ । सम्झनुहोस यस अवस्थाम वाहिरीने रणनीती पनि तयार गर्नु पर्छ ।

**आकस्मिकता / संक्रमणकालिन बसोबास**

आकस्मिक आवास झुण्डको "थाहा पाउनु पर्ने कुराहरू " मार्ग निर्देशनमा दिइएको जस्तै सवै बसोबास व्यवस्था को उद्देश्य "बाँच्नु" सुरक्षा मानवीय सम्मान र समाजिक जीवनको दिगोपना हो " आकस्मिक बसोबास सेवा द्रुत लागु गर्न मिल्ने गरी रेखाङ्कन गर्नु पर्छ । तर शिविरहरू बर्षे सम्म पनि रहने हुन्छन् र आकस्मिक बसोबास कार्यक्रमहरूलाई पछि थप कार्यक्रमहरू चलाउनु पर्छ जसले बासिन्दाहरूलाई बलियो र अझै बढी टिक्ने बसोबास प्राप्त हुन्छ ।

संक्रमणकालिन बसोबास भन्ने शब्दले त्यस्तो बसोबास जनाउन प्रयोग गरीन्छ जहा बसोबास सार्न मिल्ने र बढाउन मिल्ने हुन्छ । प्लाष्टिक शीट, पाल आदि सामग्री सम्भव भए सम्म पछि अर्को चरणमा संक्रमण हुने वेलामा र अझबढी समय खप्ने आवास बनाउन प्रयोग हुन्छ । तर संक्रमण कालिन आवास शब्दले भविष्यमा दिगो आवास के र कहाँहुन्छ भन्ने कुराको बारेमा थाहा हुन्छ । शिविरहरूमा प्राय यस्तो हुदैन ।

आकस्मिक र संक्रमणकालिन आवासको उदाहरणको लागि तलका वक्स हेर्नुस ।

शिविर व्यवस्थापन नियोगले यदि आकस्मिक आवास (वा पालहरू ) मात्र प्रयोग भएको स्थान व्यवस्थापन गर्दैछ भने निम्नकुराहरूमा ध्यान दिनु पर्छ ।

- स्थायी आवासस्थान पहिचान भएपछि त्यहा लामो समय खप्ने सामग्रीहरू र तालिम प्रदान गर्न बसोबास संगठन र सेवा प्रदायकहरूलाई प्रोत्साहन दिनुपर्छ ।
- उपयुक्त सामग्रीहरू छनौट गरी शिविर निर्माण गर्नुपर्छ किनभने यस्तो स्थितिमा अवस्थामा पुग्न जरूरी हुन्छ ।

वातावरणीय पुनस्थापना सम्वन्धि विस्तृत जानकारीका लागि अध्याय ६ हेर्नु होला ।

- चुनिएको बसोबास रेखाङ्कन निम्न कुराहरूमा ध्यान राख्नुपर्छ
- मानिसहरू के बनाउन सक्छन्
- के सामाग्रीहरू उपलब्त्र छन्
- विस्थापनको अपेक्षित समय
- आतिथ्यकर्ता जनसंख्या कस्ता भवनमा बसोबास गर्छन्

आवासका लागि गैर खाद्य सामग्रीहरू जस्तै प्लाष्टिक शीट र जोड्ने कुराहरू वितरण गरिने परिवेश र सामग्रीको गुणस्तरमा निर्भर हुन्छ । यदि शिविरबासीलाई बसोबास स्थलको गुणस्तरमा सुधार गर्न बन्देज छ वा तिनीहरू त्यसो गर्न सक्दैन् भने प्रत्येक एक वा दुई वर्षमा फेरि आवास निर्माण सामग्री वितरण गर्नु पर्छ ।

आाकस्मिक र संरक्रमण कालिन अवस्थामा आवासका उदाहरणहरू :

१ . डाफुर , सुडान : विस्थापितहरूले आफैले माटाका ईट र घाँसबाट बनाएका आवासमा छानाका रूपमा प्रयोग गर्ने प्लाष्टिक शिट आकस्मिक उपायका रूपमा प्रयोग गरिएको थियो । यसका साथमा जोड्ने संरचनागत सरसमान हरू ( जस्तै लट्ठीहरू, बाँस वातावरणीय विनाश कम गर्न ) वितरण गरिएको थियो र साथै तालिम प्रदान गरिएको थियो । विशेष आवश्यकता भएका भेद्य भएका व्यक्तिहरूका लागि बसोबास स्थान निर्माण गर्ने श्रम सहयोग प्रदान गरिएको थियो ।

२ . पाकिस्तान : पालहरू चुल्हो र ओच्छ्याान र खाना पकाउने भाँडा संगै वितरण गरिएको थियो । भुकम्पको केहि महिना पछि सही तरिकाले पाल खडा गर्ने तालिम दिई घुम्ती टोली स्थापना गरियो जसले पाल खडा गर्न सहयोग गरेर पुन: निर्माणको समयमा मानिसहरूले आफ्नो भत्किएको घर वरिपरि पाल खडा गर्न सके ।

## बसोबास छाप्राको आकार

शिविरमा बस्नु एउटा चुनौति हो । परिवारका सदस्य का लागि हल्लाखल्लाका माझमा गोप्यता नभएको अवस्थामा एक आपसका विच धेरै नजिक बस्नाका कारण परिवारका सदस्यका लागि धेरै तनावपुर्ण हुन सक्छ । यो तनाव केहि हद् सम्म आवासका लागि प्रसस्त स्थानको व्यवस्था भएको आवासलाई कि सुत्न कपडा फेर्न बालबालिका वा विरामीको स्याहार गर्न खाद्यान्न पानी भण्डारण गर्न पारिवारिक जमघट हुने स्थानको व्यवस्था गर्नु पर्छ । प्रत्येक छाप्रामा खाना खाने धुनका लागि प्रशस्त स्थान हुनुपर्छ । लामो समय सम्म रहने शिविरमा धेरै परिवारहरूलाई घरमा आधारित व्यवसाय गर्न वा सामानहरू भण्डारण गर्न स्थान चाहिन सक्छ । स्फेयर बसोबास र व्यवस्थापन मापदण्ड ३ ले मानिसहरूलाई प्रसस्त छोपिएका ठाँउ चाहिन्छ जसमा उनीहरू सम्मानयुक्त बस्न आवश्यक आधारभुत घरायसी काम काज र जिविकोर्पाजनमा सहयोग पुऱ्याउने छ । तर यी मापदण्ड सवै अवस्थामा पुरा गर्न सकिन्न । शिविर व्यवस्था निकायहरू सामाजिक परिदृश्यमा व्यवहारिक रूपमा सुचित हुनुपर्छ र केहि विशेष काम गर्न सक्नु पर्छ ।

- बसोबास कार्यक्रम र गैर खाद्य सामग्रीहरूको वितरण प्राय: पारिवारिक स्तरमा गरिन्छ तर परिवारको आकार फरक फरक हुन सक्छ र यो समय संगै परिवर्तन हुन सक्नेछ र त्यहा एकजनाको र १२ जनाको उत्तिकै परिवार संख्यामा गणना हुने स्थिति आउँछ ।
- वहुविवाहको अवस्थामा धेरै श्रीमतीहरू एउटौ परिवारका सदस्थकारूपमा दर्ता हुन सक्छन् । यसले गम्भिर सामाजिक र गोप्यताको सवाल उठाउन सक्छ जब धरै व्यक्तिहरू एउटै घरमा बसोबास गर्छन् ।
- विवाह र सम्बन्ध विच्छेद हुदाँ परिवारहरू आफुले चाहेको भन्दा नजिक बस्तु पर्ने अवस्था हुन्छ । सम्वन्ध विच्छेदको अवस्थामा महिला र उनका बालबालिका बेघर हुने सम्भावना बढी हुन्छ ।

पालको उपयुक्त क्षेत्रफल १६ वर्ग मीटर  हो र यो केवल तीन निम्ति ठिक्क हुन्छ ।

संयुक्त राष्ट्र संघीय शरणार्थी उच्चायुक्त र स्फेयर दुवैले "मानिसहरूका लागि पर्याप्त छोपिएको बसोबास गर्ने क्षेत्र जहा सम्मान पुर्ण तरीकाले  बस्न सकिन्छ । जहाँ आवश्यक घरायसी  कामहरू चित्त बुझ्दो तरीकाले गर्न सकिन्छ  र आवश्यकता अनुसार जिविकोपार्जन का उपाय अवलम्वन गर्न सकिने  कुराहरूम जोड दिन्छन् यि मापदण्डहरू धेरैजसो मौसम र शिविर  जनसंख्यालाई उपलब्ध गराइएका सेवाहरूमा आधारित हुन्छन् । स्फेयरले बसोबास क्षेत्र प्रति व्यक्ति ३.५  वर्ग मीटर छोपिएको स्थान भनि तोकेको छ । संयुक्त  राष्ट्र  संधीय  शरणार्थी  उच्चायोगले ३.५ वर्ग मीटर देखि ५.५ वर्ग मीटर तोकेको छ । स्फेयरले यदि यो मापदण्ड  पुरा गर्न सकिन्न वा यो सामान्यतय प्रयोग भइरहेको  स्थान भन्दा बढी  रहेछ भने घट्दो  क्षेत्रफलको जनसंख्याको सामान मा पुग्ने  असर, स्वास्थ्य र गोप्यता आदी  सवालमा ध्यान

सियरा लियोनमा केहि " सुविधाका लागि  विवाह" गरिए ताकि मानिसहरूले  नयाँ घरको योग्यता पुरा गरे  र ठुलो परिवार सरहनै बसोबास सुबिधा प्राप्त गरे यसले एउटा रक्षाको स्थिति उत्पन्न भयो जसबाट महिलाहरूलाई जवर्जस्ती विवाह गर्ने स्थिति आयो ।

## आन्तरिक स्थानको  विभाजन

प्रत्येक छाप्रा भित्र आन्तरिक स्थान विभाजन गर्नु पर्छ र परिवारका विभिन्न सदस्यहरूका लागि विशेषत: पुरूष, महिला र / वा बालबालिकाहरूलाई परम्परागत रूपमा छुट्टै  कोठामा सुत्ने स्थान हुनुपर्छ । कतिपय परिवेशका संयुक्त परिवारमा छाप्रा जोड्ने र बास संयुक्त रूपमा प्रयोग गर्नु सक्छन्  जसबाट महिलाहरू र पुरूषहरू  हुट्टै छाप्रामा सुत्छन् ।

समुहगत बसोबासमा बार बारी परिवारहरूलाई छुट्टै राख्ने र छाप्राको आन्तरिक स्थितिले व्यक्तिगत र घरायसी स्थानको लागि प्रोत्साहन गर्नुपर्छ ।

## शिविर समापन

शिविर बन्द गर्दाको अवस्थामा बसोबास सामग्रीको स्वामित्व त्यस छाप्रामा जो बस्थ्यो त्यसैको हुन्छ । तर यस्तो अवस्था पनि हुन्छ जव शिविर व्यवस्थापन नियोग सो सामानहरू आफ्नो स्वामित्वमा राख्न चहान्छ वा आवास जस्ताको त्यस्तै राख्न चहान्छ ता कि उनीहरूले उपलब्ध शिविरहरूलाई स्तर उन्नती गर्न चाहन्छ यस्तै अवस्था श्रीलकांको बाट्टीकोलाका सुनामी पश्चातको शिविरमा भएको थियो वा अन्य विस्थापित जनसंख्यालाई पहिल्यै बनिसकेको आवासहरूमा राख्न चाहान्छ ।

शिविर व्यवस्थापन नियोगहरूले शिविर बन्द भएको अवस्थामा त्यहाको सामग्रीहरू कस्को हुन्छ भनी शिविर बन्द हुनु भन्दा पहिल्यै निर्क्यौल गर्नु पर्छ । यो एउटा सवालका रूपमा उठ्छ जव शिविरका छाप्राहरू लामो समय टिक्ने प्रकारको हुन्छ जुन शिविरहरू माटाले बनेका हुन्छन् र सार्न सकिन्न । सामान्यत यस्ता लामो समय टिक्ने निर्माणहरू आतिथ्यकर्ता समुदायलाई अस्तान्तरण गरिन्छ , यद्यपि त्यस्को स्वाभाभिक स्वामी भनेको त्यो जमिनको मालिक नै हो । यस्तो सवाल शिविर निर्माण हुनु पूर्व नै छलफल गरी सुल्झाउनु पर्छ , शिविर बन्द हुनु भन्दा धेरै पहिले स्वमित्वको सवाल सुझाउनु पर्छ ।

निम्नकुराहरूमा व्यवस्था गर्नुपर्छ।

- छोडिएका आवास सामग्रीहरूको विसर्जन : जलाउने पुर्ने र भत्काउने आदि सवै विकल्प हुन सक्छ । कंक्रीट र अन्य धेरै समय टिक्ने निर्माण सामग्री प्रयोग भएको अवस्थामा सफाइ र वातावरणीय पुन: स्थापना कठीन हुन्छ ।

वतावरणिय पुन: स्थापनाको मार्ग निर्देशनको लागि अध्यमय ६ हेर्नुहोला

आवास कार्यक्रमको प्रकार

शिविरमा जस्तो सुकै बसोबासका कार्यक्रम लागु गरे पनि उपयुक्त सामग्री र व्यक्ति प्रयोग गर्नु महत्वपुर्ण हुन्छ ।

विभिन्न प्रकारका आवास कार्यक्रमहरू निम्नानुसार दिइएको छ र सामग्रीहरू स्थानिय स्तरमा उपलब्ध नभए दिइएका सामाग्रीहरू लाई संयोजन गरी प्रयोग गर्न सकिन्छ ।

आकस्मिक बसोबास व्यवस्थामा गैर खाद्य पदार्थ वितरण गर्न सकिन्छ । ध्यान राख्नुहोस  खाना पकाउने सामानहरू पनि आवास सामग्री अन्तर्गत पर्दछ । विशिष्टिकृत   ध्यान  र साधन झिकाउने कार्य खप्ने गुणस्तरका सामग्री निश्चित गर्न आवश्यक हुन्छ ।

गैर खाद्य पदार्थ नै वितरण गर्नुको साटो भौचर दिनु उपयुक्त हुन्छ र सो भौचर दिइएको निर्माण सामग्री प्रयोग गरेर बासस्थान बनाउन सक्छन् । तर योजनाहरू व्यापारीको क्षमतामा भर पर्छ र जुन उनीहरूले चलनचल्तीको मुद्रा सृजनामा परिणत गर्न सक्छन् । भौचर प्राय: छरिएर रहेको बस्तिमा उनीहरूको आफ्नै जमिनमा प्रयोग हुन सक्छ , न की शिविर जनसंख्याको लागि

- सामग्री वितरण गर्नु भन्दा पैसा वितरण गर्न सकिन्छ । पैसा भएपछि मानिसहरूले आवश्यकता अनुसार सामग्रीहरू खरीद गर्न सक्छन् । भौचर जसतै पैसा पनि छरिएर रहेको बस्तिमा प्रयोगमा आँउछ , न कि औपचारिक वा शहरी शिविरहरूमा
- पैसामा आधारित गरेर हेर्नु होला
- अस्थायी बसोबास बनाउने कामलाई तालिमले थप मद्दत गर्न सक्छ । निर्माण प्रकृया र त्यसमा थप आगो र बाढीको जोखिम र पाल खडा गर्ने सम्वन्धि तालिम दिन सकिन्छ ।

आकस्मिक अवस्थामा सुरूमा पहिल्यै भएका र आतिथ्य सरकार र संक्रमणकालिन शिविरहरूलाई प्रयोग गर्न सकिन्छ । यो योजनाबद्ध शिविर निर्माणका क्रममा पखाईमा बसेका परिवारहरूका लागि मात्र वा शिविर बन्द गर्ने कार्यवाहीका समयमा मात्र आवश्यक हुन सक्छ ।

यसको विपरित सामुहिक केन्द्रहरू, होटलहरू वा कारखाना भवनहरू सामान्यत: अस्थायी र संक्रमणकालिन बासस्थान हो। इो विषयबस्तुलाई शिविर व्यवस्थापन साधनमा विस्तृत रूपमा छलफल गरिएको छैन । तर उस्तै व्यवस्थापन सवालहरू यसमा पनि लागु हुनेछ ।

**लागुगर्ने उपाय**

स्थानमै प्रभावबारी बसोबास सुपरीवेक्षण एउटा चुनौतिपूर्ण कार्य हो र यसका लागि योग्य प्राविधिक कर्मचारी चाहिन्छ । बसोबास समितिलाइ सामुहिक रूपमा सहभागी गर्नुपर्छ । विस्थापित समुदाय र शिविर बसोवास कार्यक्रमलाई व्यवस्था र संचालन गर्न चुनिएका तरिकाहरूले विस्थापनको प्रकृति, स्थानीय परिवेश, निर्माण सामग्रीको उपलब्धता निर्माणको साँस्कृतिक तरिका तालिम प्राप्त र सक्षम कर्मचारीको उपलब्धता र विस्थापित र आतिथ्यकर्ता समुदायहरूसंग प्राविधिक ज्ञान कुराहरूले बसोबास कार्यक्रममा लागु हुने नीति र तरिकाहरू निर्धारण गर्छ ।

शिविर व्यवस्थापन समितिले बसोबास कार्यक्र लागुगर्न निम्न र अन्य केही विकल्पहरू बारे जान्नु पर्छ।

- प्रत्यक्ष निर्माण त्यो कार्य हो जसमा आवास व्यवस्था गर्ने संगठनले निर्माण प्रकृयाको व्यवस्थापन गर्छ र श्रमिकहरू लगाउने र सुपरिवेक्षण गर्छ  यसमा  प्रशस्त कर्मचारी व्यवस्थापन समय र सक्षम सुपरीवेक्षक आश्यक पर्छ जसले बसोबास निर्काणको प्रगतिबारे ध्यान राख्छन् यस्ता कार्यक्रमले शिविरवासीहरूमा आफन्तको कमी आउन दिन्छ किनभने संगठनहरूले जवाफदेहिता निर्धारण गरेको हुन्छ ।
- ठेक्कामा लगाउन तयस्तो अवस्थालाई भनिन्छ जव बसोबास सम्वन्धी जिम्मेवारी भएका संगठनले ठेकेदार वा सहयोगी संगठनलाई आवास बनाउन लगाउँछ । यस्तो अवस्थामा निर्माण सुपरीवेक्षण गर्न र पहिले स्वीकृत निर्माण भएको कुरा यकिन गर्न ( जस्तै आधार छाना आदी) दक्ष प्राविधिकको आवश्यक पर्छ यसले पनि शिविरबासीलाई अपनत्व कम गराउछ ।
- दक्ष प्राविधिकको प्रयोग र व्यवस्थापनमा हेर्नुहोला
- आफैले निर्माण गरेको समुदायका सदस्थहरूले निर्माण नेतृत्य गरेकानिर्माणमा मात्र समुदायको आफ्नो निर्माण हो । बसोबासको जटिलता र क्षमताका आधारमा निर्माण प्रकृयामा सहभागीहरूलाइ विना व्याला वा ज्याला ( पैसा वा खाद्यान्न ) प्रदान गरेर लगाउने दुवै मध्यम एक हुन सक्छ ।
- यो विधि सामान्य र परम्परागत आवासका रेखाङ्कन र समुदाय आफै निर्माण गर्न समर्थ भएका अवस्थामा ठिक हुन्छ तर जटिल संरचना - जस्तै सिमेण्टबाट बनेका )  जो शिविरका  थोरै मात्र समुदायका सदस्यहरूले जो निर्माणकार्यमा संलग्न हुन्छन् तिनले मात्रै जान्ने अवस्थामा यो लागु हुन सर्क्दन । सुपरीवेक्षण र सहयोग र भेद्य शिविरबासीलाई पहिचान गरी सहयोग गर्न आवश्यक हुन्छ ।

## प्राविधिक विज्ञलाई प्रयोग र व्यवस्थापन

शिविरसंग सम्वन्धित केही कार्य गर्ने अवस्थामा विज्ञहरूको सहयोग आवश्यकता हुन्छ । यदि प्राविधिक विषयम कुनै द्विविधा भए शिविर व्यवस्थापन नियोगले विशेषज्ञ सेवा लिन करार गर्ने वा सुझाव लिने गर्नुपर्छ । विशेषज्ञहरूले सेवामा मुल्य थप गर्न सक्दछन् र स्थानीय ज्ञान र प्रचलन आदी प्राविधिक निर्णयहरूमा झल्कन्छ । सामान्य बसोबासमा अधिक प्राविधिकिकरणको जोखिमबाट पनि सचेत हुनु पर्दछ । आवश्यक खर्च र काम नलाग्ने सझावलाइ हटाएर स्पष्ट र समदायिक प्राविधिक सहयोगको

कहाँ प्राविधिक कर्मचारी आवश्यक हुन सक्छ भन्ने उदाहरण

- वाढी, हुरी र भु-कम्प जस्ता जोखिमसंग जुध्न
- क्षेत्र निर्धारण र योजनाका लागि भौतिक योजनामा सल्लाह दिन
- आवास कार्यक्रम बनाउँदा, लागु गर्दा वा सुपरीवेक्षण गर्दा
- बढी टिक्ने आवास का निम्ति विस्तृत निर्माण योजना वा निर्माण परियोजना बनाउदा उपलब्ध भवनहरूको स्तर उन्नति गर्न वा ठुला पुर्वाधार खडा गर्न । स्थानीय निर्माण उद्योग रेखाङ्कन भएको भवन बनाउन सक्षम छ भन्ने कुरामा ध्यान दिनु पर्छ ।
- जव निर्माण सम्झैता निरीक्षण र सुपरीवेक्षण गर्नुपर्छ ।

जहाँ महंगा सामग्रीहरूको सवाल आउँछ तब भष्ट्रचार सधैं एउटा समस्या हो । यो ठुलो होस या सानो स्तरको यसलाई आवास सेवा प्रदायकले संगै मिलेर हल गर्नु पर्छ

केहि भ्रष्ट्राचार विरूद्धका रणनीतिरू :

- तर्साउने: भ्रष्ट व्यवहारलाई सजाय तोकेर हतोत्साहित गर्ने । विद्यमान कानुनी प्रकृया आन्तरिक अनुस्धान र निलम्वन संयन्त्र
- रक्षा प्रणाली र प्रकृया : भ्रष्टाचारका सम्भावनालाई न्युनिकरण गर्ने यसमा लेखा प्रणाली टेण्डर प्रकृया, लेखा परीक्षण कार्य र सुपरीवेक्षण र व्यवस्थापन प्रकृया
- स्विकार : यो शब्दावलीले मानवीय नियोगहरूलाई समुदायहरूले कसरी लिन्छन् र तिनका कामहरू र रणनितीहरूका आधारमा धेरै सुचना प्रवाह र लाभप्रापकहरूको सहभागिताहरूमा स्थानीय सहयोग प्राप्त हुन्छ

यी उपायरूको मिश्रण नै शिविरमा भ्रष्टाचार राक्ने उत्तम उपायहुन् ।

**आवासको हेरचाह, मर्मत र स्तरउन्नति**

आकस्मिक बसोबास व्यवस्था पछि, विस्थापनको अवधिभर टिक्ने बलियो र टिकाउ बसोबासको आवश्यकता पर्दछ । यो कडा तापक्रम, वर्षा, हिमपात र / वा हावाहुरी हुने क्षेत्रमा अझ आवश्यक पर्दछ । छोटो अवधिका लागि निर्मित बसोबासलाई मर्मत गरीराख्न लामो समयमा महंगो पर्न आउँछ र साथ साथै यसले बसोबासको गोप्यता सम्मान आदि जस्ता पूर्ण भुमिका निर्वाह गर्न सक्दैन ।

आवासको स्तर उन्नति गर्दाको समयमा सम्वन्धित नियोगहरूले बसोबासको र शिविरको अनुमानित समय र शिविरबासी र आतिथ्यकर्ता समुदायले कति समय सम्म बसोबास रहिरहन्छ भनि गरेको अनुमान, शिविरको बास्तविक स्थायीत्व र शिविरबासी र आतिथ्यकर्ता समुदायले आशा गरेको शिविरको जीवन आदि कुराहरूमा ध्यान पुऱ्याउने कुरामा भर पर्छ ।

टिकाउ आवास त्यतिखेर प्राप्त हुन्छ जव पिडीत व्यक्तिहरूका लागि स्थायी बसोबास समाधान प्राप्त हुन्छ । टिकाउ आवास अस्थायी प्रकृतिका हुने आशा गरिएका शिविरहरूमा निर्माण गर्नु हुन्न जवसम्म प्रयोग र स्वामीत्वका बारेमा छिनोफानो हुन्छ । यसको एउटा उदाहरण त्यस्तो ठाउँ जहाका निर्माण गरिएका भवनहरू आतिथ्यकर्ता जनसंख्यालाई हस्तान्तरण गर्न सकिदैन ।

शिविरहरू टिकाउ समाधानका उपाय छैनन् त्यसैले स्थायी बसोबासहरू सामान्यत: शिविरहरूमा निर्माण गर्न हुदैन । शिविरको योजना बनाउनु स्थायी बसोबासको योजना गर्नु भन्दा भिन्न हो र यस्ता भिन्नताहरू बुझ्न विशेष ध्यान दिनु पर्छ ।

भीडभाड र प्रारम्भमा राम्ररी योजना नबनाएको कारण पछिल्ला चरणहरूमा शिविरका बसोबास मर्मत र स्तर उन्नति गर्न चुनैतिपुर्ण हुन्छ । तर राम्ररी निर्माण नगरेको बसोबासको स्तर उन्नति गर्नु शिविर मर्मतको प्रथमिकतामा पर्छ र शिविर व्यवस्थापन नियोग आफैले यसको जिम्मा लिनुपर्ने हुन्छ ।

वास्तवमा शिविरबासीहरूले बसोवास मर्मत र स्तर उन्नतिको जिम्मेवारी आफैले लिनु पर्छ ।

बसोबास सेवा प्रदान गर्नुका साथै जिम्मेवारी बाडेका वेलामा वा एक्लै शिविर मर्मतकाम गरे पनि शिविर व्यवस्थामन नियोगहरूले निम्न कार्यक्रमहरू लागु गर्न सक्छन् :

- अधारभुत अवस्था मापन गर्ने जसमा बसोबास गर्नेले गरेको बसोबासको हालको प्रयोग र अहिलेको बसोबासको कार्य ।
- शिविर बसोबास समितिहरूले सर्भे गरी बसोबासको अवस्थिति र आवश्यकताका बारेमा प्रतिवेदन प्रस्तुत गरेका छन् भन्ने कुरा निश्चित गर्ने ।
- छिटो प्रतिकृया र सहयोग प्रदान गर्न मुल्याङ्कन र सुपरीवेक्षण प्रणाली बनाउने
- विस्थापित समुदाय र नियोगहरूको कर्मचारीहरूमा भवन मर्मत क्षमता अभिवृद्धि गर्ने
- मर्मत साधन औजार र धेरै प्रयोग हुने सामानहरूको पर्याप्तता र भण्डारण भएको निश्चित गर्ने

बासस्थानका बारेमा र स्थान वितरणमा उत्पन्न विस्थापित समुदायमाझको विवाद समाधान गर्ने

- सरकार र आतिथ्यकर्ता समुदायको विस्थापित समुदायसंग बसोबास र स्थान वितरण बारे उत्पन्न विवाद सुल्झाउने ।
- जमीन धनी र निकाय विच आन्तरिक विस्थापनको परिवेशमा मानिसहरूलाई बसोबासको स्तर उन्नति गर्न दिने बारे बार्ता गर्ने, स्थानीय सरकारले आन्तरिक विस्थापितहरूको बस्तीका विशेष बन्देज राख्न सक्छ ।
- खाली स्थानमा नयाँ आगन्तुकहरूलाई छिट्टै बसोबास प्रदान गर्ने ।
- खाली बसोबास पत्ता लगाउने (र कहिलेकाही हटाउने) ।
- पुराना भत्किीएका र नष्ट भएका बसोबास हटाउने कहिलेकाही भत्केको बसोबास पुन: निर्माण गर्न सजिलो हुन्छ र यो गर्दा शिविरवासीले नया सामग्री प्राप्त गर्न आफ्नो बासस्थान आफै भत्काउने सम्भावना कम हुन्छ ।
- सामग्रीहरू फेरिन्छ भन्ने बारेमा स्पष्ट र पारदर्शी नियमहरू बनाउने ।
- मर्मत कार्यमा समुदायको सहभागिता निश्चित गर्ने र बसोाबास मर्मतका बारेमा विस्थापित समुदायलाई संचेतना प्रदान गर्ने ।

जोखिम

जोखिमले त्रास (जस्तै वाढीले ग्रस्त हुने) र त्यस्तो त्रास झेल्नु पर्ने अवस्था (त्यस्तो अवस्थामा बढी जव नाला हुन्न ) को संयोजनलाई जनाउँछ । नराम्रो क्षेत्र निर्धारण - जस्तो बाढी आउने स्थानका जस्ता तत्वहरूले जोखिम झेल्ने सम्भावना बढाउँछ ।

धमिरा र गड्यौला

बसोबासलाई धमिरा र गड्यौलाबाट बचाउने उपायहरूमा :

- आधार खम्वाहरूलाई प्रयोग भइसकेको इञ्जिन तेल र डिजेलको सम्मिश्रण लेपन गर्ने वा चोप्ने : यो काठ  कटीसकेपछि निर्माण भन्दा पहिले गर्नुपर्छ
- किटनासक छर्कने : किट नियन्त्रणमा विशेषज्ञता प्राप्त संगठनको निग्रानीमा पानी , सरसफाइ र चर्पी सेवा प्रदायक लगायत अन्य सेवा प्रदायक संग मिलेर यो काम गर्न सकिन्छ ।
- सरसफाई, नाला र पानी , सरसफाइ, चर्पी पुर्वाधार सम्वन्धी थप जानकारीका लागि पाठ १४ हेर्नुहोला
- शौचालयहरू मर्मत गरिएको र सफा गरिएको छ भन्ने निश्चित गर्ने ।
- व्यक्तिगत बसोबास वरिपरि नाला व्यवस्था गरेर किराहरूको संख्यामा कटौती गर्ने ।
- लुतो जस्तो संक्रमणबाट बच्न ओच्छ्यान जलाइदिने र नयाँ ओच्छ्यानको व्यवस्था गर्ने र यस्तो काम स्वास्थ्य सेवा प्रदायकसंग सल्लाह गरी गर्ने ।
- शिविरमा रहेका घरहरू र समुदायको समुहवाट फोहोरमैला संकलन गर्ने ।

वर्षा / बाढी

बाढीको जोखिमबाट बच्ने उपाय राम्रो क्षेत्र छनौट गर्ने र योजना बनाउने हो ।

शिविर योजना बनाउने सम्वन्धि विस्तृत विवरणका लागि पाठ ७ हेर्नुहोला

प्राय: बसोबासहरू वर्ष  भन्दा पहिले पानी नछिर्ने बनाइदैन । सम्भव भएसम्म वर्षाको मौसम भन्दा केहि महिना पहिल्यै प्लाष्टिक शिट वितरण  गर्नुपर्छ ।

नालाहरू र सिंचाई कुलोहरूको  मर्मतले पनि बाढी निवारण संग समवन्धित छ । वर्षाभन्दा पहिले  क्षेत्र सर्भे गर्दा यदि कुनै बसोबास वाढी  जाखिम क्षेत्र भित्र पर्छ

भने तिनीहरूलाई हटाउन आवश्यक हुन सक्छ । कुनै अरू विकल्प नभए जमिन माथी उठेकासतह बनाउन जरूरी हुन्छ ।

**बाढी तयारका लागि शिविर व्यवस्थापन नियोगका लागि व्यवहारिक सुझाव :**

- साधनहरूको जगेडा गर्ने ( शावेल, पीक आदि ) ता की आकस्मिक रूमा माटोको काम गर्न या दैनिक रूपमा शिविरबासीहरूलाई सापटी दिन सकिन्छ वा शिविर मर्मत समितिको माध्यमबाट त्यस्तो गर्न सकिन्छ ।
- वर्षा भन्दा पहिल्यै बसोबास वरिपरि नाला खन्नुपर्छ भनि सवै परिवारलाई समयमै खवर गर्ने यो हेरचाह र मर्मत कार्यक्रममा जोड्न सकिन्छ वा पानी सरसफाइ र चर्पी सेवा प्रदायकले लागु गर्न सक्छ ।
- व्यक्तिगत बसोबास नालाहरू क्षेत्र नाला प्रणालीमा मिसिन्छन् र छिमेकीहरूको बसोबास नडुवाउने हुनुपर्छ ।
- भौतिक सहायता प्रदान गर्ने वा समुदायलाई सशयोग गर्न प्रोत्साहन दिने र नाला खन्ने वा भुईलाई माथि उटाउने सहयोग गर्ने
- बाढी आउन सक्ने स्थानहरूको पहिचान गर्ने र प्राविधिकको सहयोगबाट जमिनको पुन:निर्माण गरी नाला सुधार गर्ने वा बाढी जोखिमका कारण स्थानान्तरणको सल्लाह दिने ।
- शिविरमा चुहिन सक्ने बसोबासको पहिचान गर्ने
- नालाहरूको लागि ग्राभेल व्यवस्था गर्ने धेरै वर्ष हुने स्थानमा सिमेण्टको नाला पनि चाहिन सक्छ ।
- क्षेत्र योजना बदााउँदा होचो स्थानमा खेल्ने आदी कम महत्वपुर्ण कामको लागि छुट्टाउने ट्रायज सिद्धान्तका आधारका सुविधाहरूलाई बाढी क्षेत्रमा योजना निर्माण, गर्ने कम आवश्यक क्षेत्रलाई वाढीको नजिक राख्न सकिन्छ ।
- आगो शिविरमा आगोले शिविरमा घाइते मृत्य र सम्पतिको

निवारण

१. क्षेत्रफलमा नियमित अग्नि नियन्त्रण रेखा हुनुपर्छ ।

२. बसोबास छाप्राहरू न्युनतम उनीहरूको उचाइको दोब्बर दुरीमा हुनुपर्छ ।

३ . छाप्रा भित्र खुल्ला आगो बाल्न राम्रो अवस्थाको क्षेत्र भएकोमा बाहेक नदिने तर सम्झनुओस राष्ट्रिय नीतिहरू फरक फरक हुन सक्छन् ।

४ . खाना पकारने दाउरा सुख्खा यामा बाड्दा नियन्त्रण गर्ने ।

५ . शिविरमा मैनबत्ती बाल्न अनुमति दिइएको छ भने त्यो सुरक्षित गरी भाँडा भित्र राखिएको छ भन्ने निश्चित गर्ने ।

६. शिविरबासीहरूलाई राती सुत्दा र छाप्रा बाहिर निस्कदा मैनवत्ती निभाउन सम्झाउने

७. छाप्रा भित्र वा नजिक धुम्रपान गर्दा हुन सक्ने जोखिमका बारेमा संचेतिकरण तालिम दिने

८ . चुल्होहरूले कुनै प्रज्वलनशिल पदार्थ नछोएको निश्चित गर्ने

९. चिम्नी ठोस पर्खालबाट वा आगोले नगल्ने प्लेटको माध्यमबाट जाने बनाउने

१०. विद्युतीय वत्तीहरू छाप्रा क्यान्भास वा भन्य प्रज्वलनशिल बस्तु भन्दा न्युनतम २० से.मी टाढा रहेको निश्चित गर्ने

११ . विद्युतीय तारहरू नियमित परीक्षण गर्ने

तयारी

१. अग्नी केन्द्रहरूमा बाल्टी (चोरी रोक्न ससाना प्वाल भएको) वालुवा र अग्नी नियन्त्रण यन्त्र वितरण गर्ने

२. ध्यान दिनुहोस पानी छर्कनाले मट्टीतेलको आगो झन् फैलन्छ

३. अग्नी घण्टीको व्यवस्था गर्ने ता कि अरू हिविरबासीहरूलाइृ सुचना गर्न सकिन्छ

४. सामुदाायिक अग्नी समितिहरू खडा गर्ने र शिविरवासीहरू लाई अग्नी नियन्त्रण तालिम दिने

५. अग्नी नियत्तण रेखाहरू बनाउने र त्यसलाई फोहर बाट मुक्त गर्ने र अग्नी केन्द्रहरू मा आवश्यक सामाग्री रहेको कुरा निश्चित गर्ने

आगलागि भएको खण्डमा

१. आगलागी भएको छाप्राबाट आगो फैलन नदिन त्यसलाई भत्काउने तर त्यसो गर्न भन्दा पहिले छाप्रा भित्र केहि भए नभएको हेरी निश्चित गर्ने

२. सम्झनुहोस शिविरवासीहरूलाई रोकीनु होस भुईमा लड्नु होस र लडीवुडी गर्नुस भन्ने तालिम प्रदान गर्ने, यदि कपडामा आगो लागेको छ भने राकिनुहोस भुईमा लड्नुहोस र लडीवुडी गर्नुहोस, यसो गर्दा आगो निभ्छ ।

जलेका व्यक्तिहरू भएमा

१ . जलेको ठाउँमा चिसो पानी वा भिजेको रूमालले ढाक्नुस

२ . सफा कपडाले जलेको ठाउँ छोप्नुओस

३ . सके सम्म चाडो स्वास्थ्य सेवा भएको ठाउँ लग्नु होस

४. जलेका विरामीलाई तातो राख्नुस् ।

संयुक्त राष्ट्र संघीय शरणर्थी  उच्चायोग अग्नि सुरक्षा मापदण्ड  भत्कनबाट  रोकिन्छ र जलेको भवनले भर्को भवनलाई छुन  पाउँदैन,  त्यसकारण  दुई भवन विचको दुरी कुनै भवनको उचाइको बराबर हुनुपर्छ । यदि निमाण सामग्री भति प्रज्वलनशील - पराल , घास )  भने  त्यो दुरी उचाइको  ४  गुणा ठुलो  हुनुपर्छ । हावाको वहावलाई पनि ध्यान दिनुपर्छ ।

उत्तरी  युगाण्डाका साँघुरा आन्तरिक  विस्थापित शिविरहरूमा परिवार छाप्राहरूमा एउटा नौलौ प्रकारको अग्नि जोखिम नियन्त्रण विधि अपनाइयो । त्यसमा घाँसको  छानालाई घरको भित्तामा थोरै मात्र छुवाउने  । जव आगलागि हुन्छ जव आन्तरिक विस्थापितहरूले छानालाई घरमा पर्खाल भित्र लडाउनेछन् ताकी त्यहा आगलागिबाट भाग्ने बाटो निर्माण हुन्छ  ।

हावा / आँधी

तीव्र गतिको आँधी  संग सम्वन्धित हावाले बसोबास नष्ट  गर्न सकिन्छ ।

तीव्र हावाको समयको तयारीको लागि शिविर व्यवस्थापन नियोगलाई  व्यवहारिक सुझाव

१ .  शिविरका छाप्राहरूको  संरचनागत  मुल्यांङ्कन गर्ने दक्ष  कर्मचारी नभएको खण्डमा इन्जिनीयरहरू  पठाएर उनीहरूको सहयोग लिने

२.  मुल्यांङ्कनको परिणाम अनुसार काम गर्ने र समय भएको खण्डमा छाप्रामा रेखाङ्कनमा सुधार ल्याउने र स्तर उन्नतिका कुनै कामले भय नवढाउने निश्चित गर्ने तीव्र हावाको समयमा यो डरलाग्दो  हुन्छ ।

४.  हावा लाग्नु  भन्दा पहिले थप डोरी काँटी र अरू सामग्री प्रदान गर्ने

५. सामान्य कमजोरी पत्ता लगाउन इन्जीनियरहरू बोलाउने, पर्खाल र छानाको कमजोर जोर्नी कमजोर आधार आदि

६ . छाना र छाना बाँध्ने समानलाई डोरीले कस्ने

७ . पाल र अरू अस्थायी संरचनाहरूमा भएका डोरीहरू राम्ररी बाँधिएको निश्चित गर्ने र हावा लाग्दा हल्लन बाट बचाउने।

भुकम्प

बसोबासको भुकम्प प्रतिरोधात्मक ब्यवस्थाका बारेमा कुनै सन्देह भए इन्जिनियर झिकाउनु पर्छ र उसले संरचनाको परीक्षण गर्नेछ र सुधारका लागि सल्लाहहरू दिनेछ , कुनै स्थानमा भुकम्प र तत्पश्चातका धक्काहरूको जोखिम छ भने एक इन्जिनियरलाई नियुक्त गरेर उपलब्ध भवनहरूको भुकम्पीय सुरक्षा क्षमता परीक्षण गरेर मात्र सामुहिक भवनका रूपमा प्रयोग गर्नु पर्छ । सामान्यत: हलुका र राम्ररी बाँधेको संरचनाहरूले चोटपटक कम लाग्छ । जहाँ सम्भव हुन्छ त्यहा ठाडो भिरालो जमिनलाई प्रयोग गर्नुहुन्न किनभने त्यहा भुकम्पीय जोखिम हुन्छ ।

सम्झनु होस

- जहाँ भुकम्पको जोखिम धेरै हुन्छ त्यहाँ मानिसहरूलाई गह्रौ सामग्रीहरू जमिनभन्दा धेरै माथि नराख्न सुझाव दिनु पर्छ ता कि त्यस्ता सामग्री मानिसको टाउकोमा नखसोस
- भुकम्प भएको अवस्थामा मानिसहरूलाई जथाभावि नकुद्न सुझाव दिनुपर्छ किनभने त्यस बखत सीसा र ढुङ्गाहरू माथिबाट खस्न सक्छ ।

चिसो मौसम

मरूभुमिको मौसम जुन दिनमा निकै तातो हुन सक्छ त्यो रातमा निकै चिसो हुन्छ । चिसो मौसम आगलागिबाट हुने चोटपटक श्वासप्रश्वासको रोग र आँखा संक्रमण वृद्धि हुन्छ किनभने यस्तो अवस्थामा घर भित्र नै खाना पकाउने काम हुन्छ । धेरै जसो शिविरहरूमा चिसो मौसममा पनि तातो पार्नका लागि पऱ्याप्त मात्रामा इन्धन प्राप्त हुँदैन यस्तो अवस्थामा मानिसहरू विहान सवेरै जव धेरै चिसो हुन्छ त्यस वखत खाना तयार गर्छ

चिसो मौसममा ध्यान दिनु पर्ने कुराहरू

- छालाका सम्पर्कमा आउने स्थान - कपडा ओड्ने आच्छान , छत तातो र सुख्खा राख्ने
- बस्ने वातावरण तातो राख्ने र हावाको स्याँठ घटाउन घरको उचाइकम राख्ने

शिविरबासीलाई चीसोबाट बच्न सहयोग गर्न शिविर व्यवस्थापन नियोगले गर्न सक्ने

- होचो भित्ता भएको माटोका घर निर्माण गर्न जग्गा धनि सरकार संग सल्लाह गर्ने
- पानी वितरण संगठन संग मिलेर माटाको निर्माण गर्न प्रसस्त मानीको व्यवस्था गर्ने ता कि होचा भित्ता बनाउन सहयोग होस र आवश्यक भएमा आधाभुत सामग्रीहरू प्रदान गर्ने
- परिवारहरूलाई प्रशस्त प्लाष्टिक शीट बाड्ने र अरू सामग्रीहरूको सहायताबाट स्याँठबाट बचाउन सकिन्छ : हावाको तापक्रम र तापीय आनन्दको लागि यो आवश्यक छ
- जहाँ तताउनका लागि कम इन्घन उपलब्ध हुन्छ । त्यसको विपरित कम हावा बहने कारण टि.बि. जस्मा श्वास प्रश्वास संक्रमण फैलाउन सहयोग गर्छ । प्रशस्त हावा वहन प्रति घण्टा छ पटक जति हुने अवस्थामा श्वास प्रश्वास संक्रमण फैलने डर कम हन्छ र यो ठलो परिणामका इन्धन नभई सम्भव हन्दैन ।

पानी , सरफाइ र चर्पी सेवा प्रदायक नियोग संग मिलेर पहुँच सडक र पानी वितरण प्रणालीको जाडो मौसम अनुकुल बनाउनु पर्छ ।

चिसो समयमा बढी खाद्यान्न खपत हुने हुदाँ शिविरबासीसंग प्रसस्त खाद्यान्न हुन जरूरी छ । (हेनुस स्फेयरको हावाको वातावरण दुषित हुदाँ को अवस्थाको सल्लाह) कुनै सन्देह भएमा

पोषणज्ञाता संग प्राविधिक सहयोग लिनुपर्छ ।

चिसो स्याँठ बाट बच्न होचा पर्खालहरू शिविर छाप्रा वरीपरी लगाउन सकिन्छ र साना पर्खालहरूले ढोकालाई छेक्न सकिन्छ ।

सामुखायिक तताउने केन्द्र - महिला र पुरूषका लागि बेग्लै निर्माण बसोबास समिति भए सो मार्फत हिमपात हुनु अगावै तयार राख्नु पर्छ ।

शिविर व्यवस्थापन नियोगलेहरूले हिपपातका समयमा पालका शिविरमा तयारीका लागि गर्न सकिने काम :

- हिमपातको तयारीको लागि एउटा समुह बनाउने - कर्मचारी सदस्यहरू वा बसोबास समितिका माध्यमबाट यसो गर्न सकिन्छ
- समुहहरूलाई शिविरका छाप्राहरू  राम्ररी उठेका (बाँधिएका र कसिएको र पालको अवस्थामा राम्ररी कसीएको ) छ छैन निरीक्षण गर्न लगाउने ।
- शिविरवासीहरूलाई हिमपात भइरहेको अवस्थाम हिउ हटाउने परिवारलाई भन्ने यो रातीको समयमा पनि जारी राख्नु पर्छ
- भत्कँदा हुन सक्ने आकस्मिक अवस्थाको तयारी गर्ने
- नालाहरू सफा र ठिक अवस्थामा राख्ने ता कि हिउँ पग्लेर आउने  पानी सजिलै बगोस।
- हिउ चिप्लन र घरहरू  सुख्खा राख्न प्लाष्टिक शीत वितरण गर्ने र डोरी र अन्य साधन व्यवस्था गर्ने
- पालहरू वा छाप्राहरू आगो माथि लड्न सक्छन् त्यसकारण छाप्रा भित्र खुल्ला आगो नभएको र चुल्हो नखस्ने खालको छत मुनि भएको निश्चित गर्ने

माथी अग्नि सुरक्षा  सावधानी हेर्नुस

तातो मौसम

- तातो मौसममा छाया र हावा प्रवाह हुनु  जरूरी छ । घाँस  केराका पात वा प्रकाश फर्काउन रङ्गहरू छाप्राका छतमा लगाउन प्रोत्साहन दिन सकिन्छ । तर

छतमा प्रयोग गर्ने समान शिविरबासीले प्रयोग गर्दा वातावरणमा पर्ने प्रभाव बारे ध्यान दिनुपर्छ । छाँया जालिले पनि हावा बहने गराउन सकिन्छ र यो प्लाष्टिक शीट भन्दा राम्रो उपाय हो।

- सुधारीएको हावाको आवत जावत प्रणाली बाहिरी क्षेत्रमा छाँया व्यवस्था अग्लो छत जस्ता उपयुक्त बसोबास रेखाङ्कन तयार गर्न बसोबास व्यवस्थापकलाई उत्साहित गर्ने ।
- शिविरबासीलाई बनाउन र अफ सुधार गर्न प्रोत्साहन गर्ने
- आवास वरिपरि विरूवाहरू रोप्न प्रोत्साहन गर्ने

पुर्वाधार सेवा

छाप्राहरूलाई संख्याङ्कन गरेपछि निम्न फाइदा हुन्छ ।

शिविरमाको दर्ता गरिएको छ भन्ने स्पष्ट गर्छ

परिवार पहिचान हुन्छ । शिविरबासीलाई उसको छाप्रा नंवर संग सम्वन्धित गर्नु होस । यो सुचनाले GIS मा प्रयोग गर्न सकिन्छ ।

प्रतयेक घरलाई तर्क संगत ढङ्गले संख्ययाङ्कन गर्नु पर्द ता कि यो क्षेत्र योजना संग सम्वन्धित हुन्छ र प्रत्येक छाप्राको समुह पत्ता लाग्ने छाप्राहरूमा स्थायी रङ्गका माध्यमले संख्या वा अक्षरले वा चिन्हले संख्या लेख्नुपर्छ रग लगाउने र अरू संलगन व्यक्तिहरूलाई सुरक्षित कपडा प्रदान गर्नुपर्छ ता कि परम्परागत रूपमा रातो संग शिविरमा भएका एउटा विपक्षी समुहले प्रयोग गर्ने गरेको हुन्छ ।

विद्युत / वत्ति

विद्युत वितरण महगौ हुन्छ र यसले शिविरलाई चाहिने भन्दा वढी स्थायी बनाइदिन्छ तर यस्तो सुविधा व्यवस्था गरेको धेरै उदाहरण छन् विद्युतीय शक्ति प्रकाशका लागि प्रयोग गरिन्छ किनभने यसले तताउने काममा भन्दा कम शक्ति खपत गर्छ र पुर्वाधार लगानी पनि कम लाग्छ । सामान्यत: विद्युत कार्यालय वा सरकारले विद्युत वितरण जडान गर्ने र मर्मत गर्ने काम गर्छन् ।

मानिसहरूले विद्युत शक्ति चोरी गर्न सक्छन् र यसो गर्दा विद्युत महँगो पर्छ र त्यस भन्दा पनि गम्भिर सुरक्षा सवाल उठ्न सक्छ । त्यसकारण जिम्मेवार निकायले निम्न कुराहरूमा ध्यान दिनुपर्छ ।

विद्युतीय दुर्घटना निवारण गर्न तालिमप्राप्त विद्युत उत्पादन साधन वा विद्युत स्रोत भए नभएको हेर्ने , आवश्यक भएमा सुरक्षित प्रयोगको लागि चेतना अभियान जस्तै सुरक्षित भण्डारण र इन्धन राख्दा र धुवाँ निस्कने प्वाल बनाउदा अपनाउनु पर्ने सुरक्षाका बारेमा ध्यान दिने ।

**घरायसी इन्धन**

शिविर वरिपरि खाना पकाउने दाउराको आवश्यकताले दाउरा खोज्दा सुरक्षा सम्वन्धि सवालहरूमा आकर्षण गर्छ घर भित्रको धुवाँले सवस्थ्य सवाल उठाउँछ र दाउरा जम्मा गर्दा वातावरणीय सवाल निम्त्याउछ । घरायसी इन्धन आवश्यकता शायदै एकै उपायद्वारा समाधान गर्न सकिन्छ र यस्ता कार्यक्रहरू शिविर व्यवस्थापनको एउटा अंगको रूपमा रहन्छ र यसमा चुल्लो बनाउने बिर्को भएको भाँडाको व्यवस्था गर्ने इन्धन संकलन गर्ने सुकाउने र दिगो इन्धन स्रोत खोज्ने । शिविर खडा गर्ने अवस्थामा इन्धन र शिविरको आकार र अवस्थितिलाई विशेष ध्यान दिनु पर्छ ।

**ग्यास**

पाइपबाट ग्यास शिविर क्षेत्रमा कमै व्यवस्था गरिन्छ यद्यपि विद्यमान ग्यास वितरण प्रणालीलाई सामुदायिक केन्द्रहरूमा प्रयोग हुन्छ । शिविरमा यस्तो ग्यासको सिलिण्डर प्रयोग गरिएको भए सो सिलिण्डर सुरक्षित रूपमा छाप्रा वाहिर भण्डारण गर्नु पर्छ ता कि गन्ध नआओस् । चोरी रोक्न गप सुरक्षा अपनाउनु पर्ने हुन सक्छ ।

**लाभप्रापकको आवश्यकता**

शिविर  जनसंख्या आवश्यकता र कमजोरी पहिचान गर्न शिविरमा नियमित ( सम्भव भए दैनिक ) प्रत्येक छाप्रामा भेटघाट गर्न शिविर व्यवस्थापन कर्मचारी जानुपर्छ ।

**बसोबास र भेद्यता**

विशेष आवश्यकता भएका शिविरवासीहरू पहिचान गर्न र बसोबास निर्माण  गर्न र मर्मत गर्नु अत्यावाश्यक हुन्छ । यस्ता व्यक्तिहरुको अवश्यकता सुपरीवेक्षण गर्न शिविर व्यवस्थापन नियोगले विशेक्ष आश्यकता भएका  व्यक्तिहरूलाई परम्परागत सहयोग संयन्त्रमा संलग्न गनुपर्छ । उनीहरूको छाप्रा ठिक ठाँउमा राख्नु पर्छ ता कि तिनीहरूले छिमेकी त्यहि स्थानका अन्य व्यक्तिहरूबाट र शिविर व्यवस्थापन नियोगबाट सहयोग प्राप्त गर्न सक्छन् र सुविधा र पुर्वाधारको पहुँच हुन्छ ।

क्षेत्रमा बसोबास सामग्री ढुवानी गर्न  सहयोग आवश्यक पर्छ

छाप्रा निर्माण गर्ने काम एउटा चुनौतिपुर्ण काम हो

शिविरको मर्मतसंभार

सम्झनुहोस सहयोग आवश्यक पर्ने व्यक्ति र समुहहरू त्यस्तो धेरै  नि:सहाय हुन्दैन । विस्थापित व्यक्तिहरूले आफ्नो  घर र सम्पति हराए पनि  उनीहरूको सीप र अनुभव कायम रहन्छ । सबै समुहहरू भेद्य भएका समेतलाई झेल्ने क्षमताका लागि सहयोग आवश्यक पर्छ ।

आवास वितरण

जुन शिविरमा विशेष आवश्यकता यएका व्यवत्रिल र समुहहरू बसोबास गर्ने स्थितिमा विशेष ध्यान दिनु पर्छ । जहाँ सम्भव हुन्छ त्यहा व्यत्तिलगतहरूलाई क्षेत्र निर्धारण गर्दा ध्यान पुऱ्याउनु पर्छ , छुट्टाछुट्टै  राख्नाले भेद्यतालाई बढावा दिन सक्छ ।

**चोरी / सुरक्षा**

ध्यान दिनुपर्ने व्यवहारिक तरिका

- सामानको सुरक्षा ागर्न ढाकामा तालाको व्यवस्था गर्ने
- पऱ्याप्त स्थान भएको खण्डमा जग्गा मालिक र निकायहरूको छलफलमा स्विकृत भएको अवस्थामा शिविरवासीहरूलाई शिविर वरिपरि छेकबार बनाउन दिने

सुरक्षा त्रासलाई कसरी भ्mेल्ने भन्ने विषयमा लचकता र लाभप्रापकका रोजाइलाई प्रोत्साहन गर्न सामग्री वितरण कार्यक्रम गर्ने र यसो गर्दा  दाताहरूलाई  आफ्नो नीतिहरूको बारेमा प्रष्ट गर्ने र उनीहरूको स्विकृतिमा गर्नु पर्छ । यदि छाप्रा बनाउदा प्रयोग गरे प्लाष्टिक शीटलाई शिविरवासीलाई चौपाया ढाक्न प्रयोग गरे दाताहरू खुसी हुन्छन् ।

परिवारहरूलाई छाप्राहरू उनीहरूलाई साँस्कृतिक रूपमा कति गोप्य बनाउन र स्तर उन्नती गर्न सकिन्छ सो गर्न प्रोत्सान गर्ने उक मिलीमीटर मोटो  घासको छेकवारले पनि मानिसहरूलाई चोरी घटाउन र वढी सुरक्षिट हुन  सघाउन सक्छ ।

- शिविर सुरक्षा सम्वन्धि विस्तृत जानकारी अध्याय १२ मा हेर्नुहोला

## शिविर व्यवस्थापन नियोगका लागि चेक लिष्ट

### जनसांख्यिकी

- परिवारको आकारलाई ध्यान पुऱ्याउको छ यसमा महिला केटीहरू र पुरूष केटाहरूको संख्या छ ।
- प्रत्येक परिवारको बसोबास व्यवस्थाबारे निर्णय गरिएको छ र यसो गर्दा प्रत्येक परिवारमा सदस्य संख्यालाई आधार बनाउको छ ।
- पऱ्याप्त बसोबास व्यवस्था नभएका व्यक्तिहरू तिनिहरू कहाँछन् भन्ने थाहा छ ।
- बसोबास नभएका व्यक्तिहरू र तिनीहरू कहाँछन् भन्ने कुरा थाहा छ ।
- कुन परिवारहरू संगै बसेका छन् भन्ने थाहा छ ।
- कुन परिवारहरू का सवालहरू र व्यक्तिलगत गोप्यतालाई ध्यान दिइएको छ ।
- त्यस्ता कार्यक्रहरू लागु गरिउका छन् जसले मानिसहरूलाई स- सम्मान बाँच्ने अवसर मिल्छ र अरू क्षेत्र संग संयोजन गर्न सक्छ ।
- भाडामा राख्ने जस्ता अरू बसोबासका विकल्प पहिल्याएको छ
- भवन बनाउनु भन्दा पहिले सत्यतामा आधारित र सुनियोजित क्षेत्र योजना तयार छ
- शिविरमा पानी वितरण, ढल निकास, सरसफाई अभिवृद्धि र फोहरमेला विस्थापन जस्ता योजनाहरू तयार छन्
- क्षेत्र छनोट गर्दा सुरक्षा त्रास नभएको जस्तै पहिरो जाने र द्वन्द्वग्रस्त क्षेत्रमा भन्दा टाढा रहेको छ

### जोखिम र भेद्यता

- शिविर बसोबास सहयोग ग्रहण गर्दा बासिन्दाहरूलाइ शिसां वा अन्य झमेलाको प्रभाव रहे नरहेको सुपरीवेक्षण गरिएको छ
- अपऱ्याप्त बसोबास , लत्ता कपडा र खाद्यान्नका कारण मृत्यु हुने जोखिम छैन ।
- जीवन, स्वास्थ्य र सुरक्षामा अपऱ्याप्त बसोबासका कारणले जोखिम छ छैन भन्ने मुल्याङ्कन भएको छ।

- विशेक्ष आवश्यकता भएका व्यक्तिहरूको एच आई भी / एड्सका संक्रमितहरू सहित अरू भेद्यता  भेलिरहेका व्यक्तिलाइ वा समुहको बारेमा गाह्रो छ ।
- विशेष आवश्यकता भएका व्यक्तिहरूको आवश्यकता पुरागर्न उपलब्ध सामुदायिक रणनीती हरूलाई प्रोत्साहन गरी त्यसका कमजोरीहरूलाई सम्बोधन गरिएको छ ।
- भेद्य  व्यक्तिहरूको सुरक्षा र हेरचाहमा बसोबासको तरिका र विस्थापित व्यक्तिहरूको सामाजिक संगठनको प्रभावको लेखाजोखा गरिएको छ ।
- विशेष आश्यकता भएका व्यक्तिहरू र तिनको सेवागर्नेहरू र परिवारहरूको जीवनस्तर उकास्ने उपायरू लागु गरिएको छ ।
- विशेष आवश्यकता भएका र भेद्यता भएको व्यक्तिहरूलाई बसोबास निर्माण गर्न स्तर उन्नति गर्ने र निर्माण सामग्री ढुवानी गर्न सहयोग गरिएको छ ।
- किराहरूलाई नियन्त्रण गर्ने उपाय विशेषत भुलहरू को आवश्यकता मापन गरिएको छ ।
- किराहरूलाई नियन्त्रण गर्ने उपायमा तालिम, चर्पी निर्माण र प्रसोधन पनि संलग्न छ ।

आकस्मिकता

- सम्भाब्य प्रकोप जस्तै आगलागिको योजना बनाएको छ ।
- नयाँ जनसंख्या थप र अन्य अवस्थालाई भेल्न योजना र पऱ्याप्त सामग्री उपलब्ध छ ।
- टिकाउ छाप्राका योजनाका बारेमा शिविर व्यवस्थापन स्थानीय अधिकारी र शिविरबासी संग छलफल गरिएको छ ।

व्यवस्थापन

- शिविरमा  सकृय बसोबास संगठन छ र तिनीहरूसंग बसोबास आश्यकता भन्दा पऱ्याप्त साधन सीप र क्षमता छ ।
- सिपालु व्यक्तिहरू (स्थानीय वा अन्तराष्ट्रिय ) लाई शिविर कार्यक्रमा नियुक्त गर्न    सकिन्छ ।
- पऱ्याप्त र सिपालु कर्मचारीहरूलाई निर्माण परियोजना सुपरीवेक्षण गरिरहेका छन् ।

- काम गरि रहेको शिविर समिति छन् जसमा महिला , पुरूष अल्पमतमा रहेका वा विशेष आवश्यकता भएका  भेद्य समुहहरूको प्रतितिनिधित्व छ र तिनीहरूको भुमिका स्पष्ट वयान गरएिको छ ।

घरायसी कार्यहरू प्रभावित जनसंख्याको बसोबास क्षेत्र भित्र वा बाहशरि भइरहेका परिवार र जिविकोपार्जन  कृयाकलापहरूबारे ज्ञान छ र स्थान आश्यकतालाई ध्यान दिइएको छ ।

महिला , पुरूषहरू , केटीहरू र केटाहरूको आवश्यकता र विशेष आवश्यकता चाहिने व्यक्तिहरूको आवश्यकताका बारेमा ध्यान दिइएको छ ।

आतिथ्यकर्ता समुदायको चासोका सवालहरूबारे थाहा छ र त्यसलाई सम्बोधन गरिएको छ ।

शिविरको बसोबास व्यवस्था स्थानीय व्यवहार मापदण्ड अनुसार छ ।

शिविर बन्द भएपछि शिविर पुर्वाधारहरू आतिथ्यकर्ता समुदायले प्रयोग गर्न पाउने वा नपाउने बारे ध्यान दिइएको छ ।

अरू ध्यान

बसोबास इन्धन चर्पी र फोहर मैला व्यवस्थापनले वातावरणमा पार्ने असर बारे मुल्याङ्कन गरिएको छ र योजना गरिएको छ ।

जिविकोपार्जन सहयोग अवसरहरूको बारेमा सामग्री प्रयोग गरेर आवास निर्माण गरेर बसोबास सम्बन्धि समस्या समाधान गरिएको छ ।

मर्मत सम्भार

सबैभन्दा वढी फाइदा पुर्‍याउने सुधारका बारेमा मुल्याङ्कन गरिएको छ ।

सवैभन्दा उपयुक्त तरिकाबाट मानिसहरूलाई तिनको आवास मर्मत गर्न सहयोग प्रदान गरिएको छ ।

बसोबासको स्तर उन्नति किन गर्न पाइन्न भन्ने कुराको प्रशासनिक आधार शिविर व्यवस्थापन नियोगले व्याख्या गर्छ ।

बसोबास फैलाउन र स्तर उन्नति गर्न भौतिक स्थान खाली छ ।

शिविरबासीहरूलाई उनीहरूको बसोबासको स्तर उन्नति गर्न  साधनहरू प्रयाप्त छ ।

बसोबासको स्तर उन्नतिले स्थानीय प्राकृतिक स्रोतमाथि पर्ने प्रभावको लेखाजोखा गरिएको छ ।

शिविरबासीलाई आफ्नो बसोबास सम्भार गरी राख्न आवश्यक भौतिक र प्राविधिक सहयोग प्रदान गरिएको छ ।

औजारहरू

सवैजसो साधनहरू , प्रकाशनहरू तथा अन्य सान्दर्भिक लेखहरू यसै प्रतिको साथमा आउने साधन सी डि मा संलग्न गरिएको छ । डाउनलोड गर्न मिल्ने स्रोतको वेब ठेगाना दिइएको छ ।

- संक्रमणकालिन शिविर रणनितीको उदाहरण
- संक्रमणकालिन बसोबास - भाडामा लिएको सम्भलैता पूर्व टिमोरबाट)
- संक्रमणकालिन बसोबासको प्राविधिक पक्षको रूपरेखा
- बसोबास र लिङ्ग का बारेमा अक्सफामको व्रिफिङ्ग नोट
- बसोबास  न्युनतम मापदण्डका बारेमा अक्साफापको व्रिफिङ्ग नोट
- यु एन ह्याबिट्याट, एन यु डी पी बसोबास निर्देशिका आन्तरिक विस्थापित बसोबास योजना र स्तर उन्नतिका लागि  (१ र२ )

## अध्ययन र सन्दर्भ सामग्री

Sultan Barakat,, 2003, ‘‘Housing reconstruction after conflict and disaster’’. Humanitarian Policy Network. www.sheltercentre.org/shelterlibrary/items/pdf/ NetworkPaper043HousingReconstructionAfterConflictAndDisaster.pdf

Alexandra Causton and Graham Saunders, 2006. “Responding to Shelter Needs in Post-earthquake Pakistan: a Self-help Approach”, *Humanitarian Exchange 34.*

www.odihpn.org/report.asp?id=2810
Centre on Housing Rights and Evictions (COHRE). *The Pinheiro Principles – United Nations Principles on Housing and Property Restitution for Refugees and Displaced Persons.* www.cohre.org/store/attachments/Pinheiro%20Principles.pdf
CHF International, 2005. *The Economic Impact of Shelter Assistance in Post-Disaster Settings.* http://www.chfhq.org/files/2136_file_EIES_final.pdf
Tom Corsellis and Antonella Vitale, 2005. *Transitional Settlement Displaced Populations,* Oxfam Publishing. www.sheltercentre.org/shelterlibrary/items/pdf/Transitional_Settlement_Displaced_Populations_2005.pdf
J. Davies and R. Lambert, 2003. *Engineering in Emergencies,* ITDG.

Emergency Shelter Cluster. *Key Things to Know.* http://ocha.unog.ch/humanitarianreform/Portals/1/cluster%20approach%20page/clusters%20pages/Em%20Shelter/Key%20THINGS%20TO%20KNOW.doc
Paul Harvey, 2007. ''Cash-based responses in emergencies''. Humanitarian Policy Group. www.odi.org.uk/HPG/papers/hpgreport24.pdf
Médecins Sans Frontières (MSF), 1998. *Temporary & Semi-permanent Buildings for Health Structures in Refugee Camps.* www.sheltercentre.org/shelterlibrary/items/pdf/MSF_TempSemiPermBuildings4InRefugeeCamps1998.pdf
MSF, Shelter Centre, 2006. *Shade Nets: Use and Deployment in Humanitarian Relief Environments.* www.sheltercentre.org/shelterlibrary/items/pdf/Shade_Nets_Field_Booklet.pdf
Multi-agency, 2007. *Housing and Property Restitution for Refugees and Displaced Persons: Implementing the "Pinheiro Principles", Handbook.* ftp://ftp.fao.org/docrep/fao/010/aI131e/aI131e00.pdf
OCHA, 2003. *Glossary of Humanitarian Terms in relation to the Protection of Civilians in Armed Conflicts.*
OCHA, 2004, *Tents – A Guide to the Use and Logistics of Family Tents in Humanitarian Relief.* http://ochaonline.un.org/OchaLinkClick.aspx?link=ocha&DocId=1002112
OCHA, IFRC, CARE, 2008. *Timber. A Guide to the Planning, Use, Procurement and Logistics of Timber as a Construction Material in Humanitarian Operations* www.humanitariantimber.org/files/download/TIMBER_Draft_1.0_Jan_08_A5.pdf
OXFAM, IFRC, 2007, *Plastic Sheeting Guidelines. A Guide to the Specification and Use of Plastic Sheeting in Humanitarian Relief.* http://www.plastic-sheeting.org/ref/Plastic_Sheeting_2007.pdf
ProVention Consortium, 2007. *Tools for Mainstreaming Disaster Risk Reduction.* www.proventionconsortium.org/themes/default/pdfs/tools_for_mainstreaming_DRR.pdf
Shelter Centre, 2007, *Shelter after Disaster.* www.sheltercenter.org/sheltercentre/attached/SM07b-SAD.pdf

The Sphere Project, 2004 *Humanitarian Charter and Minimum Standards in Disaster Response.* www.sphereproject.org/component/option,com_docman/task,cat_view/gid,65/Itemid,203/lang,English/
UNEP, 2007. *After the Tsunami. Sustainable Building Guidelines for South-East Asia.* http://postconflict.unep.ch/publications/dmb_bb_tsunami.pdf
UNHCR, 2006. *Master Glossary of Terms, Rev. 1.* www.unhcr.org/cgi-bin/texis/vtx/refworld/rwmain?docid=42ce7d444&page=search
UNHCR, 2007 *Handbook for Emergencies.* www.reliefweb.int/rw/lib.nsf/db900SID/AMMF-75TFLQ?OpenDocument
*Winterised Shelter Assistance for Disaster Affected Populations in Post-earthquake Pakistan 2005*. www.humanitarianreform.org/humanitarianreform/Portals/1/cluster%20approach%20page/clusters%20pages/Em%20Shelter/Tollkit%20Field/8.2%20Pakistan%202005/8.2.2%20Shelter,%20Building%20Safety,%20Winterization/8.2.2.1%20Winterisation%20Plan%20(11%20Nov%2005).pdf

# स्वास्थ्य र शिक्षा

# अध्याय १६ : स्वास्थ्य र शिक्षा

## मुख्य मुख्य सन्देश

- शिविरवासीहरूको स्वास्थ्य स्थिति प्राय: कमजोर र धेरैजसो थुप्रै व्यक्तिहरू मृत्यु र रोगको जोखिम तत्व र त्रासबाट भेद्य हुन्छन् । स्वास्थ्य सेवा प्रदायकले शिविर व्यवस्थापन नियोगसँग मिलेर उचित स्वास्थ्य सेवा, बिरामी पत्ता लगाउनेदेखि शिक्षा प्रदान गर्नेसम्म, सबै शिविरवासी समुदायसम्म पुऱ्याउने र समस्यालाई र भेद्यतालाई झेल्न सहयोग गर्नुपर्छ ।
- मृत्यु घटाउने, बिरामीपना घटाउने र सुधारिएको जीवन गुणमा सघाउ पुऱ्याउनु शिविर अवस्थाको स्वास्थ्य सेवाको मुख्य लक्ष्य हो । त्यसकारण स्वास्थ्य सेवा प्रदायकहरूले निवारण योग्य बिरामी र मृत्युको कारण पहिल्याउन प्राथमिकता दिनुपर्छ र स्वास्थ्य प्रतिक्रियाको कमजोरीलाई प्राथमिकतामा राख्नुपर्छ र त्यसलाई सम्बोधन गर्ने उचित उपायको वकालत गर्नुपर्छ ।
- स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन सुरुवातदेखि नै शिविर जनसंख्यालाई स्वास्थ्यसमबन्धी विषयको मुख्य निर्णय गर्दा सहभागी गराउनुपर्दछ र उनीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्दा र त्यसको मूल्याङ्कन गर्दा पनि एउटा महत्त्वपूर्ण अंगका रूपमा व्यवहार गरिनुपर्छ । स्वास्थ्य सेवा जनसंख्यासँग न कि लाई प्रदान गरिनुपर्छ ।
- दादुरा शिविर अवस्थामा आइलाग्ने एउटा सबैभन्दा गम्भीर स्वास्थ्य समस्या हो रयो विगतमा धेरै शिविरहरूमा धेरै शरणार्थी/आन्तरिक विस्थापितहरूको मृत्युको कारण बनेको छ । दादुराको विरुद्ध खोप अभियान चलउनु शिविरमा

स्वास्थ्य सेवा प्रदायकको उच्च प्राथमिकतामा हुनुपर्दछ ।

- गमीर कुपोषण शिविर अवस्थामा मृत्युको मुख्य कारक हो । कुपोषणले मानिसलाई रोग भेद्य बनाउँछ । पौष्टिकता परीक्षण र आवश्यकतामा आधारित पोषण कार्यक्रम शिविरवासीहरूले प्रतिदिन प्रतिव्यक्ति न्युनतम २१०० किलो क्यालोरी शक्ति प्राप्त गरेको निश्चित गर्न लागू गर्नुपर्छ । भेद्य समूह र विशेष आवश्यकता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिइनुपर्छ र यसमा खाद्यानन मात्रा पनि पर्छ ।
- महामारीको प्रभाव न्यून राख्न र स्वास्थ्य शिक्षालाई बढावा दिन शिविर व्यवस्थापन नियोगले स्वास्थ्य सेवा प्रदायकसँग सहकार्य गर्न सक्छ । शिविरवासीको जीवन मृत्युबारेमा निर्धारण गर्न शिविर व्यवस्थापनको गुणले पनि महत्त्वपूर्ण भूमिका खेल्दछ ।

## परिचय

शिविर अवस्थामा मृत्युदर घटाउने, रोग घटाउने र जीवन स्तर उकास्ने स्वास्थ्य सेवाको मुख्य उद्देश्य हुनुपर्छ । शरणार्थीहरू/विस्थापितहरूको शिवरको वातावरणमा धेरै भीडमा, कम खाद्यान्न, असुरक्षित पानी, अपर्याप्त स्वास्थ्य सेवा, रोग प्रतिरोध क्षमातामा कमी र कमजोर सरसफाई सेवा भएको अवस्थामा बस्न बाध्य हुन्छन् । शिविरसम्म आइपुग्दा शिविरवासीहरू रोग, भोक, अभियोजन, भौतिक हिंसा र पीडाबाट आजित भइसकेका हुन्छन् । यस्तो अवस्थामा रोग र कुपोषणले मृत्युदर बढी हुनछ ।

शिविर अवस्थमा राम्रो स्वास्थ्य स्थिति बनाइराख्नु र प्राप्त गर्नु एउटा चुनौतीपूर्ण अवस्था हो तर यो बहु-क्षेत्रीय हस्तक्षेपबाट प्राप्त गर्न सकिन्छ । यी कार्यहरूमा :

- भीडभाड घटाएर शिविर जनसंख्याको बसोबासको अवस्था र वातावरण राम्रो बनाउनुपर्छ ।

- दिसा-पिसब राम्ररी विस्थापन गर्ने ।
- पर्याप्त खाना र पानीको व्यवस्था ।
- जीव नियन्त्रण ।
- पर्याप्त बसोबास व्यवस्था ।
- स्वास्थ्य शिक्षा र तालिममा मुख्य सन्देश प्रदान गर्ने ।

स्वास्थ्य क्षेत्रले मृत्यु घटाउने, रोग घटाउने र निवारणात्मक उपायहरू लागू गरेर जीवनको गुणस्तर उकास्न सहयोग गर्छ र रोगको व्यवस्थापन गर्छ । यसमा :

- निरीक्षण प्रणाली स्थापना गर्ने र यदि महामारी फैलिन लागेको पुष्टि भए पर्याप्त प्रतिक्रियाको निश्चितता गर्ने ।
- संयोजन र योजना संयन्त्र सुनिश्चित गर्ने ता कि सूचनाहरू आदान-प्रदान गरेर सो सूचनालाई समयमा प्रभावकारी निर्णय र योजना कार्यक्रममा प्रयोग गर्ने ।
- आधारभूत स्वास्थ्य सेवा स्थापना गर्ने जसमा कर्मचारीहरू छिटो खटाइन्छ र छिटो र पर्याप्त मात्रामा उपचार गर्न आवश्यक सामग्री उपलब्ध गराउने ।
- रोग निवारण र सुस्वास्थ्य बनाउन सबै शिविरवासीहरूलाई राम्रो स्वास्थ्य शिक्षा प्रदान गर्ने ।

शिविर जीवनको विभिन्न चरणहरू, जसलाई विस्थापनको चक्र वा शिविर जीवन चक्र भनिन्छ– विस्थापनबाट सुरु हुन्छ र यो दिगो समाधान नपहिल्याउन्जेल चलिरहन्छ । आकस्मिक अवस्था विस्थापनसँग सम्बन्धित छ जसमा मानिसहरू आफ्नो घर, क्षेत्र र देशबाहिर शरण खोज्छन् । आकस्मिक अवस्थालाई निम्नानुसार वर्णन गर्न सकिन्छ :

- उच्च मृत्युदर : १ व्यक्ति प्रति १0,000 प्रति दिन भन्दा बढी
- शिविरमा स्वास्थ्य सेवाको अभाव वा उपलब्ध स्वास्थ्य पूर्वाधारमा भीड वा अपुग
- स्थानीय वा राष्ट्रिय निकायद्वारा अपर्याप्त प्रतिक्रिया ।
- नियमित संयोजन संयन्त्रको असफलता ।

शिविर वातावरणमा आकस्मिक अवस्थामा आदर्श स्थिति प्राप्त गर्न सम्भव हुँदैन र आधारभूत सेवा प्रदान गर्ने कुरामा पनि निकै व्यवधानहरू रहन्छ । तर न्यूनतम कर्मचारी भौतिक साधन, सहयोग प्रणाली, सुरक्षा, सहयोग र संयोजनलाई राखेर भए पनि उत्कृष्ट व्यवहारहरू लागू गरेर काम गर्नुपर्छ । प्रत्येक शिविर वातावरणमा फरक आकस्मिक सेवा आवश्यक रहन्छ र शिविरमा लामो समयसम्म रहन सक्ने सेवाहरू त्यसबेलासम्म जायज हुन्छ जबसम्म मृत्युदर नियन्त्रण गर्न सकिन्छ ।

दोस्रो चरण, आकस्मिकता पश्चात् अवस्था निकै स्थिर रहन्छ । मृत्युदर प्रतिदिन एक व्यक्ति प्रति दस हजार प्रति दिनभन्दा कम हुन्छ र आधारभूत आवश्यकताहरू जस्तै खाद्यान्न, पानी र बसोबासको आवश्यकता पूरा भएको हुन्छ । यो चरण आकस्मिक अवस्थामा तयार गरिएका स्वास्थ्य सेवाहरू फैलाउने र सुधार गर्ने र स्वास्थ्य शिक्षा कार्यक्रको विकास गर्ने र त्यसको फाइदा अवलोकन गर्ने अवसर हो ।

तेस्रो चरण, अन्तिम चरणमा– दिगो समाधानहरू पहिल्याउँछन् र शिविरवासीहरू शिविर छाडेर जानछन् । यो अवस्थामा स्वास्थ्य सूचना व्यवस्थापन जस्तै सूचना

अभियान, सिफारिस र स्वास्थ्य अभिलेख जस्ता सवालहरूमा ध्यान दिनुपर्छ । त्यस्तै गरी स्वास्थ्य सेवा सुविधाको हस्तान्तरण र शिविरवासीहरू फर्केको स्थानमा वा पुन: स्थापना भएका स्थानमा स्वास्थ्य सेवा भए नभएको मूल्याङ्कन गर्नुपर्छ । शिविर बन्द गर्ने अवस्थामा र फिर्ता र पुन:स्थापना गर्ने अवस्थामा शिविर जनसंख्यालाई आवश्यक पर्ने स्वास्थ्य सेवाको आवश्यकताको बारेमा योजना गर्नुपर्छ र यो हिँडडुल गर्न नसक्ने र अरू विशेष स्वास्थ्य आवश्यकता भएका हरूको सवालमा अझ आवश्यक छ ।

यो पाठले शिविर व्यवस्थापन नियोगले स्वास्थ्य क्षेत्रलाई सहयोग, संयोजन र सुपरीवेक्षण गर्न र स्वास्थ्य सेवा प्रदायकलाई शिविर जीवन चक्रमा आवशयक पर्ने कार्यका बारेमा चर्चा गर्नेछ ।

## मुख्य सवालहरू

### भूमिका र जिम्मेवारी

शिविर व्यवस्थापन नियोग शिविरको सबै कुरा संयोजन र सुपरीवेक्षण गर्ने निकाय हो तर सामान्यतय: स्वास्थ्य सेवा प्रदायकले स्वास्थ्य सेवाको संयोजन गर्दछ । यो स्वास्थ्य सेवा प्रदायक योजना, व्यवसायमा कार्यक्रम लागू गर्ने, सुपरिवेक्षण गर्ने आदि कामहरूको लागि मुख्य जिम्मेवार हुन्छ । यदि शिविरमा सरकारी वा गैह्र सरकारी स्वास्थ्य सेवा प्रदायकहरू छन् भने शिविर व्यवस्थापन नियोगले सरकारी कार्यालयसँग काम गर्नुपर्छ र स्वास्थ्य सेवा प्रदायकको झुण्डमा नेता सेवा प्रदायक छनौट गर्नुपर्छ ।

प्रमुख स्वास्थ्य सेवा प्रदायकको भूमिका र जिम्मेवारी यस प्रकार हुन्छ :

- शिविर भित्रको स्वास्थ्यसम्बनधी सबै काममा स्थानीय स्वास्थ्य सेवा प्रदायकसँग संयोजन गर्ने ।
- संयोजन छलफलमा स्वीकृत कार्यक्रम लागू गर्ने र सुपरीवेक्षण गर्ने कायृमा सबै स्वास्थ्य सेवा प्रदायकहरूलाई संयोजन गर्ने ।
- स्वास्थ्य सेवा प्रदायकहरूबाट सूचना संकलन गर्ने र प्रतिवेदन तयार गर्ने ।
- सम्बन्धित क्षेत्र र नियोगहरूलाई स्वास्थ्य सवालहरू सम्बन्धी सूचना सम्प्रेषण गर्ने ।
- शिविर व्यवस्थापन नियोगसँग संयोजन गर्ने ।

शिविर व्यवस्थापन नियोगको मुख्य भूमिका र जिम्मेवारी

- शिविर अवस्थाको मुख्य स्वास्थ्य सवालको पदावली र रणनीति पहिचान गर्ने र प्रतिवेदनहरूको व्याख्या गर्ने ।
- स्वास्थ्य सवालहरूको सूचनाको सम्प्रेषण गर्ने र भएका कमजोरीहरू सम्बन्धमा अयुक्त संयोजन निकायलाई खबरदार गर्ने ।
- शिविरमा उपयुक्त स्वास्थ्य प्रतिक्रियाका लागि सूचनाको प्रयोग गरी वकालत गर्ने ।
- थप सहयोग चाहिने मामलाहरूमा नेता स्वास्थ्य सेवा प्रदायकसँग संयोजन गर्ने र त्यसलाई सहयोग गर्ने ।

शिविरमा कार्यरत स्वास्थ्य सेवा प्रदायकहरूले स्थानीय र अन्तर्राष्ट्रिय मापदण्ड र चिकित्सिय आचार संहिता पालना गरेका छन् भन्ने कुरा निश्चित गर्न दुवै नियोगहरू जिम्मेवार हुन्छन् ।

शिविरमा स्वास्थ्य कार्यक्रम लागू हुने समयदेखि नै स्थानीय स्वास्थ्य निकायलाई सम्पर्क गरी सहयात्री गराउनुर्प । सफल र दिगो स्वास्थ्य सेवा निश्चित गर्न र स्वास्थ्य संरचना स्थापना गर्न उनीहरूको सहयोग आवश्यक हुन्छ ।

स्वास्थ्य सूचना व्यवस्थापन एउटा महत्त्वपूर्ण पाटो हो जसमा शिविर व्यवस्थापन नियोगले एउटा सहजकर्ताको भूमिका बहन गर्न सक्छ र यस विषयमा प्राप्त सूचना कसरी आदान-प्रदान गर्ने भन्ने कुरामा शिविर व्यवस्थापन नियोग स्पष्ट हुनुपर्छ । सामान्यतय शिविरवासीहरू आफैँले सूचना सिधै स्वास्थ्य सेवा प्रदायकसम्म पुऱ्याउँछन् । जब शिविरमा धेरै स्वास्थ्य सेवा प्रदायक हुन्छन् तब सूचनाको प्रवाह जटिल हुन्छ । यस्तो अवस्थामा शिविर व्यवस्थापन नियोगसँग मात्र नभई नेता स्वास्थ्य सेवा प्रदायकसँग पर्ना निर्णयमा पुग्न र योजना बनाउन आवश्यक सबै सूचना चाहिन्छ र अरू स्वास्थ्य सेवा प्रदायकलाई पनि त्यो सूचना आवश्यक पर्छ ।

यस्तो वस्थामा स्वास्थ्य संयोजन छलफलहरू नियमित हुनुपर्छ र यसको व्यवस्थापन स्वास्थ्य सेवा प्रदायक नेताले गर्नुपर्छ । यस्तो सभाले सेवा प्रदायकहरूबाट स्वास्थ्य सूचना संकलन गर्नुपर्छ र सम्प्रेषण गर्नुपर्छ र शिविर व्यवस्थापन नियोगले आयोजना गरेको समग्र शिविर संयोजन छलफलमा आवश्यक सूचना प्रदान गर्नुपर्छ । स्वास्थ्य छलफल साप्ताहिक वा मासिक (महामारीका अवस्थामा दैनिक) हुनुपर्छ र आकस्मिक सवालहरूमा स्वास्थ्य सेवा प्रदायकहरूले चाहेको बेला नेता स्वास्थ्य सेवा पदायकसँग सूचना आदान-प्रदान गर्न सक्ने संयन्त्र र संवाद पथ स्थापित हुनुपर्छ ।

स्वास्थ्य संयोजन सभा सामान्य संयोजन सभाभन्दा केहीदिन अगावै गर्नु उपयुक्त हुन्छ ता कि क्षेत्रगत सभाबाट उठेका मुख्य बुँदाहरूलाई समयमै सबै क्षेत्रका प्रतिनिधिहरूसँग र शिविर व्यवसथपन नियोगसँग उठाउन सकिन्छ ।

यस पाठका अबका अंशहरूले स्वास्थ्य रणनीतिका मुख्य शब्दावलीहरू र पक्षहरूका बारेमा चर्चा गर्नेछन् र शिविरमा स्वास्थ्य सेवा सुपरिवेक्षण र संयोजन गर्दा ध्यान दिनुपर्ने मुख्य बुँदाहरूको वर्णन गर्नेछ । शिविर व्यवस्थापन नियोगको र नेता स्वास्थ्य सेवा प्रदायकको थप जिम्मेवारी र भूमिकाको बारेमा पनि चर्चा गर्नेछन् ।

स्थानीय स्वास्थ्य निकाय र स्वास्थ्य राहत नियोगसँग संयोजन

स्थानीय स्वास्थ्य निकायहरूलेत्यस्ता मूल्याङ्कनका परिणामहरू, जसबाट सरकार र राष्ट्रको स्वास्थ्य सेवामा नकारात्मक छवि ल्याउँछ, त्यसलाई प्रतिरोध गर्न सक्छन् । शिविर व्यवस्थापन नियोगले स्थानीय निकायहरूसँग कार्यगत सम्बन्ध स्थापना गर्दा आवशयक मापदण्डका बारेमा वकालत गर्नुपर्छ ।

## मूल्याङ्कन

शिविर व्यवस्थापन नियोगको सहयोगमा नेता स्वास्थ्य सेवा प्रदायकले गरेको प्रारम्भिक मूल्यांकनबाट स्वास्थ्य आवश्यकता, उपलब्ध सेवाहरू र त्यसका कमजोरीहरू पत्ता लगाउँछ । मूल्यांकनको परिणामबाट सेवा लागू गर्ने रणनीतिहरू र उपलब्ध सेवाहरूलाई सहयोग गर्ने वा नयाँ सेवा थप्ने भन्नेबारे थाहा पाउन सकिन्छ ।

यो मूल्याङ्कन टोली अनुभवी, सकेसम्म वस्तुगत र कुनै राजनीतिक वा अन्य प्रभावमा नपरेको हुन आवश्यक हुन्छ । सामान्यतय: शिविर स्थापना भएको तीन दिनभित्र वा पहिल्यै स्थापित शिविरमा मानिसहरू आएको तीन दिनभित्र प्रारम्भिक स्वास्थ्य मूल्यांकन गर्नुपर्छ । यदि शिविर स्थापनामा कुनै समय सीमा छ भने वा मानिसहरू मध्यम वा व्यवस्थापन गर्न सकिने संख्यामा शिविरमा आउँछन् भने प्रत्येक व्यक्तिलाई स्वास्थ्य परीक्षण गरेर प्रारम्भिक मूल्याङ्कन गर्न सकिन्छ ।

## स्वास्थ्य मूल्यांकनका तत्वहरू

सामान्य सूचना : सामान्य सूचना भन्नाले विस्थापनको पूर्वाधार, जनसंख्याको आकार र त्यसलाई उमेर र लिङ्गका आधारमा छुट्ट्याउने र पानी र खाद्यान्नको मात्रा पर्दछन् । मान्य स्वास्थ्य सूचनाका लागि ठिक जनसंख्या तथ्य हुन आवश्यक पर्छ ।

प्राथमिकतामा पर्ने स्वास्थ्य सवालको पहिचान

यसमा मृत्युदरको आँकलन र त्यसको कारण,बिरामी पर्नेको संख्या र सबैभन्दा धेरै फैलिएको रोगको जानकारी, महामारी हुन सक्ने रोगको व्यापकता (जस्तै– हैजा, दादुरा, मस्तिष्क ज्वरो आदि), कडा कुपोषण र खोप व्यापकता आदि बारे सूचना पर्दछ ।

मृत्युदरले अवस्थाको गम्भीरतालाई मापन गर्न एउटा उत्कृष्ट सूचाङ्कको काम गर्दछ र यसको आधारमा मृत्युको कारण पहिल्इाउन सकिन्छ । प्रारम्भिक सेवाको लागि यी सूचनाले मार्गदर्शन दिन्छन् ।

संयुक्त राष्ट्रसंघ, सरकारी र गैह्र सरकारी क्षेत्रको स्वास्थ्य क्षेत्रमा उपस्थिति र कार्यक्रमहरू

प्रारम्भिक मूल्यांकनले शिविरमा के-कस्ता स्वास्थ्य सेवा प्रदायकहरू उपस्थित छन् भन्ने कुराको जानकारी दिनुपर्छ र तिनीहरूले के-के सुविधा प्रदान गरेका छन् वा गर्ने योजनामा छन् र तिनीहरूको कार्यगत क्षमता र त्यसले ढाक्ने क्षेत्रहरूबारे

पनि सूचना हुनु जरुरी हुन्छ । धेरै ठूला शिविरहरूमा शिविर स्वास्थ्य सेवा नियोगहरूले एउटै सेवा एउटै शिविरको फरक-फरक स्थानमा प्रदान गरिरहेका हुन्छन् । यो दृश्यावलोकन आवश्यक हुन्छ जसले गर्दा उपलब्ध साधन स्रोतले अधिकतम उपयोग हुन्छ र दोहोरिन पाउँदैछन् । शिविर भित्र र बाहिर विद्यमान स्वास्थ्य सेवाबारे पनि जान्न आवश्यक हुन्छ र तिनीहरूको शिविर जनसंख्यालाई सेवा पुऱ्याउन सक्ने क्षमताका बारेमा पनि बुझ्न जरुरी हुन्छ । यसमा उपल्लो स्तरको आयतन पहिचान गर्ने र त्यसको पहुँच निश्चित गर्ने उपल्लो स्तरको प्रयोगशाला जसमा परीक्षण गर्न सकियोस् त्यस्ताको पहुँच निश्चित गर्ने पर्दछन् । स्थानीय स्वास्थ्य निकायका योग्य स्वास्थ्यकर्मी र शिविरभित्रका योग्य स्वास्थ्यकर्मीको पहिचान र शिविरवासीमध्येकै स्वास्थ्य सेवा योग्यता भएका व्यक्तिहरूको पहिचान गर्नुपर्छ । उनीहरूको तालिमको स्तर पनि मापन गर्नुपर्छ ।

- संगठनहरू र कार्यहरूको नक्सा**ा**नको बारेमा थप जानकारीका लागि साधनमा हेर्नुहोला ।

पद्धति

माथि भनिएका सूचनाहरू प्रारम्भिक मूल्याङ्कनमा छिट्टै र साधारण तरिकाले गर्नुपर्छ ता कि जनसंख्याको एउटा विश्वासिलो चित्र प्राप्त गर्न सकियोस् । मूल्याङ्कन पद्धतिको उदाहरणमा स्थानीय स्वास्थ्य  निकायहरूसँग अन्तर्वार्ता, शिविरवासीसँग अन्तर्वार्ता, स्वास्थ्य केन्द्रबाट रोगी र मृत्युदरको सूचना संकलन, अनौपचारिक स्वास्थ्य सेवा प्रदायकसँग अन्तर्वार्ता (जस्तै सुडेनी) र प्रत्यक्ष अवलोकन जस्तै मृत्युदर पत्ता लगाउन चिह्न गणना गर्ने, स्वास्थ्य केन्द्रमा भ्रमण गर्ने आदि ।

कहिलेकाहीँ थोरै सूचना नै बढी काम लाग्ने हुन्छ : सम्झनुहोस् सबै संकलित सूचना प्रयोग योग्य हुनुपर्छ र धेरै सूचना र विस्तृत जानकारी जुन तत्काल प्रयोगमा आउँदैन त्यस्तो सूचना संकलन गर्नु उपयुक्त हुँदैन ।

- प्रारमिभक स्वास्थ्यमा मूल्यार्ाानको उदाहरणको निम्ति पाठ्य र सन्दर्भ सामग्री हेर्नुहोला ।

प्रारम्भिक स्वास्थ्य मूल्याङ्कन द्रूत गतिमा गरिन्छ र यो आकस्मिक कार्य गर्न प्रयोग गरिन्छ । एक वा तनि हप्ताभित्रमा अर्को मूल्याङ्कन गर्नु आवश्यक हुन्छ र यसले शिविर जनसंख्याको स्वास्थ्य सेवा संयोजन गर्न विस्तृत सूचना प्रवाह गर्दछ । यो समयमा विषयगत मूल्याङ्कन, जस्तै सूक्ष्म पौष्टिक तत्वको कमीको अवस्था वा बालबालिकाहरूमा खोपको अवस्था गर्न सकिन्छ । यो अवस्थामा प्रतिनिधिमूलक नमूनाहरूको परीषण विधि अपनाएर सर्वेक्षण गर्न सकिन्छ । प्रारम्भिक अवस्थाका राहत कार्यक्रमले (जस्तै– दादुरा खोप, खाद्यान्न र पानी) विस्तृत मूल्याङ्कन पर्खनुपर्दैन । यस्ता मूल्याङ्कनहरू निम्न कार्यहरूको संयोजनमा गर्न सकिन्छ :

मुख्य सूचकहरू छनौट गर्दा ध्यान दिनुपर्छ । मुख्य रूपमा उपलब्ध हुने सूचकहरू, जस्तै शिविरका वृद्धहरू र नेताहरू, ले महत्त्वपूर्ण स्वास्थ्य सेवा प्रयोगकर्ताहरूको स्वास्थ्य सवालहरूलाई बेवास्ता गर्न सक्छन् । बाल मृत्युदर एउटा मुख्य सरोकार हो र महिला तथा किशोरहरू प्राय बालबालिकाका सेवक हुन्छन् । उनीहरूलाई पनि मूल्याङ्कन गर्दा सोधपुछ गर्नुपर्छ । विशेष आवश्यकता भएका व्यक्तिहरू र जोखिममा भएकाहरू जस्तै अल्पसंख्यकहरू र अपाङ्गतालाई स्वास्थ्य सेवा पहुँचमा चुनौति हुन सक्छ र यिनीहरूलाई पनि सूचकका रूपमा राख्नुपर्छ ।

## खोप

### सामूहिक दादुरा विरुद्ध खोप अभियान

आकस्मिकताको अवस्थामा बाल मृत्युको मुख्य कारणमध्ये दादुरा संक्रमण भएको तथ्य विश्व स्वास्थ्य संगठनले जनाएको छ । जनसंख्याको चाल र उच्च जनघनत्वलाई धेरै खोप व्यापकता भएको क्षेत्रमा पनि महामारी फैलाउन सक्ने जीवाणु प्रसारमा सहयोग पु-याउने सहजकर्ताको रूपमा पहिचान गरिएको छ । थप, अस्वस्थता र कुपोषणको अवस्था भएका दादुराका रोगीहरू कारण उच्च मृत्युदर भएको पाइन्छ । त्यसकारण, प्रारम्भिक परीक्षण गर्दा दादुरा प्रकोप नभेटिए पनि दादुराको सामूहिक खोपलाई प्राथमिकतामा राख्नुपर्छ ।

उच्च खोप व्यापकता भएको जनसंख्यामा पनि दादुरा प्रकोप हुनसक्छ । हालको दादुरा खोपले नौ महिनाको बच्चालाई दिँदा ८५५ व्यापक हुन्छ । यसबाहेक निकै संख्यामा व्यक्तिहरू दादुराबाट पीडित हुने भेद्य हुन्छन् र यो रोग अति संक्रमणिय हुने हुँदा प्रकोप हुन सक्छ । छ महिनादेखि चौध वर्षसम्मका १००५ बालबालिकालाई यो खोप दिने उद्देश्य हुनुपर्छ ।

सुरुबाटै विस्तारित खोप कार्यक्रममा सहभागी भउका स्थानीय स्वास्थ्य निकायहरूलाई सामूहिक खोप कार्यक्रम संयोजन र लागू गर्न सहभागी गराउनुपर्छ । सामूहिक खोप कार्यक्रम सामान्यतय एउटा व्यवस्थापन अभ्यास हो ।

सकेसम्म १००५ खोप व्यापकता दर प्राप्त गराउन शिविर व्यवस्थापन नियोग र नेता-स्वास्थ्य सेवा सेवा प्रदायक संगठनले सबै संयन्त्र संयोजन गर्ने जिम्मेवारी लिनुपर्छ । संयुक्त राष्ट्रसंघीय बालकोष र विश्व स्वास्थ्य संगठनले राष्ट्रिय निकाय र अन्य सहयोगीहरूलाई सबै बालबालिकालाई आकस्मिक अवस्थामा दादुराको खोप दिलाउन सहयोग गर्छन् ।

पहिले खोप लगाएको भए वा नभए तापनि छ महिनादेखि १४ वर्षसम्मका सबै बालबालिकालाई दादुरा विरुद्ध खोप दिनुपर्छ । यस्तो रणनीतिको निम्नानुसार फाइदा हुन्छ :

- दोस्रो पटकको दादुरा खोपले केही नकारात्मक असर गर्दैन र खोपको प्रभावकारिता बढाउँछ ।
- गल्ती हुने सम्भावना कम हुन्छ (जस्तै : बालबालिकाहरूको खोप कार्ड साँटिने र कार्ड गलत बढिने) ।

यद्यपि, खोपको उपलब्धता, आर्थिक उपलब्धता, मानवीय स्रोत र स्थानीय दादुरा प्रकोप आदिले खोप पुऱ्याउनुपर्ने समूहको छनोटमा असर गर्न सक्छ । यदि सबै शिविर जनसंख्यालाई खोप प्रदान गर्न सकिन्न भने निम्न समूहलाई प्राथमिकता दिनुपर्छ र प्राथमिकता सूची अनुसार खोप लगाउनुपर्छ ।

- अस्पतालका अन्तरङ्ग विभागमा भएका र खाद्य केन्द्रमा भर्ती भएका छ महिनादेखि १२ वर्षसम्मका कुपोषित र बिरामी बालबालिकाहरू ।

- ६ देखि २३ महिनासम्मका अन्य सबै बालबालिकाहरू ।
- २४ देखि ५९ महिनाका सबै बालबालिकाहरू ।
- ६० महिनादेखि १४ वर्षसम्मका सबै बालबालिकाहरू ।

६ महिनाभन्दा कम उमेरका बालबालिकालाई दादुरा खोप नदिन सुझाव दिइन्छ किनभने यस अवस्थामा अनय जोखिम रहन्छन् । सामान्य अवस्थामा दादुरा खोप पाँच वर्षसम्मकालाई दिइन्छ तर शिविर अवस्थाको उच्च जोखिम स्थितिमा यो १४ वर्षसम्मका लागि सिफारिस गरिन्छ । सामूहिक दादुरा विरुद्ध खोप अभियानपछि तर धेरै ढिलो नगरी भिटामिन ए छ महिनादेखि १४ वर्षका बालबालिकाहरूलाई वितरण गरिनुपर्दछ । भिटामिन ए खुवाउनाले दादुरासँग सम्बन्धित मृत्युदर व्यापक रूपमा घट्न सक्ने देखिएको छ ।

| |
|---|
| सबै नौ महिनाभन्दा कम उमेरका बालबालिकालाई दादुराको दोस्रो खोप कम्तीमा एक महिनाको फरकमा दिनुपर्दछ । बालबालिकाहरूलाइ पहिलो पटक लिएको चारदेखि ६ महिनापछि भिटामिन ...ए' को दोस्रो मात्रा दिनु हुन्छ । |

दादुरा खोप शिविरमा आउनेबित्तिकै दिँदा पनि हुन्छ । तर यदि जनसंख्या बसोबास गरिसककौ अवस्था अथवा खोप केन्द्रमा थामिनसक्नु भीडभाड हुने अवस्थामा सामूहिक खोप अभियान चलाउन सकिन्छ । यो अभियानको निम्नानुसार तत्व हुन्छ :

- सूचना र शिक्षा अभियान : शिविरवासीहरूलाई खोप लगाइने स्थान र खोप अनि त्यसका जोखिम र खोप लिन आवश्यक पर्नाको कारण बताउनुपर्छ ।
- खोप समूहलाई तालिम : केही खोप समूहका सदस्यहरू तालिम प्राप्त

स्वास्थ्यकर्मी हुन आवश्यक छैन किनभने उनीहरूलाई तालिम दिएर खोपका अभियानका लागि तयार गर्न सकिन्छ ।

- खोप केन्द्र : प्रत्येक १०,००० व्यक्तिकालागि एक वा दुइ खोप केन्द्र हुनुपर्छ । खोप केन्द्रको दूरी खोप लगाउन एउटा सामान्य बाधा हुन्छ र त्यसकारण एउटा शिविरमा छरपष्ट केन्द्रहरू हुनु उपयुक्त हुन्छ ।
- पहुँच कार्यक्रम : सामूहिक स्वास्थ्य कार्यकर्ताहरू खोपका बेला शिविरमा भ्रमणमा गएर बालबालिकाहरूलाई खोप केन्द्र जान सिफारिस गर्न सक्छन् ।
- खोप कार्ड : यस्तो कार्ड प्रत्येक बच्चाको नाममा जारी गर्नुपर्छ र यदि बालबालिका ६ देखि आठ महिनाको छ भने यो कुरा कार्डमा स्पष्ट लेखिनुपर्छ र सेवा गर्नेलाई भन्नुपर्छ कि सो बालबालिकालाई दादुराको दोस्रो खोप दिन जरुरी हुन्छ ।
- प्रतिवेदन : प्रत्येक दिन खोप दिइएको संख्या र प्रयोग भएको औषधीको मात्राको लगत तयार गर्नुपर्छ ।

➢ दादुरा खोप नियमन फारमको लागि साधनामा हेर्नुहोला :

दादुरा खोपका लागि मालसामान तयारी

- लक्षित जनसंख्याका आधारमा दादुरा खोप मगाउनुपर्छ, सामूहिक खोप कार्यक्रममा खेर जाने खोपको मात्रा १५५ भन्दा बढी हुनुहुन्न । जम्मा खोपको २५५ सम्म थप खोप जगेडा राख्नुपर्छ ।
- दादुरा खोप ताप संवेदनशील हुने हुँदा २-८ डिग्री सेन्टिग्रेडको तापक्रममा ढुवानी र भण्डारण गर्नुपर्छ । चिस्यान प्रणाली कायम राख्नुपर्छ ता कि बाह्य तापक्रमले र मौसमी फरकले खोपमा कुनै असर नगरोस् ।
- सबै सावधानीहरू : एच.आई.भी. संक्रमण हुन नदिन तयार गरिएका प्रक्रियाहरू, हेपाटाइटिस बी जिवाणु प्रसार हुन नदिन र अनय रक्तजन्य

जिवाणुहरू प्राथमिक उपचार गर्दाखेरि वा स्वास्थ्य सेवा प्रदान गर्दा सर्न नदिन पर्याप्त मात्रामा स्वत: निष्काम हुने सिरिन्ज र सुई राख्ने भाँडा तयार हुनुपर्छ ।

- चिस्यान प्रणाली कायम गरी राख्ने विधिबारे जान्न पाठ्य र सन्दर्भ सामग्रीहरू हेर्नुहोला ।

दुई व्यक्ति भएको एक खोप टोलीले प्रति घण्टा ५००-७०० व्यक्तिहरूलाई खोप लगाउन सक्छन् भन्ने कुरा स्थापित भएको तथ्य हो । सामूहिक खोप अभियानमा तल दिइएको जस्तो कर्मचारी आवश्यक पर्दछ :

| खोप केन्द्र | कर्मचारी | संख्या |
|---|---|---|
| एक वा दुई खोप केन्द्रलाई १०,००० जनसंख्या धान्छ | सुपरिवेक्षक– नर्स वा योग्य स्वास्थ्यकर्मी | एक– यो व्यक्तिले धेरै समूह सुपरिवेक्षण गर्न सक्छ |
| | व्यवस्था अधिकारी | एक– यो व्यक्तिले अन्य थुप्रै समूहसँग काम गर्न सक्छ |
| | खोप तयार गर्ने कर्मचारी | चार |
| | खोप लगाउने कर्मचारी | दुई |
| | दर्ता र संख्यांकन कर्मचारी | छ |
| | भीड नियन्त्रण र व्यवस्थापन गर्ने कर्मचारी | छ |

## अन्य महामारी हुन सकने रोगहरूको खोप

दादुराभन्दा बाहेक अन्य सबै महामारी हुन सक्ने रोगहरूको सामूहिक खोप अभियान तब मात्र सञ्चालन गर्नुपर्छ जब सो रोग शिविरमा भएको प्रमाणित हुन्छ र त्यसले महामारीको रूप लिन लागेको तथ्य पुष्टि हुन्छ । जब महामारी भएको घोषित हुन्छ र सामूहिक खोपको आवश्यकता पर्छ) । नेता स्वास्थ्य सेवा प्रदायकले स्थानीय स्वास्थ्य निकाय, अधिकारी र विशेषज्ञहरूसँग सरुवा रोगहरूका बारेमा छलफल गर्नुपर्छ र कहिले सामूहिक खोप अभियान चलाउने भन्ने कुरा सल्लाह गर्नुपर्छ किनभने परिवेश नुसार खोप लगाउने विधि फरक हुन्छ । विवरण सर्न सकिने केही खोप लगाउन मिल्ने महामारी हुनसक्ने रोगदान यस प्रकार हुन्छ :

- व्याक्टेरियल मष्टिष्क ज्वर : नाइसेरिया मेनिनजिटेडिस व्याक्टेरियाबाट लाग्ने र सामान्यतया मेनिन्जोकोकल मेननजाइटिस भनिने किटाणुबाट हुने यो रोगका लक्षणहरूमा एक्कासि ज्वरो आउने, एकदम टाउको दुख्ने, गर्धन गह्रो हुने र चिड्चडा हुने र वान्ता हुने हुन्छ । हावाको माध्यमबाट भीडभाडमा व्यक्ति-व्यक्तिमा सर्ने यो रोग साना शिविरमा महामारीको स्तरसम्म कम पुग्छ । दुईदेखि दस वर्षसम्मका बालबालिकाहरूलाई यो रोग विरुद्ध खोप दिन प्राथमिक दिइनुपर्छ ।

महामारीको तह भनेको कति बिरामीहरू भएका छन् भन्ने कुराको निश्चित संख्या हो जुन पुगेपछि महामारी फैलिएको घोषणा गरिन्छ । यदि महामारीले आधार संख्या कम छ भने त्यो वातावरण बढी संवेदनशीलता छ भन्ने बुझिन्छ र त्यस महामारी हुन सक्ने रोग बढी फैलन सक्छ भनी बुझिन्छ ।

- पहेँलो ज्वरोले गम्भीर महामारीको रूप लिन सक्छ र यसको मृत्युदर पर्नि उच्च हुन्छ । यसको जिवाणु लामखुट्टेको माध्यमबाट मानिसमा सर्छ । यको लक्षणहरूमा अचानक ज्वरो आउने, टाउको र ढाड दुख्ने, मांसपेशी दुख्ने, आँखा रातो हुने र बान्ता आउने हुन्छ । यो रोग निकै गम्भीर अवस्थामा लाग्छ र अन्य थुप्रै रोगसँग झुक्किन्छ ।

केही समय रोग हराए जस्तो हुन्छ र दुई हप्तापछि पुनः फर्कन्छ जब बिरामीमा जण्डिस हुन्छ (छाला पहेँलो हुन्छ) । गिँजाबाट रगत आउने, नाक, कानबाट रगत बग्ने र दिसा र वान्तामा समेत रगत देखिने हुन्छ । यो रोग विरुद्ध शिविरका दुई महिनादेखि माथिका सबै जनसंख्यालाई खोप दिएर आउँदो दस वर्षसममका लागि ढुक्क हुन सकिन्छ ।

नियमित खोप : विस्तारित खोप कार्यक्रम : आकस्मिकता पश्चात्को अवस्थामा विस्तारित खोप कार्यक्रम एउटा दूरगामी स्वास्थ्य सेवा कार्यक्रमको अंगको रूपमा लागू गर्न सकिन्छ । विस्तारित खोप कार्यक्रममा दादुरा, भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार, पोलियो र वि.सि.जी. खोप पर्दछन् । पाँच वर्षमुनिका सबै बालबालिकालाई आफ्नो उमेर समूहको खोप दिनुपर्द । यो कार्यक्रम शिविर जनसंख्या स्थिर भएपछि (सामानयतया ६ महिना पछि तर पशिवेश अनुसार पनि हुन सक्छ), मानवीय र भा भौतिक साधन पर्याप्त भएपछि (जस्तै चिस्यान प्रणाली) र यस कार्यक्रमलाई राष्ट्रिय खोप कार्यक्रममा समिकरण गर्ने योजना बनेपछि मात्र खोप प्रदान गर्नुपर्छ । नियमित खोप कार्यक्रम अस्पताल, स्वास्थ्य केन्द्र, हेल्थ पोष्ट, पोषण केन्द्र वा दर्ता केन्द्रबाट प्रदान गर्नुपर्छ । यी स्थानहरूमा खोप कार्डका माध्यमबाट, खोपको अवस्था हेर्नुपर्छ र खोप उपलब्ध भए त्यही खोप प्रदानगर्नुपर्छ वा खोप केन्द्रमा सिफारिस गर्नुपर्छ । स्वास्थ्यकर्मीहरूले गर्ने पहुँच कार्यमा पनि खोपको अवस्था परीक्षण गर्नुपर्छ र खोप केनद्रमा सिफारिस गर्नुपर्छ ।

विस्तारित खोप कार्यक्रमको नियमित तालिकाको उदाहरणको लागि साधन हेर्नुहोला

## पोषण

विस्थापित जनसंख्यामा अपर्याप्त वा खाद्य सुरक्षामा कमी हुने हुँदा यसले कुपोषणको जोखिम उत्पन्न हुन्छ र यसले मृतयुदर र बिरामीदर वृद्धि गर्छ । कुपोषण पोषण तत्वको (शक्ति प्रदान गर्ने पोषण तत्व) र सूक्ष्म पोषण तत्व ( भिटामिन र खनिज) को कमीले हुन्छ । घरबार विहीन हुँदा, स्वास्थ्य अल कम हुँदा, शिविरसम्मको लामो यात्राले गर्दा वा रोग संक्रमणका कारणले शिविरवासीहरूलाई पोषण तत्वको कमीको भेद्यता निम्त्याउन सक्छ । शिविरमा आइपुगेका समयमा शिविर जनसंख्या व्यापक कुपोषित भइसकेका हुन्छन् । कुपोषणका कारणहरू जटिल र विभिन्न क्षेत्रबाट हुन सक्छ । शिविर व्यवस्थापन नियोगले खाद्यान्न र पोषण कार्यक्रमहरू स्वास्थ्य र अरू महत्त्वपूर्ण क्षेत्रहरू जस्तै– पानी, सरसफाई र चर्पी सेवा, शिक्षा र जीविकोपार्जनसँग संयोजित हुनुपर्छ । संयुक्त राष्ट्रसंघीय बाल कोष विश्वको प्रमुख पौष्टिक कार्यक्रम लागू गर्ने निकाय हो र शिविर व्यवस्थापन नियोग र स्वास्थ्य सेवा प्रदायकहरूले ऊसँग सम्बन्धित विषयमा सल्लाह लिने र थप विशेषज्ञ सेवाको लागि सहयोग खोज्नुपर्छ । विश्व खाद्य कार्यक्रम खाद्य व्यवस्थासम्बन्धी प्रमुख निकाय हो र यो सामान्य र थप खाद्यान्न व्यवस्थाको जिम्मेवार निकाय हो ।

खाद्य सुरक्षा त्यस्तो अवधारणा हो जसले कुनै घर परिवारको आृनो सदस्यलाई खुवाउन सक्ने क्षमता जनाउँछ जसका माध्यमबाट उनीहरूले पूर्ण र कार्यगत जीवन जिउन सक्छन् ।

## पोषण आवश्यकता

आकस्मिक अवस्थामा शक्ति आवश्यकता गणना र रेखाङ्कन गरी खाद्यान्न राशन तयार गर्दा २१०० किलो क्यालोरी प्रति व्यक्ति प्रति दिन हुनुपर्दछ । प्रति व्यक्ति प्रति दिन किलो क्यालोरी बढाउनुपर्छ यदि :

- यदि शिविरमा असमानुपातिक संख्यामा पुरुषहरू छन् । किनभने पुरुषहरूलाई प्रतिदिन बढी किलो क्यालोरी शक्ति आवश्यक पर्दछ ।
- यदि रोग, महामारी र कुपोषण व्यापक छ र खेस्रा मृत्यु दर एकभन्दा बढी छ (खेस्रा मृत्यु दर भन्नाले प्रति दिन प्रति दस हजारमा हुने मृत्यु) ।
- यदि सम्पूर्ण शिविरमा उनीहरूको सक्रियता बढी छ भने (जब कामका लागि खाद्यान्न कार्यक्रम लागू हुन्छ र शिविरमा श्रमजन्य कामहरू हुन्छन्)
- यदि औसत तापक्रम २०$^{\circ}$ सेन्टिग्रेडभन्दा कम छ भने ।

## मुख्य पोषणका कमीले हुने रोगहरू

आकस्मिक अवस्थामा पौष्टिक कमी वा पोषण गिरावट हुन्छ र यस्तो कमी र रोगहरू अन्तर्सम्बन्धित हुन्छन् । पखालाले पोषणको कमी र शोषण प्रक्रियामा प्रभाव पार्दछ र अरू रोगहरूले भोक कम लाग्ने र रोगहरूसँग लड्न आवश्यक पर्ने पोषण र सूक्ष्म पोषक तत्वको आवश्यकता बढाउँछ ।

कुपोषण दुई प्रकारका हुन्छन्– कडा र दीर्घ । दीर्घ कुपोषण लामो समयसम्म निरन्तर कुपोषित भइरहने अवस्थासँग सम्बन्धित छ र यो उच्च मृत्युदरसँग सम्बन्धित हुँदैन । कडा कुपोषणले शिविरमा उच्च रोग व्यापकता र मृत्युदरमा निम्त्याउँछ र यसलाई आकस्मिक अवस्थमा मूल्याङ्कन गर्नुपर्छ । कडा कुपोषणले निम्नानुसार रूपमा देखिन सक्छ :

- मरास्मस : यसमा व्यापक प्रोटिनको कमीले शरीरले शक्तिको आवश्यकता पूरा गर्न मांशपेशी र बोसोबाट शक्ति उत्पादन गर्दछ ।
- क्वासीवर्कर : यसको अवस्थामा अन्तर्कोषिय स्थानमा प्राय खुट्टाहरूमा सुजन हुन्छ र कहिलेकाहीँ कपालको रङ्ग खरानी रङ्गको वा रातो हुन्छ । भोक लाग्ने, झिझो मान्ने आदि यस अवस्थाको लक्षण हो ।
- मरास्मीक क्वासीवर्कर : यसमा व्यापक मांशपेशी र बोसेको खपत र सुजनको संयुक्त लक्षण देखिन्छ ।

रोगबाट बच्न र शारीरिक क्रियाकलापलाई प्भावकारी बनाइराख्न भिटामिन र खनिज तत्वको आवश्यक हुन्छन् । भिटामिन बी, सी, ए र डी अनि फलाम, सोडियम, आयोडिन, जिङ्क, म्याग्नेसियम र पोटासियम जस्ता खनिजहरू मुख्य पोषण तत्व हुन् र यी शरीरको क्रियाकलाप राम्ररी बनाइराख्न आवश्यक पर्दछ । सूक्ष्म पोषण तत्वको कमीले मृत्यु, रोग, अन्धोपना, जन्मजात विकृति र संक्रमणको अवस्था सृजना हुन्छ । शिविरमा वितरित खाद्यान्नहरूले व्यक्तिहरूलई आवश्यक सूक्ष्म पोषण प्रदान गरेको छ भन्ने कुरा निश्चित गर्नुपर्छ । सामानय खाद्यान्न राशनले आवश्यक सूक्ष्म पोषण तत्व जुन सुधारिएको खाद्यान्नबाट (आयोडिनयुक्त नुन, सुधारिएको अनाज) प्राप्त गर्न सकिन्छ । तर, यसमा थप सूक्ष्म पोषण प्रदान गर्ने उपलब्ध स्वास्थ्य सेवा प्रणालीलाई प्रयोग गर्नुपर्छ । जस्तै गर्भवती स्त्रीलाई फलाम चक्की, बालबालिकालाई भिटामिन ए)

खाद्य वितरणसम्बन्धी विस्तृत विवरणका लागि अध्याय १३ हेर्नुहोला ।

## पोषण अवस्थाको मूल्याङ्कन र निरीक्षण

पोषण सर्वेक्षणले कडा कुपोषणको मापन गर्छ र यसको माध्यमबाट जनसंख्यालाई

खाद्यान्न सहयोग गर्नुपर्ने स्थितिको आकस्मिकता निर्धारण गर्ने र सहायक खाद्यान्न सहयोगको योजना बनाउन सघाउँछ । यो एउटा आधार सूचनाको रूपमा भविष्यमा गरिने सर्वेक्षणबाट प्राप्त सूचनाको तुलना गर्न प्रयोग गर्न सकिन्छ र यसैका आधारमा सुपरिवेक्षण गर्न सकिन्छ । पोषण विशेषज्ञको उपस्थितिमा पोषण स्थितिको प्रारम्भिक मूल्याङ्कन गर्नुपर्छ र यो आकस्मिकताको चरणमै सकेसम्म चाँडो गर्नुपर्छ । सो सर्वेक्षणले ६ देखि ५९ महिनाका नमूना बालबालिकाहरूको अवस्था मापन गर्नुपर्छ । जब बालबालिकाहरूको उमेर ( यकिन गर्न गाह्रो हुन्छ तब ६५ सेन्टिमिटरदेखि ११० सेन्टिमिटर उचाई भएका बालबालिकालाई सो सर्वेक्षणमा सहभागी गराउन सकिन्छ । सर्वेक्षणमा संकलन गरिने सूचनामा निम्न कुराहरू संलग्न हुनुपर्छ :

- तौल र उचाइ : यो सूचना उचाइका लागि तौला मापन गर्न प्रयोग गरिन्छ । यो प्रत्येक बालकको पोषणको अवस्थाको वस्तुगत मूल्याङ्कन हो । यसलाई जेड स्कोरमा व्यक्त गरिन्छ । जेड स्कोर एउटा आधार जनसंख्याबाट हुने दूरी हो । (जेड स्कोर कुपोषण सूचाङ्कको लागि बक्स हेर्नुहोला ।)
- बालबालिकाको उमेर र लिङ्ग : केटा र केटीका लागि फरक-फरक जेड स्कोर हुन्छ र अभिलेख उमेरले निर्क्योल गर्छ ।
- सुजनको अवस्था : दायाँबायाँ सूजनको अवस्थामा उचाइका लागि तौलको जेड स्कोरको निरपेक्ष कडा कुपोषण भएको अवस्था जनाउँछ ।

संकलन गर्नुपर्ने थप आवश्यक सूचनामा निम्नानुसार पर्दछन् :

- मध्य माथिल्लो पाखुराको परिधि मापन : यो एउटा द्रुत गतिमा गरिने मापन हो र यसमा बायाँ पाखुराको माथिल्लो भागको (कुहिनाबाट माथि काँधभन्दा तल) परिधि मापन गरिन्छ ।

यो कुपोषणका कारण तत्काल हुने मृत्युको जोखिमको सूचक हुन्छ । तर यो विधि गलत सूचना दिने खालको पनि हुने हुँदा यसलाई मापन क्रियाको दुई मध्य एकका रूपमा प्रयोग गर्नुपर्छ ।यदि कुनै बालबालिकाको पाखुराको परिधि निश्चित अंकभन्दा कम हुन्छ तब उसलाई उचाइका लागि तौल मापन गर्न पठाउनु पर्छ र यसपछि उसलाई विशेष पोषण कार्यक्रममा सहभागी गराइन्छ ।

बडी मास इन्डेकस किशोर हरूको र गर्भवती नभएका वयस्कहरूको पोषणको अवस्था मापन गर्न प्रयोग गर्न सकिन्छ । (१३७ से.मि.भन्दा बढी उचाइ भएका) । वयस्क र किशोरहरू बालबालिकाभन्दा कम कुपोषित हुने सम्भावना रहन्छ तर केही विशेष अवस्थामा यो उमेर समूहलाई संलग्न गर्नुपर्छ ।

बडी मास इन्डेक्स . तौल/उचाइ ह उचाई

तल दिइएको बक्समा विभिन्न सूचाङ्कहरूको माध्यमबाट कडा कुपोषण मापन गरिन्छ :

| पोषण अवस्था | उचाइका लागि तौल जेड स्कोर | मध्य उपल्लो पाखुरा परिधि मापन |
|---|---|---|
| मध्यम कडा कुपोषण | ३ र २ जोड बीचको अङ्क | ११०-१२५ कि.मि.भन्दा कम र सुजन |
| मध्यम कडा कुपोषण | ३ र २ जेड बीचको अङ्क | ११०-१२५ मि.मि. बीचको |
| अति कडा कुपोषण | ३ जेड अङ्क वा सुजन | ११० भन्दा कम वा सुजन |

कडा कुपोषणमा मध्यम कडा र अति कडा दुवै कुपोषण पर्दछन् ।

बारम्बार पोषण सर्वेक्षणसम्बन्धी कुनै निश्चित नियम छैन, तर आकस्मिक अवस्थामा बारम्बार सर्वेक्षण दोहोर्‍याउन स्रोत साधनले भ्याएसम्म गर्नुपर्छ किनभने खाद्यान्न आपूर्ति प्रणाली कमजोर हुन्छ, धेरै नयाँ मानिसहरू शिविरमा प्रवेश गर्छन् र मृत्युदर र महामारीको जोखिम बढी हुन्छ । थप सर्वेक्षणहरूले सूचाङ्कहरूमा सूक्ष्म पोषण तत्वको कमी वा दादुरा खोपको अवस्था आदिलाई अवस्था अनुसार प्राथमिकतामा राखेर गर्नुपर्छ ।

## प्रतिनिधिमूलक नमूना छनौट

पूर्वी अफ्रिकाको एउटा विस्थापित समुदाय असुरक्षित वातावरणबाट भागे । पहिले आइपुग्ने व्यक्तिहरूले आफैंले एउटा शिविर खडा गरे र नवआगन्तुकहरू त्यसैको वरिपरि बस्न थाले । त्यहाँ व्यवस्थित जनगणना वा परिवारहरूको व्यवस्थापन थिएन र शिविर जनसंख्या दैनिक रूपमा घटबढ हुन थाल्यो । झुण्ड नमुना विधिबाट पोषण सर्वेक्षण गरियो र यसका लागि बालबालिकाहरूलाई मात्र गणना गरियो । शिविर बाहिर वरिपरि बसोबास गर्ने व्यक्तिहरूले यात्रामा लामो समय बिताएर शिविरसम्म आइपुगे र उनीहरू लामो समय खाना, पानी र स्वास्थ्य सेवाबाट वञ्चित भए । शिविरमा नेता स्वास्थ्य सेवा प्रदायकले पोषण अवस्था सर्वेषणले कम कुपोषण भएको देखायो र थप पौष्टिक खाद्यान्न कार्यक्रम सञ्चालन गरिएन । नवआगन्तुक शिविरवासीहरूमा पोषणको आवश्यकता थियो तर त्यो मापन गरिएन । के यस सर्वेक्षणमा कुपोषणका जोखिममा परेकाहरूलाई सभागी गराउन रोकियो ? शिविर व्यवस्थापन नियोगले पोषण सर्वेक्षण टोलीलाई कार्यक्रमसम्बन्धी निर्णय गर्दा के प्रश्न सोधेको थियो होला ? के स्वास्थ्यसम्बन्धी विरोधाभासपूर्ण सूचनाले खतराको संकेत गर्‍यो होला ? सर्वेक्षण परिणाम तब मात्र उपयुक्त हुन्छ जब सर्वेक्षण प्रविधिलाई राम्ररी लागू गर्न सकिन्छ र मापन गरिएका व्यक्तिहरू सबै जनसंख्याको प्रतिनिधि हुन्छन् र समयसम्गै तुलना गर्न मिल्ने हुन्छ ।

## छनौट पोषण कार्यक्रम

सामान्यतय दुई प्रकारका पोषण कार्यक्रम हुन्छन् :

- सम्पूर्ण शिविर जनसंख्यालाई पोषण कार्यक्रम ।
- चिकित्सकीय र थप पोषण कार्यक्रम संलग्न हुने छनौट पोषण कार्यक्रम

खाद्यान्न कार्यक्रमको तह सम्पूर्ण शिविर जनसंख्यालाई प्रदान गरिने आधारभूत खाद्यान्न राशन देखि कुपोषित व्यक्तिहरूलाई प्रदान गरिने गहिरो, विशिष्टीकृत पोषण सहायता पर्दछन् । जब सम्पूर्ण शिविरवासीहरूलाई आधारभूत खाद्यान्न कार्यक्रममा सहभागी गराइन्छ । तत् पश्चात् कुपोषण भएका व्यक्रिहरूलाई उच्च गुणस्तरको थप खाद्यान्न सहयोग गर्नुपर्छ र कडा र अति कुपोषण भएका व्यक्तिहरूको लागि चिकित्सकीय पोषण सहयोग प्रदान गर्नुपर्छ र यो प्रभावकारी हुन्छ । विशेष आवश्यकता भएका व्यक्तिहरू (जस्तै गर्भवती स्त्री) हरूलाई पनि थप र चिकित्सकीय पोषण कार्यक्रममा सहभागी गराउनुपर्छ र यो उनीहरू कुपोषित समूहभित्र नपर्ने भए पनि लागू गर्नुपर्छ ।

छनौट पोषण कार्यक्रम दुई प्रकारबाट लागू गर्न सकिन्छ : पोषण केन्द्रमा वा पोषण कार्यक्रमस्थलमा खुवाउने अथवा घर लैजाने राशन व्यवस्था गर्ने । पछिल्लो तरिकामा राशन बढी दिइन्छ ता कि घरमा परिवारहरूले बाँडेर खाँदा पनि धेरै फरक पर्दैन । तल छनौट पोषण कार्यक्रमसम्बन्धी निर्णय गर्ने व्यवस्था दिइएको छ । यो सूची एउटा मार्ग निर्देशकका रूपमा शिविर अवस्थामा निर्णय गर्न प्रयोग गर्न सकिन्छ ।

| थाहा भएको | चाहिएको कार्यबाही |
|---|---|
| घर परिवार स्तरमा खाद्यान्न पर्याप्तता २१०० किलो क्यालोरी प्रति व्यक्ति प्रतिदिन वा अपर्याप्त सूक्ष्म पोषण तत्व उपलब्धि | नराम्रो स्थिति<br><br>मात्रा बढाउने ता कि खाद्यान्नको पहुँच बढ्छ र उपलब्धता बढ्छ |
| १५५ भन्दा बढी कुपोषणको व्यापकता वा १०-१४५ व्यापकता र साथमा सो बढाउने तत्वहरू | गम्भीर अवस्था<br><br>● सामान्य राशन (यदि शरणार्थी तथा आन्तरिक पूर्ण रूपमा खाद्यान्न सीमित समूहमा मात्र त्यस्तो आवश्यकता छ भने यो नचाहिन सक्छ)<br>● सबै विशेष आवश्यकता भएका व्यक्तिहरूलाई र जोखिममा रहेका समूह विशेष गरी साना केटाकेटी, गर्भवती र दूध खुवाउने महिलाहरूलाई पोषण व्यवस्था गर्ने ।<br>● कडा रूपमा कुपोषित व्यक्तिहरूलाई चिकित्सकीय पोषण कार्यक्रम लागू गर्ने । |
| कुपोषण व्यापकता १०-१४५ वा ५-९५ र साथमा सो बढाउने तत्वहरू | जोखिम अवस्था<br><br>● सामान्य राशन मात्र यदि शरणार्थीहरू र आन्तरिक विस्थापितहरू खाद्यान्न सहयोगमा मात्र निर्भर छन् भने<br>● लक्षित व्यक्ति वा विशेष आवश्यकता |

| थाहा भएको | चाहिएको कार्यबाही |
|---|---|
| | भएका व्यक्तिहरूमध्ये कुपोषितहरूलाई थप पोषण<br>• कडा कुपोषण भएकाहरूलाई चिकित्सकीय पोषण |
| कुपोषण व्यापकता १०५ र साथमा सो बढाउने तत्वहरू नभएको | स्वीकार्य अवस्था<br>• सामान्य राशन मात्र यदि शरणार्थी र आन्तरिक विस्थापितहरू खाद्यान्न सहयोगमा माग निर्भर छन् भने<br>• थप पोषण आवश्यक नपर्ने<br>• नियमित सामुदायिक सेवा मार्फत कुपोषित व्यक्तिहरूालई ध्यान दिने |

बढाउने तत्व भन्नाले औसत आवश्यकताभन्दा कम भएको खाद्यान्न राशन, खेस्रा मृत्युदर यदि १ प्रति हजार प्रति दिनभन्दा बढी छ भने दादुरा र अन्य महामारी छ भने र श्वासपश्वास सम्बन्धी र झाडा पखाला रोग छ भने त्यस्तो स्थितिलाई जनाउँछ ।

## नयाँ चिकित्सकीय खाद्यान्न कार्यक्रमको पद्धति

विश्व स्वास्थ्य संगठन, विश्व खाद्य कार्यक्रम, संयुक्त राष्ट्रसंघ पोषण सम्बन्धी स्थायी समिति र संयुक्त राष्ट्रसंघीय बालकोषहरूले पत्ता लगाएको नयाँ प्रमाणका आधारमा यो स्थापित भएको छ कि तीन चौथाई कडा कुपोषित बालबालिकाहरू जसको खाना रुचि राम्रो छ र अन्य स्वास्थ्य जटिलताहरू छैन

भने– लाई घरमै राखेर सुधारिएको खाद्यान्न र चिकित्सकीय प्रयोग गर्न तयार खाद्याननहरू खुवाएर ठिक गर्न सकिन्छ ।

यो एउटा नरम पोषण र शक्तिले भरिपूर्ण खाद्यान्न हो जसलाई छ महिनादेखिका बालबालिकाहरूले पानी मात्र मिसाएर खान सक्छन् र यसो गरेर किटाणुको संक्रमण कम गर्न सकिन्छ । चिकित्सकीय प्रयोग गर्न तयार खाद्यान्नहरूले कडा कुपोषण भएका बालबालिकाहरूलाई घरैमा राखेर उपचार गर्न आवश्यक पोषण तत्वहरू भएको र चिस्यानमा राखिरहनु नपर्ने र सरसफाईको अवस्था चित्त नबुझ्दो भए पनि हुने स्थितिमा प्रयोग गर्न मिल्छ । यो समुदायमा आधारित कडा कुपोषण भएका व्यक्तिहरूलाई उपचार गर्ने पद्धतिलाई शिविर वातावरणमा लागू गर्न स्वास्थ्य सेवा प्‍दायकहरूले सोच्नुपर्छ ।

| |
|---|
| उपलब्ध स्वास्थ्य सेवा प्रणाली र चिकित्सकीय पोषण कार्यक्रमलाई एकीकरण गर्ने एउटा शिविरको पोषण सर्वेक्षणले कुपोषण दर १४५ र कडा कुपोषण दर ३.५५ पत्ता लगायो । एउटा स्वास्थ्य राहत नियोगले उपल्लो तहको अस्पतालमा चिकित्सकीय पोषण कार्यक्रम लागू गर्ने योजना बनायो । तर यो योजना शिविर व्यवस्थापन नियोग रोगको छलफलमा पुनरावलोकन गऱ्यो जसबाट यो पत्ता लाग्यो कि शिविरमा रहेको सरकारी स्वास्थ्य केन्द्रले स्वास्थ्य जटिलता भएका कडा रूपमा कुपोषित बालबालिकाहरूलाई अन्तरङ्गमा राखेर चिकित्सकीय पोषण कार्यक्रम लागू गरेको रहेछ । व्यवहार गर्ने तरिका पुरानो रहेछ र बीचमा छोड्ने (अस्पतालबाट छुट्ने समयसम्ममा थप पोषण कार्यक्रम छोड्ने दर) दर ५५५ भेटियो । सो नियोगले सरकारी स्वास्थ्य केन्द्रलाई विशिष्टिकृत धूलो दूध र अन्य त्यहाा उपलब्ध नभएका सामाग्रीहरू उपलब्ध गरायो । त्यस नियोगले त्यहाँ भएका स्वास्थ्यकर्मी तथा सुपरिवेक्षकसँगै काम गरेर उनीहरूको कार्यविधि सुधार गरेर उपयुक्त विधिहरूको सहयोग गरेर र नयाँ समानान्तर सेवा केन्द्र नखोलेर नियोगले सरकारी स्वास्थ्य कर्मीहरूको क्षमतामा दीर्घकालीन रूपमा विकास भयो र उनीहरूले कडा कुपोषणको उपचार गर्न सक्ने भए । |

## पोषण व्यवहार - बालबालिका र कलिला केटाकेटीहरू

धेरै त्रास भएको आकस्मिक अवस्थाहरूमा बालबालिका र केटाकेटीहरूको मृत्युदर उच्च हुन्छ । छ महिनाको उमेरसम्मका बालबालिकालाई आमाको दूध मात्र खुवाउन सिफारिस गरिन्छ । छ महिनादेखि दुई वर्षको उमेरसम्म आमाको दूध र त्यसमा थप खाद्यान्न खुवाउन सुझाव दिइन्छ । बालबालिकाहरूको हेरचाह गर्नेलाई सहयोग गर्ने र उनीहरूको पोषण आवश्यकता पूरा गर्ने स्रोत साधन व्यवस्था गर्न शिविरमा प्राथमिकता दिनुपर्छ । दूध खुवाउने आमाहरूलाई मार्गदर्शन र एच.आई.भी./एड्स संक्रमण भएका आमाहरूलाई पूरक खाद्यान्न व्यवस्था सम्बन्धी विशेष सल्लाह हुन्छ ।

- दूध खुवाउने र एच.आई.भी./एड्स भएका आमाहरूलाई पूरक मार्गनिर्देशन सम्बन्धी विस्तृत जनाकारीका लागि पाठ्य र सन्दर्भ सामग्री हेर्नुहोला ।

निम्न कार्यहरूले बालबालिका र केटाकेटीहरूमा कुपोषण कम गर्न सकिन्छ :

- सामुदायिक स्वास्थ्य कार्यकर्ताहरूले भेद्य परिवारहरू जसमा बालबालिका, कलिला केटाकेटी र गर्भवती स्त्री हुन्छन् त्यो पत्ता लगाउनु पर्छ ।
- विशेष आवश्यकता भएका र जोखिममा भएकाहरूको प्राथमिकता दर्ता गरेर खाद्यान्न व्यवस्था गर्न छलफल गर्नुपर्छ ।
- दर्ता र वितरण केन्द्र नजिकै छाना भएका दूध खुवाउने ठाउँहरूको व्यवस्था गर्नुपर्छ।
- बालबाकिला तथा साना केटाकेटी भएका परिवारमा उनीहरूलाई खुवाउने व्यवहार सिकाउन व्यवहारिक सहयोग गर्न र प्रोत्साहन

गर्न महिलाहरूलाई नियुक्त गर्नुपर्छ ।

- एक्लै परेका केटाकेटीहरूको जिम्मेवार पत्ता लगाउनुपर्छ, उनीहरूलाई उपयुक्त खाद्य पूरक तत्वहरू (टुहुरा बालबालिकाका लागि दूध) व्यवस्था गर्नुपर्छ ।

| |
|---|
| सामुदायिक स्वास्थ्य कार्यकर्ता त्यस्ता तालिम प्राप्त व्यक्तिहरू हुन् जो कार्य क्षेत्रमा काम गर्छन् र प्राय स्वास्थ्य शिक्षा कार्यहरू गर्छन्, बिरामी पत्ता लगाउँछन् र स्वास्थ्य केन्द्रमा जान सल्लाह दिन्छन् । |

## स्वास्थ्य सेवाको संरचना

शिविरमा भएको स्वास्थ्य सेवा संरचनाले नयाँ रोगी पत्ता लगाउन, रोग निदान गर्न र प्राथमिकतामा परेका रोगहरूको उपयुक्त उपचार गर्ने सेवाहरू प्रदान गर्नुपर्छ । स्थापित स्वास्थ्य संरचनालाई सहयोग गर्न र उनीहरूसँगै काम गर्न जरुरी हुन्छ । तर धेरै शिविर अवस्थाहरूमा सहयोग गर्दा पनि सरकारी र निजी स्वास्थ्य केन्द्रमा भिड हुन सक्छ । तयसकारण नयाा स्वास्थ्य संरचना लागू गर्न जरुरी हुन्छ । रणनीति जस्तो भए तापनि निम्नानुसार चार तहमा व्यवस्था गरिएको शिविर स्वास्थ्य सेवा संरचना सफल प्रमाणित भएको छ ।

- पहुँच कार्यक्रम : सामुदायिक स्वास्थ्य कार्यकर्ताहरू र तालिम प्राप्त सुडेनीहरूले यो पहुँच सुविधा प्रदान गर्छन् । यिनीहरूको जिम्मेवारीमा घर भेटघाट,बिरामी पहिचान र तिनीहरूलाई र कुपोषित बालबालिकाहरूलाई स्वास्थ्य केन्द्रमा सिफारिस गर्ने, गर्भवती महिलाहरू पहिचान गर्ने र तिनीहरूलाई प्रजनन स्वास्थ्य केन्द्रमा सिफारिस गर्ने, सामान्य स्वास्थ्य शिक्षा, मृत्युसम्बन्धी सूचना संकलन गर्ने र स्वास्थ्य सूचना प्रणालीलई सहयोग गर्नु पर्दछ ।
- सामान्य सुविधा : स्वास्थ्य केन्द्रहरूले सामान्य परामर्श, सामान्य निदनात्मक उपचार (सुई सुविधा नभएको तर केही अत्यावश्यक औषधी भएको), पूनर्जलीय

उपचार, घाउ सफा गर्ने र ताला बन्द औषधी बिक्री केन्द्र र सामानय निर्मलीकरण र सूचना संकलन सुविधा भएको हुनुपर्दछ ।

- केन्द्रीय सुविधा : यसमा चौबिसै घण्टा सुविधा, अन्तरङ्ग र बहिरङ्ग सुविधा भएको हुनुपर्छ र यहाँ केही प्रयोगशाला सुविधा पनि उपलब्ध हुन्छ तर यो आकस्मिक अवस्थामा प्राथमिकतामा पर्दैन ।
- उपल्लो स्तरको अस्पताल : शिविरमा भएको स्वास्थ्य सेवा प्रणालीले उपल्लो तहको अस्पतालमा थप विशिष्ट सेवा प्राप्त गनृ सफारिस गर्न सक्ने हुनुपर्छ । उपल्लो स्तरको अस्पतालले आकस्मिक शल्यक्रिया र प्रसूति सेवा, प्रयोगशाला सेवा, एक्स-रे सेवा र गम्भीर रोगको उपचार गर्न सक्नुपर्छ । केही विशेष अवस्थामा मात्र, जब उपल्लो स्तरको अस्पताल उपलब्ध हुँदैन र वा एकदम भीड हुन्छ (जस्तै लडाइँका घाइतेको शल्यक्रिया) तब मात्र शिविर/कार्य क्षेत्र अस्पताल स्थापना गर्नुपर्छ । त्यसकारण स्थानीय उपल्लो तहको अस्पताललाई सहयोग गर्नुपर्छ न कि समानान्तर संरचना शिविरभित्र खडा गर्नु ।

| |
|---|
| शिविर व्यवस्थापन नियोगले नेता स्वास्थ्य सेवा नियोग (वा स्वास्थ्य सेवा प्रदायक) लाई नियमित स्वास्थ्य संयोजन सभा आयोजना गरेर उपल्लो स्तरको स्वास्थ्य केन्द्रमा सिफारिस गर्ने प्राालीलाई प्रत्येक स्वास्थ्य सेवा केनद्रको तहसम्म स्पष्ट संरचना र उपचारको प्रक्रियाको मापदण्ड र सूचना संकलन साधनको बारेमा स्पष्ट गराउनुपर्छ । |

आकस्मिक चरणमा शिविरमा प्रयोगशाला स्थापना गर्नु प्राथमिकतामा पर्दैन । यस अवस्थामा मुखय प्राथमिकता भनेको स्थापित उपल्लो तहको महामारी परीक्षणका लागि नमुना संकलन गर्न सकिने प्रयोगशाला पत्ता लगाउनु हो । शिविर स्वास्थ्य केन्द्रमा आउने धेरै बिरामीहरूलाई आकस्मिक चरणमा उपचार नर्ग उपलब्ध व्यवस्थाबाट पहिचान भएको रोगको उपचार गर्न सकिन्छ । रक्त प्रवाह सेवा

शिविरमा स्थापना गर्नुभन्दा पहिले शिविरमा एच.आई.भी. परीक्षण गर्ने सेवा उपलब्ध हुनुपर्दछ ।

आकस्मिक अवस्थामा उपचारात्मक र निवारणात्मक स्वास्थ्य सेवा शरणार्थी र विस्थापितलाई नि:शुल्क व्यवस्था गर्नुपर्छ । खर्च उठौति गर्ने प्रारका विकासोन्मुख देशहरूमा लागू भएका प्रणालीले बढीमा पाँच प्रतिशत मात्र खर्च उठाउन सकेको देखिन्छ तर यो सेवा अत्यावश्यक भएका व्यक्तिहरूलाई बाधाको रूपमा रहन्छ । वरिपरि बसोबास गर्ने स्थानीय जनसंख्यालाई पनि नि:शुल्क स्वास्थ्य सेवा प्रदान गर्नुपर्छ र यसका बारेमा राष्ट्रिय नीतिका बारेमा स्वास्थ्य निकायहरूसँग छलफल गर्नुपर्छ ।

- संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायोगको आकस्मिकताको लागि हाते पुस्तक तेस्रो संस्करण, पृ. ३६१

## तलब स्रोत

कर्मचारी तलब र सुविधाहरू उनीहरूलाई भर्ना गर्दा बखत नैस्पष्ट गर्नुपर्छ । सिद्धान्तत: दैनिक आधारमा निश्चित जिम्मेवारीका साथ निश्चित कार्य समयमा काम गर्ने व्यक्तिहरूलाई तलब र भत्ता व्यवस्था गर्नुपर्छ । शिविर व्यवस्थापन नियोगले नेता स्वास्थ्य सेवा प्रदायकलाई सबै स्वास्थ्य सेवा प्रदायकहरूलाई संयोजन गरेर उनीहरू सबै एउटै मापदण्डमा चल्दछन् भन्ने कुरा निश्चित गर्ने कार्य गर्न सहयोग गर्नुपर्छ ।

स्वास्थ्य सेवा कर्मचारी नियुक्ति गर्दा निम्न व्यक्तिहरूलाई निम्न प्राथमिकता स्तरमा

राख्नुपर्छ : शिविर जनसंख्या/आन्तरिक विस्थापित/शरणार्थीहरू, स्थानीय आतिथ्यकर्ता समुदायका अनुभवी राष्ट्रिय व्यक्तिहरू, बाहिरीयाहरू / प्राय शिविर अवस्थामा यिनीहरूको मिश्रण चाहिन्छ तर के कुरामा ध्यान दिनुपर्छ भने स्वास्थय सेवा शिविर जनसंख्याको निम्ति नभई सँगै विकास गर्नुपर्छ । महिलाहरू शिविरका स्वास्थ्य प्रणालीका महत्त्वपूर्ण अंग हुन् र तिनीहरूलाई स्वास्थ्य सेवासम्बन्धी कामका लागि आवेदन दिन प्रोत्साहन गर्नुपर्छ । पुरुषहरू धेरै भउका स्वास्थ्य सेवामा स्वास्थ्य सेवाका प्राथमिक लाभप्रापकहरू महिलाहरू सेवा लिनबाट वञ्चित हुन्छन् ।

स्वास्थ्य सेवा प्रदान गर्ने नियुक्ति प्राप्त र तालिम प्राप्त महिलाहरूको संख्या शिविरमा भएका महिला जनसंख्याको अनुपातमा हुनुपर्दछ । दिइएको तालिकामा न्यूनतम आवश्यक कर्मचारीका बारेमा स्फेयर मापदण्डमा व्यवस्था भएअनुरूप उल्लेख गरिएको छ र यसमा भिन्न तहको स्वास्थ्य सेवा प्रदायकको लागि भिन्न संख्या व्यवस्था गरिएको छ :

| स्वास्थ्य संरचना तह | पद | कर्मचारी तह |
|---|---|---|
| समुदायमा पहुँच कार्यक्रम | सामुदायिक स्वास्थ्य कार्यकर्ता | एकप्रति ५००-१००० जनसंख्या |
| | परम्परागत सुडेनी | एक प्रति २००० जनसंख्या |
| | सुपरिवेक्षक | एक प्रति १० सामुदायिक स्वास्थ्य कार्यकर्ता/सुडेनी |
| | वरिष्ठ सुपरिवेक्षक | एक |

| स्वास्थ्य संरचना तह | पद | कर्मचारी तह |
|---|---|---|
| सामान्य स्वास्थ्य केन्द्र एक<br>प्रति १०,००० जनसंख्या | जम्मा कर्मचारी | दुई देखि पाँच |
| | योग्य स्वास्थ्य कार्यकर्ता | कम्तीमा एक जना, प्रति व्यक्ति ५० परामर्श प्रति दिन |
| | अयोग्य कर्मचारी | पुनर्जलीय उपचारका लागि एक, घाउ सफा गर्न, एक दर्ता प्रशासन आदि |
| केन्द्रीय स्वरूप केन्द्र एक<br>प्रति ५०,००० जनसंख्या | योग्य स्वास्थ्य कर्मचारी | न्यूनतम पाँच बहिरङ्गमा प्रति व्यक्ति प्रति दिन ५० का दरले र प्रतिव्यक्ति प्रति पालो २०-३० वेड अन्तरङ्ग सेवा |
| | अनमी | न्यूनतम एक |
| | डाक्टर | न्यूनतम एक |
| | प्रयोगशाला प्राविधिक | न्यूनतम एक |
| | औषधी वितरण | न्यूनतम एक |
| | अयोग्य स्वास्थ्य कर्मचारी | एक जना पुनर्जलीय उपचारका लागि, औषधी वितरणमा एक, घाउ सफा गर्न सुई लगाउन र निर्मलीकरण गर्न एक |
| | अयोग्य कर्मचारी | दर्ता र सुरक्षा |
| उपल्लो तहको | फेरिन सक्ने | |

| स्वास्थ्य संरचना तह | पद | कर्मचारी तह |
|---|---|---|
| अस्पताल | शल्य चिकित्सक | कम्तमिा एक जना |
| | नर्स | कम्तीमा एक जना : २०-३० शैया प्रति पटक |

माथि उल्लेख गरिएको योग्य स्वास्थ्यकर्मी भन्नाले औपचारिक रूपमा तालिम प्राप्त स्वास्थ्य सेवा प्रदान गर्न सक्ने व्यक्तिहरू जस्तै– डाक्टर, नर्स, चिकित्सकीय अधिकृत वा स्वास्थ्य सहायक हुन् । तर शिविर स्थितिमा औपचारिक तालिम प्राप्त व्यक्तिहरूलाई नियुक्त गर्न गाह्रो हुन्छ । शिविरमा नै त्यस्ता शिविरवासी पनि हुन सक्छन् जसले औपचारिक स्वास्थ्य तालिम उनीहरूको आफ्नो देशमा पासका पनि हुन्छन् तर स्थानीय स्वासथ्य निकायहरूले मान्यता प्रदान नगरेको हुन सक्छ । यस्तो अवस्थामा स्वास्थ्य नियोगहरू र शिविर व्यवस्थापन नियोगहरू राष्ट्रिय स्वास्थ्य निकायसँग छलफल गरी उनीहरूलाई स्वास्थ्य सेवामा नियुक्त गर्न सक्ने सम्भावना रहन्छ ।

## तालिम

मिश्रित स्वास्थ्यकर्मीहरू जसलाई शिविर जनसंख्यामध्येबाट र स्थानीय सरकारका तर्फबाट नियुक्त गरिन्छ, उनीहरू स्वास्थ्य केन्द्रमा सँगै काम गर्नु जरुरी हुन्छ र उनीहरूलाई प्रारम्भिक तालिम दिएर बिरामीको अवस्थाको व्याख्या र बिरामी व्यवस्थापनका लागि उचित पद्धतिका बारेमा तालिम दिन आवश्यक हुन्छ । स्थानीय अवस्था व्याख्या तथा बिरामी व्यवस्थापन विधि प्रयोग भएको भए पनि स्थानीय व्यक्तिहरूका लागि त्यो पुनर्ताजगी तालिम हुन सक्छ र यो मौकामा सबै कर्मचारीहरूले आफ्नो जिम्मेवारी राम्रोसँग पालना गरेको कुरा निश्चित गर्न सकिन्छ ।

सबै स्वास्थ्यकर्मीहरू र गैह्र स्वास्थ्य सेवामा सहयोग पुऱ्याउने कर्मचारीहरूलाई शिविरमा स्वास्थ्य प्रणाली व्यवस्थापन गर्दा सर्वमान्य सावधानीको व्यवस्था गर्न जरुरी हुन्छ । स्वास्थ्य नियोगहरूले स्वास्थ्यकर्मीहरूसँग सबै आवश्यक सामग्रीहरू छन् (जस्तै– धारिलो वस्तु राख्ने भाँडा, पर्याप्त मात्रामा सुइहरू) भन्ने कुरा निश्चित गर्नुपर्छ ता कि उनीहरूले सबै सर्वमान्य सावधानीहरू अपनाउन सक्छन् । सर्वमान्य सावधानीका आधारभूत मान्यताहरू यस प्रकार छन् :

- सबै स्वास्थ्यकर्मीले घाउ वा अन्य शारीरिक पदार्थको प्रत्यक्ष सम्पर्कमा रहेपछि अनिवार्य रूपमा प्रशस्त साबुन पानीलेहात धनुपर्छ ।
- रगत र अनय त्यस्तै संक्रमण हुन सक्ने झोल पदार्थको प्रत्यक्ष सम्पर्कमा आउने सम्भावना रहेको खण्डमा सुरक्षा पञ्जा ३ कपडा अनिवार्य लगाउनुपर्छ ।
- फोहोर वस्तु सुई र अन्य धारिलो सुरक्षित विसर्जन गर्नुपर्छ र सामग्रीहरू अन्य स्वास्थ्य सामग्रीहरूलाई राम्ररी निर्मलीकरण गरेर मात्र अर्को बिरामीमा प्रयोग गर्नुपर्छ ।

पर्याप्त पानी, सरसफाई र चर्पी सुविधा रपर्याप्त सामग्रीहरू सर्वमान्य सावधानीका निम्ति सबै स्वास्थ्य केन्द्रहरू, साना स्वास्थ्य केन्द्रमा समेत हुन जरुरी छ ।

स्वास्थ्य सेवा लचिलो हुन आवश्यक छ । महामारीको अवस्थामा उपचारात्मक सेवाको आवश्यकता बढी हुन सक्छ र थप भौतिक र मानवीय स्रोत आवश्यक पर्न सक्छ ।

## मालसामान आपूर्ति

शिविरको प्रारम्भिक मूल्यांकनमा सबै उपलब्ध स्वास्थ्य सामग्रीहरूको अभिलेख राख्नुपर्छ । यदि ती सामग्रीहरू शिविर जनसंख्यालाई अपुग छन् र थप सामग्रीहरू स्थानीय सरकारी निकाय र अन्य स्वास्थ्यकर्ताहरूबाट प्राप्त गर्न सकिन्न भने विश्व स्वास्थ्य संगठनको ...नयाँ आकस्मिक साधनहरू' विश्व स्वास्थ्य संगठन वा संयुक्त राष्ट्र संघीय शरणार्थी उच्चायोग मार्फत मगाउन सकिन्छ । यो आधारभूत साधनमा अत्यावश्यक औषधीहरू र प्राथमिक स्वास्थ्य सेवाका आपूर्ति जम्मा १०,००० मानिसहरूलाई तीन महिनाका लागि पुग्दछ । संयुक्र राष्ट्रसंघीय जनसंख्या कार्यक्रमले पनि १२ पूर्व तयारी गरिएका विशेष सामग्री प्रजनन स्वास्थ्य सेवाका समय प्रयोग गर्न सकिन्छ । तर यी सामग्रीहरू छोटो समयका लागि मात्र प्रयोग गर्न सकिन्छ र आवश्यक औषधीको नियमित आपूर्तिका लागि आवश्यक सामग्रीहरू पहिचान गरी त्यस्ता सामानहरूलाई सकेसम्म छिटो शिविरमा भण्डारण गर्नुपर्छ ।

स्वास्थ्य सुविधा क्षेत्र योजना, संक्रमण नियन्त्रण, उपलले केन्द्रमा पुऱ्याउने व्यवस्था चिस्यान प्रणाली व्यवस्था र औषधी भण्डारण/वितरण केन्द्र आदि सवालहरूलाई ध्यान दिएर मात्र स्वास्थ्य सेवा संरचना तयार गर्नुपर्छ ।

- “नयाँ आकस्मिक साधन” का बारेमा र संयुक्त राष्ट्रसंघ जनसंख्या कार्यक्रमको प्रजनन स्वास्थ्य साधनका बारेमा जान्न साधनमा हेर्नुहोला ।
- विश्व स्वास्थ्य संगठनको वयस्क र बालबालिकाका लागि आवश्यक औषधीको नमुना सूची साधनमा हेर्नुहोला ।

## स्वास्थ्य सूचना प्रणाली

### सरुवा रोगको सुपरिवेक्षण र निरीक्षण र स्वास्थ्य सेवा

स्वास्थ्य सेवा लागू हुनेबित्तिकै स्वास्थ्य सूचना प्रणाली लागू गर्नुपर्छ । यसका लागि सूचना संकलन गर्ने तीन तरिकाहरू छन् ।

- नियमित परामर्शहरूको साप्ताहिक वा मासिक प्रतिवेदन जसमा महामारीबारे सूचना प्रदान गर्ने सावधानी प्रणाली समेत पर्दछ ।
- महामारी खोज– जसमा महामारीको शंका भएको समयमा तदर्थ रूपमा सूचना संकलन गरिन्छ ।
- सर्वेक्षण– जसमा नियमित प्रतिवेदन ढिला भएको वा विशेष प्रकारको सूचना संकलन गरिन्छ (जस्तै पोषण वा खोपको पारिवारिक सर्वेक्षण)

स्वास्थ्य सेवा सुरु भएर नियमित परामर्श सुरु भइसकेपछि नियमित प्रतिवेदन सुरु गर्नुपर्छ । प्रत्येक स्वास्थ्य घटना र रोगका बारेमा वर्णन प्रक्रिया विकास गर्नुपर्छ र यस बारेमा र विशेषत: महामारी हुन सक्ने रोगका बारेमा सबै स्वास्थ्यकर्मीहरूलाई उचित तालिम दिनुपर्छ । घटना विश्लेषण र स्वास्थ्य सूचना प्रणालीहरूले आतिथ्यकर्ता राष्ट्रको व्याख्या र प्रणाली अपनाउनुपर्छ । यदि यो अपूरो छ वा उपलब्ध छैन भने स्थानीय स्वास्थ्य निकायसँग मिलेर यो तयार गर्नुपर्छ ।

- विश्व स्वास्थ्य संगठनको घटना विश्लेषण मापदण्डका लागि साधन हेर्नुहोला ।

स्वास्थ्य केन्द्रबाट स्वास्थ्यकर्मीले गर्ने नियमित स्वास्थ्य प्रतिवेदनमा दैनिक

परामर्श (रोगीको संख्या) र लिङ्ग, उमेर (पाँच वर्ष मुनि र पाँच वर्षभन्दा माथि) का आधारमा रोगहरूबाट भएको मृत्युका बारेमा जनाउनुपर्छ । सबै तहका स्वास्थ्य प्रणाली जस्तै केन्द्रीय, स्वास्थ्य केन्द्र र कार्यक्षेत्रको अस्पतालहरूले सूचना प्रदान गर्नुपर्छ । शिविरमा क्रियाशील सामुदायिक स्वास्थ्य कार्यकर्ताहरूले मृत्युसम्बन्धी सूचना प्रदान गर्नुपर्छ तर उनीहरूले बिरामीहरूको संख्यामा प्रतिवेदन गर्नुपर्दैन किनभने उनीहरूले बिरामीहरूलाई स्वास्थ्य केन्द्रमा सिफारिस गरेका हुन्छन् । सामुदायिक स्वास्थ्य कार्यकर्ताहरूले प्रदान गर्ने सूचनाले सम्बन्धित क्षेत्रमा भएका स्वास्थ्य सेवा सूचनालाई टेवा पुऱ्याउँछ ।

मृत्युसम्बन्धी सूचनामा दोहोरो हुनुहुन्न । स्वास्थ्य केन्द्रमा हुने मृत्युहरू सो केन्द्रको नियमित प्रतिवेदनमा उल्लेख हुनुपर्छ । सामुदायिक स्वास्थ्य कार्यकर्ताहरूले एउटै मृत्युलाई दोहोरो गणना गर्नुहुन्न ।

रोग र मृत्यु निरीक्षण फारममा महामारी हुन सक्ने रोगहरू जस्तै आउँ मासी, पखाला, शांकास्पद हैजा, तल्लो श्वासप्रशवस नली संक्रमण, दादुरा, मस्तिष्क ज्वर र औलो जस्ता रोगहरू उल्लेख हुनुपर्छ । रोग महामारी हुन सक्ने रोगीको संख्या निश्चित गरिनुपर्छ र त्यसका बारेमा सबै स्वास्थ्य कार्यकर्ताहरूलाई खबर गर्नुपर्छ ।

एक जना स्वास्थ्यकर्मीले प्रत्येक दिनको अन्त्यमा त्यो दिनको परामर्शको सूचना तुलना गर्नुपर्छ । जब सावधानी लिनुपर्ने बिरामी संख्या देखापर्छ तब उसले महामारीको सावधानी सूचना गर्छ र यो नेता स्वास्थ्य सेवा प्रदायकलाई प्रतिवेदन गर्छ । महामारी हुन सक्ने रोगका बारेमा प्रतिवेदन गर्दा समयलाई ख्यान गर्नुपर्छ । महामारी प्रतिवेदन गर्न ढिलोभएमा शिविरभित्र मृतयुदर बढ्नेछ ।

- महामारी हुन सक्ने रोगको सावधानी संख्याको र महामारी प्रतिवेदन फारमको नमूनाको लागि साधन हेर्नुहोला ।

| |
|---|
| स्वास्थ्य सूचना प्रणाली साधारण र लागू गर्न सजिलो हुन जरुरी हुन्छ । स्वास्थ्यकर्ताहरूले प्रयोगमा नल्याउने सूचना संकलन गर्नुहुन्न । जटिल र समय धेरै लाग्ने स्वास्थ्य सूचना फारमले स्वास्थ्यकर्मीलाई सो प्रयोग गर्न दुरुत्साहित गर्छ । |

प्रत्येक हाता र महिनाको अन्त्यमा प्रत्येक स्वास्थ्य केन्द्रबाट संकलन गरिने सूचनालाई सममाननीय नेता स्वास्थ्य नियोगले जम्मा गरेर सम्बन्धित सबैलाई सो सूचना प्रदान गर्नुपर्छ । यो शिविर व्यवस्थापन नियोगलाई पनि प्रदान गर्नुपर्छ । यो सूचनाले स्वास्थ्य रणनीतिमा असर गर्न सक्छ र आउँदो हप्ता र महिनामा बन्ने यस्ता रणनीतिहरूमा निम्नानुसार तत्वहरू हुनुपर्छ :

- खेस्रा मृत्यु दर : (दिइएको समयमा भएको मृत्यु/जनसंख्या) र (१०,०००/दिन संख्या)
- पाँच वर्ष मुनिको मृत्युदर : (दिइएको समयमा पाँच वर्ष मुनकिा बच्चाहरूको मृत्यु संख्या/ पाँच वर्ष मुनकिो बच्चाहरूको संख्या) ह (१०,०००/दिन संख्या)
- कारणगत मृत्युदर : (दिइएको समयमा दिइएको रोगबाट मर्नेको संख्या/दिइएको समयको जनसंख्या)
- घटना दर व्याख्या : दिइएको समयमा देखापर्ने दिइउको रोगको नयाँ बिरामी जुन सो रोग फैलन सक्ने जोखिम भएको जनसंख्यामा हुन्छ ।

साप्ताहिक बिरामी र मृत्यु निरीक्षण फारमको नमूनाका लागि साधन हेर्नुहोला ।

- घटना दर . दिइएको समयमा दिइएको रोगको नयाँ बिरामी/ सो रोग लाग्न सक्ने जोखिम जनसंख्या) ह १,०००/ दिइएको महिना संख्या)
- स्वास्थ्य केन्द्र प्रयोग दर . (एक हप्तामा स्वास्थ्य केन्द्र आउनेको संख्या/जनसंख्या) ह ५२ हप्ता
- प्रति स्वास्थ्यकर्मी प्रति दिन पर्‍ . जम्मा परामर्श (नयाँ र पुरानो) / पूर्णकालीन स्वास्थ्य कार्यकर्ता वा सो बराबर/एक हप्तामा स्वास्थ्य केन्द्र खुलेको दिन

पूर्णकालीन वा सो बराबर कार्यरत स्वासथ्यकर्मी भनाले आंशिक कार्य गर्ने स्वास्थ्य कर्मचारीलाई उनीहरूले काम गरेको समयलाई पूर्णकालीनको समयसँग मिलान गरेको काम हो । उदाहरणका लागि यदि एउटा स्वास्थ्य केन्द्रमा १० पूर्णकालीन र दुई आंशिक कर्मचारी छन् भने त्यसको पूर्णैकालीन वा बराबर . १० पूर्णकालीन + १ दुवै आधा समय काम गर्ने कर्मचारीको संख्या जोड्दा १) . ११

| |
|---|
| खेस्रा मृत्युदरको अवस्था (पाँच वर्ष मुनिको खेस्रा मृत्युदर खेस्रा मृत्युदर भन्दा प्राय दोब्बर हुन्छ) |

| | |
|---|---|
| विकासोन्मुख राष्ट्रहरूको औसत | ०.५ मृत्यु प्रति १०,००० प्रति दिन |
| सहायता कार्यक्रम : नियन्त्रणमा | १.० मृत्युभन्दा कम प्रति १०,००० प्रति दिन |
| सहायता कार्यक्रम : गम्भीर | १.० मृत्युभन्दा बढी प्रति १०,००० प्रति दिन |

| | |
|---|---|
| अवस्था | |
| आकस्मिक : नियन्त्रण बाहिर | २.० मृत्युभन्दा बढी प्रति १०,००० प्रति दिन |
| गम्भीर बिपत्ति | ५.० मृत्युभन्दा बढी प्रति १०,००० प्रति दिन |

यदि आधार खेस्रा मृत्यु दर थाहा छ भने (सामान्यत: शिविर अवस्थामा थाहा हुन्न) तब स्फेयर मापदण्ड अनुसार सो आधारभन्दा खेस्रा मृत्युदर दोब्बर बढी भयो भने त्यस अवस्थामा तुरुन्त कार्यवाही गर्नुपर्छ किनभने यो एउटा जनस्वास्थ्यको आकस्मिक अवस्था हो ।

स्वास्थ्य सूचना संकलन गर्दा बिरामीको गोप्यताको ध्यान राख्नुपर्छ । बिरामीको सम्पूर्ण सूचना, अवस्था, उपचार र अन्य कुराहरू बिरामी, स्वास्थ्य सेवा प्रदायक र सुपरिवेक्षकबीच मात्र हुन जरुरी हुन्छ । बिरामीको अनुमति विना कुनै स्वास्थ्यकर्मीले बिरामीका बारेमा कुनै सूचना बिरामीको प्रत्यक्ष स्याहारमा लागेका व्यक्ति बाहेक कोहीसँग छलफल गर्नुहुन्न । आकस्मिक अवस्थामा पनि बिरामीको स्वास्य सूचनाको गोप्यताको बारेमा स्वास्थ्यकर्मीहरूलाई तालिम दिनुपर्छ र सूचनाहरू पूर्ण हुनुपर्छ । व्यवहारमा यस्तो भउको हुँदैन । आकस्मिक अवस्थामा बिरामीको स्वास्थ्य सूचनाको गोप्यतासम्बन्धी तालिम स्वास्थ्यकर्मीलाई दिइउको छेन भने आकस्मिकता पश्चात्को अवस्थामा यो तालिम दिलाउनु शिविर व्यवस्थापन नियोग र नेता स्वास्थ्य सेवा प्रदायकको जिम्मेवारी हो । स्वास्थ्यकर्मीलाई सूचना गोप्य राख्न आवश्यक सामग्रीहरूको व्यवस्था गर्नुपर्छ जस्तै ताला भएको दराज, दर्ता किताब, गोप्य परामर्श गर्ने कोठा आदि ।

## महामारी छानबिन

महामारीको बारेमा प्रतिवेदन र सावधानी शिविर अवस्थामा धेरै आउँछन् र यी सबै सूचनालाई नेता स्वास्थ्य सेवा प्रदायक वा तोकिएको महामारी हेर्ने समूहले अनुसन्धान गर्नुपर्छ । निदानलाई प्रयोगशाला परीक्षण र लक्षणहरूका आधारमा निश्चित गर्नुपर्छ र यो रोग अनुसार र परिवेशअनुसार फकर हुन सक्छ ।

- महामारी अनुसन्धान फारमको नमूना साधनमा हेर्नुहोला ।

प्राय महामारीहरूको एउटा तरिका हुन्छ । पहिले थोरै बिरामी हुन्छन् र एकाएक एकदम धेरै हुन्छन् र फेरि घट्छन् । तर सधैँ यस्तो नहुन सक्छ । जब महामारी घोषणा गरिन्छ तब नेता स्वास्थ्य सेवा प्रदायकले दैनिक, साप्ताहिक बिरामीहरूको ग्राफ बनाउनुपर्छ ।

यस ग्राफमा बिरामकिो संख्या ठाडो भरिन्छ भने दिन वा हप्ता तेर्सो भरिनछ । यस्तो ग्राफको व्याखया ध्यानपूर्वक गर्नुपर्छ, तर यसले महामारीको भविष्यका बारेमावर्णन गर्न सक्छ र त्यसअनुरूप साधनहरू सञ्चालन गर्न सकिन्छ । महामारी रेखाको अर्थको बारेमा सबै स्वास्थ्य कार्यकर्ताहरूलाई बुझाउनुपर्छ ।

## सरुवा र महामारी रोगको नियन्त्रण

### महामारीको प्रतिक्रिया

महामारी घोषणा भएपछि नेता स्वास्थ्य सेवा प्रदायक र शिविर व्यवस्थापन नियोगले मिलेर आकस्मिकता महामारी योजना तयार गरी अगाडि

बढ्नुपर्छ । स्वास्थ्य सेवा प्रदायकहरू महामारीको अवस्थामा कार्य गर्न तयार हुनुपर्छ र नेता स्वास्थ्य सेवा प्रदायकले महामारी हुनुअगावै तयार गरेको आकस्मिक योजना अनुसार काम गर्नुपर्छ ता कि उच्च रोगी संख्या र मृत्यु संख्यालाई नियन्त्रण गर्न सकियोस् । आकस्मिक योजनामा उपलब्ध सामानको र खोपको लगत तयार गर्ने र अन्य सामग्रीहरू (जस्तै नशाबाट दिइने तरल पदार्थहरू, तोकिएका किटाणु विरुद्धका औषधी ( किटाणु संक्रमण उपचार गर्न) आदि र सबै क्रियाशील कर्ताहरूको शिविरको अवस्था, उपलब्ध सामाग्री र मानव स्रोत आदिको विवरण आदि हुनुपर्छ । सक्रिय र निष्कृय बिरामीहरूको बारेमा पत्ता लगाउने तालिम र यसको प्रतिवेदन गर्ने उपयुक्त संयन्त्र बनाई तयार राख्नुपर्छ । स्वास्थ्यकर्मीहरूलाई रोग निवारण गर्ने, पत्ता लगाउने र उपचार गर्ने, प्राथमिकतामा परेका रोगहरूको सर्ने प्रक्रिया र शिविरमा महामारी हुन सक्ने रोगका बारेमा सम्पूर्ण जानकारी उपलब्ध गराउनुपर्छ । यस्ता विधिहरू स्थानीय स्वास्थ्य निकायसँग समन्वय गरेर विश्व स्वास्थ्य संगठनबाट निर्देशित भएर सबै स्वास्थ्य कार्यकर्ताहरूबाट स्वीकृत हनुपर्छ ।

शिविर अवस्थामा धेरै सरुवा रोगहरू जस्तै टाइफाइड, ज्वरो, क्षयरोग, पहेँलो ज्वरो, मस्तिष्क ज्वर, हेपाटाइटिस आदि फैलन सक्छन् । यस्ता रोगहरूको कारण विशेषबाट हुने मृत्युदर आकस्मिक अवस्थामा कम हुन्छ तर यदि महामारी संघार संख्यामा देखिन थालेमा सावधानी गर्नुपर्ने हुन्छ । आकस्मिकता पश्चात्को अवस्थामा यस्तो रोगहरूलाई नियन्त्रण गर्न कुनै उपयुक्त विधि अपनाउन सकिन्छ । आकस्मिक अवस्थामा प्राथमिकतामा राख्नुपर्ने रोगहरू त्यसको महामारी अवस्थामा व्यवस्थापन गर्दा अपनाउन सकिने उपायहरू निम्नानुसार छन् :

## पखालाजन्य रोग

पखालाजन्य रोगहरू शिविर अवस्थामा बिरामी र मृत्यु पर्नाकाध्येकै मुख्य हो । गम्भीर आकस्मिक अवस्थामा शिविरहरूमा ४० प्रतिशतसम्म मृत्यु पखालाजन्य रोगका कारण भएको पाइएको छ ।

शिविर व्यवस्थापन नियोगले निम्न कुराहरूमा ध्यान दिनुपर्छ : निवारण उपायहरू जस्तै सफा पानी, पर्याप्त शौचालय, साबुन वितरण, व्यक्तिगत सरसफाइको शिक्षा,सुरक्षाको प्रवर्द्धन र बच्चाहरूलाई सकेसम्म चाँडो दूध खुवाउनुपर्छ । सामान्य र रगत देखा नपरेको पखालालाई सामान्य पुनर्जलीय विधिबाट उपचार गर्न सकिन्छ तर शिविर अवस्थामा स्वास्थ्य कार्यकर्ताहरूलाई महामारी हुन सक्ने पखालाको आउँ र हैजा-सुपरिवेक्षण गर्न तालिम दिनुपर्छ । आउँ एउटा सानो र ठूलो आन्द्रामा असर गर्ने किटाणुबाट लाग्ने रोग हो । शिगेल्ला डिसेन्ट्री प्रकार १ (ए डी १) एउटा गम्भीर र महामारी हुन सक्ने रोग हो र यसमा रगतमासी देखा पर्छ । यसको प्रसार प्रदूषित खाना र पानीको माध्यमबाट व्यक्रिबाट व्यक्तिमा सर्छ र यो अति सरुवा हुन्छ । यसमा मृत्युदर यदि तत्काल र प्रभावकारी उपचार नगरे १०५ सम्म हुन्छ ।

शिविर व्यवस्थापन नियोगले एस डी १ को शंकास्पद रोगीहरू पहिचान गरी उनीहरूको दिशामा रगत भएको निश्चित गरी नेता स्वास्थ्य सेवा प्रदायकालई वा महामारी प्रतिक्रिया समूहलाई तत्काल खबर गर्नुपर्छ । उपयुक्त प्रयोगशाला परीक्षण र किटाणु संवेदनशीलता परीक्षण गरेर निश्चय गर्नुपर्छ । यसले उपचार र नियन्त्रण कार्यहरूलाई असर गर्नुहुन्न । यदि प्रभावकारी किटाणु विरुद्ध औषधी पर्यापत छैन भने उच्च जोखिम भएका बिरामीहरूलाई प्राथमिकतामा राखी उपचार गर्नुपर्छ । ती प्राथमिकता यसअनुसार हुनछ :

- पाँच वर्षमुनिका बालबालिका– विशेषत २ वर्षमुनिका

- कडा कुपोषण भएका र विगत छ हप्तामा दादुरा भएका बालबालिकाहरू
- केटाकेटीहरू र वयस्कहरू जो कुपोषित छन्
- गम्भीर रूपमा जल विनियोजन भएकाहरू, जो मूर्छा पर्छन् र हेर्दा धेरै बिरामी देखिन्छन्
- ५० वर्षभन्दा माथिका सबै वयस्कहरू

- शिगेल्ला डिसेन्ट्रीको प्रकार १ को बारेमा विस्तृत जानकारीका लागि पाठ्य र सन्दर्भ सामग्री हेर्नुहोला ।

मिब्रियो कोलेरा (हैजा) एउटा कडा किटाणुबाट हुने रोग हो र यसमा धेरै पानी जस्तै पखाला जान्छ र वान्ता पनि हुन्छ । यदि यसका बिरामीहरू तुरुन्त उपचार नगरे सो रोगले ठूलो मात्रामा शरीरबाट जल विनियोजन हुन्छ र तुरुन्त उपचार नगरे गम्भीर जल विनियोजन भएर केही घटामै मृत्यु हुन सक्छ । यो रोग प्रदूषित खाना र पानीका माध्यमबाट सर्छ ।

शिविर अवस्थामा नराम्रो सरसफाई स्थिति र भीडभाड भएको बसोबासमा राम्ररी व्यवस्थापन गर्न नसकेको खण्डमा हैजाको महामारीले ४०५ सम्मको मृत्यु दर हुन सक्छ । प्रजातान्त्रिक गणतन्त्र कंगो (पूर्व जायर) मा १९९४ मा यो स्थितिको प्रतिवेदन भएको थियो ।

शिविर व्यवस्थापन नियोगले सबै स्वास्थ्य कार्यकर्तालाई हैजाको शंकास्पद बिरामी पहिचान गर्न तालिम दिनुपर्छ । जब :

- पाँच वर्षभन्दा माथिको बालबालिकालाई अचानक गम्भीर जल विनियोजन

हुन्छ र पानी जस्तै पातलो पखाला लाग्छ र कहिलेकाहीँ उल्टी पनि हुन्छ भने

- हैजा महामारी भएको स्थानमा दुई वर्षभन्दा कम उमेरको बालबालिकालाई अचानक पानी जस्तै पातलो पखाला लाग्छ भने

हैजा ९०% अवस्थाहमा लक्षण विनाको हुन्छ तर यस्तो हुँदा पनि दिसाबाट किटाणु फैलन्छ । भिब्रियो कोलेरा भएका २०% बिरामीहरूमा गम्भीर, पानी जस्तै पातलो पखाला हुन्छ र यिनीहरूमध्ये १०-२०% लाई कडा रूपमा पानी जस्तै पातलो पखाला लाग्छ र वान्ता पनि हुन्छ । बिरामीको संख्या एकै चोटि बढ्न सक्छ किनभने यो रोगको वृद्धि अवधि एकदम छोटो हुन्छ (दुई घण्टा देखि ५ दिनसम्म) । एउटा मात्रै पनि हैजाको रोगी निक्योंल भयो भने यसले हैजा महामारीको रूप लिन्छ र उपचारका लागि हैजा बिरामी व्यवस्थापन र उपचार केन्द्र स्थापना गर्नुपर्छ ।

जब शिविरमा हैजाका शंका लाग्छ, हैजाको किटाणुको प्रसारलाई समयमै रोक्नुपर्छ, बिरामीहरू निक्योंल गर्नुपर्छ र उपयुक्त उपचार र बिरामीलाई एकान्तमा राख्ने र स्वास्थ्य सरसफाईसम्बन्धी सूचना सम्प्रेशण गर्नुपर्छ ।

हैजा व्यवस्थापनमा जल विनियोजनलाई पुनर्जलीय उपचार र नशाबाट तरल पदार्थ दिएर गर्न सकिन्छ । हैजाको उपचारका लागि किटाणु विरुद्ध औषधी आवश्यक हुँदैन र यो औषधी एकदम कडा बिरामीहरूमा र अस्पताल शैय्या भरिने अवस्थामा र नशाबाट दिइने तरल पदार्थको उपलब्ध मात्रा कम हुँदै गएको अवस्थामा प्रयोग गर्नुपर्छ ।

- महामारी अनुसन्धान रणनीति, रेखांन र एकान्तमा राख्ने स्थान, हैजा केन्द्रका आवश्यक नियमहरू, निर्मलीकरण गर्ने विधि, उपचार आवश्यकता गणना आदि पाठ्य र सन्दर्भ सामग्रीमा प्राप्त गर्न सकिन्छ ।

| |
|---|
| व्यापार र यात्रा नियन्त्रणले हैजा नियन्त्रणमा सहयोग गर्दैन त्यसैले यो आवश्यक हैन । |

## श्वासप्रश्वास संक्रमण

माथिल्लो श्वासप्रश्वास नली संक्रमणमा सामानय रुघा र तल्लो श्वासप्रश्वास नली संक्रमणमा निमोनिया पर्दछ । तलो श्वासप्रश्वास नली संक्रमण शिविर अवस्थाको बिरामी हुने र मृत्यु हुने कारण हुन्छ । शिविर व्यवस्थापन नियोगले तालिम प्राप्त स्वस्थ्यकर्मीहरू समयमै निमोनियाको लक्षण पत्ता लगाउन सक्ने, उपचार गर्न सक्ने र उपल्लो स्तरको स्वास्थ्य केन्द्रमा सिफारिस गर्न सक्नेछन् भन्ने कुरा निश्चित गर्नुपर्छ । सामुदायिक स्वास्थ्य कार्यकर्ताहरूलाई सबै खोकी लागेका र सास फेर्न अप्ठेरो भएका बिरामी बालबालिकाहरूलाई स्वास्थ्य केन्द्रमा सिफारिस गर्न तालिम प्राप्त हुनुपर्दछ । विश्व स्वास्थ्य संगठनले तल्लो श्वास नली संक्रमण भएका बिरामीहरूको व्यवस्थापन गर्न निम्नानुसार सिफारिस गर्दछ :

- कुपोषणका लक्षणहरू मूल्याङ्कन गर्नुपर्छ । कुपोषणले निमोनियाबाट मृत्यु हुने जोखिम बढाउँछ ।
- कडा कुपोषण भएका बालबालिकाहरूलाई तुरुन्त अन्तरङ्गमा अस्पतालमा राखी उपचार गर्नुपर्छ ।
- निमोनियाको व्यवस्थापनमा किटाणु विरुद्ध औषधि दिन सकिन्छ तर औषधीको

छनौट राष्ट्रिय विधि र उपलब्ध औषधी अनुसार निर्धारण छन् ।

- यदि विधिहरू र औषधीहरू स्थानीय स्वास्थ्य निकाय र स्वास्थ्य मन्त्रालयमा उपलब्ध छैन भने कट्रिमक्साजोल खान दिन सकिन्छ । कडा निमोनियाको लागि सुइबाट किटाणु विरुद्ध औषधी जस्तै पेनिसिलीन, एम्पीसिलिन वा क्लोराम्फेनिकोल दिन सकिन्छ ।
- मुखबाट पुनर्जलीय उपचार, पौष्टिक आहार ख्वाउने, ज्वरो घटाउने उपाय र चिसोबाट बचाउने उपाय गर्न सकिन्छ ।

- विश्व स्वास्थ्य संगठनको श्वासप्रश्वाससम्बनधी रोगको र पखालाको निदान र व्यवस्थापन सम्बन्धी विधिको लागि पाठ्य र सन्दर्भ सामग्री हेर्नुहोला ।

दादुरा : दादुरा एक अति नै सर्न सक्ने जिवाणुबाट लाग्ने रोग हो र यो व्यक्ति-व्यक्रिबीच श्वास फेर्दा निस्कने थोपाहरूका माधयमबाट सर्दछ र यसले प्रतिरोध क्षमता नाश गर्दछ । मृत्यु सामान्यतय अन्य रोगको जटिलताको कारणले हुन्छ ( सँगै देखापर्ने तर असम्बन्धित रोग) जस्तै निमोनिया, पखाला, कुपोषण ।

शिविर व्यवस्थापन नियोगले यो कुरा निश्चित गर्नुपर्छ कि स्वास्थ्यकर्मीहरूलाई प्रारम्भिक लक्षणका बारेमा शिक्षा दियएको छ ता कि उनीहरूले सो रोगका बिरामी सुरुमै पत्ता लगाउन सक्छन् र व्यवस्थापन गर्न सकिनछ । उनीहरूलाई यसको प्रारम्भिक लक्षणमा ज्वरो आउने, रुघा लाग्ने, आँखा रातो हुने, सिँगान बग्नेर कोप्लिक दागहरू (ओठ र गालाको भित्री भागमा ससानो फोका) हुने हो । कान पछाडि र कपाल नजिकै राता विमिराहरू आउन सक्छ र यो जिउभर फैलन्छ ।

यस्ता लक्षण देखिएका सम्पूर्ण बिरामीहरूलाई लक्षण व्यवस्थापन गर्न नजिकैका स्वास्थ्यकेन्द्रमा पठाउनुपर्छ र उनीहरूको पोषणमा ध्यान दिनुपर्छ र सम्भव भएसम्म छनौट पोषण कार्यक्रम लागू गर्नुपर्छ । आकस्मिक अवस्थामा रोगीलाई एकान्तमा राखिरहनुपर्ने आवश्यक हुँदैन ।

औलो : मानिसमा चार प्रकारका मलेरिया भनिने परजीवी विकास हुन्छ तर प्लासमोडियम फाल्किपारम मुख्य स्वास्थ्यका दृष्टिकोणबाट महत्त्वपूर्ण हुन्छ, विशेषत: जब सव-सहारा अफ्रिका क्षेत्रमा यस्ता शिविर हुन्छन् । विश्व स्वास्थ्य संगठनको अनुमान अनुसार विशवमा प्रत्येक वर्ष तीस करोड औलोका रोगी भेटिन्छन् र तीमध्ये दस लाख व्यक्तिको यसबाट मृत्यु हुन्छ र यसको ९०५ मृत्यु सव-सहारा अफ्रिकी क्षेत्रमा हुन्छ । यो रोग एनोफिलिस भन्ने पोथी लामखुट्टेको टोकाईबाट सर्छ र यसले प्राय राति आक्रमण गर्दछ । सरलीकृत बिरामी व्याख्या यस प्रकार छ :

- जटिलता नभएको औलो : ४८ घण्टादेखि ज्वरो आएको, टाउको र ढाड दुख्ने वा नदुख्ने, जिउ काम्ने, उल्टी आएजस्तो हुने, उल्टी गर्ने, पखाला लाग्ने, मांशपेशी दुख्ने र ज्वरो आउनुको अरू स्वभाविक कारण नदेखिनु यसको लक्षण हो । औलो ग्रस्त क्षेत्रमा र मौसममा पाँच वर्षमुनिका सबै ४८ घण्टादेखि ज्वरो आएका बालबालिकाहरूलाई औलोको शंकाको घेराभित्र राख्नुपर्छ । औलोको कम व्यापकता भएको स्थान र मौसममा ज्वरो आएका ५ वर्ष मुनिका केटाकेटीलाई तब मात्र औलोको औषधी दिइन्छ जब उसको नाकबाट सिँगान बगेको छैन । श्वासप्रश्वास संक्रमणको लक्षण), दादुरा वा ज्वरो आउने अरू स्वाभाविक कारणहरू जस्तै निमोनिया, घाटी दुखेको आदि छैन । कम जोखिम भएका स्थानमा परजीवी परिक्षण गरेर उपचार गर्न सुझाव दिइन्छ ।
- कडा औलो : ज्वरो र जटिलता नभएको औलोको लक्षण तर अन्य स्नायुगत लक्षणहरू जस्तै दिग्भ्रमित हुने, मूर्छा पर्ने, बेहोस हुने र रक्त अल्पता, जण्डिस

रक्तस्राव, नशामा सुजन र झट्का लाग्ने ।

- आकस्मिक अवस्थामा औलोको बारेमा विस्तृत जानकारी पाठ्य र सन्दर्भ सामग्रीमा हेर्नुहोला ।

शिविर व्यवस्थापन नियोगले यो कुरा बुझ्न आवश्यक छ कि आकमिक चरणमा शिविरमा औलोको प्रयोगशालाबाट निदान गर्न सामानयतय सम्भव हुन्न र निदान र उपचार लक्षणका आधारमा र शिविर क्षेत्रको औलो जोखिमका आधारमा गर्नुपर्छ । प्रयोगशाला सेवा स्थापित हुनासाथ औलोको प्रयोगशाला परीक्षणबाट किटानी गर्नुपर्छ तर जब औलो महामारी हुन्छ त्यस्तो अवस्थामा लक्षण नै रोग निदान गर्ने पर्याप्त आधार हुन्छ । द्रुत निदान परीक्षण महंगो हुन्छ तर आकस्मिक चरणमा औलोको निदान गर्न विशेषत: औलो जोखिम कम भएको स्थान र मौसममा र प्रयोगशाला स्थापित नहुने समयसम्म सकिन्छ ।

प्रभावकारी औलो उपचारका लागि शिविर क्षेत्रमा औलोको औषधीको प्रतिरोधात्मक क्षमताको ज्ञान पनि महत्त्वपूर्ण हुन्छ । औलोबाट मृत्यु हुनेको संख्या धेरै भएको शिविर क्षेत्रमा आर्टमेसीनेनको साथमा औषधीको मिश्रण दिनु उपयुक्त हुन्छ । यो सम्मिश्रण धेरैजसो देशहरूमा औलोका रोगीको प्रथम उपचारका क्रममा बढ्दो दरले प्रयोग गरिन्छ र यो धेरै क्षेत्रमा द्रूत रूपमा प्रभावकारी देखिएको छ । यदि स्थानीय स्वास्थ्य निकायहरू आर्टिमेसिनने प्रयोग गर्दैनन् भने र त्यसको प्रभावकारितासम्बन्धी कुनै अध्ययन तत्काल गरिएको छैन भने आर्टिमेसिनेन प्रयोग सिफारिस गरिन्छ । आर्टिमेसिनेन प्रयोग गराउने सम्बन्धमा स्थानीय स्वास्थ्य निकायसँग लामो वार्ता गर्नुपर्ने हुन सक्छ । यदि उच्च दरको उपचार असफलता रऔलोबाट मृत्युदर उच्च छ भने नेता स्वास्थ्य सेवा प्रदायक र शिविर व्यवस्थापन नियोगहरू क्षेत्र/समूह नेतासँग मिलेर प्रचलनमा रहेको उपचार पद्धतिको औषधीको प्रयोग स्थानीय स्वास्थ्य निकायलाई परिवर्तन गराउनुपर्छ ।

- औलो विरुद्धको औषधीको प्रतिरोध र परिक्षण विधिको बारेमा जान्न साधन हेर्नुहोला ।

आकस्मिकताको पहिलो प्राथमिकता औलोको रोगीको निदान र उपचार हो । यसमा थप लामखुट्टेको टोकाईबाट बच्न किटनाशक मिसाएको झूलको प्रयोग पनि उपयोगी हुन सक्छ तर यो पहिलो प्राथमिकतापश्चात् मात्र लागू गर्नुपर्छ । किटनाशकबाट उपचार गरेका झूलको सामुदायिक वितरण आकस्मिक अवस्थामा तब मात्र सिफारिस गरिन्छ जब शिविरवासीहरूलाई झूल प्रयोग गर्ने बानी बसेको हुन्छ । जीव नियन्त्रण कार्यहरू, लामखुट्टेबाट व्यक्तिगत सुरक्षाका लागि विस्तारित वितरण कार्यक्रम र गर्भवती अवस्थामा रक्त अल्पता कम गर्न र कम तौल भएका बच्चाको जन्म हुनबाट रोक्न आकस्मिकता-पश्चात्को अवस्थामा लगातार निवारणात्मक उपचार सिफारिस गरिन्छ । लगातार निवारणात्मक उपचार एउटा यस्तो औलो विरुद्धको उपचार हो जसमा गर्भवती महिलालाई गर्भवती अवस्थाभर नियमित रूपमा औलो विरुद्धको औषधी दिइन्छ ।

- विश्व स्वास्थ्य संगठनको पखाला, श्वासप्रश्वासप्रति संक्रमण, दादुरा, ज्वरो र अरू सरुवा रोग र नसर्ने रोगको उपचार विदेशीका को उदाहरणको लागि साधनमा हेर्नुहोला ।

एच.आई.भी./एड्स : आकस्मिक अवस्थामा एच.आई.भी./एड्सको भेद्यता सघन हुन्छ । व्यवहार नियमन गर्ने सामाजिक मान्यता कमजोर हुन्छ । परिवार टुक्रने डरले स्थायी सम्बन्धलाई असर पर्छ । विस्थापनले फरक-फरक एच.आई.भी. व्यापकता दर भउका जनसख्यालाई सम्पर्कमा ल्याउँछ । स्वास्थ्य सेवामा दबाब

पर्छ र एच.आई.भी. संक्रमण रोक्ने सामग्रीहरूको आपूर्ति कम हुन्छ, जस्तै सर्वमान्य सावधानी सामग्रीहरू र कण्डोम । लडाइँबाट घाइते भएका व्यक्तिहरू धेरै हुने शिविरहरूमा एच.आई.भी. संक्रमण रगतका माध्यमबाट पनि हुन सक्छ ।

एच.आई.भी. मुख्यतः चार तरिकाबाट सर्छ :

- संक्रमित व्यक्तिसँग यौन सम्पर्क, विशेषत यौन रोग भएको अवस्थामा
- संक्रमित सुईको प्रयोग (सुईबाट चोट लाग्ने वा सुई लगाउँदा
- संक्रमित रगत चढाउँदा वा अन्य रक्त पदार्थ चढाउँदा
- गर्भवती संक्रमित आमाबाट बच्चामा गर्भावस्था, प्रसव वा बच्चा जन्माउँदा वा दूध खुवाउँदा

शिविर व्यवस्थापन नियोगले आपत्को समयमा एच.आई.भी./एड्सको प्रतिक्रिया गर्दा बहुक्षेत्रीय विधि अपनाउनुपर्छ । नेता स्वास्थ्य सेवा प्रदायकले शिविर व्यवस्थापन नियोगसँगै मिलेर एच.आई.भी. संक्रमण रोक्ने न्यूनतम व्यवहारहरू शिविरका स्वास्थ्य सेवा नियोगहरूले अवलम्बन गरेको बारेमा सुपरिवेक्षण गर्नुपर्छ । तत्काल आपत्को अवस्थामा बाहेक एच.आई.भी./एड्सले पीडित व्यक्तिको जीवन रउसको सामाजिक सन्जाललाई वर्षौंसम्म असर गर्छ ।

संयुक्त राष्ट्रसंघीय एड्स मार्गदर्शन अनुसार, स्वास्थ्य क्षेत्रबाट एच.आई.भी.को प्रतिक्रियामा निम्न न्यूनतम व्यवहारहरू संलग्न हुनुपर्छ :

- सुरक्षित रगत आपूर्ति (रगत सञ्चार गर्नुभन्दा पहिले एच.आई.भी. परीक्षण गरेर) सबै अनावश्यक रक्त सञ्चार नगर्ने ।
- सर्वमान्य सावधानी अपनाउने ।

- आधारभूत एच.आई.भी. शिक्षा सामाग्री व्यवस्था गर्ने ।
- राम्रो स्तरको कण्डम व्यवस्था गर्ने र सकेसम्म नि:शुल्क वितरण गर्ने उपयुक्त पर्थ द्रुत प्रारम्भिक मूल्याङ्कनबाट पत्ता लगाउने ।
- लक्षणबाटै देखिने यौनरोगको उपचार गर्ने (लक्षणबाटै देखिने रोग भन्नाले त्यस्ता रोगहरू पर्छन् जसमा प्रयोगशालाबाट निर्क्यौल गर्नुपर्दैन ।)
- लैङ्गिक हिंसाको असर व्यवस्थापन गर्ने ।
- सुरक्षित मातृत्व सामग्रीहरू व्यवस्था गर्ने ।

अनिवार्य एच.आई.भी.परीक्षणले आधारभूत मावअधिकार हनन् गर्छ र यसको सार्वजनिक स्वास्थ्य तर्क देखिँदैन । स्वेच्छिक एच.अई.भी. परीक्षण र परामर्श कार्यक्रम शिविरमा स्थापित गर्न सकिन्छ तर यो आकस्मिक अवस्थामा प्राथमिकतामा पर्दैन ।

आकस्मिकता पश्चात्को अवस्थामा एच.आई.भी. सेवाले एच.आई.भी. प्रसार विरुद्ध दहत कार्यक्रम संक्रमितलाई र परिवारलाई सहयोग प्रदान गर्ने, हेरचाह र उपचार गर्न सकिन्छ । यसमा यौनजन्य हिंसा कम गर्ने सेवा र रणनीति, शिक्षा, सूचना र सञ्चार सामग्रीहरू उच्च जोखिम भएकाहरूलाई प्रदान गर्ने, स्वेच्छिक परामर्श र परिक्षण र आमाबाट बच्चामा रोग सर्न नदिने उपाय गर्न सकिन्छ । एड्स पीडितहरूलाई घरमै उपचार गर्ने व्यवस्था गर्नुपर्छ । एच.आई.भी.का अन्य संक्रमितहरूलाई अन्य संक्रमणबाट बचाउने र एण्टी रेट्रोभाइरल उपचार पद्धति अपनाउन सकिन्छ ।

- विस्तृत विवरणका लागि विश्व स्वास्थ्य संगठन सरुवा रोग देश-विशेष साधन पाठ्य र सन्दर्भ सामग्रीमा हेर्नुहोला ।

प्रजनन स्वास्थ्य : शिविरमा प्रजनन स्वास्थ्य प्राथमिक स्वास्थ्य सेवाको एउटा अभिन्न अंगको रूपमा प्रदान गरिनुपर्छ । उपयुक्त सेवा प्रदान गर्नाले गर्भावस्थाको जटिलता र बच्चा जन्माउँदाको कठिनाइलाई कम गर्न सकिन्छ र यसरी शरणार्थी वा विस्थापित जनसंख्याको बच्चा जन्माउने उमेरका महिलाहरूमा लाग्ने रोग र उनीहरूको मृत्युलाई कम गर्न सकिन्छ । आकस्मिक अवस्थमा शिविरमा प्रजनन स्वास्थ्य प्रतिक्रिया दिनु जरुरी हुन्छ ।

तालिम प्राप्त स्वास्थ्यकर्मीहरूबाट स्तरीय प्रजनन स्वास्थ्य शिविरमा व्यवस्था गरिनुपर्छ तर यो सुविधा प्रयोग गर्ने/नगर्ने सम्बन्धी निर्णय व्यक्तिहरूलाई नै गर्न दिनुपर्छ । प्रजनन स्वास्थ्य सेवाले व्यक्तिहरूको नितान्त व्यक्तिगत कुराहरूमा असर पार्ने हुनाले यस्तो सेवा लागू गर्दा सांस्कृतिक रूपमा स्वीकार्य हुनुपर्छ र धार्मिक र मर्यादासँग सम्बन्धित सवालहरूलाई ध्यान पुऱ्याउनुपर्छ । यस्ता सेवा प्रदान गर्नेहरूले सहज वातावरण सृजना गर्नुपर्छ ता कि यस्ता स्वास्थ्य सेवा ग्रहण गर्नेहरू सहज र सुरक्षित महसुस गरुन् । दिइएका न्यूनतम प्रजनन स्वास्थ्य सेवाहरू आकस्मिक अवस्थामा शिविरमा व्यवस्था गर्नुपर्छ :

- प्रजनन सम्पर्क सूत्र/नियोग पहिचान गर्नुपर्छ जसले शिविरका सबै सेवाहरू सुपरिवैक्षण गर्दछ र स्वास्थ्य संयोजन सभामा सबाल र सूचना ल्याउँछ ।
- शिविरका प्रत्येक गर्भवती आइमाई, सुडेनी र अ.न.मी. पहिचान गरी उनीहरूलाई सुत्केरी सामग्री– एक वर्ग मिटर सफा प्लाष्टिक, एक टुक्रा साबुन, एउटा पत्ती, धागो र चित्रगत सूचना पत्र– व्यवस्था गर्नुपर्छ । सुडेनीहरूलाई र अ.न.मी.लाई यस्ता थुप्रै सुत्केरी सामग्री वितरण गर्नुपर्छ र त्यो सकिएको खण्डमा फेरि प्रदान गर्ने व्यवस्था

गर्नुपर्छ । स्वास्थ्य सेवा केन्द्रहरू र अ.न.मी.हरूलाई विश्व स्वास्थ्य संगठनको ...नयाँ आकस्मिक स्वास्थ्य साधन' वितरण गर्नुपर्छ ।

- यौन आकस्मिकताका लागि सिफारिस गरिने उपल्लो तहको स्वास्थ्य सेवा केन्द्र र त्यहाँसम्म पुऱ्याउने व्यवस्था पहिचान गर्नुपर्छ ।
- यौन हिंसाका पीडित व्यक्तिहरूलाई चिकित्सकीय सहयोग गर्नुपर्छ । जस्तै– आकस्मिक गर्भ निरोध औषधी (यसको सानो मात्रा विश्व स्वास्थ्य संगठनको नयाँ आकस्मिक सामग्रीमा हुन्छ) ।
- सामुदायिक नेताहरू, गर्भवती महिलाहरू, सुडेनीहरू र सामुदायिक स्वास्थ्य कार्यकर्ताहरूले सामुदायिक शिक्षा र उपल्लो स्तरको स्वास्थ्य केन्द्रमा पुऱ्याउनुपर्ने अवस्थाका सूचाङ्कहरूको बारेमा ज्ञान दिनुपर्छ ।

सम्भव भएसम्म, बृहत् जन्म पूर्व, जन्मँदा र जन्मिसकेपछिको अवस्थामा पुऱ्याउने सेवा सञ्चालन गर्नुपर्छ । यस्ता सेवाहरूमा परिवार नियोजन सेवा, यौन रोग, खोप (धनुष्टंकार) सेवा र स्वस्थ बालक क्लिनिक हुनुपर्छ । बृहत् प्रजनन स्वास्थ्य सेवाको उद्देश्य यस प्रकार हुन्छ :

- सबै गर्भवती महिलाहरूले गर्भावस्थाभरिमा कम्तीमा चार पटक स्वास्थ्य जाँच गराउँछन् भन्ने कुरा निश्चित गराउनुपर्छ र उनीहरूलाई स्वास्थ्य शिक्षा र जटिलताको छिटो पहिचान र व्यवस्थापन ।
- सबै महिलालाई सफा, सुरक्षित र तालिम प्राप्त सुडेनीको उपस्थितिमा जन्म गराउने स्थितिको निश्चित गर्नुपर्छ ।
- सबै जन्म भएका बच्चाहरूलाई स्वास्थ्य सेवा ।
- तुरुन्त, दूध मात्र (छ महिनासम्म) र लामो समय (दुई वर्षसम्म) आमाले बच्चालाई दूध खुवाउने प्रवर्द्धन गर्ने ।
- सबै महिलाले बच्चा जन्म दिइसकेपछि

घरघरमा स्वास्थ्यकर्मी आई जन्मपश्चात् स्वास्थ्य सेवा प्रदान गर्ने निश्चित गर्ने र जटिलताको अवस्थामा स्वास्थ्य केन्द्रमा सिफारिस गर्ने ।

- आवश्यकता अनुसार परिवार नियोजन सेवा प्रदान गर्ने ,।
- सर्वमान्य सावधानीहरू अपनाएर एच.आई.भी. संक्रमण निवारण गर्ने ।
- एच.आई.भी.को आमाबाट बच्चामा हुने संक्रमण निवारण गर्ने ।
- यौन रोग र एच.आई.भी./एड्स प्रसार रोक्ने ।

## मानसिक रोग र मनोवैज्ञानिक सहयोग

शिविरमा आइपुग्ने शरणार्थी वा आन्तरिक विस्थापित व्यक्तिहरू पहिले नै प्रशस्त डरलाग्दो शिविरमा आइपुग्ने शरणार्थी र त्यस्ता अनुभव अझै गरिरहेका हुन्छन् । शिविरमा आइसकेपछि निकम्मा हुने र आफ्नो परम्परागत भूमिकाबाट वञ्चित भएपछिको अवस्था पनि सहन कठिन हुन्छ । अरू व्यक्तिहरूमा विगतमा मानसिक रोगका अवस्था हुनसक्छ । मनो सामाजिकसमस्या र मानसिक रोगका व्यक्तिहरूबचि भिन्नता पत्ता लगाएर छुट्ट्याउनु जरुरी छ र यी दुई समूहका व्यक्तिहरूलाई भिन्नभिन्न प्रकारका उपचार आवश्यक पर्दछ ।

जो व्यक्तिहरू वर्तमान र नयाँ अवस्था झेल्न सक्दैनन् उनीहरूमा आत्महत्या गर्ने इच्छा, डिप्रेसन, रिस उठ्थे र हिंस्रक व्यवहार, लागू पदार्थ र रक्सी सेवन, अनिद्रा जस्ता लक्षण हुन सक्छ । विगतदेखि नै मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूमा माथि उल्लेख गरे जस्तै लक्षण हुन सक्छ र मनोसामाजिक उपचारबाट उनीहरूले फाइदा प्राप्त गर्छन् । तर उनीहरूलाई अझ थप चिकित्सकीय सेवा आवशयक पर्दछ । मानसिक रोग भएकाहरूको लागि प्रत्यक्ष रूपमा मनोसामाजिक उपचार पद्धति लागू हुँदैन र यो विधि वर्तमान अवस्था सहन नसकी उत्पन्न मानसिक स्थितिलाई ठिक गर्न यो विधि उपयोग हुन्छ ।

मनोसामाजिक सहयोग भएको हुनुपर्छ जसले शिविरका सबै व्यवस्था गरिएका सेवाहरूलाई असर गर्दछ । आकस्मिक अवस्थामा शरणार्थी र आन्तरिक विस्थापित जनसंख्यालाई प्रदान गरिने न्यूनतम सेवा निम्नानुसार हुनुपर्छ :

- आकस्मिक अवस्थामा मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोग प्रदान गर्ने राष्ट्रिय स्वास्थ्य प्रणालीको क्षमता अभिवृद्धि गर्ने ।
- विशेष मानसिक र मनोसामाजिक र सामाजिक कुराहरूमा ध्यान दिने (जस्तै एकानत स्थानको व्यवस्था), सामान्य स्वास्थ्य सेवामा गम्भीर मानसिक समस्या भएकाहरूको लागि विशेष व्यवस्था ।
- वयस्क र किशोरहरूलाई ठोस, उद्देश्यसहितका सामानय सबैको ध्यान आकृष्ट हुने कामहरू गर्ने ।
- रक्सी र अन्य दुर्व्यसनको प्रभाव न्यूनीकरण गर्ने रणनीति ।

पहिल्यैदेखि मानसिक असन्तुलन भएकाहरूको लागि सम्बन्धित उपचार जारी राख्न पहुँच कायम राख्ने व्यवस्था गर्नुपर्छ । गम्भीर मानसिक असन्तुलन भई आश्रममा बसेका व्यक्तिहरूका लागि उनीहरूको सुरक्षा र आधारभूत आवश्यकता पूरा गर्ने रणनीति हुनुपर्छ ।

मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोग आकस्मिकतापश्चात्को अवस्थामा विस्तार गर्न सकिन्छ र यसका लागि निम्नानुसार सिफारिस गरिन्छ :

- सरकारका उपयुक्त मानसिक स्वास्थ्य नीति र कानुनको लागि वकालत गर्ने ।
- सामान्य स्वास्थ्य सेवा र समुदायमा आधारित मानसिक स्वास्थ्य सेवाको माध्यमबाट आकस्मिकतामा आधारित र पहिल्यैदेखि विद्यमान मानसिक

अवस्थाको उपचार व्यवस्था ।

- नयाँ स्थापित मानसिक स्वास्थ्य सेवाको दिगोपना सुनिशिचत ।
- स्थानीय, आदिवासी र परम्परागत उपचार पद्धतिहरूको बारेमा अनुसन्धान गरी स्वास्थ्य सेवा प्रदायकहरूले त्यसलाई आृनो उपचारमा सकेसम्म समावेश गर्ने ।
- उपयुत्त भएसम्म स्थानीय स्वास्थ्य प्रणालीसँगको सहकार्य बढाउने ।
- मानसिक आश्रयस्थलमा राखी उपचार गर्नुपर्ने मानसिक रोगीहरूले शिविरका समुदायमा आधारित सेवा र उपयुक्त वैकल्पिक जीवन व्यवस्थाको पहुँच स्वास्थ्य सेवा प्रदायकहरूले सुनिश्चित गर्ने ।

## स्वास्थ्य शिक्षा

शिविरमा बस्ने सबै व्यक्तिहरूको त्यस्तो स्वास्थ्य शिक्षामा पहुँच हुनुपर्छ जसको माध्यमबाट उनीहरू आृनो स्वास्थ्यको सुरक्षा र बढावा गर्नु सक्छन् र आृनो बालबालिकाहरूको पनि ख्याल गर्न सक्छन् । महिलाहरू पुरुषहरू, किशोरहरू र बालबालिकाहरूको आृनो शरीरले कसरी काम गर्छ भन्ने जानुपर्छ र उनीहरूले प्रतिकूल वातावरणमा पनि आृनो स्वास्थ्य राम्रो राख्न सक्छन् । स्वास्थ्य शिक्षा कार्यक्रममा माध्यमबाट स्वास्थ्य सूचना सम्प्रेषण गर्न सकिन्छ र यस्तो काम पहिले शिविरभित्र नै सञ्चालन गर्नुपर्छ । स्वास्थ्य शिक्षा प्राथमिक रूपमा समुदायमा आधिरत पहुँच कार्यक्रमका माध्यमबाट सञ्चालन गरिन्छ र स्वास्थ्य प्रणालीको व्यक्तिसँग हुने प्रत्येक सम्पर्क नै स्वास्थ्य शिक्षा सम्प्रेषणको अवसर हुन सक्छ । निम्न कुराहरू सम्झनु पर्छ :

- शिविरमा स्वास्थ्य शिक्षा परिवेश अनुकूल हुनुपर्छ र शिविर जनसंख्याको स्वास्थ्य चहाने व्यवहार र उनीहरूको व्यक्तिगत स्वास्थ्य विश्वासको आधारमा यस्तो शिक्षा दिनुपर्छ ।
- स्वास्थ्य शिक्षा सामग्री स्थानीय भाषामा तयार हुनुपर्छ र निरक्षरहरूको लागि

पनि व्यवस्था हुनुपर्छ ।

- दिइएको सूनानाले शिविरमा प्राथमिकतामा परेका रोगहरूलाई लक्ष्यित गरेको हुनुपर्छ, त्यस्ता रोगका स्वास्थ्य जोखिम, स्वास्थ्य सेवाको उपलब्धता र स्थान र राम्रो स्वास्थ्य प्रदान गर्न सहयोग गर्ने व्यवहारको बढावा दिने हुनुपर्छ ।
- बच्चाहरूको स्याहार र खुवाउने व्यवहारसम्बन्धी शिक्षा पनि प्रदान गर्नुपर्छ किनभने यसले कुपोषण र अन्य रोगहरूबाट बचाउँछ ।
- नेता स्वास्थ्य सेवा प्रदायक वा शिविर व्यवस्थापन नियोगले सबै स्वास्थ्य सेवा प्रदायकले दिने स्वास्थ्य शिक्षाको संयोजन गर्नुपर्छ ता कि शिविरमा सबै स्वास्थ्इ सेवा प्रदायकले प्रदान गरेको स्वास्थ्य शिक्षा उही होस् र ठीक होस् ।
- स्वास्थ्य सन्देशको प्रभावकारिताको बारेमा सन्देश प्रापकका र त्यसलाई लागू गर्नेहरूको माझमा स्वास्थ्य सेवा प्रदायकले नियमित मूल्यांकन गर्नुपर्छ ।
- स्वास्थ्य सन्देशहरूलाई आकस्मिकता पश्चात्को अवस्थामा विस्तार गर्न सकिन्छ र यसमा विस्तृत स्वास्थ्य सेवासम्बन्धी सन्देशलाई संलग्न गराउन सकिन्छ ।

➢ स्वास्थ्य सञ्चार रणनीति बनाउनेसम्बन्धी कार्यक्षेत्र मार्गदर्शनका लागि साधनमा हेर्नुहोला ।

उत्तरी युगाण्डाको एउटा शिविरमा हैँजाको महामारी फैलियो । शिविर व्यवस्थापन नियोगले मानिसहरूलाई खोलाबाट पानी तानन‍ु हुन्न किनभने माथिल्लो क्षेत्रमा भएको दिसा-पिसाब पानीमा मिसिन्छ र त्यसले रोग निम्त्याउँछ भनी चेतावनी दियो र पानीमा दिसाको उपस्थिति निर्क्योल गऱ्यो । तर मानिसहरूले खोलाको पानी प्रयोग गर्न छोडेनन् किनभने क्लोरिनयुक्त पानी पर्याप्त थिएन । सामुदायिक स्वास्थ्य कार्यकर्ताहरूलाई खोलाको पानी प्रदूषणका बारेमा जनसंख्यालाई शिक्षा दिने विधिबारे तालिम दिइयो र उनीहरूले स्वास्थ्य कार्य पहुँच कार्यक्रम चलाए । शिविरको जनसंख्याले खोलाको पानी प्रयोग गर्न छोडेन र शिविर व्यवस्थापन निकाय अर्को शिविरको महामारीतर्फ आकर्षित भयो । सामुदायिक स्वास्थ्य कार्यकर्ताले खोलाको पानी प्रयोग गर्नेहरूलाई कुट्ने र अपमान गर्ने गर्न थाले । यदि शिविर व्यवस्थापन नियोग र स्वास्थ्य निकायहरूले पहुँच कार्यक्रममा राम्ररी सुपरिवेक्षण गरेनन् भने । शिविर वातावरणमा स्वास्थ्य शिक्षाले अनपेक्षित परिणाम ल्याउन सक्छ ।

## शिविर बन्द गर्दाको स्वास्थ्य प्राथमिकता

शिविर बन्द गर्नु एउटा जटिल कार्य हो र यसमा सबै क्षेत्रबाट सहयोग चाहिन्छ । यो योजना चरणमा स्वास्थ्य सेवा संयोजन गरिरहेका स्वास्थ्य निकायले निम्न कुराहरूमा ध्यान दिनुपर्छ :

- सरुवा रोगका महामारी र त्यसको उच्च मृत्युदरका बारेमा खुल्ला रहने शिविरहरूलाई सूचना दिनुपर्छ । पीडित व्यक्तिहरूलाई सरुवा हुने स्थानमै उपचार गर्नुपर्छ किनभने शिविर बन्द गरेर ठूलो जनसंख्यामा

तिनीहरूलाई मिसाउँदा झन् महामारी फैलन सक्छ ।

- स्वास्थ्य सेवा उपयोग दर र शिविरमा रहेका जम्मा जनसंख्याको आधारमा स्वास्थ्य सेवा कम गर्ने योजना बनाउनुपर्छ । (जस्तै घट्दो संख्यामा अन्तरङ्ग बिरामीहरू र पहुँच कार्यक्रमहरू)
- सबै शिविरबासीले शिविर नछाडुन्जेल स्वास्थ्य सेवा उपलब्ध हुनुपर्छ । सामान्यतय जो अन्त्यमा शिविर छोड्छन्.. जस्तै सुत्केरी महिला, कुपोषित बालबालिका र वृद्ध व्यक्तिहरू– उनीहरूलाई धेरै स्वास्थ्य आवश्यकता हुन्छ ।

शिविरवासीहरू आफूले शिविर छोड्दा प्राप्त हुने स्वास्थ्य सेवाका बारेमा जानकार हुनुपर्छ । शिविर व्यवस्थापन नियोग/नेता स्वास्थ्य सेवा प्रदायकहरूले जनसंख्या फर्कने र सूचना आदान-प्रदान गर्ने स्थानको संयोजन गर्नुपर्छ । संकलित सूचना शिविर जनसंख्याको शिविर छोड्नु अगावै सम्प्रेषण गर्नुपर्छ । यो काम छरपष्ट रहेका शिविरको अवस्थामा निकै अप्ठेरो हुन्छ र विस्तृत योजनाको खाँचो पर्दछ ।

प्रस्थानभन्दा पहिले स्वास्थ्य परीक्षण हुनुपर्छ तर जुन शिविरमा व्यक्तिहरू तत्काल फर्कन सक्छन् त्यहाँ यो निकै अप्ठेरो हुनसक्छ । जब परीक्षण सम्भव हुन्छ तब सूचना अभियानहरूको स्पष्ट उद्देश्य हुनुपर्छ । स्वास्थ्य परीक्षणलाई मानिसहरूले शिविर बाहिर जानबाट रोक्न वा गोप्य स्वास्थ्य सूचना संकलन गर्न आँटिएको कामका रूपमा लिन सक्छन् । स्वास्थ्य परीक्षणको उद्देश्य निम्नानुसार हुनुपर्छ :

- शिक्षा, सिफारिस र विशेष आवशयकता भएका व्यक्तिहरूको लागि सही व्यवस्थापन जस्तै कुपोषितहरू ।
- उपचारमा रहिरहनुपर्ने आवश्यकता पहिचान गर्ने, फर्कन निर्णय गर्दाको परिणामको बारेमा जानकारी दिने र फर्केर आउँदा उनीहरूलाई प्राप्त हुने

कार्यक्रमको जानकारी (जस्तै उनीहरूलाई आफूले फर्केको स्थानमा पुऱ्याउने विशेष सवारी साधन व्यवस्था, फर्कन सहयोग गर्न पोषण कार्यक्रम आदि) ।

- कसलाई विशेष स्वास्थ्य केन्द्रमा सिफारिस गर्नुपर्छ भन्ने कुराको पहिचान गर्ने । त्यसरी पहिचान गरिएको व्यक्तिहरूलाई उनीहरूकै फर्कने स्थानको भाषामा सिफारिस दिनुपर्छ ।
- खोपका लागि सिफारिस गर्नुपर्ने बालबाकिलाहरूको पहिचान (दादुरा र विस्तारित खोप कार्यक्रम यदि त्यहाँ सञ्चालित छ भने) ।

शिविर बन्द गर्दा स्वास्थ्य अभिलेखको गोप्यता निश्चित गर्नुपर्छ र अनावश्यक सूचना राम्ररी नष्ट गर्नुपर्छ ।

## शिविर व्यवस्थापन नियोगका लागि चेकलिष्ट

- शिविर व्यवस्थापन नियोगले यो कुराको निश्चित गर्छ कि सबै स्वास्थ्य सेवा प्रदायकहरूले आफ्नो भूमिका र जिम्मेवारी, स्वास्थ्इ सेवा लागू गर्ने, वहिर्गमन रणनीति र पहिल्यै भएका स्वास्थ्य सेवाहरूबाट कुन हदसम्म सहयोग लिने भन्नेबारे विस्तृत रूपमा व्याख्या भएको सम्झौता स्थानीय स्वास्थ्य निकायसँग गरेका छन् ।
- सूचना आदान-प्रदान र नियमित बैठकबाट नियोगहरू र स्थानीय स्वास्थ्य निकायहरूबचि स्वास्थ्य सेवा संयोजित छ ।

## मूल्यांकन

- पहिलो शिविरबासीहरू आएको तीन दिनभित्र द्रुत स्वास्थ्य मूल्यांकन भएको छ । त्यस्तो मूल्यांकन गर्नेहरू राम्ररी तालिम प्राप्त छन् र अनुभवी छन् र कुनै राजनीतिक वा अन्य बाध्यात्मक संगठनमा लागेका छैनन् ।

- द्रुत स्वास्थ्य मूल्यांकनको नतिजा स्वास्थ्य प्रतिक्रियाको प्रयोजनमा प्रयोग भएको छ ।
- शिविरमा स्वास्थ्इ सेवा प्रदायकको नियमित नक्साङ्कन भएको छ र साथै कसले के र कहाँ गर्दैछ भन्ने सूचना प्राप्त छ ।
- परिवेश विशेष बृहत् मूल्याङ्कन प्रारम्भिक स्वास्थ्य मूल्याङ्कन गरेको एकदेखि तीन हप्तामा गरिएको छ र यसले आवश्यकता अनुसार समय-समयमा दोहोर्‍याएको छ ।

## खोप

- राम्ररी सुपरिवेक्षण भएको सामूहिक दादुरा विरुद्ध खोप अभियान सञ्चालन गरिएको छ र यसका लागि अन्य निकायहरू र राष्ट्रिय निकायहरू सहभागी छन् र सबै ६ महिनादेखि १४ वर्षसम्मका बालबालिकाहरूलाई खोप दिइएको छ ।
- अरू सामूहिक खोप अभियान आवश्यक छ/छैन भनी निर्धारण गरिएको छ । जस्तै– पहेलो ज्वर र/वा मस्तिष्क ज्वर ।
- विस्तारित खोप कार्यक्रममा स्थापना गरिएको छ र यो सम्पूर्ण स्वास्थ्य सेवाको एउटा अङ्ग हो र यो कार्यक्रम आवश्यक थ्य सेवा रणनीति लागू भएपछि लागू भएको छ ।

## पोषण

- ६ महिनादेखि ५९ महिना शिविरमा भएका बालबालिकाहरूको पोषणको अवस्था थाहा पाउन पोषण सर्वेक्षण गरिएको छ । शिविरमा कुपोषणको दरमा आएको परिवर्तन सुपरिवेक्षण गर्न नियमित पाँच सर्वेक्षण गरिएको छ ।
- शिविरका सबै व्यक्तिहरू खाद्य सुरक्षित छन् र उनीहरूको शक्ति र सूक्ष्म

पोषण आवश्यकता पूर्ति हुन्छ । यदि भएको छैन भने छनौट पोषण कार्यक्रम सुरु गरिएको छ । शिविरमा वितरण गरिने सामानय खाद्यान्न राशनले सबै जनालाई आवश्यक पर्ने शक्ति र सूक्ष्म पोषण प्रदान गरेको छ । थप खाद्यान्न कार्यक्रमले भेद्य र विशेष आवश्यकता भएका व्यक्तिहरूलाई थप सहयोग गर्छ ।

- उपयुक्त खानपान व्यवस्था बालबालिका र कलिला केटाकेटीहरू (बच्चा जन्मेदेखि ६ महिनासम्म स्तनपान) जस्ता कुराहरू निश्चित गर्ने कुरामा स्वास्थ्य सेवा प्रदायकले स्वास्थ्य कार्यकर्तालाई तालिम प्रदान गरेको छ ।

## स्वास्थ्य सेवाको संरचना

- शिविरमा भएको स्वास्थ्य सेवा संरचनाले सबै स्तरको सेवा प्रदान गर्छ । सबै स्वास्थ्य सेवा प्रदायकहरूले उस्तै स्वीकृत सिफारिस प्रणाली प्रयोग गरी बिरामीलाई आफूभित्रकै स्वास्थ्य संरचना र उपल्लो स्तरको स्वास्थ्य सुविधामा पुऱ्याउनेछन् ।
- सबै स्वास्थ्य सेवा प्रदायकहरू स्वास्थ्य नीति प्रयोग गर्छन्, स्वास्थ्य व्याख्या प्रणाली प्रयोग गर्छन् । उस्तै निदान विधि प्रयोग गर्छन् र स्थानीय स्वास्थ्य निकायको मार्गनिर्देशनमा वा यदि अनुपयुक्त लागेमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसार औषधी सिफारिस गर्छन् ।
- नियुक्ति, तात्रिय र सुपरिवेक्षण गर्दा स्थानीय र अन्तर्राष्ट्रिय दुवै मापदण्ड प्रयोग गरिन्छ (जस्तै तलब र भत्ताको मार्गनिर्देशन आदि) र स्वास्थ्य सेवा प्दायकहरू यसलाई पालना गर्छन् ।
- सर्वमान्य सावधानी अपनाउन आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू पर्याप्त मात्रामा उपलब्ध छ र सबै स्वास्थ्य निकायको यस सम्बन्धी तालिमलाई सुपरिवेक्षण गरिएको छ ।
- शिविरको सबै र आवश्यक मालभत्ताहरूको स्वास्थ्य सेवा प्रदायकसम्मको

आपूर्तिलाई सहयोग गरिएको छ । यदि भातभत्ता वा साधन अपुग भएमा त्यहाँ सहयोगका लागि शिविर संयोजन र शिविर व्यवस्थापन र स्वास्थ्य समूहहरू मार्फत सो पूर्ति हुन्छ ।

- स्वास्थ्य सूचना प्रणाली
- प्रभावकारी स्वास्थ्य सूचना व्यवस्थापन र संयोजन प्रणाली शिविरका सबै स्वास्थ्य सेवा प्रदायकहरूकहाँ स्थापना गरिएको छ ।
Magali Chelpi-den Hamer, 2008 (forthcoming). *Educational Attainments of Liberian Refugees in Côte d’Ivoire (1992-2007): Reflections on certification, equivalence and relevance of informal schooling in a refugee situation.* www.fmg. uva.nl/amidst/object.cfm/objectID=472179D4-D988-4A83-926A05169CD1F136

Convention on the Rights of the Child. http://www.unicef.org/crc/

Forced Migration Review, 2006. *Education and conflict: research, policy and practice.* http://www.fmreview.org/FMRpdfs/EducationSupplement/full.pdf

Inter-Agency Network for Education in Emergencies, 2004. *Minimum Standards for Education in Emergencies.* www.ineesite.org/minimum_standards/MSEE_report.pdf

Inter-Agency Standing Committee, *Global Education Cluster.* http://www.humanitarianreform.org/humanitarianreform/Default.aspx?tabid=115

Inter-Agency Standing Committee, Global Education Cluster, 2008. *Capacity*

*Mapping for Emergency Education Preparedness and Response: Global Education Cluster.* http://www.humanitarianreform.org/humanitarianreform/Portals/1/cluster%20approach%20page/clusters%20pages/Educ/01-15-08_Concept%20Note%20and%20Methodology.doc

International Institute for Educational Planning (IIEP). www.unesco.org/iiep/eng/focus/emergency/emergency_1.htm
Inter-Agency Network for Education in Emergencies, *Good Practice Guide: Adult Education.* http://www.ineesite.org/uploads/documents/store/doc_1_Adult_Education.pdf

Jane Lowicki, WCRWC, 1999. "Missing Out – Adolescents Affected by Armed Conflict Face Few Educational Opportunities and Increased Protection Risks". http://www.tc.columbia.edu/cice/Archives/2.1/21lowicki.pdf
Patrice Manengere, 2008. *L'éducation dans les Camps des Refugies en République*

*Unie de Tanzanie, Ministère de l'Education nationale, Burundi.* http://www.ineesite.org/uploads/documents/store/doc_1_Manengere_Note_sur_l%E9ducation_dans_les_camps_des_r%E9fugi%E9s.doc
Eldrid K Midttun and Toril Skjetne: "Youth Education Pack: an investment in the future". *Forced Migration Review*. http://www.fmreview.org/FMRpdfs/FMR20/FMR20nrc.pdf

Jean-Marie Rurankiriza, 2008. *Les Enjeux de la Certification des Apprentissages des Etudiants Réfugiés : Cas du Burundi.* http://www.ineesite.org/uploads/documents/store/doc_1_Rurankiriza-Burundi.pdf
Katherine Reid, 2006. "Right to education in South Darfur", *Forced Migration Review.* www.fmreview.org/FMRpdfs/FMR26/FMR2634.pdf
Margaret Sinclair, IIEP, 2002. *Planning Education in and after Emergencies.* http://www.unesco.org/iiep/PDF/Fund73.pdf

Margaret Sinclair, 2005. "Building citizenship and life skills", Forced Migration Review. www.fmreview.org/FMRpdfs/FMR22/FMR2211.pdf

Marc Sommers, IIEP, 2004. *Co-ordinating Education during Emergencies and Reconstruction. Challenges and Responsibilities*. http://www.unesco.org/iiep/PDF/pubs/136154.pdf
The Universal Declaration of Human Rights. www.un.org/Overview/rights.html

Carl Triplehorn, Save the Children, 2001. *Education: Care & Protection of Children in Emergencies, A Field Guide.* www.savethechildren.org/publications/technicalresources/emergencies-protection/EducationFieldGuide.pdf

UNESCO. 2007. *Education for All by 2015: Will we make it? EFA Global Monitoring Report 2008.* http://unesdoc.unesco.org/images/0015/001547/154743e.pdf

UNESCO, 2006 *Guidebook for Planning Education in Emergencies and Reconstruction.* http://www.unesco.org/iiep/eng/focus/emergency/guidebook.htm

UNICEF, 2005. *Core Commitments for Children in Emergencies.* http://www.unicef.org/publications/files/CCC_EMERG_E_revised7.pdf

UNHCR, 2003. *Education Field Guidelines.* www.unhcr.org/cgi-bin/texis/vtx/refworld/rwmain?docid=3f1d38124&page=search

Rebecca Winthrop and Jackie Kirk. *"Teacher development and student well-being." Forced Migration Review.* http://www.fmreview.org/FMRpdfs/FMR22/FMR2209.pdf
Women's Commission for Refugee Women and Children (WCRWC), 2004. *Global*

*Survey on Education in Emergencies.*
http://www.womenscommission.org/pdf/Ed_Emerg.pdf

Women's Commission for Refugee Women and Children (WCRWC), 2005. *"Don't Forget Us!": The Education and Gender-Based Violence Protection Needs of Adolescent Girls from Darfur in Chad.*
http://www.womenscommission.org/pdf/Td_ed2.pdf

Women's Commission for Refugee Women and Children (WCRWC), 2006. *Right to Education during Displacement – a Resource for Organizations Working with Refugees and Internally Displaced Persons.* http://www.reliefweb.int/rw/lib.nsf/db900SID/LTIO-6SBPF2/$FILE/wcrwc-education-jul2006.pdf?OpenElement


Women's Commission for Refugee Women and Children (WCRWC), 2006. *Right to Education during Displacement – a Resource for Organizations Working with Refugees and Internally Displaced Persons.* http://www.reliefweb.int/rw/lib.nsf/db900SID/LTIO-6SBPF2/$FILE/wcrwc-education-jul2006.pdf?OpenElement

# जिविकोपार्जन

## अध्याय १८ : जिविकोपार्जन

### मुख्य मुख्य सन्देशहरू

प्रकोप पिडीत व्यक्तिहरूलाई माध्याम र लामो समयसम्म खाद्य सुरक्षा र भविष्यको जिविकोपार्जनको स्रोत बचाउन पुनस्थापन गर्नु र विकास गर्नु एउटा प्राथमिकता हो । विस्थापनका  अवस्था जहां समुदायले आफ्नो सम्पति लडाई वा द्वन्द्वका कारण गुमाएका हुन्छन् र उनीहरूको जिविकोपार्जनको  क्रियाकलापर बजारको पहुँच गम्भीर रूपमा भएको हुन्छ ।

विस्थापित जनसंख्यालाई जिविकोपार्जनको अवसरहरू प्रदान गर्नु उनीहरूको बचाउनको एंउटा महत्वपुर्ण साधन हो र यो सुरक्षा कार्यसंग संयोजित रूपमा प्रदान गरिनु पर्छ । यसले विस्थापित हरूको मानविय विकासमा टेवा पुग्छ । र शिविरवासीर आतिथ्यकर्ता समुदायिकविच शान्तिपूर्ण सहअस्तित्वले विकास गर्छ र नकारात्मक जिविकोपार्जन उपाय संयन्त्र जस्तै यौनकृया र कम ज्याला आउने काम गर्न बाट रोक्छ । सम्भव भए जिविकोपार्जन  प्रयासहरूले  कृषि उत्पादन वा सानो व्यापार र रोजगारीको माध्यमबाट खाद्य सुरक्षा बचाउ र प्रवर्द्धन गर्नु पर्छ ।
शिविरबासीहरूलाई प्रदान  गरिने तलव राम्रो  हुनुपर्छ र यसले उनीहरूमा उपयुक्त  सकारात्मक जिविकोपार्जन रणनीतिको सम्भावना रहेको हुनुपर्छ ।

जिविकापार्जन रणनीतिले उनीहरूको सम्पत्तीको थप नाश हुन बाट जोगाउनु पर्छ र उनीहरूमा आत्म निर्भरता र पुनस्थापना प्रवर्द्धन  गर्नु पर्छ लामो समयको अवसरलाई ध्यानमा राखी सम्भव र सापेक्ष भए अनुसार वर्तमानमा उपलब्ध जिविकोपार्जनका रणनीतिहरूलाई सहयोग गर्नुपर्छ ।

शिविर व्यवस्थापन नियोगले उपलबध भए  खाद्य सुरक्षा तथा जिविकोपार्जन सेवा नियोगको  सहयोगमा नत्रभने  आफैले  पनि शिविरबासीहरूको  सिप परीक्षण गर्नुपर्छ र यसबाट उनीहरूले शिविर भित्रै र बाहिर जिविकोपार्जन गर्न सक्ने सम्भावना बारे पहिल्याउनु पर्छ । शिविर जनसंख्यालाई शिविर वरीपरीनै कामका लागि खाद्यान्न वा कामका लागि पैसा कार्यक्रम हरू संचालन गरेर नयाँ क्षेत्र सफा गराउने जस्ता काम लगाउन सकिन्छ ।

शिविरबासीहरूलाई स्थानीय बजारमा महुँच दिनुपर्छ । स्थानीय अतिथ्यकर्ता समुदाय र शिविरबासीहरू विचमा नियमित व्यापार गर्ने अवसर प्रदान गर्न बजार व्यवस्था गर्नु पर्छ । त्यस्तो बजारमा सोको पहुँच सुनिश्चित गर्न शिविर व्यवस्थापन नियोगले कार्यक्रम गर्नुपर्छ र यस्तो बजारको योजना र दैनिक संचालन गराउन शिविर समिति गठन गर्नुपर्छ ।

## परिचय

शिविरबासीहरू जसले आफ्नो उत्पादन , आर्थिक, वित्तीय र सामाजिक सम्पतिहरू प्राकृतिक प्रकोप वा द्वन्द्वबाट  गुमाएका हुन्छन्ले आफ्नो जिविकोपार्जन  पुनर्स्थापना गर्ने , विकास गर्ने र सुरक्षा गर्ने अधिकार हुन्छ । बाहिरबाट प्राप्त हुने सहयोग र सेवाबाट आफ्नो आधाभुत आवश्यकता र अधिकार पुरा

गर्नु पर्ने शिविर समुदायलाई यो अझ महत्वपुर्ण हुन्छ। जिविजकापार्जनले खाद्य सुरक्षा , परनिर्भरता कम गर्ने भेद्यता कम गर्ने , आत्म निर्भरता विकास गर्ने र विस्थापनको अवस्थामा विशेष प्रकारको सिप विकास गरेर भविष्यमा पाउने अवसरहरूमा र यिनीहरूको हितमा सकारात्मक प्रभाव पार्दछ।

शिविर व्यवसथापन नियोगले जनसंख्याको जीवनको सर्वपक्षिय विकासमा सुधार गर्नुपर्छ र सम्वन्ध नियोगसंग संयोजनगरी उपयुक्त सिप विकास कृषि सेवा र सम्भाव भए अर्थोपार्जनको अवसर पहिचान गरी त्यसलाई लागु गरेर सकारात्मक जिविकोपार्जन रणनीतिलाई सहयोग गर्नु पर्छ। यि कामहरू सहभागितामा आधारित विश्लेषण गरी शिविरको आतिथ्यकर्ता सामाजिक, आर्थिक र वतावरणिय परिवेश माध्यान दिनु पर्छ।

शिविरवासीले नकारात्मक रणनीति अपनाउनबाट बचाउन शिविर व्यवस्थापन नियोगले काम गर्नुपर्छ। यस्ता रणनीतिमा वेश्यावृति , चोरी वा भष्ट्राचारबाट निशुल्क सामग्रीमा पहुँच बनाउने आदि हुन सक्छ।

जिविकोपार्जन अवसरले शिविरम सुरक्षाको लागि सकारात्मक असर गर्न सक्छ। रोजगारी र सकारात्मक कार्यहरूले आलस्यपना दिक्दारी, नैराश्य आपराधिक कार्यको स्तर र हिंसा आदि कम गर्न सक्छ। यसले मदिरापान र / वा लागु औषधी प्रयोग र लैङ्गिक हिंसा सुरक्षा जोखिम कम गर्न सक्छ। काम गर्नु सानो स्तरका भएपनि काममा लाग्नु र स्वतन्त्र रूपमा खाद्यान्नमा पहुँच हुनु आत्मसम्मानमा सकारात्मक असर गर्छ।

शिविरमा सहजिकरण गर्ने खाद्य सुरक्षामा टेवा पुग्ने जिविकोपार्जनका कार्यक्रमहरू र रणनीतिहरू यस प्रकार हुन्छ :

- करेसा खेती र सानो स्तरको खेती यसलाई विउ र साधनहरू बाडेर र खाद्य प्रसोधन मा सहयोग गरेर र तालिम प्रदान गरेर गर्न सकिन्छ।

- मत्स्यपालन, कुखुरा पालन वा साना चौपाया पालन यसलाई माछाका भुरा वा चौपाया प्रदान गरेर सहयोग गर्न सकिन्छ ।
- शिविरमा वा आतिथ्यकर्ता जनसंख्यासंगको व्यापार र बजार यसका निम्ति पुर्वाधारहरू आवश्यक  पर्छ र सुरक्षा व्यवस्था वा खाद्यान्न वा खाद्यान्न सटही गर्न आउन आवश्यक पर्छ ।
- सानो स्तरको व्यापारका लागि आयमुलक वा लघु वित्तीय योजनाहरू आवश्यक पर्छ जसले मानिसहरूलाई व्यापार व्यवस्थापन र अरू विषयमा तालिम प्रदान गर्छ ।
- आयमुलक कार्यक्रमहरू : यसमा हस्तकलाका सामान उत्पादन सिलाइपर्न सक्छन् र यसका लागि तालिम आवश्यक पर्छ र बजार सहयोग वा सुपथ मुल्य पसल वा सहुलियत मुल्य आवश्यक पर्छ
- मजदुरी : यो शिविर बाहिर ज्याला आउने खालको हुन सक्छ वा शिविर सम्भार र विकास योजनामा हुन सक्छ । कामका लागि पैसा वा कामका लागि खाद्यान्नउपयुक्त हुन सक्छन् ।

मानिसहरूले तयार गर्ने रणनीति उनीहरूको सिप, संस्कृति, क्षपता , साधन र सामाजिक संयन्त्र वा आतिथ्यकर्ता समुदायको नियम, शिविरका निती सुरक्षा अवस्था र उपलब्ध गराइएका अवसर र प्रवर्द्धन आदीमा भर पर्दछ ।

“ जिविकोपार्जन भननले क्षमता, सम्पति (भौतिक र सामाजिक) र जिउनका लागि र भविष्यमा राम्रो गर्न आवश्यक पर्ने कुनै कार्य बुझिन्छ । जिविकोपार्जन रणनीति भन्नाले मानिसले खाना वा सो खरीद गर्न आयमा पहुंच पुऱ्याउन गर्ने व्यवहारिक कार्य भन्ने बुझिन्छ र  निर्वाह रणनीति भन्नाले खाद्य असरक्षाको अस्थायी प्रतिकृया हो ”स्फेयर पृ १०८

## मुख्य मुख्यसवालहरू

### भुमिका र उत्तरदायित्व

### मुल्याङ्कन

शिविरम अन्य विशिष्टिकृत जिविकोपार्जन नियोग नभएको अवस्थामा पनि शिविर व्यवस्थापन नियोगले शिविरबासीहरूको जिविकोपार्जन रणनीतिमा सुधार ल्याउने प्रयास गर्न सक्छ। त्यस्तो कृयाकलापको आधार भनेको सहभागितामुलक आवश्यकता साधन क्षमता , सिप र सामाजिक, आर्थिक र राजनितिक र कानुनी पुर्वाधारको मुल्याङ्कन हो।

शिविर समुदायमा गरिने मुल्याङ्कनमा शिविरबासीहरूको निम्न कुराहरूमा ध्यान दिनुपर्छ :

- पहिलेको र अहिलेको जिविकोपार्जन र निर्वाहकार्य रणनितीसित मेल खाएको
- महिला, विशेष आवश्यकता भएका व्यक्तिहरू र आतिथ्यकर्ता समुदायको सिप, ज्ञान र क्षमता
- सामाजिक स्तरीकरण र भेद्यताको स्तर
- समुहहरूको धारणा र प्राथमिकताहरू र उनीहरूको भुमिका र सामाजिक स्तर
- उपलब्ध मानवीय संगठनात्मक, वित्तिय र प्राकृतिक स्रोतहरू
- घरायसी खर्चको तरिका र रूपैयाँ र खाद्यान्नको स्रोतहरू

निम्नकुराहरू पनि मुल्याङ्कन गर्न आवश्यक हुन्छ :

- निश्चित सामान सेवाको स्थानीय माग
- मानिसहरू पैसा वचत गर्छन् वा गर्दैनन्  र कहाँ र कसरी गर्छन्
- उपलब्ध  आर्थिक व्यापार सामाग्री र श्रम प्रवाह- शिविर जनसंख्या र आतिथ्यकर्ता समुदाय विच सम्वन्धहरू

➢ संयुक्त राष्ट्र संधिय शरणार्थी उच्चायोगको आत्म निर्भरता सम्वन्धी हाते पुस्तक साधन ४ मा हेनुहोला

**सहभागिता र संयोजन**

अर्को  चरण भनेको विभिन्न सरोकारवालाहरू र विस्थापित समुदाय र आतिथ्यकर्ता समुदाय विच मध्यस्थता गरेर कुन जिविकोपार्जनको सहयोग प्राथमिकतामा पर्छ । र त्यो सम्भव छ छैन भनि छलफल गर्ने र अभिवृद्धि गर्ने सहभागितामुलक मुल्यांङ्कन तरिकाहरू जस्तै लक्षित समुह छलफल समुदायका विभिन्न समुहहरूको धारणा र प्राथमिकता बुझ्न प्रभावकारी तरिका हुन् । शिविर व्यवस्थापन नियोगले जिविकोपार्जन समितिको विकासम सहयोग गर्नुपर्छ । र यस अवस्थामा महिला र विशेष आवश्यकता भएका  मानिसहरूको ख्याल राख्नुपर्छ जिविकोपार्जन सहयोग छिटो पुनर्स्थापना र विकाससंग प्रत्यक्ष सम्वन्ध राख्दछ, सम्वन्ध  सुरक्षा र पुनस्थापना र विकाश कर्ताहरूसंग संयोजन गरेर समावेशी, सर्वाङ्गीण र लामो लामो समयको निम्ति विस्थापितहरूको जिविकोपार्जनमा सहयोग पुऱ्याउन सकिन्छ ।

- संयुक्त राष्ट्र संघिय शरणार्थी उच्चायोगको कार्यवाहीको अवसरमा सहभागितामुलक मुल्याङ्कन साधन सिडिमा हेर्नुहोला ।

**शिविर अवस्थिति**

शिविर व्यवस्थापन नियोगले शिविर जनसंख्याको जिविकोपार्जन अवसरमा क्षेत्र छनौटको माध्यमबाट निकै ठुलो प्रभाव पार्न सक्छ । शिविरको अवस्थितीले शिविरबासीको जिविकोपार्जन अवसर र छनौटमा असर गर्दछ । नयाँ शिविर काम र जिविकोपार्जनको अवसर नभएको क्षेत्रमा बनाउनाले शिविरबासीहरूलाई सहयोगमा निर्भर र स्थानीय समुदायको वजार संगको सम्वन्धबाट बञ्चित गर्छ ।

- शिविर छनौटको विस्तृत जानकारीका लागि अध्याय ७ हेर्नुहोला ।

सुनामी पश्चात श्रीलङ्का का विस्थापित दक्षिणका माझी समुदायलाई समुद्र भन्दा पर शिविरमा र अस्थाई क्षेत्रहरूमा पुनर्स्थानान्तरण गरियो । यो केही हदसम्म विपत्ति पछि समुद्र नजिक बस्न मानिसहरू डराएको स्थिति अनुसार नै थियो । तर यहांबाट टाढाको जमिन सस्तो थियो र सरकार स्तरीय मध्यक्षेत्र स्थापना गर्न चहान्थ्यो जहाँबसोबास निर्माण वर्जित थियो । माछा मारेर जीवन
धान्ने समुदायलाई जमिनतर्फ बसाइ सर्नाले उनीहरूलाई समुद्रको सहज र तत्काल पहुँच भएन । परिणामत : समुदायका मानिसहरू झुपडी बनाएर तर क्षेत्र मै धेरै समय बसोबास गर्न थाले ता कि उनीहरूले विहान र बेलुका माछा मार्न सक्थे । परिवारबाट छुट्टीएपछि मानिसहरूले बढ्दो रक्सी प्रयोग र महिलाहरूलाई अरू पुरूषसंग बस्ने जवरजस्ति गरेको कुरा महिलाहरूले प्रतिवेदन गरे ।

**बजार ज्ञान**

शिविर व्यवस्थापन नियोगले स्थानिय बजारको आर्थिक प्रणालीको संकलन गर्नुपर्छ  ता कि सम्भव बजार विनिमय र सुपरीवेक्षणमा सहयोग गर्न सकियोस्  र सम्भव र सुरक्षित बजारको पहुँचको बारेमा वकालत गर्न  सकियोस् । शिविर जनसंख्या र विशेष आवश्यकता भएका समुहहरूको निम्ति बजारको भौतिक र आर्थिक पहुच हुन र बजारमा सहुलियत दरमा खाद्य पदार्थ र अन्य आवश्यक बस्तुहरूको उपलब्धता हुन जरूरी हुन्छ ।

शिविर व्यवस्थापन नियोगले शिविर जनसंखयासंग मिलेर बजार केन्द्रको लागि पर्याप्त स्थान छुट्याउनु पर्छ ता कि त्यहा बेच्ने र खरीद गर्ने काम गर्न  सकियोस यो स्थानलाई भविष्यमा बढाउनुपर्ने पनि हुन सक्छ र सुरक्षा  आवश्यकतालाई पनि विशेष ध्यान दिनु पर्छ । बजारको आधारभुत पुर्वाधार निम्नानुसार हुन्छ :

- मौसमबाट बचाउने बसोबास
- महिला र पुरूषका निम्ति शौचालय
- फोहर विसर्जन गर्ने स्थान
- विशेष आवश्यकता भएका व्यक्तिहरूको लागि सहयोगी पुर्वाधार

बजारको सुरक्षा एउटा महत्वपुर्ण विषय हो । यो दिनमा र रातमा सजिलै र सुरक्षित तरीकाले पुग्न सकिने विशेष गरी महिला र केटीहरूमा लागि हुनुपर्छ बजार र त्यहा सम्म पुग्ने बाटाहरूमा अध्यारो समयमा उज्यालोका व्यवस्था हुनुपर्छ र यो शिविर जनसंख्या र आतिथ्यकर्ता समुदाय सवैको लागि

पहुँच हुने स्थानमा हुनु पर्छ ता कि यहाँ सामाजिक र आर्थिक विनिमय सजिलै होस ।

सरकारी नीति मुल्य निर्धारण र व्यापार निती बजारमा पहुच र उपलब्धतालाई असर गर्छ । शिविर व्यवस्थापन नियोगका लागि यो कुरा बुझ्न आवश्यक हुन्छ जसबाट उनीहरूले स्थिति सुधार गर्ने सम्वन्धमा वकालत गर्न र अरू नियोग संग काम गर्न सक्छन् ।

- विस्तृत विवरणका लागि स्फेयर हाने पुस्तकको दोस्रो पाठ हेर्नुहोला ।

### पहुँचको वकालत

विस्थापनको अवस्थामा बजार को साधनको महुच प्रायः कम हुन्छ वा निकायहरूले पहुँच वंचित गर्छन् । केही अवस्थामा यो सम्भव नभए तापनि शिविर जनसंख्याको तर्फबाट आतिथ्यकर्ता समुदायसंग आर्थिक विनिमय गर्न र प्राकृतिक स्रोतको बाडफाड गर्न वकालत गर्नुपर्छ । खेती योग्य जमिन , जंगल र माछा पाल्न पानी जस्ता वातावरणिय स्रोतहरूको पहुँचहरूको सहजीकरण गर्न सकिन्छ ।

शिविर स्थानमा वातावरणीय तनाव र प्राकृतिक स्रोतको कम उपलब्धता गम्भिर चुनौती हुन सक्दछ । शिविर जनसंख्या र आतिथ्यकर्ता समुदाय विच प्राकृतिक स्रोतको पहुँचको सवालले तनाव र द्वन्दको सृजना गर्न सक्छ । पानी , दाउरा , जस्ता, प्राकृतिक स्रोतको कमि र विनाशले भविष्यको जिविकोपार्जन रणनीतिमा गम्भीर असर गर्न सक्छ । त्यसकारण शिविर व्यवस्थापन नियोग

आतिथ्यकर्ता समुदायमा पर्ने थप बोझका बारेमा सावधान हुन पर्छ। र यस्को मुल्यांङ्कनमा उनीहरूलाई समाबेस गनुपर्छ।

प्राकृतिक स्रोतको पहुँच गर्ने र प्रयोग गर्ने सम्वन्धमा स्थानीय नियमहरू भने त्यसको सम्मान गर्नुपर्छ र यसको बारेमा शिविर व्यवस्थापन नियोगले विशेष संचेतना वृद्धि गराउने र सुपरीवेक्षण गर्नु हुन सक्छ। शिविरबासी र स्थानीय समुदायहरू प्राकृतिक स्ोत र वातावरणिय प्रभावको सुपरिवेक्षण गर्न सकृय रूपमा लाग्नु पर्दछ ता कि कुनै वातावरणिय समस्या हटाउन सकियोस र समाधान पहिल्याउन सकियोस।

➢ बातावरण सम्वन्धी थप जानकारीका लागि अध्याय ६ मा हेर्नुहोला।

**जिविकोपार्जन परियोजनाको संयोजन**

प्राय: शिविर जिवन चक्रको पछिल्ले चरणमा अन्य नियोगहरू जिविकोपार्जनका रणनीतिका परियोजनाहरू लिएर आउछन्। कहिलेकाही यसमा विद्यमान जिविकोपार्जन कृयाकलापको विकल्प हुन्छ भने कहिलेकाही नयाँ सिप बिकास हुन्छ। यस्ता प्रयत्नहरू परिवेशको राम्रो बुझाईको आधारमा ल्याइएका हो भन्ने कुरा निश्चित गर्ने काम शिविर व्यवस्थापन नियोगको हो। र यिनीहरू निम्न कुराहरूको दृष्टिबाट राम्ररी संयोजन गरीएको हुनुपर्छ।

- विभिन्न जिविकोपार्जन कार्यक्रम र नियोगहरू दोहोरीन दिनु हुन्दैन
- प्रत्येक  नियोग वा कार्यक्रमले जनसंख्याको निश्चित समुहलाई सेवा गर्छ भन्ने  निश्चित गनुपर्छ।

- मानिसहरूले वढी विश्वास गर्ने सिपमा ध्यान दिनुपर्छ र ति सिपहरू उनीहरू फर्के पछी एकीकरण भएपछि र पुनस्थापना भएपछि काम लाग्ने खालको हुनुपर्छ

- क्षेत्रको आवश्यकता मुल्याङ्कन र जिविकापार्जन मुल्याङ्कन विच तालमेल हुनुपर्छ आतिथ्याकर्ता समुदायले पनि सहभागी हुन पाउने अवसर दिनु पर्छ ।

- सम्भव भएसम्म भइरहेका कार्यक्रमहरूलाई हेर्ने सहयोग गनेए र नया प्रयत्नहरूबारे पृष्ट पोषण लिने गर्नुपर्छ ।

**रोजगारी अवसर**

शिविर व्यवस्थापन नियोग सम्भव भएसम्म रोजगारीका अवरस सृजना गर्ने तर्फ उन्मुख हुनुपर्छ र यसका लागि त्यस्ता पुर्वाधार निर्माण गर्न सकिन्छ जसबाट स्थानिय जनसंख्याको लागि रोजगारी को अवसर सृजना होस । सम्भव भएसम्म शिविरबासी र आतिथ्यकर्ता समुदाय दुवैलाई रोजगारी दिनुपर्छ ता कि उनीहरूले राजगारीक अवसर बाड्न र सिप बाह्य पनि प्रेरित होउन् । शिविरका सवै सेवा प्रदायकहरूलाई शिविर व्यवस्थापन नियोगले यस्तै निति अपनाउन प्रेरित गर्नुपर्छ ।

सम्झनुहोस :

- तलव क्षतिपुर्तिको तरीका र तलवको बारेमा रोजगारी दिने नियोगहरू विच संयोजन जरूरी हुन्छ ।

- भेद्य परिवार भएका घरहरू र अन्य कमाई गर्न सक्ने व्यक्ति नभएका परिवारलाई प्राथमिकता दिनुपर्छ
- पुरूष र महिलाको रोजगारी शिविरमा भएका पुरूष र महिलाको अनुपातमा हुनुपर्छ र यो सवै नियोगले पालना गर्नुपर्छ ।
- भर्ती र तलव दिने निती न्यायोचित स्पष्ट र पारदर्शी हुनुपर्छ ।

आतिथ्यकर्ता समुदाय र शिविर समुदायविच तनाव उत्पन्न हुन सक्छ जव शिविर बासीलाई खेतीपाती जस्ता आतिथ्यकर्ता  समुदायलाई शिविर भित्रका विभिन्न काममा रोजगारी दिइन्न । संयुक्त अवसर प्रदान
गर्ने सके सुमधुर  सम्वन्ध स्थापित गर्न सकिन्छ । तलवको प्रकार पैसा वा खाद्यान्न वा परिवेश अनुसार दुवै के हुने हो भन्ने कुरा मुल्याङ्कन गरेर शिविर जनसंख्यासंग बसेर छलफल गरी टुङ्गो लगाउनु पर्छ माथी बताइएजस्तै शिविर जनसंख्यालाई  रोजगारी को अवसरको योजना बनाउँदा वढी भन्दा वाढी सहभागी गराउनु पर्छ । यि कार्यक्रमहरू शिविर पित्रका पुर्वाधार निर्माणमा वा सहभागी गराउनु पर्छ । यि कार्यक्रमहरू शिविर भित्रका पुर्वाधार निर्माणमा वा अन्य सेवा प्रदान गर्ने काम लगाउन  सकिन्छ । तर यस्ता कार्यक्रमले समुदाय परीचालन, स्वेच्छिक सहभागिता र
आफन्त सामुदायिक सेवा हरू जस्तै बजार सामुदायिक केन्द्र वा विद्यालय को विकासमा जस्ता असर पुऱ्याउनु हुदैन ।

| |
|---|
| नगद भुक्तानीले सुरक्षा सवाल निम्त्याउँछ । जहाँ  कामदारहरूलाई नगदमा भुक्तान गरिन्छ त्यहा यो कुराको ख्याल गर्नुपर्छ  कि मानिसहरूलाई नगद दिने ठाँउ सुरक्षित हुनुपर्छ  र उनीहरूले त्यहा सो पैसा गन्न सक्छन र राम्ररी राख्न सक्छन्  धेरै नगदको कारोवार पनि  नियोगका कर्मचारीहरू भष्टाचारमा लाग्न सक्छन् । त्यसकारण कामदारहरूलाई  नगद भुक्तानीगर्न  कम्तिमा दुई जना स्पष्छ जिम्मेवारी भएका व्यक्तिहरू हुनु पर्छ । |

शिविर व्यवस्थापन नियोग र जिविकोपार्जन सेवा प्रदायकहरूले शिविरबासीको शिविर वाहिरको रोजगारी र आयमुलक कामहरू र शिविर भित्रका त्यस्ता कामहरू शोषण गर्ने प्रकारका छन् वा छैनन् भन्ने कुराको सुपरिवेक्षण गर्नुपर्छ ।
शोषणका सम्भावनालाई न्युनिकरण गर्नु पर्छ विशेष गरी महिला र
केटीहरूको सन्दर्भमा शिविरवासीहरूले आफ्नो परिवार धान्न डरलाग्दो हिंसात्मक कडा र कम ज्याला भएका कामहरू गर्ने गरेको उदाहरणहरू भेटिन्छन् ।

शिविरबासीहरूले शिविर बाहिर रोजगारीका अवसर खोज्नु एउटा अधिकार नै हो । तर पनि यो काम बाह्य परिवेश स्थानीय अर्थतन्त्र र त्यसले ल्याउने सकारात्मक र नकारात्मक परिणामहरूको राम्रो बुझाई पछि मात्र प्रवर्द्धन गनुपर्ने हुन्छ । यसले भविष्यमा हुनसक्ने सहअस्तित्वको समस्या र असमझदारी हटाउन सक्छ र साथै शरणार्थी र आन्तरिक विस्थापित जनसंख्यालाई स्थानीय अर्थतन्त्र सकारात्मक प्रभाव पार्न अभिप्रेंरीत गर्छ ।

नगदका लागि काम

नगदका लागि काम शिविरबासीका लागि संचालन गर्दा व्यवस्थापकले निम्न कुरा ध्यान दिनु पर्छ :

- एउटा समिति बनाउनु पर्छ जसले प्रत्येक काम सेवा वा सीपको मुल्य निर्धारण गर्छ र भुक्तानी पारदर्शी र न्यायोचित र स्थानीय दरमा आधारित भएको निश्चित गर्छ ।
- सीत युक्त वा सीप विनको काममा शिविर भित्रको वा आतिथ्यकर्ता समुदायको सदस्यहरूलाई रोजगारीको अवसर प्रदान गर्छ ।
- भर्ती प्रकृया पारदर्शी र खुला भएको निश्चित गर्छ ।
- गरेको काम आधारमा - जस्तै लगाएका इटा खनेको खाडलको स्वीकृत दरमा न कि मापन गर्न अप्ठेरो दैनिक दरमा ज्याला भुक्तान गर्नु पर्छ ।
- सुपरीवेक्षण समुह वा निरीक्षक भर्ती गर्नुपर्छ जसले कामको स्तर, प्रकृया, समय र सुरक्षा मापदण्ड पालना गरेको निश्चित गर्छ ।
- जहाँ सम्भव महिला र युवालाई सहभागी गराउने वित्तिय मामला हेर्न शिविर व्यवस्थापन कर्मचारीलाई तालिम प्रदान गर्ने ।
- तालिमहरूको वित्तिय र लेखा अभिलेख राख्ने सीप शिविरबासीहरूमा सिकाउने अवसरको रूपमा प्रयोग गने
- ठुला परियोजनाहरूलाई चरणचरणमा योजनागर्ने ता कि राम्ररी चल्ने र बढी भन्दा बढी मानिसलाई सहभागी गरायोस् ।
- प्राविधिक सीपयुक्त व्यक्तिहरूलाई सहायक राखी समुहका अन्यलाई पनि तालिम दिलाउने वातावरण बनाउने र त्यसता शिक्षिक प्राविधिकहरूलाई तद्अनुरूप भुक्तान गर्ने ।
- स्थानीय वितरक वा सामानहरू र साधनहरू प्रयोग गर्ने ।
- आकस्मिक राहत परियोजनाको कम मागले स्थानीय मुल्य र बजारमा कस्तो असर पार्छ भन्ने विचार गर्ने ।
- भ्रष्टाचार जोखिमका बारेमा सावधान रहने ।

जव बजार खाद्यान्नको पहँच न्युन हुन्छ त्यस्तो अवस्थाम नगदका लागि काम भन्दा खाद्यान्नका लागि काम कार्यक्रम बढी उपयोगी हुन सक्छ ।

शिविर व्यवस्थापन नियोग र जिविकोपार्जन सेवा प्रदायकहरूले यो कुरामा ध्यान दिन जरूरी हुनछ कि रोजगारीका अवसरहरूले विद्यालय जानेहरूलाई विद्यालय छोडेर काम गर्ने तर्फ आकर्षित नगरोस् ।

शिविर जस्तै अवस्थामा मदिरालयका मानिसहरू धेरै जान्छन् । यदि नगदका लागि काम संचालित छ भने धेरेले रक्सी सेवन गर्छ पुरूषहरूले परिवारका आय रक्सी र अन्य लागु पदार्थमा प्रयोग गरे भने त्यसले गम्भीर सुरक्षा सवाल उत्पन्न गर्छ र परिवारलाई आवश्यक खानपान र अन्य सामान खरिद गर्न पर्याप्त स्रोत हुन्दैन । शिविर व्यवस्थापन नियोग र जिविकोपार्जन सेवा प्रदायकहरूले यो कुरा सुपरीवेक्षण गर्नुपर्छ र पुरूषहरूलाई उनीहरूको महिला र केटाकेटी प्रति को जिम्मेवारी बोध गराउन वकालत गर्नु पर्छ ।

## व्यापार

जव शिविरहरू दुर्गम क्षेत्रमा अवस्थित हुन्छन्  तव स्थानिय बजारको पहुँच गाह्रो हुन्छ वा सम्भव हुन्दैन यसले शिविरबासीहरूलाई व्यापार गर्न अप्ठारो हुन्छ ।
यो सुरक्षा वरीपरी सुरक्षाको कमि , प्रहरी ज्यादती , वैधानिक स्थितिको अभाव, परिचयपत्रको अभाव वा स्थानिय सरकारी नितिको कारणपनि हुन सक्छ ।
जहाँ स्थानिय व्यापार र सम्पर्कमा वन्देज हुन्छ त्यहा शिविरको बजार सामाजिक र बाणिज्य विनिमयका लागि अझ बढी महत्वपुर्ण जहाँ वाह्य बजारको आपुर्तिमा बन्देज हुन्छ त्यहा शिविरबासीहरूलाई नाफामुलक व्यापार गर्न अप्ठेरो हुन्छ यस्तो अवस्थामा खाद्य सुरक्षा प्रयासहरू वा जिविकेपार्जन योजनाहरूले सहयोग गर्न सक्छन् ।

जहाँ सम्भव हुन्छ त्यहा शिविरबासी र स्थानिय समुदाय विच आर्थिक सम्वन्ध प्रर्वधन गर्न धेरे उपायहरू अपनाउन सकिन्छ। सहयोग र संयोजन
मञ्चहरूले स्थानिय समुदायका प्रतिनिधिहरू र शिविर
बजार समितिक सदस्यहरूलाई व्यापारका अवसरहरू र स्थानिय बजारको पहुचको विषयमा छलफल गर्न संगै ल्याउछ। वा छलफलले स्थानिय आतिथ्यकर्ता समुदायको गरीवी र आतिथ्यकर्ता समाजको आर्थिक बिकास र शिविरबासीको सम्पत्ती र आवश्यकताबारेमा बिचार पुऱ्याउन पर्छ। ब्यापार घटबढको सुपरिवेक्षण -खाद्यान्न वितरण गरेपछि ) ले शिविर व्यवस्थापन नियोगलाई मुल्यको बृद्धिको बारेमा ज्ञान दिन्छ र यो आर्थिक वातावरण परिक्षण महत्वपुर्ण तरीका हो। यस्ता बजार सर्वेक्षणले - करक ) सवालहरूको बारेमा स्पष्ट पार्दछ र सवैका लागि स्तरिय न्यायोचित प्रणाली लागु गर्ने योजना बनाउन सहयोग गर्छ। बजार भएका सामान र त्यसको मुल्यको नियमित सुपरीवेक्षण खाद्य सुरक्षा अवस्था र कृषि जन्य उत्पादन र ब्यापारको प्रविद्धि मुल्याङ्कन गर्ने आधार हो। यसले खाद्य अभावको कारण हुने खाद्य संकट वा खाद्यान्नको चर्को मुल्य वृद्धि बारे अनुमान गनृ सहयोग गर्छ।

विस्तृत जानकारीका लागि स्फेयर हाते मार्ग निर्देशक नोट हेर्नुहोला पृ १३१ - १३३

कृषि बागवानी र बस्तुपालन

शिविरबासीहरूको अनुभव , शिक्षकको उपस्थिति र आकार र खेतीयोग्य जमिन र तरकारी खेतीको पहुच आदिको आधारमा कम्तिमा शिविरका केही
बासिन्दाहरूले सानो स्तरको बस्तुपालन वा विस्तारित खेतीपा्ती गर्न सक्छन्।

शिविर अवस्थाम पनि करेसा बारी खेतीले पोषिलो तथा सन्तुलित खानाको व्यवस्था गर्ने तथा आयआर्जन सहयोग गर्न सक्छन् ।

क्षेत्र छनौट गर्दा कस्ता स्तरको खेतीगर्न वा चरण भमु भएको बारेमा मुल्याङ्कन गर्नु पर्छ । पहुचको वारेमा आतिथ्यकर्ता समुदाय प्रतिनिधि र निकायहरूसंग छलफल गर्न सकिन्छ । केही तालिम र केहि सामाग्रीको वितरण ( जस्तै विउ र बस्तु ) गर्ने , त्यसको प्रगति पछ्याउने र सेवा सहयोग गर्ने काम आवश्यक हुन्छ । कतिपय अवस्थामा सहरीकरणको प्रतिकृया ग्रामिण बागबाणी वा अनाज खेती तालिम आदिले मानिसहरूलाई ग्रामिण जिविकोपार्जनमा फर्कन प्रेरित गर्छ ।

खेती गर्न वा बस्तुपालन गर्दा यो योजनाबद्ध हुनु पर्छ ता कि यसले अन्य समुहहरूको महत्वपुर्ण स्रोतमा पहुच विशेषत पानीको पहुचमा असर पार्नु हुन्दैन ।

## तलिम र आयमुलक परियोजना

शिविर अवस्थामा तालिम र आयमुलक कार्यक्रमहरू संचालन गरीन्छ । शिविर जनसंख्या, संस्कृतिक र सामाजिक आर्थ्िक बातावरणको आधारमा त्यस्ता कार्यक्रमहरूको प्रकार प्रकृति फरक फरक हुन्छ । तालिम आयमुलक कार्यक्रमले छोटो र लामो समयको फाइदाहरू पुर्‍याउछ । लामो समयमा तालिम र आयमुलक तालिमले मानिसहरूलाई आफ्नो सीप र अनुभव अनुसार काम गर्न प्रेरित गर्छ अझ सीप र व्यवसाय तालिम र आयमुलक कार्यक्रममा लागेको अनुभव आदिले भविष्यामा सकारात्मक असर पार्छ र आफ्नो देश वा स्थानमा पुर्नबास हुदा सामाजिक आर्थिक पुन एकिकरण गर्न सहयोग गर्छ ।

केही तालिमहरूले आतिथ्यकर्ता समुदायको सहयोग गर्ने उद्देश्य राख्छन् । आतिथ्यकर्ता समुदायसंग कार्यक्रम संचालन गर्दा ती कार्यक्रमहरू समुदायको आवश्यकता , रोजाइ र स्रोतहरूको स्वामित्व पहिचान गरी त्यसमा छलफल गरेर तयसमा आधारित हुनुपर्छ । शिविरमा तालिम र आयमुलक कार्यक्रम संचालन गर्दा स्थिति सामान्य हुदै गएको र आत्मसम्मान वृद्धि हुदै गएको अनुमान गराउछ । तालिम कार्यक्रमले तनाव र त्रास क मगर्न सकारात्मक असर गर्छ । तालिम वा सानो स्तरको व्यापारले मानिसहरूलाई जवरजस्ती वा स्वेच्छिक रूपमा लडाकु समुहमा भर्ती कामबाट बचाउन सकिन्छ ।

शिविर समुदायसंग सम्वधीत कानुनी सवालहरू र उनीहरूको रोजगारीको अधिकार , कर दायित्य , हिड्डुलको स्वतन्त्रता र आर्थिक अवसरहरूका बारेमा अनुस्धान गरिनु पर्छ । किनभने त्यसले आयआर्जन गर्ने सम्भावना र नयाँ सीपलाई स्थानिय रोजगारी बजारमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरामा असर गर्छ ।

सीपमुलक तालिमको अनेक स्वरूप हुन सक्छ । केही त्यस्ता स्वरूपहरू यस्ता हुन सक्छन् :

- विस्थापित योग्य तालिम प्रदायकहरूसंग सहायक बस्ने
- रोजगारीका क्रममा तालिम
- सभा र गोष्टीहरू
- तलिमहरू

आर्थिकरूपमा सकृय हुन सक्ने विशेष आवश्यकता भएका व्यक्तिहरू र जोखिममा भएका समुहहरूका बारेमा विशेष ध्यान दिनु पर्छ । जिम्मेवार निकायहरू वा प्रयोजक नियोगहरूले महिला प्रमुख भएका परिवारका र अन्य त्यस्तै विशेष व्यक्तिहरू र समुहहरूलाई, एच् आई भी/ एड्स पिडितका परिवारलाई , अपांगता भएको मानिसहरूलाई ,युवाहरूलाई र सिमान्तकृत समुहहरूलाई तालिम दिनुपर्छ आयमुलक सीप तालिमलाई साक्षरता र अंकगणना र ब्यापार व्यवस्थापन तालिम प्रदान दिनुपर्छ । जसले मानिसहरूलाई सम्भाव्यता अध्ययन, लागत बजारीकरण वा वित्तिय प्रशासन र लेखा राख्न सक्षम बनाउछ ।

➢ विस्तृत जानकारीका लागिसंयुक्त राष्ट्र संघिय उच्चायोगको आत्मनिर्भरता सम्वन्धी हाते पुस्तक , अनुसुचि १.१३.१ म हेर्नुहोला

शिविर व्यवस्थापन नियोगले निम्न कुराहरूमा ध्यान दिनुपर्छ ।

- केहि महिना भित्र प्रयोग नआउने सीप चाडै विर्सन्छ ।
- एउटै तालिकामा धेरे व्यक्तिहहरूलाई सहभागी गराएर बजार संतिृप्त गराएमा केही समय पछि आयआर्जनको अवसर कम हुन्छ र आवश्यकता, अवसर र बजारको राम्रो विश्लेषण गरेर मात्र तालिम प्रदान गर्नु पछ
- दोहोरोपना हटाउन र सहजीकरण र सामाजिक व्यवस्था , प्रमाणिकरण तालिमको अवधि आदि र मापदण्ड तयार गर्न सम्बन्द्ध नियोगहरू विच सहकार्य हुन आवश्यक छ ।
- आतिथ्यकर्ता समुदाय र शिविरबासीका सदस्य छनौट गर्दा न्यायोचित र पारदर्शी हुन पर्छ ।
- उपयुक्त तालिम लिने व्यक्तिहरू छनौट गर्न जिविकोपार्जन सेवा प्रदायकलाई सहयोग गर्नु पर्छ ।
- आतिथ्यकर्ता समुदायको सहभागिता प्रवर्धन गर्न आवश्यक हुन्छ ।

- जिम्मेवार जिविकोपार्जन सेवा प्रदायकहरूको विचमा मध्स्थता गनुपर्छ । शिविर विकास कार्यक्रममा प्रशिक्षक प्रशिक्षण कार्य पनि हुनुपर्छ ।
- तालिम अवधि तालिमको प्रकार र परिवेश अनुसार फरक हुन्छ । तालिमको अन्त्य पश्चात के कस्तो कति समय अवधिके तालिम प्रदान गरेको हो भन्ने कुरा प्रमाणपत्रमा उल्लेख गर्नुपर्छ ।
- पर्याप्त तालिम सुविधा र भण्डारण व्यवस्था पहिचान गरेर व्यवस्था गर्नु पर्छ ।

तलिम सफलतापुर्वक सकेका शिविरबासीहरूलाई प्रशिक्षकका रूपमा राख्नुपर्छ । यसका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम विकास गर्नुपर्छ । जसले भविष्यको प्रशिक्षकहरूका लागि निर्देशनहरू दिइन्छ । प्रशिक्षक प्रशिक्षणले तालिम कार्यक्रमको दिगोपना सुनिश्चित गर्छ । र यसले समुदायलाई छोटो र लामो समयमा फाइदा पुऱ्याउछ ।

## अनुदान

आयमुलक कार्यक्रममा अनुदान पनि संलग्न हुन सक्छ र यसमा साक्षरता , अकंगणना र ब्यापारका तालिम संलग्न हुन्छ अनुदान कार्यक्रम लधुवित्तिय कार्यक्रम भन्दा फरक हुन्छ । किनभने यसका रकम फिर्ता गर्नु पर्ने हुन्दैन । अनुदान सामाग्री वा रूपैयाँ लक्षित व्यक्तिको र स्थानिय बजारको आवश्यकता अनुसार फरक हुन्छ । अनुदान कार्यक्रम बढी भेद्य समुहका जनसंख्यालाई उनीहरूको जिविकेपार्जनमा सहयोग गर्न सान्दर्भिक हुन्छ यसले सिमित बजार पहुच भएका व्यक्तिहरूका निम्ति सानो स्तरको आवश्यक सामाग्री व्यवस्थ ागर्न सहयोग पुग्छ । कतिपय अवस्थामा अनुदानलाई राम्रो संग प्रयोग गर्ने व्यक्तिहरूले पछि ऋीण प्राप्त गर्छन् ।

## लघुवित्त कार्यक्रम

उपयुक्त सीपमुलक कार्यक्रम र साक्षरता र ब्यापार व्यवस्थापिका तालिमको साथमा लधुवित्त कार्यक्रमबाट आयमुलक कार्यक्रम संचालन गर्न सकिन्छ । लघुवित्तले गरीव महिला र पुरूषहरूलाई आवश्यक पुँजी व्यवस्था गरेर त्यसबाट स्वरोजगार काम गरेर आफ्नो विकासम टेवा पुर्‍याउछ ।

शिविर अवस्थामा लघुवित्त कार्यक्रम संचालन गर्न चुनौतिपुर्ण हुन सक्छ किनभने यसमा :

- निश्चित स्तरको राजनितिक जनसांखिक स्थिरता चाहिन्छ ।
- उपयुक्त ग्राहक जसमा उधोमशीलताको भावना हुन्छ , छनौट गर्नु पर्छ ।
- कार्यगत रूपैयाँ अर्थतन्त्र चाहिन्छ ।

- यसमा उपयुक्त कार्यक्रम रेखांङ्कन र पर्याप्त मुल्याङ्कन जस्ता लामो समयका योजना चाहिन्छ ।

सफलता प्राप्त गर्न लधुवित्त कार्यक्रममा उत्तम व्यवहारहरूको अनुभव भएको नियोगले यो सेवा लागु गर्नु पर्छ ।

ब्यापारिक कार्यहरूलाई र रोजगारहरूलाई बढावा दिदा विस्थापित र आतिथ्यकर्ता दुवै समुदायलाई फाइदा हुनछ ।

➢ विस्तृत जानकारीका लागि संयुक्त राष्ट्र संघिय शरणार्थी उच्चायोगको आत्म निर्भरता सम्वन्धी हाते पुस्तक अनुसुची १.१३.९ र अर्न्तराष्ट्रिय श्रम संगठन / संयुक्त राष्ट्र संघिय शरणार्थी उच्चायोग तालिम निर्देशिका , द्वन्द पिडित समुदायमा लधुवित्तको परिचय हेर्नुहोला ।

**शिविरबासीको सहभागिता**

जिविकोपार्जनको सुरक्षा , पुनर्स्थापना र विकास
गर्दा विस्थापित समुदायको सहभागिता आवश्यक हुनछ , विशेष आकस्मिक अवस्था पछि जव तालिम र आयमुलक कार्यक्रमको ठाउँ द्रुत र धेरै सहयोग प्रदान गर्ने कामले लिन्छ ।

शिविरको हेरचाय मर्मत सम्भार र विकासका काममा लगाएर उनीहरूको जिविकोपार्जनको प्रद्धर्धन गरेर शिविरबासीलाइ सक्रमणकालमा सहजता प्रदान गर्न सकिन्छ । अरू सम्भावना हरूमा निम्नानुसार हुन सक्छन्:

विशेष सीप प्रदान गर्ने जिविकोपार्जन समिति वा सहयोग समुह गठन गर्ने

- शिविर बजार समिति गठन गर्ने

- जसले बजारको योजना , बिकास र व्यवस्थापन गर्छ । र फोहर व्यवस्थापन सरसफाईका विषयमा पनि ध्यान पपुऱ्याउछ ।
- खाद्य सुरक्षा आय आर्जन अवसार र अन्य ब्यापारिक सवालहरू बारे समुदायमा छलफल गर्न बिकास मञ्च र ध्यान समुह गठन गर्ने ।
- पुरूष महिला तथा किशोरहरूले जिविकोपार्जनमा लगाउन सक्ने विभिन्न रणनितिका बारेमा चासो राख्ने

शिविरबासीलाई आवशयकता मुल्याङ्कन र आयमुलक कामको परियोजना को योग्यता बनाउन र तालिममा सहभागी गराउन आवश्यक हुन्छ ।जसले सवैभन्दा उत्तम र सम्भव कार्यक्रमहरू छनौट गर्न सघाउछ । यस्ता मञ्चहरूमा महिला सहभागिता बराबर छ भन्ने कुरा निश्चित गर्नु पर्छ ।

➢ समुदाय सहभागिता सम्बन्धी लागि पाठ ३ हेर्नुहोला ।

ध्यान पुर्वक नियनत्रित अवस्थामा आफ्नो शिविरको विकास गर्न निर्माण सामाग्रीको व्यवस्थामा र जिविकोपार्जन अनुसार पत्ता लगाउन शिविर बासीले महत्वपुर्ण भुमिका खेल्न सक्छन् श्रीलङ्का र सेरालियोन मा शिविर व्यवस्थापन नियोगले शिविरबासी र आतिथ्यकर्ता समुदायहरूको अनुरोध अनुसार सस्तो र छरितो पानका पातबाट बनेको छाउने सामान तयार गर्न सहयोग गरेको थियो । दुवै समुदायका माानिसहरूलाई काममा लगाएर सम्बन्ध स्थापित गरेको थियो आतिथ्यकर्ता समुदायले पानका पात काटेर र त्यसलाई शिविरबासीले तयार गरे यसरी शिविरबासीले आफ्नो शिविर बनाउन सहयोग गरेर यसो गर्दा उनीहरू घमण्ड गर्न सक्ने भए र यसरी उनीहरूले महत्वपुर्ण जिविकोपार्जन अवसर सृजना भयो ।

## महिला सहभागिता

महिलाहरू समान रूपमा सांस्कृतिक रूपमा र स्वीकार्य तरीकाले खेतीपाती सीपमुलक तालिम र आयआर्जन सम्बन्धी काममा सहभागी गराउन पर्छ ।

महिलासहभागिताको बारेमा चेतना अभिवृद्धि गनुपर्छ र उनीहरूको सहभागिता बृधि गर्न सहजिकरण गर्नुपर्छ महिलाहरूको धेरे समय लाग्ने घरायसी कामको समयलाई ध्यानमा राखेर तालिमहरूलाई र अरू रोजगारीका अभियानहरूलाई तत्अनुरूप व्यवस्था गर्नु पर्छ । यो काम बालबालिकहरूका लागि दिवा सेवा केन्द्र र अन्य बालस्याहार कार्यक्रमको व्यवस्था गरेर महिला सहभागिता निश्चित गर्नुपर्छ । कतिपय संस्कृतिकहरूमा महिला सहभागिता उसको साथमा कोहि जाने व्यवस्थाले असर गर्छ ।

### शिविर व्यवस्थापन नियोगको लागि चेकलिष्ट

- जिविकोपार्जन अवसर र बजार पहुचलाई ध्यान राखेर क्षेत्र छनौट गरीएको छ ।

- विस्थापित जनसंख्याको सामाजिक आर्थिक सन्दर्भ र खाद्य सुरक्षा र जिविकोपार्जन क्रियाकलापको - पहिलेको र वर्तमान ) मुलयाङ्कन गरीएको छ ।
- सम्पत्तीको सुरक्षा र जिविकोपार्जनको प्रवर्धन , सहयोगा बिकासको प्राथमिकताहरू पहिचान गरीएको छ ।
- शिविर व्यवस्थापन नियोगले सकारात्मक जिविकोपार्जन रणनिती बिकास गर्ने जिविकोपार्जन कार्यक्रम पहिचान र वकालत गर्ने काम गर्छ ।
- शिविर जनसंख्या र आतिथ्यकर्ता समुदायको सहभागिता जिविकोपार्जन पहल गर्न , योजना लागु गर्न , सुपरिवेष्क्षण र मुल्याङ्कनमा महत्वपुर्ण भुमिका रहन्छ ।
- बजार सुरक्षित र पहुच योग्य छ र पऱ्याप्त पुर्वाधार - सडक बत्ती छ ।
- शिविरमा बजार समिति बनाएको छ ।
- शिविर व्यवस्थापन नियोगले शिविर जनसंख्याको लागि जिविकोपार्जनमा सहयोग गर्ने महत्वपुर्ण साधनहरू जस्तै जमिन चरण , पानीको पहुचको निम्ति बकालत गर्छ ।
- बतावरणिया सवालहरू पहिचान गरीएका छन् त्यसलाई सम्बोधन गरेर कम स्रोतहरूलाई राम्रो व्यवस्थापन शिविर समुदाय र आतिथ्यकर्ता जनसंख्याको हितमा ध्यान दिइएको छ ।
- जिविकोपार्जन परियोजनाहरूले मानिसलाई धेरे आवश्यक पर्ने सीपमा ध्यान दिइएको छ  र यसमा आतिथ्यकर्ता समुदायको र महिलाहरूाको विशेष आवश्यकता भएका समुहहरूको निम्ति व्यवस्था भएको छ ।
- शिविर व्यवस्थापन नियोगले शिविर हेरुचाहमा , स्थानिय मर्मत सम्भार र विकास परियोजनाहरूमा स्थानिय श्रमलाई प्राथमिकतामा राखेर सेवा प्रदायकहरूलाई पनि त्यसो गर्न उत्प्रेरित गरेका छन् ।

- नगदका लागि काम र खाद्यान्नका लागि काम योजना राम्ररी तयार गरेर , न्यायोचित , पारदर्शी र परि वेश सुहाउदो छ ।
- शिविर बासी र स्थानिय समुदाय विच सम्भव भए सम्म ब्यापार सम्बन्ध स्थापित गरीएको छ ।
- साना स्तरका कृषि परीयोजनाहरूलाई सहयोग गरेर पोषण र जिविकोपार्जनको अभिवृधि गरिएको छ ।
- तालिम र आयमुलक परियोजनाहरूले सास्कृतिक परिवेश आवश्यकता , रोजाई र साधन हरू ( मानविय अर्थिक र प्राकृतिक) को ख्याल राखेका छ ।
- विशेष आवश्यकता भएका व्याक्तिहरू र महिलाहरूलाई आर्थिक रूपमा सकृया हुन प्रेरित र सहयोग गरेको वित्तिय सहयोगको माग भएको र ऋीण तीर्न सक्नेक्षमता भएको अवस्थामा लधुवित्त कार्यक्रम संचालन गरेको छ ।
- अति भेद्य व्यक्तिहरू - जो दैनिक जिविकोपार्जनका लागि अरूसंग आश्रित छन् र त्यसकारण लधुवित्त कार्यक्रमका लागि उपयुक्त हुन्नन - पहिचान गरीएको छ ।
- शिविर जनसंखया , महिला, शिबिरमा जिविकोपार्जन पत्यक्ष विकास, केन्द्रिय भुमिका खेल्छन् र उनीहरूलाई उपयुक्त तरीकाले बालस्याहार व्यवस्था गरीएको छ ।

## औजारहरु

सवै साधनहरू, प्रकाशनहरू र अन्य लेखहरू साधन सि. डि मा व्यवस्था गरिएको छ ।

डाउनलोड गर्न मिल्ने स्रोतहरूमा वेवलिङ्क प्रदान गरिएको छ ।

**मुल्यांङ्कन प्रश्नावली चेकलिष्ट**

बालअधिकारको लागि कार्यावाही भन्ने सेरालियोनको कार्यक्रमको सौजन्य स्वरू प्राप्त चेकलिष्टले शिविर व्यवस्थापन नियोगलाई आवश्यकता, पुर्वाधार र अनुभव , आतिथ्यकर्ता समुदायको आर्थिक क्रियाकलाप , स्थानिय माग र उपलब्ध ( सम्भाब्य) शिविर समुदाय र आतिथ्यकर्ता समुदाय विचको आर्थिक सम्बन्ध मुल्यांङ्कन गर्न सहयोग गर्छ ।

- शिविर व्यवस्थापन नियोग र स्थानिय सीप तालिम प्रदायक विचको सम्झौताको नमुना

यो उदाहरणमा यो सम्झौता त्यस्तो साधनहरूमा लागु हुन्छ जुन शिविर व्यवस्थापन नियोगले खरीद गर्छ यसमा शिविर भित्रको तालिम केन्द्रको प्रयोगको सर्तहरूको व्यवस्था गरीएको छ र शिविर व्यवस्थापन नियोगले सीप प्रशिक्षकलाई दिइने भत्ताको बारेमा उल्लेख छ ।

मानवीय निति संजाल ,२००१.

आकश्मिक अवस्थामा खाद्य सुरक्षा मुल्यङ्कन : एउटा जिविकोपार्जन तरीका . एच पि एन कार्य पत्र

Http://www.oxfam.org.vk/ resources / downloads/ ermeg – manual / food security- anf livelihood.pdf

अन्तराष्ट्रिय रेडक्रस समिति २००७ नगद प्रवाह कार्यक्रम सम्वन्धी मार्गदर्शन

Http://www.icrc.org/web/eng/siteeng.nsf/html/publication-guidelines -cash tranfer programming

## मुख्य संदर्भ सामग्री

For further general information about the background to the adoption of the cluster approach and its progress, visit: www.humanitarianreform.org and www.icva.ch/doc00001560.html,
Speci.c information about the CCCM Cluster – its origin, objectives, members, activities and future work plans are at: www.humanitarianreform.org/humanitarianreform/Default.aspx?tabid=78
Documents of particular importance are:
IASC Guidance Note on Using the Cluster Approach to Strengthen Humanitarian Response.
www.humanitarianreform.org/humanitarianreform/Portals/1/Home%20page/Annexe4.IASCGUIDANCENOTECLUSTERAPPROACH.pdf
IASC Operational Guidance for New Emergencies.
www.who.int/hac/network/interagency/news/operational_guidance/en/index.html
IASC Operational Guidance for Ongoing Emergencies
www.who.int/hac/network/interagency/news/interagency_opguidance_ongoing_emergencies_en.pdf
CCCM Training Strategy
www.humanitarianreform.org/humanitarianreform/Portals/1/cluster%20approach%20page/clusters%20pages/CCm/CCCM%20Training%20Strategy%20

# अनुसूची ३

## छोटकरी सूची

| | | |
|---|---|---|
| थ्री डब्ल्युस | : | को के कहाँ |
| ए सि एफ | : | एक्सन सोठत्रे ला फेम |
| ए एल नएन ए पि | : | सहयोग र जिम्मेवारीका लागि सक्रिय सिकाइ संजाल |
| ए आर आई | : | गम्भीर श्वासनली संक्रमण |
| वि आई डी | : | उत्तम फाइदा निर्धारण |
| वि एम आई | : | शरीर पिण्ड सूचाङ्क |
| सि सि सि एम | : | शिविर संयोजन र शिविर व्यवस्थापन |
| सि इ ए पि | : | शिविर वातावरण कार्ययोजना |
| सि एफ डब्लु | : | कामका लागि नगद |
| सि एच डब्लु | : | सामुदायिक स्वास्थ्य कार्यकर्ता |
| सि एम आर | : | खेस्रा मृत्यु दर |
| डि आर सी | : | डानिस शरणार्थी परिषद् |
| इ एफ ए | : | सबैका लागि शिक्षा |

| | | |
|---|---|---|
| इ पि आई | : | विस्तारित खोप कार्यक्रम |
| इ आर सी | : | आकस्मिक राहर संयोजक |
| एफ ए ओ | : | खाद्य तथा कृषि संगठन |
| एफ एफ डब्लु | : | कामका लागि खाद्यान्न |
| एफ जि एम | : | महिला जनेन्द्रिय छेदन |
| जि वि भी | : | लैङ्गिक हिंसा |
| जि आई एस | : | भौगोलिक सूचना प्रणाली |
| एच ए पि | : | मानवीय जवाफदेही प्रणाली |
| एच सी | : | मानवीय संयोजक |
| एच एच आर | : | मानवीय प्रतिक्रिया पुनरावलोकन |
| आइ ए एस सी | : | अन्तर्नियोग स्थायी समिति |
| अइ सी आर सी | : | अन्तर्राष्ट्रिय रेडक्रम समिति |
| आई डि पी | : | आन्तरिक विस्थापित व्यक्तिहरू |
| आई एफ आर सी | : | अन्तर्राष्ट्रिय रेडक्रस महासंघ |
| आई जि ए | : | आयमूलक कार्यक्रम |
| आई जि ओ | : | अन्तर्सरकारी संगठन |
| आई एच एल | : | अन्तर्राष्ट्रिय मानवीय कानुन |
| आई एन ई ई | : | आकस्मिकताका अवसरमा शिक्षाको लागि अन्तर्नियोग सञ्जाल |

| | |
|---|---|
| आई एन जि ओ | : अन्तर्राष्ट्रिय ग्रै सरकारी संस्था |
| आई ओ एम | : अन्तर्राष्ट्रिय बसाइँ-सराइँ संगठन |
| आई आर सि | : अन्तर्राष्ट्रिय राहत समिति |
| आइ एर एफ | : घटना प्रतिवेदन फाराम |
| एल ई जि एस | : चौपाया आकस्मिक मागदर्शन र मापदण्ड |
| एन डि जी | : सहस्राब्दी विकास लक्ष्य |
| एम डि म | : मेडिसिनस मु मुण्डे |
| एम ओ यू | : सम्झौता सहमतिपत्र |
| एम एस एफ | : मिडिसिन सौँ फ्रोन्टियर्स |
| एम यू ए सी | : मध्य उपल्लो पाखुराको परिधि |
| एन एफ आई | : गैह्र खाद्य सामग्री |
| एन जि ओ | : गैह्र सरकारी संस्था |
| एन आर सी | : नर्वेजीयन शरणार्थी परिषद् |
| पि डि ए | : व्यक्तिगत विद्युतीय सहयोगी |
| पि एल डब्लु एच ए | : एच आई.भी./एड्स भई बाँचेका व्यक्तिहरू |
| पि टि एड डी | : त्रास पश्चात्को तनाव अवस्था |
| आर एच | : प्रजनन स्वास्थ्य |
| एच डि सी | : क्षेत्र विकास समिति |
| एस पि एफ | : अतिरिक्त पोषण कार्यक्रम |

| | | |
|---|---|---|
| एस एम ए आर टी | : | विशिष्ट, मापनभोग्य, प्राप्तियोग्य, सम्बन्ध, समय सीमित |
| टि पि एफ | : | चिकित्सकीय पोषण कार्यक्रम |
| टि.ओ आर | : | सर्त र सन्दर्भ |
| यू एन डि पि | : | संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम |
| यूनेस्को | : | संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन |
| यू एन एच सी आर | : | संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायोग |
| यूनिसेफ | : | संयुक्त राष्ट्रसंघीय बाल कोष |
| यू एन एम एस | : | संयुक्त राष्ट्रसंघीय बारुदी सुरुङ सेवा |
| यू एन ओ एच सी ए | : | संयुक्त राष्ट्रसंघीय मानवीय कार्य संयोजन कार्यालय |
| यू एन ओ एच सी एच आर | : | संयुक्त राष्ट्रसंघीय मानवीय अधिकार उच्चायुक्तको कार्यालय |
| भी आई पी | : | झ्याल भएको सुधारिएको खाडल चर्पी |
| डब्लु ए एस एच | : | पानी, सरसफाई र चर्पी |
| डब्लु एफ एच | : | उचाइको लागि तौल |
| डब्लु एफ पि | : | विश्व खाद्य कार्यक्रम |
| डब्लु एच ओ | : | विश्व स्वास्थ्य संगठन |
| डब्लु भी आई | : | वर्ल्ड भिजन इन्टरनेशनल |

# अनुसूची ४

## मुख्य नियोगहरू र वेब साइटहरू

भोक विरुद्ध कार्यबाही/एक्सन सोन्ट्र ला फैम

बाल अधिकारका लागि कार्यबाही

सहयोग र जिम्मेवारीका लागि सक्रिय सिकाई सञ्जाल

सहयोग कार्यकर्ताहरूको सञ्जाल

समाधानी जालो/रोयटर्स फाउण्डेसन

एमनेष्टी इन्टरनेशनल

केयर इन्टरनेशनल

मानवीय सहयोग केन्द्र

घरबार अधिकार र निष्काशन केन्द्र

बाल अधिकार सूचना सञ्जाल

विकास कार्यका लागि सहकार्य / बेफाइदा नगर परियोजना

डानिस शरणार्थी परिषद्

विद्युतीय बारुदी सुरुङ सूचना सञ्जाल

आकस्मिक क्षमता अभिवृद्धि परियोजना

संयुक्त राष्ट्रसंघको खाद्य र कृषि संगठन

जबरजस्ती बसाइँ-सराइँ पुनरावलोकन

लैङ्गिकता र पानी सहकार्य

हैण्डीक्याप इन्टरनेशनल

हेल्प एज इन्टरनेशनल

मानवीय जवाफदेहिता सहकार्य

मानवीय नीति समूह/समुद्रपार विकाससंस्था

मानवीय सुधार/विश्वव्यापी समूह

मानवीय काठपात

एकीकृत क्षेत्रीय सूचना सञ्जाल

आकस्मिक शिक्षाका लागि अन्तर्नियोग सञ्जाल

अन्तर्नियोग स्थायी समिति

आन्तरिक विस्थापित सुपरिवेक्षण केन्द्र

अन्तर्राष्ट्रिय रेडक्रस समिति

स्वयंसेवक नियोगहरूको अन्तर्राष्ट्रिय परिषद्

अन्तर्राष्ट्रिय रेडक्रस महासंघ

अन्तर्राष्ट्रिय श्रम संगठन

अन्तर्राष्ट्रिय बसाइँ-सराइँ संगठन

अन्तर्राष्ट्रिय आकासे पानी संकलन समूह

अन्तर्राष्ट्रिय राहत समिति

संयुक्त राष्ट्रसंघीय एच आई भी/एड्स संयुक्त कार्यक्रम

चौपाया आकस्मिकता मार्ग निर्देशन र मापदण्ड

मेडिसिन मौँ फ्रन्टि्रयर्स

नर्वेजियन शरणार्थी परिषद्

एक विश्व गुठी

समुद्रपार विकास संस्था/मानवीय नीति समूह

अक्सफाम बेलायत

अक्सफोर्ड जर्नल/अक्स्फर्ड विश्ववद्यालय छापाखाना

प्रो एक्ट नेटवर्क

रेड आर इन्टरनेशनल

रिलिफवेब

द्वन्द्वको समयमा प्रजनन स्वास्थ्य प्रतिक्रिया समिति

खेल्ने अधिकार

बाल बचाउन अन्तर्राष्ट्रिय

बसोबास केन्द्र

द स्फेयर प्रोजेक्ट

सुनामी मूल्यांकन सहकार्य

संयुक्त राष्ट्रसंघीय बाल कोष

संयुक्त राष्ट्रसंघीय महिला विकास कोष

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम

संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम

संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्त

संयुक्त राष्ट्रसंघीय मानवीय बसोबास कार्यक्रम

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय

संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष

पानी, इन्जिनियरिङ र विकास केन्द्र

शरणार्थी महिला र बालबालिकाको महिलाहरूको आयोग

शान्ति र स्वतन्त्रताका लागि महिलाहरूको अन्तर्राष्ट्रिय संगठन

वुमेन वार पिस

विश्व स्वास्थ्य संगठन

IOM International Organization for Migration

Danish Refugee Council

INTERNATIONAL RESCUE COMMITTEE

UNOCHA

NORWEGIAN REFUGEE COUNCIL

UNHCR The UN Refugee Agency